विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# प्रेरितहरूको पुस्तकको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

Printed at:

# प्रेरितहरूको पुस्तकको भूमिका

*'प्रभु येशू प्रेरितहरूको पुस्तकको विषयवस्तु हुनुहुन्छ, र मण्डलीचाहिँ उहाँले काममा लगाउनुभएको माध्यम हो भने, पवित्र आत्माको शक्तिचाहिँ उहाँले यस मण्डली-युगको आरम्भमा प्रयोग गर्नुभएको शक्ति हो।'* *श्री डब्ल्यू. ग्राहाम स्क्रोग्गी*

## १) नयाँ नियमको कानुनमा त्यस पुस्तकको अद्वितीय स्थान

'प्रेरितहरूका कामहरू' नामक पुस्तक पवित्र आत्माको प्रेरणाले लेखिएको एकमात्र मण्डली-इतिहासको पुस्तक हो, अनि मण्डली-इतिहासको प्रथम पुस्तक पनि हो। प्रेरितहरूको पुस्तकचाहिँ ख्रीष्टीय विश्वासको शुरुका दिनहरूको वर्णन गरिदिने एकमात्र मौलिक मण्डली-इतिहासको पुस्तक हो। लूकाबाहेक मण्डली-इतिहास लेख्ने लेखकहरू जतिजना छन्, तिनीहरू सबैले केवल लूकाले लेखेको यस पुस्तकमा केही मौखिक आख्यानहरू र अनेकौं अड़कलगीताहरू थपेका छन्।

प्रेरितहरूको पुस्तक नभएको भए मण्डलीको इतिहासको सम्बन्धमा हामी पूरा अनिश्चित हुनेथियौं। सुसमाचारका चारवटा पुस्तकहरूमा बयान गरिएको हाम्रा प्रभु येशूको जीवनीदेखि एकैपल्टमा पत्रहरूमा पुग्नुचाहिँ अति ठूलो फट्को हुनेथियो। नयाँ नियमका पत्रहरूमा सम्बोधन गरिएका विभिन्न मण्डलीहरू कसरी शुरु भए? प्रेरितहरूको पुस्तकले यस प्रश्न र अन्य प्रश्नहरूको जवाफ दिन्छ। यस पुस्तकले ख्रीष्ट येशूको जीवनको वृत्तान्त र नयाँ नियमका पत्रहरूमा सिकाइएको ख्रीष्टीय जीवनको शिक्षाको बीचमा सम्बन्ध मात्र जोड्दैन, तर यो यहूदीधर्मदेखि इसाईधर्ममा आइपुग्ने योजक पनि हो, र यसले मोशाको व्यवस्थादेखि ख्रीष्ट येशूमा पाइने अनुग्रहसम्म आइपुग्न सङ्क्रमणबिन्दुको काम गर्छ। यही कारणले 'प्रेरितहरूका कामहरू' नामक पुस्तकमा लेखिएका कुराहरूमा अर्थ लगाउनु गाह्रो पर्छ। किनभने यरूशलेम शहरमा केन्द्रित र सीमित रहेको यो सानो यहूदी अभियान बिस्तार-बिस्तारै बढ़ेर एउटा विश्वव्यापी विश्वास भयो, जसले रोमी साम्राज्यको राजधानीलाई समेत 'हमला' गर्‍यो र त्यस महानगरभित्र प्रवेश पायो।

## २) त्यस पुस्तकको लेखक को हुन्?

लूकाको सुसमाचार र प्रेरितहरूका कामहरू लेख्ने लेखक एकैजना हुन् भन्ने कुरामा बहुमत छ। यसैले लूकाको सुसमाचार लूकाको रचना हो भने, प्रेरितहरूको पुस्तक पनि उनको रचना हुनुपर्छ। (लूकाको सुसमाचारको टिप्पणीको भूमिकामा हेर्नुहोस्!)

लूकाले प्रेरितहरूको पुस्तक लेखेको हो भन्ने कुरा प्रमाणित गर्ने बाहिरी प्रमाण पुरानो, बलियो र व्यापक छ। लूकाको सुसमाचारको विषयमा मार्सियोनीको विरुद्धमा लेखिएको प्रस्तावनामा (इस्वी संवत् १६०-१८०) र मुराटोरी-कानुनमा (इस्वी संवत् १७०-२००), साथै शुरुको मण्डलीका पितृहरूले, जस्तैः इरेनेयस (इस्वी संवत् १३०-२०२), अलेक्सान्ड्रियाका क्लेमेन्ट (इस्वी संवत् १५०-२२०), टेर्टुलियन् (इस्वी संवत् १६०-२३०) र ओरिगेन (इस्वी संवत् १८५-२५४) – यिनीहरू सबैले

प्रेरितहरूको पुस्तकको रचना लूकाको हो भनेर भन्छन्। अनि मण्डली-इतिहासमा पछि जो-जो आए, अधिकारप्राप्त यूसेबियस (इस्वी संवत् २६०-३४०) र जेरोम (इस्वी संवत् ३४०-४२०) लगायत प्रायः सबैजनाले यस कुरामा आफ्नो सहमति जनाउँछन्।

लूकाले 'प्रेरितहरूका कामहरू' नामक पुस्तकको लेखक हुन् भन्ने कुरा पुष्टि गर्ने तीनवटा भित्री प्रमाणहरू छन्। प्रेरितहरूको पुस्तकको शुरुमा यसको लेखकले प्रेरितहरूको पुस्तकभन्दा अघि लेखेको आफ्नो अर्को रचनाको कुरा गर्छन्, जुन रचना उनले पनि थियोफिलसका निम्ति लेखे। अनि लूका १:१-४ पदको खण्डले प्रमाणित गर्छ, कि लूकाको पहिलो रचनाचाहिँ लूकाको सुसमाचार हुँदो रहेछ। लेख्ने शैली, शब्दभण्डार, रचनामा प्रस्तुत गरिएको विनयी भावना र विश्वासमा जोड़ दिने समर्थन र अरू सानातिना तपसिलका कुराहरूले यी दुईवटा रचनाहरू एकैजनाको काम हुन् भन्ने कुरा पुस्टि गर्छन्। लूकाको सुसमाचार अरू तीनवटा सुसमाचारका पुस्तकहरूको ठाउँमा गाभ्ने चाहना नभएको भए लूकाको सुसमाचार र प्रेरितहरूको पुस्तक पवित्र बाइबलमा एकै ठाउँमा सँगै एकसाथ राखिनेथिए, पहिलो र दोस्रो कोरिन्थीका पत्रहरूजस्तै।

दोस्रो प्रमाणः प्रेरितहरूको पुस्तकबाट कुरा स्पष्ट बुझिन्छ, कि प्रेरितहरूको पुस्तकको लेखक प्रेरित पावलको सङ्गी-यात्री थिए। यो कुरा 'हामी'-सर्वनाम प्रयोग गरिएका प्रख्यात खण्डहरूबाट अर्थात् प्रेरित १६:१०-१७, प्रेरित २०:५-२१:१८ र प्रेरित २७:१-२८:१६ खण्ड-हरूबाट स्पष्ट भएको छ; किनभने लेखक आफू उल्लेख गरिएका घटनाहरूको घटनास्थलमा उपस्थित थिए। शङ्का-उपशङ्का पैदा गर्न खोज्ने प्रयासहरू जति छन्, जसले यी ठाउँहरूमा पुस्तकको रचना काल्पनिक हो भन्न चाहन्छन्, ती प्रयासहरूमध्ये एउटै पनि विश्वासलाग्दो हुँदैन। 'हामी' भन्ने सर्वनाम यस रचनामा मौलिकता बढ़ाउने शब्द मात्र हो भने, यो शब्द बढ़ी प्रयोगमा किन नआएको ? यो शब्द किन फेला पार्न गाह्रो भयो ? अनि रचना झन् रोचक बनाउन चाहेमा लेखकले सीधा आएर आफ्नो नाम किन नलेखे त ? तब उनी 'हामी' भन्ने सर्वनाममा लुक्नु-पर्नेथिएन।

अन्तमा व्याकरणको कुरा छः प्रेरितहरूको पुस्तकमा प्रेरित पावलका सङ्गी-यात्रीहरूका कतिपय नामहरू उल्लेख गरिएका छन्। ती नामहरू लिएर हामी यस पुस्तकका सम्भव लेखकहरूको एउटा सूचि बनाऔं। त्यसपछि यस सूचिबाट यी सङ्गी-यात्रीहरूका नामहरू हटाऔं, जसको विषयमा तिनीहरू प्रेरित पावलको साथमा थिएनन् भन्ने जानकारी हामीले हाम्रो जाँचको निम्ति नजर लगाउनुपर्ने यी विशेष खण्डहरूमा दिइएको छ। साथै ती नामहरू पनि यस सूचिबाट हटाऔं, जुन व्यक्तिहरू यी खण्डहरूमा तेस्रो पुरुषको रूपमा प्रयोग गरिएका छन्। यस्ताहरूलाई हामीले सम्भव लेखकहरूको सूचिबाट पनि हटाउनुपर्छ। यसो गर्दा-गर्दै अन्तमा लूका मात्र अकाट्य लेखकको रूपमा बाँकी रहन्छन्।

## ३) त्यस पुस्तकको लेख्ने मिति के हो ?

नयाँ नियमका कतिपय पुस्तकहरूको लेख्ने मिति कुनचाहिँ थियो, सो जान्न त्यत्ति महत्त्वपूर्ण छैन, तर प्रेरितहरूको पुस्तकको लेख्ने मिति जान्नु जरुरी हो; किनभने यो पुस्तक मण्डली-इतिहासको प्रथम पुस्तक हो।

प्रेरितहरूको पुस्तकको लेख्ने मितिको सम्बन्धमा तीनवटा मितिहरू प्रस्ताव गरिएका छन्। तिनमा दुईजना प्रस्तावकहरूले लूकालाई लेखकको रूपमा स्वीकार गर्छन् भने एकजनाले उनलाई लेखकको रूपमा मान्दैन।

**क)** पहिलो प्रस्तावः प्रेरितहरूको पुस्तकको लेख्ने मिति दोस्रो शताब्दी हो अरे। निस्सनदेह, यस किसिमको सुझाउले लूकालाई लेखकको रूपमा इन्कार गर्छ; किनकि उनी इस्वी संवत् ८० सालसम्म अथवा धेरै हो भने इस्वी संवत् ८५ सालसम्म जिएका थिए। कतिजना उदारवादी बाइबलका विद्वान्हरूको तर्क यस प्रकारको छः इस्वी संवत् ९३ सालमा श्री जोसेफुसले लेखेको 'अन्टिक्विटिस्' नामक पुस्तक लेखे, अनि प्रेरितहरूको पुस्तकको लेखकले यसबाट कुरा लिएर लेखे अरे। प्रमाणको निम्ति तिनीहरूले थोइदासको कुरा गर्छन् (प्रेरित ५:३६), जसको नाम दुवै पुस्तकमा लेखिएको पाइन्छ। तर ती लेखको तुलना गर्दा ती वृत्तान्तहरूले एक-अर्कासित मेल खाँदैनन्; तिनको बीचमा खास समानता भेट्टिँदैन।

**ख)** दोस्रो प्रस्तावः इस्वी संवत् ७०-८० सालभित्र लूकाले लूकाको सुसमाचार र प्रेरितहरूको पुस्तक लेखे। सर्वमान्य धारणा यही हो। यसो हुँदा मर्कूसको सुसमाचार लिएर लूकाले त्यसलाई आफ्नो सुसमाचारको आधार बनाउन सक्नेथिए। मर्कूसको सुसमाचारको लेख्ने मिति इस्वी ६० सालतिर हो।

**ग)** तेस्रो प्रस्तावः प्रेरितहरूको पुस्तकको अन्तमा प्रेरित पावल रोममा पहिलो पल्ट झ्यालखानामा हालिएको वर्णन छ। यसबाट लूकाले प्रेरितहरूको पुस्तक त्यस समयमा लेखेको हुनुपर्छ भन्ने बलियो तर्क निस्किन्छ।

हुन सक्छ, लूकाले तेस्रो पुस्तक लेख्न खोजे होलान्, तर यो योजना परमेश्‍वरको इच्छाअनुसार थिएन रहेछ। यसकारणले प्रेरितहरूको पुस्तकमा लूकाले इस्वी संवत् ६३-७० सालभित्र इसाईहरूमाथि आइ-परेका विनाशक घटनाहरूको विषयमा लेखेनन्। तर निम्न कुराहरूको विषयमा केही नलेखिएको पाउँदा हामीलाई के लाग्छ भने, यो पुस्तक अघि नै लेखिएको हुनुपर्छः

**अ)** रोम शहरमा आगलागी भएपछि सम्राट नेरोले इसाईहरूलाई घोर सतावट गरेको बयान छैन (इस्वी संवत् ६४)।

**आ)** रोमी साम्राज्यसित यहूदीहरूको लड़ाइँ उल्लेख छैन (इस्वी संवत् ६६-७०)।

**इ)** प्रेरित पत्रुस र पावलको शहीद भएको बयान छैन। (इस्वी संवत् साठी दशकभित्र)

**ई)** यरूशलेम शहर नष्ट भएको अति नै दुःखद घटनाको बयान छैन, जुन कुराले गर्दा यहूदीहरू र यहूदीधर्मबाट ख्रीष्टकहाँ फर्केर आएका विश्‍वासीहरूलाई अवश्य ठूलो मनको चोट लागेको थियो (इस्वी संवत् ७०)।

यसकारण प्रेरित पावल रोममा झ्यालखानामा हुँदा नै लूकाले प्रेरितहरूको पुस्तक लेखेको हुनुपर्छ अर्थात् इस्वी संवत् ६२-६३ सालमा। यो लेख्ने मिति सही होला।

## ४) सन्दर्भ र विषयवस्तु

प्रेरितहरूका कामहरू नामक पुस्तक अलौकिक जीवन र कर्महरूले पूर्ण पुस्तक हो। यस पुस्तकमा हामी पवित्र आत्मालाई काम गरिरहनुभएको देख्छौं, जसले मण्डलीको गठन गर्नुभयो र मण्डलीलाई बलियो पार्नुभयो, जसले चारैतिरको प्रचारप्रसारद्वारा मण्डलीको विस्तार गर्दै हुनुहुन्थ्यो। यस प्रतापी वृत्तान्तमा सर्वअधिकारी पवित्र आत्माले कस्ता-कस्ता तुच्छ, नालायक साधनहरू आफ्ना हातहतियारहरूको रूपमा प्रयोग गर्नुभएको, ठूला-ठूला विघ्नबाधा र रोकावटहरूमाथि कसरी विजयी हुनुभएको, असाधारण प्रणालीहरू अपनाउनुभएको र कत्रा असाधारण सफलताहरू प्राप्त गर्नुभएको बयान छ।

जुन ठाउँमा सुसमाचारका पुस्तकहरूले आफ्नो वर्णन छोड़ेका छन्, त्यस ठाउँबाट प्रेरितहरूको पुस्तकले प्रसङ्ग उठाउँछ र हामीलाई छिटो-छिटो भर्खरै जन्मेको ख्रीष्टको मण्डलीका शुरुका अस्तव्यस्त वर्षहरूको प्रभावशाली वर्णन गर्छ। यस पुस्तकको वृत्तान्तले यो ठूलो सङ्क्रान्तिको समय प्रस्तुत गर्छ, जब नयाँ नियमको मण्डलीले यहूदीधर्मको कात्रो फालेर एउटा यहूदीधर्मदेखि अलग, एउटा छुट्टै नयाँ सङ्गतिको रूप लियो, जुन सङ्गतिमा यहूदीहरू र अन्य जातिका मानिसहरू ख्रीष्टमा एक हुन्छन्। यसकारण प्रेरितहरूको पुस्तकको उपयुक्त उपनाम 'इसहाकलाई दूध छुड़ाइएको समयको कहानी' भनिन्छ।

प्रेरितहरूको पुस्तक पढ्दै जाँदा हामी एउटा आत्मिक उल्लासको अनुभवभित्र प्रवेश गर्छौं, जुन प्रकारको उल्लास त्यहाँ अनुभव गरिन्छ, जहाँ परमेश्वर कार्यरत हुनुहुन्छ; साथै जब शैतानले परमेश्वरको कामको विरोध गर्छ, अनि पापहरूले त्यसमा विभिन्न बाधाहरू खड़ा गर्छन्, तब यस कुराले कस्तो-कस्तो तनाउ सृष्टि गर्दो रहेछ, सो अनुभव पनि गर्छौं।

प्रेरितहरूको पुस्तकको एक अध्यायदेखि बाह्र अध्यायसम्म प्रेरित पत्रुस प्रमुख व्यक्ति हुन्, जसले साहससित इस्राएली जातिका मानिसहरूलाई सुसमाचार प्रचार गर्छन्। अनि प्रेरित तेह्र अध्यायदेखि

प्रेरित पावल प्रमुख व्यक्ति हुन्, जसले अन्यजातिहरूको प्रभावकारी प्रेरित भईकन जोश र उमङ्गको साथ अथक परिश्रम गर्छन् ।

प्रेरितहरूको पुस्तकमा तेत्तीस वर्षको अवधिभरिको वृत्तान्त हो । श्री जे. बी. फिलिप्सले यस समयको विशेषतामा जोड़ दिएर यसो भनेका छन्ः

> 'प्रेरितहरूको पुस्तकमा वर्णन गरिएको समयबाहेक मानव-इतिहासको अरू यस्तो कुनै समय नै छैन, जुन समयमा साधारण मानिसहरूको एउटा सानो झुण्डले संसारलाई यहाँसम्म हल्लायो, कि यिनीहरूका शत्रुहरूले आँखैभरि रिसका आँसु लिई यसो स्वीकार गर्नुपरेको थियोः "यी मानिसहरूले संसारलाई उथलपुथल पारेका छन् ।" '[1]

# रूपरेखाः

## खण्ड १) प्रेरित १-७ अध्यायः यरूशलेममा ख्रीष्टको मण्डली

क) **प्रेरित १ः१-५ः** मरेकाहरूबाट बौरिउठ्नुभएको प्रभु येशूले पवित्र आत्माको प्रतिज्ञा दिनुहुन्छ।

ख) **प्रेरित १ः६-११ः** स्वर्गारोहण हुनुभएको प्रभु येशूले प्रेरितहरूलाई आदेश दिनुहुन्छ।

ग) **प्रेरित १ः१२-२६ः** येशूका चेलाहरू प्रार्थनामा लागिरहेर यरूशलेममा पर्खन्छन्।

घ) **प्रेरित २ः१-४७ः** पेन्टेकोस्टको दिनमा ख्रीष्टको मण्डलीको जन्म भयो।

ङ) **प्रेरित ३ः१-२६ः** लङ्गड़ो मानिस निको पारिन्छ, र इस्राएली जातिप्रति प्रेरित पत्रुसको जिम्मेवारी।

च) **प्रेरित ४ः१-७ः६०ः** सतावटमा परेको ख्रीष्टको मण्डलीमा वृद्धि हुनेछ।

## खण्ड २) प्रेरित ८ः१-९ः३१ः यहूदिया र समारियामा ख्रीष्टको मण्डली

क) **प्रेरित ८ः१-२५ः** समारियामा फिलिपको सेवकाइ

ख) **प्रेरित ८ः२६-४०ः** फिलिप र खजान्ची नपुंसकको बीचको भेटघाट

ग) **प्रेरित ९ः१-३१ः** टार्ससको निवासी शावल प्रभु येशूकहाँ फर्केका।

## खण्ड ३) प्रेरित ९ः३२-२८ः३१ः पृथ्वीको अन्तसम्म ख्रीष्टको मण्डली

**क) प्रेरित ९ः३२-११ः१८ः** प्रेरित पत्रुसले अन्यजातिका मानिसहरूलाई सुसमाचार प्रचार गर्छन् ।

**ख) प्रेरित ११ः१९-३०ः** सिरियाको एन्टिओकमा मण्डली कसरी स्थापित भयो ?

**ग) प्रेरित १२ः१-२३ः** राजा हेरोद एन्टिपासबाट उठेको सतावट र तिनको मृत्यु

**घ) प्रेरित १२ः२४-१४ः२८ः** गलातियामा प्रेरित पावलको पहिलो सुसमाचार-धावारूपी यात्रा

**ङ) प्रेरित १५ः१-३५ः** यरूशलेममा सम्पन्न गरिएको मण्डलीको महासभा ।

**च) प्रेरित १५ः३६-१८ः२२ः** प्रेरित पावलको दोस्रो सुसमाचार-धावारूपी यात्राः एशिया माइनर र ग्रीक देशमा ।

**छ) प्रेरित १८ः२३-२१ः२६ः** प्रेरित पावलको तेस्रो सुसमाचार-धावारूपी यात्राः एशिया माइनर र ग्रीक देशमा ।

**ज) प्रेरित २१ः२७-२६ः३२ः** प्रेरित पावल पक्राउ पर्छ, र तिनका न्यायजाँचहरू ।

**झ) प्रेरित २७ः१-२८ः१६ः** प्रेरित पावलको रोमतर्फको यात्रा र तिनले चढ़ेको पानीजहाजको पोतभङ्ग ।

**ञ) प्रेरित २८ः१७-३१ः** रोममा पावलको नजरबन्दी र यहूदीहरूको बीचमा तिनको गवाही ।

# प्रेरितहरूको पुस्तकको टिप्पणी

## खण्ड १) प्रेरित १-७ अध्यायः यरूशलेममा ख्रीष्टको मण्डली

### क) प्रेरित १:१-५: मरेकाहरूबाट बौरिउठ्नुभएको प्रभु येशूले पवित्र आत्माको प्रतिज्ञा दिनुहुन्छ।

**प्रेरित १:१:** प्रेरितहरूको पुस्तकको शुरुमा थियोफिलसलाई के सम्झना गराइन्छ भने, लूकाले तिनलाई यसभन्दा पहिले लेखेका थिए; अनि प्रिय वैद्य लूकाले यसभन्दा पहिले लेखेको पुस्तक हामी अहिले लूकाको सुसमाचारको रूपमा चिन्छौं (लूका १:१-४)। अनि लूकाको सुसमाचारका अन्तिम पदहरूमा उनले थियोफिलसलाई बताएका थिए, कि प्रभु येशूको स्वर्गारोहण हुनुभन्दा अघि, त्यस क्षणमै उहाँले यसो भनेर आफ्ना चेलाहरूलाई पवित्र आत्माबाट तिमीहरूको बप्तिस्मा हुनेछ भन्ने प्रतिज्ञा गर्नुभयो: *'म आफ्ना पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउनेछु; तर तिमीहरू माथिबाटको शक्ति नपाएसम्म यरूशलेममा पर्खिरहो!'* (लूका २४:४८-५३)।

शुरुमा प्रभुको त्यस पुलकित प्रतिज्ञाबाट प्रसङ्ग उठाएर लूकाले अब आफ्नो वृत्तान्त अघि बढ़ाउन चाहन्छन् । अनि पवित्र आत्माको प्रतिज्ञाबाट शुरु गर्नु अति उपयोगी देखिन्छ; किनभने यही पवित्र आत्माभित्र प्रेरितहरूको पुस्तकमा प्रस्तुत गरिएका सबै आत्मिक विजयहरू बियाँको रूपमा लुकिरहेका छन् । पहिलो बयान वा प्रथम पुस्तक भनेर लूकाले यहाँ आफ्नो सुसमाचारको पुस्तकको परिचय दिन्छन् । त्यसमा प्रभु येशूले शुरुदेखि गर्नुभएका र सिकाउनुभएका कुराहरू उल्लेख गरिएका छन् । प्रभु येशूको स्वर्गारोहण भएपछि उहाँले पवित्र आत्माद्वारा के-के काम गर्दै हुनुहुन्थ्यो र के-के कुरा सिकाउनुहुन्थ्यो, यी जम्मै कुराहरूको वृत्तान्त अबचाहिँ प्रेरितहरूको पुस्तकमा अघि बढ्दै जान्छ ।

याद गर्नुहोस्ः प्रभु येशूको सेवकाइ गर्नु र सिकाउनु थियो । उहाँको शिक्षा फेद र टुपाविनाको थिएन, कामविनाको विश्वास अथवा कसैको चरित्र र व्यवहारलाई नछुने खोक्रो स्वीकार थिएन । मुक्तिदाता प्रभुले जे सिकाउनुभयो, उहाँ आफ्नो शिक्षा पूरा धारण गर्नुभएको जिउँदो अवतार पनि हुनुहुन्थ्यो; किनकि उहाँले जे-जे प्रचार गर्नुभयो, ती कुराहरू उहाँले व्यवहारमा उतार्नुहुन्थ्यो ।

**प्रेरित १ः२ः** थियोफिलसलाई याद थियो, लूकाको सुसमाचारको पहिलो पुस्तकमा मुक्तिदाता प्रभुको स्वर्गारोहणचाहिँ यस वृत्तान्तको अन्तिम वर्णन थियो; अनि यस घटनालाई यहाँ 'उहाँ माथि उठाइनुभएको' क्षण भनिन्छ । अनि उहाँले आफ्ना एघारजना प्रेरितहरूलाई छोड्नुभन्दा अघि उनीहरूलाई प्रेमसाथ दिनुभएका अन्तिम आदेशहरू के-के थिए, सो तिनलाई अवश्य पनि याद थियो ।

**प्रेरित १ः३ः** किनभने प्रभु येशूको बौरिउठाइ र उहाँको स्वर्गारोहणको बीचमा चालीस दिन थिए, जुन समयमा उहाँ आफ्ना चेलाहरूकहाँ देखा पर्नुहुन्थ्यो, र उनीहरूलाई उहाँको शारीरिक पुनरुत्थानका जतिसक्ता अचूक प्रमाणहरू दिनुहुन्थ्यो (यूहन्ना २०ः१९ र २६; यूहन्ना २१ः१ र १४) ।

यी चालीस दिनभित्र उहाँले उनीहरूसित परमेश्वरको राज्यसित सम्बन्धित कुराहरू छलफल गर्नुभयो । संसारका राज्यहरूमा उहाँको चासो

त्यत्ति थिएन, र छैन पनि; तर उहाँको एकमात्र चाहना त्यही राज्य हो, जसमा परमेश्वरलाई राजाको रूपमा मान्यता र स्थान दिइन्छ।

परमेश्वरको राज्य र मण्डली एउटै कुरा होइन। यिनको खिचड़ी नगरौं! प्रभु येशूले आफूलाई राजाको रूपमा इस्राएली जातिकहाँ प्रस्तुत गर्नुभयो, तर तिनीहरूले उहाँलाई इन्कार गरे (मत्ती २३:३७)। यसकारण पृथ्वीमाथि स्थापित गरिने उहाँको राज्य अनिश्चित भविष्यको त्यस समयतिर सार्‍यो, जुन समयमा इस्राएलीहरूले पश्चात्ताप गर्नेछन् र उहाँलाई मसीहको रूपमा ग्रहण गर्नेछन् (प्रेरित ३:१९-२१)।

तर वर्तमान समयमा राजा अनुपस्थित हुनुहुन्छ। तर पृथ्वीमाथि उहाँको राज्य छ, एक अदृश्य राज्य (कलस्सी १:१३)। प्रभु येशूप्रति कुनै न कुनै निष्ठाको सम्बन्ध स्वीकार गर्नेहरू सबैजना त्यस राज्यका सदस्यहरू हुन् (मत्ती २५:१-१२)। बाहिरी रूपले आफूलाई इसाई हुँ भनेर स्वीकार गर्नेहरू सबै मानिसहरू उहाँको राज्यभित्र पर्छन् (मत्ती १३:१-५२)। तर भित्री वास्तविकता अर्को छ। यस भित्री हिसाबले नयाँ जन्म पाएकाहरू मात्र परमेश्वरको राज्यभित्र पर्छन् (यूहन्ना ३:३ र ५)। वर्तमान समयमा परमेश्वरको राज्य कुन-कुन अवस्थामा छ, सो कुरा मत्ती तेह्र अध्यायमा प्रस्तुत गरिएका दृष्टान्तमा देखिन्छ।

तर ख्रीष्टको मण्डलीचाहिँ बिलकुल नयाँ कुरा हो। मण्डली कहिल्यै पुरानो नियमका भविष्यवाणीहरूको विषयवस्तु थिएन (एफेसी ३:५)। ख्रीष्टको मण्डली भनेको पेन्टेकोस्टको दिनदेखि लिएर ख्रीष्ट-विश्वासीहरू माथि आकाशमा उठाइलगिएको क्षणसम्म सम्पूर्ण मण्डली-युगका विश्वासीहरू बुझिन्छ। अनि ख्रीष्टकी दुलहीको रूपमा मण्डलीले प्रभु येशूसित हजार वर्षको राज्यमा राज्य गर्नेछ। मण्डली अनन्त-अनन्तसम्म उहाँको महिमामा सहभागी हुनेछ। महासङ्कष्टको अन्तमा प्रभु येशू राजाको रूपमा यस संसारमा फर्केर आउनुहुनेछ। उहाँले आफ्ना शत्रुहरूलाई नाश गर्नुहुनेछ र सारा संसारमाथि आफ्नो धार्मिकताको राज्य स्थापित गर्नुहुनेछ (भजन ७२:८)।

यरूशलेम उहाँको राज्यको राजधानी हुनेछ, जहाँबाट उहाँले हजार वर्षसम्म राज्य गर्नुहुनेछ (प्रकाश २०:४)। तर उहाँको राज्य अनन्त

हुनेछ। किनभने उहाँले परमेश्वरका सबै शत्रुहरूलाई नाश गर्नुहुनेछ। स्वर्गमा विनाबाधा वा विनाविरोध उहाँले अनन्त-अनन्तसम्म राज्य गर्नुहुनेछ (२ पत्रुस १:११)।

**प्रेरित १:४:** अबचाहिँ लूकाले हाम्रो ध्यान यस भेटघाटमा लगाउँछन्, जब प्रभु आफ्ना चेलाहरूसँग यरूशलेममा त्यस कोठामा भेला हुनुभएको थियो। बौरिउठ्नुभएको मुक्तिदाता प्रभुले उनीहरूलाई यरूशलेम नछोड्ने आज्ञा गर्नुभयो। तर यरूशलेममा किन पर्खिबस्नुपर्ने ? उनीहरूको मनमा यसको विषयमा अवश्य प्रश्न उठ्यो। उनीहरूका निम्ति यरूशलेमचाहिँ घृणा, अत्याचार र सतावटले भरिएको शहर थियो।

हो, पिताको प्रतिज्ञा यरूशलेममा पूरा हुनेछ। किनभने जुन शहरमा मानिसहरूले मुक्तिदाता प्रभुलाई क्रूसमा टाँगेका थिए, त्यही शहरमा पवित्र आत्माको आगमन हुनु थियो। मानिसहरूले परमेश्वरको पुत्रलाई तिरस्कार गरेको ठाउँ यही हो भनेर पवित्र आत्माको उपस्थिति साक्षी हुनेछ। किनकि सत्यको आत्माले संसारलाई पाप, धार्मिकता र न्यायको सम्बन्धमा कायल पारेर साबित तुल्याउनुहुनेछ। आत्माको यो काम यरूशलेमबाट शुरु हुनेछ। अनि उहाँका चेलाहरूले त्यही शहरमा पवित्र आत्मा पाउनेछन्, जुन शहरमा उनीहरूले प्रभुलाई त्यागेका थिए, र उनीहरू आफ्नो ज्यान बचाउन उहाँबाट भागेका थिए। जुन ठाउँमा उनीहरूले आफूलाई कमजोर र काँतर देखाएका थिए, त्यही ठाउँमा उनीहरूलाई दिव्य शक्तिले बलियो पार्नु र निडर बनाउनु थियो।

पिताको प्रतिज्ञाको सम्बन्धमा यी चेलाहरूले प्रभुको मुखबाट अघि पनि सुनेका थिए। प्रभुको सेवकाइभरि अनि विशेष गरी त्यस माथिल्लो कोठामा उनीहरूलाई सुनाएको प्रवचनमा उहाँले यस सहायकको विषयमा कुरा गरिरहनुभएको थियो (लूका २४:४९; यूहन्ना १४:१६ र २६; यूहन्ना १५:२६ र यूहन्ना १६:७ र १३)। अनि अबचाहिँ यो सहायक आउन लाग्नुभएको थियो।

**प्रेरित १:५:** अब आफ्ना चेलाहरूसित उहाँको अन्तिम भेटघाटमा उहाँले यही प्रतिज्ञा दोहोर्‍याउनुभयो। उनीहरूमध्ये कतिजनाले बप्तिस्मा दिने यूहन्नाको हातबाट पानीको बप्तिस्मा लिएका थिए। तर यूहन्नाको

बप्तिस्माले आत्मालाई छुने होइन, तर यस पानीको काम शरीरमा सीमित थियो। अब थोरै दिनभित्र[2)] उनीहरूले पवित्र आत्माको बप्तिस्मा अनुभव गर्नेछन्। अनि त्यो आत्मिक बप्तिस्माले उनीहरूभित्र एउटा अद्‌भुत काम गर्नेछ। यूहन्नाको बप्तिस्माले उनीहरूलाई बाहिरी तवरले इस्राएली जातिको बीचमा यस भागका मानिसहरूसँग एक तुल्यायो, जसले पश्चात्ताप गरेका थिए। तर आत्माको बप्तिस्माले उनीहरूलाई ख्रीष्टको मण्डलीमा गाभ्नेछ र उनीहरूलाई उहाँको सेवा गर्ने शक्ति दिनेछ। मण्डलीचाहिँ ख्रीष्टको शरीर हो।

प्रभु येशूले आफ्ना चेलाहरूलाई 'अब केही दिनभित्र पवित्र आत्माद्वारा तिमीहरूको बप्तिस्मा हुनेछ' भन्ने प्रतिज्ञा गर्नुभयो, तर त्यस प्रतिज्ञामा आगोको बप्तिस्माको कुरा गर्नुभएन (मत्ती ३:११-१२; लूका ३:१६-१७); किनभने आगोको बप्तिस्मा न्यायको बप्तिस्मा हो, जुन बप्तिस्मा विश्‍वास नगर्नेहरूका निम्ति भविष्यमा हुनेछ।

## ख) प्रेरित १:६-११: स्वर्गारोहण हुनुभएको प्रभु येशूले प्रेरितहरूलाई आदेश दिनुहुन्छ।

**प्रेरित १:६:** हुन सक्छ, यहाँ वर्णन गरिएको घटना जैतुन डाँड़ामा भएको घटना हो, जसको सामु बेथानी गाउँ अवस्थित थियो। किनभने प्रभु येशूको स्वर्गारोहण यस जग्गामा भयो; उहाँ यस ठाउँबाट स्वर्ग चढ़ी जानुभयो (लूका २४:५०-५१)।

उहाँका चेलाहरूले पवित्र आत्माको आगमनको विषयमा विचार गर्दैथिए। उनीहरूलाई याद भयोः अरे, भविष्यवक्ता योएलको भविष्य-वाणीअनुसार पवित्र आत्मा खन्याइनासाथ मसीहको महिमित राज्य शुरु हुनुपर्नेथियो। उनीहरूको विचारमा यी दुईवटा घटनाहरू एकसाथ हुनु थियो (योएल २:२८)। यसकारण प्रभु येशूले 'अब केही दिनभित्र' भनेर भन्नुहुँदा उनीहरू चाँड़ै उहाँले आफ्नो राज्य स्थापित गर्न लाग्नुभएको रहेछ भन्ने निष्कर्षमा पुगे। अनि 'हे प्रभु, के तपाईंले यही समयमा इस्राएललाई राज्य फिर्ता दिनुहुन्छ' भनेर उनीहरूले सोधेको प्रश्‍नले स्पष्ट देखाउँछ, कि

उनीहरूमा अझै पनि ख्रीष्ट येशूले अब तुरुन्तै यस पृथ्वीमाथि आफ्नो राज्य स्थापित गर्दै हुनुहुन्छ भन्ने आशा जारी रहेको थियो।

**प्रेरित १:७:** उनीहरूले यस पृथ्वीमाथि उहाँको राज्य आउन लाग्यो भन्ने आशा गरेकोमा प्रभुले उनीहरूलाई हप्काउनुभएन, यो कुरा सच्याउनु-भएन। किनभने यस प्रकारको आशाका निम्ति ठाउँ थियो। यस प्रकारको आशा गर्नु ठीक छ। उहाँले यस सम्बन्धमा यत्ति मात्र भन्नुभयोः त्यो राज्य कहिले आउने हो, सो उनीहरूले जान्न पाउनेछैनन्। त्यो दिन हामीले पिताको अधिकारमा छोड्नुपर्छ; अनि उहाँले त्यो दिन कहिले हुने हो, सो प्रकट गर्न चाहनुभएन। तब यसको जानकारी किन अझ खोजिरहने? यसको समयमाथि एकमात्र सर्वाधिकार उहाँकै हो।

पवित्र बाइबलमा *'समयहरू र बेलाबखतहरू'* भन्ने वाक्यको अर्थ यस प्रकारको छः इस्राएली जातिको सम्बन्धमा परमेश्वरले विभिन्न घटना-हरूको बारेमा भविष्यवाणीहरू गर्नुभयो, जुन घटनाहरू अझै घटेका छैनन्। अनि यी घट्न बाँकी रहेका घटनाहरूलाई *'समयहरू र बेला-बखतहरू'* भनिन्छ। उहाँका चेलाहरू सबै यहूदीहरू थिए। यसकारण उनीहरूले यस वाक्यको अर्थ यस प्रकारले बुझे होलान्ः समयहरू र बेलाबखतहरूचाहिँ ख्रीष्ट येशूको हजार वर्षको राज्यको स्थापनाका दिनहरू र उहाँको राज्य यस पृथ्वीमाथि स्थापित हुनुभन्दा अघिको महत्त्वपूर्ण समय हुनुपर्छ।

**प्रेरित १:८:** प्रभु येशूले परमेश्वरको राज्य कहिले स्थापित हुने हो, यस सम्बन्धमा आफ्ना चेलाहरूको जिज्ञासु प्रतिबन्धमा राख्नुभयो। किनभने उहाँले उनीहरूको ध्यान योभन्दा मुख्य कुरामाथि लगाउन चाहनुभयो, जुन कुरा तत्कालै उनीहरूको सामु थियोः उनीहरूको दैत्य। उनीहरूले आफ्नो जिम्मेवारीको लमाइ-चौड़ाइ जान्नु थियो। उनीहरू उहाँको साक्षी हुनुपर्नेथियो। अनि उनीहरूको गवाही यरूशलेमदेखि शुरु गरेर सारा यहूदिया र समारिया भएर पृथ्वीको कुना-कुनासम्म पुग्नु थियो।

तर यसो गर्नुभन्दा पहिले उनीहरूले शक्ति पाउनुपर्छ, पवित्र आत्माको शक्ति पाउनुपर्छ। ख्रीष्ट येशूको साक्षी दिने जुनसुकै व्यक्तिका निम्ति यो नभई नहुने महान् शक्ति हो। उता, मानिस असाधारण सीपले युक्त निपुण

होस्, आवश्यकताभन्दा बढ़ी तालिमप्राप्त व्यक्ति होस्, अनि खूबै अनुभवी विश्वासी किन नहोस्, तर यो आत्मिक शक्तिविना उसको सफलता र प्रभाव सानो, नगण्य हुन्छ। तर यता, मानिस अनपढ़ होस्, उसमा कुनै आकर्षण, कुनै विशेष गुण र सीप नहोस्, एक प्रकारले ऊ रूखो मानिस होस्, तर पवित्र आत्माको शक्ति उसमाथि आओस्! तब संसारका मानिसहरू उसलाई हेर्न उसकहाँ भेला हुनेछन्; किनभने तिनीहरूले उसमा परमेश्वरका निम्ति जल्दो-बल्दो साक्षी देख्नेछन्। प्रभुका काँतर चेलाहरूलाई साक्षी हुने शक्ति चाहिएको छ। सुसमाचार प्रचार गर्न उनीहरूलाई साहस दिने पवित्र शक्तिको आवश्यकता थियो। अनि त्यो शक्ति उनीहरू त्यस बेलामा पाउनेछन्, जब पवित्र आत्मा उनीहरूमाथि आउनुहुनेछ।

परमेश्वरको अचम्मको र अर्थपूर्ण अनुग्रहको प्रबन्धअनुसार उनीहरूको साक्षी दिने काम यरूशलेमबाट शुरु हुनेछ। प्रभु येशूको क्रूसको मृत्यु यस शहरमा भएको थियो; यसकारण यही शहरका मानिसहरूले पहिले पश्चात्ताप गर्ने र प्रभु येशूमाथि विश्वास गर्ने बोलावट पाउनुपर्छ।

त्यसपछि उनीहरूको साक्षी दिने काम यहूदियामा हुनु थियो; यहूदियाचाहिँ इस्राएल देशको दक्षिण भाग हो, जसको राजधानी यरूशलेम थियो। यहूदियामा प्रायः यहूदीहरू बस्थे।

त्यसपछि समारिया आयो, जुन प्रान्त कनान देशको मध्यभागमा पर्थ्यो। समारीहरू ठिमाहा जाति थिए, जससित तिनीहरूलाई घृणा गर्ने यहूदीहरूले कुनै सम्बन्ध राख्दैनथिए।

त्यसपछि उनीहरूको साक्षी पृथ्वीको अन्तसम्म जानुपर्छ। पृथ्वीको अन्त भन्नाले त्यस समयमा जानिएको संसार बुझ्नुपर्छ अर्थात् ती अन्यजातिका सबै देश र जातिहरू बुझ्नुपर्छ, जसलाई धार्मिक हिसाबले असभ्य, अथवा हरेक ईश्वरीय सौभाग्यरूपी घेरादेखि बाहिर राखिएका थिए। यसरी नै साक्षीको क्रम अघि बढ्दै जान्छ।

अनि प्रेरितहरूको पुस्तकको ऐतिहासिक रूपरेखा हामी पनि यसरी नै बढ़ेको पाउँछौं:

**क) प्रेरित १-७ अध्यायः** यरूशलेममा प्रेरितहरूले दिएको गवाही

**ख) प्रेरति ८ः१-९-३१ः** यहूदिया र समारियामा पुगेको गवाही

**ग) प्रेरित ९ः३२-२८ः३१ः** पृथ्वीको अन्तसम्म गएको गवाही

**प्रेरित १ः९ः** प्रभु येशूले आफ्ना चेलाहरूलाई उनीहरूको कार्यभार सुम्पनुभएपछि उहाँ माथि स्वर्गतिर उठाइनुभयो। पवित्र धर्मशास्त्रले यति भनेको छः *'उहाँ माथि उठाइनुभयो, र एउटा बादलले उहाँलाई उनीहरूको दृष्टिबाट ढाकिदियो।'* यस्तो अद्‌भुत क्षण, यस्तो प्रभावशाली दृश्यका निम्ति यति सरल भाषा र साधारण वर्णन दिइएको, अचम्म ! ! पवित्र बाइबलका लेखकहरूले कुनै घटनाको बयान गर्दा र कुनै कहानी बताउँदा आफ्नो आवेगमा होइन, तर उनीहरूले देखाएको निग्रहले परमेश्वरको वचन आत्माको प्रेरणाद्वारा भएको पक्का प्रमाण दिन्छ। किनभने अद्‌भुत घटनाहरूको बयान सरल ढङ्ले दिनु – मानिसहरूको स्वभाव यस्तो होइन।

**प्रेरित १ः१०ः** सेतो वस्त्र पहिरेका दुईजना मानिसहरू देखा परेको बयान लूकाले यहाँ फेरि कुनै आश्चर्य प्रकट नगरीकन गर्दैछन्। यी दुईजना स्वर्गदूतहरू थिए, जो पृथ्वीमा मानिसको रूपमा देखा परे। हुन सक्छ, प्रभुको पुनरुत्थान भएको दिनमा यी स्वर्गदूतहरू उहाँको चिहानमा देखा परेका थिए (लूका २४ः४)।

**प्रेरित १ः११ः** यहाँ यी स्वर्गदूतहरूले प्रभुका चेलाहरूलाई पहिले 'हे गालीलका मानिसहो' भनेर सम्बोधन गर्छन्। यहूदा इस्करियोती-बाहेक प्रभुका बाँकी चेलाहरू गालीली थिए, खास गरी गालीलको समुद्रको पश्चिमी तटबाट आएका मानिसहरू थिए।

यी चेलाहरू एक टक आकाशतिर हेर्दै उभिएका थिए; त्यस बेलामा यी स्वर्गदूतहरूले उनीहरूलाई झस्काए। उनीहरूले किन यसरी आकाशतिर हेर्दैथिए? शोकले गर्दा हो कि? भक्तिले गर्दा हो कि? आश्चर्यले गर्दा हो कि? निश्चय, यी तीनै भावनाले, सर्वप्रथम शोकचिन्ताले उनीहरूको मनमा खेलेको थियो। यसकारण उनीहरूलाई यो सान्त्वनाको वचन दिइयोः स्वर्गमा चढ़ी जानुभएको ख्रीष्ट येशू फेरि आउनुहुनेछ।

यहाँ, यस ठाउँमा हाम्रो सामु प्रभु येशूको दोस्रो आगमनको विषयमा सुस्पष्ट प्रतिज्ञा छ। उहाँ आउनुहुनेछ, र उहाँले यस पृथ्वीमाथि आफ्नो राज्य स्थापित गर्नुहुनेछ। यहाँको सन्दर्भ मण्डली आकाशमा उठाइ-लगिएको क्षण होइन, तर उहाँको आउन लागेको राज्यको आगमन हो।

**क)** उहाँ जैतुन डाँड़ाबाट माथि स्वर्गतिर उठाइनुभयो (प्रेरित १:१२); उहाँ जैतुन डाँड़ामा फर्केर आउनुहुनेछ (जकरिया १४:४)।

**ख)** उहाँ व्यक्तिगत रूपले जानुभयो; उहाँ व्यक्तिगत रूपले फर्केर आउनुहुनेछ (मलाकी ३:१)।

**ग)** आँखाले देख्दा-देख्दै उहाँ स्वर्ग चढ़ी जानुभयो; उहाँ देख्ने गरी फर्केर आउनुहुनेछ (मत्ती २४:३०)।

**घ)** एउटा बादलले उहाँलाई ढाकिदियो (प्रेरित १:९); आकाशको बादलमा सवारी भई उहाँ फर्केर आउनुहुनेछ (मत्ती २४:३०)।

**ङ)** उहाँको स्वर्गारोहण महिमाले पूर्ण थियो भने उहाँको दोस्रो आगमन झन् बढ़ी शक्ति र ठूलो महिमाको साथ हुनेछ (मत्ती २४:३०)।

## ग) प्रेरित १:१२-२६: येशूका चेलाहरू प्रार्थनामा लागिरहेर यरूशलेममा पर्खन्छन्।

**प्रेरित १:१२:** लूका २४:५२ पदअनुसार प्रभु येशूका चेलाहरू ठूलो हर्षको साथ यरूशलेममा फर्के। परमेश्वरको प्रेमले यी मानिसहरूको हृदयमा यस्तो एउटा समयमा एउटा ज्योति सल्कायो र उनीहरूको अनुहार चम्कायो, जुन समयमा थुप्रै समस्याहरूले उनीहरूलाई घेरेका थिए र उनीहरूलाई समुद्रको छालले गरेझैं छोप्न लागेका थिए।

जैतुन डाँड़ादेखि तल किद्रोन खोला झरेर, फेरि उकालो चढ़ेर यरूशलेम शहरमा पुग्ने दुरी लगभग एक किलोमेटर थियो। नयाँ

नियमको समयमा यहूदीहरूले विश्राम-दिनमा हिँड्न पाउने बाटो त्यत्ति नै थियो।

**प्रेरित १ः१३ः** यरूशलेम शहरमा पसेपछि उनीहरू माथिल्लो कोठामा गए, र त्यही रहे। परमेश्वरको आत्माले यहाँ अन्तिम पल्ट प्रभुका चेलाहरूका नामहरू सूचित गर्नुहुन्छ। अब यसको चार पल्ट भयो (मत्ती १०ः२-४; मर्कूस ३ः१६-१९ र लूका ६ः१४-१६)। तर यहाँको सूचिमा केही घटी भएको देखिन्छ; किनभने यहूदा इस्करियोतीको नाम छैन; किनकि प्रभुलाई विश्वासघात गरेर सुम्पने त्यो ठगाहा आफ्नो विनाशमा पुगिसक्यो।

**प्रेरित १ः१४ः** चेलाहरू भेला भए, एक मनको भई। एक मनको हुने शब्दहरू प्रेरितहरूको पस्तुकमा एघार पल्ट पाइन्छ। आशिषको भण्डार खोल्ने चाबीहरूमध्ये एउटाचाहिँ यही हो। जहाँ दाजुभाइहरू एकतामा एकसाथ बस्छन्, त्यस ठाउँमाथि परमेश्वरले अनन्त जीवनको आशिष बर्सोस् भन्ने आज्ञा दिनुहुन्छ (भजन १३३)।

आशिषको भण्डार खोल्ने दोस्रो चाबी यहाँ छः प्रार्थना र विन्ती चढ़ाउनमा लागिरहनु। त्यस बेलामा जस्तै आजको दिनमा पनि परमेश्वरले तब काम गर्नुहुन्छ, जब मानिसहरूले प्रार्थना गर्छन्। साधारण हिसाबले गरिएको जाँच होः हामी विश्वासीहरूले प्रार्थना गर्नुभन्दा बरु अन्य कुनै काम गर्छौं। तर जबसम्म हामी मिलेर प्रार्थनामा परमेश्वरको सामु पर्खंदैनौं, अनि हतार नगरीकन र नडराईकन पूरा विश्वासको साथ हाम्रो सारा हृदयले एक मनको अर्जीविन्ती चढ़ाउँदैनौं, तबसम्म कुनै हालतमा पनि परमेश्वरको आत्माको जागृत ल्याउने र हामीलाई बलियो तुल्याउने शक्ति हामीमाथि खन्याइनेछैन। यी चेलाहरूको एकता र उनीहरूले चढ़ाएको प्रार्थनाले चाहिँ पेन्टेकोस्टको दिनको आशिष ल्याउने काम गरे भन्ने कुरामा जति जोड़ गरे पनि बढ़ी जोड़ कहिल्यै दिनु सम्भव छैन।

यी चेलाहरूको साथमा कति स्त्रीहरू पनि भेला भएका थिए, जसका नामहरू दिइएका छैनन्। हुन सक्छ, तिनीहरू गालीलबाट आउँदै प्रभुको पछि लागेका ती स्त्रीहरू थिए कि? अनि येशूकी आमा पनि उपस्थित थिइन्, र उहाँका भाइहरू पनि। यहाँ निम्न चाखलाग्दा कुराहरू छन्ः

**क)** नयाँ नियममा यहाँ मरियमको नाम लिइएको अन्तिम पल्ट हो। 'मेरी-पूजा मुर्दावाद' भन्ने नारा उठाइएको यसको घोर विरोध जनाउने मौन खण्डन हो। प्रभुका चेलाहरूले मरियमलाई प्रार्थना चढ़ाएनन्, तर तिनको साथ प्रार्थना गरे। तिनी उनीहरूसँग पवित्र आत्माको वरदान पाउन पर्खेकी थिइन्।

**ख)** मरियमचाहिँ येशूकी आमा थिइन्, परमेश्वरकी आमा होइन। जब हाम्रा प्रभुले मानिसको रूपमा जन्म लिनुभयो, तब उहाँको नाम येशू राखियो। यसकारण मरियमलाई येशूकी आमा भन्न पूरा रूपले सुहाउँछ, किनकि तिनी उहाँलाई मानिसको चोला दिने आमा हुन्। तर पवित्र धर्मशास्त्र बाइबलभरि तिनलाई कहिल्यै, अँ, कहिल्यै 'परमेश्वरकी आमा' भन्ने नाम दिइएको छैन। प्रभु येशू साँच्चै परमेश्वर हुनुहुन्छ; यो कुरा सत्य हो। तर शिक्षाको दृष्टिकोणले परमेश्वरकी शारीरिक आमा हुने कुरा सरासर गलत हो र न्यायसँगत होइन; किनभने परमेश्वर अनादिदेखि हुनुहुन्छ।

**ग)** येशूका भाइहरू रहेछन्। यहाँ, यस खण्डमा मरियमको कुरा गर्नासाथ तिनीहरूको कुरा आयो। यसकारण येशूका यी भाइहरू मरियमकै छोराहरू हुनुपर्छ, जसका बुबा यूसुफ थिए। मरियमचाहिँ सधैंभरि कन्यै रहिरहिन् र येशूलाई छोड़ेर अरू कुनै पनि छोराछोरी जन्माइनन् भन्ने सिद्धान्त हामी कसरी अपनाऔं, जब पवित्र बाइबलका निम्न थुप्रै पदहरूले यस विषयमा भूलमा परेका क्याथोलिक भाइबहिनीहरूको यो गलत धारणा खण्डन गर्छन्ः मत्ती १२ः४६; मर्कूस ६ः३; यूहन्ना ७ः३ र ५; १ कोरिन्थी ९ः५ र गलाती १ः१९, अनि भजन ६९ः८।

**प्रेरित १ः१५ः** त्यस दस दिने अवधिभित्र कुनै एक दिनमा लगभग एक सय बीसजना चेलाहरू भेला भएका थिए; त्यस दिनमा प्रेरित पत्रुसले आत्मिक अगुवाइ पाईकन पुरानो नियमका कति खण्डहरू लिएर उनीहरूलाई एउटै कुरा सम्झाए, जुन खण्डहरूको विषय थियोः एकजनाले मसीहलाई विश्वासघात गरेर सुम्पने रहेछ।

**प्रेरित १:१६-१७:** शुरुमा पत्रुसले राजा दाऊदले लेखेको एउटा भविष्यवाणी उद्धृत गर्छन्, जुन भविष्यवाणी यहूदा इस्करियोतीको विषयमा थियो, जुनचाहिँ पूरा हुनुपरेको थियो। तर पवित्र धर्मशास्त्रको यो खण्ड सुनाउनुभन्दा अघि उनले पहिले यहूदाको विषयमा एक-दुई कुरा भन्नुपर्छ। यहूदा बाह्रजना प्रेरितहरूमा गनिएको थियो, अनि त्यसले उनीहरूले जस्तै प्रेरितको सेवाको भाग पाएको थियो। तर पछिबाट त्यो प्रभु येशूलाई पक्रनेहरूको अगुवा भयो। (यस प्रकारको अति तुच्छ दुष्कर्मको बयान गर्दा पत्रुसले प्रयोग गरेको सन्तुलित भाषामा ध्यान दिनुहोस्!) यहूदाले आफ्नो राजीखुशीले यो ठूलो विश्वासघात गरेको थियो। यसरी नै त्यसले यी भविष्यवाणीहरू पूरा गऱ्यो, जुन भविष्य-वाणीहरूअनुसार कुनै एकजनाले प्रभुलाई बेचेर उहाँका शत्रुहरूको हातमा सुम्पिदिनेथियो।

**प्रेरित १:१८-१९:** यस्तो अनुमान गरिन्छ, कि यहाँका दुई पदहरू पत्रुसको प्रवचनभित्र परेका होइनन्, तर लूकाले बीचमा आएर मानौं कोष्ठकभित्र केही कुरा हालेका हुन्। यी पदहरूमा उल्लेख गरिएको बयानमा यहूदाको सम्बन्धमा सबै ऐतिहासिक तथ्यहरू जम्मा भए अर्थात् त्यसले के-के गऱ्यो र त्यसको मृत्यु कसरी भयो, सो कुरा यहाँ लेखियो। यसरी नै यहूदाको पद पाउने व्यक्तिलाई नियुक्त गर्ने बाटो तयार भयो।

यहूदा इस्करियोतीको मृत्युको विषयमा मत्ती २७:३-१० पदको खण्ड र यहाँको खण्डमा कुनै फरक छैन। मत्तीको विवरणअनुसार त्यसले तीस चाँदीका टुक्रा लिएर मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूलाई दिएपछि त्यो निस्क्यो र झुन्डेर मऱ्यो। त्यसपछि मुख्य पूजाहारीहरूले त्यो पैसा लिएर त्यो मुर्दाहरू गाड्ने जमिन किने।

अनि यहाँ, प्रेरितहरूको पुस्तकमा लूकाले के भन्छन् भने, यहूदाले त्यो जमिन किन्यो; त्यसपछि त्यो उँधोमुन्टो भएर खस्यो र बीचमा फुट्यो, यसरी त्यसका सबै आन्द्रा निस्के।

यी दुईवटा वृत्तान्तहरू जोड़ेर निष्कर्षमा के निस्कन्छ भने, वास्तवमा यी मुख्य पूजाहारीहरूले त्यो जमिन किनेछन्। तब यहूदाले त्यो जमिन किन्यो भन्ने कुरा कसरी बुझ्नुपर्छ? पैसा यहूदाको थियो; अनि मुख्य

पूजाहारीहरूचाहिँ त्यसका एजेन्ट मात्र थिए। त्यसले एउटा रूखमा आफूलाई फाँसी दियो; डोरी छुड़ियो होला, त्यसको लास उँधोमुन्टो भई खस्यो र त्यसको भुँड़ी फुट्यो।

यरूशलेमभरि यस घटनाको चर्चा भएको थियो। अनि त्यस जमिनको नाम 'अकल्दामा' राखियो, अर्थात् रगतको जमिन; अरामी भाषामा 'रक्तपातको जमिन'।

**प्रेरित १:२०:** लूकाले बीचमा हालेको स्पष्टीकरण सकियो; अब प्रेरित पत्रुस आफ्नो प्रवचनमा अघि बढ्दै जान्छन्। उनको पहिलो बुँदा यस प्रकारको छः जुन कुरा राजा दाऊदले भजन ६९:२५ पदमा भनेका थिए, त्यो कुराचाहिँ तिनले प्रभु येशूलाई विश्वासघात गरेर सुम्पिने यहूदाको विषयमा पो भनेका थिए, जब तिनले यसो भनेः *'त्यसको वासस्थान उजाड़ होस्, र त्यसभित्र अरू कोही बसोस् !'* **3)**

त्यसपछि पत्रुसले त्यही विशेष भविष्यवाणीकहाँ पुगिहाल्छन्, जुन भविष्यवाणी हालैमा पूरा हुनुपरेको थियोः *'त्यसको पद अर्कोले लेओस् !'* (भजन १०९:८)। यस पदको अर्थ पत्रुसले यस प्रकारले बुझेः यहूदा इस्करियोतीले आफ्नो पदलाई छोड़ेपछि त्यसको बदलीमा त्यसको प्रेरितको पदमा अर्को एकजनालाई नियुक्त गर्नुपर्छ। अनि कति राम्रो, उनले परमेश्वरको यो वचन पालन गर्न चाहे।

**प्रेरित १:२१-२२:** प्रेरितको पदका निम्ति योग्य व्यक्तिले निम्न दुईवटा मागहरू पूरा गर्नुपर्थ्यो, तब उसलाई छुन्न सकिन्थ्योः

**क)** बप्तिस्मा दिने यहून्नाको हातबाट प्रभु येशूले बप्तिस्मा लिनुभएको दिनदेखि उहाँको स्वर्गारोहणको दिनसम्म प्रभु येशूको सेवकाइको तीन वर्ष प्रेरितहरूको साथमा रहेको हुनुपर्छ।

**ख)** प्रभु येशूको बौरिउठाइको सक्षम साक्षी हुनुपर्छ।

**प्रेरित १:२३-२६:** उपरोक्त योग्यता भएका दुईजनाका नामहरू पेश गरियोः जस्टस उपनाम भएका यूसुफ र मत्तियास। तर यी दुईजनामा परमेश्वरले छुन्नुभएको को थिए? उहाँको चुनिएका को हुन्, सो सम्बन्धमा

प्रकाश पाउने हेतुले प्रेरितहरूले यो कुरा प्रभुको हातमा सुम्पे; त्यसपछि उनीहरूले गोला हाले। अनि गोला मत्तियासको नाममा पऱ्यो। अनि मत्तियासले योग्य रीतिले यहूदाको पद पाए; किनभने यहूदा आफ्नो अपराधमा पतित भएको र आफ्नै ठाउँमा गएको थियो। यहाँ आफ्नो ठाउँमा जानु भनेको अनन्त विनाशमा पुग्नु हो।

यस सन्दर्भमा दुईवटा नभई नहुने प्रश्नहरू उठेका छन्ः

**क)** मत्तियासलाई प्रेरितको पदमा राख्दाखेरि के यी चेलाहरूले सठीक काम गरे ? के उनीहरूले परमेश्वरलाई उहाँले आफ्नो समयमा यहूदाको बदलीमा प्रेरित पावललाई उठाइदिने समय दिनुपर्नेथिएन र ?

**ख)** के प्रभुको मनसाय बुझ्नका निम्ति उनीहरूले गोला हाल्नु ठीक थियो ?

पहिलो प्रश्नको सम्बन्धमा हामी भन्न सक्छौंः चेलाहरूले मत्तियासको चुनाउको सम्बन्धमा केही गल्ती गरेको सङ्केत वचनबाट कहीं छैन। उनीहरूले प्रार्थनामा निक्कै समय बिताएका थिए। उनीहरूले पवित्र धर्मशास्त्रको आज्ञापालन गर्न खोजे। अनि यहूदाको स्थानापन्नमा उनीहरू एकै मनका थिए। अनि प्रेरित पावलको सेवकाइ यी बाह्रजना प्रेरितहरूको सेवकाइभन्दा निक्कै फरक थियो। तिनले यहूदाको बलदीमा त्यसको ठाउँ ओगट्नुमा परमेश्वरको इच्छा भएको सङ्केतधरि कहीं पनि छैन; किनकि प्रभु येशूले यी बाह्रजना प्रेरितहरूलाई इस्राएली जातिलाई सुसमाचार प्रचार गर्ने जिम्मेवारी सुम्पिनुभयो भने महिमामा प्रवेश गर्नुभएको ख्रीष्ट येशूले पावललाई सेवकाइमा बोलाउनुभयो र तिनलाई अन्यजातिका मानिसहरूकहाँ पठाउनुभयो।

अब दोस्रो प्रश्नमा पनि ध्यान दिऔं ! गोला हाल्ने सम्बन्धमा कुरा स्पष्ट छः गोला हाल्नु पुरानो नियमको समयमा परमेश्वरको इच्छा जान्ने तरिका थियो। *‘काखमा चिट्ठा हालिन्छ, तर त्यसको पूरा परिणाम/फैसला परमप्रभुबाट आउँछ’* (हितोपदेश १६ः३३)। मत्तियासको चुनाउमा प्रभुको स्वीकृति थियो; किनभने यहाँदेखि उसो ‘बाह्रजना’ भनेर प्रेरितहरूको नाम चल्यो (प्रेरित ६ः२)।

# प्रेरितहरूको पुस्तकमा प्रार्थनाहरूको अध्ययन

प्रेरितहरूको पुस्तक सफल प्रार्थनाहरूको अध्ययन गर्ने खानी हो। यस पुस्तकको एक अध्यायमा चेलाहरूले दुई छुट्टै अवसरहरूमा प्रार्थना गरेका हामी देखिसकेका छौं। पहिले, प्रभु येशूको स्वर्गारोहणपछि उनीहरूले माथिल्लो कोठामा प्रार्थना गरे, र पेन्टेकोस्टको अनुभव यस प्रार्थनाको उत्तर थियो। दोस्रो, यहूदा इस्करियोतीको स्थानमा कसलाई छान्नु हो, सो सम्बन्धमा उनीहरूले अगुवाइका निम्ति प्रार्थना गरे र यस प्रार्थनाको उत्तरमा मत्तियासको नाममा गोला परेको हो। अनि यस प्रकारले प्रेरितहरूको पुस्तकभरि प्रार्थनाहरूको उत्तर घरिघरि प्राप्त गरिन्छ।

पेन्टेकोस्टको दिनमा ख्रीष्ट येशूकहाँ फर्केकाहरू प्रार्थनाहरूमा दृढ़तापूर्वक लागिरहे (प्रेरित ४:४२)। अनि विश्वासीहरूको यस प्रार्थनापूर्ण सङ्गतिको फलस्वरूप कस्ता-कस्ता उदाहरणीय अनुकूल परिस्थितिहरूको सृजना भयो, सो वर्णन प्रेरित २:४३-४५ पदको खण्डले दिएको छ।

पत्रुस र यूहन्ना झ्यालखानाबाट छुटेपछि ख्रीष्ट-विश्वासीहरूले वचन बोल्नलाई साहस पाऔं भनेर प्रार्थना गरे (प्रेरित ४:२९)। त्यसको उत्तरमा उनीहरू भेला भएको ठाउँ हल्लियो; अनि उनीहरू पवित्र आत्माले भरिए; अनि उनीहरूले साहससित परमेश्वरको वचन बोले (प्रेरित ४:३१)।

बाह्रजना प्रेरितहरूको सल्लाह के थियो भने, उनीहरू आफूले प्रार्थना र वचनको सेवामा निरन्तर लागिरहन पाऊन् भन्ने हेतुले खाँचो परेकाहरूको सेवा र रुपियाँपैसाको हिसाबकिताब आदि सम्बन्धमा कार्यभार सातजना मानिसहरूलाई सुम्पनुपर्छ (प्रेरित ६:३-४)। त्यसपछि प्रेरितहरूले ती पेश गरिएका सातजनाका निम्ति प्रार्थना गरे र तिनीहरूमाथि आफ्ना हातहरू राखे (प्रेरित ६:६)। अनि प्रेरित ६:७-८ पदको खण्डमा हामी नयाँ ठाउँहरूतिर अघि बढ़िरहेको सुसमाचारका अपूर्व सफलताहरूको विषयमा हाम्रो गद्‌गद बढ़ाउने विवरण पढ़्छौं।

प्रेरित ७:६० पदमा स्टिफनसको प्रार्थना उल्लेख गरिएको छ, जसलाई यहूदी शत्रुहरूले मारेर शहीद बनाउन लागेका थिए। अनि यस प्रार्थनाको उत्तरमा प्रेरित नौ अध्यायमा हामी टार्ससको शाउलको जीवन-परिवर्तनको विषयमा पढ्छौं, जुन शाउलचाहिँ स्टिफनसको हत्याको यस घटनाको एक दर्शक थिए।

पत्रुस र यूहन्नाले ती समारीहरूका निम्ति प्रार्थना गरे, जुन समारीहरूले भर्खरै प्रभु येशूमाथि विश्वास गरेका थिए। फलस्वरूप तिनीहरूले पवित्र आत्मा पाए (प्रेरित ८:१५-१७)।

दमस्कसको बाटोमा प्रभुसित भेट भएका टार्ससको शाउलले यहूदाको घरमा प्रार्थना गरे; परमेश्वरले तिनको प्रार्थना सुन्नुभयो र उत्तरमा हननियालाई तिनीकहाँ पठाउनुभयो (प्रेरित ९:११-१७)।

पत्रुस जोप्पामा प्रार्थना गरे, र मरेकी डोरकास बौरेर फेरि जीवित भइन् (प्रेरित ९:४०)। यसको परिणाम के भयो भने, जोप्पाका धेरैजनाले प्रभु येशूमाथि विश्वास गरे (प्रेरित ९:४२)।

इटाली पल्टनको सुबेदार कर्नेलियसले प्रार्थना गरे (प्रेरित १०:२); स्वर्गमा परमेश्वरको सामु तिनको प्रार्थनाको सम्झना भयो (प्रेरित १०:४)। दर्शनमा एकजना स्वर्गदूत तिनीकहाँ देखा परे, जसले तिनलाई शिमोन पत्रुसकहाँ पठाएर उनलाई बोलाउने आदेश दिए (प्रेरित १०:५)। भोलिपल्टको कुरा होः पत्रुसले प्रार्थना गर्दैथिए (प्रेरित १०:९), तब उनले यस प्रार्थनाको फल पाएर स्वर्गीय दर्शन देखे। यस दर्शनले उनलाई कर्नेलियसजस्तै अन्यजातिको मानिस र अरू अन्यजातिका मानिसहरूका निम्ति परमेश्वरको राज्यको ढोका खोल्नलाई तयार पाऱ्यो (प्रेरित १०:१०-४८)।

जब पत्रुस झ्यालखानामा थिए, तब ख्रीष्ट-विश्वासीहरूले उनका निम्ति बोझसित प्रार्थना गरे (प्रेरित १२:५)। परमेश्वरले प्रार्थनाको उत्तर दिनुभयो र उनलाई अचम्म प्रकारले झ्यालखानाबाट छुट्टाउनुभयो। उनका निम्ति प्रार्थना गर्नेहरू आफै पनि तीनछक परे (प्रेरित १२:६-१७)।

एन्टिओकको मण्डलीमा भविष्यवक्ताहरू र शिक्षकहरूले उपवास बसेर प्रार्थना गरे (प्रेरित १३:३)। यसबाट ईश्वरीय प्रेरणा पाई पावल र

बर्नबासले पहिलो सुसमाचार-धावारूपी यात्रा शुरु गरे। यस सम्बन्धमा एकजनाले यसो भनेः 'योजस्तै प्रभावशाली प्रार्थनाको उत्तरमा हुने सुसमाचारको फैलाहट फेरि कहिल्यै भएन; किनकि पावल र बर्नबासजस्तै मिशनरी-प्रचारकहरूद्वारा यसको प्रभाव पृथ्वीका कुनाकाप्चासम्म पुग्यो, अँ, हामीकहाँ पनि आइपुग्यो।'

लुस्त्रा र इकोनियममार्फत एन्टिओककहाँ फर्केको बेलामा पावल र बर्नबासले भर्खर प्रभु येशूमाथि विश्वास गरेकाहरूका निम्ति प्रार्थना गरे (प्रेरित १४:२३)। यी विश्वासीहरूमध्ये एकजना तिमोथी थिए। अनि यही तिमोथी पावल र सिलाससित सुसमाचारको दोस्रो धावामा लागे। के यस कुराले अघिको समयमा पावल र बर्नबासद्वारा चढ़ाइएका यी प्रार्थनाहरूसित सम्बन्ध जोड़्दैन र?

फिलिप्पीको भ्यालखानामा, मध्यरातमा पावल र सिलासले प्रार्थना गरे। यसको उत्तरमा एउटा भुइँचालो गयो; अनि भ्यालखानाको हाकिम र तिनको परिवारले मुक्ति पाए (प्रेरित १६:२५-३४)।

मिलेटसमा पावलले एफेसी मण्डलीका एल्डरहरूका निम्ति प्रार्थना गरे (प्रेरित २०:३६)। यसको प्रतिक्रियामा उनीहरूले तिनलाई ठूलो ममता देखाए। यस जीवनमा तिनलाई फेरि कहिल्यै भेट्न नपाएकोमा उनीहरू पूरा शोकित भए।

टायरका विश्वासीहरूले समुद्रको किनारमा पावलसँग प्रार्थना गरे (प्रेरित २१:५)। अनि यिनीहरूले चढ़ाएका प्रार्थनाहरूले तिनलाई रोमसम्म साथ दिए, त्यस समयसम्म पनि, जब जल्लादले तिनको गर्दन अचानोमा राखी तिनलाई मृत्युदण्ड दियो।

पावल बसेको पानीजहाजको पोतभङ्ग हुनुभन्दा पहिले तिनले सबैको सामु भोजनका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाए। त्यस कुराले विचलित नाविकहरू र सङ्गी-यात्रीहरूलाई आनन्दित तुल्यायो (प्रेरित २७:३५-३६)।

माल्टा नामक टापुमा पावलले पोप्लियस भन्ने मुखियाका बिरामी बुबाका निम्ति प्रार्थना गरे, र अचम्म प्रकारले उनले चङ्गाइ पाए (प्रेरित २८:८)।

यसबाट स्पष्टसँग के बुझिन्छ भने, शुरुको मण्डलीको जीवनको वातावरणचाहिँ प्रार्थना थियो। अनि जब-जब ख्रीष्ट-विश्वासीहरूले प्रार्थना गरे, तब परमेश्वरले काम गर्नुहुन्थ्यो।

## घ) प्रेरित २:१-४७: पेन्टेकोस्टको दिनमा ख्रीष्टको मण्डलीको जन्म भयो।

**प्रेरित २:१:** पेन्टेकोष्ट यहूदीधर्मको सालिन्दा पर्व थियो, जुन पर्व पवित्र आत्मा खन्याइनुभएको प्रतीक हो। पहिलो फलको चाड़को पचास दिनपछि यो पेन्टेकोस्टको पर्व हुन्थ्यो, जुन पहिलो फलको चाड़ले ख्रीष्ट येशूको बौरिउठाइ चित्रण गर्छ। प्रभु येशू बौरिउठ्नुभएको वर्षको पेन्टेकोष्टको दिनमा सबै चेलाहरू एकै मनका भई एकै ठाउँमा थिए। हुन सक्छ, उनीहरूको बातचितको विषय पेन्टेकोस्ट पर्वको सम्बन्धमा लेखिएका पुरानो नियमका खण्डहरू थियो कि (लेवी २५:१५-१६ आदि); अथवा शायद उनीहरूले *'हेर, दाजुभाइहरू एकतामा एकसाथ बस्नु कति असल र कति मनोहर कुरा हो!'* भन्दै भजन १३३: १ पदका शब्दहरू गीतको रूपमा गाए कि? [4)]

**प्रेरित २:२:** जुन बेलामा पवित्र आत्मा चेलाहरूमाथि ओर्लनुभयो, त्यस बेलामा सुन्न सकिने आवाज आयो, देखिने दृश्य भयो र अनुभव गर्न सकिने एउटा आश्चर्यकर्म घट्यो। स्वर्गबाट आएको त्यो आवाज एउटा प्रचण्ड आँधी चलेजस्तो सुनिने आवाज थियो; त्यसले सारा घरलाई भरिदियो। तेल, आगो र पानी भएजस्तो हावाबतास पनि पवित्र आत्माका तरल-पद्धार्थरूपी प्रतीकहरूमध्ये एउटा हो। हावाको बहने तरलताबाट पवित्र आत्माका चालहरू स्वतन्त्र हुन्छन् र पत्ता लगाउन नसकिने हुन्छन् भन्ने कुरा बुझिन्छ।

**प्रेरित २:३:** अनि देखिने दृश्य आगोका जस्ता चिरा परेका जिब्राहरू थिए, जुन जिब्राहरू एक-एक चेलामाथि बसे। यी जिब्राहरू आगोका थिएनन्, तर केवल आजोका जस्तै थिए।

यस अद्‌भुत घटना र आगोको बप्तिस्माको बीचमा गड़बड़ र खिचड़ी बनाउनुहुँदैन। मत्ती ३:११-१२ र लूका ३:१६-१७ पदका खण्डहरूमा

आत्माको बप्तिस्मा र आगोको बप्तिस्माको विषयमा एकसाथ कुरा गरिएको छ भने यी दुईवटा कुराहरू छुट्टै र बेग्लै हुन्। आत्माको बप्तिस्माचाहिँ आशिषको बप्तिस्मा हो भने आगोको बप्तिस्मा न्यायको अनुभव हो। आत्माको बप्तिस्मा विश्वासीहरूले अनुभव गर्छन् भने प्रभु येशूमाथि विश्वास नगर्नेहरू आगोको बप्तिस्माको प्रभावमा पर्नेछन्। आत्माको बप्तिस्माद्वारा पवित्र आत्माले ख्रीष्ट-विश्वासीहरूमा वास गर्नुभयो; उहाँले उनीहरूलाई शक्ति दिनुभयो; अनि मण्डली स्थापित भयो। आगोको बप्तिस्माद्वारा अविश्वासीहरू नाश हुनेछन्।

बप्तिस्मा दिने यूहन्नाले आफ्ना पापहरूको विषयमा पश्चात्ताप गरेका मानिसहरूलाई र पश्चात्ताप नगरेका मानिसहरूलाई 'ख्रीष्टले तिनीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ' भने। तर जब तिनले आफ्ना पापहरूको सम्बन्धमा साँचो पश्चात्ताप गर्नेहरूसँग मात्र कुरा गरे (मर्कूस १:५), तब तिनले उनीहरूलाई भने, कि ख्रीष्टले उनीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ (मर्कूस १:८)।

तब 'आगोका जस्ता जिब्राहरू' भनेर प्रेरित २:३ पदमा भनेको कुराको अर्थ के होला त? जिब्राको स्पष्ट अर्थ भाषा हुनुपर्छ भने, शायद सन्दर्भमा यी आगोका जस्ता जिब्राहरू यस अलौकिक वरदानको प्रतीक हुन्, जुन वरदान पाएर यस अवधिमा प्रेरितहरूले अरू जातिका मानिसहरूका भाषाहरू बोल्न सके। अनि आगोको सङ्केतले अन्य भाषाहरू बोल्ने वरदानको स्रोत पवित्र आत्मा हुनुहुन्छ भन्न खोजेको र अबको एक क्षणमा साहसी, जोशको जलनले बोल्ने पत्रुसको प्रचार चित्रण गरेको होला।

आत्मिक जोशले पूर्ण भई बोल्न सक्नुचाहिँ यस सन्दर्भसित अति सुहाउँछ; किनभने पवित्र आत्माले भरिएको भरपूर जीवन जोशिलो जीवन हो, र यो अनिवार्य छ कि आत्माले भरिएको व्यक्तिले अवश्य ख्रीष्टका निम्ति गवाही दिन्छ-दिन्छ।

**प्रेरित २:४:** पेन्टेकोस्टको दिनको यस अद्‌भुत घटनाचाहिँ अनुभव गर्न सकिने आश्चर्यकर्म थियो। चेलाहरू पवित्र आत्माले भरिए; उनीहरू अरू भाषाहरू बोल्न लागे।

पेन्टेकोस्टको दिनसम्म पवित्र आत्मा चेलाहरूसँग हुनुहुन्थ्यो भने, अबचाहिँ उहाँले उनीहरूभित्र वास गर्नुभयो (यूहन्ना १४:१७)। पवित्र

आत्माले उनीहरू सबैजनालाई भरिए भन्ने वाक्यले अबचाहिँ हामी परमेश्वरको आत्माले मानिसहरूसित व्यवहार गर्ने सम्बन्धमा एउटा महत्त्वपूर्ण मोड़ आइपुग्यौं भन्ने सङ्केत दिन्छ। पुरानो नियमको समयमा परमेश्वरको आत्मा कुनै न कुनै मानिसमाथि आउनुभयो; तर उहाँले तिनीहरूमा आफ्नो स्थायी वासस्थान लिनुभएन (भजन ५१:११)। तर यस पेन्टेकोस्टको दिनदेखि उसो परमेश्वरको आत्माले मानिसहरूभित्र आफ्नो नित्य निवासस्थान बनाउनुभएको हो। उहाँ स्थायी रूपले रहिरहनका निम्ति आउनुभएको हो (यूहन्ना १४:१६)।

तर पेन्टेकोस्टको दिनमा पवित्र आत्माले ख्रीष्ट-विश्वासीहरूभित्र वास गर्नुभएको मात्र कहाँ हो र? अहँ, उहाँले उनीहरूलाई भरि पनि दिनुभयो। जुन घड़ीमा हामीले मुक्ति पायौं, त्यस घड़ीमै परमेश्वरको आत्माले हामीभित्र वास गर्नुभयो, हामीभित्र आफ्नो वासस्थान बनाउनुभयो। तर पवित्र आत्माले भरिनका निम्ति हामीले परमेश्वरको वचन अध्ययन गर्नुपर्छ, पढ़ेको कुरामा मनन गर्नुपर्छ र प्रार्थना गर्ने समय निकाल्नुपर्छ। हामीले प्रभुप्रति आज्ञाकारी भई जिउनुपर्छ।[5)] पवित्र आत्माको भरपूरी आफैआफ हुने अनुभव हुनु हो भने 'आत्माले भरपूर होओ!' भन्ने आदेश हामीले किन पाएका छौं? यो आज्ञा दिनु दरकार हुनेथिएन नि (एफेसी ५:१८)।

पेन्टेकोस्टको दिनमा पवित्र आत्मा आउनुभयो, अनि उहाँले ख्रीष्ट-विश्वासीहरूलाई लिएर उनीहरूलाई एउटा मण्डली बनाउनुभयो, उनीहरूलाई ख्रीष्टको शरीर तुल्याउनुभयो। *'किनभने चाहे हामी यहूदी हौं चाहे ग्रीक, चाहे कमारा हौं चाहे स्वतन्त्र, हामी सबै एउटै आत्माद्वारा एउटै शरीरभित्र बप्तिस्मा भयौं र सबैजनालाई एउटै आत्माभित्र पिउन दिइयो'* (१ कोरिन्थी १२:१३)। अबदेखि उसो यहूदी विश्वासीहरू र अन्य जातिका विश्वासीहरू ख्रीष्ट येशूमा एउटा नयाँ मानिस बनेका छन्, अनि उनीहरू यस नयाँ मानिसको एउटै शरीरमा अङ्गहरू भएका छन् (एफेसी २:११-२२)।

पवित्र आत्माले भरिएका यी चेलाहरू आत्माले यिनीहरूलाई उच्चारण दिनुभएअनुसार अरू भाषाहरूमा बोल्न लागे। अनि पाँच

पददेखि उताको खण्डबाट कुरा स्पष्ट हुन्छः अलौकिक शक्ति पाएर यिनीहरूले विभिन्न जातिका भाषाहरू बोले, जुन भाषाहरू वास्तविक भाषाहरू थिए, जुन भाषाहरू यिनीहरूले कहिल्यै सिकेका थिएनन्। यिनीहरूले भटभटाएनन्, यिनीहरूले फलाकेनन्, तर निश्चित भाषाहरू बोले, संसारका अन्य ठाउँहरूमा बोलिने भाषाहरू बोले। अनि विभिन्न भाषाहरू बोल्ने यस वरदानद्वारा परमेश्वरले यस घड़ीमा सत्यको वचनमा आफ्नो समर्थन जनाउनुभयो। प्रेरितहरूले प्रचार गरेको सुसमाचारमाथि उहाँले आफ्नो समर्थन जनाइदिने अरू चिन्ह र आश्चर्यकर्महरू पनि थिए (हिब्रू २ः३-४)। त्यस बेलासम्म नयाँ नियम लेखिएको थिएन; तर अहिले परमेश्वरको वचन पूरा लेखियो र लिखित रूपमा उपलब्ध छ। यसकारण चिन्हहरू र आश्चर्यकर्महरू देखाउने वरदानहरूको आवश्यकता कम भयो। तर यस सम्बन्धमा हामी यो कुरा पनि स्वीकार गरौंः हुन त परमेश्वरको आत्मा स्वतन्त्र हुनुहुन्छ; अनि उहाँले चाहनुभयो भने यी वरदानहरू प्रयोग गर्न सक्नुहुन्छ।

पेन्टेकोस्टको दिनमा चेलाहरू अन्य भाषाहरू बोले भन्ने कुरा प्रमाणस्वरूप लिएर पवित्र आत्माको वरदान पाउने व्यक्तिले अनिवार्य रूपले अन्य भाषा बोल्नुपर्छ भन्ने कुरा सिकाउनुहुँदैन। नत्र ता निम्न तीनवटा घटनाहरूमा पनि मानिसहरूले अन्य भाषा बोल्नुपर्नेथियो, तर अन्य भाषाको कुरा छैन यहाँः

- ⇨ **प्रेरित २ः४१ः** जब तीन हजार मानिसहरू प्रभुमा आए।
- ⇨ **प्रेरित ४ः४ः** जब पाँच हजार मानिसहरू प्रभुकहाँ फर्के।
- ⇨ **प्रेरित ८ः१७ः** समारीहरूले पवित्र आत्मा पाउँदाखेरि।

प्रेरितहरूको पुस्तकमा अन्य भाषाहरू बोलेको कुरा निम्न दुईवटा ठाउँहरूमा मात्र भएको होः

**प्रेरित १०ः४६ः** कर्नेलियसको घरमा अन्यजातिका मानिसहरूले प्रभुलाई पाउँदा

**प्रेरित १९ः६ः** एफेससमा यूहन्नाका केही चेलाहरूले येशूको नाममा बप्तिस्मा लिँदा।

प्रेरित २:४ पद छोड़ेर अघि बढ्नुभन्दा पहिले हामीले स्विकार्नुपर्छः पवित्र आत्माको बप्तिस्मा कति पल्ट भयो, अनि पवित्र आत्माको बप्तिस्मा हुनेहरूमा के-के नतिजाहरू हुन्छन्, यस सम्बन्धमा बाइबल-अध्ययन गर्नेहरूको बीचमा निक्कै मतभेद छ।

पवित्र आत्माको बप्तिस्मा कति पल्ट भयो भन्ने सम्बन्धमा विश्वासको धारणाहरू यस प्रकारका छन्ः

**क)** पवित्र आत्माको बप्तिस्मा एकैपल्ट भएको थियोः पेन्टेकोस्टको दिनमा। त्यस दिनमा ख्रीष्टको शरीर बनियो, अनि त्यस दिनदेखि उसो सबै ख्रीष्ट-विश्वासीहरू पेन्टेकोस्टको दिनमा घटेको यस एउटै बप्तिस्मामा सहभागी हुन्छन्।

**ख)** पवित्र आत्माको बप्तिस्मा तीन-चार कदममा पूरा भयोः अ) पहिलो कदमः पेन्टेकोस्टको दिनमा (प्रेरित दुई अध्याय); आ) समारियामा (प्रेरित आठ अध्याय); इ) कर्नेलियसको घरमा (प्रेरित दस अध्याय); अनि ई) एफेससमा (प्रेरित उनाइस अध्याय)।

**ग)** पवित्र आत्माको बप्तिस्मा मुक्ति पाउने हरेक व्यक्तिमा पूरा हुन्छ।

अनि पवित्र आत्माको बप्तिस्मा हुनेहरूमा के-के नतिजाहरू हुन्छन्? कतिजनाको विश्वास छ, कि पवित्र आत्माको बप्तिस्मा अनुग्रहको दोस्रो काम हो, अर्थात् मुक्ति पाएको समयपछि छुट्टै दोस्रो अनुभव हो, जसले गर्दा ख्रीष्ट-विश्वासीले आफ्नो जीवनमा पूरा पवित्रता प्राप्त गर्छ अरे। तर यस प्रकारको शिक्षाले पवित्र धर्मशास्त्रबाट कुनै समर्थन पाउँदैन। हामीले अघि बताएअनुसार पवित्र आत्माको बप्तिस्माका नतिजाहरू निम्न प्रकारका छन्ः

**क)** ख्रीष्ट-विश्वासी ख्रीष्टको शरीरभित्र गाभिन्छ (१ कोरिन्थी १२:१३)।

**ख)** ख्रीष्ट-विश्वासीले शक्ति पाउँछ (प्रेरित १:८)।

**प्रेरित २:५-१३ः** त्यस सालको पेन्टेकोस्टको पर्व मान्नलाई संसारभरिका भक्त यहूदीहरू यरूशलेममा भेला भएका थिए। प्रेरितहरू बसेको घरमा घटेको कुराको विषयमा जब तिनीहरूले हल्ला सुने, तब तिनीहरू त्यहाँ भेला भए। परमेश्वरको आत्माले जहाँ काम गर्नुहुन्छ,

त्यतापट्टि मानिसहरूको आकर्षण हुन्छ-हुन्छ – त्यस समयमा र आजभोलि पनि ।

मानिसहरूको भीड़ त्यस घरमा आइपुग्दा प्रेरितहरू अन्य भाषाहरूमा बोलिरहेका थिए । अरे, यी गालीलका मानिसहरू कसरी विभिन्न जातिका भाषाहरू बोल्दैछन् ? यसमा तिनीहरू छक्कै परे । तर सुन्ने मानिसहरू ठीक प्रेकारले सुने; किनभने बोल्ने मानिसहरूको जीवनमा एउटा आश्चर्यकर्म घटेको थियो । के जन्मदेखिका यहूदीहरू, के यहूदीधर्म अपनाउनेहरू, के पूर्व र पश्चिमका मानिसहरू, के उत्तर र दक्षिणबाट आएका यात्रीगणहरू, सबैजनाले आ-आफ्ना भाषाहरूमा परमेश्वरका महान् कामहरूको विषयमा सुन्न पाए । तपाईंले याद गर्नुहोलाः प्रेरित २ः६ र ८ पदमा भाषाको निम्ति प्रयोग गरिएको 'दिअलेक्टोस्' भन्ने ग्रीक-शब्दबाट उपभाषाको अर्थ दिने 'दाइअलेक्ट' भन्ने अङ्ग्रेजी-शब्द आउँछ ।

सर्वमान्य विश्वास छ, कि पेन्टेकोस्टको दिनमा भाषाहरूको वरदान दिने मुख्य उद्देश्यचाहिँ एकैपल्टमा विभिन्न भाषा बोल्ने मानिसहरूलाई सुसमाचार सुनाउनु थियो । एकजना टिप्पणीकारले यसो लेखेका छन्ः 'परमेश्वरले व्यवस्था एकै भाषामा एउटै जातिलाई दिनुभयो, तर ख्रीष्टको सुसमाचारचाहिँ उहाँले सबै भाषाहरूमा सबै जातिका मानिसहरूलाई दिनुभयो ।'

तर प्रेरितहरूको पुस्तकको यस खण्डले खास के भन्छ ? यी विभिन्न भाषाहरू बोल्नेहरूले परमेश्वरका महान् कामहरूको घोषणा गरे (प्रेरित २ः११) । अनि योचाहिँ इस्राएलीहरूलाई दिइएको चिन्ह थियो (१ कोरिन्थी १४ः२१-२२) । मानिसहरू चकित होऊन्, र अचम्म मानून् – यस चिन्हको उद्देश्य यही थियो । तर पत्रुसचाहिँ – उनले उपस्थित भएका प्रायः सबैजनाले बुझ्ने हिब्रू भाषामा सुसमाचार प्रचार गरे ।

विभिन्न भाषाहरू बोलेको कुरा सुन्ने यस श्रोतागणको बीचमा विभिन्न प्रतिक्रियाहरू भएः कतिजना प्रभावित भए, र चासो देखाए; कतिजनाले प्रेरितहरूलाई नयाँ दाखमद्यले लट्ठ भएको दोष लगाए । हुन पनि होः प्रेरितहरूले आफ्नो शक्तिमा यसो गरेनन्, उनीहरू अलौकिक शक्तिको नियन्त्रणमा थिए – मद्यमदिराको प्रभावमा होइन, तर पवित्र आत्माको शक्तिको प्रभावमा परे ।

आत्मिक घटनाका निम्ति मुक्ति नपाएका मानिसहरूले जहिले पनि कुनै न कुनै प्राकृतिक कारण भेट्टाउँछन्। एकपल्ट स्वर्गबाट परमेश्वरको स्वर सुनियो (यूहन्ना १२:२८-२९); अनि मानिसहरूले भनेः 'मेघ गर्जियो !' अनि अहिले ? विश्वास नगर्ने मानिसहरूले पवित्र आत्मा ओर्लेर आउनुभएको फललाई अर्थात् चेलाहरूमा आएको त्यस उत्तेजनालाई नयाँ मद्यको काम भने। यस विषयमा श्री स्किलरले यसो भनेका छन्ः 'संसारका मानिसहरूले झलझलाउँदा वस्तुहरूमा खोट लाउन र उच्च पारिएका मानिसहरूलाई तानेर तल धूलोमा झार्न चाहन्छन्, यसो गर्न मन पराउँछन्।'

**प्रेरित २:१४ः** अघि एक समयमा शपथ खाएर र आफूलाई धिक्कार्दै गरेका पत्रुसले आफ्ना प्रभुलाई इन्कार गरेका थिए। यही पत्रुस अब अघि सर्छन्, र भीड़का मानिसहरूलाई सम्बोधन गर्छन्। अबदेखि उसो उनी डरछेरुवा होइनन्, हिचकिचाउने चेला पनि होइनन्; तर पत्रुस सिंहजस्तो वीर भएका छन्। पेन्टेकोस्टको दिनको अनुभवले पत्रुसको जीवनमा यो परिवर्तन ल्यायो। अबचाहिँ उनी पवित्र आत्माले भरपूर भए।

सिजरिया फिलिप्पी भन्ने ठाउँमा प्रभु येशूले पत्रुसलाई स्वर्गको राज्यका चाबीहरू दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो (मत्ती १६:१९)। अनि यहाँ प्रेरित दुई अध्यायमा हामी पत्रुसले यी चाबीहरू लिएर यहूदीहरूका निम्ति परमेश्वरको राज्यको ढोका खोल्न प्रयोग गरेका देख्छौं (प्रेरित २:१४)। अनि त्यसपछि प्रेरितहरूको पुस्तकको दस अध्यायमा उनले अन्यजातिका मानिसहरूलाई परमेश्वरको राज्यको ढोका खोल्नेछन्।

**प्रेरित २:१५ः** पहिले प्रेरित पत्रुसले एउटा स्पस्टीकरण दिन्छन्ः यी अलौकिक घटनाहरू नयाँ मद्यको फल होइनन्; किनभने भर्खरै बिहानको नौ बजे भएको थियो। अनि त्यत्ति बिहानै यति धेरै मानिसहरू एकैचोटिमा मात्तेको अहिलेसम्म सुनिएको छैन। अनि यस पर्वको दिनमा सभाघरमा जाने यहूदीहरूले दैनिक बलिदान नचढ़ाएसम्म अर्थात् दस बजे अथवा बाह्र बजेसम्म केही पनि खाँदैनन् र पिउँदैनन्।

**प्रेरित २:१६-१९ः** वास्तवमा यस घटनाको अर्थ यस प्रकारको छः भविष्यवक्ता योएलले भनेअनुसार परमेश्वरको आत्मा खन्याइनुभएको हो

(योएल २:२८ पददेखि)। हुन त, पेन्टेकोस्टको दिनमा घटेका घटनाहरूद्वारा योएलको भविष्यवाणी सम्पूर्ण रूपले पूरा भएन। किनभने प्रेरित २:१७-२० पदको खण्डमा बताइएका अद्‌भुत घटनाहरू प्रायः त्यस दिनमा घटेनन्। तर पेन्टेकोस्टको दिनमा जे घटनाहरू घटे, ती घटनाहरूले अन्तिम दिनहरूमा परमप्रभुको महान् र भयानक दिन आउनुभन्दा अघि घट्ने घटनाहरूको पूर्व-अनुभव दिए। पेन्टेकोस्टको दिनमा योएलको भविष्यवाणी सम्पूर्ण तवरले पूरा भएको भए प्रेरित ३:१९ पदमा दिइएको प्रतिज्ञाको विषयमा केकसो भयो त? इस्राएली जातिले पश्चात्ताप गरेमा र तिनीहरूले आफ्नै हातले क्रूसमा चढ़ाएका ख्रीष्टलाई अबचाहिँ ग्रहण गरेमा प्रभु येशूको दोस्रो आगमनको साथमा परमप्रभुको दिन आउनेछ भन्ने प्रतिज्ञा अझै पनि किन चाहियो त?

एउटा भविष्यवाणी दुईवटा सन्दर्भमा अर्थ लाग्ने व्याख्याको नियमअनुसार योएलको पुस्तकबाट उद्धृत खण्डको काम दुई पल्ट आउँछ। यस व्याख्याको नियमअनुसार पवित्र धर्मशास्त्रको कुनै भविष्यवाणी पहिले एक समयमा आंशिक रूपले पूरा हुन्छ र पछिको समयमा सम्पूर्ण रूपले पूरा हुनेछ।

पेन्टेकोस्टको दिनमा परमेश्वरको आत्मा खन्याइनुभयो, तर सबै प्राणीहरूमाथि होइन। योएलको यो भविष्यवाणी सङ्कष्टकालको अन्तमा मात्र सम्पूर्ण रूपले पूरा हुनेछ। ख्रीष्ट येशूको महिमापूर्ण दोस्रो आगमन हुनुभन्दा पहिले आकाशमा आश्‍चर्यकर्महरू घट्नेछन्, र पृथ्वीमा चिन्हहरू हुनेछन् (मत्ती २४:२९-३०)। त्यसपछि प्रभु येशू ख्रीष्ट देखा पर्नुहुनेछ; त्यस बेलामा उहाँले यस पृथ्वीबाट आफ्ना शत्रुहरूलाई हटाउनुहुनेछ र आफ्नो राज्य स्थापित गर्नुहुनेछ। उहाँको हजार वर्षको राज्यको शुरुमा चाहे यहूदीहरू चाहे अन्यजातिका मानिसहरू किन नहोऊन्, सबै प्राणीहरूमाथि परमेश्वरको आत्मा खन्याइनुहुनेछ। अनि हजार वर्षको राज्यको अवधिभरि आत्मिक अवस्था प्रायः यस्तै रहनेछ। पवित्र आत्माका दानवरदानहरू पुरुष-स्त्री, जवान-वृद्ध, धनी-गरिब, पढ़-अनपढ़, ठूला-साना सबैलाई दिइनेछन्। परमेश्वरबाट आत्मिक ज्ञान पाउने स्रोतहरूको रूपमा मानिसहरूलाई दर्शनहरू र सपनाहरू दिइनेछन्। अनि

भविष्यवाणीको वरदान पाएको व्यक्तिले यो ज्ञान अरूलाई घोषणा गर्नेछ। यसरी नै प्रकाश दिने र यो प्रकाश सञ्चारण गर्ने वरदानहरूले मानिसहरूको बीचमा काम गर्नेछन्। योएलले भनेअनुसार यी कुराहरू अन्तिम दिनहरूमा हुनेछन् (प्रेरित २:१७)। अन्तिम दिनहरू भन्नाले मण्डली-युगको अन्त बुझ्नुहुँदैन, तर इस्राएली जातिका निम्ति हुने आखिर समय बुझ्नुपर्छ।

**प्रेरित २:२०:** आकाशमा देखा पर्ने अलौकिक चिन्हहरू कहिले घट्नेछन्? वचनले छर्लङ्ग भन्छः परमप्रभुको महान् र भयानक दिन आउनुभन्दा पहिले नै। अनि परमप्रभुको दिन प्रभु येशूको दोस्रो आगमन हो, जब उहाँ व्यक्तिगत रूपले यस पृथ्वीमा आउनुहुनेछ; त्यस बेलामा उहाँले आफ्ना शत्रुहरूलाई नाश गरेर आफ्नो राज्य स्थापित गर्नुहुनेछ; अनि हजार वर्षसम्म उहाँले ठूलो शक्ति र महिमाले पूर्ण भई राज्य गर्नुहुनेछ।

**प्रेरित २:२१:** पत्रुसले *'परमप्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ'* भन्ने प्रतिज्ञा दिएपछि योएलको पुस्तकबाट उद्धृत गरिएको खण्ड सिद्ध्याउँछन्। सबै युगका मानिसहरूका निम्ति शुभ सन्देश यही होः प्रभु येशूमाथि राखिएको विश्वासद्वारा सबै मानिसहरूका निम्ति मुक्तिको प्रबन्ध गरिएको र उपलब्ध गरिएको छ। प्रभुको नाम लिनु भन्नाले प्रभुलाई उहाँजस्तै हुनुहुन्छ, उहाँलाई त्यस्तै उहाँका सबै सद्गुणहरूलगायत मान्नु हो। यसर्थ प्रभुको नाम पुकार्दा हामी केवल उहाँलाई सम्झन्छौं; उहाँ नै हाम्रो विश्वासको एकमात्र आधार र मुक्तिको एकमात्र मार्ग हुनुहुन्छ।

**प्रेरित २:२२-२४:** तर प्रभुचाहिँ को हुनुहुन्छ? तिनीहरूले क्रूसमा झुन्ड्याएर मारेका येशू नै उक्त प्रभु र ख्रीष्ट हुनुहुन्छ। पत्रुसले तिनीहरूलाई यो उदेकको समाचार सुनाउँदैछन्। पहिले उनले प्रभु येशूको जीवनमाथि हाम्रो ध्यान लगाउँछन् भने त्यसपछि उहाँको मृत्युमाथि, उहाँको पुनरुत्थानमाथि, उहाँको स्वर्गारोहणमाथि र अन्तमा परमेश्वर पिताको दाहिने हातमा स्वर्गको महिमामा विराजमान हुनुभएको येशू ख्रीष्टमाथि हाम्रो मन खिच्छन्। येशू अझै पनि त्यस चिहानमा हुनुहुन्छ भन्ने भ्रम पत्रुसले एकैपल्टमा तिनीहरूको मन र मस्तिष्कबाट हटाउँछन्। तिनीहरूले बुझ्नु र जान्नुपर्छः तिनीहरूले हत्या गर्नुभएको व्यक्ति स्वर्गमा

हुनुहुन्छ; अनि एक दिन तिनीहरू सबैले उहाँको सामु आफ्नो जीवनको लेखा दिनुपर्नेछ।

अनि प्रेरित पत्रुसले पेश गरेको तर्कको शैली यस प्रकारको छः नासरतका येशू परमेश्वरबाट नियुक्ति हुनुभएको मानिस हुनुहुन्थ्यो, जसले परमेश्वरको शक्तिमा धेरै अचम्मका कामहरू गर्नुभएको थियो (प्रेरित २ः२२)। यी आश्चर्यकर्महरूले उहाँलाई प्रमाणित गरे। अनि जे हुन आयो, यसको सम्बन्धमा परमेश्वरको निर्धारित मनसाय र पूर्वज्ञान थियो; यसकारण परमेश्वरले उहाँलाई यहूदीहरूको हातमा सुम्पनुभयो। अनि यी यहूदी मानिसहरूले प्रभु येशूलाई अन्यजातिका मानिसहरूको हातमा सुम्पे। यहाँ प्रेरित २ः२३ पदमा अधर्मी भन्नाले व्यवस्था नभएका मानिसहरू बुझ्नुपर्छ। तिनीहरूले येशूलाई क्रूसमा टाँगेर मृत्युदण्ड दिए। तर परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो, उहाँलाई मृत्युका पीड़ाहरूबाट[6)] छुटकारा दिनुभयो। मृत्युले उहाँलाई कैदी बनाएर आफ्नो कब्जामा राख्नु – असम्भव!! किनभने ...

**क)** परमेश्वरको स्वभावले उहाँको बौरिउठाइको माग गर्‍यो। किनकि ख्रीष्ट येशू निष्पाप हुनुहुन्थ्यो। निर्दोष ख्रीष्ट येशू पापीहरूका निम्ति मर्नुभयो। अनि परमेश्वर ख्रीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको त्राणको काममा पूर्णतः सन्तुष्ट हुनुभयो भने उहाँले आफ्नो पुत्रलाई बौराएर उठाउनुपर्छ। उहाँले यसको प्रमाण दिनुपर्छ।

**ख)** पुरानो नियमका कति भविष्यवाणीहरू छन्, जसले ख्रीष्ट येशूको बौरिउठाइ हुनेछ भनेर भनेका थिए। अनि आउँदा पदहरूमा पत्रुसले आफ्नो तर्कको यही बुँदामा जोड़ दिन लागेका छन्।

**प्रेरित २ः२५-२७ः** किनकि भजनसंग्रह सोह्र अध्यायमा राजा दाऊदले प्रभु येशूको जीवन, उहाँको मृत्यु, उहाँको बौरिउठाइ र उहाँको महिमाको विषयमा भविष्यवाणी गरेका थिए।

प्रभु येशूको जीवनको सम्बन्धमा दाऊदले के भनेका थिए भनेः प्रभु येशू पितासँग अटुट सङ्गतिमा रहनुभएको थियो। यसैले उहाँको जीवन असीमित भरोसा, साहस र दृढ़ निश्चयताले पूर्ण जीवन थियो। उहाँको

हृदय, उहाँको जिब्रो, उहाँको शरीर, अँ, उहाँको सम्पूर्ण जीवन आनन्द र आशाले पूर्ण थियो।

प्रभु येशूको मृत्युको विषयमा दाऊदले अघिबाट के देखेका थिए भनेः परमेश्वरले उहाँको प्राण र आत्मा अधोलोकमा छोड्नुहुनेछैन नै। परमेश्वरले आफ्ना पवित्र जनलाई आफ्नो सड़ाइ देख्नुबाट बचाउनुहुनेछ। अर्को शब्दमा भन्नु हो भने, प्रभु येशूको आत्मा शरीरविनाको अवस्थामा रहनेछैन, अनि उहाँको शरीर सड्नेछैन। यो पद कसैले पनि बेप्रयोग नगरोस्! प्रभु येशू कतै आफ्नो मृत्यु हुने समयमा पृथ्वीका सबैभन्दा तल्ला ठाउँहरूमा मरेका मानिसहरूका आत्माहरू भएको कैदखाना जानुभएको कुरा प्रमाणित गर्न कसैले नचलाओस्! किनभने येशूको मृत्युमा उहाँको आत्मा स्वर्गमा गएको हो, अनि उहाँको शरीर चिहानमा राखियो (लूका २३:४३)। **7)**

**प्रेरित २:२८ः** प्रभु येशूको बौरिउठाइको सम्बन्धमा दाऊद निश्चित थिएः परमेश्वरले प्रभु येशूलाई जीवनका मार्गहरू देखाउनुहुनेछ। दाऊदले भजन १६:११[क] पदमा यसो लेखेः 'तपाईंले मलाई जीवनको मार्ग देखाउनुहुनेछ।' तर पत्रुसले प्रेरित २:२८[क] पदमा यो वाक्य यसरी नै प्रस्तुत गरेः *'तपाईंले मलाई जीवनका मार्गहरू जान्ने तुल्याउनुभएको छ।'* पत्रुसले क्रियापदको भविष्यकाल भूतकालमा बदली गरेछन्। पवित्र आत्माको अगुवाइमा उनले यसो गरेका हुन्; किनभने अब त प्रभुको बौरिउठाइ भइसकेको थियो।

मुक्तिदाता प्रभुको वर्तमान अवस्था स्वर्गको महिमा हो। दाऊदले प्रभुको महिमित अनुभव निम्न शब्दहरूद्वारा व्यक्त गरेका थिएः *'तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले भरपूर पार्नुहुनेछ।'* अथवा भजन १६:११ पदअनुसार *'तपाईंको उपस्थितिमा आनन्दको भरपूरी छ; तपाईंको दाहिने हातमा सदासर्वदा सुखचैनहरू छन्।'*

**प्रेरित २:२९ः** पत्रुस आफ्नो तर्क राख्छन्ः दाऊदले यी कुराहरू आफ्नो विषयमा भनेनन्; किनकि तिनको मृत-शरीर चिहानमा कुहियो। त्यस दिनसम्म यहूदीहरूले तिनको चिहान देखेका-जानेका थिए। तिनीहरूलाई थाहै थियोः दाऊद मरेकाहरूबाट बौरेनन्।

**प्रेरित २ः३०-३१ः** जुन बेला दाऊदले यो भजन रचेका थिए, त्यस बेलामा तिनी भविष्यवक्ताको रूपमा बोलेका थिए। किनकि परमेश्वरको एक प्रतिज्ञा तिनको सम्झनामा आयो, जुन प्रतिज्ञामा उहाँले भन्नुभयो, कि उहाँले दाऊदको वंशबाट एकजनालाई उठाएर दाऊदको सिंहासनमाथि बसाल्नुहुनेछ। अनि दाऊदलाई महसुस भयो, कि ती एकजनाचाहिँ ख्रीष्ट मसीह हुनुहुन्छ। ख्रीष्ट मर्नुहुनेछ, र पनि उहाँको आत्मा शरीरविनाको अवस्थामा रहनेछैन, अनि उहाँको शरीर कुहुनेछैन।

**प्रेरित २ः३२-३३ः** अबचाहिँ पत्रुसले आफ्नो घोषणा दोहोर्‍याउँछन्, जुन घोषणाले यहूदी श्रोतागणलाई घत लाग्नुपर्नेछः राजा दाऊदले भविष्यवाणी गरेका मसीहचाहिँ नासरतको येशू हुनुहुन्छ। परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो। सबै प्रेरितहरू यसको साक्षी दिन सक्छन्; किनभने उहाँको बौरिउठाइका प्रत्यक्ष गवाहीहरू उनीहरू हुन्। अनि प्रभु येशूको बौरिउठाइपछि उहाँ उच्च पारिनुभयो र परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ; यसकारण पिताले प्रतिज्ञा गर्नुभएको पवित्र आत्मा प्रभु येशूले हालैमा पठाउनुभयो। त्यस दिनमा यरूशलेममा घटेको घटनाको स्पष्टीकरण यही थियो।

**प्रेरित २ः३४-३५ः** त के दाऊदले आफ्नो पूर्वज्ञानअनुसार ख्रीष्ट मसीहको उच्च महिमाको विषयमा केही भनेका थिएनन्? तिनले भजन ११०ः१ पदमा अवश्य आफ्नो विषयमा कुरा गरेका थिएनन्। होइन नि! *'जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रो पाउदान बनाउँदिनँ, तबसम्म मेरो दाहिने हातपट्टि बस!'* भन्ने शब्दहरू परमप्रभुले आफ्नो अभिषिक्त जनलाई भन्नुभएको हो। अनि यहाँ, यस खण्डमा ख्रीष्ट येशूको उच्च महिमामा विराजमान हुनुभएको समयदेखि उहाँको राज्य स्थापित गर्ने बेलासम्म अन्तरालको समय राखिएको रहेछ भन्ने कुरा व्यक्त गरेकोमा होश राख्नुहोस्! आफ्नो समय पर्खेपछि मात्र प्रभु फर्केर आउनुहुनेछ, र आफ्ना शत्रुहरूलाई सजाय दिएर आफ्नो राज्य स्थापित गर्नुहुनेछ।

**प्रेरित २ः३६ः** फेरि एकपल्ट यी यहूदी मानिसहरूले पत्रुसको मुखबाट यो घतलाग्दो घोषणा सुन्नुपर्छः *'जुन येशूलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, उहाँलाई नै परमेश्वरले प्रभु र ख्रीष्ट तुल्याउनुभएको हो।'* यस

विषयमा श्री जोह्न ए. बेङ्गलले यसो भनेका छन्ः 'पत्रुसको भाषणमा घोच्ने काँड़ा अन्तमा बाँकी राखिएको थियो': उही येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, उहाँ त परमेश्वरको अभिषिक्त जन पो हुनुहुन्थ्यो। अनि येशू स्वर्गको उच्च महिमामा ग्रहण हुनुभएको साक्षी दिनलाई पवित्र आत्मा प्रमाणस्वरूप आउनुभयो (यूहन्ना ७ः३९)।

**प्रेरित २ः३७ः** पवित्र आत्माको कायल पार्ने शक्ति यति ठूलो थियो, कि श्रोतागणले तत्कालै आफ्नो सकारात्मक प्रतिकिया जनायो। पत्रुसले कुनै आह्वान दिएनन्, कुनै आग्रह गरेनन्। तिनीहरूले आतुरिँदै भन्न लागेः 'भाइहरूहो, हामीले के गर्नुपर्छ?' यो गम्भीर प्रश्न दोषी विवेकले ती कायल भएका मानिसहरूमा जगाएको थियो। किनभने अहिले तिनीहरूलाई स्पष्ट महसुस भयोः तिनीहरूले हत्या गरेका येशूचाहिँ परमेश्वरको प्रिय पुत्र हुनुहुँदो रहेछ। यही येशू नै मरेकाहरूबाट बौरिउठ्नुभयो र अब उच्च स्वर्गमा विराजमान हुनुहुन्छ। यसो हुँदा तिनीहरू हत्यारा थिए, दोषी थिए; परमेश्वरको न्यायबाट तिनीहरू कसरी उम्कन सक्थे?

**प्रेरित २ः३८ः** तिनीहरूको प्रश्नको उत्तर पत्रुससँग थियो। *'पश्चात्ताप गर र येशू ख्रीष्टको नाममा बप्तिस्मा लेओ, र पापहरूको क्षमा पाओ!'* पहिले तिनीहरूले पश्चात्ताप गर्नुपर्छ; तिनीहरूले आफ्नो दोष स्वीकार गर्नुपर्छ। परमेश्वर तिनीहरूलाई आरोप लगाउँदै हुनुहुन्थ्यो, तिनीहरूको विरुद्धमा मुद्दा लड्नुहुन्थ्यो। तिनीहरू साबित कहिले हुने?

त्यसपछि पापहरूको क्षमा पाउन तिनीहरूले बप्तिस्मा लिनुपर्छ। अरे, यस पदले पानीको बप्तिस्माद्वारा मुक्ति पाउने कुरा सिकाउँदो रहेछ जस्तो लाग्न सकिन्छ। तर यो हाम्रो पल्लवग्राही सोचको फल हो। धेरै मानिसहरूले यस पदको अर्थ यही हो भनिटोपलेर यस कुरामा आफ्नो जबरजस्ती गर्छन्। तर यसको अर्थ यही हुनै सक्दैन। निम्न कारणहरूले यस प्रकारको अर्थ लगाइ सरासरी खण्डन गर्छन्ः

**क)** नयाँ नियमभरि दर्जनौं पदहरू छन्, जुन पदहरूले सफासँग भनेका छन्ः मुक्तिचाहिँ प्रभु येशू ख्रीष्टमाथि राखेको विश्वासको फल हो, जस्तैः यूहन्ना १ः१२; यूहन्ना ३ः१६ र ३६; यूहन्ना ६ः४७; प्रेरित १६ः३१;

रोमी १०:९ आदि। यसकारण एउटा-दुईवटा पद लिएर यी पदहरूमा भनेको सुस्पष्ट र अति पक्का साक्षी खण्डन गर्न सकिँदैन।

**ख)** लूका २३:४३: प्रभु येशूसँगै क्रूसमा टाँगिएको डाकूले बप्तिस्मा नलिईकन मुक्तिको निश्चयता पायो।

**ग)** मुक्तिदाता प्रभुले कसैलाई बप्तिस्मा दिनुभएन। मुक्ति पाउनलाई पानीको बप्तिस्मा अनिवार्य हो भने यो एउटा अनौठो भूलचूक होइन र?

**घ)** १ कोरिन्थी १:१४-१६: प्रेरित पावलले कोरिन्थीहरूमध्ये थोरै व्यक्तिहरूलाई बप्तिस्मा दिएकोमा परमेश्वरलाई धन्यवाद चढ़ाउँछन्। मुक्ति पाउनलाई बप्तिस्मा अनिवार्य हो भने उनले बप्तिस्मा नदिएकोमा परमेश्वरलाई धन्यवाद कसरी दिन्छन्? तब उनको धन्यवादको कारण अनुचित देखिन्छ।

ध्यानमा राख्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने, पापहरूको क्षमा पाउनका निम्ति बप्तिस्मा लिने आदेश यहूदी मानिसहरूले मात्र पाए (प्रेरित २२:१६)। अनि हाम्रो विश्वास छ, कि यही तथ्यमा प्रेरित ३:३८ पदको अर्थ खोल्ने चाबी रहेछ। इस्राएली जातिले महिमित प्रभुलाई क्रूसमा टाँगे। यी यहूदी मानिसहरूले ठूलो सोरले चिच्च्याएर भनेः 'त्यसको रगत हामीमाथि र हाम्रा छोराछोरीहरूमाथि परोस्!' (मत्ती २७:२५)। ख्रीष्ट येशूको मृत्युको दोष इस्राएलीहरूले लिइहाले।

अबचाहिँ यी यहूदीहरूमध्ये कतिजनाले आफ्नो दोष मानिलिए। पश्चात्ताप गर्दै तिनीहरूले आफ्नो पाप परमेश्वरको सामु स्वीकार गरे। अनि प्रभु येशूमाथि विश्वास राखेर तिनीहरूले उहाँलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा अपनाएर पापहरूको क्षमा, अनन्त मुक्ति र नयाँ जन्म पाए। सार्वजनिक र खुला रूपले सबैको सामु पानीको बप्तिस्मा लिएर तिनीहरूले आफूलाई आफ्नो जातिबाट अलग राखे, जुन जातिले प्रभुलाई क्रूसमा टाँगे, र उहाँसित आफ्नो सम्बन्ध जोड़े। यसरी नै पानीको बप्तिस्मा एउटा बाहिरी सङ्केत भयोः ख्रीष्ट येशूको तिरस्कारमा जुन पाप तिनीहरूले गरेका थिए, त्यो पाप धोइयो, साथै तिनीहरूका अरू सबै पापहरू पनि धोइए। पानीको बप्तिस्माले तिनीहरूलाई यहूदीधर्मको अवलम्बदेखि अलग गरेर तिनीहरूलाई ख्रीष्टीय विश्वासको जगमाथि बसाल्यो। तर

पानीको बप्तिस्माले तिनीहरूलाई मुक्ति दिएन। अरू कुनै कुराले होइन, तर ख्रीष्ट येशूमाथि राखिएको विश्वासले मात्र मुक्तिको काम गर्छ। यस सम्बन्धमा दिइने जुनसुकै अर्को शिक्षा अर्को सुसमाचार मानिन्छ। अनि जुन मानिसले अर्को सुसमाचार प्रचार गर्छ, त्यो मानिस श्रापित हुनेछ (गलाती १:८-९)।

पापहरूको क्षमा पाउनका निम्ति बप्तिस्मा लिने सम्बन्धमा श्री चार्लस सी. रायरीले यसो भन्दै अर्को स्पष्टीकरण दिन्छन्ः

> ' "पापहरूको क्षमा पाउनका निम्ति बप्तिस्मा लेओ" भन्ने वाक्यको अर्थ पापहरूको क्षमा होस् भनेको होइन; किनभने सारा नयाँ नियमभरि नै पापहरूको क्षमाचाहिँ बप्तिस्मा लिएको फल होइन, तर ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा पाइन्छ। पापहरूको क्षमा पाएकोले बप्तिस्मा लिनु – यस वाक्यको खास अर्थ हो। यो ग्रीक भाषाको मामिला हो। ग्रीक शब्द 'एइस्'को अर्थ दुईवटा हुन सक्छन्ः यस शब्दको अर्थ कि त '-का निम्ति' हो, कि त 'किनभने' वा 'हुनाले' हो। प्रेरित २:३८ पदमा मात्र होइन, तर मत्ती १२:४१ पदमा पनि 'एइस्' शब्दको एकमात्र अर्थ 'तिनीहरूले योनाको प्रचारमा, अर्थात् प्रचारको कारणले पश्चात्ताप गरे।' 'योनाको प्रचारका निम्ति पश्चात्ताप गरे' यसको अर्थ हुनै सक्दैन। पश्चात्ताप गर्नेले पापहरूको क्षमा पाउँछ। पेन्टेकोस्टको दिनमा पनि यी मानिसहरूले पश्चात्ताप गरेर पापहरूको क्षमा पाए, र पापहरूको क्षमा पाएको कारणले तिनीहरूले प्रेरित पत्रुसको आदेशअनुसार बप्तिस्मा लिए।' **8)**

पत्रुसले मानिसहरूलाई आश्वासन दिए, कि तिनीहरूले पश्चात्ताप गरे र बप्तिस्मा लिए भने तिनीहरूले पवित्र आत्माको वरदान पाउनेछन्। आजभोलि हाम्रो समयमा पनि पश्चात्ताप गर्ने, बप्तिस्मा लिने र त्यसपछि पवित्र आत्मा पाउने क्रम यसरी हुनुपर्छ भन्नु शुरुको मण्डलीसितको व्यवहारमा परमेश्वरका बरतावहरूको सम्बन्धमा उहाँको अभिप्राय नबुझ्नु हो। श्री एच. पी. बार्करले 'The Vicar of Christ' नामक किताबमा यस प्रकारको सक्षम टिप्पणी गरेका छन्ः

‘प्रेरितहरूको पुस्तकमा विश्वासीहरूको भूमिका हेर्नु हो भने चार प्रकारका विश्वासीहरू छन्। अनि उनीहरूले पवित्र आत्मा पाउँदा घटनाहरूको क्रम हर पल्ट बेग्ला-बेग्ला थियो।’

प्रेरित २:३८ पदमा यहूदीहरू ख्रीष्ट-विश्वासी भए। यो यस पदको सन्दर्भ हो। अनि तिनीहरूका निम्ति क्रम यस प्रकारको थियोः पश्चात्ताप, पानीको बप्तिस्मा, पवित्र आत्माको वरदान।

प्रेरित ८:१४-१७ पदको खण्डमा सन्दर्भचाहिँ समारीहरू प्रभुमा आएको कुरा हो। अनि यसो हुँदा निम्न घटना-क्रम थियोः तिनीहरूले विश्वास गरे; तिनीहरूले पानीको बप्तिस्मा लिए; प्रेरितहरूले तिनीहरूका निम्ति प्रार्थना गरे; त्यसपछि उनीहरूले तिनीहरूमाथि आफ्ना हातहरू राखे; अनि तिनीहरूले पवित्र आत्मा पाए।

प्रेरित १०:४४-४८ पदको खण्डमा सन्दर्भ अन्यजातिका मानिसहरू प्रभुकहाँ फर्केर आएको कुरा हो। अनि त्यस बेलामा घटना-क्रम यस प्रकारको थियोः तिनीहरूले विश्वास गरे; तिनीहरूले पवित्र आत्मा पाए; तिनीहरूले पानीको बप्तिस्मा लिए।

चौथो भूमिकाबाट आएका विश्वासीहरू बप्तिस्मा दिने यूहन्नाका चेलाहरू थिए (प्रेरित १९:१-७), जहाँ क्रम यस प्रकारको थियोः तिनीहरूले विश्वास गरे; तिनीहरूले दोस्रो पल्ट बप्तिस्मा लिए; प्रेरित पावलले तिनीहरूमाथि आफ्ना हातहरू राखे; त्यसपछि तिनीहरूले पवित्र आत्मा पाए।

प्रेरितहरूको पुस्तकबाट मुक्ति पाउने चारवटा तरिकाहरू छन् भन्न खोजेको हो? अवश्य होइन नि! मुक्ति पाउनका निम्ति भूतकालमा, वर्तमान समयमा र भविष्यमा पनि सधैंका निम्ति एकमात्र तरिका यो होः मानिसले प्रभु येशूमाथि विश्वास गर्नुपर्छ। तर प्रेरितहरूको पुस्तकमा व्यवस्थाको युग छोड़ेर अनुग्रहको युगमा प्रवेश गर्ने अन्तराल समयमा परमेश्वरले पवित्र आत्मा पाउने सम्बन्धमा एकै क्रम प्रयोग गर्नुभएन। किन? यसको उचित कारणहरू थिए, तर उहाँले त्यो कुरा प्रकट नगरी आफूमा लुकाइराख्नुभयो।

तब मुक्ति पाउने सम्बन्धमा उपरोक्त यी चारवटा घटना-क्रमहरूमा कुनचाहिँ आज हाम्रा निम्ति लागू हुन्छ त ? यहूदी जातिले ख्रीष्ट येशूलाई तिरस्कार गरेको हुनाले यहूदीहरूमा जति विशेष सौभाग्यहरू थिए, ती सौभाग्यहरू सबै तिनीहरूले गुमाइपठाए। आजभोलि परमेश्वरले अन्य-जातिहरूबाट आफ्नो नामका निम्ति मानिसहरूलाई बोलाउँदै एउटा जाति निकाल्नुहुन्छ (प्रेरित १५ः१४)। यसकारण वर्तमान समयका निम्ति मुक्ति पाउने घटना-क्रम प्रेरित दस अध्यायको जस्तो छः मानिसले प्रभु येशूमाथि विश्वास गर्नुपर्छ। मानिसले पवित्र आत्मा पाउँछ। मानिसले पानीको बप्तिस्मा लिन्छ।

हाम्रो विश्वास छ, कि मुक्ति पाउने यो घटना-क्रम वर्तमान समयका सबै मानिसहरूका निम्ति लागू हुन्छ, चाहे तिनीहरू यहूदी वा अन्यजातिका मानिसहरू हुन्। शुरु-शुरुमा यसो भन्नु आफ्नो मनमानी गरेको लाग्ला। प्रेरित २ः३८ पदमा यहूदीहरूका निम्ति लागू भएको क्रम कुन बेलामा प्रेरित १०ः४४-४८ पदको खण्डमा प्रस्तुत गरिएको अन्यजातिहरूका निम्ति लागू हुने तेस्रो क्रममा बदली भयो ? यसका निम्ति कुनै निश्चित समय दिन सकिँदैन; यो साँचो हो। तर प्रेरितहरूको पुस्तकको शुरुमा सुसमाचारको प्रचार यहूदीहरूमा केन्द्रित थियो भने, अनि तिनीहरूले ख्रीष्टको सुसमाचार इन्कार गरे, बिस्तारै-बिस्तारै सुसमाचारको प्रचार-प्रसार सर्दा-सर्दै अन्यजातिहरूमा केन्द्रित भयो। प्रेरितहरूको पुस्तकको अन्तमा इस्राएल राष्ट्र रद्द भइसक्यो। परमेश्वरको चुनिएको जाति हौं भन्ने विशेष दाबी तिनीहरूले आफ्नो अविश्वासमा गुमाइपठाए। यसकारण मण्डलीको युगको बाँकी समयमा यहूदी जाति अन्यजाति ठहरिएको छ। यसर्थ अबचाहिँ मुक्ति पाउने घटना-क्रमको सम्बन्धमा अन्यजाति-हरूका निम्ति लागू हुने तेस्रो क्रम सबै जातिका मानिसहरूका निम्ति हुने भयो।

**प्रेरित २ः३९ः** पत्रुसले तिनीहरूलाई के सम्झन्छन् भने, पवित्र आत्माको वरदान पाउने प्रतिज्ञा तिनीहरूका निम्ति र तिनीहरूका सन्तानका निम्ति हो, अर्थात् यहूदीहरूका निम्ति हो, साथै टाढ़ामा हुने अन्य-जातिहरूका निम्ति पनि हो, अर्थात् ती सबै मानिसहरूका निम्ति, जस-जसलाई परमेश्वरले बोलाउनुहुन्छ।

'त्यसको रगत हामीमाथि र हाम्रा छोराछोरीहरूमाथि परोस्' भन्ने मानिसहरूले प्रभु येशूको नाममा आफ्ना निम्ति र आफ्ना सन्तानहरूका निम्ति परमेश्वरको अनुग्रह पाउने आश्वासन पाए।

यस पदबाट प्रायः निम्न भूल-शिक्षा निकालिएको छः विश्वास गर्ने बुबाआमाहरूका छोराछोरीहरू तिनीहरूका बुबाआमाको विश्वासको खातिर नयाँ वाचाका सबै सौभाग्यहरूका भागीदार हुन्छन् अथवा तिनीहरू मुक्ति पाएका हुन्छन् अरे। यसको सम्बन्धमा श्री चार्लस एच. स्पर्जनले दिएको प्रभावकारी तर्क यस प्रकारको छः

> 'शरीरबाट जन्मेको शरीर हो, र आत्माबाट जन्मेकोचाहिँ आत्मा हो भन्ने कुरा के परमेश्वरको मण्डलीले जान्दैन र? अशुद्ध कुराबाट कसले शुद्ध कुरा निकाल्न सक्छ? जब मानिस जन्मन्छ, तब ऊ पापी स्वभावसित जन्मिन्छ। स्वभावैले ऊ अशुद्ध हुन्छ-हुन्छ। परमेश्वरसितको शान्ति आदमको कुनै सन्तानको जन्मसिद्ध अधिकार होइन। नयाँ नियमअन्तर्गत हामीलाई स्पष्ट रूपले भनिएको छः परमेश्वरका सन्तानहरू न रगतबाट, न शरीरको इच्छाबाट न मानिसको इच्छाबाट जन्मिन्छन्, तर उनीहरू परमेश्वरबाट जन्मेको हुन्छन्।' **9)**

यहाँ पत्रुसले मानिसहरूलाई भनेको कुराको सम्बन्धमा याद गर्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने, परमेश्वरको प्रतिज्ञा ती मानिसहरूका निम्ति र तिनीहरूका सन्तानहरूका निम्ति मात्र थिएन, तर टाढ़ामा हुने सबै मानिसहरूका निम्ति पनि थियो, अर्थात् ती सबै मानिसहरूका निम्ति थियो, जस-जसलाई परमप्रभु हाम्रा परमेश्वर बोलाउनुहुन्छ। सबै मानिसहरूका निम्ति सुसमाचारको एउटै निम्तो छ, जब यसले भन्छः *'हरेक जसले प्रभुको नाम पुकार्छ, उसले मुक्ति पाउनेछ।'*

**प्रेरित २:४०:** यस अध्यायमा पत्रुसले पेन्टेकोस्टको दिनमा प्रचार गरेको पूरा प्रवचन उल्लेख गरिएको छैन। तर उनको प्रवचनको बाँकी भागको सारांश यस प्रकारको छः प्रभु येशूलाई इन्कार गर्ने यस टेढ़ा पुस्ताबाट यी यहूदी श्रोताहरू बाँच्नुपरेको छ। तिनीहरू कसरी बाँच्न सक्नेछन्? तिनीहरूले प्रभु येशूलाई आफ्नो मसीह र मुक्तिदाताको रूपमा

ग्रहण गरेर र येशू ख्रीष्टको नाममा पानीको बप्तिस्मा लिएर आफूलाई यस अपराधी जातिबाट अलग पार्न सक्नेछन् र खुला रूपले यहूदी जातिसितको आफ्नो सम्बन्ध टुटाउन सक्नेछन् ।

**प्रेरित २:४१:** पत्रुसको प्रवचन परमेश्वरको वचन सम्झेर धेरै मानिसहरूले उनको यो वचन खुशीसाथ[10)] ग्रहण गरे। फलस्वरूप तिनीहरूले बप्तिस्मा लिन चाहे। बप्तिस्मा लिनलाई अग्रसर हुने भीड़को ताँती लाग्यो ।

त्यस दिनमा ख्रीष्ट-विश्वासीहरूको यस जम्घटमा लगभग तीन हजार आत्माहरू थपिए। बाँचेका आत्माहरू पवित्र आत्माले काम गर्नुभएको प्रमाण हुनु हो भने, पत्रुसको सेवकाइ साँच्चै यस प्रकारको प्रभावशाली सेवकाइ थियो, सो मान्नुपर्छ। यी गालीली माछुवाको आत्मा बचाउने सेवकाइमा उनलाई प्रभु येशूले भन्नुभएका शब्दहरू याद हुन्छः *'म तिमीहरूलाई मानिसहरूका जलाहारी तुल्याउनेछु'* (मत्ती ४:१९)। अनि मुक्तिदाता प्रभुको अर्को वचन पनि उनमा लागू भएको छ, जब उहाँले यसो भन्नुभएको छः *'साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले ममाथि विश्वास गर्छ, उसले मैले गरेका कामहरू पनि गर्नेछ र यीभन्दा ठूला कामहरू गर्नेछ; किनकि म मेरा पिताकहाँ जान्छु'* (यूहन्ना १४:१२)।

'लगभग तीन हजार' भनेर प्रभुमा आएका मानिसहरूको सङ्ख्या बताउने काम यहाँ कति होशियारपूर्वक गरियो, सो कुरामा ध्यान दिनुहोस् र यसबाट आफ्नो पाठ सिक्नुहोस्! प्रभुका सबै दासदासीहरूले ख्रीष्ट येशूका निम्ति निर्णय गर्नेहरूको सङ्ख्या लिँदा उस्तै प्रकारले होशियारी गरेका होऊन् ।

**प्रेरित २:४२:** विश्वासको वास्तविकता केले देखाउँछ? जब नयाँ विश्वासी विश्वासमा अघि बढ्नेछ। यी प्रभुमा आएकाहरूले आफ्नो विश्वासको प्रमाण कसरी दिए? तिनीहरू निम्न कुराहरूमा निरन्तर लागिपरे, जस्तैः

*प्रेरितहरूको शिक्षामाः* प्रेरितहरूको शिक्षा भन्नाले प्रेरितहरूले परमेश्वरको आत्माको प्रेरणाले दिएको शिक्षा हो; शुरुमा प्रेरितहरूको शिक्षा मौखिक थियो भने पछि उनीहरूको शिक्षा नयाँ नियमभित्र सुरक्षित राखिएको छ ।

*सङ्गतिमाः* नयाँ जीवन पाएको प्रमाण अरू के थियो ? यी नयाँ विश्वासीहरूले परमेश्वरका जनहरूसित सङ्गति गर्ने इच्छा गरे। तिनीहरूको बीचमा कुराहरूको लेनदेन र आदानप्रदान हुन्थ्यो । तिनीहरू संसारबाट अलग, परमेश्वरका निम्ति अलग जिउँथे। तिनीहरू अरू ख्रीष्ट-विश्वासीहरूका दुःखसुखहरूमा सहभागी हुन्थे। तिनीहरू एउटा नयाँ समाज बने ।

*रोटी-भँचाइमाः* नयाँ नियमको समयमा रोटी भाँच्नु भनेको कि त प्रभु-भोज मान्नु, कि त साधारण खाना खानु हो । यसकारण वचनको एक-एक खण्डको सन्दर्भअनुसार रोटी भाँच्नुको अर्थ लगाउनुपर्छ। अनि यहाँ यस ठाउँमा रोटी भाँच्नुको अर्थ प्रभु-भोज मान्नु हो। किनभने यस पदमा रोटी-भँचाइमा तिनीहरूले निरन्तर खाना खानमा लागिरहे भन्ने अर्थ मतलबहीन हो। अनि प्रेरित २०ः७ पदबाट के बुझिन्छ भने, शुरुका ख्रीष्ट-विश्वासीहरूले हप्ताको पहिलो दिनमा रोटी भाँचेका थिए। मण्डलीको युगको आरम्भमा प्रभु-भोज एउटा प्रेम-भोज हुन्थ्यो, यसो गर्दा पवित्र जनहरूका निम्ति आपसी प्रेम प्रकट गर्ने र प्रेम आदानप्रदान गर्ने सुअवसर हुन्थ्यो। तर पछि यो प्रेम-भोजचाहिँ बिग्रियो; यसकारण यस दुरुपयोगले गर्दा प्रेम-भोज बन्द पनि भयो ।

*प्रार्थनाहरूमाः* शुरुको मण्डलीको जीवनको चौथो खाँबा प्रार्थना थियो । प्रार्थना भनेको के हो ? प्रभुमाथिको पूरा भरोसा देखाउने, उहाँको उपासना गर्ने, उहाँबाट अगुवाइ माग्ने, उहाँको सुरक्षामा रहने र उहाँको सेवा गर्ने भावना प्रकट गर्ने माध्यम प्रार्थना हो ।

**प्रेरित २ः४३ः** सबै मानिसहरूलाई एक प्रकारको ईश्वरीय डर भयो । पवित्र आत्माको शक्ति यति प्रभावकारी हुन्थ्यो, कि खलबले हृदयहरू चुप र धीमा भए। प्रेरितहरूले धेरै अचम्मका कामहरू र चिन्हहरू देखाए; यो देखेर मानिसहरू आश्चर्यचकित हुन्थे। अचम्मका कामहरू भन्नाले आश्चर्यकर्महरू बुझ्नुपर्छ, जुन कामहरूले गर्दा मानिसहरू दङ्गमा र उदेकमा परेका हुन्छन्। चिन्हहरू यस प्रकारका अश्चर्यकर्महरू हुन्, जुन कामहरूबाट मानिसहरूले आत्मिक शिक्षा पाउँछन्। अचम्मका काम र चिन्ह दुवैचाहिँ आश्चर्यकर्म हुन्।

**प्रेरित २ः४४-४५ः** यी विश्वासीहरू लगातार भेला हुन्थे; यिनीहरूका सबै थोकहरू साभ्mा थिए। परमेश्वरको प्रेमले यिनीहरूका हृदयहरू यति शक्तिशालीसाथ प्रभावित पारेको थियो, कि यिनीहरूले आफ्नो सम्पत्ति 'यो मेरो हो' भन्दैनथिए (प्रेरित ४ः३२)। आफ्नो सङ्गतिमा कसैलाई कुनै हर्जा परेको खण्डमा यिनीहरूले आफ्नो केही सम्पत्ति बेचेर यसको आय वितरण गर्थे। यसरी यिनीहरूको बीचमा समानता थियो।

यस सम्बन्धमा श्री एफ. डब्लू. ग्रान्तले यसो भनेका छन्ः

> 'यी विश्वासीहरूको बीचमा यस्तो हार्दिक प्रेम र एकता थियो, अँ, एक-अर्काका निम्ति यस्तो बराबर चिन्ता थियो, कि ईश्वरीय प्रेमले पैदा गरेको यस प्रेमको भरपूरीले पतित मानिसहरूमा हुने स्वाभाविक स्वार्थ निलिदियो। उनीहरूको आपसी सङ्गति कहाँसम्म पुग्यो? उनीहरूका सबै थोकहरू साभ्mा हुन्थे। त्यो कुनै व्यवस्थाको माग थिएन, न बाहिरी करकापको फल थियो, नत्रता सबै बरबाद हुनेथियो। तर त्यो त ख्रीष्ट येशूमा उहाँका निम्ति उनीहरूको मूल्य कति थियो र उनीहरूको एक-एकजनाका निम्ति ख्रीष्ट येशू कति मूल्यवान् हुनुहुन्थ्यो, यस कुराको चेतनाको फल थियो। उहाँबाट यति विघ्न आशिषले भरपूर भएर उनीहरू आत्मिक रूपले यति धनी भए, कि जुन आशिष बाँड़ेर पनि उनीहरूलाई आशिषको कमी भएन, तर त्यो आशिष उनीहरूले जति बढ़ी बाँड़े, त्यत्ति नै त्यो बढ्दै जान्थ्यो। उनीहरूले आफ्नो सम्पत्ति र आफ्ना सामानहरू बेचे र हरेकलाई खाँचो परेअनुसार सबैलाई बाँड़िदिन्थे।' **11)**

धेरैजनाको तर्क यस प्रकारको छः 'शुरुका विश्वासीहरूको यो व्यवहार हामीले देखासिकी गर्नुपर्दैन नि। आज यसका निम्ति कुनै आवश्यकता छैन।' कुरा यस्तो हो भने यसो पनि भन्न सकिन्छः 'त्यसो भए हामीले आफ्नो छिमेकीलाई आफूलाई भैंm प्रेम गर्नु पनि पर्दैन, कि के हो?' आफ्नो व्यक्तिगत चल-अचल सम्पत्ति सबै बाँड्ने इच्छा पवित्र आत्माले भरिएका यी विश्वासीहरूको जीवनको अनिवार्य फल थियो। यस्तो भनिएको छः अरूसँग अभाव हुँदा आफूसँग प्रशस्त हुने परिस्थिति कुनै साँचो विश्वासी सहन सक्दैन।

**प्रेरित २:४६:** पेन्टेकोस्टको दिनको प्रभाव धार्मिक र घरायसी जीवनमाथि कुन प्रकारले परेको थियो, सो कुरा यस पदले बताउँछ।

यी विश्वासीहरूको धार्मिक जीवनको सम्बन्धमा हामीले याद गर्नुपर्छः यिनीहरू यहूदीधर्मको भूमिकाबाट प्रभुमा आएका थिए। मण्डली शुरु भइसकेको थियो, तर यहूदीहरूको मन्दिरसित यिनीहरूको सम्बन्ध तुरुन्तै टुटेन। यहूदीधर्मरूपी कात्रो फाल्न उनीहरूलाई निक्कै समय लाग्यो, प्रेरितहरूको पुस्तकको पूरा समय लाग्यो। अनि यसरी यी विश्वासीहरूले मन्दिरका विभिन्न सेवाहरूमा भाग लिइरहे।[12) ] यी सभाहरूमा उनीहरूले पुरानो नियमको पठन सुन्थे, र उनीहरूलाई सुनेका कुराहरूको व्याख्या मिल्थ्यो। अनि प्रेरित २:४२ पदमा सूचित गरिएका प्रेरितहरूको शिक्षा र सङ्गति पाउन, प्रभु-भोज मान्न र प्रार्थना गर्नका लागि उनीहरू घरहरूमा भेला हुन्थे।

उनीहरूको घरायसी जीवनको सम्बन्धमा यसो भनिएको छः घर-घरमा उनीहरूले रोटी भाँच्दै आनन्दसित र चोखो हृदयले आ-आफ्नो भोजन लिन्थे। अनि कुरा स्पष्ट छः यहाँ, यस ठाउँमा रोटी भाँच्ने सन्दर्भ प्रभु-भोजसित सम्बन्धित होइन, तर उनीहरूको दैनिक खानासित सम्बन्धित थियो। उनीहरूले पाएको मुक्तिको आनन्द दैनिक जीवनको हर क्षेत्रमाथि पोखियो; यसरी महिमाको प्रभामण्डलरूपी जलपले उनीहरूको सर्वसाधरण जीवनलाई पोतेको थियो।

**प्रेरित २:४७:** अन्धकारको शक्तिबाट छुटकारा पाएर परमेश्वरको प्रिय पुत्रको राज्यभित्र आएकाहरूको जीवन स्तुतिगान र धन्यवादको भजनतुल्य भएको थियो।

शुरुमा यी विश्वासीहरूले सबै मानिसहरूबाट कृपा पाउँथे। तर यस कृपामा उनीहरूले मानिसहरूबाट पाएका कुरा सीतिम रहेन। किनभने ख्रीष्टीय विश्वासले विश्वास नगर्ने मानिसहरूको हृदयमा घृणा र विरोध सृजना गर्छ। मुक्तिदाता प्रभुले आफ्ना चेलाहरूलाई लोकप्रिय हुनुदेखि होशियार होओ भनेर चेताउनी दिनुभएको थियो (लूका ६:२६)। उहाँले उनीहरूलाई सतावट र खेदोमा पर्ने पूर्वजानकारी दिनुभयो (मत्ती १०:२२-२३)। यसकारण मानिसहरूबाट कृपा पाउने यो क्षण छिट्टै अविरल विरोधमा परिणत हुनेछ।

अनि दिनदिनै प्रभुले मुक्ति पाउनेहरूलाई मण्डलीमा थप्नुहुन्थ्यो। यसरी नै ख्रीष्टीय सङ्गति दिन प्रतिदिन बढ्दै गएको थियो। ख्रीष्टको सुसमाचार सुन्ने मानिसहरूको जिम्मेवारी छः तिनीहरूले ख्रीष्ट येशूलाई मनको तयारी र राजीखुशीले ग्रहण गर्नुपर्छ। प्रभुले चुन्ने र थप्ने काम गर्नुहुन्छ; तर मानिसले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ, र आफ्नो दैत्यबाट उम्कन सक्दैन।

यस अध्यायमा रूपरेखा यस प्रकारको थियोः पेन्टेकोष्टको दिनमा पवित्र आत्मा खन्याइनुभएको घटना, ठाउँठाउँका यहूदी मानिसहरूको सामु पत्रुसको स्मरण गर्न योग्य प्रवचन, प्रभुमा आएका मानिसहरूको ठूलो भीड़ र शुरुका विश्वासीहरूको जनजीवनको छोटो विवरण। Encyclopedia Britannica नामक विश्वकोषको तेह्रौं संस्करणमा मण्डली-इतिहासको शीर्षकमा विश्वासीहरूको जनजीवनको विषयमा निम्न गहकिलो सारांश लेखिएको थियोः

> 'शुरुका ख्रीष्ट-विश्वासीहरूको जनजीवनको विषयमा उल्लेख गर्न सर्वोच्च कुरा के हो भने, उनीहरूमा हामी ईश्वरीय बोलावट पाएका र उहाँका निम्ति अलग गरिएका परमेश्वरको प्रजा हौं भन्ने तीव्र चेतना थियो। उनीहरूको विचारमा ख्रीष्टको मण्डलीचाहिँ मानिसको संस्था होइन, तर परमेश्वरको रचना थियो। परमेश्वरले मण्डलीलाई रच्नुभयो र मण्डली उहाँको नियन्त्रणमा थियो; अँ, सारा संसार पनि मण्डलीका निम्ति सृष्टि गरिएको थियो। यही धारणाले शुरुका विश्वासीहरूलाई चाहे उनीहरूको व्यक्तिगत जीवनमा, चाहे उनीहरूको सामाजिक जीवनमा नियन्त्रण गरेको थियो। उनीहरूले आफूलाई सारा संसारका मानिसहरूबाट अलग, तर आपसमा आत्मीय सूत्रहरूले बाँधिएको सम्भे। उनीहरूको नागरिकता पृथ्वीमा होइन, तर स्वर्गको थियो। अनि जुन सिद्धान्तहरू र नियमहरूले उनीहरू संचालित हुन्थे, ती सिद्धान्त र नियमहरू स्वर्गीय थिए। उनीहरूको दृष्टिमा वर्तमान संसार क्षणिक थियो, अनि उनीहरूको वास्तविक जीवन भविष्यमा हुन लागेको थियो। ख्रीष्ट येशूको दोस्रो आगमन नजिकै थियो; अनि यस संसारका

कामधन्दाहरू र सुखहरूमा उनीहरूको अल्पचासो थियो। ख्रीष्ट-विश्वासीहरूको दैनिक जीवनमा पवित्र आत्माको उपस्थिति थियो; अनि उनीहरूमा प्रेम, आनन्द, शान्ति आदि सद्‌गुणहरूले युक्त पवित्र आत्माका सबै फलहरू थिए। यस प्रकारको विश्वासको फलस्वरूप उनीहरूको जीवन उत्तेजित र अरूका निम्ति प्रेरणादायक तुल्यायो। साधारण मानिसहरूले अनुभव गर्ने मामुली कुराहरूमा उनीहरूको अनुभव सीमित रहेन, तर उनीहरूको अनुभव आफ्नो हददेखि बाहिर पुगेका, उच्च स्थानमा सरेका मानिसहरूको अनुभव थियो।'

यो लेख पढ़ेपछि आजको मण्डली आफ्नो शुरुको स्थितिबाट कहाँसम्म खसेको र पतित भएको देखिन्छ। मण्डलीको तेज र स्फूर्ति कहाँ गयो ? यसको एकता, सहानुभूति, हमदर्द र भाइचारा परै जाओस्!

# गृह-मण्डली र स्थानीय मण्डलीहरूदेखि बाहिर तिनीहरूबाट अलग रहेर काम गर्ने संस्थाहरू

प्रेरित २:४७ पदमा मण्डलीको शब्द पहिलो पल्ट प्रयोग गरिएको छ।[13] मण्डली भन्ने शब्द ग्रीक भाषाको 'एक्लेसिया' भन्ने शब्दबाट अनुवाद गरिएको छ। आफ्नो अध्ययन-क्रम एकक्षण भङ्ग गरेर हामी शुरुका विश्वासीहरूको दृष्टिमा मण्डली कति केन्द्रीभूत थियो, सो कुरामा ध्यान दिन्छौं।

प्रेरितहरूको पुस्तकमा, साथै नयाँ नियमको बाँकी भागमा पनि मण्डली प्रायः एउटा गृह-मण्डली थियो। शुरुका विश्वासीहरू घर-घरमा भेला हुन्थे; उनीहरूका निम्ति भेला हुने गिर्जाघरहरू थिएनन्। यस्तो भनिएको छः विशेष पवित्र ठाउँहरूमा बाँधिएको धर्मले बल्ल छुटकारा पाएको थियो, र अबचाहिँ जीवन र दिनचर्या चल्ने सामान्य ठाउँ अर्थात् घर नै धर्मको केन्द्र भयो। यस सम्बन्धमा श्री एम. एफ. अङ्गरले यसो भनेका छन्ः 'दुई शताब्दीसम्म ख्रीष्ट-विश्वासीहरूले घरहरूमा मण्डली-सभाहरू चलाउने गर्थे।'[14]

विश्वासीहरूले कसैको निजी वासस्थान मण्डली-सभाका निम्ति चलाएको कारण कुनै आत्मिक विचारको प्रतिफल होइन, तर उनीहरूको आर्थिक अवस्थामा खोज्नुपर्ला भन्ने कुरा सोच्न सजिलो छ। किनभने गिर्जाघरहरू र प्रार्थनाभवनहरूसित हाम्रो आदत यति साह्रै भएको छ, कि हाम्रो विचारमा, यी भवनहरू परमेश्वरको विचारको सर्वश्रेष्ठ चरमबिन्दु हुनुपर्छ। तर पहिलो शताब्दीका विश्वासीहरूको बुद्धि हाम्रो भन्दा बढ़ी थियो। यसो सोच्नका निम्ति उचित कारणहरू छन्।

पहिले, ख्रीष्टीय विश्वास र त्यस विश्वासअन्तर्गत 'आपसमा प्रेम गर' भन्ने प्रमुख आज्ञा हुँदा-हुँदै पनि लाखौंलाख रुपियाँ भव्य भवनहरूमा खर्च गर्न अनुचित देखिन्छ; संसारभरिका मानिसहरूमा आवश्यकताहरू र आर्थिक अभावहरू भइरहेको समयमा झन् बढ़ी मानसिब नभएको देखिन्छ। यस सम्बन्धमा श्री ई. स्टान्ली जोन्सले यसो लेखेका छन्ः

> 'रोममा मैले पोपको मुख्य गिर्जाघरमा बालक येशूको मूर्ति देखें, जुन पुतलीको सजीसजाउ बहुमूल्य मणिहरूले पूर्ण थियो। त्यसपछि जब म यस गिर्जाबाट बाहिर निस्कें, तब भोकले छट्पटिरहेका केटाकेटीहरूका अनुहारहरूले मलाई हर्दैथिए। अनि मनमनैमा एउटा प्रश्न उठ्योः के ख्रीष्ट येशू यी केटाकेटीहरूको भोक नदेख्ने गरेर यी मणिहरूको चमकमा मग्न हुन सक्नुहुन्छ? अनि यस प्रश्नले मलाई छोड्न मानेन। मेरो मनमा यही विचार आइरह्योः यदि उहाँले त्यो भोक नहेरी आफ्ना मणिहरूमा आनन्द लिन सक्नुभयो भने, म अबदेखि उसो ख्रीष्ट येशूमा आनन्द लिनेछैनँ। एकातिर त्यस मणिजड़ित बालक येशूको मूर्तिलाई र अर्कोतिर यी भोकाएका केटाकेटीहरूलाई राख्ने काम हाम्रा निम्ति एउटा सङ्केत-चिन्हजस्तै हो; किनभने हामीले ख्रीष्ट येशूलाई भव्य-भव्य गिर्जाघरहरू र दामी-दामी मण्डली-भवनहरूले सुसज्जित पारेका छौं, तर हाम्रो समाजमा हाम्रा मानिसहरूको बीचमा चल्ती खराबीहरूलाई छुन मान्दैनौं; किनकि बेरोजगारीहरू र अभावग्रस्त मानिसहरूको रूपमा ख्रीष्ट येशू स्वयम् भोका रहनुभएको कुरा बुझ्दैनौं।' **15)**

हप्तामा तीन-चार घण्टा, अँ, धेरै हो भने पाँच घण्टा मात्र प्रयोग गरिने मण्डली-भवनहरूमा यति धेरै रुपियाँपैसा खर्च गर्नु लाभकर होइन,

मानवीय पनि होइन। धेरै रुपियाँपैसा खर्च गरेर त्यसबाट अति थोरै लाभ मात्र उठाउने समझहीन स्वप्न-दुनियाँमा डुबुल्की मार्दै हामी कसरी कल्पनाको आकाशमा रमाउने भयौं ?

मलाई लाग्छ, सुसमाचारको वृद्धि र विस्तारमा सबैभन्दा ठूलो रोकावट दिने बाधाहरूमध्ये हाम्रा आधुनिक निर्माण-परियोजनाहरू हुन्। ऋणको साउँ र ब्याजको रूपमा ठूला-ठूला रकमको भुक्तान गर्नुपरेको हुनाले यी कुराहरूले स्थानीय मण्डलीका अगुवाजनहरूलाई यहाँसम्म बन्धनमा राखेका छन्, कि उनीहरू नयाँ ठाउँहरूमा गएर नयाँ मण्डलीहरू स्थापित गर्न सक्दैनन्। कारणवश आफ्नो मण्डलीको कुनै सदस्य गुमाएमा मण्डलीको आम्दानीमा घाटा पर्छ र मण्डली-भवन र त्यसको अनुरक्षणका निम्ति खर्च पुग्दैन। यति मात्र होइन, तर त्यस ऋणले आउँदो पुस्ताकाहरूलाई पिर्नेछ, र यसरी मण्डलीको वृद्धि दबाइन्छ, र मण्डली कुनै हालतमा पनि अघि बढ्न सक्दैन।

यस प्रकारको तर्क घरिघरि सुनिन्छः अइसाई मानिसहरूलाई हाम्रा सभाहरूप्रति आकर्षित गराउने प्रभावशाली मण्डली-भवनहरू हुनुपर्छ। के यस किसिमको सोचाइ शारीरिक होइन र ? नयाँ नियममा प्रस्तुत गरिएको तरिकाबाट हामी भड्किएर कहाँ पुग्यौं ? शुरुको मण्डलीका सभाहरू प्रायः विश्वासीहरूका निम्ति हुन्थे। प्रेरित २ः४२ पदअनुसार ख्रीष्ट-विश्वासीहरू प्रेरितहरूको शिक्षा, सङ्गति, प्रभु-भोज र प्रार्थनाका निम्ति भेला हुन्थे। आइतबारको दिनमा मानिसहरूलाई मण्डली-सभाहरूमा निम्त्याएर उनीहरूले सुसमाचार प्रचार गरेनन्। तर हप्ताभरि जस-जसलाई उनीहरूले भेट्थे, तिनीहरूलाई उनीहरूले ख्रीष्टको गवाही दिन्थे। अनि जब कोही मानिस प्रभुमा आयो, तब उनीहरूले यस्तोलाई आत्मिक खुराक र प्रोत्साहनका निम्ति गृह-मण्डलीको न्यानो सङ्गतिमा ल्याए।

हिजोआज यस्ता गौरवशाली मण्डली-भवनहरूमा आएर मानिसहरूले सभामा भाग लिन गाह्रो मान्दा रहेछन्; किनभने मानिसहरूले धेरजसो विधिहरू र रीतिहरू मन पराउँदैनन्, तर तिनको विरोधमा छन्। मण्डली-कोष बढ़ाउन कुनै अनुरोध गरिन्छ कि भन्ने तिनीहरूको डर छ। 'मण्डलीले अरू केही होइन, केवल तपाईंको पैसा खोज्दो रहेछ' भन्ने गुनासो प्रायः

सुन्नमा आएको छ; यस गुनासोका निम्ति कुनै सत्आधार हुनुपर्छ, होइन र ? तर यस प्रकारका मण्डली-सभामा आउन गाह्रो मान्ने मानिसहरूमध्ये धेरैजना कसैको घरमा सञ्चालन गरिएको बातचितरूपी बाइबल-पाठमा भाग लिन इच्छुक छन् । त्यहाँ तिनीहरूको पहिरनको मतलब हुँदैन; विधि र नियमबद्ध नभएको र ठूलो दक्षता कायम नराखिएको सरल वातावरणमा तिनीहरूलाई आनन्द लाग्छ ।

वास्तवमा गृह-मण्डली हरेक जाति र हरेक देशमा सर्वोत्तम प्रणाली ठहरिएको छ। अनि हामीले सारा संसारको हालत विचार गर्‍यौं भने मण्डली-भवनमा भेला हुने मण्डलीहरूभन्दा घर-घरमा भेला हुने मण्डलीहरू बढ़ी छन् ।

वर्तमान युगका गौरवपूर्ण भव्य गिर्जाघरहरू र प्रार्थना-भवनहरू यतातिर राखौं ! आ-आफ्नो उच्च स्तरीय व्यवस्थाअनुसार चल्ने नाम-नामले सङ्गठित मण्डलीहरू, मिशन-समितिहरू र स्थानीय मण्डली-हरूदेखि बाहिर काम गर्ने प्रशस्त संस्थाहरू यता राखौं ! प्रेरितहरूको पुस्तकमा ध्यान दिऔं, जहाँ प्रभुका प्रेरितहरूले कुनै संस्था स्थापित गरेनन्, प्रभुको काम पूरा गर्ने कुनै संघठन खोल्ने कोशिश पनि गरेनन् । पृथ्वीमा परमेश्वरको प्रणाली स्थानीय मण्डली हो, जसद्वारा उहाँले ख्रीष्टको विश्वास फैलाउनुभयो र प्रचार गर्नुभयो। अनि ख्रीष्टका चेलाहरू यही स्थानीय मण्डली-वातावरणमा काम गर्न सन्तुष्ट रहे ।

हिजोआज ख्रीष्टीय जगतमा इसाईधर्मभित्र मुटु हल्लने गरी तीव्र गतिमा जताजतै संस्थाहरू प्रस्फुट भए, बेहदको रूपमा सङ्ख्यामा आकासिए, कि मलाई रिङ्गटा लाग्छ । हर समय जब एकजना विश्वासीको मनमा ख्रीष्टको काम अघि बढ़ाउने कुनै नयाँ विचार उठ्छ, तब उसले आफ्नो व्यक्तिगत संस्था, समिति वा सङ्घ गठन गरिहाल्छ ।

त्यसको परिनाम के हो भने, योग्य शिक्षकहरू र प्रचारकहरू आ-आफ्नो खास सेवकाइ छोड़ेर केवल प्रशासकहरू बने । मिशन-समितिका सबै प्रशासकहरूले मिशन-क्षेत्रमा उत्रेर त्यहाँ प्रभुको सेवा गरेका भए अझ अरू मिशनरीहरूलाई पठाउन दरकार हनेथिएन ।

संस्थाहरू प्रशस्त मात्रामा गठन गरेको अर्को परिणाम के हो भने, संस्था चलाउन यति विघ्न खर्च लाग्छ, कि सुसमाचारको प्रचारप्रसारको

कामका निम्ति रकम कम्ती बाँकी रहन्छ। विभिन्न ख्रीष्टीय संस्थाहरूलाई दिइएको आर्थिक सहयोगको अधिक अंशचाहिँ सञ्चालनका निम्ति खर्च गरिन्छ। तब यी संस्थाहरूको मूल-उद्देश्य कहाँ गयो ?

कति ख्रीष्टीय संस्थाहरू प्रभुको महान् आज्ञा पूरा गर्नमा बाधा हुने कारण बनेका छन्। प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयोः *'जे-जे मैले तिमीहरूलाई आज्ञा गरे, ती सबै कुराहरू तिनीहरूलाई सिकाओ !'* तर दुःखको कुरा, यी ख्रीष्टीय संस्थाहरूमा कार्यरत हुनेहरूलाई परमेश्वरको पूरा सत्यता सिकाउने अनुमति छैन। किनभने जस-जसबाट संस्थाले आर्थिक सहायता पाउने आशा राखेको छ, ती मानिसहरूको सहयोग गुमाउनुपर्ला भन्ने डरले गर्दा त्यसले कुनै 'विवादास्पद'को विषय सिकाउनुहुँदैन भन्छ।

धेरैपल्ट यी ख्रीष्टीय सङ्घठनहरूबाट फूटहरू, डाहा, रिसारिस र परिद्वान्द्व आदि आएका छन्, जसले गर्दा ख्रीष्टको साक्षीमा ठूलो हानि भएको छ।

> 'ख्रीष्टीय संस्थाहरूद्वारा देशविदेशका कार्य-क्षेत्रहरूमा एकै काम धेरै पल्ट दोहोरिन्छ। सक्षम, निपुण व्यक्तिहरू र आर्थिक स्रोतहरू सीमित भएका हुनाले आपसमा निक्कै प्रतिस्पर्ध र होड़बाजी चल्छ। अनि यो पनि विचार गर्न लायकको कुरा होः यी संस्थाहरूको लोकघोषणा-अनुसार तिनीहरूले आफ्नो अस्तित्व परमेश्वरको इच्छाअनुसार भएको दाबी गर्छन्; तर वास्तवमा, धेरै मात्रामा ती संस्थाहरूको गठनमा कुनै आत्मिक कारण होइन, तर तिनीहरूको खास सृजना प्रतिद्वान्द्वरूपी पापको फल हो।' स्क्रिप्चर यूनियनको दैनिक टिप्पणीबाट उद्धित

अनि यो पनि सत्य छः संस्थाहरूको उपयोगिता हराइसकेपछि पनि ती संस्थाहरूले जसोतसो आफूलाई चालु राख्ने गर्दा रहेछन्। संस्थाको जन्मदाताको दर्शन हराइसक्यो, रपनि त्यसको चक्काचाहिँ पेल्दा-पेल्दै घुमि नै बस्छ, जब त्यसको गतिशील चालको तेज निभेको छ। शुरुका विश्वासीहरूले केही नजानेका, केही नबुझेकाले उनीहरूको सीधापन र अज्ञानताले प्रभुको काम पूरा गर्न संस्थाहरू गठन गर्नदेखि बचाइदियो भन्ने

कुरा हामी नसम्झौं, तर यसमा आत्मिक बुद्धि थियो। यस सम्बन्धमा श्री जी. एच. लाङले यसो लेखेका छन्ः

'एकजना कुशल लेखकले प्रेरितहरूको सेवकाइ र वर्तमान समयमा प्रयोग गरिएका आधुनिक मिशनका काम गर्ने प्रणालीहरू आपसमा तुलना गरे। त्यसपछि तिनले यसो भनेः "हामी मिशन-संस्थाहरू गठन गर्छौं; तर प्ररितहरूले मण्डलीहरू स्थापित गरे।" यसको भिन्नता प्रगाढ़ र अर्थपूर्ण हो। प्रभुका प्रेरितहरूले मण्डलीहरू स्थापित गरे, अनि आफूले स्थापित गरेका मण्डलीहरूबाहेक अरू केही पनि स्थापित गरेनन्। किनभने प्रभुको उद्देश्य पूरा गर्न अरू कुनै कुराको आवश्यकता थिएन, न ता उपयुक्त हुनेथियो। उनीहरूले सधैं आ-आफ्ना काम गर्ने क्षेत्रहरूमा हरेक ठाउँका नयाँ विश्वासीहरूलाई लिएर एउटा स्थानीय मण्डली गठन गर्थे। हरेक मण्डलीमा एल्डरहरू नियुक्त गरिन्थे, एकजना एल्डर वा पास्टर मात्र होइन (प्रेरित १४:२३, प्रेरित १५:६ र २३; प्रेरित २०:१७; फिलिप्पी १:१)। यी प्रभुद्वारा योग्य ठहरिएका र पवित्र जनहरूको बीचमा चिनिएका एल्डरहरूले अगुवाइ गर्थे, शासन गर्थे र गोठाला गर्थे (१ कोरिन्थी १६:१५; १ थेस्सलोनिकी ५:१२-१३; १ तिमोथी ५:१७-१९)।

स्थानीय मण्डलीमा डिकनहरू पनि हुन्थे, जसको नियुक्ति स्थानीय मण्डलीले नै गर्थ्यो (प्रेरित ६:१-६; फिलिप्पी १:१)। डिकनहरूको सेवकाइ एल्डरहरूको भन्दा विभन्न हुन्थ्योः तिनीहरूको जिम्मामा सुम्पिएका कामकाजहरू आत्मिक होइन, तर लौकिक थिए। ती केही महत्त्वपूर्ण जिम्मेवारीहरूमध्ये मण्डली-कोष र त्यसको वितरण गर्ने जिम्मा तिनीहरूकै थियो। स्थानीय मण्डलीको गठन प्रेरितहरूको काम थियो, त्यसपछि उनीहरूले ख्रीष्ट-विश्वासीहरूलाई आफूले स्थापित गरेका मण्डलीहरूको जिम्मामा छोड़े। अनि नयाँ नियमभरि स्थानीय मण्डलीहरूबाहेक अरू कुनै संस्था स्थापित भएको देखिँदैन, अरू बढ़ी कुनै कुराको अङ्कुर नै छैन।' **16)**

शुरुका विश्वासीहरू र प्रेरितहरूका निम्ति स्थानीय मण्डली नै पृथ्वीमाथि परमेश्वरले ठहराउनुभएको एकमात्र औजार थियो, जसद्वारा

परमेश्वरले काम गर्नुहुन्थ्यो। अनि मण्डली नै त्यो एकमात्र औजार हो, जसको निरन्तरता परमेश्वरले कायम राख्ने प्रतिज्ञा गर्नुभएको छ।

## ङ) प्रेरित ३:१-२६: लङ्गड़ो मानिस निको पारिन्छ, र इस्राएली जातिप्रति प्रेरित पत्रुसको जिम्मेवारी।

**प्रेरित ३:१:** त्यस दिनको तीन बजे भएको थियो; अनि पत्रुस र यूहन्ना यरूशलेमको मन्दिरतिर उक्लेका थिए। हामीले अघि भनिसकेका छौं: पेन्टेकोष्टको दिनमा मण्डली स्थापित भइसकेको केही समयसम्म यहूदी भूमिकाबाट आएका शुरुका विश्वासीहरूले मन्दिरका सभाहरूमा भाग लिन्थे। यही अवधि व्यवस्थित हुनलाई चाहिएको संक्रान्तिकाल भनिन्छ। यहूदीधर्मसित उनीहरूले तत्कालै आफ्नो सम्बन्ध टुटाएनन्। वर्तमान समयमा ख्रीष्ट-विश्वासीहरूले उनीहरूको यस नमुनाअनुसार गर्नुहुँदैन। तिनीहरूलाई यसका निम्ति कुनै ठोस कारण छैन; किनभने हाम्रो हातमा नयाँ नियमको पूरा प्रकाश छ। अनि *'आओ, हामी छाउनी-बाहिर उहाँकहाँ जाऔं, र उहाँको निन्दा बोकौं!'* भन्ने आज्ञा हामीलाई दिइएको हो (हिब्रू १३:१३; २ कोरिन्थी ६:१७-१८)।

**प्रेरित ३:२:** उनीहरू मन्दिरको नजिकै पुगेको बेलामा मानिसहरूले एकजना लङ्गड़ा भिखारीलाई सुन्दर भन्ने मूलढोकामा बोकिरहेका उनीहरूले देखेछन्। योचाहिँ त्यस भिखारीको स्थायी ठाउँ थियो। जन्मदेखिको लङ्गड़ाको यो अवस्था दयनीय थियो। मन्दिरको शोभाले गर्दा ऊ झन् लाचारी देखिन्थ्यो। अँ, यस दृश्यबाट 'ठूला-ठूला गिर्जाघरहरूको छहारी र ओजेलमा प्रशस्त गरिबी र अज्ञानता पाइँदो रहेछ; अनि शारीरिक र आत्मिक लङ्गड़ाहरूलाई सहायता गर्ने यस प्रकारका माण्डलिक विशाल प्रणालीहरू अलिकति पनि उपयोगी हुँदैनन् रहेछन्' भन्ने आभास आउँछ।

**प्रेरित ३:३:** कुनै न कुनै दिन म निको हुन्छु भन्ने यस लङ्गड़ा मानिसको आशा मरिसकेको थियो। उसले भीख मागेरै आफ्नो मन बुझाउने गर्थ्यो।

**प्रेरित ३ः४ः** पत्रुसले यस मानिसलाई दुःखी, अभागी सम्झेनन्, तर उसमा परमेश्वरको अत्यन्त शक्तिको प्रदर्शनको माध्यम देखे। पवित्र आत्माको अगुवाइ पाउँदा हाम्रा आँखाहरू ती मानिसहरूमाथि पर्नेछन्, जसलाई परमेश्वरले आशिष दिन चाहनुहुन्छ। राइफलका सबै गोलीहरू किन बड़बाद गरौं, हावामा किन पिटिरहौं ?

पत्रुसको आज्ञा थियोः 'हामीतिर हेर !' अरू केही पनि होइन, केवल यस भिखारीको ध्यान आफूतिर खिच्न यस आज्ञाको उद्देश्य थियो। पत्रुस र यूहन्नालाई कुनै विज्ञापन चाहिँदैनथियो।

**प्रेरित ३ः५-६ः** भीखै पाउने आशामा त्यस लङ्गड़ा मानिसले उनीहरूपट्टि ध्यान दियो। आर्थिक सहायताबाहेक उसले अरू के पाउने आशा गर्ने त ? तर जुन कुरा उसले अहिले सुन्न पाएको छ, त्यस कुराले उसको आशामाथि पानी फेरेको मात्र भयो; किनभने भीख भने पत्रुससँग थिएन। तर उसका रौंहरू ठड़ाइदिने कुरा के थियो भने, पत्रुससँग भीखभन्दा उत्तम कुरा भएको रहेछ। नासरतका येशू ख्रीष्टको अधिकारमा उनले यस लङ्गड़ालाई 'उठेर हिँड़' भन्ने आज्ञा गरे। भीख माग्ने यस अपाङ्ग भिखारीले खुट्टा पो पायो।

इटाली सान्त थोमस अख्विनसको टुक्का यस प्रकारको छ (इस्वी संवत् १२२५-१२७४): पोपले रासैसास पैसा गनिरहेको बेलामा थोमस अख्विनस तिनीकहाँ आइपुगेछन्। अनि पोपले गर्व गर्दै उनलाई भनेः 'अब त हामीले पत्रुसले जस्तो "चाँदी र सुन मसित छैन" भनिरहनुपर्दैन।' तब अख्विनसले तिनलाई जवाफ दिएः 'हजुरले ठिक्कै भन्नुभयो; किनभने कुरा स्पष्ट छः पत्रुसले जस्तो हजुरले "उठेर हिँड़ !" भन्न पनि सक्नुहुन्न।'

**प्रेरित ३ः७ः** पत्रुसले यस लङ्गड़ालाई आफ्ना खुट्टामा उभिन सहायता गरे। त्यस बेलामा त्यसका काम नलाग्ने खुट्टाहरू र गोलीगाँठाका हड्डीहरूमा बल पस्यो। यसबाट हामी के सिक्छौं भने, आत्मिक जीवनमा पनि यस्तै हुन्छः त्यसमा अद्भुत प्रकारले दुवै परमेश्वर र मानिस हातमा हात मिलेर काम गर्छन्। जब पत्रुसले यस मानिसलाई आफ्ना खुट्टामा उभिन साथ दिए, तब परमेश्वरले उसलाई निको पार्नुभयो। ठीक त्यस्तै हामी आफूले गर्न सक्ने काम गर्नुपर्छ, तब परमेश्वरले हामीले गर्न नसक्ने काम गर्नुहुन्छ।

**प्रेरित ३:८:** यो आश्चर्यकर्मरूपी चङ्गाइ तत्कालै भयो, बिस्तारै होइन। अनि परमेश्वरको आत्माले प्रयोग गर्नुभएका निम्न शब्दहरूमा ध्यान दिनुहोस्ः *'**बुरुक्क उफ्रेर ऊ उभियो, हिँड्यो र हिँड्दै, उफ्रँदै** र परमेश्वरको प्रशंसा गर्दै उनीहरूसित मन्दिरभित्र **पस्यो**।'* यी शब्दहरू क्रिया र चालले पूर्ण छन्।

कुनै बालक हिँड्न सिक्दा लड्दै-पड्दै र ताती गर्दै कति ढिलो हिँड्न सिक्छ। त्यो कुरा सम्झनामा राखेर यस मानिसका निम्ति कति अचम्म र अद्भुत कुरा भएछः उसको जीवनमा पहिलो चोटि हिँड्दा ऊ एकैक्षणमा सहजै हिँड्ने र उफ्रने भएको छ।

यो अचम्मको काम प्रभु येशूको नाममा गरिएको थियो। यसद्वारा इस्राएली जातिका निम्ति फेरि एक गवाही थपियो, जसले तिनीहरूलाई साक्षी दियो, कि तिनीहरूले क्रूसमा टाँगेका येशू जीवित हुनुहुन्छ। उहाँ तिनीहरूलाई निको पार्न र मुक्ति दिन तयार हुनुहुन्थ्यो।

**प्रेरित ३:९-१०:** यो भिखारी दिनदिनै मन्दिरको मूलढोकानिर बसिरहेको हुनाले मानिसहरू उससित सुपरिचित थिए। अब ऊ निको भएको थियो। यसकारण यो अचम्मको काम सार्वजनिक बोधमा आउनु अनिवार्य थियो। यो लुक्न सकेन। यहाँ एक शक्तिशाली आश्चर्यकर्म भएछ; मानिसहरूले यो मानिलिए। तर यसको मतलब के थियो होला?

**प्रेरित ३:११:** निको पारिएको यस मानिसले पत्रुस र यूहन्नालाई छोड्दैनथियो, तर उसले उनीहरूलाई आफ्ना डाक्टरजतिकै मान्यो। यसकारण सबै मानिसहरू मन्दिर-क्षेत्रभित्र पर्ने सुलेमानको दलानतिर एकसाथ दगुरेर भेला भए। यी अचम्म र ताजुप मानिरहेका मानिसहरूमा पत्रुसले प्रचार गर्ने एउटा सुअवसर पाए।

**प्रेरित ३:१२:** पत्रुसले पहिले तिनीहरूको ध्यान यस निको पारिएको मानिसबाट र आफूबाट हटाउनुपर्‍यो। किनभने न यस निको पारिएको मानिसमा, न यी प्रेरितहरूमा यस आश्चर्यकर्मको स्पष्टीकरण पाइन्छ।

**प्रेरित ३:१३-१६:** तत्कालै पत्रुसले तिनीहरूलाई अचम्मको काम गर्ने दाता को हुनुहुन्छ, सो सुस्पष्ट परिचय दिए। तिनीहरूले रद्द गरेका, तिरस्कार गरेका र हत्या गरेका येशू नै यी चङ्गाइकर्ता हुनुहुन्थ्यो।

परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो। उहाँ स्वर्गको महिमामा हुनुहुन्छ। अनि उहाँमाथि राखिएको विश्वासद्वारा यस असहायी मानिसले चङ्गाइ पायो।

पत्रुसको कत्रो साहस! उनले सीधै इस्राएली मानिसहरूलाई आरोप लगाउँछन्। अनि उनले लगाएको आरोप यस प्रकारको छः

**क)** तिनीहरूले प्रभु येशूलाई अन्यजातिहरूको हातमा न्यायको जाँचका निम्ति सुम्पे।

**ख)** राज्यपाल पिलातसले येशूलाई छोड्न खोजेको बेलामा तिनीहरूले उहाँलाई इन्कार गरे।

**ग)** तिनीहरूले ती पवित्र र धर्मी जनलाई इन्कार गरे, तर बरब्बा नामक ज्यानमाराको छुटकारा मागे।

**घ)** तिनीहरूले जीवनका कर्तालाई मारे।

अब परमेश्वरले प्रभु येशूसित गर्नुभएको व्यवहार विचार गरौंः

**क)** परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो (प्रेरित ३ः१५)।

**ख)** परमेश्वरले आफ्ना पुत्र वा आफ्नो सेवक येशूको महिमा गर्नुभयो (प्रेरित ३ः१३)।

अन्तमा हाम्रो ध्यानमा रहोस्ः ख्रीष्ट येशूमाथि राखिएको विश्वास-चाहिँ यस चङ्गाइरूपी आश्चर्यकर्मको स्पष्ट कारण थियो (प्रेरित ३ः१६)। यसको जोड़ उहाँमाथि राखिएको विश्वासमा छ। यस पदमा र अन्य ठाउँहरूमा पनि 'येशूको नाममा' भनेको अर्थ येशूको नाममा हामी उहाँलाई नै सम्झन्छौं। उहाँको नाममाथि विश्वास गर्नुको मतलब ख्रीष्ट येशूमाथि विश्वास गर्नु हो।

**प्रेरित ३ः१७ः** यस पदमा आएर पत्रुसको प्रवचन सुनाउने स्वर-शैलीमा परिवर्तन भएको छ। अघि उनले प्रभु येशूको हत्यामा इस्राएली मानिसहरूको हात भएको आरोप लगाएका छन् भने अबचाहिँ उनले तिनीहरूलाई जातीय दाजुभाइहरूको रूपमा प्रेमसाथ सम्बोधन गर्छन्।

उनले अनजानमा गरेको तिनीहरूको यो अधर्म माफ दिएर तिनीहरूलाई प्रभुकहाँ फर्कनमा ढिलो नगर्ने, तर आफ्ना पापहरूको सम्बन्धमा पश्चात्ताप गर्ने आग्रह गर्छन् ।

यहूदीहरूले प्रभु येशूलाई अनजानमा क्रूसमा टाँगे भनेर पत्रुसको कुरा सुन्दा कसैलाई विपरीत अर्थ लाग्न सक्छ । के प्रभु येशूले आफू मसीह हुँ भन्ने पूरा परिचय दिनुभएन ? के उहाँले तिनीहरूको बीचमा अचम्मका कामहरू गर्नुभएन र ? परमेश्वरसित बराबर हुने उहाँको दाबीले तिनी-हरूलाई रिसले चूर पारेन र ? हो, यी सबै कुराहरू सत्य छन् । तब तिनीहरूको अज्ञानता केमा थियो ? ख्रीष्ट येशू मानिसको चोला लिनुभएको परमेश्वर हुनुहुन्छ भन्ने कुरामा तिनीहरू अनभिज्ञ र अबुझ थिए । तिनीहरूको विचारमा, तिनीहरूका मसीहचाहिँ येशूजस्तै विनम्र र दीन अवस्थामा होइन, तर शक्तिशाली सैनिक उद्धारकको रूपमा आउनुपर्नेथियो । यसकारण प्रभु येशू तिनीहरूको दृष्टिमा धोकेबाज हुनुहुन्थ्यो ।

उहाँ वास्तवमा परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरा तिनीहरूले जानेनन् । उहाँलाई मारेर तिनीहरूले आफूलाई परमेश्वरको सेवा गरेको ठाने । यसैले क्रूसमा टाँगिनुभएको मुक्तिदाता प्रभु आफूले यसो भन्नुभयोः *'तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्'* (लूका २३ः३४) । अनि प्रेरित पावलले यस सम्बन्धमा यसो लेखेः *'किनकि संसारका शासकहरूले जानेका हुँदा हुन् ता तिनीहरूले महिमाको प्रभुलाई क्रूसमा टाँग्नेथिएनन्'* (१ कोरिन्थी २ः८) ।

यी इस्राएली मानिसहरूको पाप ठूलो थियो । तर पत्रुसको यस आश्वासनको उद्देश्य के थियो भने, परमेश्वरको अनुग्रह तिनीहरूको पापभन्दा अझै ठूलो भएको देखाउनु थियो । उहाँको अपार अनुग्रहमा तिनीहरूले पापको क्षमा पाउनु अझै पनि सम्भव थियो ।

**प्रेरित ३ः१८ः** पत्रुसले तिनीहरूलाई तिनीहरूको पापको विषयमा दोषमुक्त नगरी के देखाउन खोजे भने, यी सबै कुराहरूमा परमेश्वरको हात थियो । उहाँले आफ्ना अभिप्राय र उद्देश्यहरू पूरा गर्नुभयो र पूरा गर्नुहुनेछ । मसीहले सहनुपरेका दुःखहरूको विषयमा पुरानो नियमका

भविष्यवक्ताहरूले भविष्यवाणी गरेका थिए। अन्तमा उहाँलाई यी दुःखकष्टहरू दिनेहरू यी यहूदी मानिसहरू नै भए। तर अहिले उहाँले आफूलाई तिनीहरूको सामु प्रभु र मुक्तिदाताको रूपमा प्रस्तुत गर्नुहुन्छ। उहाँद्वारा तिनीहरूले आफ्ना पापहरूको क्षमा पाउनेछन्।

**प्रेरित ३:१९:** यी इस्राएली मानिसहरूले पश्चात्ताप गर्नुपर्छ, र फर्कनुपर्छ; त्यसपछि तिनीहरूका सबै पापहरू मेटिनेछन्। अनि प्रभुको उपस्थितिबाट शीतल पार्ने विश्रान्तिका समयहरू आउनेछन्।

हामीले याद गर्नुपर्छः यो सन्देश यहूदी मानिसहरूलाई दिइयो (प्रेरित ३:१२)। जातिको रूपमा तिनीहरूको पश्चात्ताप हुनुपर्छ, त्यसपछि मात्र तिनीहरूको पुनर्स्थापना हुनेछ र तिनीहरूले जातिको हिसाबले आशिष पाउनेछन्। परमप्रभुको उपस्थितिबाट विश्रान्तिका समयहरू आउने सन्दर्भचाहिँ ख्रीष्ट येशूले भविष्यमा पृथ्वीमाथि स्थापित गर्नुहुने आशिषहरूले पूर्ण राज्यको हो। यसको विषयमा आउँदो पदले स्पष्टीकरण दिन्छ।

**प्रेरित ३:२०:** इस्राएली जातिले पश्चात्ताप गरेपछि परमेश्वरले येशूलाई मसीहको रूपमा तिनीहरूकहाँ पठाउनुहुनेछ। अघिको पदको टिप्पणीअनुसार यसको सन्दर्भ ख्रीष्ट येशूको दोस्रो आगमन हो, जुन समयमा उहाँले यस पृथ्वीमाथि आफ्नो हजार वर्षको राज्य स्थापित गर्नुहुनेछ।

**प्रेरित ३:२१:** यहाँ, यस ठाउँमा निम्न प्रश्न उठ्नु अनिवार्य होः 'पत्रुसले प्रवचन गरेको यस बखतमै इस्राएली जातिले पश्चात्ताप गरेको भए के प्रभु येशू त्यस बेलामा संसारमा फर्केर आउनुहुनेथियो त?' यस सम्बन्धमा परमेश्वरका महान् भक्त दासहरूको बीचमा एकमत छैन। कतिजनाले 'हो, आउनुहुनेथियो; नत्र ता पत्रुसले गरेको प्रतिज्ञा साँचो प्रतिज्ञा हुनेथिएन' भन्छन् भने, अरूले यस खण्डको अर्थ भविष्यवाणीआत्मक लिने गर्छन्, जुन भविष्यवाणीले यी घटनाहरूको घटना-क्रम देखाउन खोज्यो। तर यो प्रश्न परिकल्पनाको फल हो। किनभने इस्राएली जातिले पश्चात्ताप गरेन, अनि प्रभु येशू फर्केर आउनुभएन।

प्रेरित ३ः२१ पदबाट कुरा स्पष्ट हुन्छ, कि इस्राएली जातिले ख्रीष्ट येशूलाई इन्कार गर्ने कुरा, साथै प्रभुको दोस्रो आगमन हुनुभन्दा अघि अनुग्रहको वर्तमान युग बीचमा हालिनेछ भन्ने कुरा परमेश्‍वरलाई अघिबाटै थाहा थियो। *'सबै कुराहरूको पुनर्स्थापनाका समयहरू नआउन्जेल स्वर्गले येशू ख्रीष्टलाई ग्रहण गर्नुपर्छ।'* सबै कुराहरूको पुनर्स्थापनाका समयहरूले हजार वर्षको राज्यलाई सङ्केत गरेका छन्। कतिको सुझाउअनुसार पुनर्स्थापनाका समयहरूमा सारा संसारका मानिसहरूले मुक्ति पाउनेछन् अरे। तर यस प्रकारको अनौठो शिक्षा पवित्र बाइबलको शिक्षासित मिल्दैन, तर त्यसको विपरीत छ। पुनर्स्थापनाका समयहरूले बरु यस विशेष समयलाई सङ्केत गर्छ, जुन समयमा सारा सृष्टिले विनाशको बन्धनबाट छुटकारा पाउनेछ; अनि ख्रीष्ट येशूले सम्पूर्ण पृथ्वीमाथि राजा भएर धार्मिकतासाथ राज्य गर्नुहुनेछ।

यी पुनर्स्थापनाका समयहरूको विषयमा पुरानो नियमका भविष्य-वक्ताहरूले भविष्यवाणी गरेका थिए।

यो प्रेरित ३ः२१ पद लिएर कतिले महासङ्कष्टकालको अघि घट्ने ख्रीष्ट-विश्‍वासीहरूलाई उठाइलैजाने सिद्धान्त खण्डन गर्न प्रयोग गरेका छन्। हजार वर्षको राज्यको शुरुसम्म स्वर्गले ख्रीष्ट येशूलाई ग्रहण गर्नुपर्छ भने उहाँ त्यस तोकिएको समयभन्दा अघि आफ्नो मण्डलीलाई स्वर्गमा लैजान आउन सक्नुहुनेछैन अरे। सही अर्थ लगाउने चाबी यसैमा छः यहाँ पत्रुसले इस्राएली मानिसहरूसित कुरा गरेका छन् (प्रेरित ३ः१२)। परमेश्‍वरले इस्राएली जातिसित कसरी बरताव गर्नुहुन्छ, यसको सिलसिला हो। इस्राएली जातिका निम्ति चाहिँ प्रभु येशू महासङ्कष्टकालको अन्तमा आएर राज्य नगरेसम्म स्वर्गमा रहनुहुनेछ। तर जुन यहूदी मानिसहरूले यस मण्डली-युगमा व्यक्तिगत रूपले प्रभु येशूमाथि विश्‍वास गर्छन्, यी यहूदीहरू विश्‍वास गर्ने अन्यजातिका मानिसहरूसँगै मण्डलीलाई उठाइलैजाने घटनामा सहभागी हुनेछन्। अनि यो घटना जहिले पनि, जुनसुकै क्षणमै घट्न सक्छ। अनि आफ्नो मण्डलीलाई उठाइलैजानका निम्ति प्रभु येशूले स्वर्गलाई छोड्नुहुनेछैन; किनभने हामी आकाशमा उहाँकहाँ उठाइनेछौं।

**प्रेरित ३ः२२ः** पत्रुसले यहाँ, यस ठाउँमा आएर व्यवस्था १८ः१५ र १८ः१८-१९ पदको खण्ड उद्धृत गरेका छन्। पुरानो नियमको भविष्यवाणीले ख्रीष्ट येशूको महिमित राज्यमाथि नजर लगाएको यो एक उदाहरण हो। यस खण्डमा प्रभु येशूचाहिँ परमेश्वरको यी भविष्यवक्ता हुनुहुन्छ, जसले इस्राएली जातिको सुनौलो युगमा तिनीहरूलाई परमेश्वरको इच्छा र व्यवस्था घोषणा गर्नुहुनेछ।

मोशाले भनेः *'परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका निम्ति मजस्तै एकजना भविष्यवक्ता खड़ा गर्नुहुनेछ।'* 'मजस्तै' भनेकोमा उनले आफूजस्तै चरित्र भएको वा आफूजस्तै क्षमताशील व्यक्ति भन्न खोजेका होइनन्। तर मोशा र ख्रीष्टको समानता केमा थियो? परमेश्वरले दुवैजनालाई खड़ा गर्नुभयो। जसरी उहाँले मोशालाई खड़ा गर्नुभयो, त्यसरी नै उहाँले ख्रीष्टलाई खड़ा गर्नुहुनेछ – यस भनाइको अर्थ हो।

**प्रेरित ३ः२३ः** पृथ्वीमाथि ख्रीष्ट येशूको राज्य स्थापित भएको समयमा जुन मानिसहरूले उहाँको कुरा सुन्न इन्कार गर्नेछन् र उहाँको आज्ञापालन गर्नेछैनन्, ती मानिसहरू नष्ट हुनेछन्। आचेल जुन मानिसहरूले उहाँलाई तिरस्कार गर्छन्, ती मानिसहरूले पनि अनन्त सजाय भोग्नेछन्। यस खण्डमा भन्न खोजेको मुख्य कुरा यस प्रकारको छः ख्रीष्ट येशूले फलामको डन्डा लिएर राज्य गर्नु बाँकी नै छ; अनि जतिजनाले उहाँको आज्ञापालन गर्दैनन्, तर उहाँको विरोधमा विद्रोह गर्छन्, तिनीहरू सबैलाई त्यत्ति बेलामा तत्कालै मृत्युदण्ड दिइनेछ।

**प्रेरित ३ः२४ः** यी पुनर्स्थापनाका समयहरूको विषयमा कुनै शङ्का छैन भन्ने कुराका निम्ति पत्रुसले थप दृढ़करणको रूपमा शमूएलदेखिका सबै भविष्यवक्ताहरूका नाम लिन्छन्। तिनी र तिनीपछि सबैजनाले यी दिनहरूको विषयमा भनेका थिए।

**प्रेरित ३ः२५ः** यी यहूदी मानिसहरूलाई ती आशिषका दिनहरूको प्रतिज्ञा किन गरिएको छ? किनभने यिनीहरू ती भविष्यवक्ताहरूका सन्तान र अब्राहामको वंश थिए। किनभने *'तिम्रो वंशमा पृथ्वीका सबै घरानाहरूले आशिष पाउनेछन्'* भन्ने प्रतिज्ञा गरेर परमेश्वरले अब्राहामसित एउटा वाचा बाँध्नुभएको थियो। हजार वर्षको राज्यको आशिषको

सम्बन्धमा जति प्रतिज्ञाहरू छन्, ती सबै प्रतिज्ञाहरू अब्राहामको ख्रीष्टरूपी वंशमा केन्द्रित रहनेछन् । यसकारण पत्रुसको प्रवचन सुन्ने यी मानिसहरूले प्रभु येशूलाई ख्रीष्टको रूपमा ग्रहण गर्नुपर्छ । पत्रुसको आह्वान यो थियो ।

**प्रेरित ३ः२६ः** परमेश्वरले येशू आफ्ना सेवकलाई बौराएर उठाउनुभयो (प्रेरित ३ः१३), र पहिले उहाँलाई इस्राएली जातिकहाँ पठाउनुभयो। यस अनुवादमा सुधार गर्नु छ; किनभने हाम्रा प्रभुको बौरिउठाइ यस पदको सन्दर्भ होइन, तर उहाँले मानिसको चोला धारण गर्नुभएको उहाँको जीवन हो। यसकारण परमेश्वरले यी मानिसहरूका निम्ति येशू आफ्ना सेवकलाई मसीहको रूपमा खड़ा गर्नुभएको हो। यसको अर्थ यो हुनुपर्छ (प्रेरित ३ः२२) । पहिले यी मानिसहरूले उहाँलाई ग्रहण गर्नुपर्छ, तब उहाँले तिनीहरूमध्ये एक-एकजनालाई आ-आफ्ना अधर्महरूबाट फर्काएर ल्याउनुहुनेछ ।

यी इस्राएली जातिका मानिसहरूका निम्ति पत्रुसको यो प्रवचन थियो । ख्रीष्टको मण्डली नभएर उहाँको राज्य यस प्रवचनको सन्दर्भ हो । अनि प्रवचनको जोड़ व्यक्ति विशेषमाथि होइन, तर सम्पूर्ण इस्राएली जातिमाथि गरिएको हो । परमेश्वरको आत्माले इस्राएली जातिसित धीरज धार्नुभयो; उहाँको कृपा महान् छ। उहिलेदेखि परमेश्वरको चुनिएको जाति भएका यी यहूदी मानिसहरूले महिमित प्रभु येशूलाई मसीहको रूपमा ग्रहण गर्नुपर्छ । यसो गरेर यिनीहरूले ख्रीष्ट येशूको दोस्रो आगमन छिटो ल्याउनेछन्, अनि उहाँको आगमनको साथ पृथ्वीमाथि उहाँको राज्य ल्याउनेछन् । तर इस्राएली जातिले नसुन्ने रहेछ ।

## च) प्रेरित ४ः१-७ः६०ः सतावटमा परेको ख्रीष्टको मण्डलीमा वृद्धि हुनेछ ।

**प्रेरित ४ः१-४ः** अबचाहिँ भर्खरै जन्मेको ख्रीष्टको मण्डलीमाथि प्रथम सतावट आइपर्न लागेको छ। अनि सतावटको नियम यस्तै छः सतावट धर्मनेताहरूबाट आउँछ नै; पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू प्रभुका प्रेरितहरूको विरोधमा उठे ।

यस सम्बन्धमा श्री डब्लू. ग्राहम स्क्रोग्गीले यस प्रकारको सुझाउ दिएका छन्ः

> 'पूजाहारीहरूले अरू धर्म र मतहरूप्रतिको असहनशीलतालाई सङ्केत गर्छन् भने मन्दिरका कप्तानले चाहिँ राजनैतिक शत्रुतालाई चित्रण गर्छन्। अनि सदुकीहरूले अविश्वासरूपी हेतुवादलाई सङ्केत गर्छन्; किनभने यिनीहरूले मरेकाहरूको पुनरुत्थान हुनेछ भन्ने शिक्षा सरासर इन्कार गरे।'

यस कुराले यिनीहरूलाई प्रभुका प्रेरितहरूका बैरी तुल्यायो; किनकि प्रेरितहरूको प्रचारको मुख्य बुँदा प्रभुको बौरिउठाइ थियो। श्री सी. एच. स्पर्जनले यसमा श्री स्क्रोग्गीले जस्तै निम्न समानता देखेः

> 'तपाईंहरूलाई थाहै छ, सदुकीहरू त्यस जमानाका आधुनिक विचार-धारणा अपनाउने अग्रिम विचारकहरू थिए। यिनीहरू उदारवादी थिए, बहुमुखी विद्यालयका विद्यार्थी थिए। कटु उपहास, तिक्त व्याङ्ग्य वा क्रूर व्यवहार किन नहोस्, यी विशाल मन भएका महानुभावहरूको सीप यसैमा थियो। सत्यता कायम राख्नेहरूसित बाहेक यिनीहरू अरू सबै मानिसहरूसित उदारचित्तका व्यवहार गर्छन्। तर सत्यता मान्नेहरूका निम्ति तीतेपाती र पित्तभन्दा बढ़ी तिक्त यिनीहरूको कड़ाभन्दा कड़ा भावना राखिरहेको छ। आफ्नो सिद्धान्तअनुसार 'भूलमा' परेका भाइहरूप्रति उदारचित्त हुनुपर्नेहरूले किन इवन्जेलिकलहरूलाई अलि-कति पनि सहन सक्दैनन्?' **17)**

प्रभुका प्रेरितहरूले मानिसहरूलाई शिक्षा दिएको यी अगुवाजनहरूले सहन सकेनन्। शिक्षा दिने काम यिनीहरूको पेवा थियो। अनि प्रेरितहरूले येशूमा मरेकाहरूको पुनरुत्थानको दाबी गरेका छन्; यस कुराले यिनीहरूको रिस उठाइदियो। किनकि प्रभु येशू मरेकाहरूबाट बौरि-उठ्नुभयो भने सदुकीहरू भूलमा परे। यिनीहरू पत्यार नलाग्दा भए।

प्रेरित ४:२ पदमा मरेकाहरूबाटको पुनरुत्थानचाहिँ मुख्य वाक्य हो। यस वाक्यमा ध्यान दिनुपर्ने कुरा के हो भने, लोकप्रिय धारणाअनुसार संसारको अन्तमा सबै मानिसहरूको पुनरुत्थान हुनेछ। अरू खण्डहरूले जस्तै यस पदले पनि मरेकाहरू***को बीचबाट*** बौरिने कुरा गरेको छ; यहाँ

यस लोकप्रिय धारणा गलत साबित गर्ने कुरा लेखिएको छ। किनभने कति मानिसहरूको पुनरुत्थान हुँदाखेरि अरू मानिसहरू, जो अविश्वासी मानिसहरू हुन्, पछि हुने समयका निम्ति चिहानहरूमा छोड़िनेछन्।

यी अगुवाहरूले प्रेरितहरूलाई भोलिपल्टसम्म नजरबन्दीमा राख्ने निर्णय गरे; किनभने त्यो दिन धेरै बितिसकेको थियो। प्रेरितको पुस्तकको तीन अध्यायमा उल्लेख गरिएको जन्मदेखिको लङ्ङड़ाको चङ्गाइको अचम्मको काम प्रायः दिउँसो तीन बजेमा भएको थियो।

धर्मगुरुहरूबाट विरोध आउँदा-आउँदै पनि धेरै मानिसहरू प्रभुकहाँ फर्के। लगभग पाँच हजारजति पुरुषहरू ख्रीष्टको मण्डलीमा थपिए। पेन्टेकोष्टको दिनमा प्रभुमा आएका तीन हजार मानिसहरू यी पाँच हजारमा गन्ती गरेको वा गन्ती नगरेको कुरामा टिप्पणीकारहरूको एकमत छैन। तर निश्चित छः यी पाँच हजारमा स्त्रीहरू र केटाकेटीहरू गनिएका छैनन्।

**प्रेरित ४:५-६:** भोलिपल्ट 'सन्हेद्रिन' नामक महासभा राखियो, धार्मिक जाँचपड़तालको निम्ति; किनकि जस्तो भए पनि यी सार्वजनिक उपद्रवी क्रियाकलापहरू बन्द गर्नुपरेको थियो। तर प्रेरितहरूलाई ख्रीष्ट येशूका निम्ति गवाहीको दोस्रो मौका दिनुबाहेक तिनीहरू यसमा सफल भएनन्।

यहूदीहरूका शासकहरू, बूढ़ा प्रधानहरू र शास्त्रीहरू लगायत निम्न व्यक्ति उपस्थित थिएः

**क)** *महापूजाहारी हन्नासः* प्रभु येशूको पक्राउपछि उहाँलाई पहिले ती हन्नासकहाँ लगिएको थियो। तिनी खास गरी भूतपूर्व महापूजाहारी थिए; हुन सक्छ, तिनको महापूजाहारीको उपाधि कायम राख्नु शिष्ट आचरणको फल थियो होला।

**ख)** *कायफाः* उनी हन्नासको जुवाइँ थिए। उनी प्रभुको धार्मिक जाँचको अध्यक्ष थिए।

**ग)** *यूहन्ना र अलेक्जान्डरः* तिनीहरूको बारेमा अर्को जानकारी छैन।

**घ)** *महापूजाहारीका सबै आफन्तहरूः* तिनीहरू महापूजाहारीको वंशका थिए।

**प्रेरित ४:७:** एउटा प्रश्नबाट धार्मिक न्यायजाँच शुरु भयो। तिनीहरूले प्रेरितहरूलाई सोधे: *'कुनचाहिँ सामर्थ्यमा अथवा कुनचाहिँ नाममा तिमीहरूले यो काम गरेका हौ?'* फेरि पत्रुस अघि सर्छन्, र यरूशलेममा तेस्रो पल्ट खुला रूपले ख्रीष्ट येशूको साक्षी दिन्छन्। यो जाँच यी नाम चलेका धर्मनेताहरूको सामु ख्रीष्टको सुसमाचार सुनाउने अमूल्य सुनौलो अवसर भयो। अनि निडर पत्रुसले उत्सुकतासाथ यो मौका छोपिहाले।

**प्रेरित ४:८-१२:** पहिले, उनले तिनीहरूलाई के याद दिलाउँछन् भने, गजबको कुरा: प्रेरितहरूद्वारा एकजना असहायी मानिसका निम्ति गरिएको भलाइको कामले कसरी तिनीहरूलाई बेखुशी तुल्याउन सक्यो? पत्रुसले अझ भन्न सक्नेथिए, तर आफूलाई यसो भन्नुदेखि रोके: मन्दिरको मूलढोकानिर यो लङ्गड़ा मानिस भीख माग्दै निक्कै समयसम्म त्यहाँ पड़िरहेको थियो, तर यी शासकहरूले उसलाई निको पार्न सकेनन्। वज्रपातले हानेजत्तिकै पत्रुसको यस भनाइले तिनीहरूलाई लागेको हुनुपर्छ: 'जुन नासरतका येशू ख्रीष्टलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, यही येशू ख्रीष्टको नामद्वारा यो मानिस निको भएको हो; उहाँको शक्तिमा यो अचम्मको काम भएको हो। परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो।' यहूदीहरूले प्रभु येशूका निम्ति आफ्नो धर्मसिद्धान्तरूपी निर्माण-कार्यमा कुनै ठाउँ पाएनन्; यसैले तिनीहरूले उहाँलाई निकम्मा मानेर रद्द गरे र उहाँलाई क्रूसमा टाँगे। तर परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो र उहाँलाई उच्च स्वर्गको महिमामा उचाउनुभयो। यसरी नै रद्द गरिनुभएको ढुङ्गा मुख्य कुनेढुङ्गा पो बन्नुभयो। यी शिर-ढुङ्गाविना जुनसुकै भवन-निर्माण अपूरा हुनेछ। ख्रीष्ट येशू नभई नहुने अनिवार्य वस्तु हुनुहुन्छ। उहाँविना मुक्ति छैन। उहाँ एकमात्र मुक्तिदाता हुनुहुन्छ। स्वर्गमनि मानिसहरूको बीचमा मुक्ति पाउनलाई अरू कुनै नाम नै छैन। मुक्ति पाउनु हो भने हामीले यही येशूको एकमात्र नाममा मुक्ति पाउनैपर्छ।

हालैमा हामीले प्रेरित ४:८-१२ पदको खण्ड पढ़्यौं; यसो गर्दा हामीले याद गर्नुपर्छ, कि यी शब्दहरू शपथ खाँदै र आफूलाई श्रापमा बाँध्दै प्रभुलाई तीनपल्ट इन्कार गर्ने मानिसले बोलेका हुन्।

**प्रेरित ४:१३:** आफ्नो रूपमा मस्त हुने सुक्खा धर्मले यस्तो जीवित उत्तेजक ताजा सुसमाचार सहन सक्दैन, जुन सुसमाचारको प्रभावले मानिसहरूका हृदय र जीवन परिवर्तन गर्छ। ती धर्मनेताहरू जिल्लाराम भए, निरुत्तर भए; किनभने यी अनपढ़ र अशिक्षित मानिसहरूले जनतामाथि ठूलो प्रभाव पारेका छन्, जब तिनीहरू आफूले आफ्नो भएभरको बुद्धि लगाएर पनि कुनै आत्मिक सिन्का भाँच्न सकेनन्।

'नयाँ नियममा धर्मअधिकारीवर्ग र सर्वसाधरण विश्वासीहरूको बीचमा छुट्ट्याइँदैन। योचाहिँ रोमन क्याथोलिक चर्चको प्रथा हो, जुन प्रथाको अवशेष यता हामीमा रहेको छ। जेकोस्लोभाकियामा श्री यान हुस्सचाहिँ यही कारणले शहीद बने; किनभने उनी सबै विश्वासीहरू पूजाहारीहरू हुन् भन्ने सिद्धान्तका निम्ति लड़ेका थिए। अनि आजको दिनसम्म हुस्सीहरूको प्रतीक-चिन्ह खुला बाइबलमाथि राखिएको प्रभु-भोजको कचौरा हो। शुरुको मण्डलीको गतिशील शक्तिचाहिँ राजकीय पूजाहारीगिरीको यो सिद्धान्त थियो। अनि मण्डलीको हरेक विश्वासी एक गवाही थियो। आधुनिक समाग्रीहरूविना, यातायातको कुनै प्रबन्धविना, परमेश्वरको वचनको अनुवाद र छापेका बाइबल-पुस्तकहरूविना परमेश्वरको अनुग्रहको सुसमाचारले सम्पूर्ण रोमी साम्राज्यलाई यहाँसम्म हल्लायो, कि सम्राटको घरानामा समेत पवित्र जनहरू थिए। परमेश्वरले हामीलाई यस प्रकारको शुरुको इसाईधर्ममा फर्काउने आह्वान गर्नुहुन्छ।' **18)**

पत्रुस र यूहन्नाको साहस देखेर महासभाका सदस्यहरू अक्क न बक्क भए। तिनीहरूले यी प्रेरितहरूलाई गालीलका अशिक्षित र मूर्ख जलाहारी ठानेर एकैपल्टमा झट्टै पन्छाउन चाहे। तर प्रेरितहरूको संयम, उनीहरूको ईश्वरीय शक्तिले पूर्ण जीवन, उनीहरूको हिम्मत देखेर तिनीहरूलाई जसोतसो प्रभु येशू न्यायको जाँचमा तिनीहरूको सामु उभिनुभएको आलो सम्झना भयो। तिनीहरूले बुझेः बितेको समयमा यी प्रेरितहरू येशूको साथमा भएको हुनाले अहिले यिनीहरू यति साहसी बने। तर उनीहरूको साहसको खास कारण यो थियोः अहिले उनीहरू पवित्र आत्माले भरिएका थिए।

**प्रेरित ४:१४-१८:** महासभाको सामु त्यो निको पारिएको लङ्गड़ा मानिस उभिएको कुराले तिनीहरूलाई लज्जित तुल्यायो। अचम्मको काम भएन भनेर कसरी भन्ने? यसको निम्ति ठावैं रहेन।

श्री जे. एच. जोवेटले यसो लेखेका छन्ः 'जटिल तर्कहरू गर्नुमा तपाईंभन्दा सिपालु मानिसहरू होलान्; अनि दिमागी विवाददेखि तपाईंले सजिलोसँग हार खानुपर्ला। यसमा कुनै पर्वाह छैन। किनभने मुक्ति पाएको मानिसको जीवन यस्तो शक्तिशाली तर्क हो, जसको तर्क-हत्या गर्न सकिँदैन। *"त्यस निको पारिएको मानिसलाई उनीहरूसँगै उभिरहेको देखेर तिनीहरूले यस कुराको विरोधमा केही पनि भन्न सकेनन्।" '* **19)**

यी प्रेरितहरूप्रति कुन प्रकारको काम गर्ने नीति अपनाउनु हो, सो कुरा छलफल गर्न तिनीहरूले केही समयको निम्ति पत्रुस र यूहन्नालाई महासभादेखि बाहिर पठाए। तिनीहरूको समस्या यस प्रकारको थियोः यी प्रेरितहरूले एउटा भलाइको काम गरेकोमा तिनीहरूले उनीहरूलाई सजाय दिन मिल्दैन। तर कुनै न कुनै तरिकाले यी हठधर्मीहरूलाई रोक्नुपर्छ, नत्र ता तिनीहरू आफ्नो धर्मका कति सदस्य-सदस्याहरूलाई गुमाउनुपर्ने ठूलो जोखिममा पर्नेछन्। यसकारण तिनीहरूले फैसला गरेः पत्रुस र यूहन्नाले मानिसहरूसित प्रभु येशूको विषयमा व्यक्तिगत रूपले कुरा गर्न पाउनेछैनन् र खुलमखुल्ला येशूको प्रचार गर्न पनि पाउनेछैनन्।

**प्रेरित ४:१९-२०:** तर पत्रुस र यूहन्ना यस महासभाद्वारा आफूमाथि लगाइएको यस प्रकारको रोकावटमा राजी हुन सकेनन्। मानिसहरूप्रति भन्दा त परमेश्वरप्रति निस्ठावान् रहनु र आफ्नो कर्तव्य पूरा गर्नु नै उनीहरूको प्राथमिकता थियो। ती शासकहरू इमानदार हुनु हो भने, तिनीहरूले यसमा आफ्नो सहमति जनाउनुपर्नेथियो। यी प्रेरितहरू ख्रीष्ट येशूको बौरिउठाइ र उहाँको स्वर्गारोहणका प्रत्यक्ष गवाही थिए। दिनदिनै उनीहरूले उहाँको शिक्षा सुनेका थिए। तब उनीहरूले आफ्ना प्रभु र मुक्तिदाता येशू ख्रीष्टको गवाही कसरी नदिनु? असम्भव!!

**प्रेरित ४:२१-२२:** ती शासकहरूले प्रेरितहरूलाई सजाय दिन सकेनन्। यसमा तिनीहरूको गल्ती पक्रिन्छ। सबै मानिसहरूलाई विदितै थियो, कि परमेश्वरको अनुग्रहमा एउटा अचम्मको काम भएको हो। यो

लङ्‌ड़ा मानिसको उमेर चालीस वर्षभन्दा बढ़ी थियो। उसको लामो समयसम्म भइरहेको यो दयनीय स्थिति सबै मानिसहरूले जान्दथिए। यसकारण उक्त महासभाले अरू बढ़ता केही गर्न नसकेर यी प्रेरितहरूलाई धम्की दिएपछि छोड़िहाल्यो।

**प्रेरित ४ः२३ः** ती अधिकारीहरूले यी प्रेरितहरूलाई छोड्नेबित्तिकै उनीहरू सीधा आफ्ना सङ्गी-विश्वासीहरूकहाँ गए। यस प्रकारको जन्मसिद्ध सहज-बुद्धि परमेश्वरका सन्तानमा मात्र पाइन्छ। उनीहरूले आफ्नो सङ्गति यस हाँपभ्फाँप र हड़बड़ गर्ने बगालमा खोज्छन् र पाउँछन्, जसको एकमात्र अपराध ख्रीष्टलाई मान्नुमा थियो। ख्रीष्ट-विश्वासीको गुण-अवगुण पत्ता लगाउनलाई युगयुगमा लागू हुने एकमात्र जाँच यस प्रकारको छः उसले कहाँ सङ्गति गर्छ र कससँग मित्रता राख्छ ?

**प्रेरित ४ः२४-२६ः** जब पवित्र जनहरूले यी प्रेरितहरूको मुखबाट यिनीहरूलाई के-के भएको थियो, सो सब सुने, तब उनीहरूले प्रार्थनामा प्रभुलाई पुकारे। उनीहरूले यहाँ, प्रार्थना गर्दा परमेश्वरलाई 'हे सर्वोच्च मालिक' भनेर सम्बोधन गर्छन्; 'डेस्पोटेस' ग्रीक शब्दको अर्थ यही हो। नयाँ नियममा यो शब्द कम्ती मात्रामा प्रयोग गरिएको छ। पहिले उनीहरूले परमेश्वरलाई सृष्टिकर्ताको रूपमा प्रशंसा गर्छन्; किनभने उहाँले सबै थोकहरू सृष्टि गर्नुभयो। यसकारण उहाँ उहाँको सत्यताको विरोध गर्ने ती मानिसहरूभन्दा धेरै महान् हुनुहुन्छ। तिनीहरू उहाँकै सृष्टि हुन्। त्यसपछि उनीहरूले आफ्नो प्रार्थनामा भजन दुई अध्यायबाट राजा दाऊदका शब्दहरू हाल्छन्, जुन शब्दहरू तिनले पवित्र आत्माको प्रेरणाद्वारा परमेश्वरको अभिषिक्त जन 'ख्रीष्ट'को विरोधमा उठ्ने यी शासन-अधिकारीहरूको सम्बन्धमा बोलेका थिए। वास्तवमा, यस दोस्रो भजनले ख्रीष्ट येशूले आफ्नो राज्य स्थापित गर्ने समय ताकेको हो, जब संसारका राजाहरू र शासकहरूले उहाँलाई यसो गर्नमा बाधा दिनेछन्। तर शुरुका यी विश्वासीहरूले के महसुस गरे भने, अहिलेको परिस्थिति पनि उस्तै-उस्तै रहेछ; यसकारण उनीहरूले यी शब्दहरू आफ्नो परिस्थिति-अनुसार प्रयोग गरेका छन्। आफ्ना प्रार्थनाहरूमा पवित्र धर्मशास्त्र बाइबलका शब्दहरू बुनेर उनीहरूले यस प्रकारको ईश्वरीय कौशलद्वारा पक्का आत्मिकता देखाए।

**प्रेरित ४ः२७-२८ः** उनीहरूले यस भजनका शब्दहरूमा कुन अर्थ लगाए, सो कुरा यहाँ स्पष्ट हुन्छः यरूशलेममै रोमीहरू र यहूदीहरू मिलेर परमेश्वरको पवित्र सेवक[20] येशूको विरोधमा उठेछन् । यहाँ राजा हेरोद यहूदीहरूको प्रतिनिधि हुन् र पोन्तियस पिलातसचाहिँ अन्यजातिहरूको प्रतिनिधि हुन् । तर प्रेरित ४ः२८ पदमा तिनीहरूको विद्रोहले अचम्मको अन्त लिएको छ । पक्का पनि यी शासकहरूले आफ्ना दुष्ट हृदयमा रचेका योजनाहरू पूरा गरे भन्ने अनुमान गरिन्छ । तर वचनले के भन्दछः जुन-जुन कुराहरू परमेश्वरको हात र अभिप्रायले अघिबाट ठहराएका थिए, केवल ती कुराहरू पूरा गर्न तिनीहरू भेला भएका रहेछन् । श्री जर्ज म्याथेसोनले यसको व्याख्या गरेर भनेका छन्ः

> 'यहाँ भनेको कुराको अर्थ पक्रने कोशिश गरौं ! यी मानिसहरूले परमेश्वरको इच्छाको विरोधमा उठ्ने जुन प्रयास गरे, यो प्रयासचाहिँ उहाँको इच्छा पूरा गर्ने सहयोग र माध्यम पो बन्न पुगेछ । ... ख्रीष्टको विरोधमा लड़ाइँ गर्ने सल्लाहमा तिनीहरूको मन मिल्यो; तर जुन सन्धि तिनीहरूले गरे, त्यो सन्धि त तिनीहरूको अनजानमा ख्रीष्टको महिमाको वृद्धि गर्ने कारण पो भएछ । हाम्रा परमेश्वरले आफ्नो विरोधमा उठेका आँधीबेह्रीहरू हिर्काएर शान्त पार्नुहुन्न, तर उहाँ त ती आँधीबेह्रीहरूमा सवारी पो गर्दै हुनुहुन्छ; उहाँले ती आँधीबेह्रीहरूद्वारा आफ्नो काम पो पूरा गर्नुहुन्छ ।' [21]

**प्रेरित ४ः२९-३०ः** परमेश्वरको शक्तिमा विजय छ भन्ने कुरामा दृढ़ भरोसा प्रकट गरेपछि यी ख्रीष्ट-विश्वासीहरूले उहाँलाई निम्न तीनवटा विशेष विन्ती चढ़ाएः

**क)** *'तिनीहरूका धम्कीहरू हेर्नुहोस् !'* उनीहरूले परमेश्वरलाई ती दुष्ट मानिसहरूलाई दण्ड दिने आदेश दिने दुःसाहस गरेनन्, तर यस विषयमा फैसला गर्ने अधिकार उहाँको हातमा छोड़े ।

**ख)** *'आफ्ना दासहरूलाई पूरा साहस दिनुहोस् !'* उनीहरूका निम्ति आफ्नो सुरक्षा महत्त्वपूर्ण थिएन, तर निर्भयसित परमेश्वरको वचन प्रचार गर्नुचाहिँ उनीहरूले आफ्नो परम कर्तव्य सम्झे ।

**ग)** *'निको पार्नलाई आफ्नो हात बढ़ाउनुहोस् !'* शुरुमा परमेश्वरले चिन्हहरू र अचम्मका कामहरूद्वारा सुसमाचारको प्रचारको समर्थन गर्नुहुन्थ्यो। यी चिन्ह र आश्चर्यकर्महरू येशूको नामद्वारा गरिन्थ्यो। परमेश्वरलाई यही विन्ती चढ़ाइन्छः चिन्ह र अचम्मका कामहरूद्वारा प्रेरितहरूको सेवकाइ पुष्टि गर्ने काममा निरन्तरता भइरहोस् !

**प्रेरित ४ः३१ः** उनीहरूले प्रार्थना गरेपछि त्यो ठाउँ हल्लियो। त्यस ठाउँमा आत्मिक शक्ति कति हुँदो रहेछ, सो कुरा प्रकृतिले प्रत्यक्ष रूपले प्रकट गऱ्यो। प्रभु येशूप्रति आज्ञाकारी भएको, ज्योतिमा हिँड़ेको र उहाँमा समर्पित भएको पक्का प्रमाणस्वरूप उनीहरू सबैजना पवित्र आत्माले भरिए। उनीहरूले साहससित परमेश्वरको वचन बोले। प्रेरित ४ः२९ पदमा चढ़ाइएको प्रार्थनाको स्पष्ट उत्तर हो यो।

प्रेरितहरूको पुस्तकमा विभिन्न समयहरूमा मानिसहरू पवित्र आत्माले भरिए, वा तिनीहरू पवित्र आत्माले भरपूर थिए भन्ने कुरा उल्लेख गरिएको छ। यसको उद्देश्य के थियो ? र यस अनुभवका प्रतिक्रियाहरू के-के थिए, सो ध्यानसित अध्ययन गर्नुहोस् !

- ⇨ **प्रेरित २ः४, ४ः८ र ४ः३१ः** पवित्र आत्माले भरिएकाहरू परमेश्वरका निम्ति बोले।
- ⇨ **प्रेरित ६ः३ः** पवित्र आत्माले भरपूर मानिसहरूले सेवा गरे।
- ⇨ **प्रेरित ११ः२४ः** पवित्र आत्माले भरपूर भएको बर्नबासले अरूलाई अर्तीउत्साह दिए।
- ⇨ **प्रेरित १३ः९ः** पवित्र आत्माले भरिएका प्रेरित पावलले हप्काए।
- ⇨ **प्रेरित ७ः५५ः** पवित्र आत्माले भरिएका स्टिफनसले शहीद हुने बेलामा स्वर्ग खोलिएको देखे र यस दिव्य दर्शनको साक्षी दिए।

**प्रेरित ४ः३२-३५ः** ख्रीष्ट येशूप्रति जस-जसको हृदयमा प्रगाढ़ प्रेम छ, उनीहरूले एक-अर्कालाई पनि प्रगाढ़ प्रेम गर्छन्। प्रेम कसरी प्रकट

हुन्छ ? प्रेम गर्नेले दिन्छ। यसकारण शुरुका विश्वासीहरूका सबै थोकहरू साझा हुन्थे। ख्रीष्टमा उनीहरूको जनजीवनको पक्का प्रमाण यसैमा थियो। आफूसँग भएको सम्पत्ति 'मेरो हो' भन्नुको सट्टामा उनीहरूले आफ्नो सम्पत्ति सारा मण्डलीको ठाने। अनि जब-जब कसैलाई केही आवश्यकता परेको थियो, तब उनीहरूले कसैको जग्गा-जमिन वा घरहरू बेच्थे, र बेचिएका चीजहरूको दाम प्रेरितहरूकहाँ ल्याउँथे, जसले त्यसको वितरण गर्थे। महत्त्वपूर्ण कुरा के हो भने, खाँचो परेको बेलामा मात्र त्यसको वितरण हुन्थ्यो। सबैजनालाई पुग्ने गरी बराबर बाँड़िने कुरा कुनै हातलमा भएको छैन यहाँ।

श्री एफ. डब्ल्यू; ग्राण्टले यसरी यसको स्पष्टीकरण गरेका छन्ः

'यहाँ सबैजनाले एकैपल्टमा आफ्नो सारा व्यक्तिगत सम्पत्तिको अधिकार छोड़ेनन्, तर यहाँ साँचो प्रेम थियो, जसले अरूको खाँचो देखेर आफ्ना आँखाहरू बन्द गर्न सकेन। आफ्नो हृदयको सहज-बुद्धिको पछि लागेर उनीहरूले स्वर्गमा आफ्नो साँचो धन भेट्टाइहाले, जुन स्वर्गको ठाउँमा बौरिउठ्नुभएको ख्रीष्ट येशू जानुभएको थियो र जुन ठाउँमा उहाँ हुनुहुन्छ।' **22)**

श्री एफ. ई. मार्शले आजभोलिका इसाईहरूको अवस्थामाथि नजर लगाएर व्यङ्गयात्मक पाराले आफ्नो विचार यसरी प्रकट गरेका छन्ः

'शुरुको मण्डली र आचेलको इसाईधर्मको बीचको भिन्नता केमा छ ? यस विषयमा एकजनाले आफ्नो दुःख पोख्दै यसो व्यक्त गरेका छन्ः प्रेरितहरूको पुस्तकको लेखक लूकाले प्रारम्भिक मण्डलीको विषयमा नभएर आचेलको इसाईधर्मको वातावरणको वर्णन गर्नुपरेको भए उनले प्रेरित ४ः३२-३५ पदको खण्डमा अरू शब्दहरू प्रयोग गर्नेथिए। उनले यो खण्ड यस प्रकारले लेख्नेथिए होलान्ः "प्रभु येशूलाई स्वीकार गर्ने भीड़ैभीड़ मानिसहरूको मन कठोर र तिनीहरूको हृदय ढुङ्गाको जस्तै कड़ा छ। अनि हरेकले आफ्नो हातमा भएका सबै थोकहरूको विषयमा 'यी मेरै हुन्' भन्छ। तिनीहरूका सबै थोकहरू फेसनको नयाँ ढाँचा-काँचाअनुसारका थिए। यस संसारले तिनीहरूलाई कहाँसम्म आकर्षण

> गरेको छ, सो कुराको शक्तिशाली गवाही तिनीहरूको जीवन हो। सबैजनामा ठूलो स्वार्थ छ। प्रेमको कमी, त्यसको अभाव प्रायः सबैमा छ; किनभने जस-जसका जग्गा-जमिनहरू छन्, तिनीहरूले आफ्नो धनमाथि धन थपेर अझ बढ़ी सम्पत्ति बटुल्छन्, र त्यसको सानो अंश कुनै कल्याण-कार्यमा खर्च गर्लान्। तिनीहरूले दान गरेको कुरा तिनीहरूको नामसहित समाचार-पत्रिकाले छापेर प्रचार गर्छ। यसरी सम्मान खोज्ने हरेक मानिसले चिताएको जति प्रशस्त सम्मान पाउँछ।" ' **23)**

जुन मानिसको जीवन प्रभुमा पूरा समर्पित हुन्छ, त्यस मानिसको जीवनमा एउटा रहस्यमय शक्तिले काम गर्छ। यसकारण हामी प्रेरित ४:३३ पदमा झुकेर पढ्‌दैनौं: *'प्रेरितहरूले बड़ो सामर्थ्यसित प्रभु येशूको बौरिउठाइको गवाही दिन्थे; अनि तिनीहरू सबैमाथि ठूलो अनुग्रह थियो।'* मलाई के लाग्छ भने, जब परमेश्‍वरले यस्ता मानिसहरूलाई भेट्टाउनुहुन्छ, जसले आफ्ना धनसम्पत्ति उहाँलाई सुम्पन्छन्, तब उहाँले उनीहरूको गवाही शक्तिशाली र प्रभावकारी तुल्याउनुहुन्छ।

दुःखको कुरा होः 'शुरुको मण्डलीको जनजीवनमा उनीहरूले निस्वार्थसाथ आफ्नो सम्पत्ति बाँड़चूड़ गरेका देखेर यो वितरण-कार्य त अस्थायी थियो, र हामीले देखासिकी गर्नुपर्ने उदाहरण होइन' भन्ने कुरामा धेरैजनाको तर्क सीमित रहन्छ। यस प्रकारको विवादले हाम्रो आत्मिक गरिबी उदाङ्गो पार्छ। पेन्टेकोस्टको शक्ति हाम्रो हृदयमा भएदेखि हाम्रा जीवनहरूमा पेन्टेकोस्टका फलहरू पनि देखा पर्नेथिए।

यस विषयमा श्री चार्लस सी. रायरीले आफ्नो टिप्पणी गर्दै यसो भनेका छन्ः

> 'यो कुरा ख्रीष्टीय साम्यवाद भन्न मिल्दैन। किनकि उनीहरूको सम्पत्तिको बिक्री राजीखुशीले गरिन्थ्यो (प्रेरित ४:३४)। निजी सम्पत्तिमाथिको अधिकार खारिज गरिएको थिएन। इसाई समाजले बिक्री गरिएको सम्पत्तिबाट आएको रुपियाँपैसामाथि तबसम्म कुनै हक जमाएको थिएन, जबसम्म रकम प्रेरितहरूका पाउमा सुम्पिएको थिएन। अनि वितरणचाहिँ बराबरी हिसाबले होइन, तर खाँचोअनुसार गरिन्थ्यो।

साम्यवादका सिद्धान्तहरू यस्ता होइनन्। यो इसाई प्रेम हो, र त्यस प्रेमको सर्वोत्तम प्रदर्शन हो।' [24)]

प्रेरित ४:३३ पदमा स्थानीय मण्डलीलाई महान् तुल्याउने दुईवटा विशेषताहरू छन्: ठूलो शक्ति र ठूलो अनुग्रह। अनि श्री वान्स हव्नरले निम्न चारवटा विशेषताहरू थपेका छन्: ठूलो डर (प्रेरित ५:५ र ११), ठूलो सतावट (प्रेरित ८:१), ठूलो आनन्द (प्रेरित ८:८ र १५:३) र विश्वास गर्नेहरूको ठूलो सङ्ख्या (प्रेरित ११:२१)।

**प्रेरित ४:३६-३७:** यी पदहरूले पाँच अध्यायसँग सम्बन्ध जोड्छन्। किनभने बर्नबासको उदारता र हननियाको कन्जुसीसित जोड़िएको कपट यहाँ आपसमा तुलना गरिएको छ। त्यसमा आकाश-पातालको भिन्नता छ। एकजना लेवी मानिस थिए, जसको नाम योसेस थियो। प्रेरितहरूले तिनको नाम परिवर्तन गरेर बर्नबास राखे। तिनको एउटा जमिन थियो। तर याद रहोस्: लेवीहरूसँग कुनै जमिन नहुनु पर्नेथियो; किनभने परमप्रभु लेवीहरूको पैतृक सम्पत्ति हुनुहुन्थ्यो। कसरी, किन वा कहाँबाट त्यो जमिन तिनको भयो, सो हामीलाई थाहा छैन। तर यति हामी जान्दछौं: यी सान्त्वनाको पुत्रको जीवनमा प्रेमको नियमले यति शक्तिशाली प्रभावले काम गर्‍यो, कि तिनले त्यो जमिन बेचेर त्यसको पैसा प्रेरितहरूका पाउमा राखे।

**प्रेरित ५:१-४:** परमेश्वरले शक्तिसाथ काम गर्नुहुँदा शैतानले पनि काम गरिहाल्छ, र त्यस कामको नकल गर्छ, त्यसलाई बिगार्न खोज्छ र त्यसको विरोध गर्छ। तर जहाँ वास्तविक आत्मिक शक्ति उपस्थित हुन्छ, त्यहाँ तुरुन्तै छल, भूट र कपटको पर्दाफास हुन्छ।

यस खण्डमा स्पष्ट के देखिन्छ भने, बर्नबासजस्ता मानिसहरूको उदारताबाट हननिया र सफिराले प्रेरणा पाए। हुन सक्छ, यस प्रकारको कल्याण-कार्यद्वारा तिनीहरूले मानिसहरूबाट प्रशंसा पाउन चाहे कि कसो? जे होस्, तिनीहरूले पनि एउटा सम्पत्ति बेचे र त्यस बिक्रीको दामको केही अंश प्रेरितहरूका पाउमा राखे।

तिनीहरूको पाप केमा थियो? बिक्री गरेको सम्पत्तिको पूरा दाम दिने बहाना गरेर तिनीहरूले केही अंश मात्र दिए। कसैले तिनीहरूलाई त्यो

सम्पत्ति बेच भन्ने आज्ञा दिएको थिएन। अनि त्यो सम्पत्ति बिक्री गरेपछि तिनीहरूले सबै दाम दिनुपरेको बाध्यता पनि थिएन। तर तिनीहरूले पूरा समर्पणको ढोंग गरे, जब तिनीहरूले केही अंश आफूसँग राखे।

पत्रुसले हननियालाई सीधै यो आरोप लगाएः 'तिमीले मानिसलाई होइन, तर पवित्र आत्मालाई ढाँटेका हौ।' पवित्र आत्मासित छल्न खोजेको त्यस झूटो व्यवहारद्वारा परमेश्वरसित झूटो व्यवहार गरेकै हो। किनभने पवित्र आत्मा परमेश्वर हुनुहुन्छ।

**प्रेरित ५:५-६:** एकै क्षणमा हननिया पछारियो; तत्कालै ऊ मर्‍यो। जवान मानिसहरूले उसको लास बोकेर लगे र उसलाई गाड़े। यस गम्भीर घटनाबाट बुझिन्छ, कि शुरुको मण्डलीमाथि परमेश्वरको ताड़ना दिने हात रहेको थियो। हननियाको मुक्तिसित यो ताड़नाको कार्य सम्बन्धित छैन, न ता त्यसले उसको आत्मा अनन्तसम्म सुरक्षित रहेको कुरा छुन्छ। तर बरु परमेश्वरको मण्डलीमा पाप प्रथम चोटि देखा परेकोमा उहाँ कति बेखुशी हुनुभयो, सो कुरा देखाउनु थियो। यस सम्बन्धमा श्री रिचार्ड बेव्सले कुनै टिप्पणीकारको कुरा उद्धृत गरेर यसो भनेका छन्ः 'कि त हननिया कि ता पवित्र आत्मा सङ्गतिबाट निस्कनुपरेको थियो। शुरुको इसाई सङ्गतिमा यति तीव्र पवित्रता थियो, कि त्यसले आफ्नो बीचमा यस प्रकारको झूटो व्यवहार सहन सकेन।'

**प्रेरित ५:७-११:** लगभग तीन घण्टापछि सफिरा त्यहाँ आइपुगी। पत्रुसले उसलाई आरोप लगाएर भन्छन्ः 'आफ्नो पतिसँग मिलेर तिमीले प्रभुको आत्माको परीक्षा किन गरेकी ?' उनले सफिरालाई उसको लोग्नेको हालत बताए र उसलाई 'तिम्रो हालत पनि उस्तै हुनेछ' भन्ने पूर्वसूचना दिए। तत्कालै ऊ पत्रुसका पाउमा पछारिई र मरिहाली, अनि उसलाई बाहिर लगेर गाड़ियो।

पत्रुसले यस जोड़ीमाथि परमेश्वरको न्यायको घोषणा गर्ने उनको यो क्षमताचाहिँ प्रेरितहरूलाई आश्चर्यकर्म गर्ने विशेष शक्ति दिइएको एक उदाहरण हो। यूहन्ना २०:२३ पदमा प्रभु येशूले *'जस-जसका पापहरू तिमीहरू राख्दछौ, ती पापहरू राखिन्छन्'* भनेर भन्नुभएको प्रतिज्ञा यसैमा पूरा भयो कि ? प्रेरितहरूको विशेष अधिकार प्रेरित पावलमा पनि देखिन्छ;

किनभने तिनले पाप गर्ने एकजना इसाई भाइलाई शैतानको हातमा उसको शरीरको विनाशका निम्ति सुम्पन सके (१ कोरिन्थी ५ः५)। अनि यस प्रकारको अधिकार प्रेरितहरूको समयदेखि यता अझै पनि जारी रहेको कुरा विश्वास गर्न कुनै उचित आधार कहीं देखिँदैन।

सारा मण्डलीलाई, साथै यी दुईजनाको मृत्युको खबर सुन्नेहरू सबैलाई कत्रो डरले छोप्यो, सो कुरा यहाँ कल्पना गर्न सजिलो छ।

**प्रेरित ५ः१२-१६ः** हननिया र सफिराको मृत्युपछि पनि प्रेरितहरूले आश्चर्यकर्महरू गरिरहे। यस बेलाको कुरा होः मानिसहरू उनीहरूकहाँ सुलेमोनको दलानमा भेला भए। उनीहरूमा परमेश्वरको उपस्थिति र शक्तिको आभास यति विघ्न थियो, कि अरू मानिसहरूले उनीहरूसित सङ्गत गर्न साहस गरेनन्, अनि केवल मुखले 'विश्वास गर्छु' भन्न पनि सकेनन्। तर सर्वसाधारण मानिसहरूले उनीहरूलाई सम्मान गर्थे, उनीहरूको प्रशंसा गर्थे। धेरैजना प्रभु येशूमाथि विश्वास गर्नेहरू भए। मानिसहरूले आफ्ना बिरामीहरूलाई खाट र ओछ्यानहरूमाथि बोकेर सड़कहरूमा राख्थे – पत्रुस त्यहाँबाट भएर जाँदा उनको छाया मात्र भए पनि यिनीहरूमध्ये कसै-कसैमाथि परोस् भनेर। प्रेरितहरूका जीवनहरूमा यथार्थ र शक्ति छ भन्ने कुरा सबै मानिसहरूले देख्न सक्थे। परमेश्वरले उनीहरूद्वारा अरू मानिसहरूलाई आशिष दिन चाहनुभयो। उनीहरू उहाँका आशिषको धारा बग्ने भाड़ाहरू थिए। वरिपरिका ठाउँहरूबाट बिरामीहरू र दुष्ट आत्मा लागेकाहरू ल्याइए, र तिनीहरू सबैजना निको पारिए।

हिब्रू २ः४ पदबाट यो कुरा स्पष्ट हुन्छ, कि यस प्रकारका अचम्मका कामहरूद्वारा परमेश्वरले प्रेरितहरूको सेवकाइमाथि आफ्नो समर्थनको छाप लगाउनुभयो। तर जब नयाँ नियमको पुस्तक लिखित रूपमा पूरा भयो, तब यी चिन्हहरूका निम्ति कुनै आवश्यकता रहेन, र बिस्तारै हुन पनि छोड़े। आधुनिक चङ्गाइ-धावाहरूको सिलसिलामा याद गर्नु जरुरी छ, कि प्रेरितहरूकहाँ ल्याइएकाहरू सबैजना निको भए, तर आचेलका चङ्गाकर्ताहरूकहाँ ल्याइएकाहरूको विषयमा कुनै हालतमा पनि यसो भन्न सकिँदैन।

**प्रेरित ५ :१७-२०:** पवित्र आत्माको साँचो सेवकाइ जहाँ हुन्छ, त्यहाँ मानिसहरू प्रभुमा आउँछन् नै, तर तिक्त सतावट पनि हुन्छ नै । यहाँ, यस खण्डमा पनि यस्तै भएछ। येशूका यी 'हठधर्मी' चेलाहरू मानिसहरूको बीचमा यति प्रभावकारी भएका देखेर महापूजाहारी र तिनका सदुकी मित्रहरू रिसले चूर भए । 'अरू कोही होइन, तर धर्मनेताहरू त केवल हामी हौं' भन्ने तिनीहरूको धारणा थियो । यसकारण तिनीहरूले यस धारणाप्रति कसैबाट आएको चुनौती सहन सकेनन्। अनि तिनीहरूले बिलकुलै नकारेको शारीरिक बौरिउठाइको विषयमा गरिएको प्रचार त झन् के सुन्न माग्थे र ? यस प्रकारको शिक्षा तिनीहरूले तुच्छ सम्झन्थे ।

प्रेरितहरूसित तिनीहरूको अरू कुनै व्यवहारले केही सीप लागेन; यसकारण तिनीहरूले अब बल प्रयोग गर्छन्। तिनीहरूले उनीहरूलाई पक्रन्छन् र झ्यालखानामा हाल्छन्। त्यही रात प्रभुका एकजना दूतले प्रेरितहरूलाई झ्यालखानाबाट निकाल्छन् । तिनले उनीहरूलाई यसो भन्दै आदेश दिन्छन्: *'जाओ, मन्दिरमा उभ र यस जीवनका सबै वचनहरू मानिसहरूलाई भनिदेओ !'* यी स्वर्गदूतले अद्‌भुत रीतिले उनीहरूलाई छुटकारा दिएको वर्णनमा लूकाले सरल ढङ्गले लेखे, अँ, त्यसमा तिनलाई आश्चर्य लागेको वा छक्क परेको कुरा प्रकट गर्ने एउटा शब्द पनि लेखेनन्। अनि यी प्रेरितहरूलाई केकसो लाग्यो होला ? उनीहरू दङ परेको कुरा पनि उल्लेख गरिएको छैन ।

यी स्वर्गदूतले ख्रीष्टीय विश्वासलाई 'यस जीवनका सबै वचनहरू' भनेका छन् । यसर्थ ख्रीष्टीय विश्वासचाहिँ विश्वासको सार होइन, क्रममा मिलाइएका केही धर्म-सिद्धान्तहरू पनि होइन, तर एक आत्मिक जीवन हो । प्रभु येशूको बौरिउठाइको अलौकिक आत्मिक जीवन उहाँमाथि विश्वास गर्नेहरू सबैलाई प्रदान गरिन्छ ।

**प्रेरित ५ :२१:** एकाबिहान प्रेरितहरूले मन्दिरमा शिक्षा दिइरहेका थिए। त्यस बेलामा महापूजाहारीले महासभाका सदस्यहरू र सबै बूढ़ा प्रदानहरूरूपी राज्यसभाका सदस्यहरूसँग गुप्त सभा राखेका थिए। तिनीहरू सबैजना यी कैदीहरूलाई तिनीहरूकहाँ कहिले ल्याइने हो, सो पर्खेका थिए।

**प्रेरित ५ः२२-२५ः** विचलित अफिसरहरू तिनीहरूकहाँ फर्केर यो खबर सुनाउँछन्ः *'हामीले साँच्चै झ्यालखाना सम्पूर्ण सुरक्षासाथ बन्द गरिराखेको र पहरेदारहरूलाई बाहिरपट्टि ढोकाहरूको अघिल्तिर उभिएका भेट्टायौं, तर खोलेपछि हामीले भित्र कुनै मानिसलाई भेट्टाएनौं।'* ढोकाहरू बन्द भएका, पहरेदारहरू जहाँ-जहाँ हुनुपर्ने, त्यहाँ आ-आफ्नो ठाउँमा उभिएका थिए, तर कैदीहरू भने छैनन्। यस प्रकारको खबरले तिनीहरूको मन हल्लायो। *'यसको नतिजा के हुने होला'* भनेर महापूजाहारी, मन्दिरका कप्तान र मुख्य पूजाहारीहरू अन्योलमा परे। 'यिनीहरूको यस अभियानले कहाँसम्म दखल गर्ने हो?' भनी तिनीहरू चिन्तामा परिरहेकै बेलामा तिनीहरूको कुरा काटेर यसो भन्ने खबर आयोः *'हेर्नुहोस्, जुन मानिसहरूलाई तपाईंहरूले झ्यालखानामा हाल्नुभएको थियो, ती मानिसहरू त मन्दिरमा उभिरहेका छन् र मानिसहरूलाई शिक्षा दिइरहेका छन्।'* प्रेरितहरूको यो हिम्मत हामीले प्रशंसा गर्नुपर्छ। शुरुको मण्डलीमा आफूले विश्वास गरेका कुराहरूका निम्ति कत्रो दुःखकष्ट सहने शक्ति थियो। हामीले हाम्रो विश्वासको निम्ति दुःखकष्ट भोग्ने यो शक्ति फेरि प्राप्त गर्नुपर्छ।

**प्रेरित ५ः२६ः** अबचाहिँ यी अफिसरहरूले प्रेरितहरूलाई ल्याएर महासभाको सामु खड़ा गर्नलाई कुनै बल प्रयोग गर्दैनन्। तिनीहरूले येशूका यी अनुयायीहरूलाई अलिकति मात्र रूखो व्यवहार गरेमा मानिसहरूले तिनीहरूलाई ढुङ्गाले हान्न कुनै बेर लाग्दैनथियो। तिनीहरू मानिसहरूसँग डराउँथे; किनभने अब त धेरै मानिसहरूले प्रेरितहरूलाई उच्च आदर गर्थे।

**प्रेरित ५ः२७-२८ः** महासभाको यस जाँचमा महापूजाहारीले उनी-हरूसँग प्रश्न सोध्ने काम यसरी शुरु गर्छन्ः *'तिमीहरूले यस नाममा शिक्षा नदिनू भनेर के हामीले तिमीहरूलाई कड़ासँग हुकुम दिएनौं र?'* यसो भन्दखेरि तिनले जानी-जानी प्रभु येशूको नाम लिएनन्। *'हेर, तिमीहरूले यरूशलेम आफ्नो शिक्षाले भरिदिएका छौं!'* यसरी प्रेरितहरूको सेवकाइ कति प्रभावशाली भएको थियो, सो कुरामा उनीहरूलाई बधाई दिएको तिनलाई थाहै छैन। *'तिमीहरूले यस मानिसको रगत हामीमाथि ल्याउन*

*चाहन्छौं।'* तर ती यहूदी धर्मगुरुहरूले त्यो कुरा अघिबाट गरिसकेका थिए, जब तिनीहरूले *'त्यसको रगत हामीमाथि र हाम्रा सन्तानहरूमाथि परोस्'* भनेर चिच्च्याई-चिच्च्याई भनेका थिए (मत्ती २७:२५)।

**प्रेरित ५:२९-३२:** परमेश्वरको वचन साहससँग बोल्न पाऔं भनेर प्रेरितहरूले अघि कुनै समयमा प्रार्थना गरेका थिए। अनि अहिले माथिबाटको यो साहस लिएर उनीहरूले आफ्नो परम कर्तव्य पेश गरेर भन्छन्: *'मानिसहरूको भन्दा हामीले परमेश्वरकै आज्ञापालन गर्नुपर्छ।'* परमेश्वरले प्रभु येशूलाई बौराएर उठाउनुभएको कुरा उनीहरूले सफासँग सुनाउँछन्। इस्राएली जातिले उहाँलाई क्रूसमा झुन्ड्याएर हत्या गरेको हो। तर परमेश्वरले उहाँलाई उच्च पारेर राजकुमार र मुक्तिदाताको रूपमा आफ्नो दाहिने हातपट्टि विराजमान हुनुभएको तुल्याउनुभयो। इस्राएली जातिलाई पश्चात्ताप गर्ने मौका र पापहरूको क्षमा पाउने प्रबन्ध यहाँ छ। आफ्नो कुरा पेश गर्न प्रेरितहरूसँग हान्नलाई अन्तिम काँड़ यस प्रकारको थियो: '*यी कुराहरूको विषयमा हामी उहाँका साक्षी हौं, र त्यस्तै गरी पवित्र आत्मा पनि साक्षी हुनुहुन्छ, जुन पवित्र आत्मा परमेश्वरले आफ्ना आज्ञापालन गर्नेहरूलाई दिनुभएको छ,* जतिले उहाँका पुत्र येशूमाथि विश्वास गर्छन्।'

प्रेरित ५:३० पदमा परमेश्वरले प्रभु येशूलाई *बौराएर उठाउनुभएको* कुरा दुईवटा अर्थ हुन सक्छ: एक अर्थ खड़ा गर्नु हो, र त्यसले प्रभु येशू मानिसको चोला धारण गर्नुभएको कुरा सङ्केत गर्छ, अनि दोस्रो अर्थ उहाँको बौरिउठाइ हो। मेरो विचारमा, यस ठाउँमा परमेश्वरले येशूलाई मुक्तिदाताको रूपमा खड़ा गर्नुभएको अर्थ सठीक हो, अर्थात् येशूले मानिसको रूप धारण गर्नुभएको अर्थ यहाँ मलाई ठीक लाग्छ।

**प्रेरित ५:३३-३७:** यी शब्दहरूको सिद्धदोषले तिनीहरूको मर्ममा गहिरो चोट पुर्‍यायो, यहाँसम्म कि तिनीहरूले उनीहरूलाई मार्ने मतो गरे; किनभने जसरी भए पनि यी प्रेरितरूपी जीवित विवेकहरूलाई चुप गराउनुपर्छ। यस घड़ीमा गमलिएलले बीचमा बोलेर तिनीहरूको कुरा काटे। इस्राएलका धर्म-अध्यापकहरूमध्ये प्रतिष्ठ व्यक्ति तिनी थिए। कुनै समयमा तिनी टार्ससको शाउलको गुरु पनि थिए। तिनले दिएको

सल्लाहबाट तिनी इसाई थिए भन्ने अनुमान गर्नुहुँदैन। अनि तिनी ख्रीष्ट-विश्वासीहरूको पक्षमा थिए भन्ने सोच परै जाओस्! तिनको सल्लाहमा सांसारिक बुद्धि थियो, बस यति!

तिनको आदेशमा यी प्रेरितहरू बाहिर पठाइए। त्यसपछि तिनले महासभाका सदस्यहरूलाई पहिले यसरी सम्झाए: 'यो अभियान परमेश्वरबाटको होइन भने यो आफैआफ मेटिएर जानेछ।' आफ्नो तर्क प्रमाणित गर्न तिनले त्यसका निम्ति दुईवटा उदाहरण पेश गर्छन्:

**क)** *थोइदास:* त्यो एक स्वघोषित नेता थियो; त्यसका चार सय उग्रवादीहरू थिए। त्यो मारियो र त्यसका मानिसहरू तितरबितर भए।

**ख)** *गालीलको यहूदा:* त्योचाहिँ अर्को एक कट्टरवादी थियो। त्यसले यहूदीहरूको बीचमा ठूलो हलचल र विफल विद्रोह मच्चायो। तर त्यो पनि नष्ट भयो र त्यसका अनुचरहरू छरपुस्ट भए।

**प्रेरित ५:३८-३९:** तिनको विचारमा, यो ख्रीष्टीय मत परमेश्वरबाटको होइन भने यसलाई छुनु पनि हुँदैन। यसलाई त्यत्तिकै छोड्नु बेस होला। यो छिटै आफैआफ विलुप्त हुनेछ। तर यसको विरुद्धमा मुकाबिला गर्नुचाहिँ यसलाई अझ सशक्त बनाउनु थियो। तिनको तर्क पूरा सत्य मान्न सकिँदैन; किनभने परमेश्वरबाट नभएका धेरै यस्ता संस्थाहरू छँदैछन्, जुन संस्थाहरू फस्टाएर सयौं वर्षहरू चल्दैछन्। वास्तवमा सत्यको पक्षमा हुनेहरूभन्दा परमेश्वरको विपक्षमा हुनेहरूको सङ्ख्या बढ़ी छ। तर विलुप्त हुने कुरा परमेश्वरको नियत समयमा हुने नै छ; यहाँसम्म तिनको तर्क एक प्रकारले ठिक्कै थियो।

तर अर्को प्रकारले, यो अभियान परमेश्वरबाटको हो भने, तिनीहरूले यसलाई कुनै हालतमा पनि मेटाउन सक्नेथिएनन्। यसो गर्दा त तिनीहरू परमेश्वरसँग पो लड़ाइँ गर्ने ठहरिनेथिए। तिनीहरूका निम्ति योजस्तो अप्ठ्यारो परिस्थितिमा पर्नुभन्दा अरू बढ़ी के हुन सक्नेथियो?

**प्रेरित ५ः४०ः** तिनको यो कुरा ती शासकहरूलाई तर्कसँगत लाग्यो । यसकारण तिनीहरूले यी प्रेरितहरूलाई बोलाए, उनीहरूलाई पिट्न लगाए र येशूको नाममा नबोल्नू भन्ने कड़ा आज्ञा दिए, त्यसपछि तिनीहरूले उनीहरूलाई छोड़िदिए। यी प्रेरितहरूलाई किन पिट्नु ? [25] यो तिनीहरूको बेहोशी र अधर्मी कुव्यवहार थियो, अँ, परमेश्वरको सत्यताप्रति देखाएको तिनीहरूको धर्मान्ध हृदयबाट उठेको मूर्ख प्रतिक्रिया थियो । अनि येशूको नाममा नबोल्ने आज्ञाको विषयमा कसो ? त्यो पनि एउटा मूर्ख र विफल आज्ञा थियो; किनकि प्रभुका चेलाहरूलाई येशूको नाममा नबोल्नू भन्नु र सूर्यलाई नचम्कनू भन्नु एउटै कुरा थियो ।

**प्रेरित ५ः४१-४२ः** तर यी प्रेरितहरूलाई पिटेको हुनाले दुईवटा उदेकका नजिताहरू निस्केः एक, जुन नाम उनीहरूका निम्ति अति प्रिय थियो, उहाँको त्यस नामको [26] खातिर अपमानित हुने योग्यका ठहरिएकोमा उनीहरू खूब रमाए । दुई, पिटाइ खाएका प्रेरितहरूको जोश र उमङ्ग के साह्रै बढ़्यो ? उनीहरूको लगनशीलतामा के नयाँ तेल हालियो ? दिनदिनै उनीहरूले मन्दिरमा र घर-घरमा शिक्षा दिइरहे र येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने सुसमाचार प्रचार गरिरहे ।

यसरी शैतान फेरि एकपल्ट आफ्नो जालमा फस्यो ।

# सरकारसित ख्रीष्ट-विश्वासीहरूको सम्बन्ध के हो ?

शुरुका विश्वासीहरूले ख्रीष्टको सुसमाचार अगाड़ि बढ़ाउँदै लाँदाखेरि उनीहरूले सरकारबाट, देशका अधिकारीहरूबाट, विशेष गरी धर्मनेता-हरूबाट अवश्य विरोधको सामना गर्नुपरेको थियो। किनभने यी धर्माधिकारीहरूले धर्मको सम्बन्धमा मात्र नभएर समाजका अरू सबै क्षेत्रहरूमा पनि शासन र न्याय गर्ने अधिकार पाएका थिए। अनि यी ख्रीष्ट-विश्वासीहरू यस प्रकारको विरोधका निम्ति तयार थिए। विरोधप्रति उनीहरूको प्रतिक्रिया सन्तुलित र मान पाउन लायकको थियो ।

सामान्यतः शासकहरूलाई सम्मान गर्नुपर्छ र तिनीहरूका नियमहरू पालन गर्नुपर्छ। उनीहरूको नीति यो थियो। परमेश्वरले ती शासकहरूलाई नियुक्त गर्नुभयो, र तिनीहरू मानिसहरूको भलाइका निम्ति ठहराइएका परमेश्वरका सेवक हुन्। उदाहरणका निम्ति, प्रेरित पावलले एक समयमा महापूजाहारीलाई अनजानमा हप्काए; अनि जब 'के तँ महापूजाहारीसँग मुख लाउँछस्' भनेर अरूले तिनलाई गाली गरे, तब तत्कालै तिनले प्रस्थान २२:२८ पद उद्धृत गरेर माफ मागेः *'किनकि यो लेखिएको छः तिमीले आफ्नो जातिका शासकलाई कुनै खराब शब्द नभन !'* (प्रेरित २३:५)।

तर जब मानिसहरूले बनाएका नियमहरू र परमेश्वरका आज्ञाहरू मेल खाँदैनथिए, तब यी ख्रीष्ट-विश्वासीहरूको नीति अर्को थियो। उनीहरूले परमेश्वरको आज्ञापालन गर्न बरु देशको नियम भङ्ग गरे, जसका निम्ति उनीहरू जेजस्ता नतिजाहरू भोग्न पनि तयार थिए। यसको एक उदाहरण दिऔंः पत्रुस र यूहन्नालाई सुसमाचार प्रचार नगर्ने आदेश दिइयो; त्यस बेलामा उनीहरूको उत्तर यस प्रकारको थियोः *'परमेश्वरको भन्दा तपाईंहरूको कुरा बढ़ी सुन्नु के परमेश्वरको दृष्टिमा ठीक हो, सो तपाईंहरू आफै निर्णय गर्नुहोस्! किनभने हामी त आफूले देखेका र सुनेका कुराहरू नभनी सक्दै-सक्दैनौं'* (प्रेरित ४:१९-२०)। अर्को उदाहरण यस प्रकारको छः पत्रुस र अरू प्रेरितहरूलाई येशूको नाममा निरन्तर शिक्षा दिएको आरोप लगाउँदा पत्रुसले जवाफ यस्तो थियोः *'मानिसहरको भन्दा हामीले परमेश्वरको आज्ञापालन गर्नुपर्छ'* (प्रेरित ५:२९)।

ख्रीष्ट-विश्वासीहरूले कुनै समयमा सरकारलाई ढाल्ने कोशिश गरे वा यस प्रकारको कोशिशमा साथ दिए भन्ने कुनै इतिहास नै छैन। सतावट र विरोध सहँदै पनि उनीहरूले आफ्ना शासकहरूको भलो मात्र चिताउँथे (प्रेरित २६:२९)।

अनि यो पनि भन्न नभुलौंः सरकारबाट निगाह पाउन उनीहरूले घूस दिनु आदि कुनै प्रकारको अनुचित काम गर्दैनथिए, तर आफ्नो इमानदारी कायम राख्थे। राज्यपाल फेलिक्सले व्यर्थैमा प्रेरित पावलबाट घूस पाउने आशा गरे (प्रेरित २४:२६)।

देशको नागरिक भएका नाताले ख्रीष्ट-विश्वासीहरूलाई भएका अधिकारहरू ख्रीष्टीय बोलावटसित मिल्दैनन्, यसकारण तिनलाई

नचलाऔं भन्ने पक्ष उनीहरूले कहिल्यै अपनाउँदैनथिए (प्रेरित १६:३७; २१:३९; २२:२५-२८; २३:१७-२१ र २५:१०-११)।

तर यस संसारका राजनीतिहरूमा उनीहरूले कहिल्यै भाग लिँदैनथिए। किन होला ? यसको स्पष्टीकरण दिइएको छैन। तर यो कुरा स्पष्ट छः उनीहरूको एकमात्र उद्देश्य ख्रीष्टको सुसमाचारको प्रचार गर्नु थियो। अनि उनीहरूले यस काममा बाधाहरू आउन दिँदैनथिए, तर पूरा लगनसित आफूलाई यस काममा दिइरहेका थिए। मानिसहरूका समस्याहरू जेसुकै होऊन्, यी समस्याहरूको हाल सुसमाचारमै छ। यसमा उनीहरूको विश्‍वास अति दह्रो हुन्थ्यो। यसकारण उनीहरू राजनीतिजस्तै गौण कुराहरूमा सन्तुष्ट हुन सक्दैनथिए।

**प्रेरित ६:१:** शैतानले आक्रमणहरूद्वारा बाहिरबाट परमेश्‍वरको काम बिगार्न सक्दैन भने, त्यसले भित्रबाट आपसमा फाटो सृजना गरेर यसो गर्छ। यस खण्डमा हामी यसको उदाहरण पाउँछौं।

मण्डलीको शुरुका दिनहरूमा प्रचलन यस प्रकारको थियोः मण्डलीका गरिब विधवाहरूलाई दिनदिनै तिनीहरूलाई आवश्यक खर्चपाठ दिइन्थ्यो; किनकि सहायताका निम्ति तिनीहरूलाई अरू कुनै स्रोत थिएन। मण्डलीका कतिजना विश्‍वासीहरू ग्रीक भाषा बोल्ने यहूदीहरू थिए, जसको गुनासो के थियो भने, तिनीहरूका विधवाहरूको बराबर वास्ता नगरेर यरूशलेम र यहूदियाका विधवाहरूको बढ़ी सेवा हुनेथियो, जसले हिब्रू बोल्थे।

**प्रेरित ६:२-३:** बाह्रजना प्रेरितहरूले तत्कालै बुझिहालेः मण्डलीको वृद्धि भएको हुनाले त्यस्ता कुराहरूका निम्ति कुनै न कुनै बन्दोबस्त गर्नुपर्छ। उनीहरूले आर्थिक मामिलाहरूको पछि लाग्नका निम्ति परमेश्‍वरको वचनको सेवकाइ छोड्न चाहँदैनथिए। यसकारण उनीहरूले मण्डलीलाई तिनीहरूले यस लौकिक काममाथि सातजना आत्मिक व्यक्तिहरूलाई नियुक्त गरून् भन्ने सल्लाह दिए।

पवित्र धर्मशास्त्र बाइबलमा यी सातजना व्यक्तिहरूलाई 'डिकन' भन्ने नाम दिइएको छैन, तापनि यिनीहरू डिकन नै थिए भन्ने कुरा मानिलिनु उचित छ। 'खुवाउने-पियाउने सेवा'को अक्षरशः अनुवाद टेबुलहरूको

सेवा हो। अनि यस 'सेवा' भन्ने शब्दबाट डिकन भन्ने शब्द आउँछ। डिकनहरूको अक्षरशः जिम्मेवारी 'टेबुलहरूको सेवा' थियो।

डिकनहरूको योग्यता तीनवटा क्षेत्रहरूमा हुनुपर्छः

**क)** *प्रतिष्ठाः* तिनीहरूको नाम चलेको हुनुपर्छ।

**ख)** *आत्मिकः* तिनीहरू पवित्र आत्माले भरिएको हुनुपर्छ।

**ग)** *व्यवहारिकः* तिनीहरू बुद्धिले भरिएको हुनुपर्छ।

१ तिमोथी ३ः८-१३ पदको खण्डमा डिकनका थप योग्यताहरू उल्लेख गरिएका छन्।

**प्रेरित ६ः४ः** प्रेरितहरूले आफूलाई प्रार्थना र वचनको सेवकाइमा दिइरहनेछन्। यसमा शब्दको क्रममा ध्यान दिनुहोस्ः पहिले प्रार्थना, त्यसपछि वचनको सेवकाइ। यसमा महत्त्व छ। पहिले प्रेरितहरूले मानिसहरूको सम्बन्धमा परमेश्वरसँग कुरा गर्थे, त्यसपछि उनीहरूले मानिसहरूसित परमेश्वरको कुरा गर्थे।

**प्रेरित ६ः५-६ः** ती सातजना चुनिएका मानिसहरूका नामबाट के थाहा लाग्छ भने, उनीहरू प्रायः ग्रीक भाषा बोल्ने प्रभुकहाँ फर्केका यहूदीहरू हुनुपर्छ। आफ्ना विधवाहरूको विषयमा गुनासो गर्ने यी ग्रीक बोल्नेहरू थिए। सातजना ग्रीक बोल्ने यहूदी मानिसहरूलाई छानेकोमा हामीले यिनीहरूप्रति मण्डलीको अति दयालु झुकाउ देख्छौं। यिनीहरूको तर्फबाट अबदेखि उसो कसैको पक्ष लिएको आरोप आउनेछैन। जब परमेश्वरको प्रेमले मानिसहरूको हृदय भरिदिन्छ, तब त्यो प्रेम मानिस-हरूको नीच भावना र स्थार्थमाथि विजयी हुँदो रहेछ!!

यी डिकनहरूमा दुईजनासित मात्र हामी सुपरिचित छौंः **क)** स्टिफनस, जो मण्डलीको प्रथम शहीद भए; अनि **ख)** फिलिप, ती सुसमाचारको प्रचारक, जसले समारियामा ख्रीष्टको सुसमाचार सुनाए, जसले एथियोपियाका खजान्ची नपुंसकलाई प्रभुमा ल्याए र जसले सिजरियामा प्रेरित पावललाई सत्कार गरे।

अनि प्रार्थना गरेपछि प्रेरितहरूले मण्डलीको यस चुनाउसित आफ्नो सहमति जनाउँदै ती सातजनामाथि आफ्ना हातहरू राखे।

**प्रेरित ६ः७ः** छ र सात पद सँगै पढ्नु हो भने, आर्थिक कारोबार सम्हाल्न डिकनहरूको प्रबन्ध भएकोमा सुसमाचारको धूमधाम उन्नति र वृद्धि भएको देखिन्छ। परमेश्वरको वचन बढ्दै गएको, साथसाथै यरूशलेमको मण्डलीमा चेलाहरूको सङ्ख्या पनि निक्कै बढ्यो; अनि यहूदी पूजाहारीहरूमध्ये धेरैभन्दा धेरैजना प्रभु येशू ख्रीष्टको पछि लाग्ने अनुयायी भए।

**प्रेरित ६ः८ः** अबको वर्णन यी डिकनहरूमध्ये एकजनामा ध्यान दिन्छः स्टिफनसमा [27)], जसलाई परमेश्वरले वचनको प्रचारमा शक्तिसाथ प्रयोग गर्नुभयो र तिनीद्वारा अचम्मका कामहरू गर्नुभयो। प्रेरितहरूको पुस्तकमा प्रेरितहरूबाहेक तिनीचाहिँ पहिलो व्यक्ति भए, जसले अचम्मका कामहरू गर्दथिए। डिकनको रूपमा विश्वासयोग्य भएको हुनाले तिनलाई अझ उच्च स्तरीय सेवा मिलेको थियो कि? अथवा डिकनको सेवकाइको साथमा तिनलाई यो सेवा पनि थपियो कि? यहाँको वर्णनबाट निश्चित केही पनि भन्न सकिँदैन।

**प्रेरित ६ः९ः** स्टिफनसको शक्तिशाली सेवकाइको विरोधमा सभाघरबाट उठ्यो। सभाघरहरूमा यहूदीहरू शनिबारको दिनमा व्यवस्थाबाट शिक्षा पाउन भेला हुन्थे। सभाघरहरूमा भेला भएका मानिसहरूअनुसार तिनको नाम पनि राखिन्थ्यो। सम्भवतः 'लिबर्टिनस' अर्थात् स्वतन्त्र भएहरू रोमी दासत्वबाट छुटकारा पाइएका यहूदीहरू थिए। अनि कुरेनीचाहिँ उत्तर अफ्रिकाको एउटा शहर थियो। अनि त्यस शहरका कति यहूदीहरू यरूशलेममा बसोबास गरेका थिए। भूमध्यसागरमा अवस्थित भएको अलेक्जान्ड्रिया मिस्र देशको एउटा मुख्य बन्दरगाह-शहर थियो। त्यहाँबाट पनि यहूदीहरू आएका थिए। अनि सिलिसियाचाहिँ एशिया माइनरको दक्षिणपूर्वीय प्रान्थ थियो; अनि एशिया त्यही एशिया माइनरको अर्को प्रान्थ थियो। यरूशलेममा वा त्यसको आसपासमा उपरोक्त यी सबै ठाउँहरूबाट आएका यहूदी समाजहरूका आ-आफ्ना सभाघरहरू थिए।

**प्रेरित ६ः१०-१४ः** यी जोशिला यहूदीहरूले स्टिफनससँग बहस गरे, तर तिनीहरूले तिनलाई जित्न सकेनन्। तिनले बोलेका शब्दहरूमा सामना गर्न नसक्ने शक्ति थियो। तिनलाई चुप गराउने आतुरीमा तिनीहरूले झूटा

साक्षीहरू बटुले, जसले स्टिफनसलाई मोशा र परमेश्वरको विरोधमा ईश्वर-निन्दा गरेको दोष लगाए।[28] तुरुन्तै तिनीहरूले तिनलाई महासभाको सामु उभ्याए, जहाँ तिनीहरूले तिनलाई मन्दिर र व्यवस्थाको विरोधमा बोलेको झूटो आरोप लगाए। तिनको विरोधमा आरोप पेश गर्दा 'येशूले यो मन्दिर ध्वंस पार्नुहुनेछ र मोशाले इस्राएलीहरूलाई सुम्पेका रीतिविधिहरू बदल्नुहुनेछ रे' भन्दै तिनीहरूले तिनले बोलेको वचन बिगारेर उद्धृत गरे।

**प्रेरित ६:१५:** महासभाले यो अभियोग ग्रहण गर्‍यो। तर जब तिनीहरूले स्टिफनसलाई हेरे, तब तिनीहरूले तिनमा कुनै राक्षसको होइन, तर स्वर्गदूतको अनुहार पो देखे। तिनमा तिनीहरूले प्रभुमा सम्पूर्ण रूपले समर्पित जीवनको मर्मपूर्ण सुन्दरता देखे – एउटा यस्तो मानिसको जीवन, जो सत्यताको प्रचार गर्न तत्पर थिए, र मानिसहरूले के भन्लान्, यसमा होइन, तर हर कुरामा परमेश्वरको राय के होला भनेर फिक्री गरेका थिए। तिनीहरूले ख्रीष्ट येशूका यी सच्चा भक्तजनको चम्किलो अनुहारमा उहाँको महिमाको झलक देखे।

प्रेरित सात अध्यायमा स्टिफनसले आफ्नो पक्षमा बोलेको तिनको प्रभावशाली प्रतिवाद छ। तिनको यो प्रतिवाद यहूदी इतिहासको सर्वेक्षणबाट शान्त प्रकारले शुरु गर्छ। आफ्नो सफाइमा अघि बढ्दै तिनले दुईजना व्यक्तिहरूमाथि ध्यान दिन्छन्, यूसुफ र मोशामाथि। परमेश्वरले यी दुईजनालाई खड़ा गर्नुभएको, तर इस्राएली जातिले तिरस्कार गरेका थिए, तर पछिबाट दुवैजना छुटकारा दिने उद्धारकको स्थानमा उच्च पारिए। हुन त, स्टिफनसले सीधा यी दुईजनाका अनुभवहरू ख्रीष्ट येशूको जीवनसित तुलना गर्दैनन्; तर उनीहरू र उहाँको बीचमा भएको समानता भुल्न सकिँदैन। अन्तमा, तिनले यी इस्राएली अगुवाहरूलाई अत्यन्त साहसी आक्षेप गर्छन् र तिनीहरूलाई पवित्र आत्माको सामना गरेको, धर्मी येशूको हत्या गरेको र परमेश्वरको व्यवस्था पालन नगरेको दोष देखाउँछन्।

आफ्नो ज्यान खतरामा रहेको कुरा स्टिफनसलाई थाहा थियो। आफूलाई बचाउनु हो भने तिनले सम्झौतापूर्वक शान्तिको कुरा

बोल्नुपर्थ्यो। तर पवित्र दैत्यसित विश्वासघात गर्नुभन्दा बरु मर्नु नै तिनले निको माने। तिनको साहस प्रशंसनीय छ।

**प्रेरित ७:१-८:** स्टिफनसको प्रतिवादरूपी सन्देशले हामीलाई हिब्रूहरू कसरी एउटा जाति बने, त्यस इतिहासको आरम्भमा लान्छ। पहिलो भाग यही हो। अब्राहामको यत्रो लामो इतिहास किन दिइयो, सो कुरा हामीलाई त्यति स्पष्ट छैन। हुन सक्छ, यसको वर्णन दिएको कारण यस प्रकारको छः

**क)** इस्राएली जातिको सम्बन्धमा स्टिफनस सुपरिचित थिए र तिनले आफ्नो जातिलाई माया गर्थे।

**ख)** तिनले यूसुफ र मोशाको जीवनमा पुग्ने बाटो तयार गरे। यूसुफ र मोशाका जीवन ख्रीष्ट येशूको तिरस्कारका प्रतीक हुन्।

**ग)** अब्राहामले ग्रहणयोग्य प्रकारले परमेश्वरको उपासना गरेका थिए; तर उनले कुनै विशेष ठाउँमा परमेश्वरको उपासना गरेनन्। स्टिफनसलाई यस मन्दिर अर्थात् यस पवित्र स्थानको विरोधमा बोलेको आरोप लगाइएको थियो।

अब्राहामको जीवनका मुख्य बुँदाहरू यस प्रकारका छन्ः

**क)** मेसोपोटामियामा हुँदा परमेश्वरले अब्राहामलाई बोलाउनुभयो (प्रेरित ७:२-३)।

**ख)** उनको यात्रा हारान हुँदै कनानमा पुग्यो (प्रेरित ७:४)।

**ग)** परमेश्वरले अब्राहामलाई कनान देश दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो; तर उनलाई त्यसमा कुनै पैतृक सम्पत्ति दिइएन। साराको कब्रस्तानका निम्ति उनले मक्पेलाको ओड़ार किन्नुपर्‍यो (प्रेरित ७:५)। यस बिक्रीबाट उनको पैतृक सम्पत्ति नभएको कुरा प्रमाणित भएको छ। अब्राहामलाई दिइएको परमेश्वरको प्रतिज्ञा पूरा हुन अझै पनि बाँकी नै छ (हिब्रू ११:१३-४०)।

**घ)** परमेश्वरले अब्राहामलाई मिस्र देशमा इस्राएलीहरूको दासत्व र त्यहाँबाट तिनीहरूको छुटकाराको विषयमा भविष्यवाणी गर्नुभएको थियो

(प्रेरित ७:५-६)। यस भविष्यवाणीको दासत्वरूपी पहिलो भाग र छुटकारारूपी दोस्रो भागको रूपमा पूर्वसूचना गरिएका कुराहरू यूसुफ (प्रेरित ७:९-१९) र मोशाद्वारा पूरा भए (प्रेरित ७:२०-३६)। यी दुवैजना इस्राएली जातिद्वारा तिरस्कृत गरिएका व्यक्तिहरू थिए।

उत्पत्ति १५:१३ र प्रेरित ७:६ पदमा चार सय वर्षको कुरा लेखिएको छ, जुन चार सय वर्षचाहिँ इस्राएलीहरूले मिस्र देशमा दुःखकष्ट पाएको अवधि हो। तब प्रस्थान १२:४० र गलाती ३:१७ पदमा भनिएको चार सय तीस वर्षचाहिँ कहाँबाट लिइएको हो? याकूब र उनको परिवार मिस्र देशमा आएको वर्षदेखि इस्राएलीहरूले मिस्र देशबाट प्रस्थान गरेको र सिनाई उजाड़स्थानमा व्यवस्था पाएको वर्षसम्म चार सय तीस वर्ष लागेको थियो। मिस्र देशमा आएका शुरुका तीस वर्षमा इस्राएलीहरूले सतावट भोग्दैनथिए, तर उनीहरूलाई राजकीय सम्मान दिइन्थ्यो।

**ङ)** परमेश्वरले अब्राहामसित खतनाको वाचा बाँध्नुभयो (प्रेरित ७:८[क])।

**च)** यस पदमा इसहाकको जन्म, याकूबको जन्म र बाह्रजना कुलपतिहरूको जन्मको बयान छ (प्रेरित ७:८[ख])। इतिहासको प्रसङ्ग बगेर यूसुफकहाँ आइपुग्छ, जो याकूबका बाह्र छोरामध्ये एक थिए।

**प्रेरित ७:९-१९:** पुरानो नियममा ख्रीष्टका प्रतीकहरू जति छन्, ती सबै प्रतीकहरूमा यूसुफको जीवनचाहिँ सबैभन्दा सुस्पष्ट र अमूल्य प्रतीक हो। तर यूसुफ ख्रीष्टको प्रतीक भएको कुरा परमेश्वरको वचनमा कहिल्यै भनिएको छैन। स्टिफनसले यूसुफको जीवनका क्रमिक प्रगतिको बेलि-बिस्तार गरे; अनि जब तिनको पुस्तामा बाचिरहेका ती यहूदीहरूले यो सुने, तब निश्चय नै तिनीहरूलाई कायल पार्ने यी तीखा काँड़हरू तिनीहरूका मनमा लाग्यो; किनभने यसैद्वारा तिनीहरूले नासरतका येशूमाथि गरेको आफ्नो दुर्व्यवहारको सम्झना गर्न पाए।

**क)** यूसुफ आफ्नै दाजुहरूद्वारा मिस्र देशमा बेचिएका थिए (प्रेरित ७:९)।

**ख)** तिरस्कृत गरिएका यूसुफ मिस्र देशमा शक्तिशाली अधिकारीको रूपमा खड़ा भए (प्रेरित ७:१०)।

**ग)** अनिकालले गर्दा करमा परेका यूसुफका दाजुहरू मिस्रमा पुगे। तर तिनीहरूले आफ्नो भाइलाई चिन्न सकेनन् (प्रेरित ७:११-१२)।

**घ)** तिनीहरू दोस्रो पल्ट मिस्रमा आउँदाखेरि यूसुफले तिनीहरूकहाँ आफूलाई चिनाइदिए। यसरी नै तिनीहरूका तिरस्कृत भाइ आफ्नो घरानाका उद्धारक बने (प्रेरित ७:१३-१४)।

*टिप्पणीः* प्रेरित ७:१४ पदमा पचहत्तरजना भनिएको र उत्पत्ति ४६:२७ पदमा सत्तरीजना भनिएको बीचमा कुरा नमिलेको देखिन्छ। स्टिफनससँग उत्पत्ति ४६:२७ र प्रस्थान १:५ पदको ग्रीक अनुवाद थियो, जसले पचहत्तरजना भन्छ। तर हिब्रू पाण्डुलिपिमा सत्तरीजना लेखिएको छ। अन्तमा यसमा ठूलो कुरा केही पनि छैन; किनभने यहाँ केवल याकूबको परिवारको सङ्ख्या लिने तरिका फरफ-फरक हुन गएको छ। [29)]

**ङ)** मिस्र देशमा पहिले याकूबको मृत्यु र पछि पुर्खाहरूको मृत्यु भएको थियो; तर तिनीहरूको दफन कनान देशमा भयो (प्रेरित ७:१५-१६)। यस पदमा अर्को समस्या के देखिन्छ भने, यहाँ अब्राहामले हमोरबाट कब्रस्तानको जमिन किने रे। तर उत्पत्ति २३:१६-१७ पदले भन्छ, कि अब्राहामले हेब्रोनमा मक्पेलाको आड़ार हेतका छोराहरूबाट किने। याकूबले चाहिँ शेकेममा हमोरका छोराहरूबाट एउटा जमिन किनेका हुन् (उत्पत्ति ३३:१९)। यो समस्या यसरी नै हाल गर्न सकिन्छः

- **क)** हुन सक्छ, अब्राहामले हेब्रोनमा मात्र होइन, तर शेकेममा पनि कुनै जमिन किनेका थिए। पछिबाट याकूबले यही जमिन फेरि आफ्नो अधिकारमा फर्काउनलाई पैसा तिरेका थिए रे।
- **ख)** स्टिफनसले अब्राहामका नाति याकूबका निम्ति अब्राहामको नाम लिएको हुन सक्छ।
- **ग)** छोटकारीमा भन्नका निम्ति स्टिफनसले अब्राहामले जमिन किनेको कुरा र याकूबले जमिन किनेको कुरा एउटै पारेको हुन सक्छ। [30)]

**च)** मिस्र देशमा याकूबको परिवारको वृद्धि भयो; यूसुफको मृत्युपछि इस्राएलीहरू दासत्वमा परे (प्रेरित ७:१७-१९)। निश्चय यस

कुराले स्टिफनसको तर्कको अर्को कदमका निम्ति हामीलाई तयार पारेको छ, किनभने मोशाले आफ्ना मानिसहरूबाट कस्ता-कस्ता व्यवहारहरू सहनुपरकेको थियो, सो कुरामाथि अब तिनको तर्क निर्भर रहन्छ।

**प्रेरित ७ः२०-४३ः** स्टिफनसको साहस कहाँसम्म पुग्छ? तिनले यी यहूदी मानिसहरूलाई के देखाउँछ भने, परमेश्वरले तिनीहरूको छुटकाराको निम्ति उठाउनुभएका उद्धारकहरूको सम्बन्धमा ती उद्धारकहरूलाई तिरस्कार गरेर यहूदी जातिचाहिँ बितेका दिनहरूमा कम्तीमा दुईपल्ट दोषी भएको थियो। पहिलो पल्ट यूसुफमा; अब दोस्रो प्रमाण मोशा हुन्।

स्टिफनसलाई मोशाको विरोधमा निन्दाका शब्दहरू बोलेको आरोप लगाइएको थियो (प्रेरित ६ः११)। तर अब उनले इस्राएली जाति नै खास दोषी हो भन्ने कुरा प्रमाणसहित पुष्टि गर्छन्; किनभने परमेश्वरले छान्नुभएको मोशालाई तिनीहरूले तिरस्कार गरेका थिए।

स्टिफनसले मोशाको जीवनको सर्वेक्षण निम्न प्रकारले प्रस्तुत गर्छन्ः

**क)** मिस्रमा मोशाको जन्म भएको थियो; त्यहाँ तिनले बाल्यावस्था र आफ्नो विद्यार्थी जीवन बिताएका थिए (प्रेरित ७ः२०-२२)। तिनी वचनमा सामर्थी थिए भन्ने वाक्य लेख्नुमा तिनी निपुण थिए भन्ने अर्थ लिन सकिन्छ; किनकि तिनी आफ्नो भनाइअनुसार बोल्नुमा सिपालो थिएनन् (प्रस्थान ४ः१०)।

**ख)** तिनले इस्राएली भाइहरूमध्ये एकजनालाई कुनै मिस्रीको अन्यायबाट रक्षा गरे। त्यस बेलामा आफ्ना जातीय दाजुभाइहरूले तिनलाई इन्कार गरेका थिए (प्रेरित ७ः२३-२८)। पच्चीस पद याद गर्नुहोस्! यस पदले ख्रीष्ट येशूको आफ्नो यहूदी जातिले उहाँलाई तिरस्कार गरेको सम्झना दिलाउँछ।

**ग)** मिद्यानमा मोशाको प्रवासी जीवन बित्यो (प्रेरित ७ः२९)।

**घ)** परमेश्वर एउटा पोथ्रामा आगोको ज्वालाभित्र तिनीकहाँ देखा पर्नुभयो। उहाँले तिनलाई आफ्नो जातिलाई दासत्वबाट छुटकारा दिने हेतुले फेरि मिस्र देशमा पठाउनुभयो (प्रेरित ७ः३०-३५)।

**ङ)** तिनी इस्राएलीहरूको शासक र उद्धारक भए (प्रेरित ७:३६)।

**च)** तिनले ख्रीष्टको विषयमा परमप्रभु तिनीहरूका परमेश्वरले तिनीहरूको बीचमा तिनी जस्तै एकजना भविष्यवक्ता खड़ा गर्नुहुनेछ भन्ने भविष्यवाणी गरे (प्रेरित ७:३७)। 'मजस्तै एकजना भविष्यवक्ता' भन्ने वाक्य यसरी बुझ्नुपर्छः परमेश्वरले उहाँलाई मोशाजस्तै खड़ा गर्नुहुनेछ।

**छ)** सिनाईको उजाड़स्थानमा मोशाले इस्राएलीहरूका निम्ति व्यवस्था पाए (प्रेरित ७:३८)।

**ज)** इस्राएलीहरूले सुनको बाछाको पूजा गरेर मोशालाई दोस्रो पल्ट इन्कार गरे (प्रेरित ८:३९-४१)। इस्राएलीहरूको मूर्तिपूजा कहाँसम्म पुग्यो, सो कुरा प्रेरित ७:४२-४३ पदले स्पष्ट पार्छन्। परमप्रभुका निम्ति बलिदानहरू चढ़ाउने निहुँमा तिनीहरूले मोलोकको तम्बू बोकेर हिँड़े। पुरानो जमनामा मोलोकचाहिँ सबैभन्दा घृणित मूर्ति थियो। तिनीहरू रेम्फानलाई ढोग गरे; रेम्फान मङ्गलग्रहरूपी देवता थियो। यस पापको कारणले परमेश्वरले इस्राएलीहरूलाई बबिलोनको कैदमा पुऱ्याउनेछु भन्ने चेताउनी दिनुभयो। प्रेरित ७:४२-४३ पदमा स्टिफनसले पुरानो नियमको 'सेप्ट्वाजिन्ट' नामक ग्रीक अनुवादबाट आमोस ५:२५-२७ पदको खण्ड उद्धृत गर्छन्। यसैले होला, त्यो कैदको विषयमा 'म तिमीहरूलाई बेबिलोनपारि लैजानेछु' भनिएको छ, जब यसको सठीक उद्धरणचाहिँ 'दमस्कसपारि कैद गरेर लैजानेछु' भन्नुपर्नेथियो। तर दुवै कुराहरू सत्य छन्।

'इतिहास दोहोरिन्छ। हरेक पुस्तामा हामी त्यसको उस्तै-उस्तै क्रम पाउँछौं; किनभने मानिसहरू पनि उस्तै छन्। परमेश्वरको सन्देश सुन्ने मानिसहरूले यसको अर्थ बुझ्दैनन् (प्रेरित ७:२५)। एक-अर्कासित मेलमिलापमा बस्ने आज्ञा पाउने मानिसहरूले यो कुरा सुन्न मान्दैनन् (प्रेरित ७:२७)। तिनीहरूले परमेश्वरबाट पठाइएको उद्धारकलाई इन्कार गर्छन् (प्रेरित ७:३९)। दुर्दशाबाट छुटकारा पाएका मानिसहरूले कृपावान् परमेश्वरलाई होइन, तर व्यर्थका मूतिहरूलाई रुचाउँछन् र तिनीहरूलाई यसका निम्ति धन्यवाद चढ़ाउँछन् (प्रेरित ७:४१)। मानिसको स्वभाव यस्तै छः बागी, बैगुनी, निर्बुद्धि। अनि

परमेश्वरचाहिँ? उहाँ पनि एकसमान रहनुहुन्छ। मोशासँग बोल्नुहुने परमेश्वर तिनका पितापुर्खाहरूसित कुरा गर्नुहुने परमेश्वर हुनुहुन्थ्यो (प्रेरित ७:३२)। कष्टमा परेको उहाँका जनहरूको पुकार उहाँ सुन्नुहुन्छ, र उहाँ तिनीहरूलाई छुटकारा दिनुहुन्छ (प्रेरित ७:३४)। उहाँले आफ्ना मानिसहरूलाई मृत्युदेखि निकालेर जीवनमा पुऱ्याउनुहुन्छ (प्रेरित ७:३६)। जुन मानिसहरूले जानी-जानी उहाँलाई तिरस्कार गर्छन्, ती मानिसहरूलाई उहाँले आफ्नै कुइच्छा र अभिलाषाहरूको शिकार बन्न छोड्नुहुन्छ (प्रेरित ७:४२)। हाम्रा महान् परमेश्वरको स्वभाव यस्तै छः कृपावान्, शक्तिशाली र पवित्र। जुनसुकै परिस्थितिमा उहाँ बदल्नुहुन्न, तर सदैव एकसमान रहिरहनुहुन्छ (मलाली ३:६)। यस तथ्यबाट स्टिफनसको कुरा सुन्नेहरूका निम्ति परमेश्वरसँग खेलाँची गर्नुहुँदैन भन्ने चेताउनी मिलेको थियो। यस तथ्यबाट परमेश्वरले दिनुभएको हरेक प्रतिज्ञा सधैंभरि स्थिर रहन्छ भन्ने निश्चयतारूपी आश्वासन पनि मिल्छ।' 31)

**प्रेरित ७:४४-४६:** स्टिफनसलाई मन्दिरको विरोधमा बोलेको आरोप लगाइयो। यसकारण तिनले इस्राएलीहरूको इतिहासमा त्यस समयमा फर्कन्छन्, जब तिनीहरूसँग उजाड़स्थानमा साक्षीको तम्बू थियो। यहाँबाट तिनले आफ्नो उत्तर पेश गर्छन्। त्यही समयमा इस्राएलीहरूले आकाशको गणलाई पनि पुजिरहेका थिए। अनि जुन समयमा यहोशूले इस्राएलीहरूलाई कनान देशभित्र ल्याए र त्यहाँका जातिका मानिसहरूलाई निकाले, त्यस समयमा त्यो साक्षीको तम्बू पनि कनानमा ल्याइयो, अनि राजा दाऊदको पालोसम्म त्यहाँ रहिरह्यो। दाऊदले याकूबका परमेश्वरका निम्ति एउटा वासस्थान पाऊँ भन्ने माग गरे। उनले परमेश्वरको सामु कृपा पाए।

**प्रेरित ७:४७-५०:** राजा दाऊदले मन्दिर बनाउने इच्छा गरे; तर तिनको यो इच्छा मन्जुर भएन। सुलेमानले उहाँका निम्ति त्यो भवन बनाए।

त्यो मन्दिरचाहिँ परमेश्वरको वासस्थान थियो; त्यसमा उहाँ आफ्ना जनहरूको बीचमा वास गर्नुहुन्थ्यो। तर परमेश्वर त्यस भवनभित्र सीमित

हुनुहुन्नथियो, उहाँलाई त्यसमा थुन्न सकिँदैनथियो। १ राजा ८:२७ पदमा सुलेमानले मन्दिरको समर्पण हुने बेलामा यो सत्यता सुस्पष्ट रूपले व्यक्त गरेका थिए। अनि यशैया ६६: १-२ पदमा यशैयाले पनि मानिसहरूलाई चेताउनी दिएर भनेका थिए, कि परमेश्वरले पवित्र भवनहरूमा कुनै चासो राख्नुहुन्न; उहाँको सामु मानिसहरूका जीवनको नैतिक र आत्मिक अवस्था गनिन्छ। चूर्ण र पूरा पश्चात्तापी हृदयमा उहाँको चाहना छ। उहाँले त्यस मानिसमाथि ध्यान दिनुहुन्छ, जसले उहाँको वचनदेखि थरथर काम्छ।

**प्रेरित ७:५१-५३:** ती यहूदी अगुवाहरूले स्टिफनसलाई व्यवस्थाको विरोधमा बोलेको आरोप लगाए। अब तिनले तिनीहरूलाई यस अभियोगको छोटोमीठो खण्डन दिन्छन्।

कड़ा गर्दन भएका हठी मानिसहरू तिनीहरू हुन्, जसका हृदय र कानहरूको खतना भएको थिएन। तिनको दृष्टिमा तिनीहरू परमेश्वरको प्रजा इस्राएल थिएनन्, तर तिनीहरूका हृदय र कानहरूको अवस्था हेर्दा खतना नभएका अन्यजातिका हठी मानिसहरू थिए। निरन्तर पवित्र आत्माको सामना गरेकोमा तिनीहरू पक्का आफ्ना पुर्खाहरूका सन्तान थिए। तिनीहरूका पुर्खाहरूले ती भविष्यवक्ताहरूलाई सताउँथे, जुन भविष्यवक्ताहरूले तिनीहरूलाई ख्रीष्टको आगमनको पूर्वसूचना दिए। अनि अबचाहिँ तिनीहरू धर्मी ख्रीष्टलाई पक्रेर मार्ने भए। तिनीहरू यी मानिसहरू थिए, जसले त्यो व्यवस्था पालन गरेनन्, जुन व्यवस्था स्वर्गदूतहरूको माध्यमद्वारा अरू कुनै जातिलाई होइन, तर तिनीहरूलाई नै दिइएको थियो।

अरू बढ़ी भन्नुपरेन। हो, यति भन्नु काफी थियो; यसमा केही थप्नुपरेन। तिनीहरूले स्टिफनसलाई यस मुद्दामा हार खुवाउन खोजे, तर तिनी तिनीहरूको अभियोजक बने, र तिनीहरूचाहिँ दोषी अपराधी ठहराइए। तिनको सन्देश यहूदी जातिका निम्ति परमेश्वरको अन्तिम सन्देश थियो। अबदेखि उसो सुसमाचार अन्यजातिहरूकहाँ फैलिन लागेको छ।

**प्रेरित ७:५४-६०:** स्टिफनसले आफ्नो खुलमखुल्ला गवाही दिइसक्ने बित्तिकै स्वर्ग खुला भएको देख्छन्। तर उत्तेजित भीड़ले तिनको

मुखबाट अरू केही पनि सन्न मानेन । तिनीहरू उच्च सोरले चिच्च्याउँछन् । तिनीहरू तिनीमाथि जाइलाग्छन्, तिनलाई घिस्स्याउँदै शहरदेखि बाहिर लान्छन्, तिनलाई ढुङ्गाले हानेर मार्छन् ।

अनि स्टिफनसलाई मृत्युदण्ड दिनेहरूले आफ्ना लुगा एकजना जवान मानिसका पाउनिर राखे भन्ने कुरा यहाँ पवित्र आत्माले अवश्य उद्देश्यविहीन लेख्न लगाउनुभएन । ती जवान मानिसको नाम शाउल थियो । 'यो नाम याद गर्नुहोला; किनभने यस व्यक्तिको विषयमा तपाईंहरूले अझै पनि सुन्न पाउनुहुनेछ ।' यस व्याक्यद्वारा पवित्र आत्माले हामीलाई यसो भन्न खोज्नुभएको जस्तै छ ।

स्टिफनसको मृत्यु र हाम्रा प्रभुको मृत्युको बीचमा निम्न मिल्ने कुराहरू छन्ः

**क)** तिनले प्रार्थाना गरेः *'हे प्रभु येशू, मेरो आत्मा ग्रहण गर्नुहोस् !'* (प्रेरित ७ः५९) । प्रभु येशूले प्रार्थना गर्नुभयोः *'हे पिता, म आफ्नो आत्मा तपाईंको हातमा सुम्पन्छु'* (लूका २३ः४६) ।

**ख)** स्टिफनसले प्रार्थाना गरेः *'प्रभु, यो पाप यिनीहरूमाथि नलगाउनुहोस् !'* (प्रेरित ७ः६०) । प्रभु येशूले प्रार्थना गर्नुभयोः *'हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्; किनकि यिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्'* (लूका २३ः३४) ।

स्टिफनसको विषयमा यसो भन्नुमा कुनै गल्ती नहोलाः स्टिफनसको मन यति साह्रै प्रभु येशूको कब्जामा परेको थियो, कि तिनको जीवन प्रभुद्वारा एक महिमादेखि अर्को महिमामा सर्दै उहाँको रूपमा बदली भएको थियो (२ कोरिन्थी ३ः१८) ।

यसरी प्रार्थना गरिसकेपछि तिनी सुते । नयाँ नियममा जब मृत्युको सम्बन्धमा सुत्नु भन्ने शब्द प्रयोग गरिएको छ, तब यसको अर्थ शरीरचाहिँ सुतेको हो; किनकि हाम्रो आत्मा कहिल्यै सुत्दैन । आफ्नो मृत्यु हुने बेलामा ख्रीष्ट-विश्वासीको आत्मा ख्रीष्ट येशूकहाँ जान्छ र उहाँसँग रहन्छ (२ कोरिन्थी ५ः८) । तर उसको मृत-शरीरचाहिँ सुत्छ ।

सरकारी नियमअनुसार मृत्युदण्ड दिनु यहूदीहरूको अधिकार थिएन । त्यो अधिकार रोमी सरकारका राज्यपालसँग थियो (यूहन्ना १८ः३१[ख]) ।

तर हुन सक्छ, यहूदीहरूको मन्दिरको विरोधमा गरेको अपराध यस नियमदेखि बाहिर थियो होला। स्टिफनसलाई मन्दिरको विरोधमा बोलेको दोष लागेको थियो। अनि यो अभियोग आधारहीन थियो। तरपनि यहूदीहरूले तिनलाई मृत्युदण्ड दिए। प्रभु येशूलाई पनि 'म त्यो मन्दिर नाश गर्छु' भन्ने धम्की दिनुभएको आरोप लगाइएको थियो (मर्कूस १५:५८)। अनि यो अभियोग पनि झूटो थियो। उहाँको विरोधमा उठेका साक्षीहरूको गवाही मिलेन।

# खण्ड २) प्रेरित ८ः१-९ः३१ः यहूदिया र समारियामा ख्रीष्टको मण्डली

## क) प्रेरित ८ः१-२५ः समारियामा फिलिपको सेवकाइ

**प्रेरित ८ः१ः** परमेश्‍वरको आत्माले यहाँ फेरि पनि शाउलको नाम पेश गर्नुहुन्छ। तिनको मनभित्र ठूला सङ्घर्षहरू चलिरहेका थिए। बाहिरी तवरले तिनको आतङ्कले राज्य गर्दैथियो। तर त्यस बेलामा ख्रीष्ट-विश्‍वासीहरूको घोर विरोधीको नाममा तिनका दिनहरूको गन्ती भइसकेको थियो। शाउलले पनि स्टिफनसको हत्यामा सहमति दिएका थिए। तर यसो गर्दा सताउने काममा मुख्य भूमिका खेल्नेले आफ्नै खुट्टामा बन्चरो हान्न पुगेछन्।

'त्यस समयमा ...' भनेर एउटा नयाँ युग शुरु हुन्छ। स्टिफनसको मृत्युद्वारा मण्डलीको विरोधमा व्यापक सतावट शुरु भएको लाग्दैछ। अनि ख्रीष्ट-विश्‍वासीहरू यहूदिया र समारियामा तितरबितर भए।

प्रभु येशूले आफ्ना चेलाहरूलाई शिक्षा दिँदै भन्‍नुभएको थियोः उहाँको निम्ति उनीहरूको साक्षी हुने काम यरूशलेमबाट शुरु हुनुपर्छ, त्यसपछि यहूदिया र समारियातिर अघि बढ्नुपर्छ र पृथ्वीको अन्तमा पुग्नुपर्छ। यहाँसम्म प्रेरितहरूको साक्षी यरूशलेमभित्र मात्र सीमित रहेको थियो। अन्य ठाउँहरूतिर अघि बढ्न उनीहरूलाई डर लागेको हुन सक्छ। अब सतावटले उनीहरूलाई यसो गर्न करमा पार्‍यो।

प्रेरितहरूचाहिँ यरूशलेममा रहिरहे। उनीहरूको विषयमा श्री विलियम केल्लीले खल्लो लागेर आफ्नो टिप्पणीमा यसो भनेका छन्ः 'अरू ठाउँमा हुनु हो भने यी रहिरहनेहरू सबैभन्दा नटेर्ने अट्टेरीहरू मानिन्थे होलान्।'

मानिसको दृष्टिकोणबाट हेर्दा ख्रीष्ट-विश्वासीहरूका निम्ति सतावटका यी दिनहरू अशुभ दिनहरू थिए। स्टिफनसमा उनीहरूको सङ्गतिको एकजनाको जीवन धूलोमा मिल्काइएको थियो। उनीहरूलाई शिकारको पिछा गरिएझैं लखेटिन्थ्यो। तर परमेश्वरको दृष्टिकोणबाट हेर्दा यो कुनै अशुभ दिन थिएन। गहुँको एउटा दाना माटोभित्र छरिएको थियो, जसले अवश्य धेरै फल दिन्छ। अब सङ्कष्टरूपी हुरीबतासहरूले सुसमाचारका बीउहरू टाढ़ा-टाढ़ा ठाउँहरूसम्म छरिदिन्छन्। अनि त्यस फसलको हिसाब कसले लेखाजोखा गर्न सक्छ?

**प्रेरित ८:२:** स्टिफनसको लास गाड्ने भक्त जनहरू को-को थिए, सो अनभिज्ञ छ। हुन सक्छ, यिनीहरू यरूशलेमबाट खेदो नगरिएका ख्रीष्ट-विश्वासीहरू थिए। हुन सक्छ, यिनीहरू भक्त यहूदीहरू थिए, जसले यी शहीदको जीवनमा असल गुणहरू देखेर उनलाई आदरपूर्वक दफन गरिन योग्य ठाने।

**प्रेरित ८:३:** अरे, शाउलको नाम फेरि? मण्डलीलाई सताउनुमा कहिल्यै नथाक्ने, रोक्न नसकिने तिनको यो कत्रो शक्ति!! घर-घरमा पसेर उनले यी अभागी पुरुष र स्त्रीहरूलाई घिसारेर तिनीहरूलाई झ्यालखानामा हाल्दथिए। तर तिनले स्टिफनसलाई बिर्सन सकेनन्। उनको गौरवशाली मनमुद्रा, उनको नहल्लिने विश्वास, उनको स्वर्गदूतको जस्तो अनुहार! स्टिफनसका सङ्गी-विश्वासीहरूमाथि अझै धेरै हमला गरेर हो कि के गरेर हो, जस्तो भए पनि तिनले यो सम्झना आफ्नो मनमस्तिष्कबाट हटाउनुपरेको थियो।

**प्रेरित ८:४-८:** त्यस सतावटद्वारा तितरबितर भएका ख्रीष्ट-विश्वासीहरूको साक्षी बन्द भएन। जहाँ-जहाँ उनीहरू गए, त्यहाँ-त्यहाँ उनीहरूले मुक्तिको सुसमाचार साथमा लगिदिए। फिलिपचाहिँ प्रेरित छ अध्यायको डिकन थिए। तिनी यरूशलेमदेखि उत्तरपट्टि लागेर समारियाको शहरमा पुगे।[32] तिनले ख्रीष्टको प्रचार गरे, साथै चिन्हहरू पनि देखाए। अशुद्ध आत्माहरू निकालिए; पक्षाघाती र लङ्गड़ाहरू निको पारिए। मानिसहरूले सुसमाचारमाथि ध्यान दिन थाले। त्यस शहरमा ठूलो आनन्द हुनु जरुर थियो।

शुरुको मण्डली प्रभु येशू ख्रीष्टका निम्न सुस्पष्ट आज्ञाहरू पालन गर्दै आयोः

**क)** जसरी ख्रीष्ट येशू यस संसारमा आउनुभयो, त्यसरी नै यी चेलाहरू संसारमा निस्के (यूहन्ना २०ः२१; प्रेरित ८ः१-४)।

**ख)** उनीहरूले आफ्नो सम्पत्ति बेचेर गरिबहरूलाई दिए (लूका १२ः३३ र १८ः२२; प्रेरित २ः४५ र ४ः३४)।

**ग)** उनीहरूले आफ्ना बुबाआमा, घर र जमिन छोड़ेर चारैतिर परमेश्वरको वचन प्रचार गरे (मत्ती १०ः३७; प्रेरित ८ः१-४)।

**घ)** उनीहरूले चेलाहरू बनाएर तिनीहरूलाई गर्नुपर्ने र पालन गर्नुपर्ने सबै कुराहरू सिकाइदिए (मत्ती २८ः१८-१९; १ थेस्सलोनिकी १ः६)।

**ङ)** उनीहरूले क्रूस उठाए, र ख्रीष्ट येशूलाई पछ्याए (प्रेरित ४ः र १ थेस्सलोनिकी २ः)।

**च)** सङ्कष्टमा र सतावटमा परेर पनि उनीहरू रमाए (मत्ती ५ः११-१२; प्रेरित १६ः; १ थेस्सलोनिकी १ः६-८)।

**छ)** उनीहरूले आत्मिक रूपले मरेकाहरूलाई तिनीहरूकै मुर्दाहरूलाई गाड्न दिए, तर आफूचाहिँ सुसमाचार प्रचार गर्न निस्के (लूका ९ः५९-६०)।

**ज)** जब मानिसहरूले सुसमाचार सुन्न इन्कार गरे, तब उनीहरूले आफ्ना खुट्टाको धूलो टक्टकाए, र अरू ठाउँहरूतिर अघि बढ़े (लूका ९ः५; प्रेरित १३ः५१)।

**झ)** उनीहरूले बिरामीहरूलाई निको पारे, दुष्ट आत्माहरू निकाले, मरेकाहरूलाई बौराए आदि काम गरेर रहिरहने किसिमका फलहरू फलाए (मर्कूस १६ः१८; प्रेरित ३ः-१६ः)। [33)]

**प्रेरित ८:९-११:** फिलिपको मुखबाट सुसमाचार सुन्नेहरूमध्ये एकजना नामी व्यक्तिचाहिँ शिमोन भन्ने जादुगर थियो। निक्कै सयमसम्म त्यसले आफ्ना अनौठा, अद्‌भुत चमत्कारिला जादु-कार्यहरूद्वारा समारियाका मानिसहरूलाई दङ पार्थ्यो। त्यसले आफू कुनै महापुरुष भएको भान गराउँथ्यो; अनि कति मानिसहरूले त्यो पत्याए र त्यसलाई महेश्‍वरको शक्तिको रूपमा माने।

**प्रेरित ८:१२-१३:** धेरै मानिसहरूले फिलिपले प्रचार गरेको सुसमाचारमा विश्‍वास गरे र पानीको बप्तिस्मा लिए; त्यस बेलामा शिमोनले पनि विश्‍वास गर्छु भने [34]; त्यसको पनि बप्तिस्मा भयो। अनि शिमोन फिलिपको पछि लाग्यो; किनभने तिनले देखाएका चिन्हहरू देखेर त्यो आकर्षित भयो।

कहानी अघि बढ्दै जाँदा शिमोन नयाँ जन्म पाएको थिएन भन्ने कुरा स्पष्ट हुन्छ। त्यसको इसाई हुँ भन्ने स्वीकार त थियो, तर ख्रीष्टको भोक्ता थिएन। जस-जसले मुक्ति पानीको बप्तिस्मा लिएको फल हो भन्ने कुरा सिकाउँछन्, तिनीहरूको समस्या छः शिमोनले पानीको बप्तिस्मा त लियो, तर त्यो अझै पनि आफ्ना पापहरूमा हराएको थियो।

फिलिपले प्रचार गरेको सुसमाचारमाथि ध्यान राख्नुहोस्; किनभने परमेश्‍वरको राज्य र येशू ख्रीष्टको नाम तिनको प्रचारका मुख्य बुँदाहरू थिए। परमेश्‍वरको राज्यचाहिँ परमेश्‍वरको यस शासनक्षेत्र बुझिन्छ, जहाँ उहाँको हुकुम मानिन्छ। वर्तमान समयमा राजा संसारमा अनुपस्थित हुनुहुन्छ। यसकारण पृथ्वीमाथि उहाँको राज्य स्थापित भएकै छैन; यसको सट्टामा उहाँको राज्य हालैमा एउटा आत्मिक र अदृश्य राज्य हो। वर्तमान समयमा उहाँप्रति निष्ठावान् व्यक्तिहरूको जीवन उहाँको राज्य हो। तर भविष्यमा राजा संसारमा फर्केर आउनुहुनेछ, र पृथ्वीमाथि आफ्नो राज्य स्थापित गर्नुहुनेछ, जसको राजधानी यरूशलेम हुनेछ। परमेश्‍वरको राज्यको रूप जुनसुकै होस्, त्यसभित्र प्रवेश पाउनलाई मानिसले नयाँ जन्म पाएकै हुनुपर्छ। प्रभु येशू ख्रीष्टको नाममाथि विश्‍वास गर्नुहोस्, र तपाईंले नयाँ जन्म पाउनुहुनेछ। अवश्य फिलिपको प्रचारको सारांश यही थियो।

**प्रेरित ८:१४-१७:** समारियाका मानिसहरूले उत्सुकतासाथ वचन ग्रहण गरेको समाचार यरूशलेममा प्रेरितहरूकहाँ पुग्यो। तब उनीहरूले पत्रुस र यूहन्नालाई तिनीहरूकहाँ पठाए। यी दुईजना त्यहाँ पुगेपछि तिनीहरूको अवस्था बुझेः यी विश्वासीहरूले प्रभु येशूको नाममा बप्तिस्मा लिएका थिए, तर पवित्र आत्मा पाएका थिएनन्। परमेश्वरको अगुवाइअनुसार यी दुईजना प्रेरितहरूले प्रार्थना गरेः समारियाका विश्वासीहरूले पवित्र आत्मा पाऊन्। त्यसपछि उनीहरूले तिनीहरूमाथि आफ्ना हातहरू राखे। अनि तुरुन्तै तिनीहरूले पवित्र आत्मा पाइहाले।

यो कुरा पढ्नेबित्तिकै निम्न प्रश्न उठ्छः पेन्टेकोस्टको दिनको घटनाक्रम र यहाँको घटनाक्रम किन फरक छन्? किनभने पेन्टेकोस्टको दिनमा यहूदी मानिसहरूले पश्चात्ताप गरे, बप्तिस्मा लिए र पवित्र आत्मा पाए भने यहाँ समारियाका विश्वासीहरूले विश्वास गरे र बप्तिस्मा लिए, त्यसपछि प्रेरितहरूको प्रार्थना र उनीहरूको हातरखाइद्वारा तिनीहरूले पवित्र आत्मा पाए।

यस सम्बन्धमा हामी शुरुमा भनिहालौंः एउटा कुरा सुनिश्चित छः यी सबैजनाले एकै तरिकाले मुक्ति पाए। सबै मानिसहरूले प्रभु येशू ख्रीष्टमाथि विश्वास राखेर मुक्ति पाउनेछन्। अरू उपाय छैन। उहाँ मुक्तिको एकमात्र बाटो हुनुहुन्छ। तर यो कुरा पनि भनिहालौंः तर यहाँ यस अन्तरालको समयमा, जुन समयमा यहूदीधर्मलाई पछाड़ि छोड़िन्छ, र विश्वासीहरूमा ख्रीष्टको शिक्षाले रूप लिन थाल्छ, त्यस अन्तरालमा परमेश्वरले विभिन्न समाजहरूबाट आएका विश्वासीहरूको बीचमा आफ्नो सर्वअधिकारअनुसार काम गर्न रोज्नुभयो। उता, यहूदी समाजबाट आएका विश्वासीहरूले पवित्र आत्मा पाउनुभन्दा अघि पानीको बप्तिस्माद्वारा आफ्नो जातिसितको सम्बन्ध टुटाउनुपर्‍यो। अनि यता, यी समारीहरूले प्रेरितहरूको विशेष प्रार्थना र उनीहरूको हातराखाइले पवित्र आत्मा पाए। किन?

यस प्रश्नको सर्वोत्तम उत्तर यो होलाः चाहे यहूदीहरू चाहे समारीहरू, ख्रीष्टको मण्डलीमा एकता हुनुपर्छ। अनि प्रेरितहरूको प्रार्थना र हातरखाइ उनीहरूको बीचको यो एकता प्रकट गर्ने चिन्ह थियो। यहाँ एउटा ठूलो

खतरा के थियो भने, यरूशलेमको मण्डलीले 'यहूदी जाति उच्च जाति' भन्ने धारणा कायम राख्छ कि ? र समारीका भाइहरूसित अझै पनि कुनै सरोकार नराख्ने हो कि भन्ने डर थियो। तर परमेश्वरले यी प्रेरितहरूलाई समारी विश्वासीहरूमाथि आफ्ना हातहरू राख्न पठाउनुभयो; किनभने ख्रीष्टको मण्डलीमा फूट आउनुहुँदैनथियो; दुईवटा मण्डलीहरू, एउटा यहूदी-मण्डली र अर्को समारी-मण्डली हुनुहुँदैनथियो। उनीहरूले समारी विश्वासीहरूसित पूरा सङ्गति स्थापित गरेर तिनीहरूलाई प्रभु येशूका विश्वासीहरूको रूपमा ग्रहण गर्नुपर्‍यो। समारी विश्वासीहरूसित पूरा सङ्गति स्थापित भयो भन्ने चिन्ह प्रेरितहरूको हातरखाइ थियो। उनीहरू अब सबैजना एकै शरीरका अङ्गहरू भए; उनीहरू सबैजना ख्रीष्टमा एक भए।

प्रेरित ८:१६ पदमा यसो भनिएको छः *'खालि तिनीहरूले प्रभु येशूको नाममा बप्तिस्मा लिएका थिए।'* (प्रेरित १०:४८ र १९:५ पद पनि हेर्नुहोला)। प्रभु येशूको नाममा बप्तिस्मा लिनु र पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा लिनु एउटै कुरा हो (मत्ती २८:१९)। यस सम्बन्धमा श्री डब्ल्यू. ए. वाइनले यसो लेखेका छन्ः 'लूकाले यहाँ आफ्नो लेखमा बप्तिस्मामा प्रयोग गरिएको सूत्र वा मन्त्र लेखेका छैनन्, तर आफ्नो वर्णनमा ऐतिहासिक तथ्यहरू प्रस्तुत गरेका छन्।' अनि चाहे येशूको नाममा बप्तिस्मा लिएर वा पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा लिएर बप्तिस्मा लिनेले प्रभु येशूप्रति आफ्नो स्वामीभक्ति र एकीकरण प्रकट गर्छ। अनि सबै सच्चा विश्वासीहरूले त्रिएक परमेश्वर र प्रभु येशूसित एक भएको आफ्नो आस्था खुशीसाथ स्वीकार गर्छन्।

**प्रेरित ८:१८-२१ः** प्रेरितहरूको यी समारीहरूमाथिको हातरखाइले पवित्र आत्मा दिइएको कुराले जादुगर शिमोनलाई गम्भीर रूपले प्रभावित पार्‍यो। यस कार्यका आत्मिक तात्पर्यहरू के-के थिए, यसमा कुनै चासो नराखेर त्यसले यहाँ एउटा अलौकिक शक्ति देख्न सक्यो, जुन शक्ति त्यसले आफ्नो कामधन्दामा प्रयोग गर्न खोज्यो। यसकारण यो अलौकिक शक्ति किन्नलाई त्यसले यी प्रेरितहरूलाई पैसा दिन चाह्यो।

पत्रुसको उत्तरबाट के बुझिन्छ भने, शिमोन साँचो गरी प्रभुमा आएको व्यक्ति थिएन। जस्तैः

**क)** *'तिम्रो पैसा तिमीसँगै नाश होस्!'* कुनै साँचो विश्वासी कहिल्यै नष्ट हुनेछैन (यूहन्ना ३:१६)।

**ख)** *'यस कुरामा न तिम्रो कुनै भाग न हिस्सा छ।'* कुनै भाग वा हिस्सा नभएको मानिससँग सहभागिता के छ, ख्रीष्टसँग के सङ्गति हुन्छ?

**ग)** *'तिम्रो हृदय परमेश्वरको दृष्टिमा ठीक छैन।'* जसको हृदय परमेश्वरसित ठीक छैन, त्यो मानिस अविश्वासी हुनुपर्छ।

**घ)** *'तिमी तीतो पित्तले भरिएको र अधर्मले बाँधिएको हौ।'* नयाँ जन्म पाएको मानिसको विषयमा साँचो गरी यसो भन्न सकिँदैन।

**प्रेरित ८:२२-२४:** पत्रुसले शिमोनलाई आफ्ना महापापको विषयमा पश्चात्ताप गर्नू र आफ्नो दुष्ट युक्तिको निम्ति क्षमा पाऊँ भन्ने प्रार्थना गर्नू भन्ने आदेश दिन्छन्। शिमोनको विन्ती यस प्रकारको छः पत्रुसले परमेश्वर र त्यसको बीचमा मध्यस्थको काम गरिदिऊन्। शिमोन ती मानिसहरूको अग्रदूत थियो, जुन मानिसहरू सीधा प्रभुकहाँ जानुको सट्टामा बरु मानिसरूपी मध्यस्थकहाँ जान तयार छन्। शिमोनले साँचो गरी पश्चात्ताप गरेन। यो कसरी जानिन्छ? त्यसका निम्न शब्दहरूबाट यो थाह लाग्छः *'तपाईंहरूले मेरा निम्ति प्रभुसँग प्रार्थना गर्नुहोस्, कि तपाईंहरूले भन्नुभएका कुराहरूमध्ये कुनै पनि ममाथि आइनपरोस्!'* त्यो आफ्नो पापको विषयमा अफसोसी थिएन, तर केवल आफ्नो पापका नतिजाहरूदेखि डराएको थियो।

यही शिमोनबाट 'सिमोनीय' भन्ने शब्द आउँछ, जसको अर्थ पवित्र चीज व्यापारको माल तुल्याउनु हुन्छ। दण्डमोचन-पत्रहरू र अन्य आत्मिक लाभ दिने थोकहरूको बिक्री, अँ, परमेश्वरसित सम्बन्ध राख्ने जुनसुकै कुरा व्यापारको माल तुल्याउने काम यस सिमोनीय पापमा पर्छ।

**प्रेरित ८ः२५ः** पत्रुस र यूहन्नाले आफ्नो गवाही दिएपछि र प्रभुको वचन प्रचार गरेपछि उनीहरू यरूशलेममा फर्के। तर अबचाहिँ समारियाको भूमिमा सुसमाचारको पाइला टेक्यो। अब समारीहरूका बस्ती-बस्तीहरूमा उनीहरूले ख्रीष्टको सुसमाचार प्रकार गर्दै रहे।

## ख) प्रेरित ८ः२६-४०ः फिलिप र खजान्ची नपुंसकको बीचको भेटघाट

**प्रेरित ८ः२६ः** समारियामा ठूलो जागृतिको मूल फुटिरहेको बेलामा प्रभुको दूतले फिलिपलाई नयाँ काम गर्ने क्षेत्रमा जाने निर्देशन दिए। धेरैजनाले आशिष पाइरहेको ठाउँलाई छोड़ेर तिनले एकजना मानिसको सेवा गर्नुपर्छ। ती स्वर्गदूतले फिलिपलाई अह्राउन सके, तर फिलिपको कामचाहिँ गर्न सक्दैनन्। फिलिपले नै सुसमाचार प्रचार गर्छन्; किनभने सुसमाचार प्रचार गर्ने सौभाग्य स्वर्गदूतहरूलाई होइन, तर मानिसहरूलाई दिइको छ।

फिलिपले कुनै प्रश्न सोध्दैनन्, तर आज्ञाकारी भई समारियाबाट दक्षिण हिँड़ेर यरूशलेमबाट भएर गाजातर्फको बाटोमा जाँदैछन्।[35] त्यो ठाउँ सुनसान वा एकान्त थियो। फिलिपले मानिसहरूले बसोबास गरेको र आत्मिक रूपले धेरै उब्जा हुने ठाउँलाई छोड़ेर बाँझो मरुभूमिमा आइपुगे।

**प्रेरित ८ः२७-२९ः** गाजा जाने बाटोमा कतै तिनको भेट एउटा यात्री-दलसित भयो। मुख्य रथमा एथियोपियाकी रानी कन्दाकेका[36] खजान्ची बसिरहेछन्। उनी ठूला अधिकारी नपुंसक[37] थिए। उहिलेको एथियोपियामा मिस्र देशको दक्षिण भाग र जम्मै सूदान पर्थ्यो। कुरा स्पष्ट छः यी नपुंसकले चाहिँ यहूदीधर्म अपनाएका थिए; किनकि उपासना गर्न उनी यरूशलेममा गएका थिए र अबचाहिँ घरतिर फर्किरहेका थिए। अनि रथमा यात्रा गर्दा उनले भविष्यवक्ता यशैयाको पुस्तक पढ़िरहेका थिए। यस पलमा पवित्र आत्माले फिलिपलाई त्यस रथको छेउमा जाने आदेश दिनुहुन्छ।

**प्रेरित ८ः३०-३१ः** *'तपाईंले जे पढ्दै हुनुहुन्छ, के तपाईं त्यो बुझ्नुहुन्छ ?'* भनेर फिलिपले मिलानसार प्रश्न सोधेर बातचित शुरु गर्छन्।

ती नपुंसकले केही अप्ठ्यारो नमानी आफूलाई सिकाउने कुनै शिक्षकको खाँचो परेको कुरा स्वीकार गर्छन् र फिलिपलाई रथमा चढ़ेर आफूसँग बस्ने आग्रह गर्छन्। उनमा जातीय मतभेदको गन्धसमेत नभएको देखेर हामीलाई कति सन्चो लाग्छ!!

**प्रेरित ८ः३२-३३ः** यी नपुंसकले यशैया त्रिपन्न अध्याय पढ्दैथिए, कति अचम्म – ख्रीष्टको कष्टको अद्वितीय त्यो वर्णन! फिलिप कसरी यो खण्ड पढ़िने क्षणमै त्यहाँ आइपुगे?

यशैयाको यस खण्डमा यस्ता एकजना व्यक्तिको विषयमा लेखिएको थियो, जो अति नम्र हुनुहुन्थ्यो, र जो आफ्ना शत्रुहरूको सामु चुप रहनुभयो। उहाँको न्याय खोसियो। उहाँको निष्पक्ष जाँच भएन। अनि उहाँको भावी सन्तान होला भन्ने आशा थिएन; किनभने विवाह नगरिएको युवाअवस्थामा उहाँको हत्या भयो।

**प्रेरित ८ः३४-३५ः** पढ़िनुभएको व्यक्तिको विषयमा यी नपुंसकको मनमा दोधार थियो। के यशैयाले यो कुरा आफ्नो विषयमा वा अरू कसको विषयमा भनेका थिए? उनको यस प्रश्नबाट फिलिपलाई जवाफ दिने सुअवसर मिल्यो। नासरतको येशूको जीवनमा र उहाँको मृत्युमा यो भविष्यवाणी अक्षरशः पूरा भयो। निस्सन्देह, यरूशलेममा हुँदा यी एथियोपियाली मानिसले येशूको विषयमा सुनेका हुनुपर्छ। तर पक्का पनि उनले सुनेका यी खबरहरूको नकार्ने दृष्टिकोणले उहाँको महिमा बढ़ाउँदैनथियो। अबचाहिँ यी नपुंसकले नासरतको येशूको विषयमा के सिक्न पाउँछन् भने, उहाँ परमप्रभुको सेवक, यी दुःखको पात्र हुनुहुन्छ, जसको विषयमा यशैयाले यहाँ लेखेका थिए।

**प्रेरित ८ः३६ः** अवश्य फिलिपले यी एथियोपियाली मानिसलाई पानीको बप्तिस्माको विषयमा भने। पानीको बप्तिस्माद्वारा मानिसले आफूलाई ख्रीष्ट येशूसित उहाँको मृत्यु, उहाँको गड़ाइ र उहाँको बौरिउठाइसित एक तुल्याउँछ। अब यहाँ उनीहरू यात्रा गर्दा-गर्दै कुन पानीनिर आइपुगे। अनि यी नपुंसकले बप्तिस्मा लिने इच्छा प्रकट गर्छन्।

**प्रेरित ८ः३७ः** यो पद धेरै ग्रीक पाण्डुलिपिहरूमा छैन। यसो भए पनि यस पदमा लेखिएको कुरा पवित्र धर्मशास्त्रका बाँकी खण्डहरूमा

पाइने शिक्षासित मेल खान्छ। किनभने कुरा साँचो छः बप्तिस्मा लिने मानिसमा ख्रीष्ट येशूमाथिको विश्वास हुनुपर्छ, त्यसपछि उसले बप्तिस्मा लिन सक्छ। तर यस पदको सम्बन्धमा कुरा यस्तो छः नयाँ नियमका धेरजसो पाण्डुलिपिहरूमा यो पद पाइँदैन; कुरा यति हो। [38)]

**प्रेरित ८ः३८ः** त्यो रथ रोकियो। अनि फिलिपले यी नपुंसकलाई बप्तिस्मा दिए। उनीहरू पानीभित्र पसे, अनि उनीहरू पानीबाट बाहिर निस्केर आए। यसर्थ बप्तिस्मा डुब्कीको बप्तिस्मा रहेछ। [39)]

बप्तिस्माको सरलतामा हामीलाई अचम्म लाग्छ। सुनसान र एकान्त मरुभूमिको बीचमा बाटोको छेउमा फिलिपले यी नयाँ विश्वासीलाई बप्तिस्मा दिए। यसका निम्ति कुनै मण्डली-सभा लागेन; मण्डलीको उपस्थिति पनि चाहिएन। प्रेरितहरू पनि उपस्थित थिएनन्। यस यात्री-दलमा भएका कर्मचारी र नोकरहरू आफ्ना मालिकको बप्तिस्माका प्रत्यक्ष साक्षी भए। अबदेखि उसो उनी नासरतको येशूको अनुयायी भएका तिनीहरूले बुझे।

**प्रेरित ८ः३९ः** बप्तिस्माको कार्य सक्नासाथ प्रभुको आत्माले फिलिपलाई उठाएर लैजानुभयो। यसबाट फिलिपले अर्को कुनै ठाउँमा जाने निर्देशन वा अगुवाइ पाए भन्न मिल्दैन; किनकि अलौकिक रूपले अचानक तिनको स्थानान्तरण भयो। यसमा परमेश्वरको उद्देश्य थियोः यी नपुंसकले प्रभु येशूमाथि ध्यान दिनुपर्छ, उनलाई प्रभुमा ल्याउने मानिस-माथि होइन।

*हराएका आत्माहरूलाई जित्न खोज्दा,*
*उहाँको शोभा उत्रेर ममाथि बसिरहोस्!*
*यस हेतुले कि तिनीहरूले मजस्तो तुच्छ पात्रलाई होइन,*
*तर केवल उहाँलाई देखून् र उहाँमाथि ध्यान दिऊन्।*

*श्रिमत्ती केट बी. विल्किन्सन*

यी नपुंसक रमाउँदै आफ्नो बाटो लागे। प्रभु येशूप्रति आज्ञाकारी भएको मानिसमा एउटा यस्तो आनन्द आउँछ, जुन आनन्द सबै सांसारिक सुखहरूबाट आउने आनन्दलाई उछिन्छ।

**प्रेरित ८:४०:** अनि फिलिपचाहिँ ? तिनी अजोतुसमा पुगिसके, जहाँबाट तिनले आफ्नो सुसमाचार प्रचारको सेवकाइ अघि बढ़ाए। अजोतुसचाहिँ पुरानो नियमको समयको अश्दोद शहर थियो, जुन शहर गाजाको उत्तरमा र यरूशलेमको पश्चिममा भूमध्येसागरको तटमा अवस्थित थियो। त्यहाँदेखि तिनले समुद्र-तट हुँदै सिजरियामा नपुगेसम्म सुसमाचार प्रचार गर्दै रहे।

अनि यी नपुंसकको विषयमा कसो ? फिलिपले उनका निम्ति कुनै 'अनुवर्ती कार्यक्रम' सम्पन्न गरेनन्। सुसमाचारको प्रचारकले उनलाई परमेश्वरको जिम्मामा र पुरानो नियमको धर्मशास्त्ररूपी जमानी-पत्रमा सुम्पिदिए। यी नयाँ चेला पवित्र आत्माको शक्तिमा एथियोपियामा[40)] फर्के, र यिनले सबै मानिसहरूलाई प्रभु येशू ख्रीष्टमा भएको मुक्ति दिने अनुग्रहको विषयमा गवाही दिए।

# पानीको बप्तिस्मा

भर्खर हामीले यी नपुंसकको बप्तिस्माको विषयमा पढ्न पायौं। शुरुको मण्डलीले पानीको बप्तिस्माको शिक्षा दिएको, र उनीहरूको बीचमा यो विधि कति प्रचलित थियो, सो सम्बन्धमा धेरै यथार्थ कुराहरू पाइन्छ (प्रेरित २:३८ र २२:१६)। बप्तिस्मा दिने यूहन्नाको बप्तिस्मा र इसाई बप्तिस्मामा धेरै अन्तर छ। यूहन्नाको बप्तिस्मा पश्चात्तापको बप्तिस्मा थियो (प्रेरित १३:२४ र १९:४)। तर इसाई बप्तिस्माचाहिँ ख्रीष्ट येशूसित एक भएको अङ्गीकार र घोषणा हो।

प्रभुकहाँ फर्कनासाथ जहिले बप्तिस्मा लिने क्रम आउँथ्यो (प्रेरित २:४१; ८:१२; १८:८)। अनि पुरुष र स्त्रीले, अन्यजातिका मानिसहरू र यहूदी मानिसहरूले बप्तिस्मा लिए (प्रेरित ८:२१ र १०:४८)। कति परिवारहरूले, कति घरानाहरूले पनि बप्तिस्मा लिए (प्रेरित १०:४७-४८; १६:१५; १६:३३)। तर ती परिवारका सबै सदस्यहरूले विश्वास गरे भन्ने जानकारी हामीले कम्तीमा दुईवटा ठाउँमा पाएका छौं। अनि कहिल्यै, अँ, कहिले पनि बालबालिकाहरूको बप्तिस्मा भएन।

ख्रीष्ट येशूमाथि विश्वास गर्नेबित्तिकै नयाँ विश्वासीहरूले बप्तिस्मा लिइहाल्थे (प्रेरित ८:३६; ९:१८; १६:३३)। ख्रीष्ट येशूमाथि राखिएको विश्वास मानिलिएको आधारमा उनीहरूलाई बप्तिस्मा दिइन्थ्यो। उनीहरूको अङ्गीकार साँचो हो कि होइन, सो जाँच्न कुनै परीक्षण-काल चाहिएन। हुन पनि हो, सतावटमा पर्ने डरले गर्दा मानिस-हरूले हल्का प्रकारले प्रभुलाई अपनाउँछन् कि भन्ने प्रश्न आउँदैनथियो।

पानीको बप्तिस्मामा बचाउने शक्ति छैन भन्ने कुरा हामीले शिमोनको जीवनमा देखिसक्यौं (प्रेरित ८:१३)। किनभने त्यसले 'विश्वास गर्छु' त भन्यो, अनि बप्तिस्मा पनि लियो; तरपनि त्यो तीतो पित्तले भरिएको र अधर्मले बाँधिएको थियो (प्रेरित ८:२३)। त्यसको हृदय परमेश्वरको दृष्टिमा ठीक थिएन (प्रेरित ८:२१)।

हामीले भनिहाल्यौंः बप्तिस्माचाहिँ डुब्कीको बप्तिस्मा थियो (प्रेरित ८:३८-३९)। फिलिप र यी नपुंसक दुवैजना पानीभित्र पसे र पानीबाट बाहिर निस्केर आए। छिर्काउको बप्तिस्मा र पानी खन्याएर बप्तिस्मा दिनेहरूमध्ये धेरैजनाले मान्दछन्, कि पहिलो शताब्दीमा येशूका चेलाहरूले डुब्कीको बप्तिस्मा अपनाउँथे।

प्रेरितहरूको पुस्तकमा दुई पल्ट पापहरूको क्षमा बप्तिस्मासित सम्बन्धित भएको देखिन्छ। पेन्टेकोस्टको दिनमा पत्रुसले भनेः *'पश्चात्ताप गर्नुहोस् र तपाईंहरूमध्ये हरेकले येशू ख्रीष्टको नाममा बप्तिस्मा लिनुहोस्, र पापहरूको क्षमा पाउनुहोस्!'* (प्रेरित २:३८)। अनि पछि हननियाले शाउललाई भनेः *'उठ्नुहोस् र बप्तिस्मा लिनुहोस्, अनि प्रभुको नाम पुकारेर आफ्ना पापहरू धुनुहोस्!'* (प्रेरित २२:१६)। यी दुई ठाउँमा बप्तिस्मा लिने आज्ञा यहूदी मानिसहरूलाई दिइयो। तर अन्यजातिको मानिसहरूको सम्बन्धमा कसैलाई पनि पापहरूको क्षमा पाउनलाई बप्तिस्मा लिने आदेश दिइएको छैन। पानीको बप्तिस्माद्वारा यहूदी विश्वासीले ख्रीष्टको तिरस्कार गरेको, उहाँलाई क्रूसमा टाँगिदिने आफ्नो जातिसितको सम्बन्ध खुल्लमखुल्ला टुटाइदिन्थ्यो। अनि उसको पाप-क्षमा पाउने आधार प्रभु येशूमाथि राखिएको विश्वास थियो। उसको पाप-क्षमा कमाउने दाम प्रभु येशूको अमूल्य रगत थियो। अनि उसका निम्ति

पाप-क्षमा पाउने प्रबन्ध पानीको बप्तिस्मामा थियो। किनभने सार्वजनिक साक्षीको रूपले येशूको नाममा लिइएको यस बप्तिस्माले उसलाई यहूदीधर्मको समाजबाट झिकाएर उसलाई ख्रीष्टमा स्थापित गरिदियो।

बप्तिस्माको सम्बन्धमा मत्ती २८:१९ पदअनुसारको 'पिता, पुत्र र पवित्र आत्माको नाममा' भन्ने सूत्र प्रेरितहरूको पुस्तकमा पाइँदैन। समारीहरूले प्रभु येशूको नाममा बप्तिस्मा लिए (प्रेरित ८:१६); अनि यूहन्नाका चेलाहरूले पनि यही किसिमले बप्तिस्मा लिए (प्रेरित १९:५)। तर त्रिएक परमेश्वरको नाममा बप्तिस्मा दिइएको थियो भन्ने कुरा दाबी गर्न सकिँदैन। अनि 'प्रभु येशूको नाममा' बप्तिस्मा लिनु-दिनु भनेको प्रभु येशूको अधिकारमा बप्तिस्मा लिनु-दिनु हो।

यूहन्नाका कति चेलाहरूले दुईपल्ट बप्तिस्मा लिए। पहिले तिनीहरूले पश्चात्ताप गर्नलाई यूहन्नाको बप्तिस्मा लिए, त्यसपछि प्रभुकहाँ फर्केपछि तिनीहरूले विश्वासी भई येशूको नाममा बप्तिस्मा लिए (प्रेरित १९:३ र ५)। मुक्ति नपाई पानीको बप्तिस्माद्वारा इसाई बनाइएकाहरूले फेरि बप्तिस्मा लिनुपर्छ भन्ने पूर्व-उदाहरण यो हो।

## ग) प्रेरित ९:१-३१: टार्ससको निवासी शावल प्रभु येशूकहाँ फर्केका।

**प्रेरित ९:१-२:** प्रेरितहरूको पुस्तकको नौ अध्यायमा हामी एउटा निश्चित मोड़मा आइपुगेका छौं। यहाँसम्म इस्राएली जातिको बीचमा प्रचार गरेका पत्रुसको सेवकाइ प्रमुख विषयवस्तु थियो। तर अबदेखि प्रेरित पावल प्रमुख व्यक्ति हुन जान्छन्। अनि अबदेखि सुसमाचार बढ़ी मात्रामा अन्यजातिका मानिसहरूलाई प्रचार गरिन्छ।

अनुमान गरिन्छ कि टार्ससको शाउलको उमेर लगभग तीस वर्षको थियो। यहूदी धर्मगुरुहरूले तिनमा एक धर्मचारी उदीयमान युवक देखे। जोशमा तिनले आफ्नो जातिका दौंतरीहरू सबैलाई उछिन्थे।

तिनले आफ्ना आँखाहरूको सामु ख्रीष्टीय विश्वास बढ़िरहेको देखे। त्यस विश्वासलाई केवल 'मार्ग' [41)] भनिन्थ्यो। अनि यी ख्रीष्ट-

विश्वासीहरूमा तिनले आफ्नो धर्मका शत्रुहरू देखे। यसकारण अथाक जोश र उमङ्ग लिएर तिनले यस कुपन्थलाई मास्न शुरु गरे। उदाहरणको लागि, तिनले महापूजाहारीबाट सिरियाको दमस्कसमा पनि येशूका चेलाहरूलाई खोजेर न्यायजाँच र सजायका निम्ति कैदीको रूपमा यरूशलेममा ल्याउने अधिकार पाएका थिए।

**प्रेरित ९:३-६:** तिनको यात्रा-टोली दमस्कसको नजिकै आइपुगेको थियो। एक्कासि तिनको वरिपरि आकाशमा एउटा ठूलो ज्योति चम्क्यो। यसको तेजले गर्दा शाउल भुइँमा दङ्ग लड़े। तिनले एउटा वाणी सुने, जसले तिनलाई यसो भन्योः *'शाउल, हे शाउल, तिमीले मलाई किन सताउँछौ ?'* अनि शाउलले सोधेः *'तपाईं को हुनुहुन्छ, प्रभु ?'* यसको उत्तर आयोः *'म तिमीले सताइरहेको येशू हुँ।'*

शाउलको प्रतिक्रिया बुझ्नलाई हामीले निम्न कुराहरू याद गर्नुपर्छः तिनको विचारमा, नासरतको येशू मरिजानुभयो र यहूदियाको कुनै एउटा चिहानमा गाड़िनुभयो। यसरी यस कुपन्थको अगुवा शेष हुनुभएपछि अबचाहिँ उहाँका अनुयायीहरूलाई शेष पार्न मात्र बाँकी रह्यो। त्यसपछि धरती यस काँड़ा, यस कन्टकदेखि मुक्त हुनेथियो।

तर अब शाउललाई ठूलो प्रहार भयोः येशू मर्नुभएको होइन रहेछ। उहाँ मरेकाहरूबाट बौरिउठ्नुभएको रहेछ। उहाँ स्वर्गको महिमामा परमेश्वरको दाहिने हातपट्टि विराजमान हुनुहुँदो रहेछ। महिमित मुक्तिदाताको यस दृश्यले तिनको सम्पूर्ण जीवनको उद्देश्यमा पूरा बदलाउ ल्याइदियो।

अनि शाउललाई अर्को कुरा पनि थाहा लाग्योः येशूका चेलाहरूलाई सताउँदा तिनले प्रभु येशूलाई नै सताए। यस संसारमा भएका उहाँको शरीरका अङ्गहरूलाई दिइएका कष्ट र पीड़ाहरू स्वर्गमा हुनुहुने उनीहरूको शिरले अनुभव गर्नुभयो, चाल पाउनुभयो।

पहिले शाउलले शिक्षा पाए; पहिले प्रभु येशूको विषयमा तिनको होश खोल्नुपरेको थियो। त्यसपछि मात्र तिनलाई काम अह्राइयोः 'दमस्कसमा जाऊ !' त्यहाँ तिनलाई 'प्रयाण-आदेश' दिइनेछ।

**प्रेरित ९:७-९:** यति बेला तिनको साथमा यात्रा गर्नेहरू वल्ल परेका थिए। किनकि तिनीहरूले स्वर्गबाटको आवाज त सुने, तर शाउलले जस्तै स्पष्ट वाणीको रूपमा होइन (प्रेरित २२:९)। तिनीहरूले प्रभु येशूलाई देखेनन्। शाउलले मात्र उहाँलाई देख्न सके। किनकि यो घटना प्रेरितको कामका निम्ति तिनको बोलावट थियो।

शाउलजस्ता ती स्वाभिमानी फरिसीलाई हातमा समातेर दमस्कसमा डोर्‍याउनुपर्‍यो। तीन दिनसम्म तिनले देख्न सकेनन्। यस अवधिभित्र तिनले केही खाएनन् र केही पिएनन्।

**प्रेरित ९:१०-१४:** दमस्कसका ख्रीष्ट-विश्वासीहरूले यो खबर सुने। उनीहरूमाथि यस खबरको प्रभाव हामीले सजिलोसँग कल्पना गर्न सक्छौं। उनीहरूलाई थाहै थियोः शाउल उनीहरूलाई कैदी बनाउन बाटोमा आइरहेका थिए। उनीहरूले प्रार्थना गरेर गोहार मागे। हुन सक्छ, शाउलको आत्मा बाँचोस् भनेर उनीहरूमध्ये कसैलाई प्रार्थना गर्ने आँट थियो होला। अनि अहिले उनीहरूले सुन्दैछन्ः उनीहरूको विश्वासको परम शत्रु त ख्रीष्ट-विश्वासी भएछन् अरे। उनीहरूले सुनेको समाचार पत्याउन सकेनन्।

प्रभु येशूले दमस्कसका विश्वासीहरूमध्ये एकजना हननियालाई आदेश दिनुहुन्छः 'शाउललाई भेट्न जाऊ!' तब हननियाले शाउलको विषयमा आफ्नो हृदयका शङ्कारूपी पूर्व-आभास व्यक्त गर्छन्। तर प्रभुबाट 'तिनले सताउन छोड़े; अब प्रार्थना गर्दैछन्' भन्ने आश्वासन पाएपछि हननिया 'सीधा' नामक सड़कमा भएको यहूदाको घरमा गए।

**प्रेरित ९:१५-१६:** शाउलका निम्ति प्रभु येशूको अद्भुत योजना थियो। *'तिनी मेरा निम्ति चुनिएको भाँड़ा हुन्। तिनले अन्यजातिहरू, राजाहरू र इस्राएलीहरूको सामु मेरो नामको घोषणा गर्नेछन्। किनकि तिनले मेरो नामका निम्ति कति धेरै दुःख भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।'* सर्वप्रथम शाउल अन्यजातिहरूका निम्ति प्रेरित थिए; अनि यस कार्यभार पूरा गर्ने सिलसिलामा तिनी राजाहरूको सामु उभिनुपर्नेछ। तर तिनले आफ्नो जातिका दाजुभाइहरूलाई पनि प्रचार गर्नेछन्। अनि तिनीहरूबाट तिनले घोर सतावट सहनुपर्नेछ।

**प्रेरित ९:१७-१८:** यहाँ हृदयस्पर्शी ख्रीष्टीय सद्‌गुण र प्रेमको प्रदर्शन छः हननियाले यी नयाँ विश्वासीमाथि आफ्ना हातहरू राखेर तिनीसित आफ्नो मुटुभरको सङ्गति प्रकट गरे। उनले तिनलाई 'भाइ शाउल' भनेर सम्बोधन गरे। त्यसपछि उनले तिनको भेट्ने कारण बताए। शाउलले दृष्टि पाउनु छ; तिनी पवित्र आत्माले भरिनुपर्छ।

याद गर्नुहोस्ः यहाँ साधारण विश्वासीको हातरखाइद्वारा पवित्र आत्मा शाउललाई दिइयो। टिप्पणीकारहरूले हननियालाई पदहीन साधारण विश्वासी भन्दा रहेछन्। प्रभु येशूले यहाँ प्रेरित नभएको व्यक्तिलाई प्रयोग गर्नुभयो। निश्चय नै यस घटनाले आत्मिक परम अधिकार अभिषेक गरिएका पदाधिकारीवर्गभित्र सीमित राख्न चाहनेहरूका निम्ति हप्कीको काम गर्छ।

प्रभुकहाँ फर्केको मानिसको जीवनमा, ऊ साँचो तवरले फर्केमा केही कुराहरू अनिवार्य हुनेछन्। कुनै मानिस प्रभुकहाँ फर्केको हो कि होइन, सो सुस्पष्ट केही लक्षणहरू हुन्छन्, जुन लक्षणहरूले यो कुरा प्रकट गर्नेछन्। टार्ससको शाउलको जीवनमा पनि यस्तै थियो। यी लक्षणहरू के-के हुन्? यी लक्षणहरूको सूचि श्री फ्रान्सिस डब्ल्यू. डिक्सनले यसरी प्रस्तुत गरेका छन्ः

**क)** तिनले प्रभुलाई भेटे; तिनले प्रभुको सोर सुने (प्रेरित ९:४-६)। तिनले दिव्य प्रकाश पाए; अनि केवल यस प्रकाशले तिनलाई विश्वास दिलायो, तिनलाई नम्र भई प्रभुलाई खोज्ने तुल्यायो र तिनलाई येशूको भक्ति गर्ने सक्रिय अनुयायी बनाइदियो।

**ख)** तिनमा प्रभु येशूको आज्ञापालन गर्ने र उहाँको इच्छा पूरा गर्ने चाहना जाग्यो (प्रेरित ९:६)।

**ग)** तिनले प्रार्थना गर्न थाले (प्रेरित ९:११)।

**घ)** तिनले बप्तिस्मा लिए (प्रेरित ९:१८)।

**ङ)** तिनी परमेश्वरका जनहरूको सङ्गतिमा सामेल भए (प्रेरित ९:१९)।

**च)** तिनले येशूको शक्तिशाली साक्षी दिन थाले (प्रेरित ९:२०)।

**छ)** तिनी अनुग्रहमा बढ्दै गए (प्रेरित ९:२२)।

# पदहीन साधारण विश्वासीहरूको सेवकाइ

प्रेरितहरूको पुस्तकमा हामीले सिक्नुपर्ने सबैभन्दा मुख्य पाठ यही होः ख्रीष्टीय विश्वासचाहिँ साधारण विश्वासीहरूको अभियान हो, अनि गवाही दिने काम विशेष अधिकारी-वर्गको पेवा होइन, तर सबै विश्वासीहरूको जिम्मेवारी हो।

यस सम्बन्धमा श्री हार्नकले यस प्रकारको दाबी गरेका छन्ः

> 'शुरुका दिनहरूमा मण्डलीले रोमी साम्राज्यमा ठूला-ठूला विजय हासिल गरेको थियो। यी विजयहरूमा खास गरी शिक्षकहरू, प्रचारकहरू वा प्रेरितहरूको हात थिएन, तर साधारण विश्वासीरूपी मिशनरीहरूको ठूलो हात थियो।' **42)**

अनि श्री डीन इङ्गेले यसो लेखेका छन्ः

> 'इसाई धर्मरूपी विश्वासचाहिँ शुरुमा भविष्यवाणी गर्ने साधारण विश्वासीहरूको धर्म थियो। ... अनि ख्रीष्टको विश्वासको भविष्य पनि यी साधारण विश्वासीहरूको हातमा छ।' **43)**

अनि यसमा श्री ब्रयान ग्रीनको कुरा पनि थपौं, जसले भनेका छन्ः

> 'इसाईधर्म मानिएको विश्वासको भविष्य र संसारभरिको सुसमाचार प्रचारको काम पेशागत सेवकहरूको हातमा होइन, तर साधारण नर र नारीहरूको हातमा छ।' **44)**

यस विषयमा श्री लैटन फोर्डले भनेका छन्ः

> 'जुन मण्डलीले गवाही दिने काम विशेषज्ञहरूभित्र सीमित राख्छ, यस्तो मण्डलीले आफ्नो शिरको इच्छाको विपरीत काम गर्छ, र शुरुका विश्वासीहरूको अकाट्य, अचूक नमुना नकार्छ। सुसमाचारको प्रचार-प्रसारको काम नामले चिनिएका, मण्डलीका प्रतिनिधिहरूको मात्र होइन, तर सम्पूर्ण मण्डलीको काम हो।' **45)**

अनि अन्तमा, श्री जे. ए. स्टूवर्टले यसो लेखेका छन्ः

'स्थानीय मण्डलीको एक-एक सदस्यसदस्या ख्रीष्टका निम्ति उसको व्यक्तिगत सम्बन्धमा आएका मानिसहरूलाई जित्न निस्कन्थ्यो। त्यसपछि उनीहरूले भर्खर नयाँ जन्म पाएका यी विश्वासीहरूलाई आ-आफ्नो स्थानीय मण्डलीमा ल्याइदिन्थ्यो, जहाँ तिनीहरूले शिक्षा पाउने गर्थे र तिनीहरूको विश्वास तिनीहरूका मुक्तिदाता प्रभुप्रति बलियो पारिन्थ्यो। फलस्वरूप यी नयाँ विश्वासीहरू पनि निस्कन्थे, र आत्माहरू जित्न उक्त तरिका अपनाउँथे।' **46)**

कुरा सरल छः प्रेरितहरूले स्थापित गरेको प्रेरितिक मण्डलीमा कुनै पद-अधिकारी व्यक्ति वा पास्टरलाई स्थानीय मण्डलीको प्रमुखको रूपमा राखिँदैनथियो। स्थानीय मण्डलीको नियमित रूप यस प्रकारको थियोः पवित्र जनहरू, बिशपहरू र डिकनहरू (फिलिप्पी १ः१)। अनि नयाँ नियमको शिक्षा-अर्थमा सबै पवित्र जनहरू परमेश्वरका सेवकसेविकाहरू थिए। अनि बिशपहरू एल्डर थिए, मण्डलीको देखरेख गर्ने अध्यक्ष थिए, आत्मिक मार्गदर्शकहरू थिए। डिकनहरू सेवकहरू थिए, जसले स्थानीय मण्डलीको आर्थिक कामभार र अन्य कल्यान-सेवाहरू सम्हाल्ने गर्थे।

स्थानीय मण्डलीमा कहिल्यै एकजना बिशप अथवा एकजना एल्डरले अभिषेक गरिएको सेवकको प्रमुख ठाउँ ओगटेको थिएन। एल्डरहरूको टोली हुन्थ्यो; अनि उनीहरूले मण्डलीका गोठाला भई एकसाथ काम गर्थे।

कसैको यस प्रकारको प्रश्न छ होलाः 'अनि प्रेरितहरू, भविष्यवक्ताहरू, सुसमाचार प्रचारकहरू, पास्टरहरू र शिक्षकहरूको विषयमा कसो ? के उनीहरू शुरुका मण्डलीहरूको अधिकारीवर्ग थिएनन् र ?' यस प्रश्नको उत्तर हामी एफेसी ४ः१२ पदमा पाउँछौं। यी वरदान पाएका व्यक्तिहरू पवित्र जनहरूको उन्नतिका निम्ति दिइएका थिए, यस हेतुले कि पवित्र जनहरूले सेवाको काम पूरा गरून्, अनि यसरी नै ख्रीष्टको शरीरको निर्माण-कार्यमा वृद्धि भइरहोस्। स्थानीय मण्डलीमाथि स्थायी पद-अधिकारीहरूको रूपमा आफूलाई स्थापित गर्ने उनीहरूको लक्ष्य थिएन। तर स्थानीय मण्डली कहिले आफ्नो काम आफू चलाउन

सक्षम होस् भन्ने बाटो हेर्दै उनीहरूले स्वपालित मण्डली आफ्नो लक्ष्य बनाउँथे। जब कुनै मण्डली तयार भयो, तब उनीहरू अरू ठाउँहरूमा मण्डलीहरू स्थापित गर्न निस्के, र अरू मण्डलीहरू मजबुत तुल्याए।

मण्डली-इतिहासकारहरूको अनुसन्धानअनुसार अधिकारीवर्गको नियम दोस्रो शताब्दीबाट शुरु भयो। प्रेरितहरूको समयमा यस्तो प्रचलन थिएन। अनि यस अधिकारीवर्ग-वादबाट सारा संसारमा सुसमाचार पुर्‍याउनुमा र मण्डलीको बिस्तारमा बाधा भएको छ; किनभने यसरी नै धेरै जिम्मेवारीहरू थोरै मानिसहरूको काँधमा हालिएका हुन्छन्।

नयाँ नियमअनुसार ख्रीष्ट-विश्वासीहरू परमेश्वरका सेवकहरू मात्र होइन, तर उहाँका पूजाहारीहरू पनि हुन्छन्। पवित्र पूजाहारीहरू भएका नाताले उनीहरूले विश्वासद्वारा सदैव परमेश्वरको उपस्थितिमा प्रवेश गर्न र उहाँको उपासना गर्न पाउँछन् (१ पत्रुस २:५)। अनि राजकीय पूजाहारीहरू भएका हुनाले उनीहरूले उनीहरूलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिमा बोलाउनुहुने परमेश्वरका सद्‌गुणहरूको चर्चा गर्न पाउँछन्। यो उनीहरूको सौभाग्य र मौलिक अधिकार हो (१ पत्रुस २:९)। सबै विश्वासीहरू पूजाहारीहरूको समाज हुन् भन्नुमा सबैजना खुला रूपले वचनको प्रचार गर्नु वा शिक्षा दिनु योग्य हुन् भन्ने कुरा बुझ्नुहुँदैन। यस पूजाहारी-पदमा सर्वप्रथम परमेश्वरको उपासना गर्ने र ख्रीष्टको गवाही दिने काम आउँछ। तर यसको अर्थ यो हो, कि अबचाहिँ मण्डलीमा उपासना र सेवाक्रम आफ्नो हातमा लिने कुनै विशेष पूजाहारी-वर्ग हुँदैन।

**प्रेरित ९:१९-२५:** दमस्कसका विश्वासीहरूले शाउलका निम्ति आफ्ना हृदय र आफ्ना घरहरू खोले। अनि तुरुन्तै तिनले साहससित सभाघरहरूभित्र 'येशू परमेश्वरका पुत्र हुनुहुन्छ' भन्ने प्रचार गर्न थाले। यहूदी श्रोताहरू हक्क न बक्क भए। तिनीहरूको बुझाइअनुसार शाउल-चाहिँ येशूको नाम घोर घृणा गर्ने व्यक्ति थिए। अब तिनले कसरी येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरा सिकाउन सक्छन्? यो कसरी हुन सक्छ?

त्यस प्रथम भ्रमणमा शाउल यस दमस्कस शहरमा रहेको समय कति थियो, सो हामी जान्दैनौं। गलाती १:१७ पदबाट हामीलाई के थाहा लाग्छ

भने तिनले दमस्कस छोड़ेर अरबमा केही समय बिताए, त्यसपछि तिनी दमस्कसमा फर्के। अनि प्ररितहरूको पुस्तकको नौ अध्यायको विवरणमा अरब जाने यो यात्रा कहाँ लगाउन ठीक होला ? हुन सक्छ, प्रेरित ९:२१ र ९:२२ पदको बीचमा राख्नु ठीक देखिन्छ।

परमेश्वरले आफ्नो यन्त्रको रूपमा चलाउनुभएका सेवकहरूमध्ये धेरैजनाको 'अरबको अनुभव' छ। त्यस्तो अनुभवलाई उजाड़स्थानको अनुभव पनि भनिन्छ। त्यसपछि मात्र परमेश्वरले तिनीहरूलाई प्रचारको काममा पठाउनुभयो।

अरबमा शाउलले आफ्नो जीवनमा भइरहेका घटनाहरूको विषयमा मनन गर्ने समय पाए, विशेष गरी परमेश्वरको अनुग्रहको सुसमाचारको सम्बन्धमा सोच्न पाए; किनकि यो सुसमाचार तिनको जिम्मामा लगाइएको थियो। जब तिनी दमस्कसमा फर्के, तब तिनले येशूचाहिँ इस्राएलका मसीह हुनुहुन्छ भन्ने प्रमाण दिई-दिईकन सभाघरहरूमा यहूदीहरूलाई चुप पारिदिए (प्रेरित ९:२२)। यस कुराले तिनीहरूलाई रिसले चूर बनायो। तिनीहरूले तिनको ज्यान लिने मतो गरे; किनभने तिनीहरूको सर्वजेता-चाहिँ स्वधर्म-त्यागी, विश्वासघाती र अवसरवादी बने। तर शाउल भागे। राति केही चेलाहरूले एउटा टोकरीमा तिनलाई शहरको पर्खालबाट तल ओरालिदिए। तिनको कस्तो आदररहित निकास! तर यस बेलामा शाउलको मन टुटिसकेको थियो। अनि चूर्ण मन भएका मानिसहरूले ख्रीष्ट येशूका निम्ति निन्दा भोग्न सक्छन्, जुन निन्दा अरूले भोग्न सक्दैनन्।

**प्रेरित ९:२६-३०:** मानिसको दृष्टिकोणले हेर्दा यरूशलेम शाउलका निम्ति सबैभन्दा धेरै खतराको ठाउँ थियो। तर परमेश्वरको इच्छामा सुनिश्चित भएका र त्यस दिव्य इच्छाअनुसार यरूशलेममा गएका शाउलले आफ्नो व्यक्तिगत सुरक्षाको सुर्ता गर्नुपर्दैनथियो।

शाउल ख्रीष्ट-विश्वासी भएपछि यरूशलेममा गएको यो तिनको पहिलो पल्ट हो। गलाती १:१८ पदअनुसार यो भ्रमण तिनी प्रभुकहाँ फर्केको तीन वर्षपछिको कुरा हो। तर यसमा एकमत छैन। किनभने तिनको पहिलो भेटमा तिनले अरू प्रेरितहरूलाई होइन, तर पत्रुस र

याकूबलाई मात्र भेटे। अनि यहाँ प्रेरित ९:२७ पदमा भनिएको छ, कि बर्नबासले तिनलाई प्रेरितहरूकहाँ पुर्‍याए। प्रेरितहरू भन्नाले कि त पत्रुस र याकूबलाई, कि त सबै प्रेरितहरूलाई सङ्केत गरेको हुन सक्छ। तर तिनले सबै प्रेरितहरूलाई भेटेको अर्थ सठीक हो भने, प्रेरितहरूसितको यो भेटघाट हामीले शाउलको दोस्रो यरूशलेम-भ्रमणको रूपमा लिनुपर्छ, जुन भ्रमणको विषयमा अरू कहीं केही लेखिएको छैन।

शुरुमा यरूशलेमका विश्वासीहरू शाउललाई स्वागत गर्न डराए; किनभने तिनी विश्वासी भएको तिनको मुखको स्वीकार उनीहरूलाई साँचो हो जस्तो लाग्दैनथियो। बर्नबासले शाउलसित मित्रभाव देखाए। उनको उपनामको अर्थ सान्त्वनाको पुत्र हो (प्रेरित ४:३६)। उनले आफ्नो नामअनुसार काम गरे। उनले प्रेरितहरूकहाँ जान तिनलाई साथ दिए, उनीहरूको सामु तिनी प्रभुमा आएको पूरा कहानी सुनाए र दमस्कसमा ख्रीष्टका निम्ति तिनले दिएको साहसपूर्ण गवाहीको विषयमा बताइदिए। यरूशलेममा शाउलले प्रभु येशूको नाममा साहससँग प्रचार गरेको देखेर थोरै समयभित्र विश्वासीहरूले तिनको विश्वास साँचो रहेछ भनेर पत्ता लगाए। तिनको प्रचारले ग्रीक भाषा बोल्ने यहूदीहरूको बीचमा चर्को बहस मच्चायो। यी यहूदीहरूबाट शाउलको ज्यान खतरामा रहेको देखेर भाइहरूले शाउललाई सिजरियासम्म साथ दिए। त्यस बन्दरगाह शहरबाट तिनी टार्सस गए, जुन टार्ससमा तिनको घर थियो। त्यो शहर एशिया माइनरको दक्षिण-पूर्वीय तटको नजिकै अवस्थित थियो।

**प्रेरित ९:३१:** त्यसपछि प्यालेस्टाइनका मण्डलीहरूले शान्तिको सास फेर्ने समय पाए। उनीहरूका निम्ति यो समय आफूले जितेका आत्मा-हरूलाई दृढ़ पार्ने समय थियो। मण्डलीहरू सङ्ख्यामा र आत्मिकतामा बढ्दै गए।

# खण्ड ३) प्रेरित ९ः३२-२८ः३१ः पृथ्वीको अन्तसम्म ख्रीष्टको मण्डली

## क) प्रेरित ९ः३२-११ः१८ः प्रेरित पत्रुसले अन्यजातिका मानिसहरूलाई सुसमाचार प्रचार गर्छन्।

**प्रेरित ९ः३२-३४ः** वृत्तान्त पत्रुसकहाँ फर्किन्छ। यहूदियाका विभिन्न इलाकाहरूमा उनले विश्वासीहरूसँग भेट गर्छन्। अन्तमा उनी लिड्डामा आइपुग्छन्, जसको नाम आज 'लोड' हो, जुन गाउँ यरूशलेमबाट उत्तर-पश्चिम, जोप्पा जाने बाटोमा पर्छ। (जोप्पाको नाम अहिले 'याफा' हो।) लिड्डामा उनले एकजना पक्षाघाती मानिसलाई भेट्टाउँछन्, जो आठ वर्षदेखि थला परिरकेको थियो। अनि पत्रुसले उसको नाम लिँदै घोषणा गर्छन्ः 'येशू ख्रीष्टले तिमीलाई निको पार्नुहुन्छ !' ऐनियास तुरुन्तै उठ्छ र आफ्नो ओछ्यान उठाउँछ। ऐनियासले शारीरिक चङ्गाइ मात्र नपाएर आत्मिक जीवन पनि पाएको सम्भावना छ।

**प्रेरित ९ः३५ः** पक्षाघाती मानिसको यो चङ्गाइचाहिँ लिड्डाका मानिसहरूका निम्ति, साथै भूमध्यसागरपट्टि फर्केको शारोनको तराइभरि नै प्रभु येशूका निम्ति गवाही बन्यो। यसैले धेरैजना प्रभुकहाँ फर्के।

**प्रेरित ९:३६-३८:** जोप्पाचाहिँ प्यालेस्टाइनको मुख्य बन्दरगाह थियो, जुन शहर यरूशलेमदेखि लगभग तीस माइल उत्तर-पश्चिम पर्थ्यो र भूमध्येसागरको तटमा अवस्थित थियो। त्यहाँका विश्वासीहरूको बीचमा उदारचित्त भएकी बहिनी डोरकास थिइन्।[47] गरिबहरूका निम्ति लुगा सिलाउनुमा तिनको नाम चलेको थियो। अचानक तिनी मरिन्। तत्कालै चेलाहरूले लिड्डामा पत्रुसलाई 'झट्टै आइदिनुहोस्' भन्ने जरुर समाचार पठाए।

**प्रेरित ९:३९-४१:** जब पत्रुस आइपुगे, तब रुँदै गरेका सबै संवेदित विधवाहरूले उनलाई ती लुगाहरू देखाइदिए, जुन लुगाहरू डोरकासले तिनीहरूका निम्ति बनाएकी थिइन्। तब उनले तिनीहरूलाई बाहिर पठाउँछन्। अनि घुँडा टेकेर उनले प्रार्थना गर्छन्। त्यसपछि उनले यसो भन्दै आज्ञा गर्छन्: 'हे तबिता, उठ!' तत्कालै तिनी फेरि जीवित भइन्। डोरकास तिनका इसाई साथीहरूकहाँ जिउँदो फर्काइइन्।

**प्रेरित ९:४२:** तिनको बौरिउठाइको आश्चर्यकर्मको खबर चारैतिर फैलियो; यसकारण धेरै मानिसहरूले प्रभु येशूमाथि विश्वास गरे। तर प्रेरित ९:४२ पद ९:३५ पदसँग तुलना गर्दा के लाग्छ भने, डोरकासको बौरिउठाइको कारणले जति मानिसहरू बाँचे, तीभन्दा बढ़ी मानिसहरू ऐनियासको चङ्गाइको कारणले प्रभुकहाँ फर्के।

**प्रेरित ९:४३:** धेरै दिनसम्म पत्रुस जोप्पामा छाला बनाउने शिमोनको घरमा पाहुना बसे। शिमोनको पेशा किन बताइन्छ यहाँ? किनभने यो महत्त्वपूर्ण छ। यहूदीहरूले छाला बनाउने काम तुच्छ ठान्थे। कहीं कुनै मरेको पशुको सम्पर्कमा आएमा तिनीहरू विधिवत् हिसाबले अशुद्ध हुन्थे। पत्रुस शिमोनसँग रहेको कुराले के देखाउँछ भने, उनी यस प्रकारको यहूदीधर्मका सङ्कोचबाट स्वतन्त्र भइसके।

धेरैजनाले टिप्पणी गरेर के भन्छन् भने, प्रेरितहरूको पुस्तकको आठ अध्यायदेखि दस अध्यायसम्म क्रमैले नूहका तीन छोराको वंशमा परेका एक-एकजना प्रतिनिधि प्रभुमा आएको वर्णन गरिएको छ। आठ अध्यायमा एथियोपियाका नपुंसक प्रभुमा आए, जो अवश्य हामको वंशका थिए। नौ अध्यायमा टार्ससको शाउल प्रभुमा आए, जो शेमको वंशका

थिए। अनि अब दस अध्यायमा कर्नेलियस प्रभुकहाँ फर्कन्छन्, जो यापेतको वंशका थिए। यसको घत हामीलाई लागेको छ, किनकि ख्रीष्टको सुसमाचार सबै जातिका र सबै किसिमका परम्पराका मानिस-हरूका निम्ति हो। ख्रीष्ट येशूमा मानिस-मानिसको बीचका यी भिन्नताहरू रद्द भएका छन्। पत्रुसले परमेश्वरको राज्यका चाबीहरू प्रयोग गरेर दुई अध्यायमा यहूदीहरूका निम्ति येशूमाथि विश्वास गर्ने ढोका खोलेका थिए। ठीक त्यसरी नै उनले दस अध्यायमा अन्यजातिका मानिसहरूका निम्ति ढोका खोल्छन्।

**प्रेरित १०ः१-२ः** यस अध्यायको वर्णन सिजरियामा शुरु हुन्छ, जुन शहर जोप्पादेखि उत्तरमा परेको थियो, र त्यहाँबाट प्रायः तीस माइल टाढ़ा थियो। कर्नेलियसचाहिँ रोमी सैनिक अधिकारी थिए। अनि एकजना सुबेदारको अधीनतामा लगभग सयजना सिपाही हुन्थे। तिनी इटाली पल्टनका थिए। तर तिनको यस सैनिक भूमिकाभन्दा तिनको भक्ति प्रशंसनीय थियो। तिनी भक्ति गर्ने, परमेश्वरको डर मान्ने र गरिबहरूलाई धेरै दानहरू दिने मानिस थिए। तिनले निरन्तर परमेश्वरलाई प्रार्थना गर्ने गर्थे। श्री चार्लस सी. रायरीको विचारअनुसार कर्नेलियसचाहिँ 'मूल-ढोकादेखि बाहिर' बसेर यहूदीधर्म अपनाउने मानिस थिए, अर्थात् तिनले यहूदीहरूका परमेश्वरमाथि विश्वास गर्थे र आफ्नो जीवनमाथि उहाँको शासन ग्रहण गर्थे, तर पूर्ण रूपले यहूदी हुने कदम चालेका थिएनन्। **48)**

यस अवस्थामा कर्नेलियसले मुक्ति पाएका थिए कि थिएनन्? यस प्रश्नको उत्तर यस प्रकारको छः कतिले प्रेरित १०ः२ र ३५ पद जोड़ेर 'तिनले मुक्ति पाएका थिए' भन्छन्। किनभने पत्रुसले कर्नेलियसको सम्बन्धमा यसो भनेः *'जसले उहाँको डर मान्छ र धार्मिक काम गर्छ, त्यो मानिस उहाँको सामु ग्रहणयोग्य हुन्छ।'* तर जसले 'कर्नेलियसको मुक्ति भएकै थिएन' भन्ने कुरा सिकाउँछन्, तिनीहरूले प्रेरित ११ः१४ पदको कुरा लिन्छन्, जहाँ स्वर्गदूतले के तिनलाई प्रतिज्ञा दिए भने, पत्रुसले तिनलाई वचनहरू भन्नेछन्, जसद्वारा तिनले र तिनको सारा घरानाले मुक्ति पाउनेछन्।

हाम्रो धारणा यस प्रकारको छः कर्नेलियस यस्तो मानिस थिए, जो परमेश्वरले तिनलाई दिनुभएको प्रकाशअनुसार जिउँथे। तिनी यसका

निम्ति एक उदाहरण हुन् । तर यस प्रकाशले तिनलाई बचाउन सकेन, त्यो प्रकाश यसो गर्न पुगेन । यसकारण परमेश्वरले तिनलाई सुसमाचारद्वारा थप प्रकाश दिन निश्चय गर्नुभयो । पत्रुस तिनीकहाँ आउनुभन्दा अघि तिनलाई न मुक्ति भएको थियो, न मुक्तिको निश्चयता भएको थियो । केवल एकमात्र सत्य परमेश्वरको उपासना गर्नेहरूसित तिनलाई नजिकको सम्बन्ध भएको जस्तै लाग्थ्यो, बस यति ।

**प्रेरित १०ः३-८ः** त्यस दिनको तीन बजेतिरको कुरा होः कर्नेलियसले एउटा सुस्पष्ट दर्शन देखे। परमेश्वरका एकजना दूत तिनीकहाँ देखा परे, र उनले तिनको नाम लिएर तिनलाई बोलाए। अन्यजातिको मानिस भएका हुनाले तिनी स्वर्गदूतहरूको सेवकाइको विषयमा अनभिज्ञ थिए, जसको सेवकाइको विषयमा प्रायः जुनसुकै यहूदी मानिस जान्दथियो । यसकारण तिनी डराए; तिनले स्वर्गदूतलाई प्रभु नै सम्झे । यी स्वर्गदूतले तिनका प्रार्थनाहरू र तिनका दानहरू माथि परमेश्वरको सामु पुगेको आश्वासन दिन्छन्, त्यसपछि तिनलाई *'जोप्पाकहाँ पठाऊ र शिमोन पत्रुसलाई बोलाऊ, जो छाला बनाउने शिमोनको घरमा पाहुना बसेका छन्, जसको घर समुद्रको किनारमा छ'* 49) भन्ने आदेश दिन्छन् । लगत्तै यी सुबेदारले आफ्नो घरका दुईजना नोकरहरू र आफ्नो सैनिक सहचारीलाई पठाउँछन्, जोचाहिँ तिनीजस्तै परमेश्वरको डर मान्ने मानिस थियो ।

**प्रेरित १०ः९-१४ः** भोलिपल्ट समय मध्यान्न भएको थियो, जब पत्रुस शिमोनको घरको कौसीमा प्रार्थना गर्न उक्लन्छन् । उनलाई भोक लागेको थियो; किनभने खाना खाने समय भएको थियो, तर त्यस दिनमा खाना पकाउने काम ढिलो भएको थियो । अनि उनको यस भोकले अब हुन लागेको कुराका निम्ति असल वातावरण सृष्टि गर्‍यो । उनी अचेत भए । उनले आकाश उघारिएको, र चारै कुनामा बाँधिएको एउटा ठूलो चद्दर आफूकहाँ झर्दै गरेको देखे, जसमा पृथ्वीका सबै किसिमका शुद्ध र अशुद्ध चारखुट्टे जनावर, जङ्गली पशु, घस्रिने जन्तु र आकाशका चराहरू थिए । अनि स्वर्गबाट एउटा वाणी आयो, जसले उनलाई भन्योः *'पत्रुस, उठ, मारेर खाऊ !'* मोशाको व्यवस्थमा अशुद्ध पशुको मासु खानुहुँदैन भन्ने

नियम छ; यसको सम्झनामा पत्रुसले उत्तरमा यो ऐतिहासिक विरोध जनाएः *'कुनै हालतमा हुँदैन, प्रभु !'* श्री डब्लू. ग्राहम स्क्रोग्गीले टिप्पणी गरेर भनेका छन्ः 'जसले "अहुँ, हुँदैन" भन्छ, उसले कहिल्यै यसमा "हुँदैन, प्रभु" थप्नुहुँदैन । अनि जसले "प्रभु" भन्छ, उसले यसमा कहिल्यै "हुँदैन" भनेर थप्नुहुँदैन ।'

**प्रेरित १०ः१५-१६ः** पत्रुसले आफ्नो बितेको जीवन साक्षी राखेर भन्छन्ः अहिलेसम्म उनले शुद्ध खानेकुराहरू मात्र खाएका थिए । तब स्वर्गबाटको वाणीले भन्छः *'जुन कुरा परमेश्वरले शुद्ध पार्नुभएको हो, त्यो कुरा तिमीले अशुद्ध नभन !'* तीन पल्ट यस प्रकारको कुरा चल्यो, त्यसपछि त्यो चद्दर स्वर्गतिर फर्क्यो ।

यो दर्शन शुद्ध र अशुद्ध खानेकुरा खाने सम्बन्धमा नरहेर यसमा गहिरो अर्थ छ । ठिक्कै हो, ख्रीष्टीय विश्वासरूपी धर्म आएपछि यी खानेकुरा-हरूसित सम्बन्धित नियमहरू अबदेखि उसो ख्रीष्ट-विश्वासीमाथि लागू हुँदैनन् । तर यस दर्शनको तत्पार्य यस प्रकारको छः परमेश्वरले अन्यजातिका मानिसहरूका निम्ति प्रभु येशूमाथि विश्वास गर्ने ढोका खोल्न लाग्नुभएको छ । पत्रुस पहिला यहूदी थिए; अनि यहूदीहरूले अन्यजातिका मानिसहरूलाई अशुद्ध सम्झन्थे, तिनीहरूलाई वाचाहरूबाट पराई र इस्राएली नागरिकताबाट अलग भएका परदेशी ठान्थे, अँ, परमेश्वरदेखि टाढ़ा भएका दुष्ट पापी मान्थे । तर अब परमेश्वरले एउटा नयाँ काम गर्न लाग्नुभएको छ । अन्यजातिका मानिसहरूले – यी 'अशुद्ध पशुहरू'ले पवित्र आत्मा पाउन लागेका छन्, यी यहूदी मानिसहरूले जस्तै, जसले उहाँलाई अघिबाट पाएका थिए, जसले आफूलाई 'शुद्ध' सम्झन्थे । अबचाहिँ जात-जात र धर्म-धर्मको भूमिकाबाट उठेका भिन्नताहरू मास्न लागेका छन् । प्रभु येशूमा सबै सच्चा विश्वासीहरू ख्रीष्टीय सङ्गतिमा एउटै श्रेणीका हुन्छन् ।

**प्रेरित १०ः१७-२३[क]ः** पत्रुसले मनमनैमा यस दर्शनको अर्थ के हो, सो कुरा सोचिरहेको बेलामा हेर, कर्नेलियसका नोकरहरू यस घरको मूलढोकामा आइपुगे; अनि तिनीहरूले पत्रुसको विषयमा सोधखोज गरे । पवित्र आत्माको अगुवाइमा उनी कौसीबाट तल आए, र तिनीहरूलाई

अभिवादन चढ़ाए। तिनीहरूको आउने काम के हो, सो बुझेपछि उनले तिनीहरूलाई स्वागत गरे र तिनीहरूको सुत्ने प्रबन्ध मिलाए। यी नोकरहरूले आफ्नो मालिकलाई ठूलो मान दिएर कर्नेलियस धर्मी, परमेश्वरको डर मान्ने र सारा यहूदी जातिको बीचमा सुनाम-प्राप्त मानिस हुन् भने।

**प्रेरित १०:२३**[ख]**-२९:** भोलिपल्ट पत्रुस सिजरिया जान त्यहाँबाट निस्के। उनको साथमा कर्नेलियसका तीनजना नोकरहरू र जोप्पाका केही भाइहरू थिए। दिनभरि उनीहरूले यात्रा गरिरहे अनि भोलिपल्ट मात्र उनीहरू सिजरियामा आइपुगे।

कर्नेलियसले उनीहरूको बाटो हेरिरहेका थिए; अनि तिनले आफ्ना साखा-सन्तानहरू र इष्टमित्रहरूलाई भेला पारेका थिए। पत्रुस आइपुग्दा यी सुबेदार ठूलो श्रद्धाको साथ उनका पाउमा घोप्टो परे। तर प्रेरित पत्रुसले यस प्रकारको व्यवहार स्वीकार गरेनन्; किनभने उनी आफै पनि केवल एक मानिस थिए। पत्रुसको स्थान ओगट्ने सबै स्वयम्-नियुक्त भएका व्यक्तिहरूलाई उनको नम्रताको देखासिकी गर्न कति बढ़ी सुहाउँछ; किनभने तब तिनीहरूले मानिसहरूलाई आफूलाई ढोग्न दिनेथिएनन्।

कर्नेलियसको घरमा थुप्रै मानिसहरूलाई भेला भएका देखेर पत्रुसले तिनीहरूलाई निम्न स्पष्टीकरण दिएः उनी एक यहूदी मानिस थिए, अनि उनलाई अन्यजातिको मानिसको घरमा पस्न मनाही थियो। तर परमेश्वरले उनलाई के प्रकट गर्नुभयो भने, उनले अबदेखि उसो अन्यजातिका मानिसहरूलाई अछूत, 'अशुद्ध' सम्झनुहुँदैन। त्यसपछि उनले सोधेः *'अब भन्नुहोस्, कुन मनसायले तपाईंहरूले मलाई बोलाउनुभयो ?'*

**प्रेरित १०:३०-३३:** पहिले कर्नेलियसले चार दिनअघि देखेको दर्शनबाट आफ्नो कुरा उठाउँछन्। एकजना स्वर्गदूतले आएर उनलाई उनको प्रार्थनाको सुनाइ भएको आश्वासन दिए, र 'पत्रुसलाई बोलाऊ' भन्ने आदेश दिए। यी अन्यजातिको मानिसको हृदयमा परमेश्वरको वचनको कति ठूलो तिर्सना थियो ! यो प्रशंसनीय छ। तिनले पत्रुसलाई भन्छन्ः *'यसकारण अब परमेश्वरबाट तपाईंलाई जे-जे आज्ञा भएको छ, ती सबै कुराहरू सुन्न हामी सबैजना यहाँ परमेश्वरको सामु उपस्थित छौं।'* निश्चय

परमेश्वरको शिक्षा यस्ताहरूका निम्ति हो, जसको मन तिनको जस्तो खुला र शिक्षनीय हुन्छ।

**प्रेरित १०:३४-३५:** पत्रुसले आफ्नो प्रवचन दिनुभन्दा अघि खुला रूपले स्वीकार गर्छन्: अहिलेसम्म उनको विश्वास के थियो भने, परमेश्वरको आशिष इस्राएली जातिभित्र सीमित थियो। तर अबचाहिँ उनले बुझे, कि परमेश्वर कसैको पक्षपात गर्नुहुँदैन रहेछ। मानिसको जातीय भूमिकामा महत्त्व छैन। चाहे यहूदी, चाहे अन्यजातिको मानिस किन नहोस्, उहाँले चूर्ण हृदय भएको इमानदार मानिसलाई खोज्नुहुन्छ। हरेक जातिमा जसले उहाँको डर मान्छ र धार्मिक काम गर्छ, ऊ उहाँको सामु ग्रहणयोग्य हुन्छ।

प्रेरित १०:३५ पदको व्याख्या दुई प्रकारको हुन्छ: **क)** कति मानिसहरूको धारणाअनुसार जुन मानिसले साँचो तवरले पश्चात्ताप गर्छ र परमेश्वरको खोजी गर्छ, त्यस मानिसले प्रभु येशूको विषयमा कहिल्यै नसुने पनि मुक्ति पाउँछ। तिनीहरूको तर्क यस प्रकारको छ: त्यस मानिसले उसका निम्ति उसको बदलीमा दिइएको ख्रीष्ट येशूको बलिदानको विषयमा केही जान्दैन; तरपनि परमेश्वरले यसको विषयमा जान्नुहुन्छ, र त्यस मानिसलाई यस बलिदानको खातिर बचाउनुहुन्छ। उहाँले जुन मानिसमा साँचो विश्वास पाउनुहुन्छ, ख्रीष्ट येशूको त्राणको कामको अमूल्य दाम त्यस मानिसको खातामा लगाइदिनुहुन्छ।

**ख)** दोस्रो धारणा यस प्रकारको छ: परमेश्वरको डर मानेको र धार्मिक काम गरेको कारणले कुनै पनि मानिसले मुक्ति पाउँदैन; किनभने प्रभु येशू ख्रीष्टमाथि राखिएको विश्वासद्वारा मात्र मुक्ति पाइन्छ। तर जब परमेश्वरले कुनै यस्तो मानिसलाई भेट्टाउनुहुन्छ, जुन मानिस परमेश्वरको विषयमा पाएको प्रकाशअनुसार जिउँछ, तब उहाँले आफ्नो अनुग्रहमा यस्तो मानिसका निम्ति उसले सुसमाचार सुनेर प्रभु येशूमाथि विश्वास गर्ने प्रबन्ध गरिदिनुहुन्छ; अनि यस दिव्य प्रबन्धअनुसार मानिसले मुक्ति पाउन सक्छ।

हाम्रो विश्वास छ, कि दोस्रो धारणाचाहिँ परमेश्वरको वचनको सठीक व्याख्यान हो।

**प्रेरित १०ः३६-३८ः** पत्रुसले आफ्नो प्रवचन सुन्ने यी मानिसहरूलाई अझै के याद दिलाउँछन् भने, ख्रीष्टको सुसमाचाररूपी परमेश्वरको वचन पहिले यहूदीहरूकहाँ पठाइयो। तर येशू ख्रीष्ट सबै मानिसहरूका प्रभु हुनुहुन्छ। उहाँ यहूदीहरूको पनि र अन्यजातिका मानिसहरूको पनि प्रभु हुनुहुन्छ। श्रोतागणले नासरतका येशूको कहानी सुनेको हुनुपर्छ। बप्तिस्मा दिने यूहन्नाका दिनहरूमा येशूको त्यो सत्य कथा गालीलबाट शुरु भएको थियो; त्यसपछि त्यो सारा यहूदियाभरि फैलेर गयो। उही येशूलाई चाहिँ पवित्र आत्मा र शक्तिको अभिषेक भएको थियो। उहाँको जीवनको सेवकाइको विषयमा यसो भन्न सकिन्छः उहाँले निस्वार्थसाथ मानिस-हरूको भलाइ गर्दै हुनुहुन्थ्यो र शैतानद्वारा सताइएकाहरू सबैलाई निको पार्दै हुनुहुन्थ्यो।

**प्रेरित १०ः३९-४१ः** प्रेरितहरू येशूले गर्नुभएका सबै कामकुराहरूका प्रत्यक्ष गवाही हुन्। उनीहरू उहाँको साथमा सारा यहूदियाभरि गुमि-हिँड्थे, र उहाँसित यरूशलेममा रहन्थे। येशूको जीवन हर प्रकारले सिद्ध थियो। तर मानिसहरूले उहाँलाई रूखमा झुन्ड्याएर मारे। मरेको तेस्रो दिनमा परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो। परमेश्वरद्वारा पहिल्यै चुनिएका साक्षीहरूकहाँ उहाँ फेरि जीवित हुनुभएको अवस्थामा देखा पर्नुभयो। हाम्रो जानकारीअनुसार प्रभु येशूको बौरिउठाइ भएपछि विश्वास नगर्ने कुनै मानिसले पनि उहाँलाई यसो देख्न पाएन। तर यी प्रेरितहरूले उहाँलाई देख्न पाए; यति मात्र होइन, तर उनीहरूले उहाँसित खानपिन पनि गरे। यहाँबाट के बुझिन्छ भने, मुक्तिदाता प्रभुको बौरिउठाइको शरीर स्पर्ष गर्न सकिने, ज्ञानेन्द्रियद्वारा अनुभव गर्न सकिने वस्तुगत, प्राकृतिक शरीर थियो।

**प्रेरित १०ः४२ः** बौरिउठ्नुभएको प्रभुले प्रेरितहरूलाई उहाँको प्रचार गर्नू भन्ने आज्ञा दिनुभयो। किनभने उहाँ जिउँदा र मरेका मानिसहरूको न्यायकर्ता हुनुहुन्छ। पत्रुसले दाबी गरेको कुराले पवित्र धर्मशास्त्रका अरू खण्डहरूसँग मेल खान्छ, जहाँबाट पिता परमेश्वरले आफ्नो पुत्रलाई न्याय गर्ने सबै काम सुम्पिदिनुभयो भन्ने शिक्षाले पुष्टि पाएको छ (यूहन्ना ५ः२२)। यसको मतलब यो हो, कि परमेश्वरको पुत्र मानिसको पनि पुत्र

हुनुभएका हुनाले उहाँले दुवै यहूदीहरू र अन्यजातिका मानिसहरूको न्याय गर्नुहुनेछ।

**प्रेरित १०ः४३ः** तर पत्रुस न्यायको कुराबाट अघि बढ्छन्; किनभने उनले यस ईश्वरीय न्यायबाट उम्कनलाई बाँच्ने उपाय के हो, सो कुराको परिचय दिन अर्थात् महान् सुसमाचारीय सत्यता पेश गर्न चाहन्छन्। पुरानो नियमका सबै भविष्यवक्ताहरूले उहाँको विषयमा एकै गवाही दिएका थिएः ख्रीष्टको नाममाथि विश्वास गर्ने हरेक मानिसले पापहरूको क्षमा पाउनेछ। यो उपलब्धी इस्राएली जातिका निम्ति मात्र कहाँ हो र? सारा संसारका मानिसहरूका निम्ति ख्रीष्ट येशूमा परमेश्वरको प्रबन्ध छ। के तपाईंले पापहरूको क्षमा पाउन चाहनुहुन्छ? तब प्रभु येशूमाथि विश्वास गर्नुहोस्!

**प्रेरित १०ः४४-४८ः** पत्रुस अझै पनि बोलिरहेका थिए, जब पवित्र आत्मा यी अन्यजातिका मानिसहरूमाथि खनिनुभयो। तिनीहरू सबैजना विभिन्न भाषाहरूमा बोले। तिनीहरूले परमेश्वरको प्रशंसा गरे। कर्नेलियस र तिनको घरानाले पवित्र आत्मा पाएका के थाहा? उपस्थित भएका सबैका निम्ति अरू भाषाहरूमा बोलेको यो वरदान यसको पक्का गर्ने चिन्ह थियो। अन्यजातिका मानिसहरूले पवित्र आत्मा पाएकोमा जोप्पाबाट आएका यी जन्मजात यहूदी भाइहरू छक्क परे; यहूदीधर्म नअपनाईकन कसरी ती मानिसहरूले पवित्र आत्मा पाउन सके? तर पत्रुसचाहिँ अरूजस्तै यहूदी पूर्वाग्रहहरूमा बाँधिएका थिएनन्। उनी तत्कालै बुझिहाले, कि परमेश्वरले यहूदी मानिस र अन्यजातिको मानिसको बीचमा केही भिन्नता राख्नुहुन्न। यसकारण कर्नेलियसको घरानालाई बप्तिस्मा दिनुपर्छ भन्ने प्रस्ताव उनले राखे।

'हामीले जस्तो पवित्र आत्मा पाएकाहरू' भन्ने वाक्यमा हामीले ध्यान दिनुपर्छ। यी अन्यजातिका मानिसहरूले येशूमाथि राखिएको विश्वासको साधारण तरिकाले मुक्ति पाए। अनि यहूदीहरूले पनि यसरी नै मुक्ति पाए। अन्यजातिका मानिसहरूले व्यवस्था पालन गर्नुपर्ने वा तिनीहरूको खतना हुनुपर्छ भन्ने कुरा आएन। तपाईं आफै भन्नुहोस्ः कुनचाहिँ विधि वा कुनचाहिँ रीतिको कुरा गरियो यहाँ?

यी अन्यजातिका मानिसहरूले पवित्र आत्मा पाउँदा फेरि पनि हामीले घटनाहरूको क्रममा ध्यान लगाउनुपर्छ, जस्तैः

**क)** तिनीहरूले वचन सुने, अर्थात् वचन विश्वास गरेर ग्रहण गरे (प्रेरित १०:४४)।

**ख)** तिनीहरूले पवित्र आत्मा पाए (प्रेरित १०:४४ र ४७)।

**ग)** तिनीहरूले बप्तिस्मा लिए (प्रेरित १०:४८)।

यस मण्डली-युगमा, जब परमेश्वरले सबै जातिहरूको बीचबाट आफ्नो नामका निम्ति एउटा निजी प्रजा बोलाउँदै हुनुहुन्छ, घटनाक्रम यस्तै छ, चाहे यी मानिसहरू यहूदी चाहे अन्यजाति होऊन्।

सिजरियामा परमेश्वरको आत्माको अनुग्रहपूर्ण काम भएपछि यी विश्वासीहरूले पत्रुसलाई कम्तीमा केही दिन तिनीहरूसँग बसिदिने अनुरोध गरेकोमा हामीलाई अचम्म लाग्दैन।

**प्रेरित ११:१-३:** पत्रुसले अन्यजातिका मानिसहरूलाई सुसमाचार प्रचार गरेको र तिनीहरूले मुक्ति पाएको खबर तुरुन्तै यहूदियामा पुग्यो। यसकारण जब पत्रुस यरूशलेममा फर्के, तब खतनामा जोड़ लाउनेहरूले उनलाई छोड़ेनन्, तर उनलाई अन्यजातिका मानिसहरूसित खाना खाएको आरोप लगाइहाले। खतनामा जोड़ लाउनेहरू जन्मदेखिका यहूदी थिए, जो ख्रीष्टमा आएका थिए, तर जो पुरानो यहूदी-विचारले बाँधिएर त्यसबाट प्रेरित भएका थिए। तिनीहरूको विचार के थियो भने, प्रभुको पूरा आशिष प्राप्त गर्नलाई अन्यजातिको मानिसको खतना हुनुपर्छ। यसकारण पत्रुसले अन्यजातिका मानिसहरूसित खानपिन गरेको तिनीहरूका निम्ति सरासर गल्ती थियो।

**प्रेरित ११:४-१४:** पत्रुसले आफ्नो सफाइ यस प्रकारले दिएः उनले सम्पूर्ण घटनाको बेलीबिस्तार गरे अर्थात् उनले देखेको स्वर्गबाट तल ओर्लेको चद्दरको दर्शन, कर्नेलियसकहाँ देखा परेका स्वर्गदूतको कुरा, कर्नेलियसबाट पठाइएका मानिसहरू कसरी जोप्पामा उनी बसेको घरमा आइपुगेका, परमेश्वरको आत्माले उनलाई यी मानिसहरूको साथमा जाने आदेश दिनुभएको र पवित्र आत्मा अन्यजातिका मानिसहरूमाथि

खनिनुभएको एक-एक कुरा बताइदिए। परमेश्वरले यस प्रकारका सुस्पष्ट तरिकाहरूद्वारा काम गर्नुभएपछि प्रतिरोध गर्नु वा विरोध गर्नु त प्रभुको विरोध गर्नु बराबर हुनेथियो।

आफ्नो सफाइमा पत्रुसले केही सानातिना रोचक विस्तृत कुराहरू प्रकट गर्छन्, जुन कुराहरू अघिको अध्यायमा लेखिएका थिएनन्, जस्तैः

**क)** स्वर्गबाट ओर्लेर आएको त्यो चद्दर टक्कै उनीकहाँ आइगयो (प्रेरित ११:५)।

**ख)** उनले त्यसलाई ध्यानपूर्वक हेरे (प्रेरित ११:६)।

**ग)** उनले जोप्पाबाट आफ्नो साथमा सिजरिया गएका भाइहरूको सङ्ख्या बताउँछन्; तिनीहरू छजना थिए (प्रेरित ११:१२)।

**घ)** अनि प्रेरित ११:१४ पदमा हामी के थप जानकारी पाउँछौं भने, पत्रुसले तिनलाई वचनहरू भन्नेछन्, जसद्वारा तिनले र तिनको सारा घरानाले मुक्ति पाउनेछन् भन्ने कुरा स्वर्गदूतले कर्नेलियसलाई प्रतिज्ञा गरेका थिए। पत्रुस कर्नेलियसको घरमा आइपुग्दा तिनी मुक्ति नपाएका मानिस थिए भन्ने कुरा प्रमाणित गर्ने प्रमुख सबुत यही पद हो।

**प्रेरित ११:१५ः** पत्रुसको भनाइअनुसार उनले बोल्न शुरु मात्र गरेका थिए, जब पवित्र आत्मा अन्यजातिका मानिसहरूमाथि ओर्लनुभयो। तर प्रेरित १०:४४ पदअनुसार उनले केही समय बोलिसकेका थिए। यसर्थ उनले अझ भन्न चाहेका निक्कै कुराहरू बाँकी हुँदा नै उनको प्रवचनको शुरुमा उनी रोकिन पुगे।

**प्रेरित ११:१६ः** पवित्र आत्मा अन्यजातिका मानिसहरूमाथि ओर्लनुभएको क्षणमै पेन्टेकोस्टको दिनको आलो सम्झना पत्रुसको मनमा आइगयो। त्यसपछि उनको सम्झना अझ टाढ़ा पुग्यो, र प्रभुले यसो भन्दै आफ्ना चेलाहरूलाई दिनुभएको प्रतिज्ञासम्म फर्केर गयोः 'पवित्र आत्माद्वारा तिमीहरूको बप्तिस्मा हुनेछ।' उनले बुझे, कि पेन्टेकोस्टको दिनमा त्यो प्रतिज्ञा पूरा भएको थियो र कर्नेलियसको घरमा फेरि पनि पूरा भयो।

**प्रेरित ११:१७ः** अब पत्रुसले खतनामा जोड़ दिनेहरूको पन्थलाई निम्न प्रश्न बिछाउँछन्: *'यसैकारण परमेश्वरले हामी प्रभु येशू ख्रीष्टमाथि*

*विश्वास गर्नेहरूलाई जुन दान दिनुभएको थियो, त्यही दान उहाँले अन्यजातिका मानिसहरूलाई दिनुभयो भने परमेश्वरलाई रोक्न सक्ने म को हुँ र?'*

**प्रेरित ११:१८:** यी हिब्रू ख्रीष्ट-विश्वासीहरूलाई यस कुरामा मान्नुपर्छ; किनभने पत्रुसको वृत्तान्त सुनेपछि तिनीहरूले यो सबैमा परमेश्वरको हात देख्न सके; तिनीहरूको पहिलेका विचार पूरा रूपले बदल्यो। खण्डन गरेका सबै बुँदाहरू हराइगए। तिनको सट्टामा तिनीहरूले परमेश्वरको प्रशंसा गरे, जसले अन्यजातिका मानिसहरूलाई पनि अनन्त जीवन पाउन पश्चात्ताप गर्ने अवसर दिनुभएको छ।

## ख) प्रेरित ११:१९-३०: सिरियाको एन्टिओकमा मण्डली कसरी स्थापित भयो?

**प्रेरित ११:१९:** वृत्तान्तचाहिँ शहीद स्टिफनसको हत्याबाट उठेको सतावटको समयमा फर्कन्छ। यसकारण यहाँका पदहरूमा बयान गरिएका घटनाहरू कर्नेलियस प्रभुमा आउनुभन्दा अघि नै घटेका हुनुपर्छ। त्यस सतावटले गर्दा तितरबितर भएकाहरू सुसमाचार लिएर कहाँ-कहाँ पुगे?

*फोनिसिया:* भूमध्यसागरको उत्तरपूर्वीय भागमा पर्ने चौड़ाइ निक्कै साँघुरो भएको यस तटवर्ती, सोतो परेको देशमा टायर र सिडोन मुख्य बन्दरगाह-शहरहरू थिए – वर्तमान समयको लबानोन।

*साइप्रस:* भूमध्यसागरको उत्तरपूर्वमा अवस्थित भएको ठूलो टापु हो।

*कुरेनी:* अफ्रिकाको उत्तरीय तटमा स्थित भएको बन्दरगाह-शहर हो, वर्तमान लिबिया हो।

तर तिनीहरूले यहूदीहरूलाई मात्र सुसमाचार प्रचार गरे।

**प्रेरित ११:२०-२१:** साइप्रस र कुरेनीका केही विश्वासीहरू एन्टिओकमा पुगे; अनि त्यहाँ उनीहरूले ग्रीक भाषा बोल्ने यहूदीहरूलाई
**50)** सुचमाचार प्रचार गरे। उनीहरूको प्रचार आशिषपूर्ण थियो; किनभने धेरैजनाले विश्वास गरे, र प्रभुकहाँ फर्के। यस सम्बन्धमा श्री एफ. डब्ल्यू. ग्राण्टले भनेका छन्:

'यस काममा प्रयोग गरिएका मानिसहरूको एउटा पनि नाम हामीलाई थाहा छैन। यसमा अधिकारीवर्ग-वादले कुनै ठावैं पाएन, बरु यहाँ त्यसको उपेक्षा भएको छ।'

एन्टिओकमा ख्रीष्टको धर्मरूपी विश्वासले गरेको प्रवेशचाहिँ मण्डलीको द्रुत प्रगतिका निम्ति एक महत्त्वपूर्ण कदम थियो। एन्टिओक-चाहिँ सिरियाको ओरोन्टेस नदीमा अवस्थित थियो, र प्यालेस्टाइनदेखि उत्तरमा पर्थ्यो, अनि रोमी साम्राज्यभित्र तेस्रो स्थानमा आउँथ्यो। 'पुरानो जमानाको प्यारिस' एन्टिओकको उपनाम भयो। केही समयपछि यहाँबाट प्रेरित पावल र तिनका साथीहरूले सुसमाचारीय मिशन-धावाहरू अगाड़ि बढ़ाउनेछन् र मुक्तिको सुसमाचार जाति-जातिका मानिसहरूकहाँ लैजानेछन्।

**प्रेरित ११ः२२-२४ः** जब एन्टिओकमा भइरहेको ठूलो आत्मिक जागृतिको विषयमा यरूशलेमको मण्डलीमा खबर पुग्यो, तब उनीहरूले बर्नबासलाई एन्टिओकमा पठाए। बर्नबासचाहिँ संवेदनशील र दयालु व्यक्ति थिए। तिनले एकै नजरमा प्रभु येशूले त्यहाँ अन्यजातिका मानिसहरूको बीचमा शक्तिसाथ काम गर्नुभएको देखे। अनि तिनले उनीहरूलाई *'हृदयको ठूलो संकल्पसाथ प्रभुसँग टाँसिरहो'* भन्ने अर्ती दिए। तिनीजस्तो पवित्र आत्मा र विश्वासले भरपूर भएको असल व्यक्ति भर्खरै जन्मेको शिशु-मण्डलीमा आइदिएर कति बढ़िया! अँ, तिनीबाट उनीहरूलाई कति ठूलो आशिष मिलेको थियो! अनि तिनी त्यहाँ हुँदाखेरि धेरै मानिसहरू प्रभुमा आए। अनि तिनको कारणले यरूशलेमको मण्डलीसित एकताको सम्बन्ध कायम राखियो।

**प्रेरित ११ः२५-२६ः** तब बर्नबासलाई टार्ससको शाउलको सम्झना भयो। तिनले नै शाउललाई यरूशलेममा प्रेरितहरूको सामु परिचय गराएका थिए। त्यस बेलामा शाउल यस शहरबाट सुटुक्क भाग्नुपरेको थियो; किनभने यहूदीहरूले उनलाई मार्न खोजेका थिए। त्यस समयदेखि उनी आफ्नो टार्सस शहरमै थिए। बर्नबास टार्ससतिर बाटो लागे, र तिनले शाउललाई एन्टिओकमा ल्याए; किनकि शाउलले आफ्नो सेवकाइमा उत्साह पाउनु र एन्टिओकको मण्डलीलाई शाउलको शिक्षाबाट लाभ हुनु

थियो। अब एक गजबको जोड़ा/टोली मिलेको थियो; एक वर्षसम्म उनीहरूले एकसाथ मिलेर त्यहाँको मण्डलीसँग काम गर्दैरहे। यसरी नै धेरै मानिसहरूले असल शिक्षा पाए।

एन्टिओकमै ख्रीष्टका चेलाचेलीहरूलाई 'क्रिस्तान' भन्ने नाम दिइयो। निश्चय त्यस समयमा यो एक अनादरयुक्त संज्ञा थियो; तर त्यस बेलादेखि मुक्तिदाता प्रभुलाई प्रेम गर्नेहरू सबैले यो नाम खुशीसाथ स्वीकार गर्छन्।

श्री जे. ए. स्टूवर्टले टिप्पणी गरेर यसो भनेका छन्ः

'श्री एफ. बी. मेयर, यी पवित्र मानिसले भनेका थिएः मण्डली-इतिहासमा एन्टिओकको नाम सदैव प्रसिद्ध रहिरहनेछ; किनभने अभिषेक वा नियुक्त नगरिएका अपरिचित केही चेलाहरू शाउलबाट उठेका सतावटदेखि उम्कन यरूशलेमबाट त्यहाँ भागेका थिए। उनीहरूमा ग्रीक भाषा बोल्ने यहूदीहरूलाई सुसमाचार प्रचार गर्ने साहस थियो। प्रभुमा आएकाहरूलाई लिएर उनीहरूले एउटा मण्डली स्थापित गरे; यसो गर्दा उनीहरूले यहूदीधर्म अपनाउँदा आफ्नो खतना भएको विधिलाई पूरा बेवास्ता गर्नुपर्‍यो।

एन्टिओकमा आइपुगेका यी ख्रीष्ट-विश्वासीहरू वर्तमान समयको कुनै यस्तो एउटा मण्डलीबाट निस्केर गएका भए, जुन मण्डलीको सेवकाइचाहिँ एकजना व्यक्तिको एकमात्र कर्तव्य हुन्छ, त मण्डली-इतिहासको यस उल्लसित स्वर्णिम अवधिको विषयमा कहिल्यै कुनै अध्याय लेखिनेथिएन। दुःखको कुरा के हो भने, सामान्य मण्डलीमा पवित्र आत्माका कतिपय सेवाका वरदानहरू त्यत्तिकै निष्क्रिय र सुस्त छन्; किनभने साधारण विश्वासीहरूले सेवा गर्ने अवसरै पाउँदैनन्। अनि जबसम्म विश्वासीहरूको एक-एक सानो झुण्डमाथि वेतन पाउने एक-एक पास्टर हुन्छ, जसले तिनीहरूको देखरेख गर्छन्, तबसम्म संसारभरिका मानिसहरूले सुसमाचार कहिल्यै सुन्न पाउनेछैनन्। सण्डे-स्कूल, बाइबल-कक्षा आदि सेवा-सङ्गतिहरू सञ्चालन गर्ने यी स्वयम्सेवक-स्वयम्सेविकाहरूका निम्ति परमेश्वरलाई धन्यवाद होस्, जसले ज्याला नलिईकन प्रभुको सेवा गर्छन्; किनभने तिनीहरूलाई पनि

तलब दिनुपरेको भए कुनचाहिँ मण्डलीको अर्थ-व्यवस्था चल्न सक्नेथियो ?' 51)

**प्रेरित ११:२७-३०:** एन्टिओकको मण्डलीचाहिँ सुसमाचार-प्रचारको केन्द्र भयो, जहाँबाट सुसमाचार जाति-जातिका मानिसहरूकहाँ फैलियो। यसो भए पनि यरूशलेमको मण्डलीसित त्यसको घनिष्ठ र आत्मीय सङ्गति सधैं भइरहन्थ्यो। यरूशलेमको मण्डलीचाहिँ यहूदीहरूको बीचमा भएको सुसमाचार-प्रचारको केन्द्र थियो। निम्न घटनाले यस कुराको पुष्टि गर्छ।

यति बेलामा यरूशलेमबाट कुनै भविष्यवक्ताहरू एन्टिओकमा आए। यी भविष्यवक्ताहरू पवित्र आत्माको दानवरदान-प्राप्त ख्रीष्ट-विश्वासीहरू थिए, जो परमेश्वरको मुखपात्र थिए। यिनीहरूले प्रभु येशूबाट प्रकाशका कुराहरू पाए, र परमेश्वरका जनहरूलाई ती भविष्यवाणीहरू सुनाए। यिनीहरूमध्ये एकजनाको नाम अगाबस थियो, जसले ठूलो अनिकालको विषयमा भविष्यवाणी गरे – एउटा यस्तो अनिकाल, जुनचाहिँ सारा संसारमाथि आइपर्नेछ। अनि त्यो अनिकाल सम्राट क्लाउडियसको पालोमा आइपरेको हो (इस्वी संवत् ४१-५४)। एन्टिओकका विश्वासी-हरूले यहूदियामा बसेका विश्वासी दाजुभाइहरूका निम्ति सहायता पठाउने निर्णय गरे। अवश्य यो राहतचाहिँ यहूदीहरू र अन्यजातिका मानिसहरूको बीचमा अघि जुन छेक्ने बार थियो, त्यो बार ख्रीष्टमा तोड़िएर भताभुङ्ग भएको हृदय-स्पर्शी साक्षात् गवाही थियो। ख्रीष्टको क्रूसको शक्तिले तिनीहरूको बीचको त्यो पुरानो शत्रुता शेष पारेको छ। परमेश्वरको अनुग्रह यी चेलाहरूमा देखा परेको छ, जो सबैले राजीखुशीले र आ-आफ्नो औकातअनुसार दिए। श्री एफ. डब्ल्यू. ग्राण्टले आफ्नो दुःख प्रकट गर्दै भनेका छन्ः 'आजकल दिने काम कस्तो हुन्छ, सो सुन्नुहोस्! हरेकले आ-आफ्नो उब्रोपाब्रो धनबाट सानो रकम दिन्छ, अनि धनीहरूचाहिँ सम्पत्तिको अनुपातअनुसार थोरैभन्दा थोरै दिन्छन्।'

अनि उक्त राहत-राशिचाहिँ बर्नबास र शाउलको हातमा एल्डरहरूकहाँ पठाइयो। मण्डलीका एल्डरहरूको विषयमा पढ्ने यो पहिलो पल्ट हो। बूढ़ा प्रधान नामक एल्डरको पद यहूदी समाजमा प्रसिद्ध थियो; किनभने

एक-एक सभाघरमा बूढ़ा प्रधानहरू थिए। तर यरूशलेमको मण्डलीमा यी मानिसहरू कहिले र कसरी एल्डर भए, यसको कुनै जानकारी पाइँदैन। तर अन्यजातिहरूको बीचमा स्थापित भएका मण्डलीहरूमा प्रेरितहरूले एल्डरहरूलाई नियुक्त गरे, नभए उनीहरूका प्रतिनिधिहरूले यसो गरे (प्रेरित १४:२३ र तीतस १:५)। एल्डरका योग्यताहरूको विषयमा हामीले १ तिमोथी ३:१-७ र तीतस १:६-९ पदका खण्डहरूमा पढ्छौं।

## ग) प्रेरित १२:१-२३: राजा हेरोद एन्टिपासबाट उठेको सतावट र तिनको मृत्यु

**प्रेरित १२:१-२:** मण्डलीमाथि शैतानको निर्मम हमला भइ नै रह्यो। यसपालि सतावट राजा हेरोदबाट आयो। राजा हेरोदचाहिँ हेरोद अग्रिप्पा 'प्रथम' थिए, जो बड़ो हेरोदको नाति थिए। सम्राट क्लाउडियसले तिनलाई यहूदियामाथि राजाको रूपमा नियुक्त गरेका थिए। मोशाको व्यवस्थामा प्रसन्न हुने यी राजाले यहूदीहरूलाई सकेसम्म खुशी पार्न चाहन्थे। यस नीतिको फलस्वरूप तिनले मण्डलीका कतिजनालाई दुःख दिए र यूहन्नाका दाजु याकूबलाई तरवारले मारे।

तिनी यी याकूब थिए, जो पत्रुस र यूहन्नासँग प्रभु येशूको साथमा उहाँको रूप-परिवर्तन भएको डाँड़ामा थिए। अनि तिनकी आमाले *'मेरा यी दुईजना छोराहरूलाई तपाईंको राज्यमा एकजनालाई तपाईंको दाहिने हातपट्टि र अर्कोलाई तपाईको देब्रे हातपट्टि बस्न दिनुहोस्'* भनेर विन्ती गरेकी थिइन्।

परमेश्वरले आफ्ना जनहरूसित कुन प्रकारले व्यवहार गर्नुहुन्छ, सो कुराको सम्बन्धमा यस अध्यायमा चाखलाग्यो अध्ययनको खानी भेट्टिन्छ। याकूब शत्रुको हातमा परेर मारिए, तर पत्रुसचाहिँ अद्भुत तरिकाले बचाइए। मानिसले यसरी तर्क गर्न खोज्छः 'पत्रुसलाई किन यस प्रकारको अधिमान मिल्यो?' तर विश्वासले के भन्छ? त्यसले 'यस कुरामा म परमेश्वरको प्रेम र बुद्धि देख्छु' भन्छ।

*जुन खराबीलाई परमेश्वरले आशिष दिनुहुन्छ,*
*त्यस खराबीमा हाम्रो भलाइ हुन्छ,*
*अनि जुन भलाइमा उहाँको आशिष बस्दैन,*
*त्यो भलाइ भलाइ नै होइन ।*
*अनि जुन कुरामा परमेश्वरको इच्छा छ,*
*त्यो कुरा जति बेठीक र गलत देखा परे तापनि*
*सम्पूर्ण रूपले सठीक हुन्छ ।*

*श्री फ्रेडरिक डब्ल्यू. फेबर*

**प्रेरित १२ः३-४ः** याकूबलाई मृत्यु-दण्ड दिएको कुराले यहूदीहरूलाई यति साह्रै खुशी पारेको देखेर राजा हेरोदले उत्साह पाए र पत्रुसलाई पनि यही किसिमले मार्न चाहे । तर अखमिरी रोटीका दिनहरू भएको थियो । अनि यस धार्मिक पर्वका छुट्टीका दिनहरूमा मृत्युदण्ड दिनु कुनै हालतमा पनि उचित थिएन; अनि यहूदीहरू चाड़ मनाउने सिलसिलामा आफ्ना रीतिविधिहरू पूरा गर्नुमा व्यस्त रहनेथिए, यसैले तिनीहरूले यस्तो कार्यमा आफ्नो कल्याण भएको ख्याल गर्नेथिएनन् । यसकारण राजा हेरोदले पत्रुसलाई यस चाड़भरि झ्यालखानामा राखे । प्रेरित पत्रुसलाई चार-चारजना सिपाही भएका चार झुन्ड गरेर सोह्रजना सिपाहीहरूले रक्षा गरे ।

**प्रेरित १२ः५ः** यरूशलेमको मण्डलीले पत्रुसका निम्ति बोझको साथ अटुट प्रार्थना गरिरहेको थियो । विश्वासीहरूको सम्झनामा याकूबको मृत्यु आलो थियो । श्री जी. सी. मोर्गनले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः 'बोझको साथ गरेको प्रार्थनाको शक्ति राजा हेरोदको, अँ, नरकको भन्दा शक्तिशाली हुँदो रहेछ ।'

**प्रेरित १२ः६-११ः** हेरोदले पत्रुसलाई बाहिर ल्याउन लागेको रातमा पत्रुस हतकड़ी लगाइएको अवस्थामा दुईजना सिपाहीहरूको बीचमा मस्त सुतिरहेका थिए । कसैको भनाइअनुसार उनको यो निद्राचाहिँ 'विश्वासको जयप्राप्त निद्रा' भन्यो । हुन सक्छ, पत्रुसले प्रभुको प्रतिज्ञा सम्झन्थे होला, जुन प्रतिज्ञाअनुसार उनी वृद्ध भएसम्म बाँच्नेछन् (यूहन्ना २१ः१८) । यसकारण हेरोदले उनलाई समय नपुगी मार्न सक्दैनथिए । अचानक

परमप्रभुका दूतले उनीकहाँ देखा परे, अनि झ्यालखानाको कोठा ज्योतिले भरियो। पत्रुसलाई कोखामा हिर्काएर यी स्वर्गदूतले उनलाई 'छिटो उठ' भन्ने आदेश दिए।

तुरुन्तै हतकड़ी उनका हातबाट फुक्लेर झर्‍यो। यी स्वर्गदूतले पत्रुसलाई 'कम्मर कस, जुत्ता लगाऊ, आफ्नो खास्टो ओढ़ र मलाई पछ्याऊ' भनेर छोटा-छोटा, सुस्पष्ट आज्ञाहरू दिए। स्वप्नाजस्तै लाग्दै पत्रुस यी स्वर्गदूतको पछि लागे, जसले पहिलो र दोस्रो पहरेदार-चौकी पार गरे। जब उनीहरू फलामको मूलढोकाको सामु आइपुगे, तब त्यो मूलढोका आफै-आफ खोलियो। शहरको कुनै सड़कबाट अघि बढ़्दा यी स्वर्गदूत लोप भएपछि पत्रुस होशमा आयो र त्यस बेलामा मात्र यो कुनै स्वप्ना होइन रहेछ भन्ने कुरा उनलाई थाहा लाग्यो। प्रभु येशूले उनलाई हेरोदको हातबाट र यहूदीहरूको इच्छाबाट अद्भुत रीतिले बचाउनुभयो।

**प्रेरित १२:१२:** पत्रुस के गरूँ, कसो गरूँ भन्ने विचार गर्न एकक्षण अड़िए; त्यसपछि उनले मर्कूस यूहन्नाकी आमाको घरमा चेलाहरूले प्रार्थना गरिरहेको कुरा सम्झे। यो प्रार्थना-सभा रातभरि चलेको हुनुपर्छ; किनभने शायद पत्रुस झ्यालखानाबाट उम्केको घटना बिहानै झिसमिसे बेलामा घटेको थियो होला।

**प्रेरित १२:१३-१५:** पत्रुसले त्यस घरको मूलढोकाको दैलोमा ढकढक्याए र पर्खे। रोदा नाम भएकी एउटी ठिटी ढोकामा के भएको हो, सो सुन्न आइपुगी। रोदा नामको अर्थ 'गुलाफ' हो। पत्रुसको सोर सुनेपछि ऊ यति साह्रै उत्तेजित भई, कि उसले ढोका खोल्न बिर्सी। ऊ प्रार्थना गर्दै गर्नेहरूकहाँ यो खुशीको खबर सुनाउन दगुरेर भित्र गई। तिनीहरूले उसले यसो भनेकोमा उसलाई पगली ठाने, र उसलाई 'तँ पगली होस्' भने। तर उसले 'साँच्ची हो, पत्रुस ढोकामा उभिरहनुभएको हो' भनेर जिद्दी गरी। तिनीहरूले भनेः 'यसो भए ती व्यक्ति उहाँको दूत हुनुपर्छ, कि कसो ?' तर उसले 'होइन, होइन, उहाँ पत्रुस हुनुहुन्छ' भनी।

यी विश्वासीहरूका प्रार्थनाहरूमा विश्वास थिएन भनेर हामीमध्ये धेरैजनाले आलोचना गर्छन्; किनकि उनीहरूले आफ्ना प्रार्थनाहरूको उत्तर पाउँदा छक्क परेका थिए। तर हुन सक्छ, यस प्रकारको छिद्रानुसरणचाहिँ

हाम्रो हड़बड़े सङ्कोचको फल हो। अरूलाई गाली गर्नुभन्दा बरु परमेश्वरले यस्ता अल्पविश्वासमा चढ़ाइएका प्रार्थनाहरूको उत्तर दिनु-भएकोमा हामीले सान्त्वना लिनुपर्नेथियो; किनभने प्रायः हामी सबै विश्वासीहरू अल्पविश्वासी नै हौं।

**प्रेरित १२ः१६-१७ः** यस समयमा पत्रुसचाहिँ मूलढोकाको सामु उभिरहेका र ढकढक्याइरहेका थिए। अन्तमा, तिनीहरूले उनका निम्ति ढोका खोले, अनि उनी भित्र पसे। अब सबै शङ्का-उपशङ्का हटेर गए, अनि तिनीहरू साह्रै हर्षित भए। तुरुन्तै उनले तिनीहरूलाई चुप गराए र तिनीहरूलाई आफ्नो अचम्मको छुटकाराको छोटो विवरण दिए। त्यसपछि उनले तिनीहरूलाई 'जाओ, यो खबर याकूब र भाइहरूलाई सुनाइदेओ' भनेर आदेश दिए। सम्भवतः यी याकूब अल्फयसका छोरा थिए। यति भनेपछि उनी हिंड़िहाले; उनी कहाँ गए, सो थाहा भएन।

**प्रेरित १२ः१८-१९ः** अनि बिहान भयो। पत्रुस हराएकोमा ती अभागी सिपाहीहरूको सन्त्रास र व्याकुलता कत्रो थियो!? अनि यसरी छकाइएकोमा हेरोदलाई पनि कम्ती चोट लागेन। ती सिपाहीहरूले जेजस्तो पनि भनेर तिनलाई मनाउन सकेनन्। तिनीहरूको पत्यार नलाग्ने साक्षीले हेरोदलाई रिसले चूर पो बनायो। तिनले तिनीहरूलाई मृत्युदण्ड दिने आदेश दिए। त्यसपछि आफ्नो स्वाभिमानमा लागेको चोटको मलमपट्टी गर्न तिनी सिजरियातिर झरे।

**प्रेरित १२ः२०ः** टायर र सिडोनका मानिसहरूसित हेरोद साह्रै नाराज भएका थिए। यसको खास कारण हामीबाट लुकेको छ। टायर र सिडोन भूमध्यसागरको तटमा अवस्थित बन्दरगाह शहरहरू थिए। तिनले सिजरियामा बिताएका छुट्टीका दिनहरूमा यी शहरका मानिसहरूले मौका छोपेर तिनको कृपादृष्टि पाउन चाहे; किनभने यहूदियाबाट आएको अन्नपातमाथि तिनीहरू निर्भर गर्थे। यसकारण तिनीहरूले राजाको प्रबन्धक ब्लास्टससँग मित्रता गाँसे, अनि उनीद्वारा राजाकहाँ तिनीसँग फेरि पनि राजनयिक सम्बन्ध पुनर्स्थापना गर्न पाऔं भन्ने आफ्नो अनुरोध बिछाए।

**प्रेरित १२ः२१-२३ः** अनि एउटा तोकिएको दिनमा राजकीय वस्त्र पहिरेका हेरोदले मानिसहरूलाई भाषण दिए। तिनीहरू उन्मादमा

चिच्च्याएः 'अरे, यो वाणी मानिसको होइन, तर एक ईश्वर-वाणी हो !' तिनले परमेश्वरलाई दिनुपर्ने यो सम्मान इन्कार गरेनन्, न यस कुरामा परमेश्वरलाई महिमा दिए। यसकारण परमप्रभुका दूतले तिनलाई डरलाग्दो रोगले प्रहार गरे; अनि तिनी कीरा परेर इस्वी संवत् ४४ सालमा मरे।

यसरी नै यहूदीहरूलाई खुशी पार्नलाई याकूबलाई हत्या गर्ने राजा हेरोद आफूचाहिँ यही परमेश्वरको हातको प्रहारले मारिए, जुन परमेश्वरले शरीर र आत्मा दुवैलाई नरकको आगोमा नाश गर्न सक्नुहुन्छ। हेरोद आफूले छरेको फलको कटनी गरे।

## घ) प्रेरित १२ः२४-१४ः२८ः गलातियामा प्रेरित पावलको पहिलो सुसमाचार-धावारूपी यात्रा

**प्रेरित १२ः२४ः** यस समयभरि नै सुसमाचार लगातार चारैतिर फैलिँदै गयो। परमेश्वरको अचम्मको काम यस प्रकारको छः निश्चय मानिसको क्रोधले परमेश्वरको प्रशंसा गर्नैपर्छ; अनि बाँकी क्रोध उहाँले रोकि-राख्नुहुन्छ (भजन ७६ः१०)। परमप्रभुले जाति-जातिका मानिसहरूका युक्तिहरू विफल पार्नुहुन्छ; तर परमप्रभुको सल्लाह सदा-सर्वदा स्थिर रहन्छ (भजन ३३ः१०-११)।

**प्रेरित १२ः२५ः** बर्नबास र शाउलले एन्टिओकबाट पठाइएको कल्याण-दान यरूशलेममा आएर सुम्पेपछि तिनीहरूको काम पूरा भयो र उनीहरू एन्टिओकमा फर्के। [52)] फर्किंदा उनीहरूले मर्कूसलाई पनि साथमा लगे, जो बर्नबासको भानिज थिए (कलस्सी ४ः१०)। पछि यही भाइ मर्कूसले पछि मर्कूसको सुसमाचारको पुस्तक लेखे।

याकूबको मृत्यु हुने बेलामा, पत्रुस झ्यालखानामा हालिएको बेलामा, वा राजा हेरोदको मृत्यु हुने बेलामा बर्नबास र शाउल यरूशलेममा थिए कि थिएनन्, सो कुनै हालतमा पनि जान्न सकिँदैन।

बाइबलका टिप्पणीकारहरूमध्ये धेरैजनाले प्रेरितहरूको पुस्तकको तेह्र अध्यायमा स्पष्ट रूपले पूर्णविराम र क्रमभङ्ग भएको देख्छन्। कतिले कुरा वास्तविकतादेखि टाढ़ासम्म पुर्‍याउँछन् र यो भाग प्रेरितहरूको

पुस्तकको दोस्रो खण्ड वा दोस्रो अङ्क हो भन्छन्। जे होस्, अबचाहिँ प्रेरित पावल प्रमुख स्थानमा आइपुगे; यो निश्चित छ। अनि सिरियाको एन्टिओकचाहिँ केन्द्र भयो, जहाँबाट सुसमाचारको ज्योति जाति-जातिका मानिसहरूमाथि चम्कनेछ।

**प्रेरित १३ः१ः** एन्टिओकमा मण्डली कसरी स्थापित भयो, सो कुरा हामीले प्रेरितहरूको पुस्तकको एघार अध्यायमा सिक्यौं। यस मण्डलीको सेवा कुनै एकजना नियुक्त गरिएको अभिकर्ता-सेवक वा पास्टरको एकमात्र पेवा थिएन; किनभने यस मण्डलीमा विभिन्न वरदान भएका व्यक्तिहरू सेवारत थिए। विशेष गरी पाँचजना भविष्यवक्ता र शिक्षकहरू थिए। पहिले पनि हामीले भनिसक्यौंः भविष्यवक्ता यस्तो व्यक्ति हो, जसले पवित्र आत्माको यस प्रकारको वरदान पाएका हुनाले परमेश्वरबाट सीधा केही प्रकाशहरू पाउँछ र प्रकाशमा आएका यी कुराहरू अरू मानिसहरूलाई प्रचार गर्छ। वास्तविक यी भविष्यवक्ताहरू परमेश्वरका मुखपात्र थिए; तिनीहरूले आउन लागेका घटनाहरूको विषयमा प्रायः पूर्वसूचना दिने गर्थे। अनि शिक्षकहरूले चाहिँ पवित्र आत्माबाट परमेश्वरको वचनको अर्थ खोल्न वा बुझाउन क्षमता पाए; यसकारण तिनीहरूले सरल र बुझ्ने ढङ्गमा अरू मानिसहरूलाई परमेश्वरको वचनको अर्थ सिकाउँछन्।

एन्टिओकको मण्डलीका यी भविष्यवक्ता र शिक्षकहरूका नाम यस प्रकारका छन्ः

*बर्नबासः* तिनको नाम यहाँ पहिले आयो; किनभने शायद तिनी विश्वासमा जेठा थिए, वा ख्रीष्टको सेवामा बढ़ी पाको थिए। तिनको विषयमा हामीले अघि पनि पढ़िसक्यौंः ख्रीष्ट येशूको सेवकको रूपमा तिनको गवाही एकदम राम्रो थियो। तिनी र शाउल सेवामा एक हलको विश्वासयोग्य जोड़ा थिए।

*निगर भनिने शिमोनः* तिनको नामबाट हामीले तिनी जन्मजात यहूदी थिए भन्ने अनुमान लगाउन सक्छौं। हुन सक्छ, तिनी अफ्रिकामा बस्ने यहूदी समाजको थिए। हुन सक्छ, तिनले अन्यजातिका मानिसहरूको बीचमा रहँदा निगर भन्ने नाम आफ्नो सुविधाका निम्ति राखे। निगरको

नामको अर्थ 'कालो' वा 'कालो वर्णको' हो। हुन सक्छ, तिनको नाम-अनुसार तिनी हब्सी थिए। तिनको विषयमा अरू कुनै जानकारी छैन।

*कुरेनीवासी लुसियसः* हुन सक्छ, पहिले कुरेनीबाट एन्टिओकमा आएर ख्रीष्टको सुसमाचार प्रचार गरेका मानिसहरूमध्ये तिनी पनि एक थिए होलान् (प्रेरित ११:२०)।

*मनाएनः* तिनी रजौटा हेरोदसँग हुर्केका थिए। मनाएनको नाम पुरानो नियममा पनि छ, जहाँ यस नामले 'मेनहेम'को रूप लिएको थियो, जसको अर्थ 'शान्तिदाता' हो (२ राजा १५:१४)। दुष्ट हेरोद एन्टिपाससित हुर्के-बढ़ेका यी मानिस पहिले ख्रीष्टमा आउनेहरूमध्ये पर्नु गजबको कुरा हो। रजौटाको अर्थमा हेरोदले आफ्ना पिता बड़ा हेरोदको राज्यको चौथो भागमाथि राज्य गरेको बुझिन्छ।

*शाउलः* यस नामावलीमा तिनको नाम अन्तिम नाम हो। पछिल्ला अघिल्ला हुनेछन् भन्ने आहानअनुसार शाउलचाहिँ पावलको नाममा सत्यताको साक्षात् जीवित नमुना भए।

शुरुको मण्डलीमा कालो-गोरा कसैको वर्ण नहेरी सबैलाई बराबर मान्ने सङ्गठन थियो भन्ने कुरा देखाउन यी पाँचजना मानिसहरू जीवित साक्षी हुन्। मानिसहरूलाई जाँच्ने एउटा नयाँ मापडन्डा चलाइन्थ्यो। शरीर-अनुसार को हुनु हो, यसमा मतलब थिएन, तर आत्मामा कसको हुने भयो, यसमा महत्त्व थियो।

**प्रेरित १३:२:** यी भविष्यवक्ता र शिक्षकहरू प्रार्थना गर्न र उपवास बस्न भेला भएका थिए; हुन सक्छ, सम्पूर्ण मण्डलीले यसो गर्थ्यो। उनीहरूले प्रभुको सेवा गरिरहेका थिए; सन्दर्भ-अर्थमा उनीहरूले प्रार्थना र अन्तर्विन्ती चढ़ाइरहेका थिए। उनीहरूले एकाग्रचित्तले यी आत्मिक अभ्यासहरूमा आफूलाई दिइहाल्न सकून् भन्ने हेतुले उनीहरूले उपवास बसेर उनीहरूको शरीरले मागेका कुरा त्यसलाई नदिईकन आफ्नो शरीरलाई वशमा राखे।

उनीहरू प्रार्थना गर्न एकसाथ भेला भए; किन होला? संसारभरि सुसमाचार प्रचारप्रसार गर्ने ठूलो बोझ लिएर उनीहरूले उक्त सभा राखेको अनुमान गर्नु न्यायसँगत हो। यो प्रार्थाना-सभा रातभरि चलेएन होला।

लूकाले दिएको वर्णन यसको विषयमा चुप रहन्छ। तर यो प्रार्थना-सभा गम्भीरतामा र दुरीमा हिजोआज मण्डलीहरूमा चलाइराखेका प्रार्थना-सभाभन्दा निक्कै फरक भएको हुनुपर्छ।

उनीहरूले प्रार्थना गरिरहेका थिए; त्यस बेलामा पवित्र आत्माले उनीहरूलाई 'मेरो निम्ति बर्नबास र शाउललाई मैले उनीहरूलाई जुन कामका निम्ति बोलाएको हुँ, त्यस कामका निम्ति अलग पार' भन्ने सुस्पष्ट आदेश दिनुभयो। यस प्रसङ्गबाट उठेको अचूक प्रमाण के हो भने, पवित्र आत्मा एकजना व्यक्ति हुनुहुन्छ। उहाँ एक प्रकारको प्रभाव मात्र हुनुभएको भए उहाँको विषयमा 'उहाँ बोल्नुभयो' भनेर भन्न सकिँदैनथियो। पवित्र आत्माले यी भविष्यवक्ता र शिक्षकहरूलाई यो समाचार कसरी दिनुभयो? यसको खास उत्तर यस खण्डमा दिइएको छैन, तरपनि कुरा स्पष्ट छः उहाँले शिमोन, लुसियस र मनाएनजस्ता भविष्यवक्ताहरूमध्ये कुनै एकजनालाई प्रयोग गर्नुभएको हुनुपर्छ।

बर्नबासको नाम पहिलो आउँछ, त्यसपछि शाउलको नाम आउँछ। तर जब काम पूरा गरेर उनीहरू एन्टिओकमा फर्कनेछन्, तब यस नामको क्रम बदलिन्छ र पावलको नाम पहिलो हुनेछ।

यस पदको महत्त्व केमा छ? यसको व्यवहारिकतामा हामी अति ठूलो महत्त्व देख्छौं। किनभने शुरुको मण्डलीमा अगुवाइ पाउने सम्बन्धमा पवित्र आत्माले ठूलो भूमिका खेल्नुभयो। अनि दिव्य नेतृत्व-ग्राही चेलाहरूले उहाँको अगुवाइ थाह गर्थे।

**प्रेरित १३:३:** पवित्र आत्माले परमेश्वरको इच्छा प्रकट गर्नुभएपछि यी मानिसहरू अझ पनि उपवास र प्रार्थनामा लागिरहे। त्यसपछि शिमोन, लुसियस र मनाएनले बर्नबास र शाउलमाथि आफ्ना हातहरू राखे। यस हातरखाइलाई विधिवत् रूपले गरिएको अभिषेक वा नियुक्ति भनिँदैन, जस्तै इसाईधर्मभित्र अभिषेक वा नियुक्ति मानिरहेको अधिकारयुक्त प्रचलन छँदैछ, जुन अभिषेकद्वारा उच्च अधिकारी-वर्गले आफूभन्दा मनिका कुनै व्यक्तिलाई नियमपूर्वक मण्डलीका पदाधिकारीको रूपमा नियुक्ति गर्छन्। यहाँको हातरखाइचाहिँ एउट साधारण कार्य थियो, जसद्वारा मण्डलीका अगुवाहरूले त्यस काममा बर्नबास र शाउलसित

आफ्नो सहभागिता प्रकट गरे, जुन कामका निम्ति पवित्र आत्माले उनीहरूलाई बोलाउनुभयो। नयाँ नियमको पुस्तक शुरुदेखि अन्तसम्म पल्टेर हेर्नुहोस्, तर अभिषेकको विधिको एउटै पनि कुरा छँदैछैन। तब पवित्र विधिहरू सम्पन्न गर्ने र मण्डलीका कार्यभारहरू सञ्चालन गर्ने अधिकार प्रधान गर्ने अभिषेकको विधि कहाँबाट आयो त ?

श्री डोनाल्ड ग्रे बार्नहाउसले आफ्नो टिप्पणी गर्दा यसो भनेका छन्ः

> 'आधुनिक पाराले कामकुराहरू गर्नुमा ठूलो भूल गरिन्छ। एकजना मानिसमाथि दिव्य अगुवाइका निम्ति चाहिएका सबै वरदानहरू भएको आशा राख्नु सरासर गल्ती हो। यसो हुँदा एउटा मण्डलीमा सयौं विश्वासीहरू हुन सक्छन्, तर एकै पास्टर मात्र हुन्छ। अनि उसैले प्रचार गर्न, सान्त्वना दिन, अर्ती दिन, अँ, सबै काम गर्न सक्नुपर्छ। रोमी १२ः६-८ पदको खण्डमा आठवटा वरदानहरू छन्, जुन वरदानहरूमध्ये सातवटाको विषयमा चाहिँ यी कामहरू अभिषिक्त पास्टरका कामहरू हुन्, अनि आठौं वरदान मण्डलीका सदस्यहरूको हो भनेर हामी विचार गर्छौं। अनि मण्डलीका सदस्यहरूका निम्ति कुनचाहिँ वरदान रह्यो त ? मण्डलीका सबै बिलहरू तिर्नु बाँकी रह्यो। यसमा केही न केही गड़बड़ी भएको हुनुपर्छ।
>
> यसकारण मलाई यसरी प्रश्न गरिन्छः "तब तपाईंको सुझाउअनुसार अभिषेक नभएको साधारण विश्वासीहरूले वचन प्रचार गर्नुपर्छ त ?" हो, यसमा कुनै शङ्का छैनः जससँग पवित्र धर्मशास्त्र बाइबलको ज्ञान छ र प्रचार गर्ने वरदान छ, उसले आफ्नो वरदान चलाउनुपर्छ र उसलाई दिइएका अवसरहरू छोपेर प्रचार गर्नुपर्छ। अभिषेक नगरिएका साधारण विश्वासीहरूलाई सेवामा प्रयोग गर्ने जुन अभियान हालैमा चल्दैछ, यस अभियानमा निक्कै वृद्धि आएको छ। यसर्थ हामीले नयाँ नियमको तरिकाअनुसार कामकुराहरू गर्नुपट्टि फर्कनलाई सठीक कदम चालेका देखिन्छ।' **53)**

त्यस दिनसम्म बर्नबास र शाउलले प्रभुको काम गरिरकेका आठ वर्ष भइसक्यो। यो कुरा नभुलौं! ख्रीष्ट येशूको सेवामा उनीहरू सिकारु

थिएनन्, तर अनुभव-प्राप्त पाको सेवकहरू थिए। अनि अबचाहिँ एन्टिओकको मण्डलीका अगुवाजनहरूले, जो प्रभुको सेवामा उनीहरूका सहकर्मी थिए, उनीहरूसित जाति-जातिका मानिसहरूकहाँ मुक्तिको सुसमाचार पुऱ्याउने यस विशेष कामको सिलसिलामा आफ्नो सहभागिता प्रकट गर्छन्।

तिनीहरूले उनीहरूलाई बिदा दिए अर्थात् तिनीहरूले उनीहरूलाई यस कामका निम्ति छुट्टी दिए।

**प्रेरित १३ः४ः** यस पदबाट पावलको सुसमाचार-धावारूपी पहिलो यात्रा शुरु हुन्छ, र यस यात्राको वर्णन प्रेरित १४ः२६ पदमा सिद्धिन्छ। यस यात्रामा एशिया माइनरमा सुसमाचार प्रचार गरियो। सुसमाचार-धावाको दोस्रो यात्रामा सुसमाचार ग्रीस देशमा लगियो। अनि सुसमाचार-धावारूपी तेस्रो यात्रामा उनीहरूले एशिया माइनर र ग्रीस देशमा स्थापित गरिएका मण्डलीहरूको पुनभ्रमण गरे; अनि उनीहरूको बाँकी काम एशिया प्रान्त र एफेसस शहरमा सीमित रह्यो। यसरी प्रेरित पावलले यी सुसमाचार-धावाहरूमा लगभग पन्ध्र वर्षसम्म अथक परिश्रम गरे।

सिरियाको एन्टिओकबाट निस्केपछि यी दुईजना साहसी ख्रीष्टका सेवकहरू पहिले सेलुसियामा गए। सेलुसिया एक बन्दरगाह शहर थियो, जुन बन्दरगाह एन्टिओकबाट सोह्र माइल टाढ़ा थियो। त्यहाँबाट उनीहरू पानीजहाजको यात्रा गर्दै साइप्रसमा, भूमध्यसागरको यस ठूलो टापुमा गए।

**प्रेरित १३ः५ः** सलामिसमा आइपुगेपछि उनीहरू जहाजबाट उत्रे। सलामिस शहर साइप्रसको पूर्वीय तटमा अवस्थित थियो। उनीहरू केही सभाघरहरूमा घुमे, र तिनमा परमेश्वरको वचन प्रचार गरे। सभाघरहरूको चलन के थियो भने, कुनै यहूदी पुरुषलाई पवित्र धर्मशास्त्रबाट केही अंश पढ़ेर सुनाउने वा यसको अर्थ लगाउने अनुमति दिइन्थ्यो। मर्कूस यूहन्ना उनीहरूको साथमा थिए, जसले उनीहरूको सेवाटहल गरे। बर्नबास र शाउल पहिले सभाघरहरूमा गएको कारण यस प्रकारको छः यसो गर्दा उनीहरूले परमेश्वरको आदेश पूरा गरे; किनकि परमेश्वरको इच्छा-अनुसार ख्रीष्टको सुसमाचार पहिले यहूदीहरूलाई, त्यसपछि अन्य-जातिहरूलाई सुनाउनुपर्थ्यो।

**प्रेरित १३ः६ः** व्यापार-केन्द्र सलामिस शहरदेखि उनीहरूले साइप्रसको एक छेउदेखि अर्को छेउसम्म काम गर्दैथिए; अन्तमा उनीहरू पाफोसमा आइपुगे। पाफोस शहर साइप्रसको राजधानी थियो, र टापुको पश्चिम तटमा अवस्थित थियो।

**प्रेरित १३ः७-८ः** त्यहाँ उनीहरूले बार-येशू नामक यहूदी मानिसलाई भेटे, जो एक झूटो भविष्यवक्ता र जादुगर पनि थियो। उसको नामअनुसार त्यो मानिसचाहिँ येशूको वा यहोशूको छोरा थियो। अनि अञ्चलाधीश[54)] सेर्गियस पौलससँग त्यस जादुगरको घनिष्ठ सम्बन्ध थियो, जुन सेर्गियस पौलसचाहिँ यस टापुको प्रशासक थिए। तिनी एक समझदार व्यक्ति थिए। अनि जब तिनले परमेश्वरको वचन सुन्न बर्नबास र शाउललाई बोलाइपठाए, तब त्यस जादुगरले बाधाहरू सृजना गर्न थाल्यो। तिनले सुसमाचार सुन्न नपाऊन् भन्ने हेतुले शैतानले त्यसलाई बाधा दिन चलायो।

प्रेरित १३ः८ पदमा त्यस मानिसको नाम एलिमास राखियो, जसको अर्थ बुद्धिमान् हो। तर त्यसको नामको असल अर्थअनुसार त्यसले काम गरेन।

**प्रेरित १३ः९-१०ः** सेर्गियस पौलस सत्यता के हो, सो बुझ्न खोजेका उत्सुक मानिस थिए, तर त्यो जादुगर सत्यताको वैरी थियो। यसकारण शाउलले त्यसलाई खुल्लमखुल्ला निक्कै हपारे। यहाँ शाउलले शरीरको आवेगमा बोले भनेर कसैले दोष्याउन नपाओस् भन्ने हेतुले यहाँ शाउल पवित्र आत्माले भरिएर बोलेको कुरा लेखिएको छ। त्यस जादुगरमाथि डिठ लाएर हेर्दै शाउलले त्यसलाई आरोप लगाएर भनेः 'हे सारा छल र सम्पूर्ण धूर्तताले भरिएको मानिस!' त्यो मान्छे बार-येशू वा एलिमास कहाँ हो र? शैतानको बच्चा भनेर शाउलले त्यसलाई सठीक नाम दिए। किनकि त्यो जादुगर सारा धार्मिकताको वैरी थियो, जसले परमेश्वरको सत्यता टेढ़ामेढ़ा पार्न छोड्दैनथियो।

**प्रेरित १३ः११ः** प्रेरित भएको नाताले शाउलसँग अनुशासन गर्ने विशेष अधिकार थियो। यो अधिकार लिएर शाउलले निश्चयतासाथ एलिमासलाई 'केही समयका निम्ति अन्धा होऊ' भनेर घोषणा गरे। त्यसले

ती अञ्चलाधीशलाई लगायत अरू मानिसहरूलाई आत्मिक अन्धकारमा राख्न खोजेको हुनाले त्यसले शारीरिक अन्धापनको सजाय पायो। उत्तिनैखेर अँध्यारो कुइरोले त्यसलाई छोप्यो; अनि त्यसले यताउता छामछुम गर्दै आफूलाई हातमा समातेर डोर्‍याइदिने मानिसलाई खोज्न थाल्यो।

एलिमासलाई इस्राएली जातिको चित्रणको रूपमा लिन सकिन्छ; किनभने तिनीहरूले प्रभु येशूलाई ग्रहण गर्न मानेनन्। यति मात्र होइन, तर तिनीहरूले अरू मानिसहरूलाई पनि प्रभुलाई ग्रहण गर्नुदेखि रोक्न खोजे। फलस्वरूप परमेश्वरले इस्राएली जातिलाई सजाय दिएर अन्धा पार्नुभयो। तर त्यो अन्धापन केही समयका निम्ति मात्र हो। अन्तमा इस्राएली जातिको बाँकी भागरूपी मानिसहरूले पश्चात्ताप गर्नेछन्, प्रभु येशूकहाँ फर्कनेछन् र उहाँलाई आफ्ना 'मसीह' मानेर ख्रीष्टको रूपमा ग्रहण गर्नेछन्।

**प्रेरित १३ः१२ः** त्यस जादुगरमाथि परमेश्वरको अद्‌भुत प्रहार देखेर यी अञ्चलाधीश निक्कै प्रभावित भए। तर बर्नबास र शाउलले तिनलाई दिएको शिक्षाको छाप तिनीमाथि झन् बढ़ी बस्यो। तिनी प्रभु येशूको साँचो विश्वासी भए। पहिलो सुसमाचार-धावारूपी यात्रामा तिनी अनुग्रहको प्रथम जितको सम्झना-चिन्ह हुन्।

के तपाईंले याद गर्नुभयो? प्रेरित १३ः९ पददेखि लूकाको यस वृत्तान्तमा शाउलको नाम पावल हुन गयो, जुन नाम तिनको अन्यजातिको नाम थियो। शाउल तिनको यहूदी नाम थियो। पावलको नामको यो प्रयोग अबचाहिँ सुसमाचार बढ़ी मात्रामा अन्यजातिहरूकहाँ फैलिएर जाने एउटा सङ्केत हो।

**प्रेरित १३ः१३ः** पावल र तिनको साथमा भएकाहरू भन्ने वाक्यबाट अब पावलले प्रमुख स्थान ओगटेको कुरा बुझिन्छ। पाफोसदेखि उनीहरू पानीजहाजमा उत्तर-पश्चिम दिशामा यात्रा गर्दै पाम्फिलियाको पेर्गामा आइपुग्छन्। पाम्फिलियाचाहिँ एशिया माइनरको दक्षिणी रोमी प्रान्त हो, अनि पेर्गाचाहिँ त्यस प्रान्तको सदरमुकाम थियो, जुन शहर समुद्रको तटबाट सात माइल देशभित्र, क्रेस्ट्रोस नामक नदीको किनारमा अवस्थित थियो।

जब उनीहरू पेर्गामा आइपुगे, तब मर्कूस यूहन्नाले उनीहरूलाई छोड़िहाले, र तिनी यरूशलेममा फर्के। हुन सक्छ, सुसमाचार अन्यजातिहरूकहाँ ल्याउनुमा तिनको बोझ थिएन कि? मर्कूसको यो पूर्व-अवकाश पावलले ठूलो त्रुटि सम्झेर तिनलाई दोस्रो यात्रामा साथमा लैजान अयोग्य ठाने। तिनको कारणले पावल र बर्नबासको बीचमा ठूलो मतभेद भयो, यहाँसम्म कि त्यहाँदेखि उनीहरूको बाटो छुट्टियो, र उनीहरूले भविष्यमा अलग-अलग प्रभुको सेवा गरे (प्रेरित १५:३६-३९)। अन्तमा मर्कूसले प्रेरित पावलको भरोसा फेरि प्राप्त गरे (२ तिमोथी ४:११)। वर्णनमा पेर्गाको भ्रमणको विषयमा अरू बढ़ता जानकारी छैन।

**प्रेरित १३:१४-१५:** त्यसपछि उनीहरू पिसिडियाको एन्टिओकमा पुगे। यो शहर पेर्गादेखि उत्तरमा, लगभग एक सय माइल टाढ़ा छ। विश्रामदिनमा यी दुईजना प्रचारकहरूले क्रूसको खबर लिएर त्यहाँको सभाघरलाई ताके। पवित्र धर्मशास्त्रको पठन भएपछि सभाघरका शासकहरूले उनीहरूलाई यहूदी मानिसहरू सम्झेर बोल्ने मौका दिए। के उनीहरूसँग मानिसहरूका निम्ति कुनै अर्तीको वचन थियो? तब यस सभाघरमा सुसमाचारको सत्यता स्वतन्त्रतापूर्वक प्रचार गरियो, जुन स्वतन्त्रता अबदेखि थोरै समयसम्म मात्र रहनेछ।

**प्रेरित १३:१६:** पावलले कहिल्यै सुसमाचार प्रचार गर्ने मौका चुकाएनन्; तिनी उठे, र सभाघरमा भेला भएका मानिसहरूलाई सम्बोधन गरे। सुसमाचार प्रस्तुत गर्दा तिनले प्रायः सधैं इस्राएली जातिको इतिहास यसका निम्ति जग तुल्याउने गर्थे। त्यसपछि तिनले श्रोताहरूको सामु प्रभु येशूको जीवन र सेवकाइको सम्बन्धमा मुख्य घटनाहरू पेश गरे। अन्तमा तिनले ख्रीष्ट येशूको बौरिउठाइमा जोड़ दिए अनि मुक्तिदाता प्रभुको नाममा पापहरूको क्षमा छ भन्ने कुरा घोषणा गरे, साथै उहाँलाई इन्कार गर्नेहरूले के-के हानि भोग्नुपर्नेछ, सो कुराको विषयमा चेताउनी दिए।

**प्रेरित १३:१७:** अब तिनको प्रवचन शुरु भयो। परमेश्वरले इस्राएली जातिलाई यस पृथ्वीमा आफ्नो प्रजाको रूपमा चुन्नुभयो। त्यसपछि एकैचोटि तिनी त्यस समयमा आइपुग्छन्, जब इस्राएलीहरू मिस्र देशमा परदेशी रहेका थिए। उहाँको महिमा होस्! परमेश्वरले तिनीहरूलाई

फराओको अत्याचारबाट छुटकारा दिनुभयो र तिनीहरूलाई त्यहाँदेखि उच्च बहुलीले निकाल्नुभयो।

**प्रेरित १३ः१८ः** चालीस वर्षसम्म परमेश्‍वरले उजाड़स्थानमा इस्राएलीहरूको चाल सहनुभयो। जुन शब्दबाट 'कसैको चाल सहनु' अनुवाद गरिएको छ, त्यस शब्दको सकरात्मक अर्थ पनि छ, जस्तैः 'कसैको खाँचोको फिक्री गर्नु'। अनि ठीक त्यही कुरा परमप्रभुले इस्राएलीहरूका गनगनहरूको केही वास्ता नगरी तिनीहरूका निम्ति चालीस वर्षसम्म गर्नुभयो।

**प्रेरित १३ः१९-२२ः** चार सय पचास वर्षको कुरा आयो। पावलले पितापुर्खाहरूबाट वर्षहरू गनेर चार सय पचास वर्षमा न्यायकर्ताहरूको अवधि पनि समावेश गर्छन्। [55)]

जे होस्, इस्राएलीहरू कनान देशमा आइपुगे; अनि परमेश्‍वरले तिनीहरूलाई भविष्यवक्ता शमूएलको दिनसम्म न्यायकर्ताहरू दिनुभयो। त्यस बेलामा तिनीहरूले एकजना राजा मागे, अरू जातिहरूजस्तै हुन चाहे। अनि परमेश्‍वरले तिनीहरूलाई कीशको छोरा शाऊल दिनुभयो, जो बिन्यामिन कुलको मानिस थिए। तिनले चालीस वर्ष इस्राएलीहरूमाथि राज्य गरे। तर शाऊलको अनाज्ञाकारिताले गर्दा तिनी हटाइए, अनि तिनको सट्टामा दाऊद खड़ा भए। परमेश्‍वरले दाऊदलाई ठूलो मान दिनुभयो र उनलाई 'मेरो हृदयअनुसारको मानिस' भन्नुभयो, जसले उहाँको इच्छा सम्पूर्ण तवरले पूरा गर्नेछन्। प्रेरित १३ः२२ पदमा भजन ८९ः२० पद र १ शमूएल १३ः१४ पदबाट कुरा मिलाएर उद्धृत गरिएको छ।

**प्रेरित १३ः२३ः** अनि येशू दाऊदको वंश भनेर दाऊदबाट सीधा येशूकहाँ आइपुग्न पावललाई कति सजिलो भयो। यस विषयमा कसैले यसो भनेका छन्ः 'पावलको प्रचार जहाँबाट शुरु गरे पनि अन्तमा ख्रीष्टमा टुङ्गिन्छ।' राजा दाऊदको वंशबाट परमेश्‍वरले आफ्नो प्रतिज्ञाअनुसार येशूमा इस्राएलीहरूका निम्ति एकजना मुक्तिदाता खड़ा गर्नुभयो। यसो भन्नमा पावलको कत्रो साहस! किनभने इस्राएलीहरूले येशूलाई अर्को दृष्टिकोणले हेर्ने गर्दथिए।

**प्रेरित १३ः२४ः** येशूको छोटो परिचय सकियो। अब पावल बप्तिस्मा दिने यूहन्नाको सेवकाइमा फर्कन्छन्। येशू ख्रीष्ट आउनुभन्दा अघि अर्थात्

उहाँको सेवाकाइ शुरु हुनुभन्दा पहिले यूहन्नाले सारा इस्राएली जातिलाई पश्चात्तापको बप्तिस्मा प्रचार गरे। वास्तवमा यूहन्नाले मसीहको चाँड़ै आउन लागेको आगमनको घोषणा गरे, र उहाँको आगमनको तयारीमा मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिए। यर्दन नदीमा बप्तिस्मा लिईकन मानिसहरूले आफ्नो पश्चात्ताप गर्ने मन देखाउँथे।

**प्रेरित १३ः२५ः** एक क्षणका निम्ति भए पनि मानिसहरूले यूहन्नालाई आफ्ना 'मसीह' ठान्नुहुँदैनथियो। आफ्नो सेवकाइको अन्तसम्म तिनले भन्ने गर्थेः 'म मसीह होइनँ ! हेर, मपछि एकजना आउनुहुन्छ, जसका जुत्ताहरू खोल्नु म योग्य हुँदिनँ।' भविष्यवक्ताहरूले यूहन्नाको विषयमा होइन, तर ख्रीष्टको विषयमा भविष्यवाणी गरेका थिए। यूहन्ना कुनै हालतमा पनि मसीह ठानिनु योग्य थिएनन्।

**प्रेरित १३ः२६ः** पावल व्यक्तिगत हुन थालेर भन्छन्ः 'मेरा दाजुभाइहरूहो, अब्राहामको घरानाका साक्खै सन्तानहरूहो, सुन्नुहोस् ! मुक्तिको वचन सर्वप्रथम तपाईंहरूकहाँ पठाइएको हो।' प्रभु येशू इस्राएलको घरानाका हराएका भेड़ाहरूका निम्ति आउनुभयो। अनि तिनीहरूलाई नै पहिले मुक्तिको सुसमाचार सुनाउनू भनेर येशूका प्ररित-हरूलाई आदेश दिइएको थियो।

**प्रेरित १३ः२७-२८ः** तर यरूशलेमका बासिन्दाहरू र तिनीहरूका शासकहरूले येशूलाई उहिलेदेखि बाटो हेरिरहेका आफ्ना मसीहको रूपमा चिन्न सकेनन्, र जसको विषयमा भविष्यवक्ताहरूले कुरा लेखेका थिए, यहाँ उहाँ नै हुनुहुन्छ भन्ने कुरा बुझेनन्। हरेक विश्रामदिनमा पवित्र धर्मशास्त्रबाट तिनीहरूले मसीहको सम्बन्धमा भविष्यवाणीका वचनहरू सुन्न त सुने, तर यी सुनेका भविष्यवाणीहरू तिनीहरूले नासरतको येशूसित जोड्न सकेनन्। उहाँलाई चिन्ने कुरा परै जाओस्, उहाँलाई दण्डको आज्ञा दिएर तिनीहरू उहाँको विषयमा गरिएका यी वाणीहरू पूरा गर्नेहरू पो भएछन्। उहाँमा उहाँलाई मृत्युदण्ड दिने कुनै योग्य कारण नभेट्टाए पनि तिनीहरूले उहाँलाई राज्यपाल पिलातसको हातमा सुम्पे, जसले उहाँलाई मृत्युदण्ड दिए।

**प्रेरित १३ः२९ः** 'अनि जब तिनीहरूले उहाँको विषयमा लेखिएका सबै कुराहरू पूरा गरे' भन्ने वाक्यमा 'तिनीहरू'को शब्दले यहूदी मानिसहरूलाई सङ्केत गर्छ भने 'तब तिनीहरूले उहाँलाई रूखबाट उतारेर एउटा चिहानमा राखे' भन्ने वाक्यमा 'तिनीहरू'को शब्दले अरिमथियाका यूसुफ र निकोदेमसलाई सङ्केत गर्छ। यहूदीहरूले मसीहलाई इन्कार गरेर पवित्र धर्मशास्त्रका कतिपय खण्डहरू पूरा गरे। अनि यूसुफ र निकोदेमसले प्रभु येशूको मृत-शरीरलाई प्रेमको साथ गाड़िदिए।

**प्रेरित १३ः३०-३१ः** प्रभु येशू मरेकाहरूबाट बौरिउठ्नुभएको तथ्यमा शङ्का छैन; यो कुरा सप्रमाणित छ। गालीलबाट उहाँसँग यरूशलेममा आउनेहरू जीवित साक्षी हुन्; उनीहरूको गवाही अकाट्य छ।

**प्रेरित १३ः३२-३३ः** पावलको प्रवचनको आगमी बुँदा के हो ? पुरानो नियममा पितापुर्खाहरूलाई मसीहको विषयमा दिइएको प्रतिज्ञा येशूमा पूरा भयो। कसरी पूरा भयो ? पहिले बेतलेहेमको उहाँको जन्ममा। पावलले भजन २ः७ पदमा ख्रीष्ट येशूको जन्म पूरा भएको देखे, जहाँ परमेश्वर पिताले यस्तो भन्नुभएको छः *'तिमी मेरा पुत्र हौ; आज मैले तिमीलाई जन्माएको छु।'* बेतलेहेममा जन्म लिनुहुँदा ख्रीट येशू परमेश्वरको पुत्र हुन थाल्नुभएको मतलब यस वाक्यको अर्थ हुँदै होइन। उहाँ अनादिदेखि नै परमेश्वरको पुत्र हुनुहुन्थ्यो। तर मानिसको चोला लिएर उहाँ संसारमा परमेश्वरको पुत्रको रूपमा प्रकट हुनुभयो। भजन २ः७ पद लिएर मानिसहरूले ख्रीष्ट येशूको अनन्त पुत्र हुने हक खारिज गर्नुहुँदैन।

**प्रेरित १३ः३४ः** यस पदले प्रभु येशूको बौरिउठाइमाथि हाम्रो ध्यान खिच्छ। परमेश्वरले उहाँलाई उहाँ कहिल्यै नसड्ने गरी मरेकाहरूबाट बौराएर उठाउनुभयो। त्यसपछि पावलले यशैया ५५ः३ पद उद्धृत गर्छन्ः *'म तिमीहरूलाई दाऊदका अटल कृपाहरू दिनेछु।'* यो पद पढ्ने हरेक साधारण विश्वासीले यहाँ, यस ठाउँमा यस पदको उद्धरणको उद्देश्य बुझ्दैन। यशैयाको पुस्तकको यो पद र ख्रीष्ट येशूको बौरिउठाइको बीचमा के सम्बन्ध छ ? मुक्तिदाता प्रभुको बौरिउठाइ कसरी परमेश्वरले दाऊदसित बाँध्नुभएको वाचासित जोड़िन्छ त ?

परमेश्वरले दाऊदलाई अनन्त सिंहासन र अनन्त राज्यको प्रतिज्ञा गर्नुभएको थियो, साथै उनको सिंहासनमाथि बस्ने वंशको विषयमा पनि कबुल गर्नुभएको थियो। राजा दाऊद मरे, र उनको मृत-शरीर माटोसित मिल्यो। दाऊदपछि राज्य केही समय चल्यो; तर त्यसपछि चार सय वर्षसम्म इस्राएलीहरूमाथि कुनै राजाले राज्य गरेनन्। धेरै वर्षहरू र पुस्ताहरू बितेपछि दाऊदको वंशावली नासरतको येशूमा टुङ्गियो। यूसुफको कारणले दाऊदको सिंहासनमाथि बस्ने उहाँको कानुनी अधिकार उहाँको पैतृक सम्पत्ति थियो; किनभने यूसुफचाहिँ उहाँको शारीरिक बुबा होइन, तर कानुनी अधिकार-प्राप्त उहाँको बुबा थिए। अनि उहाँकी आमा मरियममार्फत प्रभु येशू दाऊदको वंशगत सन्तान हुनुहुन्थ्यो।

पावलले यहाँ कुन कुरामा जोड़ दिँदैछन्? राजा दाऊदलाई प्रतिज्ञा गरिएका अटल आशिषहरू ख्रीष्ट येशूमा छन् र उहाँद्वारा पूरा हुनेछन्। उहाँ दाऊदको वंश हुनुहुन्छ। अनि एक दिन उहाँ दाऊदको सिंहासनमाथि बस्नुहुनेछ। उहाँ मरेकाहरूबाट बौरिउठ्नुभयो; अब उहाँ अनन्त जीवनको शक्तिद्वारा अनन्त-अनन्तसम्म जीवित रहिरहनुहुनेछ। दाऊदसित बाँधिएको परमेश्वरको वाचाभित्र जुन कुराहरू अनन्तकालसित सम्बन्धित छन्, ती अनन्तसम्म हुने सबै कुराहरू ख्रीष्ट येशूमा अटल भएका हुन्छन्।

**प्रेरित १३ः३५ः** यही कुरामा यहाँ, यस पदमा अझै पनि जोड़ दिइन्छ। यहाँ प्रेरित पावलले भजन १६ः१० पद उद्धृत गर्छन्, जहाँ यस्तो लेखिएको छः *'तपाईंले आफ्ना पवित्र जनलाई सड़्न दिनुहुनेछैन।'* अर्को शब्दमा भन्नु हो भने, प्रभु येशू मरेकाहरूबाट बौरिउठ्नुभयो। उहाँमाथि मृत्युको कुनै अधिकारै छैन। उहाँ फेरि कहिल्यै मर्नुहुनेछैन। उहाँको शरीरले सड़ाहटको गन्धसमेत थाहा पाएन र थाहा पाउनेछैन।

**प्रेरित १३ः३६-३७ः** राजा दाऊदले भजन १६ः१० पदका शब्दहरूको रचना गरे तापनि उनले यो कुरा आफ्नो विषयमा भनेका हुनै सक्दैन। परमेश्वरको इच्छाअनुसार आफ्नो पुस्ताको सेवा गरेर उनी मरे, उनी गाड़िए र उनको मृत-शरीर धूलोमाटोसँग मिल्न गयो। तर प्रभु येशूचाहिँ मरेको तेस्रो दिनमा मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो। उहाँको शरीरको अलिकति पनि सड़ाहट भएन।

**प्रेरित १३ः३८ः** ख्रीष्ट येशूको त्राणको काम पूरा भयो; उहाँको बौरिउठाइचाहिँ त्यसमाथि परमेश्वरको अनुमोदनको छाप थियो। अनि पावलले यस पूरा भएको त्राणको कामको आधारमा अब मानिसहरूलाई पापहरूको क्षमाको घोषणा गर्न सक्छन्। पापहरूको क्षमा वर्तमान समयमा अनुभव गरिने आशिष हो। *'यिनै मानिसद्वरा तपाईंहरूलाई पापहरूको क्षमा प्रचार गरिएको छ।'* यस वाक्यमाथि आफ्नो ध्यान राख्नुहोस्!

**प्रेरित १३ः३९ः** पावलको कुरा पापहरूको क्षमामा टुङ्गिँदैन। अझ अर्को बुँदा छँदैछ। पावलले अब सबै कुराहरूबाट धर्मी ठहरिने कुरा पेश गर्छन्। यस धर्मीकरणमा सबै कुराहरू समावेश हुन्छन्, र यो धर्मीठहराइ सित्तैंमा हुन्छ। यो धर्मीठहराइ मोशाको व्यवस्थाबाट कहिल्यै प्राप्त गर्न सकिँदैन।

धर्मीकरण परमेश्वरको काम हो; किनभने उहाँले नै यी भक्तिहीन पापी मानिसहरूलाई धर्मी ठहराउनुहुन्छ, वा धर्मी भएको गन्नुहुन्छ, जुन मानिसहरूले उहाँको पुत्रलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छन्। धर्मीकरण एक कानुनी कार्य हो, जुन कार्य परमेश्वरको धर्मी मनभित्र लागू हुन्छ, र जुन कार्यद्वारा जुनसुकै पापी मानिस उसलाई लागेका सबै आरोपहरूबाट पूरा दोषमुक्त हुन्छ। परमेश्वरले पापी मानिसहरूको दोष हटाएर तिनीहरूलाई कसरी धर्मी ठहराउन सक्नुहुन्छ? क्रूसमा प्रभु येशू ख्रीष्टले पूरा गर्नुभएको त्राणको प्रतिस्थापित कामको खातिर उहाँले यसो गर्नु सक्नुहुन्छ; किनभने क्रूसमा प्रभु येशूले पापी मानिसहरूका पापहरूको दण्डरूपी दाम पूरापूर तिरिदिनुभयो।

'मोशाको व्यवस्थाद्वारा तपाईंहरू जुन-जुन कुराहरूबाट धर्मी ठहरिन सक्नुभएन' भन्ने वाक्य पढ्दाखेरि यसको अर्थ गलत प्रकारले बुझ्न सकिन्छ। के मोशाको व्यवस्थाले थोरै कुराको सम्बन्धमा हामीलाई धर्मी ठहराउन सक्छ, जब प्रभु येशूले हामीलाई बाँकी सबै कुराहरूबाट धर्मी ठहराउनुहुन्छ? तर पावलले यहाँ यस प्रकारको शिक्षा दिएनन्। व्यवस्थाले कहिल्यै कसैलाई पनि कुनै कुराको विषयमा धर्मी ठहराउँदैन; किनभने त्यसको काम दोषी ठहराउनु हो। तर पावलले यहाँ के भन्छन् भने, ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा मानिसहरू आफ्नो विरोधमा

लगाइएको हरेक अभियोगबाट दोषमुक्त हुन सक्नेछन्। यस प्रकारको सफाइ मोशाको व्यवस्थाबाट कहिल्यै प्राप्त गरिँदैन।

**प्रेरित १३ः४०-४१ः** प्ररित पावल आफ्नो प्रवचनको अन्तमा आइसके। हुन सक्छ, परमेश्वरले ख्रीष्ट येशूमा उपलब्ध गर्नुभएको महान् मुक्तिको प्रबन्ध कसैले ग्रहण नगर्ला। यस्तो व्यक्तिलाई अन्तमा एउटा गम्भीर चेताउनी दिइन्छ। पावलले हबक्कूक १ः५ पद उद्धृत गर्छन्, अनि हुन सक्छ, यशैया २९ः१४ र हितोपदेश १ः२४-३१ पदका खण्डहरू पनि आंशिक रूपमा पेश गर्छन्। हबक्कूक १ः५ पदअनुसार परमेश्वरको वचन तुच्छ ठान्नेहरूका निम्ति ठूलो चेताउनी के हो भने, उहाँले तिनीहरूमाथि यति ठूलो क्रोधको रास थुपार्नुहुनेछ, कि यसको विषयमा कसैले अगाड़ि भन्यो भने पनि मानिसहरूले यो पत्याउनेछैनन्। सन्दर्भवश यो चेताउनीको वचन आंशिक रूपले पावलको समयमा पूरा भयो, जब इस्वी संवत् ७० सालमा यरूशलेमको सत्यनाश भयो। तर परमेश्वरको पुत्रलाई तिरस्कार गर्नेहरूमा यो चेताउनीको वचन तब पूरा हुनेछ, जब तिनीहरूले परमेश्वरको अनन्त दण्ड भोग्नेछन्।

**प्रेरित १३ः४२-४३ः** सभाघरको यो सेवासङ्गति समाप्त भयो। धेरै यहूदीहरू र यहूदीधर्म अपनाउने भक्त जनहरूले पावल र बर्नबासलाई पछ्याइरहे; किनभने भर्खर सुनेको वचनमा तिनीहरूको जिज्ञासा ठूलो थियो। अनि यी प्रभुका दुईजना दासहरूले तिनीहरूलाई *'परमेश्वरको अनुग्रहमा लागिरहनुहोस् !'* भन्ने न्यानो प्रोत्साहन दिए।

**प्रेरित १३ः४४ः** एक हप्ता बित्यो; पावल र बर्नबास फेरि त्यस सभाघरमा फर्के, र उनीहरूले प्रवचन जहाँ छोड़ेका थिए, त्यहाँबाट प्रसङ्ग फेरि उठाउन चाहे। प्रायः सारा शहरका मानिसहरू परमेश्वरको वचन सुन्न भेला भए। यी भक्त प्रचारकहरूको सेवकाइले धेरैभन्दा धेरै मानिसहरूलाई गहिरो प्रभाव पार्‍यो।

**प्रेरित १३ः४५ः** तर यो नौलो सन्देश यति साह्रै लोकप्रिय भएको देखेर यहूदीहरू डाहाले भरिए र निक्कै तातिए। अनि तिनीहरूले खुला रूपले पावलको समाचार खण्डन गरे र तिनको विरोधमा गाली बक्न थाले।

**प्रेरित १३ः४६-४७ः** तर पावल र बर्नबास हतपत डराएनन्। उनीहरूले साहससित निम्न स्पष्टीकरण दिएः *'परमेश्वरको वचन पहिले तपाईं यहूदीहरूलाई सुनाउनु आवश्यक थियो; तर तपाईंहरूले यो वचन ग्रहण गर्नुहुन्न रहेछ। तपाईंहरूले आफूलाई अनन्त जीवन पाउन अयोग्य ठहराउनुभयो। यसकारण सुसमाचारको वचन लिएर हामी अन्यजातिका मानिसहरूतिर लाग्नेछौं।'* कुन अधिकारमा उनीहरूले यहूदी जातिलाई पछाड़ि छोड्न सके? यशैया ४९ः६ पदका शब्दहरू यसो गर्न पर्याप्त छन्। वास्तवमा, परमेश्वरले यी शब्दहरू आफ्नो अभिषिक्त मसीहसित बोल्दै हुनुहुन्छ, जब उहाँ भन्नुहुन्छः *'मैले तिमीलाई अन्यजातिहरूको ज्योति ठहराएको छु, र तिमी पृथ्वीको छेउसम्म मुक्तिको कारण हुनुपर्छ।'* तर परमेश्वरको आत्माको अनुमति-प्राप्त ख्रीष्टका यी दासहरूले ती शब्दहरू आफूमाथि लागू गर्छन्; किनभने अन्यजातिका मानिसहरूकहाँ ज्योति र मुक्ति पुर्‍याउने उहाँको माध्यम र औजार उनीहरू थिए।

**प्रेरित १३ः४८ः** यता, मुक्ति अन्यजातिका मानिसहरूका निम्ति हो भन्ने घोषणा सुनेर यहूदीहरू रिसले चूर भए; उता, उपस्थित अन्यजातिका मानिसहरू साह्रै खुशी भए। तिनीहरूले आफ्ना कानले सुनेका प्रभुको यस वचनलाई महिमा दिए। अनि जतिजना अनन्त जीवन पाउन योग्य ठहराइएका थिए, तिनीहरू सबैले विश्वास गरे।

परमेश्वरको चुनावमा उहाँको सर्वअधिकार छ भन्ने कुरा गवाही दिन यो पद साक्षी बस्छ। यो शिक्षा हामीले यथार्थ रूपमा ग्रहण गर्नुपर्छ र विश्वास गर्नुपर्छ। किनभने परमेश्वरले कतिजनालाई ख्रीष्ट येशूमा हुन संसारको उत्पत्तिभन्दा अघिदेखि नै चुन्नुभयो; यो बाइबलको सुस्पष्ट शिक्षा हो। अर्को कुरामा उस्तै प्रकारले जोड़ दिएर पवित्र धर्मशास्त्र बाइबलले के सिकाउँछ भने, मानिस स्वतन्त्र इच्छा भएको प्राणी हो; यसकारण जसले येशू ख्रीष्टलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छ, उसले मुक्ति पाउँछ। परमेश्वरको चुनाउ र मानिसको जिम्मेवारी – यी दुईवटा तथ्यहरू पवित्र धर्मशास्त्रका शिक्षा हुन्। अनि तिनमा एउटा शिक्षा अङ्गालेर अर्कोलाई छाड्न मिल्दैन। हाम्रो दिमागमा यी दुईवटा शिक्षाले मेल खाँदैनन् होला। तर यो अमेल हाम्रो मानवी सोचाइको कमजोरीको फल मात्र हो; परमेश्वरको मनमा यी दुईवटा कुराहरूले मेल खान्छन्।

मानिसहरू किन नरकको आगोमा परेर नाश हुनेछन्? त्यो त तिनीहरूको रोजाइ हो। यस सम्बन्धमा परमेश्वरला कुनै दोष लाग्दैन। आदमका सबै सन्तानहरूले आफ्ना कामहरूअनुसार आफूले पाउनुपर्ने उचित प्रतिफल पाउनु हो भने सबै मानिसहरू नष्ट हुनुपर्नेथियो। तर परमेश्वरले आफ्नो अनुग्रहमा कति मानिसहरूलाई मुक्ति दिनुहुन्छ। के उहाँलाई यसो गर्ने अधिकार छैन? उहाँको यसो गर्ने अधिकार अवश्य छ। परमेश्वरको चुनाउमा उहाँको सर्वअधिकार छ भन्ने सिद्धान्तले परमेश्वरलाई उहाँलाई दिनुपर्ने स्थान दिन्छ। उहाँ आफ्नो सृष्टिको मालिक हुनुहुन्छ। उहाँलाई जे इच्छा लाग्छ, उहाँले त्यही गर्न सक्नुहुन्छ। तर उहाँ कहिल्यै कुनै अन्याय अथवा कुनै कुभलो गर्नुहुन्न। यस सम्बन्धमा उठेका हाम्रा धेरै समस्याका कुराहरू तब हाल हुनेछन्, जब हामीले श्री चार्लस आर. एर्डम्यानले भनेका निम्न शब्दहरू याद गर्छौं:

> 'परमेश्वरको सर्वअधिकार असीमित छ; तर उहाँले मुक्ति पाउनुपर्ने कुनै मानिसलाई नरकमा फाल्न कहिल्यै आफ्नो यो अधिकार प्रयोग गर्नुहुन्न। बरु उहाँले नाश हुन पूरा योग्य मानिसहरूले मुक्ति पाऊन् भन्ने हेतुले पो आफ्नो अधिकार प्रयोग गर्नुहुन्छ।' 56)

**प्रेरित १३:४९-५०:** यहूदीहरूले विद्रोह मच्चाए; तापनि प्रभुको वचन सारा इलाकाभरि फैलियो। त्यसले गर्दा विद्रोह गर्नेहरू झन् सुरिए। तिनीहरूले विभिन्न बाधा र अवरोधहरू सृजना गर्न थाले। यहूदीहरूले यी मिशनरी-प्रचारकहरूको विरोधमा कतिजना माननीय स्त्रीहरूलाई हुच्च्याए, जुन स्त्रीहरूले यहूदीधर्म अपनाएका थिए र समाजमा मान पाएका थिए। त्यत्ति मात्र होइन, तर तिनीहरूले आफ्ना दुष्ट युक्तिहरू पूरा गर्न त्यस शहरका मुख्य मानिसहरूलाई पनि उचाले। तिनीहरूको तर्फबाट पावल र बर्नबासमाथि आइपरेको यस सतावटको ठूलो आँधीले गर्दा उनीहरूलाई यस क्षेत्रबाट लखेटियो।

**प्रेरित १३:५१-५२:** प्रभु येशूको आदेशअनुसार उनीहरूले आफ्ना पाउको धूलो तिनीहरूको विरोधमा टकटक्याइराखे (लूका ९:५ र १०:११)। उनीहरू इकोनियमतिर लागे। *'तर चेलाहरू आनन्द र पवित्र आत्माले भरिए'* अर्थात् उनीहरूले पावल र बर्नबासलाई लखेटिएकोमा

कुनै हार वा पछिहटाइ देखेनन्। इकोनियमचाहिँ एशिया माइनरको फ्रिगिया प्रान्तमा पर्छ, एन्टिओकदेखि लगभग नब्बे माइल पूर्व पर्छ; आज त्यस शहरको नाम 'कोनिया' भनिन्छ।

**प्रेरित १४ः१-२ः** इकोनियममा पनि यहूदीहरूको एउटा सभाघर थियो। अनि त्यसमा पावल र बर्नबासलाई प्रचार गर्ने अवसर दिइयो। त्यस बेलामा यहूदीहरूको बीचमा यो शिष्टताको प्रचलन जारी रहेको थियो। परमेश्वरको आत्माले प्रचार गरिएको वचनमा यति ठूलो शक्ति दिनुभयो, कि यहूदीहरू र ग्रीक बोल्ने यहूदीधर्म अपनाउनेहरूले ठूलो सङ्ख्यामा प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई ग्रहण गरे। तर यसको कारणले सुसमाचार नमान्ने यहूदीहरूको रिस तातियो। तिनीहरूले भाइहरूको विरोधमा अन्यजातिका मानिसहरूलाई हुच्च्याउन थाले। प्रेरितहरूको पुस्तकभरि प्रेरितहरूको विरोधमा बढ़ी सतावट मच्च्याउनुमा सुसमाचारको सन्देश विश्वास नगर्ने यहूदीहरूको हात रहेको थियो। तिनीहरू अन्यजातिका मानिसहरूलाई उभाड्नुमा साह्रै सिपालु थिए; तिनीहरूले आफ्ना दुष्ट युक्तिहरू पूरा गर्न अन्यजातिका मानिसहरूलाई आफ्नो हतियार बनाउँथे; यसैले तिनीहरू आफैले प्रेरितहरूमाथि हात हाल्नुपर्दैनथियो।

**प्रेरित १४ः३ः** सतावटको आँधी मच्चिरहेको समयमा पनि यी प्रचारकहरू प्रभुको नाममा साहससित बोल्दैरहे। अनि उनीहरूले प्रचार गरेको सुसमाचारमाथि प्रभु येशूले आफ्नो ईश्वरीय छाप लगाएर उनीहरूको हातद्वारा चिन्ह र आश्चर्यकर्महरू गर्नुभयो। चिन्ह र आश्चर्यकर्महरू अचम्मका कामहरू हुन्। चिन्ह भनेकोमा यस्तो अचम्मको काम बुझिन्छ, जुन अचम्मको काममा सिक्नुपर्ने आत्मिक कुनै पाठ पनि छ। अनि आश्चर्यकर्म भन्नाले के बुझिन्छ भने, त्यस अचम्मको कामले देख्ने व्यक्तिमा भय र आश्चर्य सृजना गर्छ।

**प्रेरित १४ः४-७ः** यस शहरमा तनाउपूर्ण वातावरण बढ्दैथियो। मानिसहरू कि त पक्षमा आए, कि त विपक्षमा गए। कोही यहूदीहरूपट्टि, कोही प्रेरितहरूपट्टि लागे। अन्तमा विश्वास नगर्ने अन्यजातिका मानिसहरू र यहूदीहरूले एकसाथ मिलेर प्रेरितहरूलाई [57)] हमला गर्न लागे। ढुङ्गाले

हानिनु नपरोस् भन्ने हेतुले उनीहरू लुस्त्रा र डेर्बेतिर भागे। लुस्त्रा र डेर्बेचाहिँ एशिया माइनरको गलातिया प्रान्तको लुकाओनिया जिल्लाका शहरहरू थिए। इकोनियमबाट लुस्त्रा बीस माइल टाढ़ो, दक्षिणमा पर्थ्यो भने डेर्बेचाहिँ लुस्त्रादेखि साठी माइल पूर्व पर्थ्यो। उनीहरूको जोश अलिकति पनि घटेन। उनीहरूले उत्सुकतासाथ सारा इलाकाभरि सुसमाचार प्रचार गर्दैरहे।

मानिसहरूले पावल र बर्नबासलाई ढुङ्गाले हानेर मार्ने धम्की दिँदा उनीहरू लुकाओनियातिर भागे। अरू समयहरूमा उनीहरू सुसमाचार प्रचारको कामको सिलसिलामा खतरामा पर्दा उनीहरूले यसको सामना गर्थे। एक ठाउँबाट उनीहरू भाग्ने, अर्को ठाउँमा सामना गर्ने भए; यसको कारण के थियो ? यसको साफा स्पष्टीकरण नपाइएला, तर प्रेरितहरूको पुस्तकमा सबै कुराहरू आफ्नो नियन्त्रणमा ल्याउने एक गजबको नियम देखिन्छः पवित्र आत्माको अगुवाइ। यी मानिसहरूले सदैव प्रभु येशूको घनिष्ठ आत्मीय सङ्गतमा जिउने गर्थे। उनीहरू उहाँमा रहिरहन्थे; यसकारण परमेश्वरको मनसाय र इच्छा के रहेछ, सो सम्बन्धमा उनीहरूले अद्भुत सञ्चार र जानकारीहरू पाउँथे। उनीहरूका निम्ति यस कुरामा महत्त्व हुन्थ्यो – आफ्ना व्यवहार र निर्णयहरू बाँधिने नियमहरूको सुन्दर क्रममाला जेसुकै होस्।

**प्रेरित १४:८-९:** लुस्त्रामा यी मिशनरी-प्रचारकहरूले जन्मदेखि लङ्गड़ो मानिसलाई भेटे। त्यसले पावलले बोलिरहेका सुन्यो, र सुनेको कुरामा बढ़ी चासो देखायो। त्यस मानिसमा निको हुने विश्वास रहेछ भनेर पावलले चाल पाए। पावलले त्यो कुरा कसरी थाहा पाए, सो हामी जान्दैनौं, तर यस सम्बन्धमा हाम्रो विश्वास छ, कि वरदानप्राप्त सुसमाचार प्रचारकको क्षमता यस्तो होः उसले सम्पर्कमा आएका आत्माहरूको अवस्था जान्दछ। के कुनै मानिसको चासो फिक्का छ कि ? अथवा के कसैको मन पापबाट कायल भएकोले भारी भएको छ ? कसले जान्दछ ? वरदान पाएको अनुभवी व्यक्तिले यो जान्दछ।

**प्रेरित १४:१०-१२:** पावलले उसलाई 'आफ्ना खुट्टामा सीधा उभ' भन्ने आज्ञा दिनासाथ ऊ बुर्लुक्क उफ्र्यो र हिँड़्यो। त्यो अचम्मको काम

लुकी-लुकी गरिएन; अनि पावलले उच्च सोरले बोलेका थिए। यसकारण यो कुरा धेरै मानिसहरूको ध्यानमा परिगयो। तिनीहरू धेरै प्रभावित भए। अनि एउटा हलचल मच्चियो; तिनीहरूले बर्नबासलाई जेऊसको र पावललाई हेर्मेसको रूपमा पुज्न खोजे। तिनीहरूले यी प्रेरितहरूमा देवताहरू मानिसको रूपमा तिनीहरूकहाँ ओर्ली आएका ठाने। तिनीहरूले किन बर्नबासलाई मुख्य देवताको रूपमा माने, यसको कारण स्पष्ट भएन; तर पावल मुख्य वक्ता भएका हुनाले तिनीहरूले तिनलाई हेर्मेसको नाम दिए, जुन हेर्मेसचाहिँ जेऊसको दूत थियो।

**प्रेरित १४:१३:** जेऊसको पूजाहारीले पनि उनीहरूमा ईश्‍वरीय भेटघाट भएको पत्यार गरे। किनकि तिनी त्यस शहरको मूलढोकामा अवस्थित भएको आफ्नो मन्दिरबाट गोरुहरू र फूल-मालाहरू साथमा लिएर आए। अब पूजाआजासहितको ठूलो बलिदानको आयोजना हुने भयो। यस जनअन्दोलनबाट ख्रीष्टीय विश्‍वासका निम्ति ठूलो खतरा आएको छ, जुन खतरा अहिलेसम्म सहनुपरेको विरोधका सबै प्रयत्नहरूभन्दा खतरनाक थियो। किनभने सफलता-प्राप्त परमेश्‍वरको सेवकका निम्ति सतावटबाट भन्दा ती मानिसहरूबाट बढ़ी खतरा आउँछ, जुन मानिसहरूले आफ्नो ध्यान ख्रीष्टमाथि होइन, तर उहाँको सेवकमाथि लगाइदिन्छन्।

**प्रेरित १४:१४-१५[क]:** के भइरहेको छ, शुरुमा बर्नबास र पावललाई थाह थिएन; किनभने उनीहरूले लुकाओनियाको भाषा जान्दैनथिए। तर अबचाहिँ प्रेरितहरूले बुझे, कि मानिसहरूले उनीहरूलाई देवताको रूपमा पो पुज्न लागेका रहेछन्। तब उनीहरूले आफ्ना लुगाहरू च्याते; यसरी नै त्यसमा उनीहरूले आफ्नो असन्तुष्टि र विरोध प्रकट गरे। त्यसपछि दगुर्दै उनीहरू भीड़भित्र पसे, र तिनीहरूले यस्तो मूर्खपूर्ण काम नगरून् भनेर आवेगपूर्ण शब्द चलाएर तिनीहरूलाई सचेत गराए। देवता हुने कुरा पर जाओस्, उनीहरू लुकाओनीहरूजस्तै दुःखसुख भोगी मानिसहरू थिए। उनीहरू यहाँ किन आए? यसमा एकमात्र उद्देश्य यस प्रकारको थियोः उनीहरूले तिनीहरूलाई सुसमाचार सुनाउन र तिनीहरूलाई 'यी व्यर्थका मूर्तिहरूलाई छोड़ेर जीवित परमेश्‍वरमा फर्कनुहोस्!' भन्ने आज्ञा दिन आएका हुन्।

**प्रेरित १४ः१५ख-१७ः** याद गर्न लायकको कुरा के हो भने, पावल र बर्नबासले यी अन्यजातिका मानिसहरूको सामु पुरानो नियमबाट कुनै खण्ड उद्धृत गरेनन्, जसरी उनीहरूले यहूदीहरूका निम्ति गर्ने गर्थे। तर तिनीहरूका निम्ति उनीहरूले सृष्टिको उत्पत्तिबाट आफ्नो स्पस्टीकरण शुरु गरे। यी अन्यजातिका मानिसहरू तुरुन्त यस विषयमा सुन्न इच्छुक भए। सृष्टिको कुराचाहिँ संसारका सबै देशका मानिसहरूको बीचमा युगयुगदेखि नै जिज्ञासोको विषय बनेर आइरहेको छ। प्रेरितहरूले कुरा स्पष्ट पार्छन्ः बितेका पुस्ताहरूमा परमेश्वरले सबै जातिहरूलाई तिनीहरूका आ-आफ्ना बाटोहरूमा हिँड्न दिनुभयो। तर यी समयहरूमा पनि तिनीहरूले सृष्टि गरिएका थोकहरूबाट र उहाँले तिनीहरूका निम्ति गर्नुभएको प्रबन्धमा उहाँको अस्तित्वको पक्का प्रमाण पाइरहेका थिए; किनभने उहाँले आफ्नो प्रेममा तिनीहरूलाई बर्सात र फलयुक्त ऋतुहरू दिनुहुन्थ्यो; भोजन र आनन्दले तिनीहरूका हृदय भरिदिनुहुने उहाँ नै हुनुहुन्थ्यो, अर्थात् खानेकुरा तिनीहरूका शरीरका निम्ति परमेश्वरको प्रबन्ध हो; अनि भोजनबाट तृप्त हुने आनन्दले तिनीहरूको हृदय भरिदिन्छ।

**प्रेरित १४ः१८ः** यस सन्देशको फलाफल चाहेजस्तो भयोः मुस्किलले मानिसहरूले प्रभुका यी सेवकहरूका निम्ति बलिदान चढ़ाउने आफ्नो आयोजना बन्द गरे।

**प्रेरित १४ः१९-२०ः** पिसिडियाको एन्टिओक र इकोनियमका यहूदीहरूले पावल र बर्नबासको पिछा गरेर उनीहरूलाई लुस्त्रामा भेट्टाए। तिनीहरूले अन्यजातिका मानिसहरूलाई यी प्रेरितहरूको विरोधमा सुस्याए। जुन मानिसहरूले उनीहरूलाई देवतालाई दिएजत्तिकै मान दिएका थिए, ती मानिसहरूले पावललाई ढुङ्गाले हाने र तिनलाई मरेको भन्ठान्दै घिस्स्याएर तिनलाई शहरबाहिर छोड़े।

श्री विलियम केल्लीले यस खण्डको टिप्पणी साह्रै राम्रो गरेका छन्, जब उनले भनेः

> 'अनि ढुङ्गाले हान्ने कारण के थियो? लुस्त्राका मानिसहरूले प्रेरितहरूलाई दण्डवत् गर्दा जुन उच्च मान दिन लागेका थिए,

तिनीहरूको त्यो मान इन्कार गर्नु तिनीहरूलाई साह्रै अप्रिय लाग्यो, र यस प्रकारको इन्कारले तिनीहरूलाई ती व्यक्तिहरूको विषयमा गलत अर्थ लगाउन बाध्य गरायो, जुन व्यक्तिहरूको पूजा तिनीहरूले गर्न लागेका थिए। मानिसहरूले अरू मानिसको श्रद्धा गर्दा आफूलाई माथि उचाल्छन्। अनि यसो गर्न नपाउँदा तिनीहरू रिसाउँछन्, र एकमात्र परमेश्‍वरबाट आदर खोज्नेहरूलाई घृणा गर्न थाल्छन्, र हुन सक्यो भने उनीहरूको ज्यान पनि लिन चाहन्छन्। माल्टामा के भयो ? पहिले तिनीहरूले पावललाई हत्यारा ठान्थे, तर त्यसपछि तिनलाई देवताको रूपमा हेरे (प्रेरित २८ः६)। माल्टाका मानिसहरूको मन जस्तो बद्लियो, त्यस्तै यहाँ किन नभएको त ? अरू बेलामा तुच्छ मानिएका यहूदीहरूको बहकाउमा परेरै ती मानिसहरूले तिनलाई, जसका निम्ति तिनीहरूले भर्खर बलि चढ़ाउन खोजेका थिए, झूटो भविष्यवक्ता मानेर ढुङ्गाले हाने, र घिस्स्याएर शहरबाहिर मरेतुल्य अवस्थामा छोड़े।' **59)**

के पावल ढुङ्गाले हानिएका हुनाले मरेका थिए ? हुन सक्छ, किनकि २ कोरिन्थी १२ः२ पद यस घटनाको सन्दर्भ-पद होला। यसो हो भने, तिनले आफू मरेको कुरा जान्दैनथिए। तब यसको विषयमा केकसो भनेर सठीक होला ? यति भनौंः तिनको स्वास्थ्यलाभ उदेकको थियो। किनभने चेलाहरू तिनको वरिपरि उभिरहेको बेलामा तिनी उठे, र उनीहरूसँग शहरमा फर्के; अनि भोलिपल्ट तिनी बर्नबाससित डेर्बेतिर लागे।

**प्रेरित १४ः२१ः** ती मिशनरी-प्रचारकहरूलाई व्यक्तिगत सुरक्षाको वास्ता थिएन। यो कुरा यसैबाट बुझिन्छः डेर्बेमा सुसमाचार प्रचार गरेपछि उनीहरू फेरि लुस्त्रामा फर्के – त्यस ठाउँमा, जहाँ मानिसहरूले पावललाई अघि ढुङ्गाले हानेका थिए। पावल अघि जुन स्तरमा थिए र जुन स्वास्थ्यमा थिए, तिनलाई त्यस स्तरमा र त्यस स्वास्थ्यमा फर्काउने कत्रो शक्ति ! !

तिमोथीको नाम यहाँ लिइएको छैन। तर यस समयमा तिनले मुक्ति पाएका, र तिनी पावलको प्रचारको एक फल भएका हुनुपर्छ। किनकि जब प्रेरित पावलले फेरि अर्को भ्रमणमा लुस्त्रामा आइपुग्छन्, तब तिमोथी

चेला भइसकेका थिए, जसको नाम भाइहरूको बीचमा चलिसकेको थियो (प्रेरित १६:१-२)। तर यस कुरामा होशियार बसौं! १ तिमोथी १:२ पदमा पावलले तिमोथीलाई 'विश्वासमा मेरो साक्खै छोरा तिमोथी' भनेर सम्बोधन गर्छन्। यसमा पावलले तिनलाई ख्रीष्ट येशूमा ल्याएर जिते भन्ने कुराको मतलब बुभ्नु अनिवार्य होइन। किनकि पावलको जीवनशैली र सेवारूपी नमुना अपनाएर तिमोथीले उनको देखासिकी गरेरै तिनी उनको साक्खै छोरा हुन पनि सक्छन्।

लुस्त्रामा यी मिशनरी-प्रचारकहरूले आफ्नो काम गरिसिद्ध्याए। त्यसपछि उनीहरू इकोनियम र पिसिडियाको एन्टिओक भएर गए, जुन ठाउँहरूमा उनीहरूद्वारा मण्डलीहरू स्थापित भइसकेका थिए। यसपालि त्यहाँ आएको कारण र उनीहरूको खास काम हामीले 'अनुवर्ती कार्यक्रम' भन्ने गर्छौं। उनीहरूले सुसमाचार प्रचार गरेर आत्माहरू प्रभुकहाँ आएकोमा सन्तुष्ट थिएनन्। यो त उनीहरूका निम्ति कामको शुरु मात्र थियो। उनीहरूले सधैं प्रभुमा आएका विश्वासीहरूलाई तिनीहरूको परम पवित्र विश्वासमा उन्नति र निर्माण गराउन खोज्थे। विशेष गरेर ख्रीष्टको मण्डली के हो, साथै परमेश्वरको प्रयोजनाभित्र मण्डलीको भूमिका के हो, सो सम्बन्धमा उनीहरूले तिनीहरूलाई शिक्षा दिने गर्थे।

श्री चार्लस आर. एर्डम्यानले यो कुरा स्पष्ट पारेर भनेका छन्:

> 'कुनै मिशनरीको योजना योग्य ठान्नु हो भने उसले आफ्नो मिशन-क्षेत्रमा स्वशासित, स्वपालित, स्वप्रसारित मण्डलीहरू स्थापित गर्ने लक्ष्य राख्नुपर्छ। प्रेरित पावलको उद्देश्य यही थियो; तिनको कामगराइ सधैं यही थियो।' **60)**

**प्रेरित १४:२२:** 'अनुवर्ती कार्यक्रम' के थियो त? पहिले, उनीहरूले चेलाहरूका मनलाई स्थिर गराए र परमेश्वरको वचनको शिक्षा दिँदै तिनीहरूलाई ख्रीष्टीय विश्वासमा निर्माण गरे। कलस्सी १:२८-२९ पदमा प्रेरित पावलले यस कामको विश्लेषण यस प्रकारले दिन्छन्: '*हरेक मानिसलाई ख्रीष्ट येशूमा सिद्ध भएको अवस्थामा उपस्थित गराउने उद्देश्यले हामी हरेक मानिसलाई चेताउनी दिँदै र हरेक मानिसलाई सम्पूर्ण बुद्धिसित शिक्षा दिँदै उहाँलाई प्रचार गर्छौं। यसैका निम्ति म पनि उहाँको*

*त्यस प्रभावकारी कार्यअनुसार, जसले ममा सामर्थ्यसाथ काम गर्छ, संघर्ष गर्दै परिश्रम गर्छु।'*

दोस्रो, उनीहरूले तिनीहरूलाई विश्वासमा लागिरहने उत्साह दिए; किनभने विश्वासीहरू सतावटमा परेको बेलामा यस प्रकारको अर्ती दिनु समुचित देखिन्छ। *'अनेकौं कष्टहरू सहँदै हामी परमेश्वरको राज्यभित्र पस्नुपर्छ'* भन्ने सम्झना यस उत्साहको वचनको साथमा दिइन्छ। भविष्यको कुनै दिनमा परमेश्वरको राज्यले आफ्नो पूरा रूप धारण गर्ने नै छ, जब ख्रीष्ट-विश्वासीहरू ख्रीष्ट येशूको महिमामा सहभागी हुनेछन्। नयाँ जन्मद्वारा मानिसले परमेश्वरको राज्यको हक पाएको हुन्छ। यी सतावट र सङ्कष्टहरूले हामीलाई बचाउनुमा के काम गर्छन् त? वर्तमान समयमा जतिले विश्वासद्वारा परमेश्वरको राज्यको हक पाएका छन्, उनीहरू सबैलाई प्रतिज्ञा गरिएको छः पछि हुने महिमामा पुर्‍याउने उनीहरूको बाटो सङ्कष्टहरूले भरिएको हुन्छ। *'उहाँसँगै हामीले दुःख भोग्यौं भनेचाहिँ उहाँसँगै हामी महिमित पनि हुनेछौं'* (रोमी ८:१७[ख])।

**प्रेरित १४:२३**: यस समयमा यी मिशनरी-प्रचारकहरूले हरेक मण्डलीमा एल्डरहरूलाई नियुक्त गरे। यस सम्बन्धमा निम्न बुँदाहरू याद गर्नुपर्छः

**क)** नयाँ नियमअनुसार एल्डरहरूचाहिँ प्रभु येशूको भक्ति गर्ने परिपक्व मानिसहरू थिए, जसले स्थानीय मण्डलीको आत्मिक सञ्चालन गर्दै गर्थे। उनीहरूलाई बिशप, धर्मगुरु, अध्यक्ष वा निरीक्षक भन्ने नाम पनि दिइन्छ।

**ख)** प्ररितहरूको पुस्तकमा हामी के देख्छौं भने, शुरुमा जब एउटा नयाँ मण्डली स्थापित भयो, त्यस बेलामा एल्डरहरू नियुक्त गरिएनन्। तर यी मण्डलीहरूकहाँ फर्केपछि प्रेरितहरूको दोस्रो भ्रमणमा यसो गरियो। अर्को शब्दमा भन्नु हो भने, पवित्र आत्माले जस-जसलाई एल्डरको योग्य ठहराउनुभयो, उनीहरू प्रकट होऊन् भन्ने उद्देश्यले यो अन्तराल समय राखिएको थियो।

**ग)** प्रेरितहरूले अथवा प्रेरितहरूको प्रतिनिधि गर्नेहरूले एल्डरहरूलाई नियुक्त गरे; किनभने त्यस बेलासम्म नयाँ नियमको पुस्तक लेखिएको थिएन। यसकारण एल्डरहरूका सद्‌गुण र योग्यताहरूको विषयमा स्पष्ट शिक्षा भएको थिएन। प्रेरितहरूले मात्र यी योग्यताहरू के-के हुन्, सो जान्दथिए। यसकारण उनीहरूले नै योग्य मानिसहरूलाई चिनिराख्थे, जसका सद्‌गुणहरू परमेश्वरका मागहरू-अनुसारका थिए।

**घ)** वर्तमान समयमा हामीसँग प्रेरितहरू छैनन्, जसले एल्डरहरूलाई नियुक्त गर्छन्। तर हामीसँग १ तिमोथीको पत्रको तीन अध्याय र तीतसको पत्रको एक अध्यायमा एल्डरहरूका योग्यताहरू के-के हुनुपर्छ, यसको सूचि छ। यसकारण एक-एक स्थानीय मण्डली यी व्यक्तिहरूलाई भेट्टाउनुमा आफैआफ सक्षम हुनुपर्छ, जुन व्यक्तिहरू परमेश्वरका मागहरूअनुसार भेड़ाका गोठाला हुन सुयोग्य हुन्छन्।

पावल र बर्नबासले एल्डरहरूलाई नियुक्त गरेपछि उपवाससहित प्रार्थना गरेर विश्वासीहरूलाई प्रभुको हातमा सुम्पिदिए। हामीलाई अनौठो लाग्छ, कि यति छोटो समयभित्र मण्डलीहरू स्थापित भए, जसले प्रेरितहरूबाट अल्प समयभित्र केही शिक्षा पाए, र पनि स्वशासित मण्डलीहरूको रूपमा सुचारु रूपले चल्दथिए, र जो प्रभुको निम्ति यति चम्किला साक्षी थिए। यसको रहस्य केमा थियो? परमेश्वरको पवित्र आत्माको ठूलो शक्तिमा यो रहस्य लुकेको थियो। यो दिव्य शक्ति पावल र बर्नबासजस्ता मानिसहरूद्वारा प्रकट हुन्थ्यो; किनभने जहाँ गए पनि उनीहरूले मानिसहरूलाई परमेश्वरको शक्तिको प्रभावमा पार्दथिए। मानिसहरूले उनीहरूको जीवनमा वास्तविकता देख्न सक्थे। उनीहरूले खुला रूपले जे प्रचार गर्थे, त्यस प्रचारको मेरुडण्ड उनीहरूको उदाहरणीय जीवनशैली थियो। प्रचार र नमुनाको जीवन – यी दुईवटा गवाहीहरूको प्रभाव अति शक्तिशाली, अति प्रभावकारी थियो, र हुन्छ।

प्रेरित १४ः२१-२३ पदको खण्डमा प्रेरितहरूको काम गर्ने तरिका यस प्रकारको थियोः **क)** उनीहरूले सुसमाचार प्रचार गरे; **ख)** उनीहरूले नयाँ विश्वासीहरूलाई शिक्षा दिए; **ग)** उनीहरूले मण्डलीहरू स्थापित गरे र तिनीहरूलाई सुदृढ़ पारे।

**प्रेरित १४ः२४-२६ः** फर्किजाँदा उनीहरू पिसिडियाबाट भएर गए। त्यहाँबाट दक्षिण लागेर उनीहरू पाम्फिलियाको पेर्गामा आइपुगे। त्यसपछि उनीहरू अट्टालियामा झरे, जुनचाहिँ एउटा बन्दरगाह शहर थियो। अट्टालियाबाट पानीजहाजको यात्रा गरेर उनीहरू सिरियाको एन्टिओकमा आइपुगे। अनि उनीहरूको सुसमाचार-धावारूपी पहिलो यात्रा समाप्त भयो। यही एन्टिओकबाट उनीहरू परमेश्वरको अनुग्रहमा त्यस कामका निम्ति सुम्पिएका थिए, जुन काम उनीहरूले भर्खरै पूरा गरेर छाड़े।

**प्रेरित १४ः२७ः** अनि उनीहरूले एन्टिओकको मण्डलीलाई भेला गरे। यो आनन्दले विभोर भएको समय थियो; किनभने परमेश्वरका यी दुई महान् जनहरूको मुखबाट तिनीहरूले उनीहरूको मिशन-यात्राको विवरण सुन्न पाए। इसाई शिष्टताको योग्य प्रकारले उनीहरूले बढाइचढ़ाइ नगरीकन परमेश्वरले उनीहरूको साथमा के-के गर्नुभयो, साथै अन्य-जातिहरूका निम्ति उहाँले विश्वासको ढोका कसरी खोलिदिनुभयो, सो सबै कुराहरू सुनाइदिए। उनीहरूले परमेश्वरका निम्ति काम गरेको होइन, तर उहाँ उनीहरूको साथमा हुनुहुन्थ्यो र उहाँले उनीहरूद्वारा काम गर्नुभयो, यसको श्रेयचाहिँ उहाँमा जान्छ।

**प्रेरित १४ः२८ः** उनीहरू धेरै समयसम्म एन्टिओकका मण्डलीका भाइहरूसँग रहे। धेरै समय भनेको के हो? एक-दुई वर्ष होला।

## सुसमाचार-धावारूपी मिशन-कार्यको रणनीति

एन्टिओकजस्तै संसारको एउटा गुमनामी कुनामा बसेका साधारण ख्रीष्टका चेलाहरूको यो सानो झुन्ड कसरी संसारभरि सुसमाचार प्रचार गर्नुपर्छ भन्ने महिमित दर्शनले अभिप्रेरित भएको र यस काममा कसरी

संलग्न भएको देख्न पाउनु कति रोमहर्षको कुरा हो। हरेक विश्वासीले महान् आज्ञा पूरा गर्ने यस काममा भाग लिन्थ्यो। हरेकले आफूलाई बाँकी राख्दैनथियो, तर आफूलाई यस काममा पूरा रूपले समर्पण गर्थ्यो।

सुसमाचार कसरी प्रचार गरिन्थ्यो ? स्थानीय विश्वासीहरूले आफ्ना दैनिक कामकाजहरू पूरा गर्दै आफ्ना छरछिमेकीहरूसँग कुराकानी गरेर सुसमाचार सुनाउँथे। त्यसबाहेक प्रेरितहरू र अन्य विश्वासीहरूले देश-देशमा यात्रा गर्दै सुसमाचार प्रचार गर्थे र मण्डलीहरू स्थापित गर्थे। उनीहरू कम्तीमा दुईजना, धेरैमा दल बाँधेर निस्कन्थे। पावलसित तिमोथी गएजस्तै अनुभवी दाजुसँग एकजना जवान भाइ जाने गर्थे।

सुसमाचार सुनाउने दुईवटा मुख्य प्रणालीहरू काममा लगाइन्थ्योः कि त व्यक्तिगत रूपले गरिने सुसमाचार-प्रचार, कि त धेरै मानिसहरूको सामु गरिने आम-प्रचार। अनि उनीहरूको आम-प्रचारको विषयमा चाखलाग्यो कुरा के हो भने, उनीहरूले प्रायः कुनै तयारीविना तत्कालिक प्रचार गर्थे; अनि प्रचार गर्ने अवसरचाहिँ धेरजसो कुनै घटनास्थलको परिस्थिति वा सङ्कट-स्थितिबाट उठ्थ्यो।

प्रेरितहरूको पुस्तकमा वर्णन गरिएका प्रचार गर्ने अवसरहरू जति छन्, ती सबैका परिस्थितिहरूमा प्रचारकले आफूलाई वचन प्रचार गर्न तयार गर्ने समय पाउँदैनथिए; किनभने यी सबै अवसरहरू अचानक मिल्ने गर्थे। **61)**

यस विषयमा श्री ई. एम. बाउण्ड्सले यसो भनेका छन्ः

> 'उनीहरूको प्रचार एक घण्टाभित्र पूरा गरिने कार्य थिएन, तर बरु भरपूर जीवनबाट बगिरहने धारा थियो।'

प्रेरितहरू र उनीहरूको साथमा जानेहरूले पवित्र आत्माको अगुवाइ पाउने गर्थे, अनि धेरै पल्ट उनीहरूको स्थानीय मण्डलीले उनीहरूले पाएको अगुवाइको समर्थन गर्ने गर्थ्यो। यस सम्बन्धमा हामी प्रेरित १३ः२ पदमा पढ्छौं, कि एन्टिओकको मण्डलीका भविष्यवक्ता र शिक्षकहरूले बर्नबास र शाउलमाथि आफ्ना हातहरू राखेर उनीहरूलाई सुसमाचार-धावाको पहिलो यात्रामा पठाए। तिमोथीको विषयमा कुरा पनि उस्तै छ। उनी प्रेरित पावलको साथमा पठाइनुभन्दा अघि लुस्त्रा र इकोनियमका भाइहरूको बीचमा उनी सहरानाको योग्य हुनुपरेको थियो (प्रेरित

१६:२)। अनि पावल र सिलासचाहिँ सुसमाचार-धावाको दोस्रो यात्रा जानुभन्दा अघि एन्टिओकको मण्डलीले उनीहरूलाई परमेश्वरको अनुग्रहमा सुम्पिदियो (प्रेरित १५:४०)।

उनीहरूले ठूला-ठूला शहरहरूमा गएर मण्डलीहरू स्थापित गर्थे, जुन मण्डलीहरूले वरिपरिका इलाकाहरूमा सुसमाचार प्रचार गर्थे। यो उनीहरूको भूगौलिक रणनीति थियो भन्ने कुरा सर्वमान्य शिक्षा भएको छ। तर यसो भन्नुमा बड़ो सोझो विचार लगाइएको हुन सक्छ। किनकि उनीहरूको रणनीति यस प्रकारको थियोः उनीहरू ठूलो शहर वा सानो गाउँमा जाँदा पवित्र आत्माको अगुवाइमा हिँड्थे। पवित्र आत्माले फिलिपलाई समारियाको जागृतिबाट लिएर गाजाको बाटोमा सफर गर्ने एकैजनालाई भेट्न पठाउनुभयो (प्रेरित ८:२६-४०)। अनि पावल उहाँको अगुवाइमा बेरियामा पुगे – एउटा यस्तो जग्गामा, जसको विषयमा प्रख्यात दर्शनशास्त्री सिसेरोले 'मूलबाटोदेखि पर भएको शहर' भनेका थिए (ख्रीष्टपूर्व १०६-४३)। हामी तपाईंलाई सफासँग भनौंः प्रेरितहरूको पुस्तकमा हामी कुनै भूगौलिक रणनीति देख्दैनौं। हामी के देख्छौं भने, परमेश्वरको आत्माले आफ्नो सर्वअधिकार र आफ्नै इच्छाअनुसार काम गर्नुभएको हो।

जहाँ-जहाँ मानिसहरूले सुसमाचारको वचन ग्रहण गरे, त्यहाँ-त्यहाँ स्थानीय मण्डलीहरू स्थापित भए। अनि यी मण्डलीहरूले प्रभुको काममा निरन्तरता र दृढ़ता दिए। मण्डलीहरू स्वशासित, स्वपालित र स्वप्रसारित थिए। प्रेरितहरूले यी मण्डलीहरूमा परिभ्रमण गर्दै विश्वासीहरूलाई बलियो पार्थे र उनीहरूलाई उत्साह दिन्थे (प्रेरित १४:२१-२२; प्रेरित १५:४१; प्रेरित २०:१-२)। अनि उनीहरूले मण्डली-मण्डलीमा एल्डरहरूलाई नियुक्त गर्थे (प्रेरित १४:२३)।

सुसमाचार-धावारूपी यात्राहरूमा कुनै समयमा प्रेरितहरू र उनीहरूका सहकर्मीहरूले आफ्नो जीविका आफूले चलाउँथे (प्रेरित १८:३ र २०:३४)। कहिलेकाहीं उनीहरूले मण्डलीहरूबाट र कहिलेकाहीं कुनै व्यक्ति विशेषबाट अनुदान पाउँथे (फिलिप्पी ४:१०; ४:१५-१८)। पावलले काम गरेर आफ्नो आवश्यकता मात्र पूरा गरेनन्, तर उहाँको साथमा भएका सहकर्मीहरूको खाँचो पनि पूरा गरे (प्रेरित २०:३४)।

स्थानीय मण्डलीले प्रेरितहरूलाई परमेश्वरको अनुग्रहमा सुम्पे तापनि र उनीहरूले स्थानीय मण्डलीहरूबाट अनुदानहरू पाए तापनि स्थानीय मण्डलीहरूले उनीहरूमाथि कहिल्यै कुनै अधिकार जमाउँदैनथिए। उनीहरू प्रभु येशूका स्वतन्त्र कार्यकर्ता थिए, जसले परमेश्वरको सम्पूर्ण मनसाय घोषणा गर्थे र फाइदा हुने एउटा कुरा पनि बाँकी राख्दैनथिए (प्रेरित २०:२० र २७)।

सुसमाचार-धावारूपी यात्रा सिद्ध्याएपछि उनीहरू आफ्नो निजी मण्डलीमा फर्कन्थे, र प्रभुले उनीहरूद्वारा के-के गर्नुभयो, त्यस सम्बन्धमा आफ्नो प्रतिवेदन दिन्थे (प्रेरित १४:२६-२८; प्रेरित १८:२२-२३)। मण्डली-युगको एक-एक पुस्तामा मिशनरी भएर काम गर्नेहरूका निम्ति यो कुरा अपनाउनु लायक एक असल प्रणाली हो।

## ङ) प्रेरित १५:१-३५: यरूशलेममा सम्पन्न गरिएको मण्डलीको महासभा।

**प्रेरित १५:१:** खतनाको विषयमा एन्टिओकको मण्डलीमा उठेको वादविवाद गलाती २:१-१० पदको खण्डमा बयान गरिएको छ। यी दुईवटा विवरणहरू लिएर हामीले निम्न निष्कर्षमा पुग्छौं: कति झूटा भाइहरू यरूशलेमको मण्डलीबाट निस्के र एन्टिओकको मण्डलीमा आएर त्यहाँ प्रचार गर्न थाले। तिनीहरूको शिक्षाको सार यस प्रकारको थियो: 'अन्यजातिका मानिसहरूको खतना हुनुपर्छ, नत्र ता तिनीहरूले मुक्ति पाउन सक्दैनन्। तिनीहरूका निम्ति प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नु पर्याप्त हुँदैन। तिनीहरूले आफूलाई मोशाको व्यवस्थाको अधीनतामा सुम्पनुपर्छ' अरे। यस प्रकारको शिक्षाले सीधा परमेश्वरको अनुग्रहको सुसमाचारलाई हमला गर्छ। किनभने अनुग्रहको सुसमाचारले के सिकाउँछ भने, क्रूसमा ख्रीष्ट येशूले त्राणको काम सिद्ध्याउनुभएको छ। अनि पापी मानिसको काम के हो ? उसले प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई ग्रहण गर्नुपर्छ; बस, यति नै पर्याप्त छ। जब कसैले पुण्य गर्न खोज्छ र धर्मकर्महरू गरेर मुक्ति कमाउन चाहन्छ, तब यस प्रकारको कामगराइलाई

अनुग्रह भनिँदैन। अनुग्रहको करारअन्तरगत कामको सम्बन्धमा सबै कुराहरू परमेश्वरमाथि निर्भर गर्छन्, मानिसमाथि होइन। अनुग्रहको करारमा सर्तहरू थपिन्छन् भने मुक्ति अनुग्रहको वरदान होइन, तर ज्यालाको मामिला हो। तर मुक्ति एउटा सित्तैंमा पाइने वरदान हो; मुक्ति कमाइँदैन, मुक्ति पुण्यको फल हुँदैन।

**प्रेरित १५:२-३:** पावल र बर्नबासले ती यहूदीधर्म र इसाईधर्मको बीचमा खिचड़ी बनाउनेहरूको घोर विरोध गरे। किनभने उनीहरूलाई थाहा थियो, कि तिनीहरूले अन्यजातिहरूबाट प्रभुकहाँ फर्केका विश्वासीहरूबाट ख्रीष्ट येशूमा भएको तिनीहरूको स्वतन्त्रता खोसि-दिन्छन्।

प्ररितहरूको पुस्तकको पन्ध्र अध्यायमा हामीले के थाह गर्छौं भने, एन्टिओकका भाइहरूले पावल र बर्नबासलाई साथै अन्य भाइहरूलाई यरूशलेममा प्रेरितहरू र एल्डरहरूकहाँ पठाउने निर्णय गरे। अनि गलाती २:२ पदअनुसार पावल प्रकाश पाएरै यरूशलेम गए। यसमा नमिल्ने केही पनि छैन। किनकि परमेश्वरको आत्माले पावललाई यरूशलेम जाने कुरा प्रकट गर्नुभयो, साथै एन्टिओकको मण्डलीलाई पनि उनीहरूले तिनलाई पठाउनुपर्छ भन्ने कुरा प्रकट भयो।

यरूशलेम जाने यात्रामा उनीहरू फोनिसिया र सामरियाबाट भएर गए, र ठाउँ-ठाउँमा रोके, जहाँ उनीहरूले अन्यजातिहरू प्रभुमा फर्कंदैछन् भन्ने गवाही दिए; यसरी नै उनीहरूले सबै भाइहरूलाई साह्रै आनन्दित तुल्याए।

**प्रेरित १५:४:** पावल यरूशलेममा आइपुग्छन्। पहिले तिनी व्यक्तिगत रूपले प्रेरितहरू र एल्डरहरूकहाँ जान्छन्। तिनले उनीहरूलाई अन्यजातिहरूको बीचमा आफूले जुन सुसमाचार प्रचार गर्छन्, त्यस सुसमाचारको सविस्तार दिए। अनि उनीहरूले स्वीकार गर्नुपर्‍योः पावलको सुसमाचारचाहिँ उनीहरूले यहूदीहरूको बीचमा प्रचार गरेको सुसमाचार हो रहेछ।

**प्रेरित १५:५:** सम्पूर्ण मण्डलीले भाग लिने एउटा आमसभा आयोजित गरियो, जुन आमसभामा केही फरिसीहरू उठे, जसले विश्वास

गरेका थिए, र जसले यसो भनेर तर्क गरेः 'अन्यजातिका मानिसहरूको खतना गर्नुपर्छ, र तिनीहरूले मोशाको व्यवस्था पालन गर्नुपर्छ, नत्र ता तिनीहरू ख्रीष्टका सच्चा चेलाहरू होइनन्।'

**प्रेरित १५ः६ः** यस पदबाट हामीलाई यस्तो लाग्दैछः जब यसको अन्तिम फैसला गर्ने बेला आयो, तब प्रेरितहरू र एल्डरहरू मात्र भेला भएका थिए। तर प्रेरित १५ः१२ पदमा अर्को कुरा लेखिएको छः बाह्र पदबाट सारा मण्डली त्यहाँ उपस्थित भएको अड़कल काटिन्छ।

**प्रेरित १५ः७-१०ः** जब पत्रुस आफ्ना खुट्टामा खड़ा भए, तब शायद ती व्यवस्थावादी इसाईहरूले 'पत्रुस हाम्रो पक्ष लिनुहुन्छ' भन्ने आशा गरेका थिए होलान्। किनकि पत्रुस खतना भएकाहरूका निम्ति प्रेरित थिए। तर तिनीहरूको आशा निराशामा परिणत भयो। पत्रुसले श्रोतागणहरूलाई यो सम्झना दिलाउँछन्, कि अन्य-जातिहरूले उनको मुखबाट सुसमाचार सुन्ने हेतुले केही वर्षअघि परमेश्वरले उनलाई छान्नुभयो। कर्नेलियसको घरमा घटेको घटनामा यो कुरा पूरा भयो। जब परमेश्वरले ती अन्यजातिका मानिसहरूको हृदयमा उहाँप्रति विश्वास छ भन्ने कुरा देख्नुभयो, तब उहाँले तिनीहरूलाई पवित्र आत्मा दिनुभयो, जसरी शुरुमा उहाँले पेन्टेकोस्टको दिनमा यहूदीहरूलाई पवित्र आत्मा दिनुभएको थियो। त्यस समयमा परमेश्वरले ती अन्यजातिका मानिसहरूबाट तिनीहरूको खतना हुनुपर्छ भन्ने माग गर्नुभएकै थिएन। तिनीहरू अन्यजातिका मानिसहरू भएको कुराले केही फरक पार्दैनथियो। उहाँले तिनीहरूका हृदयहरू विश्वासद्वारा शुद्ध पार्नुभयो। पत्रुसले प्रश्न गर्छन्ः 'अनि जब परमेश्वरले ती अन्यजातिका मानिसहरूलाई, तिनीहरूले व्यवस्था पालन गरेकोले होइन, तर तिनीहरूले विश्वास गरेको नाताले ग्रहण गर्नुभयो, तब उपस्थित मण्डलीले किन बित्थामा तिनीहरूको गर्दनमाथि व्यवस्थाको जुवा हालिदिन चाहन्छ?' यस प्रकारको जुवा न उपस्थित मण्डलीका भाइहरूले, न तिनीहरूका पितापुर्खाहरूले बोक्न सके। मोशाको व्यवस्थाले अहिलेसम्म कसैलाई मुक्ति दिन सकेन। व्यवस्थाको सेवकाइ दोषी ठहराउने सेवकाइ हो, धर्मी ठहराउने सेवकाइ होइन। व्यवस्थाद्वारा पाप के हो, सो जानिन्छ। तर पापबाट मुक्ति दिनु व्यवस्थाको कामै होइन।

**प्रेरित १५:११:** पत्रुसको अन्तिम फैसला ध्यान दिनु लायकको छ। उनको दृढ़ विश्वास थियो, कि जसरी ती अन्यजातिका मानिसहरूले प्रभु येशू ख्रीष्टको अनुग्रहद्वारा मुक्ति पाउनेछन्, त्यसरी नै हामी यहूदीहरूले पनि त्यही अनुग्रहद्वारा मुक्ति पाउनेछन्। यहूदी भएका नाताले पत्रुसले 'यहूदीहरूले जस्तै अन्यजातिका मानिसहरूले पनि मुक्ति पाउनेछन्' भनेर भन्नुपर्नेथियो, होइन र? तर यहाँ परमेश्वरको अनुग्रहले जाति-जातिको बीचमा भएको भेदभावलाई जितेको छ।

**प्रेरित १५:१२:** पत्रुसले आफ्नो राय दिन सकेछन्। त्यसपछि बर्नबास र पावलले आफ्नो प्रतिवेदन सुनाए, र परमेश्वर कुन प्रकारले अन्य-जातिहरूसित भेट हुनुभयो र सुसमाचारको प्रचारलाई साथ दिएर कस्ता-कस्ता चिन्हहरू र आश्चर्यकर्महरू गर्नुभयो, सो कुराको वर्णन दिए।

**प्रेरित १५:१३-१४:** प्रभुले अन्यजातिका मानिसहरूका निम्ति विश्वासको ढोका खोल्नुभएको कुरा पत्रुसले पेश गरे। उनीहरूले अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्दा प्रभु येशूले उनीहरूद्वारा कसरी काम गर्नुभयो, सो कुरा पावल र बर्नबासले सुनाए। अब याकूबको कुरा आयो। उनले अधिकारसहित आफ्नो तर्क पेश गरेः 'परमेश्वरले अन्यजातिहरूको बीचबाट आफ्नो नामका निम्ति एउटा जातिलाई बोलाउनु नै यस वर्तमान युगमा उहाँको अभिप्राय र उद्देश्य हो। शिमोन पत्रुसले भन्न खोजेको कुरा यही हो।'

**प्रेरित १५:१५-१९:** त्यसपछि याकूबले आमोस ९:११-१२ पदको खण्ड उद्धृत गर्छन्। यसमा याद राख्नुपर्ने कुरा के हो भने, उनले आमोसको भविष्यवाणी अन्यजातिहरूबाट एउटा जातिलाई बोलाउने कुरामा पूरा भएको भनेनन्, तर यस कुराले भविष्यवक्ताहरूका वचनहरूसँग मेल खान्छ भनेर भने। मुक्तिको कुरा लिएर परमेश्वरले अन्यजातिहरूलाई भेट्नुभएकोमा त्यहाँ भेला भएको सभाले कुनै अनौठो कुरा देख्नुहुँदैनथियो; किनभने यस कुराको पूर्वसूजना पुरानो नियममा सफासँग दिइएको थियो। परमेश्वरको पूर्वजानकारीअनुसार अन्यजातिहरू अन्यजाति रहेको अवस्थामै आशिषित हुनेछन्, विश्वास गर्ने यहूदीहरू बनेको अवस्थामा होइन।

आमोसको पुस्तकबाट उद्धृत गरिएको यो भविष्यवाणी हजार वर्षको राज्यमा पूरा हुनेछ, जुन बेलामा ख्रीष्ट येशू दाऊदको सिंहासनमाथि विराजमान हुनुहुनेछ, अनि जुन बेलामा अन्यजातिका मानिसहरूले परमप्रभुको खोजी गर्नेछन्। यसकारण आमोसको यो भविष्यवाणी हालैमा पूरा भइरहेको सङ्केत याकूबले दिन चाहेनन्, तर बरु यसो भन्ने चाहेः तत्कालमा अन्यजातिका मानिसहरूले मुक्ति पाइरहेको कुरा र आमोसको भविष्यवाणीअनुसार पछि पूरा हुने कुराहरूले आपसमा मेल खान्छन्।

याकूबको तर्कको सार यस प्रकारको छः **क)** पहिले परमेश्वर अन्यजातिहरूलाई भेट्नुहुन्छ, र तिनीहरूबाट आफ्नो नामका निम्ति एउटा जाति निकल्नुहुनेछ। अनि तिनीहरूको समयमा यो कुरा पूरा हुँदैथियो, अनि आजको दिनसम्म भइरहेको छ। प्रभुकहाँ फर्केर आएका अन्यजातिका मानिसहरू र प्रभुकहाँ फर्केका यहूदीहरू मण्डलीमा एकसाथ ग्रहण गरिन्छन्।

**ख)** तर यस्तो समय आउनेछ, जुन बेलामा अन्यजातिका मानिसहरू ठूलो सङ्ख्यामा प्रभुकहाँ फर्कनेछन्, हालैमा थोरैले मुक्ति पाएजस्तो चाहिँ होइन। किनकि ख्रीष्ट येशू यस पृथ्वीमा फर्केर आउनुहुनेछ; अनि उहाँले इस्राएली जातिको पुनर्स्थापना गर्नुहुनेछ, र उहाँको नामले कहलाइएका सबै जातिहरूलाई बचाउनुहुनेछ।

वर्तमान समयमा भइरहेका घटनाहरू हेरेर याकूबले यिनमा अन्यजातिहरूसित परमेश्वरको पहिलो भेट देखे। अनि यो प्रथम भेट र आमोसले भविष्यवाणी गरेको भविष्यमा हुने दोस्रो भेटको बीचमा पूरा मेल छ। जब ख्रीष्ट येशू राजाको रूपमा यस पृथ्वीमा फर्केर आउनुहुनेछ, तब उहाँले दोस्रो चोटि अन्यजातिहरूसित भेट्नुहुनेछ। यी दुईवटा घटनाहरू एकै होइनन्, तर आपसमा मेल खाँदा रहेछन्।

यसो हो भने, घटनाहरूको निम्न क्रम बुझिलिनुहोस्!

**क)** वर्तमान युगमा, अनुग्रहको समयमा अन्यजातिहरूबाट परमेश्वरले आफ्नो नामको खातिर एउटा जाति निकाल्नुहुन्छ (प्रेरित १५:१४)।

**ख)** ख्रीष्ट येशूको दोस्रो आगमनमा विश्वास गर्ने यहूदीहरूरूपी बाँकी भाग लिएर उहाँले इस्राएली जातिको राष्ट्र पुनर्स्थापना गर्नुहुनेछ (प्रेरित १५ :१६ ) ।

**ग)** इस्राएल राष्ट्र पुनर्स्थापित गर्नुभएपछि अन्यजातिहरूले मुक्ति पाउनेछन् (प्रेरित १५ :१७ ) । यी अन्यजातिहरू परमेश्वरको नामले कहलाइएका जातिहरू हुनेछन् ।

याकूबले उद्धृत गरेको आमोस ९:११-१२ पदको खण्ड र पुरानो नियममा लेखिएको यही खण्ड निक्कै फरक छन्। यो किन यस्तो भएको ? उनले आफ्नो उद्धरण पुरानो नियमको ग्रीक अनुवादबाट लिएको यसको एक कारण हो। तर 'सेप्टजिन्त' नामक ग्रीक अनुवादमा पनि आमोसको यो खण्ड फरक पढ़िन्छ। यसकारण यसको स्पष्टीकरण यही मान्नुपर्छः पवित्र आत्माले याकूबलाई यो खण्ड बदल्ने अनुमति दिनुभयो; किनभने सकल भविष्यवाणीको प्रेरणा दिनुहुने उहाँ हुनुहुन्छ, अनि यसको नकल परिस्थितिअनुसार बदल्नुहुने प्रेरणा दिनुहने पनि उहाँ हुनुहुन्छ। अर्को कुरा पनि छः आमोस नौ अध्यायका फरक-फरक हिब्रू पाण्डुलिपिहरू पनि छन्। श्री हेन्री अल्फोर्डको विश्वासअनुसार याकूबले यस्तो अनुवादबाट उद्धृत गरेको हुनुपर्छ, जुन अनुवाद हिब्रू पाण्डुलिपिसित धेरै नजिक मिल्थ्यो, नत्रता उपस्थित भएका ती फरिसीहरूले उनले उद्धृत गरेको खण्ड प्रमाणस्वरूप स्वीकार गर्नेथिएनन् ।

*'यी कुराहरूपछि म फर्कनेछु'* (प्रेरित १५ :१६ ) । याकूबले अघि पहिलो बुँदा भनिसकेः यस वर्तमान युगमा परमेश्वरको आयोजना छ; उहाँले अन्यजातिहरूका निम्ति विश्वासको ढोका खोल्नुभएको छ। यस समयमा अन्यजातिका सबै मानिसहरूले मुक्ति पाउने होइनन्। तर उहाँले तिनीहरूबाट आफ्नो नामका निम्ति एउटा निजी प्रजा निकाल्नुहुन्छ। अब उनले दोस्रो बुँदा थपेर भन्छन्ः यी कुराहरू सकेपछि ...। अर्थात् अन्यजातिहरूबाट मण्डलीरूपी परमेश्वरको प्रजा निकालिसकेपछि परमेश्वर फर्कनुहुनेछ, र उहाँले दाऊदको त्यो ढलेको र भताभुङ्ग भएको तम्बू फेरि खड़ा गर्नुहुनेछ। दाऊदको तम्बूचाहिँ तिनको घराना वा परिवारलाई सङ्केत गर्ने परिभाषा हो। दाऊदको तम्बू बनाउनु र भविष्यमा

तिनको राजकीय घराना फेरि स्थापना गर्नु एउटा कुरा हो। अनि दाऊदको यस पनर्स्थापित सिंहासनमाथि ख्रीष्ट येशू राजा भएर बस्नुहुनेछ। इस्राएल राष्ट्रचाहिँ संसारका निम्ति आशिषको स्रोत बन्नेछ। बाँकी मानिसहरूले परमप्रभुको खोजी गर्नेछन्, अँ, उहाँको नामले कहलाइएका सबै जातिहरूले उहाँलाई खोज्नेछन्।

'यी सबै कुराहरू गर्नुहुने परमप्रभु यसो भन्नुहुन्छ।' आमोसको भविष्यवाणीका शब्दहरूचाहिँ यी सबै कुराहरू पूरा गर्नुहुने परमप्रभुका वचन हुन्। आमेन!

यसकारण याकूबको सल्लाह यस प्रकारले टुङ्गिन्छः वर्तमान युगमा अन्यजातिहरूको बीचबाट आफ्नो निम्ति एउटा निजी प्रजालाई निकाल्नुहुने परमेश्वरको आयोजना भएको हुनाले अन्यजातिका विश्वासीहरूलाई मोशाको व्यवस्थाको अधीनतामा पार्ने काम किन गर्ने? उनीहरूलाई दुःख किन दिने? जब मुक्ति पाउने सम्बन्धमा उनीहरूले गर्नुपर्ने एकमात्र काम प्रभु येशूमाथि विश्वास गर्नु हो।

**प्रेरित १५ः२०ः** तर उनको सुझाउ के थियो भने, हामी एन्टिओकको मण्डलीलाई एउटा चिट्ठी लेखेर पवित्र जनहरूलाई मूर्तिहरूका अशुद्धहरूबाट, व्यभिचारबाट [62)], घाँटी निमोठेर मारेका वस्तुहरूबाट र रगतबाट अलग रहने सल्लाह दिऔं! उनको यो सल्लाह सुनेर पहिले हामीलाई याकूबले आफ्नो कुरा काटेका जस्तो लाग्ला। के यो एक प्रकारको व्यवस्थाबाद होइन र? के यसरी उनले अन्यजातिका विश्वासीहरूलाई व्यवस्थाको अधीनतामा ल्याउन लागेका थिएनन्? होइन नि, किनकि उनको सल्लाह मुक्ति पाउने सिलसिलामा दिइएको होइन, मुक्तिसित त्यसको कुनै सरोकार हुँदैन। त्यसको विषयमा फैसला अघि गरिसकियो। तर उनको यो सल्लाह यहूदी विश्वासीहरू र अन्यजातिका विश्वासीहरूको बीचको सङ्गतिको सिलसिलामा दिइएको हो। मुक्ति पाउनलाई उपरोक्त आज्ञाहरू पालन गर्नुपरेन; तर शुरुको मण्डलीभित्र तिक्त मतभेद र फाटोहरू नहुनु हो भने यी आज्ञाहरू पालन गर्नुपर्छ। यिनको पालन गर्नुमा ठूलो महत्त्व हुँदो रहेछ।

निम्न कुराहरू मनाही गरिए:

**क)** *मूर्तिहरूका अशुद्धताहरू:* प्रेरित १५:२९ पदबाट के बुझिन्छ भने, यी अशुद्ध कुराहरूचाहिँ मूर्तिहरूलाई बलिको रूपमा चढ़ाइएका चीजहरू हुन्। अन्यजातिका विश्वासीहरूले कुनै किसिमको प्रसाद खान्छन् भने यहूदीका विश्वासी दाजुभाइहरूले यसमा ठेस खानेछन्, र तिनीहरूले मूर्तिलाई मान्न अझै पनि छोड़ेका छैनन् भन्ने अड़कल काट्नेछन्। अन्यजातिका ख्रीष्ट-विश्वासीहरूलाई प्रसाद खानुमा रोकटोक नहोला, तर यो कुरा यहूदीका विश्वासी दाजुभाइहरूका निम्ति अवश्य ठक्करको कारण बन्न जान्छ। यसकारण यसो गर्नु गलत हो।

**ख)** *व्यभिचार:* अन्यजातिहरूको बीचमा व्यभिचार प्रमुख पाप थियो। यसकारण अरू विषयहरूसित यो कुरा पनि हाल्न याकूबका निम्ति महत्त्वपूर्ण थियो। व्यभिचारजस्तै अन्य अनैतिक यौनका सम्बन्धहरू पापहरू गनिन्छन्। व्यभिचार गर्ने अनुमति पवित्र धर्मशास्त्र बाइबलमा कसैलाई दिइएको छैन, तर सारा संसारमा सबै युगहरूका सबै मानिसहरूका निम्ति व्यभिचारचाहिँ पाप ठहरिएको छ र पाप ठहरिन्छ।

**ग)** *घाँटी निमोठेर मारेका वस्तुहरू:* यो प्रतिबन्ध जलप्रलयदेखि चालू छ, जुन समयमा परमेश्वरले नूहसित एउटा वाचा बाँध्नुभयो (उत्पत्ति ९:४)। त्यस समयदेखि यता आजको दिनसम्म इस्राएली जातिका निम्ति मात्र होइन, तर सारा मानव जातिका निम्ति घाँटी निमोठेर मारेका वस्तुहरू खानु मनाही गरिएको छ।

**घ)** *रगत:* यो प्रतिबन्ध पनि उत्पत्ति ९:४ पदमा छ। मोशाको व्यवस्था धेरै समयपछि मात्र दिइयो। नूहसित बाँधिएको यो वाचा कहिल्यै खारिज गरिएन। यसर्थ यी कुराहरू आजपर्यन्त लागू हुन्छन्।

**प्रेरित १५:२१:** बीस पदमा दिइएको यो सल्लाह किन दिइयो, यसको कारण अब स्पष्ट हुन्छ: हरेक शहरमा यहूदीहरू हुन्छन्, जसले यी कुराहरूको विषयमा सधैं शिक्षा पाएका छन् र जसको दृष्टिमा यी कुराहरू बिलकुल गलत हुन्छन्। यसकारण याकूबले यी बुँदाहरू उठाए। व्यभिचार त पाप भइगयो, तर मूतिहरूलाई चढ़ाइएका चीजहरू खानु, घाँटी निमोठेर मारेका पशुहरूको मासु खानु र रगत खानु पनि बेठीक हो।

अन्यजातिका विश्वासीहरूले व्यभिचार गरेर परमेश्वरलाई किन क्रोधित तुल्याउने ? अनि तिनीहरूले यी निषेध गरिएका कुराहरू खाएर यहूदी मानिसहरूलाई किन ठक्कर खुवाउने ?

**प्रेरित १५ः२२ः** अन्यजातिका विश्वासीहरूको विषयमा अन्तिम फैसला गरियोः तिनीहरूका निम्ति खतना गरिनु आवश्यक थिएन; किनकि खतनाचाहिँ मुक्तिसित सम्बन्धित छैन। अब दोस्रो कदम चाल्नु थियोः उनीहरूले एन्टिओकको मण्डलीलाई एउटा अधिसूचना लेख्नु-पर्छ। यरूशलेमको सम्पूर्ण मण्डली लगायत प्रेरितहरू र एल्डरहरूले बर्साबास उपनाम भएका यहूदा र सिलासलाई पावल र बर्नबासको साथमा एन्टिओकमा जान नियुक्त गरे। यहूदा र सिलासचाहिँ भाइहरूको बीचमा मुख्य मानिसहरू थिए। अनि तिनै सिलास पछि पावलको सङ्गी-यात्री भए। नयाँ नियमका पत्रीहरूमा तिनको नाम प्रायः 'सिलवानस' राखिएको छ।

**प्रेरित १५ः२३-२९ः** अधिसूचनारूपी पत्रको सारांश यहाँ यी पदहरूमा दिइएको छ। यसमा याद गर्नुहोस्ः यरूशलेमबाट एन्टिओकमा आएका भाइहरूले यो झूटो शिक्षा फैलाउन कहिल्यै यरूशलेमको मण्डलीबाट कुनै अनुमति वा कुनै अनुमोदन पाएका थिएनन् (प्रेरित १५ः२४)। *'किनकि यी आवश्यक कुराहरूबाहेक अरू कुनै थप भारी तपाईंहरूमाथि नलाद्नु नै पवित्र आत्मा र हामीलाई असल लाग्यो'* भन्ने वाक्यबाट के बुझिन्छ भने, यी चेलाहरू क्षण-क्षणै पवित्र आत्माको भरमा चल्थे। कसैले आफ्नो टिप्पणीमा यस प्रकारको नजिकको सम्बन्ध 'अनुज चेलाहरूसित प्रवर पवित्र आत्माको सहभागिता' भनेका छन्।

**प्रेरित १५ः३०-३१ः** यरूशलेमबाट पठाइएको यो पत्र एन्टिओकको मण्डलीमा पढ़ियो। पढ़ेपछि उनीहरूले ठूलो सान्त्वना पाए। यरूशलेमका चेलाहरूले अब बुझिहाले, कि परमेश्वरले उनीहरूलाई अन्यजातिका मानिसहरू भएर बचाउनुभयो, मुक्ति पाउनलाई उनीहरू यहूदी हुनुपरेन।

**प्रेरित १५ः३२-३३ः** यहूदा र सिलास एन्टिओकमा वचनका केही सेवकाइहरूका निम्ति बसे। यी मण्डली-सभाहरूमा यिनीहरूले उनीहरूलाई अतीउत्साह दिए, र भाइहरूको उन्नति गराउँदै उनीहरूलाई

विश्वासमा बलियो पारे, अँ, स्थिर पारे। सेवकाइ र सङ्गतिको खुशीका यी मीठा क्षणहरूपछि यी दुईजना यरूशलेममा फर्के।

**प्रेरित १५ः३४ः** यो पद पाण्डुलिपिहरूको बीचको मामिला हो। यो पद टेक्सटस रेसेप्टसमा, साथै त्यसको ग्रीक पाण्डुलिपिअनुसार अनुवाद गरिएका बाइबलहरूमा पाइन्छ, जस्तै के.जे.वी., लुथर-बाइबल आदि। तर नेष्टले-आलण्ड/संयुक्ति बाइबल सोसाइटीले चलाएको ग्रीक नयाँ नियममा यो पद छैन; यसकारण यो पद एक विवादास्पदको विषय बनेको छ। के सिलास यरूशलेममा फर्के ? के यिनी एन्टिओकमा रहिरहे ? प्रेरित १४ः३३ र ४० पदको बीचमा कुरा कसरी मिलाइदिऔं ? किनभने चालीस पदअनुसार सिलास पावलको साथमा तिनको दोस्रो सुसमाचार-धावारूपी यात्रामा हिँडे। मेरो विचारमा, नमिल्ने कुराहरूको समाधान यसैमा छः सिलास यरूशलेममा फर्के, तर त्यसपछि यिनले पावलबाट तिनीसँग यात्रा गर्ने निम्तो पाए। *प्रकाशकको टिप्पणीः* कुरा किन यस प्रकारले घुमाएर लाने ? जब प्रेरित १५ः३४ पद रहन दिएमा सबै कुरा स्पष्ट हुन्छ, र नमिल्ने कुरै छैन नै। यस सम्बन्धमा लेखकलाई टेक्सटस रेसेपटसको अलोचना गर्ने रोग लागेको देखिन्छ।

**प्रेरित १५ः३५ः** यस समयमा पावल र बर्नबास एन्टिओकमा रहिरहे। यस अवधिभरि उनीहरूले शिक्षा दिँदैरहे र प्रभुको वचन प्रचार गर्दैथिए। उनीहरू मात्र होइन, तर यस मण्डलीमा वचनको सेवा गर्ने अरू धेरैजना थिए। गलाती २ः११-१४ पदको खण्डमा उल्लेख गरिएका घटनाहरू यस समयभित्र परेका होलान्।

## च) प्रेरित १५ः३६-१८ः२२ः प्रेरित पावलको दोस्रो सुसमाचार-धावारूपी यात्राः एशिया माइनर र ग्रीक देशमा।

**प्रेरित १५ः३६-४१ः** सुसमाचार-धावारूपी दोस्रो यात्रा गर्ने बेला आयो। पावलले यो विषय उठाएर बर्नबाससित कुरा गरे र उनलाई अघि जहाँ-जहाँ उनीहरूले वचन प्रचार गरेका थिए, त्यहाँ-त्यहाँ फेरि जाऔं भन्ने सल्लाह दिए। तर जब बर्नबासले मर्कूस आफ्नो भानिजलाई साथमा

लैजाने निधो गरे, तब पावलले यस योजनाको विरोध गरे; किनभने मर्कूसले उनीहरूलाई उनीहरू पाम्फिलियामा हुँदा छोड़िहालेको कुरा तिनलाई राम्ररी याद थियो। अनि यिनी फेरि यसो गर्ला भन्ने सम्भावना पनि थियो। मर्कूसको विषयमा बर्नबास र पावलको बीचमा ठूलो झगड़ा मच्चियो। बिचरा, प्रभुका यी दुईजना आदरणीय दासहरू मिल्न सकेनन्, र आपसको सम्बन्ध टुट्यो। बर्नबासले मर्कूसलाई साथमा लिएर साइप्रसतिर पानीजहाजको यात्रा गरे। साइप्रस उनको जन्मस्थल थियो, साथै सुसमाचार-धावारूपी पहिलो यात्राको प्रथम अड़ान थियो। अनि पावलले सिलासलाई चुने। अनि सिलाससित तिनी बाटो लागे, अनि मण्डलीहरूलाई बलियो पार्दै सिरिया र सिलिसिया हुँदै अघि बढ़े।

प्रेरित १५:३६ र ४१ पदहरूबाट पावलमा गोठालाको साँचो सद्‌गुण रहेछ भन्ने कुरामा थप जानकारी पाइन्छ। परमेश्‍वरका जनहरूका निम्ति तिनको प्रेम र वास्ता थियो। एकजना प्रतिष्ठित शिक्षकमा पनि उस्तै प्रकारको वास्ता देखिन्थ्यो, जसले भन्नुभयोः सयौं मानिसहरूलाई ख्रीष्टीय जीवनमा प्रवेश गर्ने आह्वान दिनुभन्दा यहाँले एकजना पवित्र जनलाई सेवाको कामका निम्ति परिपक्व तुल्याउन चाहनुहुन्थ्यो।

यस खण्डबाट नभई नहुने एउटा प्रश्‍न उठेको छः को ठीक थिए, पावल कि बर्नबास? मलाई के लाग्छ भने, शायद दुवैजनामा गल्ती थियो। हुन सक्छ, मर्कूसप्रति बर्नबासको स्वाभाविक मायाले गर्दा त्यस कुराले उनलाई सठीक निधो गर्नलाई अन्धो तुल्यायो, कसले जान्दछ? प्रेरित १५:३९ पदअनुसार पावल र बर्नबासको बीचमा ठूलो झगड़ा परेको थियो। *'घमण्डबाट केवल रगड़ा-झगड़ा उत्पन्न हुन्छ'* (हितोपदेश १३:१०)। यसकारण दुईजनाको दोष उनीहरूको अहम थियो। यस सम्बन्धमा पावलको पक्ष लिनेहरूले 'बर्नबासको गल्ती भएको हुनुपर्छ; नत्र अबदेखि उसो यस वृत्तान्तमा बर्नबासको नाम किन हराउँछ' भन्ने कुरामा जोड़ दिन्छन्। अनि भाइहरूले पावल र सिलासलाई परमेश्‍वरको अनुग्रहमा सुम्पेको विषयमा के हो? त्यो पनि एउटा ठोस कुरा हो। बर्नबास र मर्कूस यूहन्नाको विषयमा यसो किन भनिएन त? अन्तमा यो पनि याद गरौं, कि मर्कूसले फेरि आफ्नो मान्यता प्राप्त गरे र पावलको विश्‍वास जित्न सकेर पुनर्स्थापित भए (२ तिमोथी ४:११)।

# स्थानीय मण्डलीको स्वधीनता

पहिलो नजरमा यरूशलेममा सम्पन्न भएको महासभा त साम्प्रदायिक उच्च अदालतजस्तो देखिन्छ। तर वास्तवमा यो त्यस्तो थिएन।

मण्डली-युगको शुरुका दिनहरूमा हरेक स्थानीय मण्डली स्वधीन अर्थात् स्वशासित थियो। मण्डलीहरूको संघ वा तिनीहरूमाथिको कुनै केन्द्रीय प्रशासन थिएन। विभिन्न नामले कहलिएका संयुक्त मण्डलीहरू पनि थिएन, न ता साम्प्रदायिक केन्द्रहरू, न केन्द्र-कार्यालयहरू हुन्थे। एक-एक मण्डलीले सीधा प्रभुलाई आफ्नो लेखा दिन्थ्यो। यसको नक्सा प्रकाश १:१३ पदले कोरिदिएको छ, जहाँ प्रभु येशू सातवटा सुनका सामदानहरूको बीचमा उभिनुभएको दर्शन छ। यी सुनका सामदानहरूले एशियाका सातवटा मण्डलीहरूलाई सङ्केत गर्छन्। भन्नुको तात्पर्य के हो भने, एक-एक मण्डलीमाथि शासन गर्ने अरू कुनै प्रणाली थिएन, तर ख्रीष्ट येशू स्वयम् मण्डलीको शिर हुनुहुन्थ्यो। हरेक स्थानीय मण्डली केवल उहाँद्वारा नै सञ्चालित हुन्थ्यो।

यो कुरा किन यति महत्त्वपूर्ण हो ? प्रथम, यसले मण्डली-मण्डलीको बीचमा भ्रम, त्रुटि र गल्तीहरू फैलन रोकथाम गर्छ। किनभने जब मण्डलीहरू संयुक्त सञ्चालनको नियन्त्रणमा एकसाथ बाँधिएका हुन्छन्, तब उदारवाद, तर्कनावाद, झूटा शिक्षा र नैतिक पतन आदि दुष्ट तत्त्वहरूले केन्द्रीय कार्यालय वा साम्प्रदायिक बाइबल-स्कूलहरू आफ्नो मुट्ठीमा पारेर त्यस संघका सबै मण्डलीहरूलाई एकैचोटिमा सजिलोसँग कब्जा गर्न सक्छन्। तर जब मण्डलीहरू स्वतन्त्र हुन्छन्, तब शत्रुले थुप्रै ससाना अंशहरूलाई एक-एक गरी जित्नुपर्छ।

दोस्रो कुरा, स्थानीय मण्डलीको स्वधीनताले त्यस बेलामा सुरक्षा दिन्छ, जुन बेलामा ख्रीष्टको मण्डलीको विरोधमा कुनै देशमा प्रतिकूल सरकारको सत्ता चल्छ। किनकि जब मण्डलीहरू सामूहिक संघमा सङ्गठित हुन्छन्, तब सर्वसत्तात्मक शासनले मण्डलीहरूको मूलकेन्द्रका केही अगुवाजनहरूलाई आफ्नो मुट्ठीमा ल्याएर सबै मण्डलीहरूमाथि

आफ्नो नियन्त्रण जमाउन सक्छ। तर जब मण्डलीहरूले आफूमाथि कुनै केन्द्रीय अधिकार स्वीकार गर्दैनन्, तब सतावट र खेदो आइपरेका समयहरूमा तिनीहरू सजिलोसँग लुक्न सक्छन्।

आजभोलि चाहे प्रजातान्त्रिक चाहे राजतान्त्रिक शासनहरूको प्रणालीहरू किन नहोऊन्, तिनीहरूमध्ये धेरैले ससाना स्वतन्त्र मण्डली-हरूलाई कुनै न कुनै संघमा ल्याएर बाँध्न चाहन्छन्। तिनीहरूले एक-एक स्थानीय अंशसित नभएर तिनीहरूको प्रतिनिधि गर्ने केन्द्रीय समितिसित वार्तालाप गर्न खोज्छन्। प्रतिबन्ध नलगाउने 'स्वतन्त्र' सरकारहरूले यस प्रकारको माण्डलिक संघलाई कति सुविधाहरू वा छुट दिने गर्छन् भने, अरूले सीधै मण्डलीहरूलाई करमा पारेर संघ स्थापित गर्ने ऐनकानुन निकालिदिन्छन्, जस्तै तानाशाही हिट्लरले 'तेस्रो राज्य' हुने बेलामा गरे। तिनीहरूलाई सुविधा दिएको वा तिनीहरूसित कड़ाकड़ी गरेको हुनाले जब तनाउमा परेका मण्डलीहरूले आत्मसमर्पण गर्छन्, तब तिनीहरूको हानि दुई प्रकारको हुन्छः तिनीहरूले पवित्र धर्मशास्त्रअनुसारको रूप गुमाउँछन्, साथै आधुनिकतावादको सामना गर्ने र सतावटमा परेको बेलामा लुकेर सेवा गर्ने तिनीहरूको क्षमता हराउँछ।

कतिले हाम्रो कुरा खाँदैनन्, तर यसको खण्डन गरेर के भन्छन् भने, 'प्रेरितहरूको पुस्तकमा पनि मण्डलीहरूको केन्द्र थियो नि, यरूशलेमको महासभा तिनीहरूको अन्तिम अधिकार थियो नि!' यो कुरा हामीले भर्खरै पन्ध्र अध्यायमा हेर्दै आयौं। तर यो खण्ड हामीले होशियार र ध्यानपूर्वक अध्ययन गर्नुपर्छ, तब हामीले के बुझ्छौं भने, यो महासभाचाहिँ कुनै अधिकारिक समिति थिएन, जसको नियन्त्रणमा सबै मण्डलीहरू बसेका थिए। यो सभा त प्रेरितहरू र एल्डरहरूको साधारण जमघट थियो, जसको काम सरसल्लाह दिनु थियो।

यस महासभाले एन्टिओकका मण्डलीका मानिसहरूलाई बोलाएन; एन्टिओकका विश्वासीहरूले पो यरूशलेमको मण्डलीबाट सरसल्लाह पाउन चाहेका थिए। अनि यस सभाले पारित गरेको फैसलाले कुनै मण्डलीलाई कुनै प्रकारको प्रतिबन्धमा राखेन। उनीहरूले एउटा गुटको रूपमा केवल आफ्नो संयुक्त निधो दिए।

मण्डली-इतिहास आफ्नो निम्ति साक्षी छ। जुन समयमा मण्डलीहरूले आफूलाई कुनै केन्द्रीय प्रशासनको अधीनतामा बाँधे, त्यस समयमा तिनीहरूको अवनति छिटो र तिनीहरूको पतन निश्चित भयो। अनि जुन मण्डलीहरू बाहिरबाट आउने जुनसुकै मानवीय प्रभुत्वबाट स्वतन्त्र रहन्थे, यी मण्डलीहरूले परमेश्वरका निम्ति विशुद्ध गवाही कायम राख्न सक्थे।

**प्रेरित १६ः१-२ः** डेर्बे र लुस्त्रामा फर्किरहेका प्रेरित पावलको मनमा गौंथलीहरू आफ्नो गुँड़मा फर्केझैं आलो सम्झनाहरू ओरन्थे होलान्। लुस्त्रामा ढुङ्गाले हानिएको सम्झनाले कतै त्यहाँ नजाऔं भन्ने धुकचुकहरू पैदा गरेको थियो होला। तर पावललाई थाहा थियोः लुस्त्राको इलाकामा परमेश्वरका जनहरू रहेछन्। यसकारण आफ्नो व्यक्तिगत सुरक्षा खोज्ने कुनै विचारले तिनलाई त्यहाँ जानदेखि रोक्न सक्दैनथियो।

पहिले प्रस्तुत गरेको हाम्रो सुझाउअनुसार तिमोथीचाहिँ प्रेरित पावलको सेवकाइको फल थिए, जब तिनले सुसमाचारको पहिलो धावामा लुस्त्रामा आएका थिए। लुस्त्रा तिमोथी बसेको-हुर्केको शहर, यिनको घर थियो। अनि तिमोथीकी आमा यूनिस र यिनकी बज्यै लोइसचाहिँ यहूदी विश्वासी थिए (२ तिमोथी १ः५)। तर यिनको बुबाचाहिँ ग्रीक थिए, जसको मृत्यु त्यस बेलामा भइसकेको अनुमान गरिन्छ।

जब लुस्त्रा र इकोनियमका भाइहरूले तिमोथीको विश्वासको प्रगतिको विषयमा गवाही दिए, तब यस कुराले पावलको हृदयलाई हर्षित तुल्यायो। अनि पावलले यिनलाई सुसमाचार-धावामा आफ्नो साथमा जाने निम्तो दिए। प्रेरितहरूले दुई-दुईजना मिलेर काम गर्थे, साथै मर्कूस र तिमोथीजस्तै जवान भाइहरूलाई साथमा लैजाने गर्थे भन्ने कुरामा हामीलाई ख्याल राख्नु उचित छ। यसरी नै उनीहरूले तिनीहरूलाई ख्रीष्टीय सेवकाइको सम्बन्धमा व्यवहारिक तालिम दिन्थे। अनि सुसमाचार-धावाजस्तै ख्रीष्टीय महान् कार्यमा यस्ता परिपक्व अनुभवी प्रभुका दासहरूसित काँधमा काँध मिलाउनु यी जवान भाइहरूलाई कत्रो सौभाग्य मिल्यो!!

**प्रेरित १६ः३ः** त्यहाँबाट हिँड्नुभन्दा अघि पावलले तिमोथीको खतना गरे। केही समयअघि तिनले तीतसको खतना हुन दिँदैनथिए, तर त्यसको

घोर विरोध गरेका थिए (गलाती २ः१-५)। तब यहाँ तिनले किन यसो गरे ? यसको सजिलो उत्तर यस प्रकारको छः तीतसको पालोमा यो कुरा इसाई आधारभूत शिक्षाको सवालको विषय थियो भने यसपालि कुरा यस्तो थिएन। उता, कति भ्रूटा शिक्षकहरूले तीतसजस्तो जन्मजात अन्यजातिको मानिसको खतना भएदेखि मात्र उनको मुक्ति हुने कुरामा जोड़ दिए। यस कुरामा पावलले ख्रीष्ट येशूको त्राणको कामको पर्याप्ति अस्वीकार गरेर त्यसलाई अधूरो वा अपूरा तुल्याउने दुष्ट कोशिश देखेर यसो गर्न दिँदैनथिए। यता, तिमोथीको कुरा बिलकुलै अर्को थियो। तिमोथी आमापट्टिबाट यहूदी थिए, अनि यो कुरा यस इलाकाका मानिसहरूलाई थाहै थियो। पावल, सिलास र तिमोथी सुसमाचार-प्रचारको काममा निस्कन लागेका थिए। अनि उनीहरूको पहिलो भेट प्रायः यहूदीहरूसित हुन्थ्यो। अनि जब यी यहूदीहरूले तिमोथीको खतना नभएको कुरा थाह पाउनेथिए, तब तिनीहरूले शायद सुसमाचार सुन्न मान्नेथिएनन्। तर तिमोथीको खतना भएदेखि तिनीहरूलाई ठेस लाग्ने कुनै ठक्कर हुनेथिएन। यस नैतिक हिसाबले नगण्य विषयमा कुनै शिक्षाको महत्त्व थिएन। यसकारण पावलले तिमोथीलाई यहूदीहरूको खतनाको विधिको वशमा सुम्पे। तिनले कुनै न कुनै प्रकारले कति मानिसहरूलाई ख्रीष्ट येशूका निम्ति जित्न सकूँ भन्ने हेतुले तिनी सबै मानिसहरूका निम्ति सबै थोक भइदिए (१ कोरिन्थी ९ः१९-२३)।

*'अनि ती ठाउँहरूमा भएका यहूदीहरूले गर्दा उनले तिनलाई लगेर तिनको खतना गरिदिए; किनकि तिनको बुबा ग्रीक हुन् भन्ने कुरा सबैलाई थाहै थियो'* भन्ने वाक्यले हाम्रो यस प्रकारको अर्थलगाइको पुष्टि गर्छ; किनकि यहूदीहरूको बीचमा सुसमाचार सुन्ने श्रोताहरू पाऊन् भन्ने हेतुले पावलले तिमोथीको खतना गरेको बलियो तर्क यी शब्दहरूमा पाइन्छ।

**प्रेरित १६ः४-५ः** लुकाओनिया जिल्लाका शहरहरू हुँदा यात्रा गरेको बेलामा यी तीनजना मिशनरी-प्रकारकहरूले मण्डलीहरूलाई पालन गर्नका निम्ति ती आज्ञाहरू सुम्पे, जुन आज्ञाहरू यरूशलेमका प्रेरितहरू र एल्डरहरूले ठहराएका थिए। यी आज्ञाहरू यस प्रकारका थिएः

**क)** मुक्ति पाउने सम्बन्धमा नभई नहुने एकमात्र सर्त विश्वास हो । न खतनाको विधि, न व्यवस्थाका कामहरू पालन गरेर ख्रीष्ट येशूमाथि राखिएको विश्वासमा केही सर्त थप्न मिल्छ ।

**ख)** व्यभिचार आदिजस्तै अशुद्ध यौनसम्बन्धहरू सबै युगहरूमा सबै विश्वासीहरूका निम्ति मनाही गरिएको छ । तर हुन सक्छ, यस आदेशले सर्वप्रथम अन्यजातिहरूबाट प्रभुकहाँ फर्केका विश्वासीहरूलाई सम्झना दिलाउँछ; किनभने अन्यजातिहरूको बीचमा यस प्रकारका पापहरू चिरकालदेखि व्यापक थिए, जुन फोहोर पापहरूले आजको दिनसम्म तिनीहरूलाई बन्धनमा राखिदिएका छन् ।

**ग)** मूर्तिहरूलाई चढ़ाइएका प्रसादहरू, घाँटी निमोठेर मारेका पशुको मासु, र रगत खानुहुँदैन । यी कुराहरूबाट मुक्तिको सवाल उठ्दैन, तर यी कुराहरूमा यहूदी विश्वासीहरू र अन्यजातिका विश्वासीहरूको बीचमा सङ्गतिको मामिला थियो । पछि यी आदेशहरूमध्ये कतिमा सुधार आयो (१ कोरिन्थी ८-१० अध्याय, १ तिमोथी ४:४-५) ।

यी तीनजनाको सेवकाइद्वारा मण्डलीहरू विश्वासमा बलिया भए र दिनहुँ सङ्ख्यामा पनि बढ्दै गए ।

**प्रेरित १६:६-८:** यी पदहरू अति महत्त्वपूर्ण छन्; किनभने यिनमा प्ररितहरूको मिशन-कार्यको रणनीतिमा उनीहरूको निरीक्षण गर्नुहुने पवित्र आत्माको अगुवाइ केकस्तो थियो, सो स्पष्ट रूपले देखिन्छ । फ्रिगिया र गलातियाका मण्डलीहरूको दोस्रो परिभ्रमण गरिसिद्ध्याएपछि एशिया माइनरको पश्चिमी प्रान्तमा उनीहरूले सुसमाचारको प्रचार गर्न अगाड़ि बढ्न खोज्दा पवित्र आत्माले उनीहरूलाई मनाही गर्नुभयो । पवित्र आत्माद्वारा उनीहरूलाई किन मनाही गरियो, सो हामीलाई थाहा छैन । कतिजनाको सुझाउअनुसार यो क्षेत्र परमेश्वरको सल्लाहमुताबिक पत्रुसलाई दिइएको थियो अरे (१ पत्रुस १:१) । जे भए पनि, पावलको टोली मुसिया नामक जिल्लामा आयो, र उत्तर-पश्चिमतिर अघि बढ्दैथियो । मुसिया पनि एशिया प्रान्तको भाग थियो । उनीहरूले त्यहाँ प्रचार नगरे जस्तै देखिन्छ । त्यसपछि उनीहरूले उत्तरपूर्व बिथिनियाभित्र प्रवेश गर्न आँटे, जुन एशियाको अर्को प्रान्त काला सागरमा अवस्थित

थियो। तर परमेश्वरको आत्माले उनीहरूलाई अनुमति दिनुभएन। यसकारण उनीहरूले पश्चिम स्थित भएको त्रोआस शहरलाई ताके, जुन शहर एगेयी समुद्रको तटको छेउमा बसालिएको थियो। त्यहाँबाट यी मिशनरी-प्रचारकहरूले पारिपट्टि ग्रीस देशलाई देख्न सके, जसलाई यूरोपको प्रवेशद्वारको रूपमा मानिन्छ। श्री चार्लस सी. रायरीले यसो भनेका छन्ः

> 'एशिया महादेशका मानिसहरूलाई सुसमाचारको खाँचो थियो, तर हालैमा यसो गर्नका निम्ति परमेश्वरको समुचित समय आएको थिएन। मानिसहरूको यस खाँचोले पावलको टोलीका निम्ति बोलावटको रूपले काम गरेन। भर्खर उनीहरू पूर्वबाट आइरहेका थिए। अनि परमेश्वरको आत्माले उनीहरूलाई न दक्षिणतिर, न उत्तरतिर जान दिनुभयो। यसर्थ केवल पश्चिमपट्टि जानुचाहिँ बाँकी रह्यो; तर उनीहरूले पश्चिमचाहिँ प्रभुको अगुवाइ सम्झेनन्। उनीहरूले उहाँको विशेष निर्देशनका निम्ति पर्खे। किनभने अनुमान वा अड़कल कुनै हालतमा पनि बोलावटको आधारको रूपमा मान्न सकिँदैन।' [63)]

**प्रेरित १६ः९ः** राति पावलले एउटा दर्शन देखेछन्। म्यासिडोनियाको एकजना मानिसले तिनको गोहार मागेर तिनलाई पारिपट्टि आउने आह्वान गर्‍यो। म्यासिडोनियाचाहिँ ग्रीस देशको उत्तर भागमा पर्थ्यो, समुद्रपारि त्रोआसको ठीक पश्चिम-उत्तरपश्चिम पर्थ्यो। म्यासिडोनिया र सारा यूरोपलाई मुक्ति ल्याउने अनुग्रहको सुसमाचार सुन्नु आवश्यकता थियो। प्रभु येशूले एशिया महादेशतिर जाने सबै ढोकाहरू बन्द गर्नुभयो, यस हेतुले कि उहाँका दासहरू सुसमाचार यूरोपमा लगिदिऊन्। श्री जेम्स स्टल्करले निम्न चित्रणमा आफ्नो रङ्ग भरेका छन्ः

> 'म्यासिडोनियाको त्यस मानिसले यूरोपलाई सङ्केत गर्छ, अनि त्यसले गोहार मागेको कुराले यूरोपलाई ख्रीष्ट येशूको खाँचो देखाउँछ। यस दर्शनबाट पावलले आफ्ना निम्ति परमेश्वरको बोलावट के हो, सो स्पष्टसित बुझे। त्यस दिनको बेलुकीपखमा, जब अस्ताइरहेको घामले आफ्ना सुनौला किरणहरूसित डार्डनेल्लसको पानी पोत्दैथियो, तब

घामका ती किरणहरूले एउटा पानीजहाजमा यात्रा गरिरहेका पावलमाथि चम्के, जुन जहाजले आफ्नो मुख म्यासिडोनियाको किनारतिर लगाएको थियो।’ 64)

**प्रेरित १६ः१०ः** यस ठाउँमा विवरण गर्ने तरिकामा ठूलो परिवर्तन आएको छ; किनभने यहाँ यस पदमा ‘हामी’ भन्ने सर्वनामको शब्द पहिलो पल्ट प्रयोग गरिएको छ। सर्वमान्य विश्वासअनुसार यस समयमा प्रेरितहरूको पुस्तक लेख्ने लूकाचाहिँ पावल, सिलास र तिमोथीसित मिलेका छन्; यहाँदेखि उसो लूकाले प्रत्यक्ष साक्षीको रूपमा पछि हुन आउने घटनाहरूको वर्णन दिन्छन्।

# ईश्वरीय अगुवाइ वा निर्देशन

शुरुको मण्डली यस संसारमा प्रभावकारी रूपले काम गर्नलाई स्वर्गमा विराजमान हुनुहुने आफ्नो शिरको अगुवाइमा भर पर्दथियो। तर प्रभु येशूले आफ्ना दासदासीहरूलाई कसरी आफ्नो इच्छा प्रकट गर्नुभयो ?

स्वर्गारोहण हुनुभन्दा अघि उहाँले उनीहरूको हातमा आफ्नो रणनीति छोड्नुभयो, जब उहाँले उनीहरूलाई यसो भन्नुभयोः *‘यरूशलेममा, सारा यहूदिया र समारियामा अनि पृथ्वीको छेउसम्म तिमीहरू मेरा निम्ति साक्षी हुनेछौ’* (प्रेरित १ः८)।

अनि उहाँको स्वर्गारोहण भएपछि उहाँले उनीहरूलाई आफ्नो इच्छा विभिन्न तरिकाले जनाउनुभयो।

पत्रुस र अरू प्रेरितहरूले पुरानो नियमको धर्मशास्त्रबाट अगुवाइ पाएर यहूदा इस्करयोतीको बदलीमा अर्को प्रेरित छाने (भजन ६९ः२५; प्रेरित १ः१५-२६)।

प्रेरितहरूको पुस्तकमा कम्तीमा पाँचपल्ट प्रभु येशूले दर्शन दिएर मानिसहरूलाई अगुवाइ गर्नुभयो, जस्तै हननियालाई (प्रेरित ९ः१०-१६), कर्नेलियसलाई (प्रेरित १०ः३), पत्रुसलाई (प्रेरित १०ः१०-१७) र दुई पल्ट पावललाई (प्रेरित १६ः९-१०; प्रेरित १८ः९)।

प्रभु येशूले दुई पल्ट भविष्यवक्ताहरूद्वारा अगुवाइ गर्नुभयो (प्रेरित ११ः२७-३०; प्रेरित २१ः१०-१२)।

कतिपल्ट विश्वासीहरूले परिस्थितिहरूबाट अगुवाइ पाए। उदाहरणका निम्ति, उनीहरू सतावटमा परेर तितरबितर भए (प्रेरित ८:१-४; प्रेरित ११:१९; प्रेरित १३:५०-५१; प्रेरित १४:५-६)। फिलिप्पीका अधिकारीवर्गले पावल र सिलासलाई आफ्नो शहर छोड्ने आग्रह गरे (प्रेरित १६:३९-४०)। पछिको समयमा प्रेरित पावल उच्च अधिकारीहरूद्वारा यरूशलेमबाट सिजरियामा पठाइए (प्रेरित २३:३३)। अनि पावलले सम्राटको नाममा उजुर चढ़ाएको कारणले तिनी रोममा पुगे (प्रेरित २५:११), अनि तिनी चढ़ेको पानीजहाज पोतभङ्ग भएको कारणले रोम-यात्रा ढिलो हुन गयो, र यस दूर्घटनाले तिनको कदम चाल्ने क्रम भङ्ग गर्‍यो (प्रेरित २७:४१; २८:१ र ११)।

कुनै समयमा अरू ख्रीष्ट-विश्वासीहरूको सल्लाह र प्रेरणाबाट अगुवाइ मिल्थ्यो। यरूशलेमको मण्डलीले बर्नबासलाई एन्टिओकमा पठाएको थियो (प्रेरित ११:२२)। अगाबसले अनिकालको कुरा भविष्यवाणी गरेको हुनाले एन्टिओकको मण्डलीले यहूदियामा बस्ने पवित्र जनहरूलाई अनुदान पठाउने निर्णय गर्‍यो (प्रेरित ११:२७-३०)। त्यसपछि एन्टिओकका भाइहरूले बर्नबास र शाउललाई यरूशलेमको महासभामा पठाए ( प्रेरित १५:२)। त्यस्तै गरी यरूशलेमको मण्डलीले यहूदा र सिलासलाई पावल र बर्नबाससित पठाए (प्रेरित १५:२२, र १५:२५-२७)। दोस्रो सुसमाचार-धावामा निस्कँदाखेरि भाइहरूले पावल र सिलासलाई परमेश्वरको अनुग्रहमा सुम्पे (प्रेरित १५:४०)। अनि पावल तिमोथीलाई साथमा लिएर लुस्त्राबाट हिँड़े (प्रेरित १६:३)। थेस्सलोनिकामा उत्पात मच्चिरहेको बेलामा त्यहाँका भाइहरूले पावल र सिलासलाई बेरियामा पठाइहाले (प्रेरित १७:१०)। अनि यही कारणले बेरियाका भाइहरूले तुरुन्तै पावललाई समुद्रतिर पठाए (प्रेरित १७:१४-१५)। अन्तमा, पावलले तिमोथी र एरास्टसलाई म्यासिडोनियामा पठाए (प्रेरित १९:२२)।

अगुवाइका उपर्युक्त तरिकाहरूबाहेक कुनै बेलामा मानिसहरूले सीधै परमेश्वरको मनसायको विषयमा दिव्य वाणीहरू पाएका थिए। प्रभुका दूतले फिलिपलाई एथियोपियाका नपुंसककहाँ जाने हुकुम गरे (प्रेरित

८:२६), अनि पवित्र आत्माले ठीक समयमा तिनलाई नपुंसकको रथको नजिक जाने आदेश दिनुभयो (प्रेरित ८:२६)। जब एन्टिओकको मण्डलीमा भविष्यवक्ताहरू र शिक्षकहरूले उपवास बसेर प्रार्थना गरिरहेका थिए, तब पवित्र आत्माले उनीहरूसित बोल्नुभयो (प्रेरित १३:१-२)। अनि पवित्र आत्माद्वारा पावल, सिलास र तिमोथीलाई एशियामा वचनको प्रचार गर्न मनाही गरियो (प्रेरित १६:६)। पछि उनीहरूले बिथिनियामा जाने चेष्टा गरेको बेलामा परमेश्वरको आत्माले उनीहरूलाई त्यहाँ जाने अनुमति दिनुभएन (प्रेरित १६:७)।

परमेश्वरको इच्छा जान्ने सारको रूपमा शुरुका ख्रीष्ट-विश्वासीहरूले निम्न प्रकारले अगुवाइ पाए:

**क)** पवित्र धर्मशास्त्र बाइबलद्वारा

**ख)** दर्शन र भविष्यवाणीहरूद्वारा

**ग)** परिस्थितिहरूद्वारा

**घ)** अरू ख्रीष्ट-विश्वासीहरूको सल्लाह र प्रेरणाद्वारा

**ङ)** सीधा परमेश्वरद्वारा, अन्तरात्मामा भावपरक रीतिद्वारा

**प्रेरित १६:११-१२:** त्रोआसबाट उत्तर-पश्चिमतर्फ समुद्र-यात्रा गरेर ख्रीष्टका यी परिश्रमी राजदूतहरूले आधा बाटोमा सामोथ्रासिया नामक टापुमा रात बिताए। भोलिपल्ट मात्र उनीहरू ग्रीस देशको नेयापोलिस भन्ने बन्दरगाह शहरमा आइपुगे, जुन बन्दरगाह त्रोआसदेखि एक सय बीस माइल टाढ़ो छ। त्यसपछि उनीहरू त्यहाँबाट केही कोश देशभित्र पैदल-यात्रा गरेर फिलिप्पीमा आइपुगे, जुन शहर म्यासिडोनियाको त्यस भूभागको प्रमुख शहर थियो र रोमीहरूको एक उपनिवेश थियो।

**प्रेरित १६:१३-१५:** फिलिप्पीमा कुनै सभाघर थिएन रहेछ। तर पावल र तिनका साथीहरूले के सुने भने, विश्रामदिनहरूमा केही यहूदी मानिसहरू शहरबाहिर नदीको छेउमा भेला हुनेछन् रे। त्यस ठाउँमा आइपुग्दा उनीहरूले प्रार्थना गरिरहेका केही स्त्रीहरूलाई भेट्टाए, जसमध्ये लिडिया पनि थिइन्। हुन सक्छ, तिनी यहूदीधर्म अपनाएकी थिइन्।

तिनको खास घर थिआटिरा थियो, जुन थिआटिराचाहिँ एशिया माइनरको पश्चिमी भूभागमा पर्ने लिडिया जिल्लाको शहर थियो। केही समयअघि तिनी फिलिप्पीमा आएकी थिइन्, जहाँ तिनले बैजनी रङ्‌को कपड़ा बेचेर आफ्नो जीविका चलाएकी थिइन्। थिआटिरा शहरचाहिँ कपड़ा रँगाउनुमा प्रख्यात थियो।

लिडियाका कानहरू सुसमाचार सुन्न खुला थिए; त्यत्ति मात्र होइन, तर तिनको हृदय पनि खुला भएको रहेछ। तत्कालै तिनले प्रभु येशूलाई ग्रहण गरिन्, र पानीको बप्तिस्मा पनि लिइहालिन् – तिनले र तिनको घरानाले। बप्तिस्मा लिनुभन्दा अघि तिनका घरानाकाहरू प्रभुकहाँ फर्केका हुनुपर्छ। लिडियाको विवाह भएको थियो-थिएन, यसको कुरा यहाँ उल्लेख गरिएको छैन। यसकारण तिनको घराना भन्नाले तिनका नोकरचाकरहरू बुझ्न सकिन्छ।

लिडियाले सुकर्महरू गरेर मुक्ति पाइनन्। तर सुकर्महरू गर्नलाई तिनले मुक्ति पाइन्। तिनले पावल, सिलास, लूका र तिमोथीलाई आफ्नो घरमा स्वागत गरेर आफ्नो विश्वासको साँचोपनाको पक्का प्रमाण दिइन्।

**प्रेरित १६ः१६-१८ः** अर्को दिनको कुरा होः पावल र तिनका साथीहरू प्रार्थना गर्ने ठाउँमा जाँदैथिए; तब जोखना हेर्ने आत्मा भएकी केटीले उनीहरूलाई भेटी। त्यसलाई दुष्ट आत्मा लागेको हुनाले त्यसले मानिसहरूको शुभ-अशुभको भविष्य बताउन सक्थी र अन्य अद्‌भुत वाणीहरू गर्थी। त्यसले जोखनाद्वारा आफ्ना मालिकहरूलाई निक्कै कमाइ ल्याउने गर्थी।

जब त्यसले यी इसाई प्रचारकहरूलाई भेटी, तब त्यो धेरै दिनसम्म उनीहरूको पछि-पछि आउँदै यसो भन्दै चिच्च्याईः 'यी मानिसहरू सर्वोच्च परमेश्वरका सेवकहरू हुन्, जसले हामीलाई मुक्तिको बाटो बताउँछन्।' त्यसले भनेको कुरा ठिक्कै थियो, तर पावललाई दुष्ट आत्माको गवाही किन दरकार थियो र? अनि त्यस केटीको दयनीय अवस्था देखेर तिनलाई दुःख लागेको थियो। यसकारण प्रभु येशू ख्रीष्टको सर्वशक्तिशाली नाममा तिनले दुष्ट आत्मालाई त्यस केटीबाट निस्कने

आज्ञा गरे। अनि तुरुन्तै त्यसले आफ्नो डरलाग्दो बन्धनबाट छुटकारा पाई। त्यो सन्काहा केटी पूरा होशमा आई र विवेकशील स्त्री बनी।

## आश्चर्यकर्महरू

प्रेरितहरूको पुस्तकभरि विवरणको बीच-बीचमा आश्चर्यकर्महरूको विषयमा पढ़िबस्छौं, तीमध्ये निम्न आश्चर्यकर्महरू प्रमुख हुन्ः

**क)** विभिन्न भाषाहरूमा बोल्ने उदेकको वरदान (प्रेरित २ः४; १०ः४६; १९ः६)।

**ख)** मन्दिरको मूलढोकाको छेउमा राखिएको लङ्गड़ा मानिसको चङ्गाइ (प्रेरित ३ः७)।

**ग)** ईश्वरीय सजायस्वरूप हननिया र सफिरामाथि आइपरेको अचानक मृत्यु (प्रेरित ५ः५ र १०)।

**घ)** प्रेरितहरूले झ्यालखानाबाट अचम्म प्रकारले छुटकारा पाए (प्रेरित ५ः१९)।

**ङ)** महिमित ख्रीष्ट येशूसित शाउलको भेट (प्रेरित ९ः३-६)।

**च)** पत्रुसद्वारा ऐनियास निको पारियो (प्रेरित ९ः३४)।

**छ)** डोरकास फेरि जीवित पारिइन् (प्रेरित ९ः४०)।

**ज)** पत्रुसले स्वर्गबाट चद्दर ओर्लिरहेको दर्शन देखे (प्रेरित १०ः११)।

**झ)** प्रभुको दूतद्वारा पत्रुसले झ्यालखानाबाट छुटकारा पाए (प्रेरित १२ः७-१०)।

**ञ)** स्वर्गदूतले राजा हेरोदलाई प्रहार गरे (प्रेरित १२ः२३)।

**ट)** दिव्य सजायको रूपले जादुगर एलिमासको अन्धापना (प्रेरित १३ः११)।

**ठ)** लुस्त्रामा प्रेरित पावलले दुवै खुट्टाहरू नचल्ने मानिसलाई निको पारे (प्रेरित १४ः१०)।

**ड)** लुस्त्रामा ढुङ्गाले हानिएका पावल पुनर्जीवित भए (प्रेरित १४ः१९-२०)।

**ढ)** म्यासिडोनियाको मानिसको विषयमा प्रेरित पावलले देखेको दर्शन (प्रेरित १६:९)।

**ण)** फिलिप्पीमा पावलले जोखना हेर्ने आत्मा भएकी केटीबाट दुष्ट आत्मा निकालिदिए (प्रेरित १६:१८)।

**त)** पावल र सिलासले फिलिप्पीको भ्यालखानाबाट अद्‌भुत रीतिले छुटकारा पाए (प्रेरित १६:२६)।

**थ)** पावलले यूटिखसलाई पुनर्जीवित पारे (प्रेरित २०:१०-११)।

**द)** पावलको कैदको विषयमा अगाबसको भविष्यवाणी (प्रेरित २१:१०-११)।

**ध)** माल्टामा विषालु सर्पको वीष नलागेको पावलको उदेकको चङ्गाइ (प्रेरित २८:३-६)।

**न)** ज्वरोबाट पुब्लियसका बुबाको चङ्गाइ (प्रेरित २८:८)।

**प)** माल्टामा अरू बिरामीहरू निको पारिए (प्रेरित २८:९)।

यी आश्चर्यकर्महरूमा अझ के थप्न सकिन्छ भने, प्रेरितहरूले अचम्मका कामहरू र चिन्हहरू गरे (प्रेरित २:४३)। स्टिफनसले पनि मानिसहरूको बीचमा ठूला-ठूला अचम्मका कामहरू र चिन्हहरू गरे (प्रेरित ६:८)। अनि फिलिपले समारियामा चिन्हहरू र सामर्थ्यका कामहरू देखाए (प्रेरित ८:६ र १३)। अनि बर्नबास र पावलले चिन्हहरू र अचम्मका कामहरू देखाए (प्रेरित १५:१२)। अनि पावलका हातद्वारा परमेश्वरले शक्तिका विशेष कामहरू देखाउनुभयो (प्रेरित १९:११)।

प्रेरितहरूको पुस्तकको अध्ययन गर्दा-गर्दै 'के यस प्रकारका अचम्मका कामहरू आजको दिनमा पनि हुने हो कि' भन्ने प्रश्न सोध्नु स्वाभाविक कुरा हो। यस प्रश्नको सही उत्तर पाउन हामीले दुईवटा कुरा गर्नुहुँदैन; हामीले न यता न उता हददेखि बाहिर जाने जोड़ गर्नु हुन्छ। यता, हददेखि बाहिर गएको पहिलो गल्ती यो होः येशू ख्रीष्ट हिजो, आज, सधैंभरि एकसमान हुनुहुन्छ; यसैले शुरुको मण्डलीमा देखिएका अचम्मका कामहरू हामी आज पनि अवश्य देख्छौं अरे।

उता, हददेखि बाहिर गएको दोस्रो गल्ती यस प्रकारको छः यी अचम्मका कामहरू त मण्डलीको शुरुका दिनहरूका निम्ति मात्र थिए;

यसकारण वर्तमान समयमा यस्ता आश्चर्यकर्महरू खोज्ने हाम्रो अधिकारै होइन अरे।

येशू ख्रीष्ट हिजो, आज, सधैंभरि एकसमान हुनुहुन्छ नै (हिब्रू १३:८)। यो कुरा बिलकुल सत्य हो। तर यस कुरामा ईश्वरीय काम गर्ने प्रणालीहरूमा कुनै हेरफेर हुँदैन भन्ने अर्थ लगाउनुहुँदैन। उदाहरणका निम्ति, मिस्र देशमा जुन विपत्तिहरू परमेश्वरले देखाउनुभयो, ती विपत्तिहरू फेरि कहिल्यै दोहोरिएनन्। परमेश्वरको शक्ति बराबर छ, अलिकति पनि घटेको छैन। उहाँले जुनसुकै प्रकारका आश्चर्यकर्महरू गर्न सक्नुहुन्छ। तर उहाँले हरेक पुस्तामा उस्तै प्रकारका कामहरू गर्नुहुन्न, र गर्नुपर्दैन। उहाँले कुन प्रकारले काम गर्नुपर्छ, के हामीले उहाँलाई आदेश दिऔं? उहाँका काम गर्ने तरिकाहरू अनेक छन्, असङ्ख्य छन्।

अर्को प्रकारले, आश्चर्यकर्महरू मण्डली-युगका निम्ति होइनन् भनेर तिनलाई पूरा रद्द गर्नु पनि हुँदैन। आफूले बुझेको समय-तालिकाअनुसार फलाना युगमा यस्तो, फलाना युगमा उस्तो भन्दै हाम्रो युगचाहिँ आश्चर्यकर्महरूको युग नै होइन भन्नु एउटा अति सजिलो उपाय खोजेको बराबर हो, अनि हाम्रो जीवन आफ्ना स्वाभाविक र प्राकृतिक सीमाहरू-देखि उच्च कहिल्यै नजाने, तर ती सीमाहरूभित्र रहेर पूरा सन्तुष्ट भएको प्रमाण हो।

हाम्रो जीवन अलौकिक शक्तिले पूर्ण हुनुपर्छ। जीवनको हरेक मोड़मा, हरेक परिस्थितिमा सबै कुराहरू हाम्रो भलाइका निम्ति मिलाउने परमेश्वरको अचम्मको हात हामीले देख्न सक्नुपर्छ। हामीले उहाँको अगुवाइ पाउनुपर्छ, जुन ईश्वरीय अगुवाइ अद्भुत र रहस्यमय हुन्छ। हाम्रो जीवन सम्भाव्यताभित्र नरहेर त्यसले असम्भव घटनाहरूको अनुभव गरेको हुनुपर्छ। चाहे हाम्रो सम्पर्कमा आउने मानिसहरूको सम्बन्धमा, चाहे हाम्रो सामु राखिएका खुला ढोकाहरू अथवा हाम्रो विरुद्धमा उठेका विरोधी तत्त्वहरू रद्द गर्ने कामको सम्बन्धमा किन नहोस्, यी सबै कुराहरू परमेश्वरको प्रबन्धअनुसार भएका हामीले महसुस गर्नुपर्छ। परमेश्वरका निम्ति गरिएको सेवकाइ लगातार अलौकिक कार्यहरू आइरहेको अनुक्रम र लहरले युक्त भएको हुनुपर्छ।

हामीले प्रार्थनाका छरलङ्ग उत्तरहरू पाउनुपर्छ। जब अरू मानिसहरू हाम्रो जीवनको प्रभावमा पर्न जान्छन्, तब परमेश्वरको महिमाका निम्ति तिनीहरूको जीवनमा केही न केही काम भएको हुनुपर्छ। गाड़ीभङ्ग, स्वास्थ्यभङ्ग, ढिलाइ, बाधा, दुर्घटना र हानि-नोक्सानीहरूमा, अँ, विच्छेद र दुःखद घटनाहरूमा पनि उहाँको हात भएको देख्नुपर्छ। हामीले अपूर्व छुटकाराहरू पाउनुपर्छ। हामीले आफ्नो क्षमता र खुबीदेखि बाहिरका शक्ति, बल, साहस, ढाढ़स, शान्ति र बुद्धि पाएको अनुभव गर्नुपर्छ।

हाम्रो जीवनको स्तर मामुली जीवनसमान हुन्छ भने अइसाईहरू र हाम्रो बीचमा के फरक छ र? हाम्रो जीवन अलौकिक जीवन भएको होस्! परमेश्वरको इच्छा यही हो। येशू ख्रीष्टको जीवनरूपी धारा हामीबाट भएर अरू मानिसहरूको जीवनकहाँ बगेको होस्! जब हाम्रो अवस्था यस्तो हुन्छ, तब असम्भव कुराहरू सम्भव हुन जानेछन्, बन्द भएका ढोकाहरू खोलिनेछन् र शक्तिको मूल फुट्नेछ। तब हाम्रो 'ब्याटरी' पवित्र आत्माले यति धेरै चार्ज भएको हुन्छ, कि जब मानिसहरू हाम्रो सम्पर्कमा आउँछन्, तब तिनीहरूले आत्माको झिलिक-झिलिक विद्युत् हानिएको अनुभव गर्न सक्छन्।

**प्रेरित १६:१९-२४:** त्यस ठिटीबाट दुष्ट आत्मा निस्केर त्यो जाती भएकोमा त्यसका मालिकहरू खुशी र धन्यवादी हुनु त होइन, तर आफ्नो कमाउने मेला नै हराएकोमा तिनीहरू रिसले चूर भए। यसकारण तिनीहरूले पावल र सिलासलाई पक्रेर शहरका अधिकारीवर्गको सामु ताने, र उनीहरूको विरोधमा भए-नभएका आरोपहरू लगाए। यिनीहरू रोमीहरूको जीवनको चालसँग अलिकति पनि नमिल्ने कुराहरू सिकाएर मानिसहरूको बीचमा उपद्रव मच्चाउने यहूदी मानिसहरू हुन् भन्ने अभियोग पेश गरियो। एकाएक त्यहाँ भेला भएको भीड़ उनीहरूको विरोधमा उठ्यो। तब अदालतका हाकिमहरूले उनीहरूको लुगा च्यातिदिए र उनीहरूलाई लौराले हिर्काउने हुकुम गरे। यी मिशनरी-प्रचारकहरूलाई बेसरी पिटेपछि तिनीहरूले झ्यालखानाको हाकिमलाई 'यिनीहरूलाई सुरक्षित राख्नू' भन्ने आदेश दिएर उनीहरूलाई झ्यालखानामा

पठाए। अनि तिनले उनीहरूलाई लिएर जेलको भित्री कोठामा हाले र उनीहरूका खुट्टाहरू ठिँगुराहरूमा कसिदिए।

यस खण्डमा शैतानले चलाउने दुईवटा मुख्य युक्तिहरू प्रयोगमा ल्याएको देख्छौं। पहिला, शैतानले त्यस दुष्ट आत्मा लागेकी ठिटीको गवाहीद्वारा जाली मित्रता गाँस्ने प्रयास गऱ्यो। जब त्यसको पहिलो प्रयासले फेल खायो, तब शैतानले उनीहरूको विरोधमा खुला सतावटरूपी हतियार चलायो। शैतानका युक्तिहरूको सम्बन्धमा श्री एफ. डब्ल्यू. ग्राण्टले यसो भनेका छन्ः

> 'कि ता मित्रता, कि ता शत्रुता, हामीले यी दुईवटा कुरामध्ये कुनै एक छान्नुपर्छः जाली मित्रता वा खुलस्त लड़ाइँ।'

अनि श्री ए. जे. पोल्लोकले यस प्रकारले आफ्नो टिप्पणी दिएका छन्ः

> 'शैतान कति धेरै रमायो होला, जब ख्रीष्टका यी भक्त दासहरूको कामको प्रगति ठ्याप्प बन्द गर्नुमा त्यो सफल भयो। तर त्यसको हर्ष असामयिक थियो, क्षणिक थियो। कुरा सधैं यस्तै हुन्छ। यस ठाउँमा परिस्थिति बदलियो, र शैतानको पूरा हार भयो, र प्रभुको काममा क्या गजबको वृद्धि आयो ! !' **65)**

**प्रेरित १६ः२५ः** मध्यरातमा के भयो ? पावल र सिलासले प्रार्थना गरिरहेका र भजन गाइरहेका थिए। उनीहरूको आनन्द कुनै हालतमा पनि संसारका परिस्थितिहरूमा निर्भर गर्दैनथियो। यस अवस्थामा उनीहरूले भजन गाउन सक्ने कारण हामीले माथि स्वर्गमा खोज्नुपर्छ। श्री जे. क्याम्पबेल मोर्गनले स्वीकार गरेर यसो भनेका छन्ः

> 'झ्यालखानाका ढोकाहरू खोलिएर कैदबाट मुक्त हुने बेलामा सबैजनाले गीत गाउन सक्छन्। तर यी ख्रीष्ट-विश्वासीहरू झ्यालखानाभित्र थुनिएको अवस्थामा गाउँदा रहेछन्। मलाई के लाग्छ भने, सिलासको ठाउँमा म भएको भए पावलले निश्चय एकल गीत गाउनुपर्नेथियो। तैपनि म यहाँ, यस घटनामा त्यस आत्माको महानता र महिमा देख्न सक्छु, जुन आत्माले कठिनाइ र बन्धनहरू तोड़ेर यी सबै कुराहरूभन्दा माथि उच्च ठाउँमा उड्दछ।' **66)**

**प्रेरित १६ः२६ः** अरू कैदीहरूले पावल र सिलासका प्रार्थनाहरू र परमेश्वरकहाँ उठेका स्तुतिका भजनहरू सुनिरहेका थिए। अचानक एउटा ठूलो भुइँचालो गयो; अनि त्यो झ्यालखाना हल्लियो, र सबै ढोकाहरू खोलिए। अनि सबै साङ्ला र ठिँगुराहरू आफैआफ फुक्ले। तर बन्दीगृहलाई केही पनि भएन।

**प्रेरित १६ः२७-२८ः** तत्कालै झ्यालखानाको हाकिम बिउँझे; अनि झ्यालखानाका कोठाहरूका सबै ढोकाहरू खुला भएका देखेर सबै कैदीहरू भागेको अनुमान गरे। आफ्नो जीवन नियालेर तिनले बुझे, कि तिनी मृत्युदण्डको योग्य हुन्। यसकारण तिनले आत्महत्या गर्न आफ्नो तरवार झिके। तर पावलले तिनलाई रोकेर भनेः *'आफूलाई केही हानि नगर्नुहोस्; किनभने हामी सबै यहाँ छौं।'* तिनका निम्ति आत्महत्या गर्ने कुनै कारण थिएन। सबै कैदीहरू यहाँ छन्; कोही भागेको छैन।

**प्रेरित १६ः२९-३०ः** तब झ्यालखानाको हाकिमको मन बदलियो। आफ्नो जागिर गुमाउनुपर्ने वा आफूले मृत्युदण्ड भोग्नुपर्ने डरहरू हटिगए र आफ्ना पापहरूको कारणले तिनको मन पूरा कायल भयो। तिनलाई आफ्ना पापहरूमा परमेश्वरलाई भेट्नुपर्ने डर भयो। तिनले ठूलो सोरले पावल र सिलासलाई सोधेः *'हजुरहरूहो, मुक्ति पाउनलाई मैले के गर्नुपर्छ?'*

यस प्रकारको प्रश्न हरेक मानिसको मनबाट उठ्नैपर्छ, नत्र ता उसले साँचो तवरले मुक्ति पाउन सक्दैन। 'म आफ्ना पापहरूमा हराएको छु' भन्ने कुरा मुक्ति खोज्ने हरेक मानिसले बुझ्नुपर्छ। 'साँच्चै म नरकको योग्य छु' भन्ने कुरा मानिसले पहिले हृदयदेखि स्वीकार गर्नुपर्छ; त्यसपछि उसलाई मुक्तिको बाटो देखाउन सकिन्छ। कायल भएको अवस्थामा नपुगी मानिसले मुक्ति पाउँदैन।

**प्रेरित १६ः३१ः** नयाँ नियमभरि खोजेर हेर्नुहोस्! तर तपाईंले 'प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्' भन्ने आदेश ती पापी मानिसहरूलाई मात्र दिइएको पाउनुहुन्छ, जुन मानिसहरूले आफूलाई पापी सम्झेका थिए। झ्यालखानाको हाकिमको मन आफ्ना पापहरूको सम्झनामा पश्चात्तापले चूर भएको थियो। यसकारण पावलले तिनलाई भनेः

*'प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ – तपाईंले र तपाईंको परिवारले ।'*

झ्यालखानाको हाकिमको परिवारले त्यसै मुक्ति पाएको अनुमान लगाउन यहाँ, यस खण्डमा कुनै झलक पनि देखिँदैन। तिनले ख्रीष्ट येशूमाथि भरोसा गर्नुपरेको थियो भने, तिनीहरूले किन होइन ? तिनले प्रभु येशूमाथि राखिएको विश्वासद्वारा मुक्ति पाउने भयो भने तिनको परिवारले कुन प्रकारले मुक्ति पाउलान् ? के यही तरिकाले होइन र ? विश्वास गर्नुहोस् र तपाईंले मुक्ति पाउनुहुनेछ र यही प्रकारले तपाईंको परिवारले पनि मुक्ति पाउनेछ। पावलले दिएको आदेशको अर्थ यही हो र यही हुनुपर्छ।

हिजोआजका धेरै मानिसहरूले विश्वास गर्नुको अर्थ के हो, सो बुझ्न सक्दैनन्, यसको मतलब बुझ्न गाह्रो मान्छन् । तर विश्वास गर्ने कुरा त्यस मानिसका निम्ति सरल छः आफू हराएको, आफ्नो आशा नभएको, अभागी, सहाराहीन, नरकको योग्य पापी भएको कुरा जुन मानिसले बुझेको छ, त्यस मानिसलाई 'प्रभु येशूमाथि विश्वास गर्नुहोस्, उहाँलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुहोस्' भनेपछि उसले के गर्नुपर्छ, सो राम्ररी जान्दछ; किनभने अरू सबै उपायहरूले फेल खाए; उसले गर्न सक्ने एकमात्र रहेको कुरा प्रभु येशूमाथि विश्वास गर्नु हो ।

**प्रेरित १६ः३२-३४ः** पावल र सिलासले झ्यालखानाको हाकिमको परिवारलाई प्रभुको वचन सुनाएर मुक्तिको सम्बन्धमा शिक्षा दिए। अनि ती हाकिमले रातको त्यही समयमा उनीहरूका घाउहरू धोएर सफा गरे। यसरी नै तिनले आफू प्रभुकहाँ फर्केको पक्का प्रमाण दिए। दोस्रो प्रमाण तिनको बप्तिस्मा थियो। तिनले ढिलो नगरीकन प्रभु येशूको नाममा बप्तिस्मा लिए। तिनले उनीहरूलाई आफ्नो घरमा ल्याए र उनीहरूलाई भोजन खुवाइदिए। तिनी र तिनको घराना परमेश्वरमा विश्वास गरेको आनन्दले गद्‌गद भए; किनभने तिनीहरू सबैले प्रभु येशूलाई चिन्ने मौका पाए।

फेरि पनि यो कुरा भनिहालौंः झ्यालखानाको हाकिमको परिवारमा दूधेबालक-बालिकाहरू थिए वा मसिना नानीहरू थिए, जसको बप्तिस्मा

भयो भन्ने कुरा विश्वास गर्नलाई कुनै सङ्केत छैन यहाँ। यस प्रकारको आधारहीन विचारका निम्ति कुनै समर्थन पाइँदैन। बप्तिस्मा लिनेहरू सबैजना परमेश्वरमा विश्वास गर्ने उमेरका थिए।

**प्रेरित १६ः३५ः** एकै रातमा शहरका अधिकारीवर्गले आफ्नो मन बदली गरेछन्। किनकि बिहानै तिनीहरूले अफिसरहरू पठाए, जुन अफिसरहरूले झ्यालखानाको हाकिमलाई यी दुईजना कैदीहरूलाई निकाल्ने उर्दी सुनाए।

**प्रेरित १६ः३६-३७ः** तर जब झ्यालखानाको हाकिमले पावललाई यो शुभ खबर सुनाए, तब पावलले यस्तो हालतमा झ्यालखाना छोड्‍न मानेनन्। हुन पनि हो, पावल र सिलास जन्मजात यहूदीहरू भए पनि रोमी नागरिक थिए। अनि उनीहरूको जाँच न्यायसँगत थिएन, न ता उनीहरू पिटाइ खानुको योग्य थिए। अनि के यी अधिकारीवर्गले उनीहरूलाई दोषी अपराधी मानिसहरूलाई जस्तै इज्जतविना सुटुक्क पठाउने इच्छा गरे ? यो हुनुहुँदैन। यी अधिकारीवर्ग आफै आएर उनीहरूलाई झ्यालखानाबाट औपचारिक रूपले रिहाइ दिऊन्।

**प्रेरित १६ः३८-४०ः** यी अधिकारीवर्ग आए; अनि तिनीहरूले माफ मागे। तिनीहरूले पावल र सिलासलाई 'कृपया चुपचापसँग यस शहरदेखि निस्केर पाल्नुहोला' भन्ने अनुरोध गरे। यी प्रभुका दासहरू महान् राजाका राजकुमारहरूको इज्जत पाएर झ्यालखानाबाट निस्के, तर उनीहरूले तुरुन्तै यो शहर छोड़ेनन्। पहिले उनीहरू लिडियाको घरमा गए, उनीहरूले भाइहरूसँग बातचित गरे र तिनीहरूलाई उत्साह दिए। अचम्म, यहाँ सान्त्वना पाउनुपर्ने मानिसहरूले पो अरूलाई उत्साह दिँदा रहेछन् !

फिलिप्पीमा उनीहरूको सेवकाइ सकेपछि उनीहरू ठूलो सफलताले फुर्र भई नयाँ हिम्मत बाँधेर अघि बढ़े।

**प्रेरित १७ः१ः** पावल र सिलास फिलिप्पीदेखि तेत्तीस माइल दक्षिण-पश्चिमपट्टि हिँड़े र अम्फिपोलिसमा आइपुगे। त्यसपछि उनीहरूले त्यही दिशामा अझ तीस माइलको पैदल-यात्रा गरेर अपोल्लोनियामा रोके। अनि त्यहाँबाट पश्चिम लागेर उनीहरूले थेस्सलोनिकामा पुग्न फेरि पनि सैंतीस माइल हिँड़ेर यात्रा गरे। थेस्सलोनिका शहरको अवस्थितिचाहिँ

अति लाभदायक थियो, त्यो त व्यापार-मार्गहरूको चौरस्ता भएको थियो, अँ, किनबेच खूबै राम्रो चल्ने एउटा व्यापार-केन्द्र थियो। यही शहर पवित्र आत्माको रोजाइअनुसार सुसमाचार फैलाउने केन्द्र बनिनेथियो, जहाँबाट चारै दिशामा सुसमाचारको ज्योति चम्कनेथियो। हालैमा यो शहरको नाम 'सालोनिकी' हो।

हुन सक्छ, पावल र सिलास प्रभुका निम्ति नयाँ-नयाँ जग्गाहरू दाबी गर्न निस्केको बेलामा लूका फिलिप्पीमा रहिरहे होलान्। किनभने यहाँको वर्णनमा 'हामी' भन्ने सर्वनाम छोड़ेर लेखकले फेरि 'उनीहरू' भन्ने सर्वनाम प्रयोग गरेका छन्।

**प्रेरित १७ः२-३ः** आफ्नो आदतअनुसार यी मिशनरी-प्रचारकहरूले यहूदीहरूको सभाघर भेट्टाए, र त्यहाँ सुसमाचार प्रचार गरे। तीनवटा विश्रामदिनहरूमा [67)] पावलले पुरानो नियमका कतिपय खण्डहरूको व्याख्या गरेर तिनीहरूसँग तर्कवितर्क गरे। यसरी नै ख्रीष्टले दुःख भोग्नुपर्छ र मरेकाहरूबाट बौरिउठ्नुपर्छ भन्ने भविष्यवाणीहरूबाट तिनले तिनीहरूलाई विश्वास दिलाउन सके। पवित्र धर्मशास्त्रबाट आफ्नो प्रचारका निम्ति एउटा बलियो जग बसालेपछि तिनले अब खुल्लमखुला घोषणा गरे, कि नासरतका येशूचाहिँ तिनीहरूले दीर्घकालदेखि बाटो हेरिरहेका ख्रीष्ट हुनुहुन्छ। के यही येशूले दुःख भोग्नुभएन ? के उहाँ मर्नुभएन ? के उहाँ फिर जीवित हुनुभएन ? के उहाँ मरेकाहरूको बीचमा उठ्नुभएन ? के उहाँ परमेश्वरले नियुक्त गर्नुभएको मसीह हुनुहुन्न ? प्रमाणहरू अचूक छन्।

**प्रेरित १७ः४-७ः** केही यहूदीहरूले विश्वास गरे; तिनीहरूले आफ्नो ठाउँ साटेर पावल र सिलाससित ख्रीष्ट-विश्वासीहरूको स्थान लिए। अनि यहूदीधर्म अपनाएका धेरै ग्रीकहरू र त्यस शहरका प्रमुख स्त्रीहरूमध्ये पनि धेरैजना प्रभुकहाँ फर्के। यस कुराले विश्वास नगर्ने यहूदीहरूमा डाहा पैदा गर्‍यो र तिनीहरूलाई आफ्नो दुष्ट युक्ति पूरा गर्ने प्रेरणा दियो। शहरका सड़कहरूहुँदा बदमास गुन्डाहरूलाई बटुलेर तिनीहरूले एउटा हूलदङ्गा मच्चाए र जेसनको घर घेरे, जसको घरमा पावल र सिलासचाहिँ पाहुना भई बसेका थिए। तिनीहरूले त्यस घरमा

पावल र सिलाससलाई फेला पार्न सकेनन्; यसकारण तिनीहरूले जेसनलाई र तिनका केही भाइहरूलाई घिसार्दै शहरका शासकहरूकहाँ लगे। 'संसारलाई उलटपुलट पार्नेहरू यहाँ पनि आएका छन्' भन्नेमा तिनीहरूले अनजानमा पावल र सिलासको निक्कै मान गरे। त्यसपछि तिनीहरूले उनीहरूको विरोधमा आफ्नो आरोप पेश गरेः सम्राटको सरकारलाई ढाल्न यिनीहरूले येशूको प्रचार गर्छन्, जो अर्को राजा हुनुहुन्छ। यसरी नै यहूदी मानिसहरूले सम्राटको रोमी सरकारको पक्षमा जोशिला भई खड़ा भएका देखेर हामीलाई साह्रै अनौठो लागेको छ; किनभने वास्तवमा रोमी साम्राज्यका निम्ति तिनीहरूको श्रद्धाको भावना सानो ठाउँमा अटाउँथ्यो।

तर के तिनीहरूको आरोप सत्य थियो ? तिनीहरूले पावलको प्रचारमा प्रभु येशूको दोस्रो आगमनको विषयमा सुनेका हुनुपर्छ, जो राजाको रूपमा फेरि एक दिन यस पृथ्वीमा आउनुहुनेछ। तर यस कुराबाट रोमी सम्राटलाई के डर? किनभने जबसम्म इस्राएली जातिले पूरा तवरले पश्चात्ताप गर्दैन, तबसम्म ख्रीष्ट येशू राज्य गर्न आउनुहुनेछैन।

**प्रेरित १७ः८-९ः** यी कुराहरू सुनेर शहरका शासकहरू आत्तिए। तिनीहरूले जेसन र तिनको साथमा भएकाहरूबाट धरौटी लिए। हुन सक्छ, तिनीहरूले जेसनका पाहुनाहरूका निम्ति एउटा उर्दी पनि निकाले, जुन उर्दीअनुसार पावल र सिलासले तुरुन्तै थेस्सलोनिका शहर छोड्नुपर्नेछ। त्यसपछि तिनीहरूले उनीहरूलाई छोड़िदिए।

**प्रेरित १७ः१०-१२ः** थेस्सलोनिकाका भाइहरूको रायअनुसार यी प्रचारकहरूले शहर छोड्नु उचित थियो। यसकारण तिनीहरूले उनीहरूलाई राति बेरियामा पठाए। बेरियामा पुग्नासाथ यी दमन गर्न नसकिने र रोक्न नसकिने सुसमाचारका प्रचारकहरू सीधा यहूदीहरूको सभाघरमा गइहाले। त्यहाँ उनीहरूले सुसमाचार प्रचार गरे। अनि यस सभाघरका यहूदीहरूको मन सुसमाचारप्रति खुला थियो; तिनीहरूले पुरानो नियमका पवित्र धर्मशास्त्रमा खोजी गरे, पावलको कुरा जाँचे र सुनेको कुरा यी शास्त्रमा लेखिएका कुराहरूसित तुलना गरे। तिनीहरूको भावना छलरहित थियो; तिनीहरू सिक्न तयार थिए। अनि जुनै पनि शिक्षा पवित्र शास्त्रको जाँचमा राख्ने तिनीहरूको अठोट थियो। यी यहूदीहरूमध्ये

धेरैजनाले विश्वास गरे। अनि अन्यजातिका प्रतिष्ठित ग्रीक स्त्रीहरू र पुरुषहरूमध्ये पनि धेरैजना प्रभुकहाँ फर्के।

**प्रेरित १७ः१३-१४ः** पावल र सिलासले आफ्नो सेवकाइ अगाड़ि बढ़ाएको खबर बिस्तारै थेस्सलोनिकामा पुग्यो। तब थेस्सलोनिकाका यहूदीहरू बेरियामा आए। अनि तिनीहरूले त्यहाँका मानिसहरूलाई प्रेरित पावलको विरोधमा हुच्चाए। यसले गर्दा भाइहरूले तुरुन्तै पावललाई समुद्रतिर पठाए। विश्वासीहरूको टोली तिनको साथमा थियो। हुन सक्छ, उनीहरू डिओन नामक बन्दरगाहमा पुगे, जहाँबाट उनीहरूले पावलसँग पिरेअससम्म पानीजहाजको यात्रा गरे, जुन पिरेअसचाहिँ एथेन्सको बन्दरगाह थियो। तर सिलास र तिमोथीचाहिँ बेरियामा रहिरहे।

**प्रेरित १७ः१५ः** बेरियाबाट एथेन्ससम्म एक लामो यात्रा थियो। यी इसाई भाइहरूको भक्ति हामीले मान्नुपर्छ; किनकि तिनीहरूले सम्पूर्ण यात्रामा पावललाई साथ दिए। जब एथेन्समा पावलबाट तिनीहरूको बिदा लिने बेला आयो, तब तिनले तिनीहरूमार्फत सिलास र तिमोथीका निम्ति एउटा खबर पठाइदिए। उनीहरू झट्टै तिनीकहाँ आउनुपरेको थियो।

**प्रेरित १७ः१६ः** एथेन्समा पावलले उनीहरूका निम्ति पर्खे। त्यस शहरका मानिसहरू मूर्तिपूजामा पूरा लीन भएका देखेर पावलको मन गह्रुङ्गो भयो; तिनीहरूप्रति तिनको ठूलो बोझ जागिउठ्यो। एथेन्सचाहिँ संस्कृति, शिक्षा र किसिम-किसिमका कलाहरूको केन्द्र मानिन्थ्यो; तर पावललाई यी कुराहरूमा अलिकति पनि चासो थिएन। तिनलाई पर्यटन गर्ने फुर्सद थिएन। श्री विलियम आर्नोटले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

> 'पावलको मूल्याङ्कनमा सङ्गमर्मरका प्रतिमाहरू थोरै मूल्यका, तर मानिसहरूको मूल्य धेरै भएको होइन। तिनी हामीजस्तो कमजोर मानिस होइनन्; तर पावलचाहिँ एक बलवान् वीर थिए, जसको दृष्टिमा अमर आत्माहरूको मूल्य सर्वोच्च कलाका सुन्दर-सुन्दर कृतिहरूभन्दा कहाँ हो कहाँ अति धेरै दामका हुन्थे, यसको साध्य छैन। ... पावलले मूर्तिहरूमा हामी मानिसहरूलाई केही हानि गर्न नसक्ने सुन्दर चित्रवान् वस्तु देखेनन्, तर मूर्तिहरूलाई घोर दुष्टता सम्झे।' **68)**

**प्रेरित १७:१७-१८:** विश्रामदिनमा पावलले सभाघरमा यहूदीहरू र भक्त ग्रीकहरूसँग तर्कवितर्क गरे। तर अरू दिनहरूमा तिनले बजारमा ती सबै मानिसहरूलाई प्रचार गरे, जति मानिसहरू तिनको कुरा सुन्न इच्छुक थिए। अनि यसरी एपिकुरी र स्तोइकी दार्शनिकहरूसँग तिनको भेट भयो। एपिकुरीहरूचाहिँ एपिकुरसका चेलाहरू थिए, जो एक दर्शनशास्त्री थिए, जसको शिक्षाअनुसार ज्ञानको पछि लागेर होइन, तर सुखविलासको पछि लागेर मानिसले जीवनको सर्वोच्च उद्देश्य प्राप्त गर्छ। अनि स्तोइकीहरू सर्वेश्वरवादी थिए, जसले सुखमा आनन्द नलिने र दुःखमा शोक नगर्ने शान्त मनोभावनामा बुद्धि देखे; यसकारण तिनीहरूले राजीखुशीले आफूलाई प्रकृतिका नियमहरूमा राखिछोड्थे। दर्शनशास्त्रका दुईवटा गुरुकुलकाहरूले पावलको वचन सुने, तब तिनीहरूले तिनलाई बकबके ठाने – नौला देवताहरूको प्रचारक सम्झे, जसले येशूमा तिनीहरूलाई पुनरुत्थानको प्रचार गरे।

**प्रेरित १७:१९-२१:** ती मानिसहरूले तिनलाई समातेर अरेओ-पागसमा अर्थात् मार्सको डाँड़ामा लगे, जहाँ तिनीहरूको सर्वोच्च अदालत भेला हुन्थ्यो। पावलको प्रचारको सम्बन्धमा तिनीहरूले तिनको न्यायको जाँच गर्नु थिएन, तर तिनीहरूले पावलको कुरा सुन्न चाहे। यसो गर्दा पावलले उक्त अदालतका सदस्यहरू लगायत सारा भीड़को सामु आफ्नो शिक्षा पेश गर्ने अवसर पाए। यो कुरा प्रेरित १७:२१ पदबाट स्पष्ट हुन्छ। एथेन्सका बासिन्दाहरू बिनसित्ति बातचित गर्न र अरूको कुरा सुन्न खूबै मन पराउँथे, सधैं तयार हुन्थे। नयाँ कुरा भन्न र सुन्नलाई तिनीहरूलाई समयको अभाव कहिल्यै हुँदैनथियो, यसैमा तिनीहरूको सम्पूर्ण समय बित्थ्यो।

**प्रेरित १७:२२:** अदालतको बीचमा उभिएर पावलले मार्सको डाँड़ाको उपदेश दिन थाल्छन्। तिनको यस उपदेशको अध्ययन गर्दा हामीले एउटा कुरा बिर्सनुहुँदैनः तिनले यहाँ यहूदी मानिसहरूसित होइन, तर अन्यजातिका मानिसहरूसित कुरा गरे, जुन अन्यजातिका मानिसहरूसँग पुरानो नियमको ज्ञान थिएन। यसकारण तिनले तिनीहरूको ध्यान आकर्षण गर्नका निम्ति केही सामान्य विषयहरूबाट प्रसङ्ग उठाए, जुन विषयहरूमा तिनीहरूले चासो राखेका थिए। हो, एथेन्सका

बासिन्दाहरू यहाँसम्म धर्मनिष्ठ थिए, कि एथेन्सको विषयमा यसो भनिएको थियोः 'त्यस शहरका मानिसहरूको भन्दा त्यसका मूर्तिहरूको सङ्ख्या बढ़ी छ।' तिनीहरू धर्ममा लीन भएको कुरा यस प्रकारको थियो।

**प्रेरित १७ः२३ः** तिनीहरूका पूजा गर्ने वस्तुहरू हेर्दाखेरि पावलले एउटा यस्तो वेदी पनि भेट्टाएका थिए, जसमा *'नजानिएको ईश्वरको लागि'* कुँदेर लेखिएको थियो। तिनले यसको लेखमा प्रवचनको प्रसङ्ग उठाउने बुँदा पाए। यस लेखअनुसार एथेन्सकाहरूले दुईवटा महत्त्वपूर्ण तथ्य मानिलिनुपर्छः पहिले, परमेश्वर हुनुहुन्छ; दोस्रो, तिनीहरू उहाँको विषयमा अनजान थिए। यहाँबाट बोल्ने क्रम अघि बढ़ाएर सत्य परमेश्वरको विषयमा बताउन पावललाई सजिलो भयो। यस विषयमा कसैले यसो भनेका छन्ः 'पावलले ती मानिसहरूको यताउता भौंतारिएको भक्ति सठीक ठाउँमा पुऱ्याए।'

**प्रेरित १७ः२४-२५ः** मिशनरीहरूले हामीलाई के बताउँछन् भने, जाति-जातिका मानिसहरूलाई परमेश्वरको विषयमा शिक्षा दिनलाई यसको शुरु गर्ने सबैभन्दा राम्रो प्रसङ्ग उठाउने विषय सृष्टिको उत्पत्ति नै हो। पावलले एथेन्सका मानिसहरूसित त्यस्तै गरे, र सृष्टिबाट आफ्नो प्रवचन शुरु गरे। परमेश्वरको परिचय दिँदा तिनले 'यो संसार र यसमा भएका सबै थोकहरू बनाउनुहुनेचाहिँ परमेश्वर हुनुहुन्छ' भनेर भने। अनि चारैतिर भएका प्रशस्त मूर्तिहरूले भरिएका मन्दिरहरूलाई सङ्केत गर्दै प्रेरित पावलले श्रोतागणलाई सम्झाए, कि साँचो परमेश्वर हातले बनाएका मन्दिरहरूमा वास गर्नुहुन्न। उहाँ मानिसहरूका हातबाट सेवा लिनुहुन्न। पूजाहारीहरूले मन्दिरहरूमा देवताहरूलाई भोग लगाइएको नैवेद चढ़ाउँछन् र अन्य आवश्यकताहरू दान गर्छन्। तर सत्य परमेश्वरलाई यी कुराहरूको के खाँचो पर्छ र? उहाँ त जीवन, सास र सबै थोकहरूको स्रोत हुनुहुन्छ।

**प्रेरित १७ः२६-२८[क]ः** पावलको दोस्रो बुँदा मानिस जातिको रचना हो। सबै जातिहरूका मानिसहरू एकै आदि-मनुष्यबाट आए, सबैजना आदमबाट उत्पन्न भए। मानिसका सबै जातिहरू परमेश्वरको काम हुन्; यति मात्र होइन, तर कुनचाहिँ जाति कति समय रहने यी अवधिहरूको

प्रबन्ध र कुनचाहिँ मानिस कुन देशमा बस्ने यी सिमानाहरूको निर्धारण उहाँको काम हो। उहाँले आफ्नो दयामा मानिसहरूमाथि अनगिन्ती आशिषहरू बर्साउनुहुन्छ, यस उद्देश्यले कि तिनीहरूले उहाँको खोजी गरून्। वास्तवमा उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न, तर पनि मानिसहरूले छामेर वा खोजेर उहाँलाई भेट्टाऊन् भन्ने उहाँको इच्छा हो। जहाँ हामी जिउँछौं, जहाँ हामी हिँड़डुल गर्छौं, जहाँ हामी छौं, जहीं पनि सत्य परमेश्वर हुनुहुन्छ र हामी उहाँमा हुन्छौं। परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ; उहाँ हाम्रो बाँच्ने आधार हुनुहुन्छ; उहाँ हाम्रो चारैतिर हुने आवरण हुनुहुन्छ।

**प्रेरित १७ः२८**[ख]ः प्रवचनको तेस्रो बुँदा यस प्रकारको छः सृष्टिकर्ता र सृष्टि गरिएको मानिसको बीचको सम्बन्ध। यस सिलसिलामा पावलले तिनीहरूकै कविमध्ये एकजनाको रचनाबाट निम्न वाक्य उद्धृत गर्छन्ः *'किनकि हामी पनि उहाँकै सन्तान हौं।'* यही वाक्यमा कसैले गलत अर्थ लगाउनुहुँदैन। हामी मानव सबै एक-अर्काका दाजुभाइ हौं र परमेश्वरचाहिँ हामी सबैका पिता हुनुहुन्छ भन्ने शिक्षा यहाँबाट सिकाउनुहुँदैन। हामी मानिसहरू कुन अर्थमा परमेश्वरका सन्तान हौं त? उहाँले हामी सबैलाई सृष्टि गर्नुभएको अर्थमा हामी उहाँका सन्तान हौं। तर केवल प्रभु येशू ख्रीष्टमाथि राखिएको विश्वासद्वारा नै हामी परमेश्वरका छोराछोरी हुने हक पाउँछौं।

**प्रेरित १७ः२९ः** बीचमा आएर किन कुरा काट्ने? पहिले पावलको पूरा तर्क सुनौं! किनभने तिनी आफ्नो कुरा पेश गर्दै अघि बढ्दै जान्छन्। मानिसहरू परमेश्वरका सन्तानरूपी सृष्टि हुँदा हुन् त हामीले उहाँलाई सुनको मूर्ति, चाँदीको मूर्ति वा ढुङ्गाको मूर्तिको रूप दिनु हुँदै-हुँदैन। यी मूर्तिहरू मानिसको रचना हुन्, मानिसको कल्पना हुन्। यसकारण यी मूर्तिहरू मानिसको स्तरमा आउन सक्दैनन्। एक प्रकारले यी मूर्तिहरू मानिसको सन्तानरूपी सृष्टि हुन्। अनि मानिसचाहिँ परमेश्वरको सृष्टि हो; तर परमेश्वर मानिसको सृष्टि हुनुहुन्न।

**प्रेरित १७ः३०ः** मूर्तिहरूको रचनामा मानिसको गल्ती र मूर्खता देखाइसकेपछि पावलले के भन्न लागेका छन् भने, परमेश्वरले धेरै

शताब्दीहरूसम्म अन्यजातिका मानिसहरूको अज्ञानता ख्याल गर्नुभएन। तर अब ख्रीष्टको ज्योति र प्रकाशरूपी सुसमाचार आएपछि समय बदलियो। अबचाहिँ परमेश्वरले सबै ठाउँहरूमा सबै मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। तिनीहरूको अनुहार मूर्तिहरूदेखि हट्नुपर्छ; किनभने परमेश्वरकहाँ फर्कने समय आएको छ।

**प्रेरित १७:३१:** पावलको प्रवचनको चरमसीमामा हामी आइपुग्यौंः परमेश्वरको प्रबन्धमा यस्तो एक दिन आउँदैछ, जुन दिनमा उहाँले प्रभु येशू ख्रीष्टद्वारा संसारका सबै मानिसहरूको न्याय गर्नुहुनेछ। उहाँको न्याय एक धार्मिक न्याय हुनेछ। अनि सबैको न्याय गर्नुहुने न्यायकर्ता परमेश्वरद्वारा नियुक्ति गरिनुभएको मानिस हुनुहुनेछ। यहाँ प्रस्तुत गरिएको न्याय कहिले हुनेछ? जब ख्रीष्ट येशू पृथ्वीमा फर्केर आउनुहुनेछ, अनि उहाँले आफ्ना सबै शत्रुहरूलाई नाश गरेर आफ्नो हजार वर्षको राज्य स्थापित गर्नुहुनेछ, तब त्यो न्याय हुनेछ। त्यो न्याय अवश्य हुनेछ भन्ने पच्चीसै आनाको निश्चयता केले दिन्छ? परमेश्वरले प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभएको तथ्यले त्यस न्यायको पक्कापक्की गर्छ।

**प्रेरित १७:३२-३३:** यहाँ हामीलाई के लाग्छ भने, पावलले आफ्नो प्रवचन सिद्ध्याउन पाएनन्। किनभने तिनी भन्दा-भन्दै कतिजनाले बीचैमा बोलेर मरेकाहरूको बौरिउठाइको कुराको विरोधमा गिल्ला गरे। अरूले गिल्ला गरेनन्; तिनीहरू दोधारमा परे। तिनीहरूले तुरुन्तै निर्णय गर्न सकेनन्; यसकारण कुरा टार्दै तिनीहरूले यसो भनेः *'यस विषयमा हामी तिम्रो कुरा फेरि सुन्नेछौं।'* कुरा ख्रीष्ट येशूमा टुङ्गिएको यो दिन तिनीहरूले अशुभ दिन ठाने; तिनीहरूले 'हामी अहिले नै विश्वास गर्छौं' भन्न सकेनन्; यसैले तिनीहरू 'अहिले होइन' भन्न पुगे।

**प्रेरित १७:३४:** तर यतिमा पावलको प्रवचन असफल भयो भन्न मिल्दैन। डियोनुसियसले विश्वास गरे; तिनी अरैयोस-पागी अर्थात् सर्वोच्च अदालतको सदस्य थिए। अनि डामारिस नामकी एक स्त्रीले पनि विश्वास गरिन्। अनि अरू कतिजनाले विश्वास गरे, जसका नामहरू उल्लेख गरिएका छैनन्।

*'अनि पावल तिनीहरूको बीचबाट निस्के।'* एथेन्सको कुरा यहाँ टुङ्गिन्छ; हामी फेरि कहिल्यै त्यसको नाम सुन्न पाउनेछैनौं। सतावटमा परेका ठाउँहरूमा पावल फर्केर गए, तर यति महत्त्व कुराहरूसित खेलाँची गर्ने यी बुद्धिजीविहरूलाई अरू बढ़ूता भन्ने तिनको केही पनि थिएन।

कति मानिसहरूले पावलको यस उपदेशको आलोचना गर्छन्; किनकि एक प्रकारले हेर्दा तिनले एथेन्सका बासिन्दाहरूलाई तिनीहरू घोर मूर्तिपूजक हुँदा-हुँदै तिनीहरूलाई धर्मानुरागी भनेर प्रशंसा गरे जस्तै देखिन्छ। अनि मूर्तिको लागि स्थापित गरिएको एउटा वेदीमा कुँदिएको वाक्यले सत्य परमेश्विरको परिचय गरेको अड़कल काटिन्छ। यस सन्देशले एथेन्सका मानिसहरूका संस्कृति र रहनसहनलाई बढ़ी ठाउँ दिएको लाग्छ। अनि अन्य ठाउँहरूमा यिनै प्रेरितद्वारा प्रचार गरिएका प्रवचनहरूमा भन्दा यसपालिको प्रवचनमा सुसमाचारको प्रस्तुति त्यति स्पष्ट र प्रभावशाली भएन अरे। तर यी आरोपहरू बेठीक छन्। हामीले यहाँसम्म के स्पष्ट रूपले देखाउन खोजेका छौं भने, पावलले पहिले यी मानिसहरूसित मिल्ने, एकसाथ खड़ा हुन सक्ने जग्गा खोजे। अनि प्रवचनको निम्ति बाटो तयार भएपछि तिनले श्रोताहरूलाई सरल ढङ्गमा एक कदमदेखि अर्को कदमतिर लाँदै तिनीहरूलाई सत्य परमेश्वरको ज्ञानरूपी परिचय दिए, त्यसपछि ख्रीष्ट येशूको दोस्रो आगमनको प्रकाशमा तिनीहरूलाई पश्चात्ताप गर्ने आवश्यकता देखाए; किनभने उहाँ सबै मानिसहरूको न्याय गर्न आउनुहुनेछ। अनि पावलको प्रचारको प्रतिरक्षामा अरू बढ़ूता के भनौं? साँचो तवरले आत्माहरू बाँच्न पाएको कुराले यस प्रवचनको पुष्टि र सफाइ गर्छ नै। यो पर्याप्त छ।

## गिर्जाहरूभित्र सीमित नरहेका प्रवचन गरिने खुला मञ्चहरू

प्रेरित पावलले मार्सको डाँड़ामा प्रचार गरे; शुरुका विश्वासीहरूले कस्ता-कस्ता अनौठा ठाउँहरूमा वचन प्रचार गर्थे, सो कुरा देखाउन त्यो जग्गाचाहिँ एक नमुना हो।

*बाहिरः* उनीहरूले प्रचार गर्न धेरै रुचाउने ठाउँ यो थियो। पेन्टेकोस्टको दिनमा प्रचार गरिएको प्रवचनचाहिँ कुनै घरमा होइन, तर बाहिर प्रचार गरिएको थियो; त्यो कुरा प्रवचन सुनेर विश्वास गर्नेहरूको सङ्ख्याले बताउँछ **69)** (प्रेरित २:६ र ४१)। बाहिर प्रचार गरेका उदाहरणहरू हामी प्रेरित ८:५, २५ र ४० पदमा, प्रेरित १३:४४ र १४:८-१८ पदमा पाउँछौं।

*मन्दिरका चोकहरूमाः* यस जग्गामा कम्तीमा तीन पल्ट सुसमाचारको वाणी सुनिन्थ्यो, जस्तै प्रेरित ३:१-११ पदको खण्डमा, अनि प्रेरित ५:२१ र ४२ पदमा।

फिलिप्पीमा पावल र तिनका साथीहरूले *नदीको किनारमा* वचन प्रचार गरे (प्रेरित १६:१३)। एथेन्समा तिनले *बजारमा* प्रचार गरे (प्रेरित १७:१७)। यरूशलेममा तिनले एन्टोनिया नामक किल्लाको सिँढ़ीमा उभिएर उत्तेजित भीड़लाई प्रचार गरे (प्रेरित २१:४०-२२:२१)।

कम्तीमा चार पल्ट यहूदीहरूको *महासभामा* वचन प्रचार गरियोः पत्रुस र यूहन्नाद्वारा (प्रेरित ४:८ र १९), पत्रुस र अरू प्रेरितहरूद्वारा (प्रेरित ५:२७-३२), स्टिफनसद्वारा (प्रेरित ७:२-५३), अनि पावलद्वारा (प्रेरित २२:३०-२३:१०)।

आफ्नो आदतअनुसार पावल र तिनका साथीहरूले *सभाघरहरूमा* सुसमाचार प्रचार गर्ने गर्थे (प्रेरित ९:२०; प्रेरित १३:५ र १४; प्रेरित १४:१; प्रेरित १७:१, २, १० र १७; प्रेरित १८:४, १९ र २६; प्रेरित १९:८)।

घरीघरी कसैको *निजी घर* प्रचार गर्ने जग्गा बनेको थियो। पत्रुसले कर्नेलियसको घरमा प्रचार गरे (प्रेरित १०:२२-२४)। पावल र सिलासले फिलिप्पीमा भ्यालखानाको हाकिमको घरमा प्रचार गरे (प्रेरित १६:३१-३२)। कोरिन्थमा पावलले क्रिस्पसको घरमा प्रचार गरे, जो सभाघरको शासक थिए (प्रेरित १८:७-८)। त्रोआसमा पावलले कसैको घरमा मध्यरातसम्म प्रचार गरे (प्रेरित २०:७)। एफेससमा तिनले घर-घरमा वचन प्रचार गरे (प्रेरित २०:२०)। अनि रोममा तिनले भाड़ामा लिएको घरमा प्रचार गरे (प्रेरित २८:३०-३१)।

फिलिपले एथियोपियाका नपुंसकलाई तिनको रथमा सुसमाचार प्रचार गरे (प्रेरित ८:३१-३५)। अनि पावलले पानीजहाजमा प्रचार गरे (प्रेरित २७:२१-२६)। एफेससमा तिनले एउटा पाठशालामा दिनदिनै तर्कवितर्क गर्दै रहे (प्रेरित १९:९)।

पावलले *अदालतहरूमा* आफ्नो न्यायको जाँच हुँदा राज्यपाल फेलिक्सको सामु, राज्यपाल फेस्टसको सामु र राजा अग्रिप्पाको सामु प्रचार गरे (प्रेरित २४:१०; प्रेरित २५:८; प्रेरित २६:१-२९)।

अनि प्रेरित ८:४ पदमा हामी के पढ्छौं भने, सतावटमा परेका ख्रीष्ट-विश्वासीहरूले *जहाँतहीं* वचनको प्रचार गरे।

यी कुराहरूबाट उनीहरू वचनको प्रचार कुनै 'पवित्र भवन'मा सीमित राख्ने पक्षमा थिएनन् भन्ने बुझिन्छ। जहाँ-जहाँ मानिसहरू हुन्थे, त्यहाँ-त्यहाँ ख्रीष्ट येशूको पहिजान दिने उचित कारण र सुअवसर हुन्थ्यो। श्री ए. बी. सिम्पसनले यस कुराको अनुमोदन गर्दै यसो भनेका छन्ः

> 'शुरुका ख्रीष्ट-विश्वासीहरूले हरेक परिस्थिति ख्रीष्ट येशूका निम्ति साक्षी हुने मौका सम्झन्थे। अँ, जब उनीहरूलाई राजाहरू र शासक-हरूको सामु ल्याइन्थ्यो, तब कतै यसका निम्ति सजाय भोग्नुपर्ने डरले गर्दा उनीहरू इसाई हुँ भन्ने वादविषय र ख्रीष्टका हौं भन्ने कुरा लुकाउने विचार उनीहरूको मनमा कहिल्यै उठ्दैनथियो। त्यो त उनीहरूका निम्ति राजाहरू र शासकहरूलाई सुसमाचार सुनाउने मौका ठहरिन्थ्यो; किनभने राजा र शासकहरूकहाँ पुग्ने एकमात्र उपाय यही थियो। अनि यो पनि सम्भव छ, कि हरेक मानिस, जसको भेट हामीसँग हुन्छ, परमेश्वरले यस हेतुले हामीकहाँ पठाउनुभएको हो, कि हामीले उसको जीवनमा कुनै न कुनै आशिष हाल्न सकौं र उसको हृदयमा उसलाई परमेश्वरको नजिकै खिच्ने कुनै असल प्रभाव परेको होस्।' **70)**

प्रभु येशूका चेलाहरूका निम्ति महान् आज्ञा यस प्रकारको थियोः *'सारा संसारमा जाओ, र हरेक प्राणीलाई सुसमाचार प्रचार गर!'* (मर्कूस १६:१५)। अनि प्रेरितहरूको पुस्तकचाहिँ उनीहरूले प्रभुको यो महान् आज्ञा पूरा गरेको साक्षी हो।

हामी यो पनि भनिहालौं, कि प्रेरितहरूको पुस्तकभरि प्रायः सबै प्रचार कुनै तयारीविना, कुनै पूर्व-जानकारीविना तत्कालिक भाषण हुन्थे। धेरजसो प्रवचन तयार गर्ने समय नै हुँदैनथियो। उनीहरूको प्रचार एक घण्टाभित्र पूरा गरिने कार्य थिएन, तर तयारी जीवनको फल थियो। प्रवचनहरू तयार हुने होइन, तर प्रचारकहरू बेला-अबेलामा तयार हुन्थे।

**प्रेरित १८:१:** कतिजनाको विचारअनुसार पावलले एथेन्स छोड्ने मुख्य कारण तिनको प्रचारको फलको कमी थियो। तर हामीचाहिँ यो विश्वास गर्छौं, कि पवित्र आत्माको अगुवाइमा तिनी पश्चिमतिर हिँड़े र कोरिन्थमा आइपुगे, जुन शहर अखैयाको सदरमुकाम थियो; किनभने यस शहरमा तिनले सुसमाचार प्रचार गर्नुपर्छ र एउटा मण्डली स्थापित गर्नुपर्छ। कोरिन्थचाहिँ व्यभिचारका निम्ति प्रसिद्ध थियो।

**प्रेरित १८:२-३:** कोरिन्थमा पावलले अक्विला र प्रिस्किल्ला नाम गरेको दम्पत्तिसित मित्रता गाँसे, जुन मित्रता तिनको जीवनभरि रहन्थ्यो। अक्विलाचाहिँ पोन्टसबाट आएको यहूदी थिए; पोन्टसचाहिँ एशिया माइनरको उत्तरपूर्वमा परेको प्रान्त थियो। उनी र उनकी पत्नी रोममा बस्थे, तर यहूदीहरूको विरोधमा घोषणा गरिएको सम्राट क्लाउडियसको उर्दीले गर्दा उनीहरू रोमबाट देश-निकाला भए। कोरिन्थ रोमको राजमार्गमा पर्थ्यो, जुन राजमार्ग साम्राज्यको पूर्वमा पुग्थ्यो; यसकारण उनीहरू कोरिन्थमा बस्न लागे र तम्बू बनाउने सानो घरेलु-उद्योग शुरु गरे। अनि पावल पनि त्यही पेसाको मानिस थिए। यसैले तिनले उनीहरूलाई चिन्ने मौका पाए।

यस विषयमा श्री डिन्सडेल टी. यङले यसो भनेका छन्:

'आफ्नो जीवनको सम्बन्धमा सबैभन्दा असल प्रकाशहरू हामीले आफ्नो कर्तव्य पूरा गर्दै गरेको बेलामा हामीमाथि चम्कन्छन्। यसकारण आफ्नो रोजीरोटीका निम्ति दिन प्रतिदिन परिश्रम गर्नुहोस्! अनि आफ्नो मेहनत गरेका समयहरूमा तपाईंले ठूला-ठूला आशीर्वादहरू पाउनुहुनेछ र दर्शनहरू देख्न पाउनुहुनेछ। ... पसल/दोकान, ओफिस/कार्यालय, वा गोदाम/कारखाना तपाईंका निम्ति बेत-एलसरह परमेश्वरको घर बन्नेछ।

आफ्नो कामधन्धा गर्नुहोस्, आफ्नो काममा मेहनत गर्नुहोस्, यसो गर्दा तपाईंले अक्विला र प्रिस्किल्लाले जस्तो बहुमूल्य आत्मीय सङ्गतहरू पाउनुहुनेछ।' **71)**

पावलले अक्विला र प्रिस्किल्लालाई भेट्नुभन्दा अघि उनीहरू ख्रीष्ट-विश्वासीहरू थिए कि थिएनन्, सो कुरा वृत्तान्तबाट स्पष्ट भएन। के उनीहरूले पावलको सेवकाइद्वारा मुक्ति पाए? कोरिन्थमा आउनुभन्दा अघि उनीहरू ख्रीष्ट-विश्वासीहरू थिए भन्ने कुरा विश्वास दिलाउन कसले प्रमाण दिन सक्छ? कसैसँग यसका निम्ति कुनै प्रमाण छ भने उसले त्यो पेश गरोस्!

**प्रेरित १८:४:** हरेक विश्रामदिनमा पावलले सभाघरमा तर्क गर्थे र यहूदीहरू र यहूदीधर्म अपनाएका ग्रीकहरूलाई येशू नै परमेश्वरको ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा मनाउने गर्थे।

**प्रेरित १८:५:** पावल एथेन्समा जाँदाखेरि तिनले सिलास र तिमोथीलाई बेरियामा छोड़ेका थिए। अनि एथेन्सबाट तिनले उनीहरूलाई 'छिटो मकहाँ आओ' भन्ने खबर पठाएका थिए। तर कोरिन्थमा आएर मात्र उनीहरूले तिनलाई भेटे।

जब उनीहरू त्यहाँ आइपुगे, तब पावल आत्मामा विवश भए। अझै ठूलो प्रयत्नको साथ सुसमाचारको वचन प्रचार गर्न प्रभुको हात तिनीमाथि प्रबल थियो – यस भनाइको अर्थ यो हुन सक्छ। यसबाट अर्को कुरा पनि बुझ्न सकिन्छः अबदेखि प्रेरित पावलले तम्बू बनाउने काम छोड़े र पूरा समय सुसमाचारको प्रचारमा बिताए।

यही समयमा अर्थात् इस्वी संवत् ५२ सालतिर पावलले थेस्सलोनिकीहरूलाई पहिलो पत्र लेखेको हुनुपर्छ।

**प्रेरित १८:६:** विश्वास नगर्ने यहूदीहरूले पावलको विरोध गरे र तिनको निन्दा गरे। तर जसले ख्रीष्टको सुसमाचार इन्कार गर्छ, त्यसले आफ्नो विरोध गर्छ। अविश्वास गर्नाले अरूलाई त के, आफूलाई पो हानि गर्छ।

पावलले आफ्ना लुगाहरू टकटक्याएर तिनीहरूलाई भनेः *'तिमीहरूको रगत तिमीहरूकै शिरमाथि परोस्; मचाहिँ निर्दोष छु।*

*अबदेखि उसो म अन्यजातिहरूकहाँ जानेछु।'* आफ्नो लुगा टकटक्याउनुको मतलब के हो? यस व्यञ्जक कार्यद्वारा तिनले यी यहूदीहरूसित आफ्नो सम्बन्ध विच्छेद भएको जानकारी दिए। तर अर्को शहरमा त्यहाँको सभाघरमा नजानेसम्म तिनको यो विच्छेद गएन (प्रेरित १९:८)।

रगतको दोषजस्तो डरलाग्दो दोष पनि लाग्दो रहेछ भन्ने कुरा हरेक विश्वासीले प्रेरित पावलका शब्दहरूबाट बुझोस् र गम्भीर चेताउनीको रूपमा लेओस्! सबै मानिसहरूप्रति ख्रीष्ट-विश्वासीको ऋण लागेको छ। अनि सुसमाचार प्रचार गरेर नै ऊ यस ऋणबाट मुक्त हुन्छ। ऊ यस कुरामा चुक्यो भने परमेश्वरले उसबाट यसको लेखा लिनुहुनेछ। तर ख्रीष्ट येशूका निम्ति विश्वासयोग्य गवाही दिए तापनि सुसमाचार सुन्ने मानिसहरूले हृदय कठोर पारेर प्रभुलाई स्वीकार गर्दैनन् भने उसलाई कुनै दोष लाग्दैन। त्यस बेलामा यसको पूरा दोषचाहिँ ख्रीष्ट येशूलाई इन्कार गर्नेहरूमाथि पर्छ।

यस पदमा इस्राएली जाति रद्द गरिएको र सुसमाचारको प्रचार अन्यजातिहरूकहाँ फैलिनुपट्टि अर्को कदम चालेको छ। परमेश्वरले ख्रीष्टको सुसमाचार पहिले यहूदीहरूलाई सुनाउनुपर्छ भन्ने कुरा ठहराउनुभएको थियो। तर प्रेरितहरूको पुस्तकभरि इस्राएली जातिले शुभ सन्देश अस्वीकार गरेको पाउँछौं। यसकारण परमेश्वरको आत्मा शोकित हुनुभयो, र उहाँले यस जातिबाट आफ्नो मुख फर्काउनुभयो।

**प्रेरित १८:७-८:** यहूदीहरूको निन्दा यस प्रकारले पड्केपछि तिनी जस्टसको घरमा गए, जसको घर सभाघरकै छेउमा थियो। यी जस्टस यहूदीधर्म अपनाएको अन्यजातिको मानिस थिए। अबदेखि यस घरबाट पावलको सेवकाइ अघि बढ्यो, फलस्वरूप सभाघरको मुख्य शासक क्रिस्पस र तिनको सारा परिवार प्रभुमा आए – योजस्तै ठूलो आनन्द अरू कुनै कुरामा प्रेरित पावलको आनन्द थिएन। अरू धेरै कोरिन्थीहरूले मुक्तिदाता प्रभुमाथि विश्वास गरेर बप्तिस्मा लिए। १ कोरिन्थी १:१४-१६ पदअनुसार पावलले क्रिस्पस र अरू कसै-कसैलाई बप्तिस्मा दिए। तर तिनको कामगराइअनुसार प्रायः अरू विश्वासीहरूले बप्तिस्मा दिन्थे।

किनकि मानिसहरू पावलको नाममा गुटबन्दी पो गर्न थाल्छन् कि भन्ने पावलको डर थियो। तिनलाई सम्मान दिने, तिनलाई मान्ने के काम? यसको सट्टामा नयाँ विश्वासीहरूले बरु प्रभु येशूप्रति आफ्नो अखण्ड प्रेम, भक्ति र निष्ठा देखाउनुपर्छ।

**प्रेरित १८:९-१०:** राति अनुग्रही प्रभु दर्शनद्वारा पावलसँग बोल्नुभयो। तिनी कुनै कुराबाट डराउनुपर्दैनथियो। तिनले वचनको प्रचार कायम राख्नुपर्छ। परमेश्वर तिनको साथमा हुनुहुन्छ र तिनलाई सुरक्षा दिनुहुन्छ। यस शहरमा प्रभुका धेरै मानिसहरू थिए अर्थात् उहाँले धेरै मानिसहरूको जीवनमा काम गर्दै हुनुहुन्थ्यो, र अन्तिम आएर धेरैले मुक्ति पाउनेथिए।

**प्रेरित १८:११:** डेढ़ वर्षसम्म पावल कोरिन्थमा रहे, र परमेश्वरको वचन सिकाइरहे। यस अवधिको सन्दर्भमा बढ़ता उपयोगी जानकारीहरू हामी १ & २ कोरिन्थीका पत्रहरूमा पाउँछौं।

**प्रेरित १८:१२-१६:** पावल कोरिन्थमा बसेको समयको अन्ततिर अर्थात् इस्वी संवत् ५३ सालतिर गाल्लियो अखैयाको अञ्चलाधीश भएको अनुमान गरिन्छ। यी भर्खर कार्यभार सम्हाल्ने अञ्चलाधीशले तिनीहरूप्रति मिलनसार व्यवहार गर्लान् भन्ने आशामा यहूदीहरूले पावललाई यिनको सामु ल्याए। कोरिन्थको न्यायआसनचाहिँ बजारमा थियो। पावलको विरोधमा तिनीहरूको अभियोग के थियो? पावलको शिक्षाको कारणले मानिसहरूले यहूदीहरूको व्यवस्थाको ठीक उल्टो प्रकारले परमेश्वरको सेवा गर्ने हौसला पाएका छन्। प्रेरित पावलले आफ्नो पक्षमा बोल्न पाउनुभन्दा अघि गाल्लियोले तिनीहरूलाई गाली दिएर यो मामिला तत्कालै बरखास्त गरे। तिनीहरूको मुद्दा रोमी कानुनको मामिला होइन, तर तिनीहरूको धर्मव्यवस्थाको कुरा थियो। कि त कुनै अन्याय, कि त कुनै अपराध भएको हुनुपर्छ, यस्तो कुनै खराबी भएदेखि यिनले यहूदीहरूको कुरा ध्यानसित सुन्नेथिए; तर तिनीहरूले पेश गरेको अभियोगचाहिँ शब्दहरू र नामहरू र तिनीहरूको व्यवस्थासम्बन्धी प्रश्नहरू भएको रहेछ। यस्ता कुराहरूको सम्बन्धमा अञ्चलाधीशले न्याय गर्न चाहँदैनथिए; यसकारण यिनले तिनीहरूको मुद्दा खारिज गरे।

**प्रेरित १८:१७:** तब ग्रीकहरूले सोस्थेनेसलाई यस न्यायआसनको सामु पिटिहाले। यसो गर्ने कारण के थियो? कतिजनाको विचारअनुसार सोस्थेनेसले पावललाई बित्थैमा गाल्लियोको सामु ल्याएका हुनाले तिनीहरूले उसलाई पिटे। गाल्लियोले यी कुराहरूको वास्ता गरेनन्। यस वाक्यको अर्थ यिनले सुसमाचारमा चासो नलिएकोतिर पार्नुहुँदैन। त्यो पनि सम्भव हुन सक्छ। तर यिनले यहूदीहरूको व्यवस्था र तिनीहरूका रीतिहरूमा चासो नलिएको यसको ठीक अर्थ हो।

**प्रेरित १८:१८:** यस घटनापछि पावल अझ निक्कै समय कोरिन्थमा बसिरहे। हुन सक्छ, यही समयमा तिनले थेस्सलोनिकीहरूलाई दोस्रो पत्र लेखे।

अन्तमा तिनले प्रिस्किल्ला र अक्विलासित कोरिन्थ छोड़े। पानीजहाजको यात्रा गरेर एन्टिओक पुग्न तिनी सिरियातिर लागे। केंख्रेयामा कसले आफ्नो कपाल काटे – पावल कि अक्विलाले? यस कुरामा टिप्पणीकारहरूमध्ये एकमत छैन।[72] केंख्रेयाचाहिँ कोरिन्थको पूर्वीय बन्दरगाह थियो।

कतिजनाको राय यस प्रकारको छः भाकल गर्नु पक्का पनि एक यहूदी चलन थियो। यसकारण पावलजस्तै आत्मिक परिपक्व वीरलाई यस्तो गर्न सुहाउँदैनथियो। तर के गर्ने? यस कुराको विषयमा निश्चित अन्तिम फैसला गर्न सकिँदैन।

**प्रेरित १८:१९-२०:** पानीजहाज एफेससमा रोकियो। अनि प्रिस्किल्ला र अक्विला जहाजबाट उत्रे। उनीहरूले एफेससमा बस्न चाहे। पानीजहाजको यात्रा थोरै समय ढिलो हुन गएको हुनाले पावलचाहिँ विश्रामदिनमा त्यहाँको सभाघरमा गए र यहूदीहरूसित तर्कवितर्क गरे। अनि अचम्मको कुरा के भयो भने, तिनीहरूले तिनलाई केही समय बस्ने आग्रह गरे। तर तिनले यसो गर्न सकेनन्;

**प्रेरित १८:२१:** किनभने तिनको पानीजहाज त्यहाँबाट छुट्टिन लागेको थियो। तर तिनले तिनीहरूलाई परमेश्वरको इच्छा भए फेरि एफेससमा फर्कने प्रण दिए। पहिले तिनी यरूशलेममा पुग्नुपर्छ, र तिनले आउन लागेको पर्व मान्नुपर्छ।

**प्रेरित १८ः२२ः** पानीजहाज सिजरियामा आइपुगेर फेरि रोकियो, अनि प्रेरित पावल जहाजबाट उत्रे। उकालो लागेर तिनले यरूशलमको मण्डलीलाई अभिवादन गरे। त्यसपछि तिनी एन्टिओकमा झरे। एन्टिओकका विश्वासीहरूसित तिनको यसपालिको भेटघाट उनीहरू-सितको अन्तिम भेटघाट हुने भयो। यसरी नै सुसमाचार-धावारूपी पावलको दोस्रो यात्रा समाप्त भयो।

## छ) प्रेरित १८ः२३-२१ः२६ः एशिया माइनर र ग्रीक देशमा हुँदा प्रेरित पावलको तेस्रो सुसमाचार-धावारूपी यात्रा।

**प्रेरित १८ः२३ः** यस अन्तिम भेटघाटमा पावल एन्टिओकमा निक्कै समय बसे। त्यसपछि तिनी सुमाचार-धावारूपी तेस्रो विस्तृत यात्रा शुरु गर्न तयार भए। यस भ्रमणको विवरण यहाँ, यस पदबाट शुरु गरेर प्रेरित २१ः१६ पदसम्म जान्छ।

गलातिया र फ्रिगियाचाहिँ तिनी पहिले पुग्ने इलाकाहरू थिए। त्यस क्षेत्रमा भएको एक-एक मण्डलीमा गएर तिनले सबै चेलाहरूलाई विश्वासमा बलियो पारे।

**प्रेरित १८ः२४-२६ः** यहाँ वृत्तान्तको लेख्ने क्रम भङ्ग हुन्छ, अनि विवरण एफेससमा फर्केर जान्छ, जहाँ केही समयअघि अक्विला र प्रिस्किल्ला पानीजहाजबाट उत्रेर बस्न लागेका थिए (प्रेरित १८ः१९)। त्यहाँ एकजना निपुण वक्ता आएका थिए, जसको नाम अपोल्लस थियो। तिनको खूबी पवित्र शास्त्रहरूमा थियो। अपोल्लस जन्मदेखि यहूदी थिए। तिनको घर अलेक्जान्ड्रिया थियो। अलेक्जान्ड्रिया मिस्र देशको उत्तर खण्डको सदरमुकाम थियो। तिनको प्रचार निक्कै शक्तिशाली थियो र तिनको जोश पनि खूबै थियो; तर इसाई विश्वासको सम्बन्धमा तिनमा केही ज्ञानको कमी भएकै थियो। बप्तिस्मा दिने यूहन्नाको सेवकाइसित सुपरिचित भएर तिनले यूहन्नाको विषयमा जान्दथिए, कि उनले इस्राएली जातिलाई, तिनीहरूलाई ख्रीष्टको आगमनका निम्ति तयार पार्ने हेतुले पश्चात्ताप गर्ने आह्वान दिएका थिए। तर अपोल्लसले ख्रीष्टीय

बप्तिस्माको विषयमा केही जान्दैनथिए, अनि इसाई शिक्षाका अरू विषयवस्तुहरूको सम्बन्धमा पनि तिनी अनजान थिए। अनि जब सभाघरमा अक्विला र प्रिस्किल्लाले तिनको प्रचार सुने, तब उनीहरूले तिनमा भएको शिक्षाको कमी चाल पाए। उनीहरूले तिनलाई आफूकहाँ लगे, र परमेश्वरको मार्गको अर्थ अझै स्पष्टसँग खोलेर तिनलाई त्यो बताइदिए। अपोल्लस पोख्त प्रचारक भए पनि तिनले जाबो तम्बू बनाउने अक्विला र उनकी पत्नीबाट तयारीसाथ शिक्षा ग्रहण गरेकोमा हामीले तिनलाई बधाई दिनुपर्छ।

**प्रेरित १८ः२७-२८ः** अपोल्लोस विद्यालाभ गर्ने व्यक्ति भएका हुनाले एफेससका भाइहरूले तिनलाई साथ दिए, यहाँसम्म कि उनीहरूले तिनका निम्ति सिफारिस-पत्र पनि लेखे, जब तिनले उनीहरूलाई कोरिन्थमा वचन प्रचार गर्न जाने आफ्नो इच्छा प्रकट गरे। यसबाट असल नतिजा के भयो भने, तिनीबाट कोरिन्थमा भएका विश्वासीहरूलाई ठूलो सहायता मिल्यो; किनभने 'येशू नै परमेश्वरको ख्रीष्ट हुनुहुन्छ' भन्ने कुरा पवित्र धर्मशास्त्रद्वारा देखाईकन तिनले यहूदीहरूलाई मानिसहरूको सामु शक्तिशालीसाथ निरुत्तर पारिदिए।

**प्रेरित १९ः१ः** तपाईंलाई याद होला, जब पावल पहिलो पल्ट एफेससमा पुगेका थिए, तब तिनले सभाघरमा यहूदीहरूलाई 'परमेश्वरको इच्छा भए म फेरि आउनेछु' भन्ने प्रतिज्ञा गरेका थिए। अनि यही प्रतिज्ञा पूरा गर्न तिनी गलातिया र फ्रिगियाका इलाकाहरूदेखि आफ्नो पैडल-यात्रामा डाँड़ाकाँड़ा काटेर एफेससमा आए, जुन एफेसस शहरचाहिँ एशिया प्रान्तको पश्चिम भागमा पर्थ्यो, र समुद्रको नजिकमा अवस्थित थियो। एफेससमा पुगेपछि तिनले बाह्रजना भाइहरूलाई भेटे, जसले तिनलाई 'हामी पनि येशूका चेला हौं' भने। तर जब तिनले उनीहरूसँग बातचित गरे, तब उनीहरूमा ख्रीष्ट येशूमाथिको विश्वासको सम्बन्धमा केही कमी भेट्टाए। उनीहरूको ज्ञान अधूरो थियो। उनीहरूले कतै पवित्र आत्मा पाएका थिएनन् कि भनेर तिनलाई शङ्का लाग्न थालेको थियो।

**प्रेरित १९ः२ः** यसकारण तिनले उनीहरूलाई सोधेः *'तिमीहरूले विश्वास गरेको बेलामा पवित्र आत्मा पायौ?'* के.जे.वी.-अनुवादमा

प्रयोग गरिएको 'since' भन्ने शब्द गलत अर्थमा अर्थात् मुक्ति पाएको अवधिदेखि यता कुनै समयमा पवित्र आत्मा पाएको बुझ्न सकिन्छ। जब यस शब्दको अर्थ विश्वास गरेको कारणले पवित्र आत्मा पाएको सठीक अर्थ पनि हुन सक्छ।

यस वाक्यको अर्थ उल्टो बुझ्नुहुँदैन। पवित्र आत्माको प्राप्ति मुक्तिको अनुभाव गरिसकेको विश्वासीको जीवनमा पछि कुनै समयमा हुने अनुग्रहको काम होइन। तर मुक्तिदाता प्रभुमाथि विश्वास राख्नासाथ मानिसले पवित्र आत्मा पाउँछ।

यी 'चेलाहरू'को उत्तर यस प्रकारको थियोः *'पवित्र आत्मा हुनुहुन्छ भन्ने कुरा त हामीले सुनेका पनि छैनौं।'* अथवा 'पवित्र आत्मा हुनुहुन्छ कि हुनुहुन्न, सुन्नमा आएको छैन।' यी मानिसहरू चेला त थिए, तर बप्तिस्मा दिने यूहन्नाका। यो कुरा हामी निम्न पदबाट थाहा लाग्नेछौं। यसकारण यिनीहरूले पुरानो नियमबाट पवित्र आत्माको अस्तित्वको विषयमा जान्नुपर्नेथियो। त्यत्ति मात्र होइन, तर बप्तिस्मा दिने यूहन्नाले आफ्ना चेलाहरूलाई शिक्षा दिएर आफैले *'मपछि जो आउनुहुन्छ, उहाँले तिमीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ'* भनेका थिए। पेन्टेकोस्टको दिनमा पवित्र आत्मा दिइसक्नुभएको कुरा यी चेलाहरूलाई थाहा भएको रहेनछ।

**प्रेरित १९:३-४:** तब प्रेरित पावलले बप्तिस्माको कुरा उठाए। अरे, यी मानिसहरूले यूहन्नाको बप्तिस्मा मात्र जान्दथिए, कसरी? तब यिनीहरूको उत्तर हामीले कसरी लिनुपर्छ? यिनीहरूले पश्चात्तापको बप्तिस्मा लिएका थिए; यसर्थ यिनीहरू ख्रीष्टको आउन लागेको आगमनको बाटो हेरिरहेका मानिसहरू थिए, जसले उहाँलाई राजाको रूपमा ग्रहण गर्न आफूलाई तयार पारेका थिए। ख्रीष्ट येशू मर्नुभएको, उहाँ गाड़िनुभएको, मरेको तेस्रो दिनमा उहाँ मरेकाहरूबाट फेरि बौरिउठ्नुभएको र उहाँको स्वर्गारोहण भएको कुरा, साथै पेन्टेकोस्टको दिनमा उहाँले पवित्र आत्मा पठाउनुभएको कुराको विषयमा यिनीहरूले केही पनि जान्दैनथिए। पावलले यी सबै कुराहरू यिनीहरूलाई बताउनुपर्‍यो, र यिनीहरूलाई के सम्झाए भने, जब बप्तिस्मा दिने यूहन्नाले

मानिसहरूलाई पश्चात्तापको बप्तिस्मा दिन्थे, तब उनले *'तिमीहरूले मपछि आउनुहुने ख्रीष्ट येशूमाथि विश्वास गर्नुपर्छ'* भन्ने गर्थे।

**प्रेरित १९:५:** जब यिनीहरूले यो कुरा सुने, तब यिनीहरूले प्रभु येशूको नाममा बप्तिस्मा लिए। प्रेरितहरूको पुस्तकभरि नै येशू प्रभु हुनुहुन्छ भनेर उहाँको प्रभुत्वमाथि जोड़ लगाइएको छ। यसकारण प्रभु येशूको अधिकारमा यूहन्नाका यी चेलाहरूको बप्तिस्मा भयो। यसो गर्दा यिनीहरूले येशू ख्रीष्टलाई प्रभु, अँ, परमप्रभुको रूपमा ग्रहण गरेको आफ्नो सार्वजनिक गवाही दिए।

**प्रेरित १९:६-७:** त्यसपछि पावलले यिनीहरूमाथि आफ्ना हातहरू राखे; तब यिनीहरूले पवित्र आत्मा पाए। प्रेरितहरूको पुस्तकअनुसार यो पवित्र आत्मा दिइनुभएको चौथो पल्ट भयो। प्रेरित दुई अध्यायमा पवित्र आत्मा पेन्टेकोस्टको दिनमा पहिलो पल्ट दिइनुभयो, जब प्रायः यहूदीहरूले मात्र पवित्र आत्मा पाएका थिए। प्रेरित आठ अध्यायमा, प्रेरित पत्रुस र यूहन्नाको हातरखाइद्वारा विश्वास गर्ने समारीहरूले पवित्र आत्मा पाएका थिए। प्रेरित दस अध्यायमा, सिजरियामा कर्नेलियसको घरानामाथि पवित्र आत्मा ओर्लनुभयो। तिनीहरू अन्यजातिका मानिसहरू थिए। यी तीन ठाउँहरूमा पवित्र आत्माको प्राप्तिमा घटनाक्रमहरू फरक-फरक थिए भन्ने कुराको विषयमा हामीले अघिबाट जानकारी दिइसकेका छौं।

यहाँ प्रेरित उनाइस अध्यायमा पवित्र आत्माको प्राप्तिमा घटनाक्रम यस प्रकारको छः **क)** तिनीहरूले विश्वास गरे, **ख)** तिनीहरूले दोस्रो पल्ट बप्तिस्मा लिए, **ग)** प्रेरित पावलले तिनीहरूमाथि आफ्ना हातहरू राखे, **घ)** त्यसपछि तिनीहरूले पवित्र आत्मा पाए।

प्रभु येशूले पावलको हातरखाइद्वारा यूहन्नाका यी चेलाहरूलाई पवित्र आत्मा दिनुभयो, अनि कसैले 'पावलचाहिँ पत्रुस, यूहन्ना वा अरू प्रेरितहरूभन्दा केही कम छन्' भन्न नपाओस् भन्ने हेतुले उहाँले यसरी नै त्यसको विरोधमा अघिबाट प्रबन्ध गरिसक्नुभयो।

जब यूहन्नाका यी चेलाहरूले पवित्र आत्मा पाए, तब यिनीहरूले विभिन्न भाषाहरूमा बोले र भविष्यवाणी गरे। नयाँ नियमको पुस्तक तयार

नभएसम्म यस प्रकारका अलौकिक शक्तिहरूको प्रदर्शन परमेश्वरको काम गर्ने प्रणाली थियो। अनि यो कुरा विदित छ, कि वर्तमान समयमा मानिसले मुक्ति पाएको क्षणमा पवित्र आत्मा पाउँछ। पवित्र आत्मा पाउँदा प्रापकको जीवनमा कुनै चिन्ह वा अचम्मको काम घट्नुपर्दैन, अँ, उसले कुनै भावावेश पाउनु पनि पर्दैन। पवित्र आत्मा पाएको एकमात्र पक्का, विश्वासयोग्य गवाही पवित्र धर्मशास्त्र बाइबलको नयाँ नियमको साक्षी हो। *प्रकाशकको टिप्पणीः* रोमी ८:१६ र यूहन्ना ५:९-१० पदअनुसार पवित्र आत्माको गवाही मानिसको अन्तरात्माभित्र हुन्छ।

जब कुनै मानिसले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्छ, तब तत्कालै पवित्र आत्मा उसमा वास गर्नुहुन्छ; ऊमाथि पवित्र आत्माको छाप लगाइएको हुन्छ। मुक्ति पाएको कुरा पक्कापक्की गर्न उसले पवित्र आत्मा बैनास्वरूप पाएको हुन्छ। उसले आत्माको अभिषेक पाएको हुन्छ। अनि आत्माको बप्तिस्माद्वारा उसको बप्तिस्मा ख्रीष्टको शरीरभित्र भएको हो। तर यति भनेपछि, विश्वासीको जीवनमा पछि कुनै समयमा पवित्र आत्माको सम्बन्धमा आपत् र बिचल्लीहरू आउन सक्छन् भन्ने कुरा हामीले इन्कार गरेका छैनौं। अनि कतिपल्ट सर्वसत्ताक पवित्र आत्मा कुनै-कुनै व्यक्ति विशेषमाथि यस प्रकारले ओर्लेर आउनुहुन्छ, कि उहाँले उनीहरूलाई विशेष सेवाका कामहरूका निम्ति शक्ति दिनुहुन्छ, उनी-हरूलाई आफ्नो विश्वासको साक्षी दिन ठूलो साहस दिनुहुन्छ र उनीहरूभित्र हराएका आत्माहरूका निम्ति ठूलो बोझ हालिदिनुहुन्छ। यो कुरा नकार्न सकिँदैन, र नकारिँदैन पनि।

**प्रेरित १९:८:** तीन महिनासम्म विश्रामदिनहरूमा पावल एफेससको सभाघरमा जान्थे। त्यहाँ तिनले परमेश्वरको राज्यका कुराहरूको विषयमा तर्कवितर्क गर्थे र विश्वास दिलाउँथे। तर्कवितर्क गर्नुको अर्थअनुसार तिनले मानिसहरूको दिमागमा समझका कुराहरू हाल्न खोजे। अनि विश्वास दिलाउनुको मतलब हामी कसरी लिनु उचित छ? तिनले यस प्रकारले मानिसहरूको इच्छा र चाहना जगाउन चाहे, कि तिनीहरूले प्रभु येशूमाथि विश्वास गरून् र उहाँलाई परमेश्वरको अभिषिक्त ख्रीष्टको

रूपमा ग्रहण गरून्। अनि तिनका उपदेशहरूको एकमात्र विषयवस्तु परमेश्वरको राज्य र त्यससित सम्बन्धित कुराहरू थियो।

यस सम्बन्धमा श्री सी. ई. स्टूवर्टले आफ्नो स्पष्टीकरण यसो दिएका छन्ः

> 'मैले तपाईंहरूलाई निम्न कुरा याद दिलाउनुपर्छः पावलले परमेश्वरको राज्यको सुसमाचारचाहिँ प्रचार गरेनन्। यसो गर्नु युगअनुरूपको कुरा हुनेथिएन। प्रभु येशूले परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्नुभयो; तर उहाँको मृत्युमा त्यो स्थगित भयो। भविष्यमा कुनै दिनमा त्यसको सुसमाचार फेरि प्रचार गरिनेछ (मत्ती २४:१४; प्रकाश १४:६-७)। तर यहाँ यस ठाउँमा पावलले मानिस-हरूसित परमेश्वरको राज्यको विषयमा किन तर्कवितर्क गरे? किनभने परमेश्वरको राज्य हालैमा संसारमा छ।' **73)**

**प्रेरित १९:९-१०:** कतिजना यहूदी मानिसहरू कठोर भए, र विश्वास गरेनन्। जब कसैको हृदय कठोर हुन्छ, र अविश्वासमा त्यसको चाहना मरेको हुन्छ, तब त्यसले प्रभु येशूको विरोधमा खराब बोल्न थाल्छ। यहाँ ठीक यस्तै भयो। तिनीहरूले मुक्तिको मार्गको विरोधमा भीड़लाई उभाड़्न लागे। तब पावल सभाघरबाट निस्के; अनि तिनले चेलाहरूलाई यहूदीहरूबाट अलग पारे। तिनले उनीहरूलाई टुरान्नसको पाठशालामा भेला गरे, जहाँ तिनले दिन-प्रतिदिन उनीहरूलाई स्वतन्त्रतापूर्वक शिक्षा दिन पाउँथे। टुरान्नस को थिए? सर्वमान्य विचारअनुसार उनी एक स्थानीय बासिन्दा थिए, जसले त्यो विद्यालय खोलेका थिए, जहाँ उनले दर्शनशास्त्र वा साहित्यशास्त्रको कक्षा दिन्थे। दुई वर्षसम्म प्रेरित पावलले एफेससमा चेलाहरू बनाउँथे, अनि यी तालिमप्राप्त भएका भाइहरू अरू मानिसहरूलाई शिक्षा दिन पठाउँथे। फलस्वरूप के यहूदीहरू, के ग्रीकहरू, सारा एशिया प्रान्तका सबै मानिसहरूले प्रभु येशूको सुसमाचारको वचन सुन्न पाए। यसरी नै तिनका निम्ति एउटा ठूलो, प्रभावकारी ढोका खोलिएको थियो, तर विरोधीहरू पनि धेरै थिए (१ कोरिन्थी १६:९)।

**प्रेरित १९:११-१२:** पावल प्रभु येशूको प्रेरित थिए। यसकारण तिनीसँग चिन्हहरू र आश्‍चर्यकर्महरू गर्ने वरदान थियो, यहाँसम्म कि तिनले छोएका रुमालहरू वा गम्छाहरू बिरामीहरू र दुष्ट आत्मा लागेका मानिसहरूकहाँ लगिन्थे र तिनीहरू निको हुन्थे। यी अलौकिक शक्तिहरूको प्रदर्शन यस प्रकारको थियो। यी चिन्ह र आश्‍चर्यकर्महरू तिनको प्रेरितपनाका पक्का प्रमाणहरू थिए, जसले तिनले प्रचार गरेको सुसमाचारको वचन पुष्टि गर्दथिए। अब आफूलाई यो प्रश्‍न पनि सोधौंः 'के अचेल पनि यस प्रकारका अचम्मका कामहरू दोहोरिन्छन् ?' पहिले यो भनिहालौंः परमेश्‍वरको पवित्र आत्मा सर्वअधिकारी हुनुहुन्छ। यसकारण उहाँले जे गर्न चाहनुहुन्छ, त्यो पनि पूरा गर्नुहुन्छ। तर यो पनि हामीलाई स्वीकार गर्न करै लाग्छः प्रेरितहरू र उनीहरूका प्रतिनिधिहरूसँग उनीहरूलाई वरदानस्वरूपमा दिइएका अलौकिक शक्तिहरू थिए; तर वर्तमान समयमा हामीसँग प्रेरितहरू छैनन्; तब उनीहरूले गरेका अचम्मका कामहरू उनीहरूको समयदेखि लिएर आजको दिनसम्म दोहोरिँदै आए भन्ने कुरामा जिद्दी गर्नु के काम ? तब प्रेरित हुने अर्थ के हो त ? हामी प्रेरितहरूलाई प्रेरित हुन दिऔं, र अहममा नफुलौं !

**प्रेरित १९:१३-१४:** जब परमेश्‍वरले शक्तिको काम गर्नुहुन्छ, तब अनिवार्य रूपले शैतान पनि बाधा दिन र विरोध गर्न खड़ा हुन्छ नै। पावलले प्रचार गर्दैथिए र अचम्मका कामहरू गर्दैथिए; त्यस बेलामा एफेससमा केही झारफुकेहरू पनि निस्के, जो घुमिहिँड्ने यहूदी थिए। यी झारफुकेहरूले प्रभु येशूको नाममा दुष्ट आत्माहरूलाई तिनीहरूद्वारा सताइएका मानिसहरूबाट निस्कने आज्ञा दिए। के प्रभु येशूको नाम यस प्रकारले प्रयोग गर्ने मन्त्र वा सूत्र हो र ? यसो भने पनि कति यहूदीहरूसँग दुष्ट आत्माहरू निकाल्ने शक्ति त थियो; प्रभु येशू स्वयम्‌ले यो कुरा स्वीकार गर्नुभयो (लूका ११:१९)।

यी यहूदी झारफुकेहरूमध्ये स्केवाका सातजना छोराहरू थिए। स्केवा मुख्य पूजाहारी थिए, अर्थात् पूजाहारीहरूका चौबीस दलहरूमाथि अधिकारी थिए। एक दिनको कुरा होः दुष्ट आत्मा लागेको मानिसबाट तिनीहरूले दुष्ट आत्मा निकाल्न लागेका थिए। तिनीहरूले दुष्ट

आत्मालाई आज्ञा गरेर यसो भनेः 'पावलले प्रचार गरेको येशूको नाममा हामी तँलाई आज्ञा गर्छौं।'

**प्रेरित १९ः१५-१६ः** तिनीहरूले त्यस बेलामा ठीक शब्दहरू प्रयोग गरे होलान्, तर तिनीहरूमा अधिकार भने थिएन; यसकारण दुष्ट आत्माले तिनीहरूको आज्ञा पालन गरेन। दुष्ट आत्माले दिएको जवाफमा प्रकाश दिलाउने ज्ञान छः 'येशूलाई म चिन्छु, पावललाई पनि चिन्छु, तर तिमीहरूचाहिँ को हौ ?'

यस सम्बन्धमा श्री एफ. बी. मेयरले खूब मजाको टिप्पणी दिएका छन्, जुन टिप्पणि हामी यहाँ प्रस्तुत गर्दछौंः

> 'स्केवाका छोराहरूले दुष्ट आत्मा निकाल्ने काम शुरु मात्र गरेका थिए, जब त्यस दुष्ट आत्माले तिनीहरूलाई आक्रमण गरेर भन्योः "हे फुच्चेहरू, हे तीनफुटेहो, तिमीहरू को हौ ? पावललाई म चिन्छु; तर तिमीहरूलाई चाहिँ म चिन्दिनँ। मैले तिमीहरूको विषयमा आजको दिनसम्म कहिल्यै सुनेको छैनँ। अँह, अहिलेसम्म नरकमा तिमीहरूको कुरा चलेन। त्यहाँ तिमीहरूलाई चिन्ने कोही पनि छैन। एफेससदेखि बाहिर तिमीहरूको नाम चलेको छैन रहेछ।"
>
> अनि यस घटनाबाट आज यो प्रश्न मैले आफूलाई सोधेको छुः "के तल नरकमा कसैले मलाई चिनेको छ त ?" के दुष्ट आत्माहरूले हामीलाई चिनेका छन् ? के तिनीहरू हामीबाट डराइरहेका छन् ? के हामी तिनीहरूका निम्ति आतङ्कको कारण बनेका छौं, कि उल्टा तिनीहरू हामीमाथि आइलाग्लान् ? जब हामी आइतबारको दिनमा वचन प्रचार गर्छौं, जब हामी अरू दिनहरूमा मानिसहरूलाई बाटोमा भेट्छौं, जब हामी बाइबल-कक्षा चलाउँछौं वा सण्डे-स्कूलमा शिक्षा दिन्छौं, तब शैतानले के भन्ला ? "तिमीहरूमाथि म किन ध्यान दिऊँ ? तिमीहरू त मेरा निम्ति भुसुनाजतिकै पनि छैनौ। तिमीहरूले जे-जे गर्छौ, गर्दै गर ! किनकि तिमीहरू एउटा सिन्काधरि भाँच्न सक्दैनौ; तब तिमीहरूलाई म किन रोकूँ ? नरकको शान्ति किन भङ्ग गरूँ ?" ' **74)**

यसमा चाखलाग्दो कुरा के हो भने, दुष्ट आत्मा र दुष्ट आत्मा लागेको मानिसको बीचमा पवित्र धर्मशास्त्रले यस खण्डमा छुट्ट्याउँछ। पन्ध्र पदमा

दुष्ट आत्मा बोल्यो भने, सोह्र पदमा दुष्ट आत्मा लागेको मानिस स्केवाका छोराहरूमाथि झम्ट्यो, त्यसले तिनीहरूलाई वशमा पार्‍यो, तिनीहरूलाई नाङ्गो पार्‍यो, अँ, घायल पार्‍यो ।

**प्रेरित १९:१७:** तिनीहरूले शैतानको फौजसित कसरी हारे भन्ने कुरा एफेससको चारैतिर सुनियो; अनि ठूलो डरले मानिसहरूलाई छोप्यो, र प्रभु येशूको नामको महिमा भयो। पावलको नामको महिमा होइन, तर पावलको मुक्तिदाता प्रभुको नामको महिमा पो भएको रहेछ।

**प्रेरित १९:१८-१९:** विभिन्न प्रकारले जादुको विद्याको सहारा लिनेहरूको बीचमा परमेश्‍वरको आत्माको काम यति शक्तिशाली थियो, कि सङ्ख्यामा धेरैजना आ-आफ्ना कामहरू मानिलिँदै ख्रीष्ट येशूकहाँ फर्के। तिनीहरूले आफ्नो विश्‍वासको पक्का प्रमाण दिए; तिनीहरूले आ-आफ्ना जादुविद्याका किताबहरू जम्मा गरेर तिनलाई सबैको सामु आगोमा जलाइदिए। यी किताबहरूको दाम पचास हजार चाँदीका रुपियाँ थियो। आजभोलि त्यसको मूल्य कति हो, सो भन्न गाह्रो पर्ला; तर त्यो त लाखौं रुपियाँ हुनुपर्छ।

**प्रेरित १९:२०:** सार्वजनिक साक्षीको रूपमा यस प्रकारका अन्य-जातिहरूका आचरणहरू फालेको कार्य प्रभुको वचन शक्तिसित बढ्ने र विजयी हुने कारण भयो। हुन सक्छ, यदि वर्तमान इसाईहरूले आफ्ना काम नलाग्ने किताबहरू र पत्रिकाहरू जलाएका भए वचनको प्रभाव पनि बढ़ी हुनेथियो कि ?

**प्रेरित १९:२१:** पावल एफेससमा बसेको समय सकिँदैथियो। तिनले म्यासिडोनिया र अखैयाबाट भएर यरूशलेममा जाने इच्छा गरे। त्यसपछि तिनी रोममा जानेथिए। यी महात्माको हृदयमा प्रेम र दया बसेको थियो; यसकारण तिनको मनमा सधैं सुसमाचार नपुगेका ठाउँहरूमा 'जाऊँ कि जाऊँ' भइरहेको थियो। ख्रीष्टको सुसमाचार यी मूल-केन्द्रहरूमा पुग्नुपर्छ, र त्यहाँबाट अन्य ठाउँहरूतिर अघि बढ्नुपर्छ।

**प्रेरित १९:२२:** तिनले तिमोथी र एरास्टसलाई आफ्नो सामु म्यासिडोनियामा पठाए, तर तिनी केही समयसम्म एशियामा रहे। हुन

सक्छ, यस समयमा अर्थात् इस्वी संवत् ५६ सालतिर तिनले पहिलो कोरिन्थीको पत्र लेखे होलान्।

**प्रेरित १९:२३-२७:** पावलको सेवकाइको फलस्वरूप एफेससका धेरै मानिसहरूले आफ्ना मूर्तिहरूलाई छोड़े, र प्रभु येशूकहाँ फर्के। यस शहरमा आत्मिक जागृति यति व्यापक थियो, कि त्यसले मूर्तिका कलाकारहरूमा निक्कै असर पार्‍यो। तीमध्ये चाँदीको काम गर्ने सुनार डेमेट्रियसको पनि आम्दानी सुकिगयो। त्यसले अर्टेमिस देवीका[75) ससाना थानहरू बनाउँथ्यो। डेमेट्रियस आफ्नो शिल्पसंघको पक्षमा आवाज उठाउने भयो। यसकारण त्यसले आफ्नो संघका सबै सङ्गी-कारिगरहरूलाई भेला पार्‍यो र तिनीहरूलाई पावलको विरोधमा कुनै निश्चित कदम चाल्न उभाड्न खोज्यो। त्यसले तिनीहरूलाई सम्झायो, कि एशियाभरि पावलले धेरै मानिसहरूलाई मनाइसकेका थिए र 'मानिसहरूका हातले बनाइएका थोकहरू ईश्वरै होइनन्' भन्ने कुरा देखाउनुमा यति सफल भएका थिए। यसर्थ तिनीहरूको कामधान्दा पूरा घट्ने खतरा थियो। त्यसको गुनासो यही रहेछ। त्यसको उभाड्ने खास कारण यही थियो; तर त्यसले आफ्नो स्वार्थमा धर्मको भेष लगाइदियो र अर्टेमिस देवी र यसको मन्दिरप्रति आफ्नो ठूलो श्रद्धाभक्ति देखाउने बहाना गर्‍यो।

**प्रेरित १९:२८-३१:** सुनारहरूको यस बैठकबाट कुरा अगाड़ि बढ्यो र एकैक्षणमा सारा शहरभरि उत्तेजित भीड़को हलचल मच्चियो। 'एफेससका बासिन्दाहरूकी अर्टेमिस महान् हुन्' भन्ने नारा लगाउँदै त्यो भीड़ स्टेडियमभित्र कुद्‍यो, र बाटोमा पावलका दुईजना सङ्गीयात्री गायस र अरिस्टार्खसलाई पक्रेर साथमा लग्यो। उनीहरूलाई मार्ने केही बेर लाग्दैनथियो। पावल आफूले पनि स्टेडियममा जाने इच्छा गरे। तिनले उत्तेजित भीड़लाई सम्झाउन चाहे। तर चेलाहरूले तिनलाई यसो गर्न दिएनन्, न ता एशियार्कीहरूले तिनलाई त्यहाँ जान दिए। एशियार्की भन्नाले एशिया-प्रान्तका शहरहरूका संसदीय सदस्यहरू थिए, जसले आफ्नो खर्चमा देवीदेवताहरूको नाममा विभिन्न पर्वहरूको आयोजना गर्थे। यी संसदीय भलादमीहरूमा कतिजना पावलका मित्र थिए, जसले तिनलाई

स्टेडियममा जानुबाट रोकेका थिए; किनभने यसो गर्न तिनका निम्ति खतरनाक थियो ।

**प्रेरित १९ः३२ः** त्यस बेलासम्म त्यस भीड़को सञ्चालन असम्भव भइसकेको थियो । वास्तवमा मानिसहरूमध्ये धेरैलाई आफू त्यहाँ भेला भएको कारणधरि थाहा थिएन । चारैतिरबाट आवाजहरू कराइउठे, तर ती मानिसहरूले केको निम्ति आफ्नो आवाज उठाए, सो स्पष्ट भएन ।

**प्रेरित १९ः३३-३४ः** यहूदी अलेकजान्डर अगाड़ि ल्याइयो, जसले ती मानिसहरूसित बोल्ने कोशिश गर्‍यो । निश्चय उसले यसो गर्दा यहूदीहरूको पक्षमा बोल्न र तिनीहरू यस कुरामा बिलकुल निर्दोष छन् भन्ने कुरा पेश गर्न खोजेको थियो । तर ऊचाहिँ यहूदी रहेछ भन्ने कुरा थाह पाएपछि मानिसहरूले उच्च सोरमा फलाकेर दुई घण्टासम्म यसो भन्दै कराइरहेः 'एफेससका बासिन्दाहरूकी अर्टेमिस महान् हुन् ! !'

**प्रेरित १९ः३५ः** ठीक समयमा शहरको सचिव त्यहाँ आइपुगे, जसले त्यस भीड़लाई शान्त पार्न सके । उनको भाषणको सफलता केमा थियो ? उनले मानिसहरूको आगोरूपी उत्तेजनामा पानी हाल्न सके, बस जति । किनभने उनले भन्न चाहेको कुरा यस प्रकारको छः 'हे एफेसीहरूहो, तिमीहरूलाई केको डर ? एफेसस शहर महादेवी अर्टेमिसको मन्दिरको रक्षकको रूपमा नियुक्ति भएको कुरा सारा संसारका मानिसहरूलाई थाहै छ ।' हुनु त, एशिया प्रान्तका तेह्रवटा शहरहरू त्यसको मन्दिरको सेवामा अंशग्रहण गरे, तर पूरा पवित्र देवालयचाहिँ एफेसीहरूको हातमा थियो । अर्टेमिसको मूर्तिको संरक्षाको अभिभारा तिनीहरूको सौभाग्य थियो, जुन मूर्ति सीधा स्वर्गबाट झरेको थियो अरे ।

**प्रेरित १९ः३६-४०ः** शहरको सचिवले भन्दै गए, कि तिनीहरूको धर्मका सनातान जगहरू कहिल्यै कुनै हालतमा पनि डगमगाउन सकिँदैनन्; अर्टेमिसको पूजा कसैले रोक्न सक्नेछैन नै । यसकारण यति सानो कुरामा उपद्रव किन गरेको त ? यस्तो मूर्ख काम नगरौं ! जुन मानिसहरूको विरोधमा तिनीहरूले आवाज उठाए, ती मानिसहरूले न मन्दिर लुट्ने, न अर्टेमिसको निन्दा गर्नेहरू हुन् । अनि डेमेट्रियस र उसका सङ्गी-कारिगरहरूसँग कसैको विरोधमा केही अभियोग छ भने अदालत

नियमित रूपले चल्छ। अनि अञ्चलाधीशहरू ती मानिसहरूद्वारा पेश गरिएका आरोपहरू सुन्न राजी छन्। अनि अरू कुनै विषयमा केही भन्नु छ भने, नियमित सभाहरूमा सुसम्पन्न हुँदा सबैका निम्ति बोल्ने मौका छँदैछ। तर आजचाहिँ एक उत्पाती अवैध हूलदङ्गा मच्चिरहेको छ। रोमी सरकारले यस प्रकारका गतिविधिहरू मन नपरेर सधैं गम्भीरतासाथ हेर्थ्यो। अनि उत्तेजित भीड़ किन भेला भएको छ, सो सम्बन्धमा हामीले लेखा दिनुपरेको बेलामा हामीले यसको निम्ति उचित कारणहरू देखाउन सक्नेछैनौं। अनि यसको खबर रोममा पुग्यो भने उनको जागिर, साथै उनको ज्यान पनि खतरामा पर्नेछ भन्ने कुरा शहरको सचिवलाई थाहा थियो।

**प्रेरित १९:४१:** यति भनेपछि उत्तेजित भीड़ शान्त भयो। अनि मानिसहरू छिटो-छिटो आफ्नो बाटो लागे।

> 'एफेससमा पावलको सेवकाइ केले अन्त गरिदियो ? यसमा हामीलाई अनौठो के लाग्छ भने, त्यस उत्तेजित भीड़को हूलदङ्गाले होइन, तर यस शहरको सचिवले पो अन्त गरेछन्, जो जनताको बीचमा शान्ति कायम राख्न खड़ा भए, र आफ्नो अधिकार चलाए। जबसम्म विरोधको काम भइरह्यो, तबसम्म पावलले एफेससमा सुअवसररूपी सुसमाचारको ढोका खुला रहेको महसुस गरे (१ कोरिन्थी १६:८-९)। तर जब शहरको प्रशासनबाट तिनका निम्ति सुरक्षाको प्रबन्ध गरियो, तब तिनी त्यहाँबाट अघि बढ़े।'    सङ्कलित

प्रेरित १९:३२, ३९ र ४१ पदमा 'सभा' अनुवाद गरिएको शब्दचाहिँ 'एक्लेसिया' भन्ने ग्रीक शब्दबाट अनुवाद गरिएको हो, जसको भावात्मिक अर्थ 'जनताबाट सभामा बोलाइएको जमात' हो। यही ग्रीक शब्द नयाँ नियमभरि धेरै पल्ट 'मण्डली' अनुवाद गरिएको छ। अनि चाहे यहाँजस्तै उत्तेजित भीड़, चाहे प्रेरित ७:३८ पदमा जस्तै इस्राएलीहरूको समुदाय, अथवा नयाँ नियमको मण्डली होस्, यी तीनै कुराहरूका निम्ति यो 'एक्लेसिया' भन्ने शब्द प्रयोग गरिएको छ। अङ्ग्रेजीको कुरा होः चर्च वा किर्क भन्ने शब्द 'कुरियके'बाट आएको हो, जसको अर्थ 'प्रभुको' हो। तर वर्तमान समयमा चर्च भन्नासाथ गिर्जाघर बुझिन्छ। यही कारणले गर्दा

ख्रीष्ट-विश्वासीहरूलाई अर्को शब्द प्रयोग गर्न बाध्य भयोः 'एसेम्ब्ली' अर्थात् 'सभा'। सभा वा मण्डली भन्ने शब्दबाट कुनै भवन बुझिँदैन, न ता सी.एन.आई., सी.एस.आइ. आदि नामले चिनिएका अन्य संयुक्त मण्डलीहरूको संगठन वा मत बुझ्न सकिन्छ, तर भेला भएका मानिसहरूको झुन्ड बुझिन्छ।

**प्रेरित २०:१:** यस पदबाट के बुझिन्छ भने, प्रेरित पावल एफेससबाट सीधा म्यासिडोनियामा गए। तर दोस्रो कोरिन्थीको पत्रबाट तिनी पहिले त्रोआसमा गएको कुरा थाह लाग्छ। त्यस ठाउँमा तिनले सुसमाचार प्रचार गर्न एउटा खुला ढोका पाए। तर तिनले तीतसलाई भेट्न खूबै चाहना गर्थे; किनभने कोरिन्थका विश्वासीहरूले तिनको पहिलो पत्र कसरी ग्रहण गरे, सो कुरा तिनले उनीबाट जान्न चाहे। तर तीतस त्रोआसमा थिएनन्। यसकारण तिनले एगेयी समुद्र पार समुद्रको यात्रा गरे, र त्यसको उत्तरपूर्वको कुनामा परेको म्यासिडोनियामा आइपुगे। निश्चय तिनी नेयापोलिस नामक बन्दरगाहमा उत्रेको हुनुपर्छ, जहाँबाट तिनले समुद्रको किनारबाट फिलिप्पीसम्म पैदल-यात्रा गरे। म्यासिडोनियामा हुँदा, हुन सक्छ, फिलिप्पीमा हुँदा पावलले तीतसलाई भेटे। कोरिन्थबाट राम्रो खबर सुन्न पाउँदा तिनले ठूलो प्रोत्साहन पाए। यस समयमा अर्थात् इस्वी संवत् ५६ सालमा तिनले दोस्रो कोरिन्थीको पत्र लेखेका हुनुपर्छ (२ कोरिन्थी १:८-९; २:१२-१४ र ७:५-७)।

**प्रेरित २०:२-३[क]:** म्यासिडोनियामा तिनले केही समयसम्म सेवा गरे, त्यसपछि तिनी दक्षिणतिर लागे, र ग्रीस देशमा आए; हुन सक्छ, तिनी कोरिन्थमा पुगे; अनि तिनी तीन महिना त्यहाँ बसे। त्यस अवधिमा तिनले रोमीहरूलाई आफ्नो पत्र लेखे। हुन सक्छ, तिनले गलातीको पत्र पनि यही समयभित्र लेखे, जसरी कतिले अनुमान लगाएका छन्।

**प्रेरित २०:३[ख]:** पहिलो योजनाअनुसार पावलले कोरिन्थदेखि सीधा एगेयी समुद्र पार गरेर सिरियामा यात्रा गर्ने इच्छा गरे। तर यहूदीहरूले बाटोमा ढुकेर तिनलाई मार्ने षड्यन्त्र गरेको कुरा जब पावलले चाल पाए, तब तिनले आफ्नो योजना बदली गरे, अनि उत्तरमा लागेर तिनी म्यासिडोनियाबाट भएर फर्के।

**प्रेरित २०ः४ः** यस पदमा हामी पावलका सङ्गी-यात्रीहरूका नामहरूको परिचय पाउँछौं। उनीहरूले तिनलाई एशियासम्म साथ दिए भन्ने कुरा लेखिएको छ; तर हामी जान्दछौं, कि कतिजना तिनलाई रोमसम्म पनि साथ दिए।

*बेरियाको सोपट्रोसः* हुन सक्छ, उनको नाम सोसिपाटर पनि हो; तब उनी पावलको आफन्त हुन सक्छन्, जसको नाम रोमी १६ः२१ पदमा उल्लेख गरिएको छ।

*थेस्सलोनिकीबाट अरिस्टार्खसः* एफेससको हूलदङ्गामा तिनले झन्डै आफ्नो ज्यान गुमाए (प्रेरित १९ः२९)। पछि रोममा तिनी पावलसँग झ्यालखानामा हालिए (फिलेमोन १ः२४; कलस्सी ४ः१०)।

*सेकुन्डसः* उनी पनि थेस्सलोनिकीका थिए; उनले पावललाई एशियासम्म साथ दिए, हुन सक्छ, त्रोआस वा मिलेटसम्म।

*डेर्बेको गायसः* तिनी म्यासिडोनियाको गायस होइनन्, जसलाई उत्तेजित भीड़ले पक्र्यो (प्रेरित १९ः२९)। अनि अर्को गायस पनि छन्, जो कोरिन्थको गायस हुन्, जसले पावलको अतिथि-सत्कार गरे (रोमी १६ः२३)। अनि यूहन्नाको तेस्रो पत्रमा फेरि अर्को एकजना गायस छन्, जो एफेससनिर कुनै गाउँमा बसे। यसबाट गायसको नाम व्यापक थियो भन्ने बुझिन्छ।

*तिमोथीः* उनले पावललाई एशियासम्म साथ दिए, त्यसपछि रोममा पावल पहिलो पल्ट जेलमा हालिँदा उनी पनि तिनको साथमा थिए। पछि उनले पावलसित एशिया-प्रान्तभरि यात्रा गरे। अनि तिमोथीलाई लेखेको दोस्रो पत्रअनुसार पावलले उनलाई फेरि पनि भेट्ने इच्छा गरे। तर उनीहरूको बीचको यो भेट भयो कि भएन, सो हामी जान्दैनौं।

*एशियाको तुखिकसः* तुखिकस एशिया माइनरको बासिन्दा थिए, जसले प्रेरित पावललाई मिलेटससम्म साथ दिए होलान्। पछि उनले पावललाई रोममा भेटे; उनले पावलसँग तिनी दोस्रो पल्ट जेलमा नहालेसम्म काम गरे; पावल झ्यालखानामा बसुन्जेल उनी तिनीसँग रहे।

*ट्रोफिमसः* उनी एफेससको जन्मजात अन्यजातिको मानिस थिए। उनी पावलसँग यरूशलेममा गए; अनि अनजानमा उनी त्यहाँ पावल पक्राउ

परेको कारण बने। अनि २ तिमोथी ४ः२० पदमा उनको नाम फेरि उल्लेख गरिएको छ।

**प्रेरित २०ः५-६ः** पावल र लूका फिलिप्पीको भ्रमण गर्दाखेरि यी सातजना भाइहरू पावलको अगाड़ि त्रोआसमा गए जस्तै देखिन्छ। लूका पावलको साथमा थिए भन्ने कुरा हामी यसैबाट बुझ्छौंः उनले प्रेरित २०ः५ पदमा 'हामीलाई' र २०ः ६ पदमा 'हामी' भनेर प्रथम-पुरुषको सर्वनाम प्रयोग गरेका छन्। अखमिरी रोटीका दिनहरू अर्थात् निस्तार-चाड़ बितेपछि पावल र लूका म्यासिडोनियाबाट समुद्रको यात्रा गरेर त्रोआसमा आइपुगे। यो यात्रा पूरा गर्न पाँच दिन लाग्दैन। तर कुन कारणले ढिलो भयो, सो स्पष्टीकरण दिइएको छैन।

**प्रेरित २०ः७-९ः** यस खण्डमा प्रेरित २०ः६ र ७ पद तुलना गर्दा के थाहा लाग्छ भने, प्रेरित पावल त्रोआसमा सात दिन पर्खेको कारण प्रभुको दिनमा प्रभु-भोज मनाउनु थियो। अनि सात पदबाट स्पष्ट छ, कि शुरुका विश्वासीहरूको आदतअनुसार उनीहरू प्रभु-भोज मनाउन हप्ताको पहिलो दिनमा भेला हुन्थे।

पावल मध्यरातसम्म बोलेकोमा तपाईं छक्क नपर्नुहोला! जब कुनै मण्डलीमा आत्मिक न्यानोपनरूपी तापक्रम बढ़ेको छ, तब परमेश्वरको आत्माले स्वतन्त्रतापूर्वक काम गर्न पाउनुहुन्छ, अनि त्यहाँ निर्धारित समयमा सभा सिद्ध्याउनुपर्ने बन्धन रहँदैन। त्यस विशेष रातमा सेवा लम्मिँदै जाँदाखेरि माथिल्लो कोठामा हपहपी गर्मी भएको थियो। हुन सक्छ, धेरै बत्ती बलिरहेका हुनाले वातावरण यस्तो थियो कि? हुन सक्छ, धेरै मानिसहरू भेला भएको कारण हावा गुम्सिएको थियो। यूटिखस, त्यो जवान मानिस खुला झ्यालमा बसिरहेको थियो। ऊ भुसुक्कै निदायो; अनि त्यहाँबाट ऊ तीन तलामनि खसेर ठहरै भयो।

**प्रेरित २०ः१०ः** तर पावल तल गए, र त्यस जवान मानिसको शरीरमाथि पस्रिए, पुरानो समयका भविष्यवक्ताहरूले गरेझैं। त्यसपछि तिनले 'यूटिखस जिउँदै छ; हल्ला नगर' भन्ने घोषणा गरे। *'किनकि उसको प्राण ऊभित्र छँदैछ'* भन्ने पावलका शब्दहरूबाट त्यो जवान मानिस मरेको थिएन भन्ने कुरा बुझ्न सकिन्छ; यसकारण मानिसहरूले किन शोक गर्ने?

तर प्रेरित २०:९ पदबाट वास्तवमा यूटिखस मरेको कुरा स्पष्ट हुन्छ। आफ्नो प्रेरितको अधिकार प्रयोगमा ल्याईकन पावलले एउटा अचम्मको काम गरेर उसलाई फेरि जीवित पारे।

**प्रेरित २०:११-१२:** त्यसपछि पावल माथिल्लो कोठामा फर्के; अनि उनीहरूले रोटी भाँचे अर्थात् उनीहरूले प्रभु-भोज मनाए; किनभने यसैका निम्ति उनीहरू भेला भएका थिए (प्रेरित २०:७)। त्यसपछि उनीहरूले खाना पनि खाए, हुन सक्छ, उनीहरूले एउटा प्रेम-भोज लगाएका थिए। मण्डलीका शुरुका दिनहरूमा प्रभु-भोजको साथमा भोजनको सङ्गति पनि गरिन्थ्यो। तर यस दस्तुरको दुरुपयोगले गर्दा बिस्तारै प्रेम-भोज सम्पन्न हुन छोड़ियो (१ कोरिन्थी ११:२०-२२)।

अनि यो पनि नबिर्सौं: रातभरिको यस सभा सकेपछि प्रेरित पावलले त्रोआसका विश्वासीहरूबाट बिदा लिए।

**प्रेरित २०:१३-१५:** त्रोआसबाट पावल पैदलै हिँड़े। तिनी बीस माइल हिँड़िरहे र अस्सोसमा आइपुगे, यसरी नै तिनले यस प्रायदीपरूपी भूभागको स्थलडमरुमध्य पार गरे, जब तिनका सङ्गी-यात्रीहरूले यस भूभागको वरिपरि फन्को मार्दै पानीजहाजको यात्रा गरे। त्यसपछि उनीहरूले तिनलाई यसको दक्षिणपट्टि जहाजमा स्वागत गरे। हुन सक्छ, तिनले एकलै केही समय बिताउन चाहे होलान्, जुन समयमा तिनले परमेश्वरको वचनमाथि मनन गर्न सके।

मिटिलेने भन्ने ठाउँमा आइनपुगेसम्म उनीहरूले एशिया माइनरको पश्चिम किनारमा दक्षिणपट्टि समुद्र-यात्रा गरे। मिटिलेनेचाहिँ लेस्बोस टापुको मुख्य ठाउँ थियो। अनि अर्को रात उनीहरूको जहाजले खियस टापुमा लङ्गरगाह गर्‍यो। फेरि एक दिनको यात्रामा उनीहरू सामोस टापुमा आइपुगे, जहाँ उनीहरूले ट्रोगिल्लियसमा रात बिताए। अन्तमा यो यात्रीगण मिलेटसमा आइपुग्यो। मिलेटसचाहिँ एशिया माइनरको किनारको दक्षिण-पश्चिममा अवस्थित भएको बन्दरगाह थियो, जुन बन्दरगाह एफेससदेखि दक्षिणमा, छत्तीस माइल टाढ़ा थियो।

**प्रेरित २०:१६:** पावलले एफेससमा नजाने, तर त्यो ठाउँ छोड़ेर जाने

इच्छा गरे; किनभने एफेससको भ्रमणले तिनको बढ़ी समय लिनेथियो। किनकि तिनी पेन्टेकोस्टको दिनसम्म यरूशलेममा पुग्न अत्तुर थिए।

**प्रेरित २०ः१७ः** मिलेटसमा उत्रनासाथ पावलले एफेससका एल्डरहरूलाई खबर पठाए; तिनले उनीहरूलाई भेट्ने आह्वान गरे। त्यो खबर एफेससमा पुग्न केही समय लाग्यो। अनि एल्डरहरूलाई दक्षिणी मिलेटसमा आइपुग्न फेरि उत्तिकै समय लाग्यो। तर यस यात्राबाट उनीहरूको ठूलो लाभ हुन लागेको थियो। उनीहरूले यी महान् प्रेरितको मुखबाट एउटा महत्त्वपूर्ण उपदेश सुन्नेथिए। यस उपदेशमा प्रभु येशू ख्रीष्टको आदर्श सेवकको बहुमूल्य चित्रण कोरिएको छ। यसमा हामी यस्तो व्यक्तिको नक्सा देख्छौं, जो मुक्तिदाता प्रभुको भक्तिमा अन्धो सुरले समर्पित र धेरै श्रद्धालु भएका थिए। तिनले समय र असमयमा परिश्रम गर्थे। कहिल्यै नथाक्ने तिनी, कहिल्यै हार नखाने तिनी, कहिल्यै क्लान्त, हैरान नहुने तिनी। तिनमा निष्कपटपूर्ण नम्रता थियो। जुनसुकै त्याग वा जुनसुकै मूल्य चुकाउनदेखि तिनी हट्दैनथिए। तिनको सेवकाइमा फिक्का केही पनि थिएन, तर पूरा मन लगाएरै तिनले प्रभुको सेवा गर्दथिए। तिनमा चोखो साहस र निर्धक्कता थियो। आफू बाँचे पनि, आफू मरे पनि कुनै मतलब थिएन, तर परमेश्वरको इच्छा पूरा भएको हुनुपर्छ, र मानिसहरूले सुसमाचार सुन्नुपर्छ; महत्त्व यसैमा थियो। तिनले गरेका सबै कामहरू स्वार्थरहित थिए। लिनुभन्दा तिनको दिने बानी थियो। कठिनाइहरूले तिनलाई रोक्न सक्दैनथिए। तिनले जे प्रचार गरे, त्यहीअनुसार तिनी जिउँथे।

**प्रेरित २०ः१८-१९ः** शुरुमा प्रेरित पावलले एफेससका एल्डरहरूलाई उनीहरूको बीचमा रहँदाखेरि तिनको रहनसहन केकस्तो थियो, सो कुरा याद दिलाउँछन्। एशिया प्रान्तमा आफ्नो खुट्टा टेकेको दिनदेखि नै र त्यहाँ बसुन्जेल सधैंभरि तिनले मनको सम्पूर्ण नम्रता र आत्मत्यागको साथ प्रभुको सेवा गरिरहे। आफ्नो सेवकाइको सम्बन्धमा तिनको मनोभाव लगातार मानसिक तनाउमा परेको थियो; किनकि शोकका आँशुहरू धेरै र परीक्षाहरू पनि धेरै थिए। यहूदीहरूका दुष्ट युक्तिहरूले गर्दा तिनी निरन्तर

सतावटमा परेका थिए। तर जस्ता विकट परिस्थितिहरूमा पनि आफ्नो सेवा पूरा गर्दै तिनी साहसी र निर्भीक थिए।

**प्रेरित २०:२०-२१:** एफेससका एल्डरहरूबाट उनीहरूलाई आत्मिक फाइदा हुने एउटै पनि कुरा पावलले बाँकी राख्दैनथिए। ख्रीष्ट येशूको प्रेमले विवश भई तिनले उनीहरूलाई सामूहिक रूपले र घर-घरमा शिक्षा दिन्थे। निर्धारित समयहरूमा सम्पन्न गरिएका सेवा-सङ्गतिहरूमा भर परेर होइन, तर हरेक मौका छोपेर तिनले विश्वासीहरूको आत्मिक उन्नति खोज्थे र उनीहरूलाई विश्वासमा उत्साह दिने गर्थे। मानिसहरूको धार्मिक भूमिका र जातित्वमा कुनै भेदभाव नराखी तिनले प्रचार गर्थेः मानिसले पश्चात्ताप गरेर परमेश्वरतिर फर्कनुपर्छ, र प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ। यी दुईवटा आधारभूत कुराहरू सुसमाचारको जग हुन्। मुक्ति पाएको हरेक व्यक्तिले पश्चात्ताप गरेको र प्रभु येशूमाथि विश्वास गरेको हुनुपर्छ। सिक्काका दुईवटा पाताहरू छन् भने सुसमाचारका पनि दुईवटा पाता छन्, जुन पाताहरू पश्चात्ताप र विश्वास हुन्। जबसम्म मानिसले पश्चात्ताप गर्दैन, तबसम्म उसले मुक्ति पाउनलाई विश्वासै गर्न सक्दैन। अनि पश्चात्तापको काम अधूरो हुन्छ, जब पश्चात्तापको साथमा परमेश्वरको पुत्रमाथि राखिएको विश्वास जोड़िँदैन। पश्चात्ताप पापी मानिसको मनभित्रको परिवर्तन हो; उसले आफ्नो हराएको अवस्था परमेश्वरको सामुबाट लुकाउन छोड़ेर आफ्नो लाचारी अवस्था स्वीकार गर्छ; कायल हुँदै उसले न्याय गर्नुहुने धर्मी परमेश्वरको सामु आफ्ना पापको दोष मानिलिन्छ। अनि विश्वासचाहिँ – प्रभु येशूमाथि विश्वास गर्ने मानिसले उहाँलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरेर आफ्नो जीवन उहाँको हातमा सुम्पिदिन्छ।

नयाँ नियमभरि धेरै खण्डहरू छन्, जसमा विश्वास मुक्ति पाउने एकमात्र सर्तको रूपमा प्रस्तुत गरिएको छ। तर विश्वास हुनुभन्दा अघि पश्चात्ताप आउँछ। किनभने मुक्तिदाताका निम्ति कुनै आवश्यकता नदेख्ने मानिसले प्रभु येशूलाई साँचो तवरले मुक्तिदाताको रूपमा कसरी ग्रहण गर्न सक्छ? अनि मानिसको मनमा पापको विषयमा कायल हुने पश्चात्ताप पवित्र आत्माको सेवकाइको फल हो।

**प्रेरित २०:२२-२३:** तिनले एफेससका विश्वासीहरूसँग बिताइरहेको विगत समयमा छोटोमीठो ध्यान लगाएपछि तिनले भविष्यमा आफूमाथि आउन लागेका तिक्त दुःखकष्टहरूमाथि आफ्नो नजर लगाउँछन्। तिनलाई यरूशलेममा जाने बाध्यता भएको छ। तिनी आत्माको यस प्रेरणादेखि उन्मुक्त हुन सकेनन्। यरूशलेममा के-के घटनाहरू घट्नेछन्, सो सम्बन्धमा तिनलाई विस्तृत ज्ञान थिएन, तर तिनलाई बन्धन र कष्टहरूले पर्खिरहेका जानकारी त थियो। अब ती कुराहरू तिनको जीवनको नमीठो भाग बन्नेछन्। पवित्र आत्माले हरेक शहरमा तिनलाई यो कुरा जनाउनुभयो। हुन सक्छ, उहाँले भविष्यवक्ताहरू चलाएर वा कुनै रहस्यमय माध्यमले तिनको आत्माभित्र आफ्नो दिव्य मन प्रकट गर्नुभयो होला।

**प्रेरित २०:२४:** प्रेरित पावलले आफ्नो मनमा त्यो उराठलाग्दो भविष्य मूल्याङ्कन गरेर यस निष्कर्षमा आइपुगेका छन्ः आफ्नो प्राण आफ्नो लागि प्रिय ठान्नुहुँदैन। त्यस दिनसम्म परमेश्वरप्रति आज्ञाकारी रहनु र उहाँलाई सधैं खुशी पार्नु तिनको लक्ष्य थियो। अनि आफ्नो यो लक्ष्य कायम राख्दा तिनले आफ्नो ज्यान दिनुपरेको भए पनि तिनले आफ्नो ज्यान खुशीसाथ दिनेछन्। कुनचाहिँ मूल्यवान् वस्तु हाम्रा निम्ति मर्नुभएको प्रभु येशूलाई बलिदानको रूपमा दिन नसक्ने, हददेखि बाहिर गनिन्छ? पावलका निम्ति यस्तो कुनै कुरा नै थिएन। आफ्नो दौड़ सिद्ध्याउन पाऊँ, र प्रभु येशूबाट पाएको सेवा पूरा गर्न सकूँ – महत्त्व यसैमा छ, मतलब यसैमा छ; किनभने परमेश्वरको अनुग्रहको सुसमाचारको गवाही दिनु तिनले प्रभुबाट पाएको सेवकाइ थियो। पावलले प्रचार गरेको सुसमाचारलाई कुन योग्य नाम दिऔं? यसको सुयोग्य नाम *'परमेश्वरको अनुग्रहको सुसमाचार'* हो। दोषी, भक्तिहीन, पापी मानिसहरूका निम्ति परमेश्वरको सन्देश के हो? अनन्त नरकको ननिभ्ने आगोमा पर्न योग्य अधर्मी मानिसहरूलाई परमेश्वरले के भन्नुहुन्छ? सुन्नुहोस्ः परमेश्वरले ख्रीष्ट येशूमा प्रशस्त निगाहको प्रबन्ध गर्नुभएको छ। परमेश्वरको एकमात्र पुत्रले सर्वोच्च स्वर्गको महिमा छोड्नुभयो; उहाँ गोलगथा भनिने ठाउँमा क्रूसमा दुःख भोग्न, मर्न र आफ्नो पवित्र रगत

बगाउन आउनुभयो। परमेश्वरको प्रेम यसैमा छ। प्रभु येशूमाथि विश्वास गर्नुहोस्, र तपाईंले पापहरूको क्षमा र अनन्त जीवन पाउनुहुनेछ।

**प्रेरित २०:२५-२७:** एफेससका भाइहरूलाई फेरि कहिल्यै भेट्न पाइनेछैन रहेछ भन्ने कुरा पावललाई निश्चित थाहा थियो। तर उनीहरूलाई यसरी छोड्नुपर्दा पनि तिनको विवेक सफा थियो; किनभने उनीहरूका निम्ति परमेश्वरको सम्पूर्ण मनसाय/इच्छा के थियो, सो तिनले उनीहरूबाट लुकाएनन्, तर पूर्ण रूपले बताइछोड़े। तिनले उनीहरूलाई सुसमाचारका क-ख-ग मात्र सिकाउँदैनथिए, तर भक्तिले पूर्ण जीवन यापन गर्नका निम्ति आवश्यक हुने सबै तथ्यहरू सुम्पिदिए।

**प्रेरित २०:२८:** अबदेखि उसो तिनले उनीहरूलाई यस धरतीमा कहिल्यै भेट्नेछैनन्। यसकारण तिनले यी एल्डरहरूलाई उनीहरूको कार्यभारको ठूलो जिम्मेवारी यहाँ फेरि एकपल्ट सुम्पन्छन्: पहिले उनीहरूले आफ्नो आत्मिक अवस्थाको फिक्री गर्नुपर्छ। उनीहरूले प्रभुको सङ्गतिमा जिउनुपर्छ, नत्र ता उनीहरूले मण्डलीका विश्वासीहरूलाई आत्मिक अगुवाइ र मार्गदर्शन गर्न सक्नेछैनन्।

एल्डरहरूको नाताले उनीहरूको जिम्मेवारी यस प्रकारको छ: उनीहरू सम्पूर्ण बगालको विषयमा होशियार रहनुपर्छ, जुन बगालमाथि पवित्र आत्माले उनीहरूलाई अध्यक्षहरू तुल्याउनुभयो। अघि बताएअनुआर नयाँ नियमभित्र मण्डलीको हेरचाह गर्ने अध्यक्षहरूलाई बिशप, एल्डर र प्राचीन भन्ने नाम दिइएको छ। बी.एस.आइ.को अनुवादमा उनीहरूलाई धर्मगुरु वा धर्माधिकारी भन्ने नाम दिइएको छ। यस पदअनुसार स्थानीय मण्डलीबाट एल्डरहरू नियुक्त नगरिँदा रहेछन्। उनीहरू पवित्र आत्माद्वारा हेरचाह गर्ने अध्यक्ष तुल्याइन्छन्। ख्रीष्ट-विश्वासीहरूले यस्ताहरूलाई उनीहरूको कामबाट चिन्न सक्छन्, जुन विश्वासीहरूको बीचमा उनीहरूले प्रभुको सेवामा परिश्रम गर्दछन्।

अरू जिम्मेवारीहरू पनि छन्, जस्तै उनीहरूले परमेश्वरको मण्डलीलाई चराउनुपर्छ। उनीहरूको दायित्व कति ठूलो छ, सो कुरा निम्न शब्दहरूले बयान गर्छन्: *'उहाँले आफ्नो रगतले किन्नुभएको'* मण्डली उनीहरूको हातमा सुम्पिएको हो। यो वाक्य बाइबलका

विद्वान्‌हरूको बीचमा विवादको विषय भएको हो। परमेश्वर आत्मा हुनुहुन्छ; तब परमेश्वरले आफ्नो रगत कसरी बगाउन सक्नुहुन्छ? प्रभु येशूले आफ्नो रगत बगाउनुभयो; अनि प्रभु येशू परमेश्वर हुनुहुन्छ। तर परमेश्वर मर्नुभएको वा रगत बगाउनुभएको कुरा पवित्र धर्मशास्त्र बाइलमा कहीं लेखिएको छैन।

यो पाण्डुलिपिको कुरा हो। नयाँ नियमका अधिकांश पाण्डुलिपिहरूमा कि त प्रभुको मण्डली कि त परमेश्वरको मण्डली लेखिएको छ। अनि 'उहाँले आफ्नो रगतले किन्नुभएको' वाक्यले कि त प्रभुलाई, कि त परमेश्वरलाई नै सङ्केत गर्छ, र परमेश्वरले आफ्नो रगत बगाउनुभएको कुरा पुष्टि गर्छ।

तर हुन सक्छ, श्री जे. एन. डार्बीले आफ्नो अनुवादमा सठीक अर्थ लगाएका छन्, जब उनले यस वाक्यको अनुवाद यसो गरेका छन्: 'परमेश्वरको मण्डली, जुन मण्डली उहाँले आफ्नो पुत्रको रगतले किन्नुभएको छ।' परमेश्वर स्वयम्‌ले आफ्नो मण्डली किन्नुभएको छ, तर उहाँले आफ्नो पुत्र, प्रभु येशूको रगतले यसो गर्नुभएको छ, जो हाम्रो सर्वधन्य, परमधन्य प्रभु हुनुहुन्छ।

**प्रेरित २०:२९-३०:** पावललाई राम्ररी थाहा थियो, कि तिनी गइसकेपछि मण्डलीले बाहिरबाट र भित्रबाट हमलाहरूको सामना गर्नुपर्नेछ। झूटा शिक्षकहरूले भेड़ाको भेष लिएर ब्वाँसाहरूले जस्ता मण्डलीका विश्वासीहरूलाई शिकार गर्छन् र दयामाया नगरी मण्डलीलाई लुट्नेछन्। अनि मण्डलीभित्रबाट पनि मानिसहरू उठ्नेछन्, जसले प्रमुख स्थानहरू ओगट्ने इच्छा राखेका हुनाले सत्यतालाई टेढ़ामेढ़ा पार्नेछन् र आफ्नो पछि सकभर धेरै चेलाहरूलाई खिच्न खोज्नेछन्।

**प्रेरित २०:३१:** ती एल्डरहरूमाथि यी खतराहरू आउन लागेका हुनाले उनीहरू सधैं जागा रहनुपरेको छ। उनीहरूले प्रेरित पावलका चेताउनीहरू सदैव याद गर्नुपर्छ; किनभने तिनले तीन वर्षसम्म उनीहरूलाई दिनरात आँशु बहाउँदै सम्झाएका थिए।

**प्रेरित २०:३२:** पावलले उनीहरूलाई सुम्पिदिन सक्ने प्रबन्ध महान् छ: तिनले उनीहरूलाई परमेश्वरको हातमा र उहाँको अनुग्रहको वचनको

जिम्मामा सुम्पन्छन् । तिनले उनीहरूलाई कुनै मानिसको हातमा, कुनै ठूलो अगुवाजनको हातमा सुम्पेनन् । तिनले उनीहरूलाई प्रेरितहरूको ठाउँ ओगट्ने पोपजस्तै व्यक्तिको जिम्मामा लगाएनन् । तिनले उनीहरूलाई परमेश्वरको हातमा र पवित्र धर्मशास्त्र बाइबलको जिम्मामा राखि-छोड्छन् । ईश्वरीय प्रेरणाले दिइएको पवित्र शास्त्र पूर्ण रूपले यथष्ट र बिलकुल यथोचित हुन्छ भन्ने कुरा पुष्टि गर्ने यो वाक्य-रचना कति सुन्दर साक्षी हो । पवित्र धर्मशास्त्र बाइबल विश्वासीहरूको उन्नति गर्न पूरा सक्षम हुन्छ, अनि उनीहरूलाई पवित्रजनहरूको बीचमा पैतृक-सम्पत्ति दिलाउन सुयोग्य हुन्छ ।

**प्रेरित २०ः३३-३५ः** प्रेरित पावल आफ्नो उपदेशको अन्तमा आइपुगेका छन् । तिनले यी एल्डरहरूको सामु आफ्नो जीवनको असल नमुना र आफ्नो सेवकाइको उच्च उदाहरण फेरि एक पल्ट पेश गर्छन् । इमानदारपूर्वक तिनले यसो भन्न सकेः *'मैले कसैको चाँदी वा सुन अथवा लुगाफाटाको लोभ गरिनँ ।'* किनभने तिनका निम्ति पैसाको लोभ प्रभुको काम गरेको प्रेरणा थिएन । भौतिक हिसाबले तिनी गरिब थिए, तर परमेश्वरको सम्बन्धमा तिनी धनवान् थिए । उनीहरूलाई आफ्ना हातहरू देखाउँदै तिनले भन्न सकेः *'यी हातहरूले मेरा आवश्यकताहरूमा र मसँग भएकाहरूको सेवा गरेका छन् ।'* तर यसमा थपेर तिनले अरू के भने भने, तम्बू बनाउने पेशा अपनाएर तिनले ज्यादा मेहनत किन गर्थे ? यहाँ कमजोर हुने नाम पाएकाहरूचाहिँ शारीरिक दुर्बलता हुनेहरू अथवा आत्मिक या नैतिक हिसाबले दुर्बलहरू थिए; यिनीहरूलाई सधैं सहायता गर्न तिनका साधनहरू कहिल्यै नटुटून् भन्ने हेतुले तिनले परिश्रम गरेका थिए । यी एल्डरहरूले यसको सम्झना गर्नुपर्छ । उनीहरूले पनि सबै कुराहरूमा अरू मानिसहरूको भलाइ खोज्नुपर्छ । यस सम्बन्धमा प्रभु येशूको यो वचन स्मरण गर्नु योग्य छः *'लिनुभन्दा दिनुचाहिँ बढ़ी धन्य हो ।'* चाखलाग्दो कुरा के हो भने, सुसमाचारका पुस्तकहरूमा हाम्रा प्रभु येशूका यी शब्दहरू कहीं पनि लेखिएका छैनन् । यसकारण हामीले यी शब्दहरू उहाँको शिक्षाको सारको रूपमा लिनुपर्छ । सुसमाचारका चार पुस्तकहरूमा कुनै कुरा थप्न मिल्छ भने यो आत्माद्वारा प्रेरित भएको वाक्य थपिएको हो ।

**प्रेरित २०ः३६-३८ः** पावलले आफ्नो उपदेश सिद्ध्याएका छन्। तिनले आफ्ना घुँडा टेके र यी एल्डरहरूसँग प्रार्थना गरे। उनीहरूका निम्ति यो घड़ी एउटा शोक गर्ने समय थियो। उनीहरूले प्रेरित पावललाई कति माया गर्थे? हेर्नुहोस्ः उनीहरूले प्रेमको साथ प्यारो प्रेरितलाई अँगालो मारेर तिनलाई चुम्बन गरे। 'तपाईंहरूले मेरो अनुहार फेरि कहिल्यै देख्नुहुनेछैन' भन्ने कुराले उनीहरूलाई साह्रै पिरोलेको छ। गह्रुङ्गो हृदय लिएर उनीहरू पानीजहाजसम्म तिनको साथमा गए; किनकि तिनले यस जहाजमा यरूशलेमतर्फ प्रस्थान गर्दैथिए।

**प्रेरित २१ः१-४[क]ः** मिलेटसमा कोमल र स्नेही यो बिदाइ भएपछि पावल र तिनका साथीहरूले समुद्र-यात्रा शुरु गरे र कोस भन्ने टापुमा आइपुगे। भोलिपल्ट उनीहरू दक्षिण-पूर्वको दिशामा अघि बढ़े र रोडस नामक टापुमा आइपुगे। त्यस टापुलाई पछाड़ि छोड़ेर र पूर्वपट्टि लागेर उनीहरूको अर्को अड़ान पटारा थियो, जुन पटाराचाहिँ लियिया प्रान्तको बन्दरगाह थियो, जुन बन्दरगाह एशिया माइनरको दक्षिणी किनारमा पर्दथियो। पटारामा उनीहरूले पानीजहाज बदले; उनीहरू फोनिसिया जाने जहाजमा चढ़े। फोनिसिया देशचाहिँ सिरियाको तटवर्ती सोतो परेको इलाका थियो, जसको प्रमुख शहर टायर थियो। उनीहरूको समुद्र-यात्रा दक्षिण-पूर्व अघि बढ़्यो; उनीहरूले भूमध्यसागर पार गर्दैथिए, जब साइप्रस टापु देखा पर्‍यो। त्यस टापुको किनारै-किनार भएर उनीहरू अघि बढ़े र त्यसलाई देब्रे हातमा छोड़ेर सिरियातर्फ लागे। टायर प्यालेस्टाइनको बन्दरगाह थियो, जहाँ त्यो पानीजहाज रोकियो; किनकि त्यहाँ त्यसको माल उतार्नुपरेको थियो। पावल र तिनका सङ्गीहरूले टायरमा ख्रीष्ट-विश्वासीहरूलाई खोजे, र उनीहरूलाई भेटेपछि उनीहरूसित सात दिन बसे।

**प्रेरित २१ः४[ख]ः** यी सात दिनभित्र टायरका यी चेलाहरूले आत्माको प्रेरणाद्वारा पावललाई यरूलेममा नजानुहोस् भन्ने आग्रह गरे। यसको सिलसिलामा एउटा पुरानो प्रश्न खट्किरहेको छः 'के पावल यरूशलेममा जाँदा आफ्नो जिद्दी गरेर अनाज्ञाकारी थिए? के यस सम्बन्धमा अनजानमा रहेर तिनले प्रभुको इच्छा के रहेछ, सो पत्ता लगाएनन्? अथवा के तिनका

निम्ति यरूशलेममा जानु नै परमेश्वरको इच्छा थियो ?’ प्रेरित २१:४[ख] पद सरासरी पढ्दाखेरि प्रेरित पावल अटेरी र स्वच्छाचारी थिए, यसैकारण तिनले आत्माको यो अगुवाइ वास्ता गरेनन् भन्ने भान कसैलाई लाग्न सक्छ। तर यो कुरा हामीले बढ़ी ध्यानपूर्वक पढ्नुपर्छ, तब के थाहा लाग्छ भने परमेश्वरको आत्माले पावललाई यी चेताउनीहरू दिनुभएको कुरा तिनले जानेका थिएनन्। तर प्रेरितहरूको पुस्तकको लेखक लूकाले आफ्ना पाठकहरूका निम्ति यो कुरा टिप्पणीको रूपमा थपेका छन्ः टायरका चेलाहरूले आत्माको प्रेरणाद्वारा पावललाई यो सल्लाह दिएका थिए। पावलले आफ्ना साथीहरूको सल्लाह अर्को प्रकारले बुझेका हुनुपर्छ, अर्थात् उनीहरूले तिनलाई शारीरिक कष्टहरू र मृत्युबाट जोगाउनलाई यसो भनेको अर्थ लगाए होलान्। तर आफ्नो प्यारो यहूदी जातिका मानिसहरूको खातिर तिनलाई आफ्नो ज्यानको माया थिएन, आफ्नो कल्यानमा महत्त्व थिएन।

**प्रेरित २१:५-६:** सात दिनहरू बितेपछि टायरका विश्वासीहरूले यी मिशनरी-प्रचारकहरूलाई समुद्रको किनारसम्म साथ दिए। यो ख्रीष्टमा उनीहरूको प्रेमको स्पष्ट चिन्ह थियो। केही क्षण प्रार्थनामा बिताएपछि र एक-अर्काबाट स्नेहपूर्वक बिदाइ लिएपछि पानीजहाज अघि बढ्यो र किनारमा उभिनेहरू घरमा फर्के।

**प्रेरित २१:७:** टायरपछि अर्को अड़ान प्टोलेमाइस थियो। त्यो बन्दरगाह शहर टायरदेखि पच्चीस माइल दक्षिणमा परेको थियो। आजभोलि त्यस ठाउँको नाम ‘अक्रे’ हो, जुन ठाउँ हाइफाको छेउमा अवस्थित छ। प्टोलोमी ख्रीष्टपूर्व ३२३-२८५ सालमा मिस्र देशका राजा थिए। उनको सम्झनामा त्यस ठाउँको नाम राखिएको थियो। त्यस जहाजको एक दिने अड़ानले प्रभुका यी दासहरूलाई आफ्ना स्थानीय भाइहरूसँग भेटघाट गर्ने अवसर दियो।

**प्रेरित २१:८:** भोलिपल्ट दक्षिण दिशामा अघि बढ़ेर उनीहरूले सिजरियामा आफ्नो तीस माइलको समुद्र-यात्रा पूरा गरे। सिजरिया बन्दरगाह-शहरचाहिँ भूमध्यसागरपट्टि फर्केको शारोनको तराइमा अवस्थित थियो। त्यहाँ उनीहरू जहाजबाट उत्रे, र सुसमाचारको प्रचारक

फिलिपको घरमा बस्न लागे। यी फिलिपचाहिँ यरूशलेमको मण्डलीद्वारा डिकनको रूपमा छानिएका थिए। यी फिलिपले सुसमाचार समारियामा पुर्‍याएका थिए। अनि यी फिलिपले एथियोपियाका नपुंसकलाई शिक्षा दिएका थिए; फलस्वरूप ती नपुंसकले मुक्ति पाएका थिए।

**प्रेरित २१:९:** यी फिलिपका चारजना कन्या छोरीहरू थिए, जसले भविष्यवाणी गर्थे। तिनीहरूसँग पवित्र आत्माद्वारा दिइएको भविष्यवाणी बोल्ने वरदान थियो – यसको मतलब यही हो। भविष्यवाणी बोल्नेले सीधा प्रभुबाट कुनै सन्देश वा प्रकाश पाउँछ, जुन सन्देश वा प्रकाश उसले अरूलाई सुनाउँछ। कतिजना सीमा नाघेर यस पदमा के अर्थ लगाउँछन् भने, मण्डलीमा स्त्रीहरूलाई प्रचार गर्नु र शिक्षा दिनु मिल्दो रहेछ अरे। तर स्त्रीहरूलाई मण्डलीमा शिक्षा दिनु, बोल्नु वा पुरुषहरूमाथि अधिकार जमाउनु स्पष्टसँग मनाही गरिएको छ (१ कोरिन्थी १४:३४-३५ र १ तिमोथी २:११-१२)। यसकारण यसको निचोड़ के हो? यी चारजना कन्या छोरीहरूको भविष्यवाणीरूपी सेवकाइ मण्डली-सभाहरूमा नभएर घरमा र सर्वसाधारण सङ्गतिहरूमा हुने गर्थ्यो।

**प्रेरित २१:१०-११:** पावल सिजरियामा बस्दाखेरि अगाबस नाम गरेको एकजना भविष्यवक्ता यहूदियाबाट आए। यी आगबसचाहिँ यरूशलेमबाट एन्टिओकमा आएका थिए र अनिकाल हुने पूर्वसूचना दिएका थिए, जुन अनिकाल सम्राट क्लाउडियसको समयमा परेको थियो (प्रेरित ११:२८)। उनले पावलको पेटी लिए र आफ्ना हातखुट्टाहरू बाँधे। यस प्रकारको अभिनयरूपी हाउभाउले उनले आफ्नो सन्देश क्रियाशील बनाए। उनीभन्दा अघि धेरै भविष्यवक्ताहरूले यसो गर्थे। त्यसपछि उनले वस्तुपरक पाठको अर्थ खोले। जसरी उनले आफ्ना हातखुट्टाहरू बाँधे, त्यसरी नै यरूशलेमका यहूदीहरूले पावलका हात-खुट्टाहरू बाँध्नेछन् र अन्यजाति अधिकारीहरूको हातमा सुम्पिदिनेछन्। यहूदीहरूका निम्ति गरिने पावलको सेवकाइ त्यो पेटीजस्तो थियो, जुन सेवकाइले गर्दा तिनी यहूदीहरूद्वारा पक्राउ पर्नेछ।

**प्रेरित २१:१२-१४:** जब प्रेरित पावलका साथीहरू र सिजरियाका विश्वासीहरूले यो कुरा सुने, तब उनीहरूले तिनलाई माथि यरूशलेममा

नजाने विन्ती गरे। तर उनीहरूको वास्ताले तिनको सहमति पाएन। उनीहरूका आँशुहरूले अरू केही होइन, तिनको हृदय टुटाउने काम गर्छन्। के साङ्ला र जेलको डरले तिनले परमेश्वरको इच्छा छाड्नु हुन्छ त? उनीहरूले जान्नुपर्छः प्रभु येशूको नामका निम्ति यरूशलेममा तिनी बाँधिन ता के, तिनी मर्न पनि तयार थिए। उनीहरूका सबै वितर्कहरूको के काम? तिनी माथि यरूशलेममा जाने नै थिए। तब उनीहरूको केही सीप नलाग्दा *'प्रभुको इच्छा पूरा भएको होस्'* भनेर उनीहरू चुप भए।

*'अब हेर्नुहोस्ः मचाहिँ आत्मामा बाँधिएको अवस्थामा यरूशलेम जान्छु, जहाँ ममाथि कस्ता-कस्ता कुराहरू आइपर्नेछन्, सो म जान्दिनँ; यति मात्र म जान्दछु, बन्धन र कष्टहरूले मलाई पर्खिरहेका छन् भन्दै पवित्र आत्माले हरेक शहरमा मलाई गवाही दिँदै हुनुहुन्छ'* भन्ने शब्दहरू बोल्ने मानिस निश्चय जानी-बुझी पवित्र आत्माको अगुवाइको विरोधमा जान सक्दैनन्। अरू कुरा विश्वास गर्न हामीलाई गाह्रो पर्छ। टायरका चेलाहरूले आत्माको प्रेरणाद्वारा तिनलाई यरूशलेममा नजाने आग्रह गरे भन्ने कुरा हामीलाई विदितै छ (प्रेरित २१ः४)। तर के उनीहरूले आत्माद्वारा बोलेको कुरा पावललाई थाहा भयो? अनि *'हे पावल, हिम्मत गर! किनकि जसरी तिमीले यरूशलेममा मेरो विषयमा गवाही दिएका छौ, त्यसरी नै तिमीले रोममा पनि गवाही दिनुपर्छ'* भनेर के प्रभुले पावलको यरूशलेम जाने यस भ्रमणमा आफ्नो समर्थन दिनुभएन र? (प्रेरित २३ः११)। जेजस्तो भए पनि यस सम्बन्धमा दुईवटा कुराहरू सुस्पष्ट छन्ः एक, प्रभुको सेवा गर्दा पावलले आफ्नो व्यक्तिगत सुरक्षामा प्राथमिकता राख्दैनथिए। दोस्रो, यी सबै घटनाहरूमा प्रभुको हात थियो, र उहाँले यिनलाई आफ्नो महिमाका निम्ति प्रयोग गर्नुभयो।

**प्रेरित २१ः१५-१६ः** यातायातको सुविधा नभएका दिनहरूमा सिजरियादेखि माथि यरूशलेममा पुग्न पचास माइलभन्दा लामो पैदल-यात्रा निक्कै कष्टपूर्ण थियो। प्रेरित पावलको यात्रा-टोलीमा केही व्यक्तिहरू थपिए; किनभने सिजरियाका केही चेलाहरू र म्नासोन भन्ने दाजु पनि उनीहरूसँग गए। म्नासोन साइप्रसको मानिस थिए, जो त्यहाँका शुरुका चेलाहरूमध्ये एक थिए। तर हालैमा उनी यरूशलेममा बस्थे; उनले

प्रेरित पावल र तिनका सङ्गी-यात्रीहरूको अतिथि-सत्कार गर्ने सुअवसर पाए; किनभने यो पावलको अन्तिम यरूशलेम-भ्रमण थियो।

वास्तवमा, पावल यरूशलेममा पुगेपछि तिनका सुसमाचार-धावारूपी यात्राहरू समाप्त हुन्छन्। प्रेरितहरूको पुस्तकको बाँकी भागमा तिनको पक्राउ, तिनको न्यायजाँच, तिनको रोम-यात्रा, त्यहाँ तिनको जाँच र नजरबन्दीको वर्णन उल्लेख गरिएको छ।

**प्रेरित २१:१७-१८:** प्रेरित पावल र तिनका साथीहरू यरूशलेममा आइपुग्छन्, अनि त्यहाँका भाइहरूले उनीहरूलाई न्यानो स्वागत गर्छन्। भोलिपल्ट याकूब र सबै एल्डरहरूसित एउटा बैठक बसेको छ। यिनी कुनचाहिँ याकूब थिए? यिनी प्रभु येशूको भाइ याकूब, अल्फयसका छोरा याकूब वा अरू कुनै याकूब हुन सक्छन्। तर हाम्रो अनुमानमा यिनी प्रभुको भाइ याकूब भएका हुनुपर्छ।

**प्रेरित २१:१९-२०[क]:** यस बैठकमा पावलले शुरु गरेर आफ्नो सेवकाइको बेलीबिस्तार दिए र परमेश्वरले तिनीद्वारा अन्यजातिहरूको बीचमा कस्ता-कस्ता कामहरू गर्नुभएको थियो, सो कुरा उनीहरूलाई सुनाए। तिनको प्रतिवेदन सुन्नेहरू आनन्दित भए, र प्रभुलाई महिमा दिए।

**प्रेरित २१:२०[ख]-२२:** तर यी यहूदी भाइहरू चिन्तित थिए; किनभने प्रेरित पावलको विषयमा चारैतिर हल्ला निक्कै चल्यो। तिनले मोशा र व्यवस्थाको विरोधमा प्रचार गर्छन् र त्यसको विपरीत शिक्षा दिन्छन् अरे। त्यस कुराले यरूशलेममा गड़बड़ी ल्याउला।

अन्यजातिहरूको बीचमा भएका सबै यहूदीहरूलाई 'आफ्ना बालकहरूको खतना नगर्नू र रीतिहरूअनुसार नचल्नू' भन्दै पावलले मोशालाई त्यागिदिने शिक्षा दिन्छन् भन्ने आरोप तिनलाई लगाइएको थियो। तर के पावलले यस प्रकारको शिक्षा दिए त?

तिनले सिकाएका कुराहरू यस प्रकारका छन्: विश्वास गर्नेहरूका निम्ति धार्मिकता प्राप्त गर्ने सम्बन्धमा ख्रीष्ट व्यवस्थाको अन्त हुनुहुन्छ। ख्रीष्टीय विश्वासको सिद्धान्तको आगमनले गर्दा विश्वास गर्ने यहूदीहरू मोशाको व्यवस्थाको अधीनतामा छैनन्। धर्मी ठहरिने हिसाबमा ग्रहण गरिएको खतनाले मानिसलाई ख्रीष्ट येशूमा भएको मुक्तिदेखि वञ्चित

गर्छ। ख्रीष्ट येशू आउनुभएपछि मानिस कसरी व्यवस्थामा दिइएका प्रतीक र छायाहरूतिर फर्कन सक्छ? यसरी ख्रीष्टको अनादर गरिन्छ। यी कुराहरूमाथि नजर राखेर यहूदीहरू पावलप्रति जल्न र तिनको विषयमा गलत सोच्न स्वभाविक कुरा हो।

**प्रेरित २१ः२३-२४ः** तर यरूशलेमका यी यहूदी भाइहरूले एउटा युक्ति रचेका थिए, जुन युक्तिले, उनीहरूको विचारमा, दुवै विश्वास गर्ने र विश्वास नगर्ने भाइबन्धुहरूलाई मनाउन सक्थ्यो। उनीहरूको सुझाउ थियोः पावलले एउटा भाकल गरून्। चारजना मानिसहरू यसो गर्न तयार थिए। पावल तिनीहरूसँग लागून्, आफूलाई शुद्ध पारून् र तिनीहरूको खर्च बेहोरून्। यस विषयमा श्री एफ. डब्ल्यू. ग्राण्टले यसरी आफ्नो व्याख्या गरेका छन्ः

> 'पावलले यी चारजना मानिसहरूलाई लिऊन्, जुन मानिसहरू तिनीजस्तै विश्वासी हुन् रपनि आफूलाई नाजिरको भाकलले बाँध्न तयार छन्, अनि मन्दिरमा आफूलाई तिनीहरूसित शुद्ध पारिएको अवस्थामा हाजिर गरून्, साथै यस भाकल पूरा गर्ने सबै खर्च आफैले बेहोरून्, तब सबै मानिसहरूले यो देख्नेछन् र व्यवस्थासित तिनको सम्बन्ध केकस्तो हुँदो रहेछ, सो स्पष्ट बुझ्नेछन्।' **76)**

उक्त भाकल कुन सम्बन्धमा थियो र त्यसलाई पूरा गर्न के-के चाहिएको थियो, सो विषयमा केही जानकारी यहाँ दिइएको छैन। त्यस भाकलको बेलीबिस्तारमाथि पर्दा लगाइएको छ। तर त्यसको विषयमा हामीले जान्नुपर्ने कुरा यति होः त्यो भाकल यहूदीधर्मको भाकल थियो। अनि यहूदीहरूले प्रेरित पावललाई भाकलका रीतिहरू पूरा गरेका देख्दा निश्चित जान्नेछन्, कि पावलले अरू मानिसहरूलाई मोशाको व्यवस्थादेखि तर्काउँदैनन्। यो यहूदीहरूका निम्ति स्पष्ट सङ्केत थियो, कि प्रेरित पावलले व्यवस्था पालन गर्दा रहेछन्।

प्रेरित पावलले यहूदीधर्मको त्यो भाकल गरेको कुरा कसैका आँखामा ठीक, कसैका आँखामा बेठीक ठहरिएको छ। यता, पावलको प्रतिरक्षामा कतिजनाको तर्क यस प्रकारको छः यसो गर्दा पावलले *'कुनै न कुनै प्रकारले कतिलाई बचाउन सकूँ भनेर म सबै मानिसहरूका निम्ति सबै*

*थोक भइदिएँ'* भन्ने आफ्नो सिद्धान्त पो अपनाएका थिए अरे (१ कोरिन्थी ९:१९-२३)। उता, पावललाई दोष लगाउनेहरूले के भन्छन् भने, यहूदीहरूलाई खुशी पार्न तिनले यहाँ सीमा नाघे। तिनले आफू व्यवस्थाको अधीनतामा रहेको भान गराए। अर्को शब्दमा भन्नु हो भने, 'ख्रीष्ट-विश्वासी व्यवस्थाको अधीनतामा हुँदैन; मोशाको व्यवस्था न धर्मी ठहराउने माध्यम, न जीवनको रूपरेखा हो' भन्ने पावलको जुन सिद्धान्त थियो, त्यस सिद्धान्तको विपरीत काम भयो (गलाती १-२ अध्याय)। पावलको दोष यसैमा छ। लेखकलाई पनि यस्तै लाग्दैछ। तर यति भनेपछि हामी यो पनि थपेर भनौं: यस विषयमा प्रेरित पावलका प्रेरणाहरूको जाँच गर्न हामी को हौं र? यसमा हामी सबैजना होशियार बस्नुपर्छ।

**प्रेरित २१:२५:** अन्यजातिका विश्वासीहरूको सम्बन्धमा यरूशलेमका भाइहरूले पावललाई के सूचित गरे भने, तिनीहरूले कुनै नयाँ विधिहरू पालन गर्नुपर्दैन; तर यरूशलेमको महासभाले पारित गरेका कुराहरू मात्र पालन गर्नुपर्छ, जस्तै तिनीहरूले आफूलाई मूर्तिहरूलाई बलि चढ़ाइएका चीजहरूबाट, रगतबाट, घाँटी निमोठेर मारेको पशुको मासुबाट र व्यभिचारबाट अलग राख्नुपर्छ।

**प्रेरित २१:२६:** पावलले यहाँ कुन-कुन कदमहरू उठाए, सो हाम्रो निम्ति स्पष्ट छैनन्। धेरैजना टिप्पणीकारहरूको विचार छ, कि पावलले यहाँ, यस पदमा नाजिरको भाकल पूरा गरे। ठीक छ, यो नाजिरको भाकल थियो भन्ने कुरा मानिलिऔं! तरैपनि यहाँ, यस पदमा प्रस्तुत गरिएको यस विधिका विभिन्न भागहरू के-के थिए, सो स्पष्ट भएन।

## ज) प्रेरित २१:२७-२६:३२: प्रेरित पावल पक्राउ पर्छ, र उनीका न्यायजाँचहरू।

**प्रेरित २१:२७-२९:** जब यी भाकलका दिनहरू पूरा हुन लागे, तब यहूदीहरूलाई मनाउन खोजेको पावलको यो प्रयास विफल भयो। एशिया प्रान्तका कतिजना यहूदीहरूले तिनलाई मन्दिरमा देखेछन्। तिनीहरूले तिनको विरोधमा एउटा हूलदङ्गा मच्चाए। 'हेर, हाम्रो जातिविरुद्ध, अँ,

हाम्रै धर्मको विरोधमा सबै ठाउँका मानिसहरूलाई शिक्षा दिने ऊ हो !' भन्दै तिनीहरू चिच्च्याए: 'त्यसले अन्यजातिका मानिसहरूलाई मन्दिरमा ल्याएर यसलाई अशुद्ध पारेको छ है !' तर खास कुरा के भएको थियो भने, तिनीहरूले अघि शहरमा पावलसँग ट्रोफिमसलाई देखेका थिए। ट्रोफिमसचाहिँ एफेससको अन्यजातिको मानिस थिए, जसले प्रभुलाई पाएका थिए। तिनीहरूले उनीहरूलाई सँगै देखेका हुनाले पावलले आफ्नो अन्यजाति साथीलाई पनि मन्दिरको भित्री चोकमा ल्याएको अनुमान गरे।

**प्रेरित २१:३०-३५:** तिनीहरूले पावलमाथि लगाएको अभियोग सत्य थिएन; तर यसमा तिनीहरूको उद्देश्य पूरा भयो। सारा शहरभरि हलचल मच्चियो। उत्तेजित भीड़ले पावललाई पक्र्यो र तिनलाई घिसार्दै मन्दिरबाहिर ल्यायो। त्यसपछि मन्दिरका ढोकाहरू पनि बन्द गरिए। तिनीहरूले तिनलाई मार्न लागेका थिए; त्यस घड़ीमा एन्टोनियाको रक्षा-सेनाको मुख्य कप्तानकहाँ खबर पुग्यो। उनी सिपाहीहरूको साथ तल हतारिए, र उनले पावललाई उत्तेजित भीड़को हातबाट बचाए। उनले तिनलाई दुईवटा साङ्लाले बाँधे; त्यसपछि उनले तिनीहरूलाई यसो सोधे: 'यो मान्छे को हो, यसले के गरेको हँ?' तर अलमल्ल परेको भीड़बाट उनले स्पष्ट उत्तर पाउन सेकनन्। कसैले एउटा कुरा र कसैले अर्को कुरा भन्यो। आफ्नो सोधपुछ कुनै सीप नलागेको देखेर मुख्य कप्तानले आफ्ना सिपाहीहरूलाई आज्ञा गरे, र तिनीहरूले कैदीलाई किल्लामा लान लागे। उनले त्यसको दोष के थियो, सो पछि स्पष्टसँग पत्ता लगाउन चाहे। सिपाहीहरूले पावललाई सिँढ़ीमाथि चढ़्दा बोक्नुपर्‍यो; किनभने तिनीमाथि भीड़को बलमिचाइ अधिक थियो।

**प्रेरित २१:३६:** त्यस बेलामा भीड़को बीचबाट 'त्यसलाई हटाइदेऊ !' भन्ने नारा सुनिन्थ्यो। हुन सक्छ, ती सिपाहीहरूमध्ये कतिले भीड़लाई पहिले पनि यसो भनिरहेको सुनेका थिए होलान्।

**प्रेरित २१:३७-३९:** पावललाई किल्लाभित्र लगिएको बेलामा तिनले मुख्य कप्तानलाई 'के म तपाईंलाई केही कुरा सोध्न पाऊँ' भन्ने विन्ती गरे। मुख्य कप्तान पावललाई ग्रीक भाषा बोलेकोमा छक्क परे।

किनकि उनको विचारमा पावलचाहिँ त्यो मिस्री मानिस थिए, जसले आफ्नो विद्रोहमा चार हजार मानिसहरूलाई उग्रवादी बनाएर तिनीहरूलाई उजाड़स्थानमा लगेको थियो। पावलले कुरा स्पष्ट पारेः तिनी सिलिसिया प्रान्तको टार्सस शहरबाटको यहूदी मानिस थिए। तिनी एउटा नामी शहरको नागरिक थिए। संस्कृति, शिक्षा र वाणिज्यको केन्द्रको नाममा टार्ससको नाम चलेको थियो। सम्राट अगष्टसले त्यसलाई 'स्वतन्त्र नगर' भनेर घोषणा गरेका थिए। तब साहसी प्रेरितले मानिसहरूसित बोल्ने अनुमति मागे।

**प्रेरित २१ः४०ः** अनि तत्कालै तिनलाई त्यो अनुमति दिइयो। रोमी सिपाहीहरू तिनको दाहिने र देब्रे हातमा भएका पावल सिँढ़ीमा उभिरहेका थिए, र तिनले हातको एकै इशाराले भीड़लाई चुप पारे। अघि ठूलो हूलदङ्गा थियो भने अहिले ठूलो चकमन्न भयो। अब पावल यरूशलेममा बस्ने यहूदीहरूलाई आफ्नो जीवन-साक्षी दिन तयार भए।

तिनी हिब्रू भाषामा बोले। यसमा हामीले अरामेइक भाषा बुझ्नुपर्छ, हिब्रूको जुम्ल्याहा भाषा; किनभने त्यस समयका हिब्रूहरूले अरामेइक बोल्थे।

**प्रेरित २२ः१-२ः** यी भीड़ैभीड़ यहूदीहरूको सामु प्रेरित पावलले अरामेइक बोल्नु समुचित थियो; ग्रीक भाषा त्यति उपयोगी हुनेथिएन। यी मानिसहरू आफ्नो मातृभाषा बोलेको सुन्नासाथ तीनछक परे। तिनीहरू झन् बढ़ी चुप लागे, र केही क्षणसम्म ध्यानसित सुने।

**प्रेरित २२ः३-५ः** शुरुमा पावलले आफ्नो परिचय दिन थाले। तिनी एक यहूदी मानिस थिए; तिनी सिलिसियाको टार्ससमा जन्मेका थिए। आफ्नो शिक्षा र यहूदीधर्मको दीक्षा तिनले यही यरूशलेम शहरमा गमलिएलबाट, एकजना प्रसिद्ध धर्मगुरु अध्यापकबाट पाएका थिए। परमेश्वरप्रति तिनको जोश कत्रो थियो? तिनले इसाईधर्मको नाममा ख्रीष्ट-विश्वासीहरूलाई सताउँथे, उनीहरूलाई झ्यालखानाहरूभरि हाल्ने गर्थे। महापूजाहारी र महासभा यसको सम्पूर्णताको साक्षी हुन्; किनभने तिनीहरूबाट तिनले दमस्कस जानलाई अधिकार-पत्रहरू पाएका थिए,

जहाँबाट तिनले ख्रीष्ट-विश्वासीहरूलाई सजायका निम्ति यरूशलेममा ल्याउन खोजेका थिए।

**प्रेरित २२ः६-८ः** यहाँसम्म यहूदीहरूले पावलको परिचय राम्ररी बुझे। तिनीहरू इमानदार हुँदा हुन् त पावलले भनेको कुरा सत्य हो भनेर तिनीहरूले स्वीकार गर्नुपर्नेथियो। अबदेखि प्रेरित पावलले आफ्नो जीवनको परिवर्तन कसरी भयो, सो मुख्य घटना बताउन लागेका थिए। त्यो घटना परमेश्वरको तर्फबाट भएको थियो कि थिएन, सो कुरा खुट्ट्याउन श्रोताहरूको जिम्मेवारी थियो।

पावल आफ्नो यात्रामा दमस्कसनिर आइपुगेका थिए; जब अचानक एउटा ठूलो ज्योति तिनको वरिपरि चम्क्यो। उक्त घटना मध्यदिनमा घटेको कुरा यहाँ पहिलो पल्ट प्रकट गरियो, जब घाम चरमबिन्दुमा पुगेको हुन्छ; तब त्यो चम्केको ज्योति सूर्यलाई कति गुणाले जित्ने चमक र तेजमा कत्रो थियो होला, आफै सम्झनुहोस्! त्यस तीव्र ज्योतिको तेजले गर्दा पावल भुइँमा लड़े, र इसाईहरूलाई सताउनेले यसो भन्दै गरेको वाणी सुनेः 'शावल, हे शावल, तिमी मलाई किन सताइँदैछौ?' तिनले सोधेः 'तपाईं को हुनुहुन्छ, प्रभु?' उहाँले तिनलाई जवाफ दिएर भन्नुभयोः 'म नाजरतको येशू हुँ।' उहाँ स्वर्गबाट तिनीसँग बोल्दै हुनुहुन्थ्यो। नाजरतको येशू मरेकाहरूबाट बौरिउठ्नुभएको थियो, र अहिले माथि महिमामा हुनु-हुन्थ्यो।

**प्रेरित २२ः९ः** तिनीसँग यात्रा गर्ने मानिसहरूले ज्योतिचाहिँ देखेका थिए, र वाणीको आवाज पनि सुने (प्रेरित ९ः७), तर के बोलिएको थियो, सो शब्दहरूचाहिँ सुनेका थिएनन्। आवाजचाहिँ सुनियो, तर शब्दहरूको बोलीचाहिँ बुझिएन।

**प्रेरित २२ः१०-११ः** जीवनको प्रभु, अँ, महिमाको प्रभुसँग यसरी नै भेट भएका पावलले मुक्तिदाता प्रभुको हातमा आफ्नो आत्मा, प्राण र शरीरको सम्पूर्ण समर्पण गरे; किनकि तिनले सोधेः 'प्रभु, मैले के गर्नुपर्छ?' प्रभु येशूले तिनलाई स्पष्ट निर्देश दिनुभयोः 'दमस्कसमा जानू, र त्यहाँ दिव्य आदेशहरूका निम्ति पर्खनू!' ख्रीष्ट येशूको महिमाको तेजले अन्धा पारिएका पावललाई हातमा समातेर शहरभित्र डोरिनुपर्‍यो।

**प्रेरित २२ः१२ः** दमस्कसमा हननिया तिनलाई भेट्न आएका थिए, जुन हननियाचाहिँ व्यवस्थाअनुसार भक्त मानिस थिए, जसको नाम त्यहाँ बस्ने सबै यहूदीहरूको बीचमा चलेको थियो । पावल प्रभुमा फर्केको कुरा पुष्टि गर्नुमा यस प्रकारका इमानदार मानिसको गवाही महत्त्वपूर्ण थियो ।

**प्रेरित २२ः१३ः** हननियाले तिनलाई यसरी नै सम्बोधन गरेः 'भाइ शावल !' 'दृष्टि पाउनुहोस्' भनेर उनको आज्ञा थियो । अनि फेरि दृष्टि पाएका पावलले देख्ने प्रथम व्यक्ति यही हननिया थिए ।

**प्रेरित २२ः१४-१६ः** यहाँको खण्डमा हननियाले पावललाई के-के भनेका थिए, सो कुरा हामी पहिलो पल्ट सुन्न पाउँछौं, जसले तिनलाई यसो भनेः 'हाम्रा पितापुर्खहरूका परमेश्वरले, उहाँको इच्छा जान्न, ती धर्मी जनलाई देख्न र उहाँको मुखको वाणी सुन्नका निम्ति तपाईंलाई चुन्नुभएको छ । किनकि तपाईंले जे देख्नुभएको र सुन्नुभएको छ, ती कुराहरूको विषयमा तपाईं सबै मानिसहरूको सामु उहाँको साक्षी हुनुहुनेछ । अनि अब तपाईं किन ढिलो गर्नुहुन्छ ? उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि प्रभुको नाम पुकारेर आफ्ना पापहरू धुनुहोस् !' **77)**

यी पदहरूमा कति चाखलाग्दा कुराहरू र महत्त्वपूर्ण बुँदाहरूको जानकारी दिइएको छ । पहिले, हाम्रा पितापुर्खाहरूको परमेश्वरले दमस्कसको बाटोमा घटेका घटनाहरू मिलाउनुभएको हो । हननियाको पहिलो बुँदा यो हो । यहूदीहरूले यो गवाही ग्रहण नगरेर तर यसको विरोध गर्नु हो भने, तिनीहरू परमेश्वरको विरोध गरेका हुन् । हननियाको दोस्रो बुँदा यस प्रकारको थियोः पावल सबै मानिसहरूका निम्ति प्रभुको साक्षी हुन्छन् । यस कुराले पावलले यहूदीहरूलाई दिन लागेको सूचनाका निम्ति तयार गर्छः तिनी अन्यजातिहरूकहाँ पठाइएका हुन् । अनि अन्तमा, पावललाई 'उठ, बप्तिस्मा लेऊ र आफ्ना पापहरू धोऊ' भन्ने आज्ञा दिइएको थियो ।

मानिसहरूले प्रेरित २२ः१६ पद बेप्रयोग गरेका छन् र बप्तिस्माद्वारा नयाँ जन्म हुने कुरा सिकाएका छन् । वास्तवमा, यस पदमा अरू मानिसहरूलाई होइन, तर केवल पावललाई आज्ञा गरिएको थियो, जो यहूदी मानिस थिए; किनभने तिनले पानीको बप्तिस्मा लिएर आफ्नो

यहूदी जातिको सम्बन्ध विच्छेद गर्नुपरेको थियो (यस सम्बन्धमा तपाईंले प्रेरित २:३८ पदको टिप्पणी हेर्नुहोला)।

तर यस पदबाट उठेको समस्या तब हाल गर्ने अर्को सरल तरिका पनि हुन्छ, जब मूल-लेखको यस वाक्यको बनावटमा ग्रीक भाषाको व्याकरणअनुसार ध्यान दिइन्छ। यस वाक्यको दुईवटा भाग छन्, जसको एक-एक भागमा एउटा मुख्य क्रियापद छ र त्यसपछि एक क्रिया-कृदन्त आउँछ। क्रियाको धातुमा 'कृत्' प्रत्यय गाँसिँदा क्रिया-कृदन्त हुन्छ, जसरी उठ् + एर अनि पुकार् + एर। यस वाक्यको अक्षरशः अनुवाद यस प्रकारको छः 'उठेर बप्तिस्मा लिनुहोस् र प्रभुको नाम पुकारेर आफ्ना पापहरू धुनुहोस्!' योएल २:३२, प्रेरित २:२१ र रोमी १०:१३ पदअनुसार प्रभुको नाम पुकारेर पापहरू धोइन्छन् भन्ने शिक्षा बाइबलको खाँटी शिक्षा हो।

**प्रेरित २२:१७-२१:** अनि यहाँ, यस खण्डमा पहिलो पल्ट यरूशलेममा पावलको छुट्टै अनुभवको विषयमा जानकारी पाउँछौं। यो घटना तिनी प्रभुकहाँ फर्केपछिको यरूशलेमको पहिलो भ्रमणको अन्ततिर तिनले गरेको अनुभव हो। त्यस बेलामा तिनले मन्दिरमा प्रार्थना गरिरहेका थिए। अचानक तिनी अचेत भए; तिनले प्रभु येशूलाई 'छिटो-छिटो यरूशलेम छोड़ेर जाऊ' भन्नुभएको सुने; किनकि मानिसहरूले तिनको गवाही ग्रहण गर्नेथिएनन्, जुन गवाही तिनले ख्रीष्ट येशूको विषयमा तिनीहरूलाई दिएका थिए। तिनका मानिसहरूले तिनको कुरा इन्कार गर्नु, कसरी? असम्भव!! तिनको प्रतिक्रियाबाट के बुझिन्छ भने, तिनलाई यो कुरा स्वीकार गर्न गाह्रो भयो। के तिनीहरूले तिनलाई जोशले पूर्ण यहूदीको रूपमा चिन्दैनथिए, जसले येशूका चेलाहरूलाई पिट्थे र जेलमा हाल्ने गर्थे? अनि स्टिफनसको हत्यामा तिनले साथ दिए, सो कुरा तिनीहरूले राम्ररी जान्दथिए। तर त्यस समयमा प्रभु येशूले तिनका निम्ति आफ्नो आज्ञा दोहोरिनुभयोः *'जाऊ, किनकि म तिमीलाई टाढ़ा-टाढ़ा अन्यजातिहरूकहाँ पठाउनेछु।'*

**प्रेरित २२:२२-२३:** यहाँसम्म यी यहूदीहरूले चुप लागेर पावलको गवाही ध्यानसित सुन्दैथिए। अरे, मुक्तिको सुसमाचार अन्यजातिहरूकहाँ

पुग्नु ? तिनको मुखबाट अन्यजातिहरूको शब्द सुन्नासाथ तिनीहरू डाहाले पागलसरह भए र घृणाले भरिए। रिसले चूर भएर तिनीहरूले उच्च सोरले 'पावलजस्तो मान्छेलाई मार्नुपर्छ, मार्नुपर्छ' भन्दै आफ्नो लगाम पूरा छोड़ेर त्यहाँको शान्ति भङ्ग गरे।

**प्रेरित २२ः२४-२५ः** मुख्य कप्तानले मानिसहरूलाई यसरी पागलसरह आक्रोशित भएका देखेर उनी पावलमा पक्का पनि ठूलो अपराधको दोष हुनुपर्छ भन्ने निष्कर्षमा पुगे। उनले पावलको भाषण बुझेनन्; किनकि तिनी अरामेइक बोलेका थिए। यसकारण उनले प्रेरित पावललाई शास्ति दिएर तिनलाई साबित तुल्याउन चाहे। उनले आफ्ना सिपाहीहरूलाई 'कैदीलाई किल्लामा लैजानू' भन्ने आज्ञा दिए। तिनलाई छालाको पेट्टीले बाँधिएको अवस्थामा कोर्रा लगाएर जाँच्नु थियो। अनि जब यी सिपाहीहरूले पावललाई कोर्रा लगाउन लागेका थिए, तब तिनले शान्त भएर सुबेदारलाई सोधेः 'के कुनै रोमी मानिसलाई दोषी नठहराईकन कोर्रा लगाउन मिल्छ ?' कोर्रा लगाउने कुरा छोड़ौं, रोमी नागरिकलाई डोरीले बाँध्नुसम्म अपराध ठहरिन्थ्यो। पहिले त उसको दोष के हो, सो साबित हुनुपर्थ्यो। यसैले तिनलाई कोर्रा लगाउनु ठूलो अपराध गनिन्थ्यो।

**प्रेरित २२ः२६ः** हतारसँग सुबेदार मुख्य कप्तानकहाँ गए। 'होशियार हुनुहोस्, पावल त रोमी नागरिक हुँदा रहेछन् !' उनका निम्ति सुबेदारको जरुर जानकारी थियो।

**प्रेरित २२ः२७-२८ः** मुख्य कप्तान तत्कालै पावलकहाँ आइपुगे। अनि उनको सोधपुछको फल के थियो भनेः हो, पावल रोमी नागरिक रहेछन्। त्यस बेलामा रोमी नागरिकता प्राप्त गर्ने तीनवटा तरिकाले हुन्थ्योः पहिले, रोमी सरकारको सेवा गरेको हैसियतले इनामस्वरूप कसै-कसैलाई सम्राटी हुकुमले नागरिकता दिइन्थ्यो भने, रोमी नागरिकता प्रायः जन्मसिद्धि अधिकार थियो। पावलको सम्बन्धमा कुरा यस्तै थियोः तिनी टार्ससमा जन्मेका थिए; अनि टार्सस रोमी साम्राज्यको स्वतन्त्र शहर थियो। अनि तिनका बुबा रोमी नागरिक थिए। अनि तेस्रो तरिकाचाहिँः रोमी नागरिकता ठूलो दाममा किन्न पाइन्थ्यो। यसरी नै यी मुख्य कप्तानले धेरै दाम लगाएरै रोमी नागरिता प्राप्त गरेका थिए।

**प्रेरित २२ः२९ः** पावल रोमी नागरिक भएको कुराले तिनलाई कोर्रा लाउने तिनीहरूको योजना रद्द गरिदियो, अनि मुख्य कप्तानलाई डर भयो ।

**प्रेरित २२ः३०ः** यहूदीहरूद्वारा पावललाई किन अभियोग लगाइयो, यसको खास कारण के रहेछ, सो जान्न मुख्य कप्तान इच्छुक थिए; तर यसको कारवाही न्यायसँगत र शिष्टपूर्वक हुनुपर्छ । यसकारण भोलिपल्ट उनले पावललाई भ्यालखानाबाट निकाले र तिनलाई मुख्य पूजाहारीहरू र महासभाको सामु खड़ा गराए ।

**प्रेरित २३ः१-२ः** महासभाको सामु उभिएका पावल आफ्नो कुरा पेश गर्न शुरु गइरहेका थिएः तिनले आफ्नो जीवनभरि परमेश्वरप्रति एउटा असल विवेक कायम राखेका थिए । नभन्दै महापूजाजारी हननियाले तिनलाई तिनको मुखमा हिर्काउन लगाए; किनकि यस एकै शब्दले उनलाई क्रोधित तुल्याइदियो । उनले पावललाई स्वधर्म-त्यागी, विश्वासघाती र अवसरवादी ठानेका थिए । उनको नजरमा, आफ्नो यहूदीधर्म त्यागेको र इसाईधर्म अपनाएको कुनचाहिँ मानिस इमानदार हुन सक्थ्यो र ? तर पावललाई हिर्काउनु अलिकति पनि न्यायसँगत थिएन; किनभने न्यायको जाँच भर्खरै मात्र शुरु भएको थियो ।

**प्रेरित २३ः३ः** पावलले हननियालाई टोकसेर भनेः 'ए चूना लगाइएको भित्ता, परमेश्वरले तपाईंलाई हिर्काइदिऊन् !' महापूजाहारी बाहिरपट्टि धर्मी र न्यायको प्रेमीजस्ता देखा परे, तर भित्रपट्टि चाहिँ उनी भ्रष्ट थिए । 'व्यवस्थाअनुसार न्याय गर्छु' भनेर उनले व्यवस्थाको ठीक उल्टो काम गरेर पावललाई हिर्काउन लगाए ।

**प्रेरित २३ः४ः** प्रेरित पावलको हप्कीमा उपस्थित सभा-सदस्यहरू अवाक् भए । के तिनले महापूजाहारीसँग कुरा गर्दैछु भन्ने कुरा जानेनन् ?

**प्रेरित २३ः५ः** पावलले हननियालाई महापूजाहारी भनेर कसरी नचिनेका ? यसको कारण के थियो, हामी जान्दैनौं । महासभाको बैठक हुने जानकारी हतारमा गरियो; यसैले महापूजाहारीले आफ्नो पूजाहारी वस्त्र नलगाएका यसको कारण हुन सक्छ । शायद महापूजाहारी आफ्नो आसनमा नबसेको कारणले यसो भएको हुन सक्छ । अथवा पावलका

आँखाहरू कमजोर भए कि ? जे होस्, पावल जानी-जानी आफ्नो शासकको विरोधमा अनुचित शब्द अवश्य बोलेनन्। तुरुन्तै तिनले माफ मागे र प्रस्थान २२:२८ पद उद्धृत गरे, जहाँ यस्तो लेखिएको छः *'तिमीले आफ्नो जातिका शासकलाई खराब शब्द नभन !'*

**प्रेरित २३:६:** यस सभामा सदुकीहरू र फरिसीहरू उपस्थित थिए, जसको कुरा आपसमा मिल्दैनथियो। यो जानेर पावलले तिनीहरूको बीचमा फाटो बढ़ाउने हिसाबले यसो भनेः 'म एक फरिसी हुँ; अनि मरेकाहरूको बौरिउठाइमाथि विश्वास गरेको कारणले मेरो न्यायजाँच भइरहेको छ।' सदुकीहरूले 'पुनरुत्थान हुँदैन' भन्थे; तिनीहरूले आत्माहरू अथवा स्वर्गदूतहरूमाथि विश्वास गर्दैनथिए। तर शास्त्रसम्मत फरिसीहरूले चाहिँ दुवै कुरा मान्दथिए (प्रेरित २३:८)।

पावललाई के दोष लगाइन्छ भने, तिनले यहाँ शारीरिक युक्ति अपनाएर श्रोतागणको बीचमा फाटो ल्याए। यस विषयमा श्री ए.जे. पोल्लकले यसो लेखेका छन्ः 'पावलको व्यवहार हामीलाई कस्तो लागेको छ ? पावलले आफू एक फरिसी भएको दाबी गरेर सदुकी र फरिसीहरूको बीचमा मतभेद सृजना गरेकोबाट आफ्नो फाइदा उठाएकोमा गल्ती गरेका जस्तै लाग्दैछ, यो हामीले इन्कार गर्न सक्दैनौं।'

**प्रेरित २३:७-९:** तिनले ठीक गरे कि बेठीक गरे ? जे होस्, तिनका शब्दहरूले फरिसीहरू र सदुकीहरूको बीचमा मतभेद सृजना गरे, र एउटा होहल्ला मच्चाए। फरिसी दलका शास्त्रीहरूले पावलको प्रतिरक्षा गर्न थाले र यसो भनेः 'तिनीसँग के दोष छ, यदि कुनै आत्मा वा स्वर्गदूतले तिनीसँग बोलेका छन् भने; तब तिनको कुरा ठिक्कै छ।'

**प्रेरित २३:१०:** पक्ष-विपक्षको बीचमा गड़बड़ यति चर्को भयो कि मुख्य कप्तानले आफ्ना सिपाहीहरू पठाए, जसले कैदीलाई सभाबाट लिएर सुरक्षासाथ किल्लामा फर्काए।

**प्रेरित २३:११:** भोलिपल्ट राति प्रभु येशू पावलकहाँ देखा पर्नुभयो; उहाँले तिनलाई यसो भन्नुभयोः *'हे पावल, हिम्मत गर ! किनकि जसरी तिमीले यरूशलेममा मेरो विषयमा गवाही दिएका छौ, त्यसरी नै तिमीले रोममा पनि गवाही दिनुपर्छ।'* यहाँ हामीलाई अचम्म के लाग्छ भने, भर्खर

प्रेरित पावलको व्यवहारमा तिनले बेठीक काम गरेका निक्कै गुनासो गर्ने मौका हामीले पाएका छौं, तर प्रभुले तिनी यरूशलेममा विश्वास-योग्य साक्षी भएको नाताले तिनलाई स्याबासी दिनुहुँदो रहेछ। मुक्तिदाता प्रभुको मुखबाट तिनलाई दोष वा गालीको एक शब्द भएन। तिनका निम्ति प्रभुको सन्देश तारिफपूर्ण र कबुलयुक्त पो थियो। पावलको सेवकाइ समाप्त भएको रहेनछ। यरूशलेममा तिनको सेवकाइ विश्वासयोग्य थियो; यसकारण तिनी रोममा पनि ख्रीष्टको साक्षीको रूपमा खड़ा हुनेछन्।

**प्रेरित २३:१२-१५:** अनि भोलिपल्ट कति यहूदीहरूले पावललाई मार्न गठ बाँधे। चालीसभन्दा बढ़ी मानिसहरूले यसो भन्दै आफूलाई यस प्रकारको श्रापमनि राखेः 'जबसम्म हामी यस धोकेबाजलाई मार्दैनौं, तबसम्म हामी केही पनि खाँदैनौं र केही पनि पिउँदैनौं।' तिनीहरूको छली युक्ति यस्तो थियोः तिनीहरू मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूकहाँ गए; उनीहरूले पावलको मामिला राम्रोसँग खोजतलास गर्नुपरेको खण्डमा महासभाको बैठक आयोजना गरिएको बहाना गर्नू! अनि महासभाले मुख्य कप्तानलाई कैदीलाई तल ल्याउने अनुरोध गरोस्! तर यी चालीसजना हत्याराहरू झ्यालखाना र महासभाको बैठक लाग्ने ठाउँको बीचमा बाटोमा ढुकेर बस्नेछन्। अनि पावल तिनीहरूको नजिक आइपुग्दा तिनीहरूले तिनलाई हमला गरेर मार्नेछन्।

**प्रेरित २३:१६-१९:** परमेश्वरको पूर्वप्रबन्धअनुसार प्रेरित पावलको भानिजले संयोगवश यस युक्तिको कुरा सुन्न पायो, र पावललाई यसको विषयमा भनिदियो। तिनले यो कुरा सुबेदारहरूमध्ये एकजनालाई सुनाए; किनभने आफ्नो सुरक्षा तिनको अधिकार थियो; तिनले यसको निम्ति बन्दोबस्त मिलाउनुपरेको थियो। अन्तमा, ती सुबेदारले पावलको भानिजलाई मुख्य कप्तानकहाँ लगे।

**प्रेरित २३:२०-२१:** पावलको भानिजले मुख्य कप्तानलाई यस दुष्ट युक्तिको बेलिबिस्तार दिएपछि पावलको पक्षमा यहूदीहरूको अनुरोध इन्कार गरेर तिनलाई तिनीहरूको हातमा नसुम्पनुहोस् भन्ने आग्रह गर्‍यो।

**प्रेरित २३ः२२ः** मुख्य कप्तानले यो नालीबेली सुने; त्यसपछि उनले पावलको भानिजलाई आपसी भेटघाटको विषयमा कसैलाई नभन्नू भन्ने आज्ञा दिएर उसलाई बिदा गरे। कैदीलाई यहूदीहरूको आक्रोशबाट बचाउनु हो भने उनले तुरुन्तै केही कदम चाल्नुपर्छ भन्ने कुरा बुझिहाले।

**प्रेरित २३ः२३-२५ः** यसकारण मुख्य कप्तानले दुईजना सुबेदार-हरूलाई बोलाए, र प्रेरित पावललाई सिजरियासम्म पुऱ्याउन मार्गरक्षी सेना तयार गर्ने आदेश दिए। त्यस मार्गरक्षण-दलमा दुई सय पैदल-सिपाहीहरू, सत्तरी घोड़चढ़ीहरू र दुई सय भाला बोक्ने सिपाहीहरू थिए। रातको अन्धकारमा आड़ लिएर तिनीहरू राति नौ बजे त्यहाँबाट हिँड्नुपरेको थियो।

मार्गरक्षी सेनाको ठूलो दलचाहिँ ख्रीष्ट येशूको विश्वासयोग्य दूतलाई मान दिनलाई होइन, तर मुख्य कप्तानले रोमी अधिकारीवर्गको सामु आफ्नो मर्यादा कायम राख्ने हेतुले दिइएको थियो। किनभने पावललाई मार्ने आफ्नो युक्तिमा यहूदीहरू सफल हुनु हो भने पावल रोमी नागरिक भएको हुनाले उनी यसका निम्ति जवाफदेही हुनुपर्नेथियो र पक्का पनि यसमा लापरवाही गरेको आरोप उनीमाथि पर्नेथियो।

**प्रेरित २३ः२६-२८ः** मुख्य कप्तानको नाम क्लाउडियस लुसियस रहेछ। रोमी राज्यपाल फेलिक्सलाई लेखिएको पत्रबाट यो थाहा भएको छ। उनको पत्रको विषयवस्तु पावल नै थिए। लुसियसले यस पत्रमा आफूलाई कसरी पेश गर्छन्, सो हामीलाई हाँसो लाग्छ। के उनी पत्रमा प्रस्तुत गरेको ती वीर मानिस थिए, जसले जनताको भलाइका निम्ति न्यायसँगत काम गरेर शान्ति कायम राखेका थिए? हुन सक्छ, यसमा बरु उनी आफ्नो डरको शिकार भए होलान्; कसैले राज्यपाल फेलिक्सलाई पावलमा एक रोमी नागरिकलाई न्यायजाँच नगरी उनले कोर्रा लगाउन लागेको पोल लाउला कि भनेर। क्लाउडियस लुसियस भाग्यमानी थिए; किनकि पावलले उनको पोल लाएनन्।

**प्रेरित २३ः२९-३०ः** उनको केरकारअनुसार पावल मृत्युदण्ड वा बन्धनको योग्य थिएनन्, तर इमानदार थिए। तर यहूदीहरूले आफ्नो व्यवस्थाका सवालहरूको सम्बन्धमा तिनलाई अभियोग लगाएर हलचल

मच्चाएका रहेछन् । तिनीहरूले पावलको विरोधमा गुप्त युक्ति रचेका हुनाले पावललाई सिजरियामा पठाउन उनलाई उचित लाग्यो; तिनका अभियोगकहरूले आएर राज्यपाल फेलिक्सको सामु आफ्नो मामिला पेश गरून् ।

**प्रेरित २३ः३१-३५ः** सिजरिया जाने यात्रीहरू अन्टिपाट्रिसमा आएर थोरै समय बिसाए । अन्टिपाट्रिसचाहिँ यरूशलेमबाट उनन्चालीस माइल टाढ़ा थियो र त्यहाँबाट सिजरियामा पुग्न चौबीस माइल थियो । अबचाहिँ यहूदीहरू बाटोमा ढुकेर बस्ने खतरा हटिगएको थियो । यसकारण सिपाहीहरू त्यहाँबाट यरूशलेममा फर्के, तर घोड़चढ़ीहरूले पावललाई सिजरियासम्म रक्षा गरे । अनि सिजरियामा पुगेपछि तिनीहरूले पावललाई फेलिक्सको हातमा सुम्पे, र उनलाई लुसियसले लेखेको चिट्ठी पनि दिए । फेलिक्सले पावलको प्रारम्भिक जाँच गरे, र तिनी रोमी नागरिक रहेछन् भन्ने कुरा चाल पाएपछि उनले यरूशलेमबाट तिनका दोष लगाउनेहरू आउनासाथ तिनको कुरा सुन्ने प्रतिज्ञा गरे । त्यस बेलासम्म तिनी हेरोदको राजभवनमा सुरक्षित राखिऊन् – यो राज्यपालको हुकुम थियो ।

रोमी राज्यपाल फेलिक्सको कुरा यस प्रकारको छः उनी एक दास थिए, जसको आकास्मिक उत्थान रोमी साम्राज्यको उच्च पदमा एउटा राजनैतिक उल्का थियो । फेलिक्सको नैतिक जीवन ठीक थिएन; उनी व्यभिचारी थिए । उनलाई यहूदा प्रान्तको राज्यपाल नियुक्ति गरेको बेलामा उनका तीनजना पत्नीहरू थिए । अनि उनको शासनकालमा उनी द्रूसिल्लासँग प्रेममा फसे, जसको विवाह एमेसाका राजा अजिजुससँग भएको थियो । इतिहासकार योसेफसअनुसार उनीहरूको विवाह साइप्रसको जादुगर शिमोनद्वारा सुसम्पन्न गरियो ।

फेलिक्सचाहिँ निष्ठूर तानाशाह शासक थिए, जसले महापूजाहारी योनातानको हत्या गरे; किनभने तिनले उनको कुशासनमा दोष भेट्टाएका थिए र उनलाई उनको अवगुण देखाएका थिए ।

यही फेलिक्सको सामु पावल न्यायमा उभिनुपरेको थियो ।

**प्रेरित २४ः१ः** पावल सिजरियामा आइपुगेको पाँच दिन मात्र भएको थियो, जब महापूजाहारी हननिया र महासभाका केही सदस्यहरू पनि त्यहाँ

आइपुगिहाले। तिनीहरूले टेर्टुल्लोसलाई भाड़ामा लिए, जो एक रोमी थिए, जो तिनीहरूको पक्षमा बोल्ने अभियोक्ता भए। यिनले राज्यपाल फेलिक्सको सामु खड़ा भई पावलको विरुद्ध आरोपहरू लगाउनु थियो।

**प्रेरित २४ः२-४ः** यी टेर्टुल्लोसले आफ्नो अभियोग शुरु गरे र राज्यपाललाई निक्कै चिप्लो घसे। यिनले भनेको कुरा सरासर भ्रूट त थिएन नै; किनकि फेलिक्सले देशको शान्ति कायम राखेकै हुन्; उनले हूलदङ्गा, लुटपाट र विद्रोह आदि नराम्रा तत्त्वहरू दमन गरेकै हुन्। तर टेर्टुल्लोसका खुसामदका शब्दहरू हददेखि बाहिर गए; किनभने यिनले त्यस भ्रूटो प्रशंसाले राज्यपालको कृपादृष्टि पाउन खोजे होलान्।

**प्रेरित २४ः५-८ः** त्यसपछि यिनले प्रेरित पावलको विरोधमा चारवाट अभियोगहरू लगाए।

**क)** तिनी महामारी फैलाउने लोककण्टक थिए।

**ख)** तिनी यहूदीहरूको बीचमा विद्रोह मच्चाउने थिए।

**ग)** तिनी नासरीहरूको कुपन्थको मूल-अगुवा थिए।

**घ)** तिनले मन्दिरलाई अशुद्ध पार्न खोजेका थिए।

**प्रेरित २४ः९ः** फेलिक्सले पावललाई लगाइएका यी अभियोगहरूको यथार्थता अवश्य पत्ता लगाउँछन् भन्ने कुरामा टेर्टुल्लोसले उनीप्रति आफ्नो पूरा भरोसा व्यक्त गरे; अनि उपस्थित भएका यहूदीहरूले पनि 'हो, हो' भन्दै टेर्टुल्लोसले लगाएका अभियोगहरू सही हुन् भन्ने सहमति जनाए।

**प्रेरित २४ः१०ः** राज्यपालले पावललाई बोल्ने इसारा दिए। यसकारण तिनी आफ्नो प्रतिरक्षाका निम्ति उठे। पावलले फेलिक्सजस्तै अनुभवी मानिसको सामु आफ्नो सफाइ गर्न पाएकोमा उनलाई धन्यवाद चढ़ाए; किनभने धेरै वर्षदेखि उनी यहूदीहरूका रीतिहरूसित सुपरिचित थिए। पावलका यी शब्दहरू खुसामदका शब्दहरू थिएनन्, तर फेलिक्स-प्रति तिनको शिष्ट व्यवहार थियो।

अब प्रेरित पावलले आफूमाथि लगाइएका अभियोगहरूको एक-एक जवाफ दिन्छन्।

**प्रेरित २४ः११ः क)** तिनी एक लोककण्टक भएको विषयमा तिनको जवाफ यस प्रकारको छः तिनी यरूशलेममा पुगेको बाह्र दिन मात्र भएको थियो। अनि तिनी उपासना गर्न यरूशलेममा गएको थिए, हूलदङ्गा मच्चाउन होइन।

**प्रेरित २४ः१२-१३ः ख)** तिनी यहूदीहरूको बीचमा विद्रोह सृजना गर्ने मानिस नै होइनन्। चाहे मन्दिरमा होस्, चाहे सभाघरहरूमा वा यरूशलेम शहरमा होस्, तिनले मानिसहरूसित वादविवाद गरेका थिएनन्, तिनीहरूलाई उभाड़ेका, उक्साएका थिएनन्। वास्तविक कुरा यस्तै हो। यो कुरा कसैले पनि काट्न सक्दैन।

**प्रेरित २४ः१४-१७ः ग)** जुन मार्ग यहूदीहरूले कुपन्थ भन्छन्, तिनी त्यही मार्गअनुसार परमेश्वरलाई मान्ने मानिस थिए। नासरीहरूको पन्थको मूल-अगुवा हुने कुरा तिनले छोएनन्। तर कुरा सत्य होः तिनले यहूदीहरूका परमेश्वरको उपासना गर्थे। पुरानो नियममा लेखिएका सबै कुराहरू तिनले विश्वास गर्थे। हो, मरेकाहरूको बौरिउठाइ हुनेछ; दुवै धर्मीहरू र अधर्मीहरू बौरिउठ्नेछन् भन्ने कुरा तिनले स्वीकार गर्थे; यही कुरा सबै शास्त्रसम्मत यहूदीहरू र फरिसीहरूले पनि मान्दथिए। यही पुनरुत्थानमा मध्यनजर राखेर तिनले प्रभुप्रति र सबै मानिसहरूप्रित सुविवेक कायम राख्ने र मेलमिलापमा बस्ने चेष्ठ गर्थे। तिनले यहूदीहरूलाई राजद्रोह गर्नलाई उभाड्ने कुरा परै जाओस्, तिनले यरूशलेममा यहूदी मानिसहरूका निम्ति दानहरू पो ल्याएका थिए। यसको सन्दर्भचाहिँ म्यासिडोनिया र अखैयाका मण्डलीहरूले यरूशलेममा बस्ने गरिब यहूदी इसाई भाइबहिनीहरूका निम्ति पठाइएको अनुदान नै थियो।

**प्रेरित २४ः१८-१९ः घ)** मन्दिरलाई अशुद्ध पार्ने सम्बन्धमा पावलको जवाफ यस प्रकारको छः यहूदी भाकलअनुसार तिनले मन्दिरमा बलिदानहरू चढ़ाउन लागेको बेलामा एशियाका केही यहूदीहरूले तिनलाई देखेर तिनले अन्यजातिका मानिसहरूलाई मन्दिरभित्र ल्याएर त्यसलाई अपवित्र पार्ने भानमा तिनलाई पक्रे। तिनले यसो गरेकै थिएनन्। तिनलाई पक्राउ परेको घड़ीमा तिनी एकलै मन्दिरमा थिए; अनि त्यस समयमा तिनी

शुद्ध थिए अर्थात् विधिवत् हिसाबले शुद्ध थिए। साँच्चै तिनको विरोधमा कुनै कुरा हुँदो हो ता यरूशलेममा तिनको विरोधमा हूलदङ्गा मच्चाउने र तिनलाई दोष लगाउने यी एशियाका यहूदीहरूले यहाँ, सिजरियामा आउनुपर्नेथियो र आफ्ना अभियोगहरू पेश गर्नुपर्नेथियो।

**प्रेरित २४:२०-२१:** अनि महासभाको सामु खड़ा हुँदाखेरि तिनले कुनचाहिँ अपराध गरे त? यहाँ उपस्थित यहूदीहरूले यसको गवाही दिऊन् र तिनको दोषको प्रमाण दिऊन्! तिनीहरूसँग प्रमाण केही पनि थिएन। 'मरेकाहरूको बौरिउठाइको सम्बन्धमा आजको दिन तपाईंहरूद्वारा मेरो न्याय भइरहेको छ' भन्ने वचन पावलले तिनीहरूको बीचमा छोड़ेको बाहेक तिनीहरूले अरू केही पनि भन्न सक्नेथिएनन्। अर्को शब्दमा भन्नु हो भने, तिनीहरूका अभियोगहरू सत्य थिएनन्। तिनी अपराधी थिएनन्। तिनीहरूले तिनको विषयमा भनेका अरू कुराहरू सत्य होलान्, तर यी कुराहरूको विषयमा तिनलाई कानुन लाग्दैनथियो।

**प्रेरित २४:२२:** फेलिक्सले पावलको मुद्दाको सम्बन्धमा पक्ष-विपक्षका सबै कुराहरू सुने; उनको समस्या के थियो भने, इसाई विश्वासको विषयमा उनको धेरथोर ज्ञान भएको हुनाले को निर्दोष थिए, सो उनले राम्ररी जाने-बुझे। उनको सामु पेश गरिएको कैदी इमानदार थिए; रोमी कानुनअनुसार तिनले कुनै अपराध गरेका थिएनन्। तर उनले पावललाई निर्दोष हुन् भन्ने कुरा साबित गर्दा यहूदीहरू रिसले चूर हुनेथिए। अनि राजनैतिक दृष्टिकोणले हेर्दा यहूदीहरूलाई खुशी पार्नु उचित थियो। यसकारण उनले यस मुद्दाको छिनाफाना नगर्ने युक्ति अपनाए। उनले मुख्य कप्तान लुसियस सिजरियामा आउनुपर्छ; त्यस समयसम्म फैसला हुँदैन, तर पक्ष-विपक्ष पर्खनुपर्छ भन्ने घोषणा गरे। वास्तवमा यसरी उनले कुरा टार्ने मात्र थियो। अनि ती मुख्य कप्तान कहिले सिजरियामा आए? यसको वर्णन कहीं छैन।

**प्रेरित २४:२३:** मुद्दा सुन्ने यो बैठक बरखास्त भयो। फेलिक्सले पावललाई नजरबन्दीमा राख्ने आदेश दिए। यसो गर्दा तिनलाई केही स्वतन्त्रता, सुविधा दिनुपर्छ र तिनका चिनारुहरूलाई तिनलाई भेट्न र

तिनको खानेकुरा र कपड़ा ल्याइदिने अनुमति दिनुपर्छ। यसबाट के बुझिन्छ भने, राज्यपाल फेलिक्सले पावललाई दण्डको योग्य अपराधी ठानेनन्।

**प्रेरित २४:२४-२५[क]:** केही दिनपछि फेलिक्सले आफ्नो पत्नी द्रूसिल्लाको साथमा प्रेरित पावलको मुखबाट इसाई विश्वासको सम्बन्धमा सुन्न उनीहरूसित व्यक्तिगत भेटघाटका निम्ति तिनलाई बोलाए। निर्धक्कसाथ पावलले खुला रूपले यी लम्पट राज्यपाल र यिनकी व्यभिचारिणी पत्नीसित धार्मिकता, आत्मसंयम र भविष्यमा हुने न्यायको कुरा गरे। समाजमा वा परिवारमा होस्, व्यक्तिगत धार्मिकताको विषयमा उनीहरू अनजान थिए। अनि आत्मसंयमदेखि उनीहरू बिराना थिए; उनीहरूको अवैध विवाहको सम्बन्ध यसको विरोधमा साक्षी थियो। अनि भविष्यमा चाड़ै उनीहरू परमेश्वरको न्यायमा पर्ने नै छन्; त्यसको विषयमा उनीहरूलाई चेताउनी दिनु खाँचो थियो; किनभने ख्रीष्ट येशूको रगतले धोएर शुद्ध भएको मानिस मात्र न्यायमा खड़ा हुन सक्नेछ। यसकारण उनीहरूले आफ्ना पापहरूको क्षमा पाउनुपरेको थियो, नत्र नरकमा, त्यस कहिल्यै ननिभ्ने आगोको तालमा उनीहरू नाश हुनेथिए।

**प्रेरित २४:२५[ख]-२६:** यो कुरा सुनेर फेलिक्स चुप रहन सकेनन्। द्रूसिल्लालाई भन्दा वचनले उनलाई छोएछ, उनलाई लागेछ। उनलाई डर भयो; तर मुक्तिदाता प्रभुमाथि उनले विश्वासचाहिँ गरेनन्। ख्रीष्ट येशूलाई ग्रहण गर्ने निर्णय टारेर तिनले पावललाई यसो भनेः *'अहिलेको निम्ति जाऊ! जब म मौका पाउँला, तब म तिमीलाई बोलाउनेछु।'* तर दुःखको कुरा, फेरि एकपल्ट पावलको कुरा सुन्न उनको उपयोगी समय कहिल्यै आएनछ। पवित्र बाइबल यसको विषयमा चुप रहेको छ। हुन त त्यस दिनमा पावलको मुखबाट फेलिक्सले सुनेको गवाहीचाहिँ पावलसित कुरा गर्ने उनको अन्तिम मौका थिएन। किनभने आउँदो दुई वर्षभित्र पावल सिजरियामा कैदी रहेको समयमा उनले तिनलाई घरिघरि बोलाउने गर्थे। पावलका साथीहरूले उनलाई सुहाउँदो घूस दिन्छन् कि र उनले तिनलाई छोड्नुपर्ला भन्ने फेलिक्सको आशा थियो।

**प्रेरित २४:२७:** तर दुई वर्ष बितेपछि इस्वी संवत् ६० सालमा पोर्कियस फेस्टस फेलिक्सको बदलीमा राज्यपाल भए। अनि

यहूदीहरूलाई खुशी पार्न चाहेका फेलिक्सले हतकड़ी लगाइएका कैदीलाई बन्धनमा छोड़िराखे।

**प्रेरित २५ः१ः** इस्वी संवत् ६० सालको शरत्कालमा सम्राट नेरोले पोर्कियस फेस्टसलाई यहूदियामाथि राज्यपालको रूपमा नियुक्त गरे। राजनितिको हिसाबले सिजरियाचाहिँ सिरिया-प्रान्तको सदरमुकाम थियो, अनि यहूदिया पनि त्यस सिरिया-प्रान्तभित्र परेको थियो। अनि तीन दिनपछि फेस्टस सिजरियाबाट माथि यरूशलेममा गए। उनको अधिकार-क्षेत्रभित्र परेको यरूशलेमचाहिँ धर्मको हिसाबले त्यसको राजधानी थिए।

**प्रेरित २५ः२-३ः** सिजरियामा पावललाई कैद गरेर राखेको दुई वर्ष भइसक्यो; तरैपनि यहूदीहरूले तिनलाई बिर्सन सकेनन्; तिनीबाट तिनीहरूको घृणा अझ हटेको थिएन; अझै पनि तिनीहरूले तिनलाई मार्न खोजेका थिए। अब ती नयाँ राज्यपालबाट अवश्य कुनै न कुनै कृपा-दृष्टिरूपी कोसेली पाउने आशामा बसेका महापूजाहारी र यहूदीहरूका मुख्य-मुख्य मानिसहरूले उनलाई पावलको विरोधमा पोल लाउनसम्म लगाए र तिनलाई न्यायजाँचका निम्ति यरूशलेममा पठाउने विन्ती गरे। महासभाको सामु तिनको जाँच हुनुपर्छ भन्ने त्यस अनुरोधमा हामीले पावललाई मार्ने तिनीहरूको युक्ति देख्नुपर्छ; किनकि महासभामा पुग्नुभन्दा अगाड़ि तिनीहरूले तिनलाई मारिहाल्नेथिए।

**प्रेरित २५ः४-५ः** तर फेस्टसले तिनीहरूको विषयमा तिनीहरूले पावललाई कसरी मार्न खोजेका थिए, सो दुष्ट युक्तिको विषयमा, साथै यरूशलेमको मुख्य कप्तानले तिनलाई तिनीहरूको हातबाट बचाउन तिनलाई हतारमा सिजरियामा पठाउने कति ठूलो प्रबन्ध र कष्ट गरेका थिए, सो कुरा पनि सुनेको हुनुपर्छ। यसकारण उनले तिनीहरूको अनुरोध स्वीकार गरेनन्। तर तिनीहरूले चाहेमा सिजरियामा आएर पावलको विरोधमा आफ्नो उजुर पेश गर्न पाउनेथिए।

**प्रेरित २५ः६-८ः** फेस्टस अझ पनि दस दिन यरूशलेममा रहिरहे, त्यसपछि उनी सिजरियामा फर्के। भोलिपल्ट न्यायजाँचको निम्ति अदालत खोलियो। अनि यहूदीहरूले पावलको विरोधमा धेरै भारी अभियोगहरू लगाइहाले। तर तिनीहरूले तीमध्ये एउटै कुराका निम्ति पनि

कुनै प्रमाण दिन सकेनन् । तिनीहरूले पेश गरेका अभियोगहरू फ्याङ्ला थिए; यसकारण प्रेरितले तिनका जवाफ नदिएर केवल यति भनेः 'मैले न यहूदीहरूको व्यवस्थाको विरोधमा, न मन्दिरको विरोधमा, न ता सम्राटको विरोधमा कुनै अपराध गरें ।'

**प्रेरित २५ः९-११ः** केही समयका निम्ति फेस्टसले यहूदीहरूको अनुरोध मानेर पावललाई यरूशलेममा पठाउने र महासभाको सामु तिनको न्यायजाँच हुने विचार तौले जस्तै लाग्छ । तर कैदीको अनुमतिविना उनले यसो गर्न चाहेनन् । तर पावललाई थाहा थियो, कि तिनले यरूशलेममा जाने कुरा माने भने यरूशलेममा नपुगी तिनको मृत्यु हुनेथियो । यसकारण तिनले आफ्नो न्यायजाँच हुने अड्डा त सिजरिया हुनुपर्छ भन्ने कुरा गरे । तिनले रोमी साम्राज्यको नियम भङ्ग गरेका भए यसका निम्ति तिनी मर्न तयार थिए । तर यस प्रकारको अपराध तिनीबाट गरिएको थिएन भने, तिनलाई यहूदीहरूको हातमा सुम्पन कुनचाहिँ कानुन थियो र? रोमी नागरिकलाई दिइएका आफ्ना अधिकारहरू दाबी गर्दै प्रेरित पावलले 'म त सम्राटको न्यायआसनको सामु उभिरहेको छु' भन्ने स्मरण गरिन योग्य शब्दहरू बोले ।

के पावलले सम्राटसित अपिल गर्नु ठीक थियो त ? के तिनले आफ्नो मामिला केवल परमेश्वरको हातमा राखिछोड्नुपर्नेथिएन र ? तिनले यस संसारमा आफ्नो नागरिकताको अधिकार किन दाबी गरे ? यस प्रकारले झुकेर तिनले यसो नगर्नुपर्नेथियो, होइन र? पावलले गरेका गल्तीहरूमध्ये यो पनि एक भएको गनिन्छ । तर किटेर यसो भन्न सकिँदैन । यति कुरा निश्चित छ, कि सम्राटसँग अपिल गरेको हुनाले पावल बन्धनबाट मुक्त भएनन् । अनि तिनले सम्राटसँग उजुर नगरेको भए अवश्य तिनका निम्ति रोममा पुग्ने अरू उपायहरू पनि हुनेथिए ।

**प्रेरित २५ः१२ः** अनि यस सम्बन्धमा केही क्षण आफ्ना सल्लाह-कारहरूसित परमर्श लिएर फेस्टसले पावललाई हेपेर भनेः 'ठिक्कै छ ! तिमी सम्राटकहाँ उजुर चढ़ाउनेहो, तिमी सम्राटकहाँ जाने नै छौ ।'

**प्रेरित २५ः१३ः** केही समयपछि द्वितीय राजा हेरोद अग्रिप्पा र तिनकी बहिनी बेर्निके सिजरियामा आइपुगे, र फेस्टसलाई नयाँ राज्यपाल हुन

पाएकोमा बधाई दिए। ती द्वितीय अग्रिप्पाचाहिँ प्रथम राजा हेरोद अग्रिप्पाको छोरा थिए, जुन प्रथम राजा हेरोद अग्रिप्पाले याकूबलाई मारेका र पत्रुसलाई झ्यालखानामा हालेका थिए (प्रेरित १२ अध्याय)। तिनकी बहनी बेर्निके परम सुन्दरी अप्सरा थिइन् अरे। इतिहासकारहरूले यिनको चरित्रमा खोट भेट्टाए र आफ्नो दाजुसित यिनको अनैतिक सम्बन्ध भएको दोष लगाए पनि नयाँ नियमको पुस्तकमा यिनको चरित्रमाथि पर्दा लगाइएको छ।

**प्रेरित २५:१४-१६:** राजा हेरोद अग्रिप्पा र तिनकी बहिनी निक्कै समय सिजरियामा रहिरहे। तब फेस्टसलाई एउटा विचार आयो; अनि उनले कैदी पावलको विषयमा आफ्नो समस्या राजालाई बताइदिए। यहूदीहरूले पावलको वैधानिक न्यायजाँच गर्न नदिएर तिनलाई मृत्युदण्ड दिनुपर्छ भन्ने अनुचित आग्रह उनलाई कसरी पेश गरेका थिए, सो कुरा उनले राजालाई याद दिलाए। त्यसपछि उनले आफूलाई न्यायपरायण व्यक्तिको रूपमा प्रस्तुत गरे, जसले सधैंभरि कानुनअनुसार न्यायजाँचका कार्यविधिहरू कायम राख्न खोज्थे। यस सम्बन्धमा उनको राय यस प्रकारको थियोः दोष लगाइएको व्यक्तिले दोष लगाउनेहरूलाई आमुन्ने-सामुन्ने भेट्नुपर्छ र आफ्नो विरोधमा लगाइएको आरोपको विषयमा आफ्नो निम्ति जवाफ दिन सक्नुपर्छ।

**प्रेरित २५:१७-१९:** जब पावलको मामिला न्यायजाँच गर्न फेस्टसको सामु पुगेको थियो, तब तिनले रोमी सरकारको विरोधमा कुनै अपराध नगरेकै कुरा चाँड़ै स्पष्ट भयो। तिनको मामिलाचाहिँ तिनीहरूकै धर्म र एकजना येशूको विषयमा केही सवालहरूको विषयमा रहेछ, जुन येशूचाहिँ मरेको थियो, तर पावलले उहाँ जीवित हुनुहुन्छ भन्ने दाबी गर्थे।

**प्रेरित २५:२०-२२:** त्यसपछि फेस्टसले त्यस समयमा 'के तिमी यरूशलेममा जान्छौ कि' भनेर पावललाई गरेको आफ्नो प्रस्ताव के थियो, सो कुरा, साथै तिनले त्यस बेलामा अगस्टससँग अपिल गरेछन् भन्ने कुरा राजालाई सुनाए। अगस्टस कुनै रोमी सम्राटको नाम होइन, तर उनलाई 'पूजनीय' भनेर मान दिइएको सम्राटको उपाधि हो। त्यसबाट फेस्टसलाई एउटा समस्याको सृजना भयोः उनले आफ्नो कैदी रोममा पठाउनुपर्छ, तर

तिनको विरोधमा आरोपचाहिँ के दिने ? राजा अग्रिप्पा एक यहूदी भएको नाताले र यहूदीधर्मभित्रका सबै कामकुरा र नियमहरू राम्ररी जानेका हुनाले तिनले उनलाई सहायता गर्न सक्छन् कि, र उनले उचित अभियोगको कारण भेट्टाउँछन् कि भन्ने फेस्टसलाई आशा थियो ।

संसारका मानिसहरूको मुक्तिदाता प्रभुको विषयमा फेस्टसले 'एकजना येशू' भनेका थिए। श्री जोह्न ए. बेङ्गलले आफ्नो टिप्पणीमा उचित टिका हाले, जुन टिका हामी यहाँ प्रस्तुत गर्न लायकको सम्झन्छौंः

'याद रहोस् ! यी अभागी फेस्टसले यसरी उहाँको विषयमा बोले, जसको सामु हरेकले आफ्ना घुड़ा टेक्नुपर्छ ।'

**प्रेरित २५ः२३ः** भोलिपल्ट त्यसको सुनुवाइ भयो। अनि राजा अग्रिप्पा र बेर्निके ठूलो रवाफको साथ आइपुगे। मुख्य कप्तानहरू र शहरका माननीय व्यक्तिहरू पनि उपस्थित थिए। अब पावललाई ल्याइयो ।

**प्रेरित २५ः२४-२७ः** फेस्टसले उनीहरूलाई पावलको मामिलाको छोटो बेलिबिस्तार दिए अर्थात् यहूदीहरूबाट बारम्बार पावलको मृत्युदण्ड दिनुपर्छ भन्ने माग आइरह्यो, तर उनले प्रेरित पावलमा मृत्युदण्डको योग्य कुनै प्रकारको अपराध भेट्टाउन नसकेका, र पावल सम्राटसँग उजुर चढ़ाएको कुरा सुनाए। फेस्टसको समस्या के थियो भने, पावलको अपिलले गर्दा तिनलाई सम्राट नेरोकहाँ पठाउन उनलाई करै लाग्यो, तर तिनको न्यायजाँचका निम्ति अभियोगचाहिँ के थियो ? यसकारण राजा अग्रिप्पाले उनलाई सहायता गर्नेछन् भन्ने आशा उनले सबैको सामु व्यक्त गरे । कुनै कैदीलाई रोममा पठाउनु, तर उसको विरोधमा अभियोगहरू के-के हुन्, सो नबताउनु उचित र न्यायसँगत देखिएन। यसकारण यहाँ के भइरहेको थियो, सो न्यायजाँच होइन, तर एउटा सुनुवाइ मात्र थियो। किनकि पावललाई दोष लगाउने यहूदीहरू उपस्थित थिएनन् । अनि राजा अग्रिप्पाले न्यायको फैसला गर्ने नै होइनन् ।

**प्रेरित २६ः१-३ः** यहाँ प्रस्तुत गरिएको दृश्यको शीर्षकचाहिँ 'गुलामी राजा र सिंहासनमाथि विराजमान भएका कैदी' भनिएको छ; किनभने आत्मिक दृष्टिकोणले हेर्दा राजा अग्रिप्पा एक मायालाग्दा व्यक्ति हुन्थे, तर

प्रेरित पावल विश्वासका पखेटाहरूमा उड़ेर आफ्ना परिस्थितिहरूदेखि अति उच्चमा पुगे ।

राजा अग्रिप्पाले पावललाई बोल्ने सङ्केत दिएपछि तिनले आफ्नो हात पसारे र पूरा उत्सुकतासाथ तिनले आफू कसरी इसाई भएको, यसको अनुभव सुनाउन थाले । पहिले, तिनी धन्यवादी थिए, किनभने तिनले अग्रिप्पाको सामु आफ्नो मामिला पेश गर्न पाए – एकजना यहूदी मानिसको सामु, जसले यहूदीहरूको बीचमा चल्ती भएका रीतिहरू र सवालहरूको विषयमा सबै कुरा जान्दथिए। तिनको साक्षीको यस आरम्भमा तिनले राजा अग्रिप्पाको खुसामद गरेको होइन; तर उनीप्रति आफ्नो शिष्ट व्यवहार प्रकट गरेर तिनले उनको विषयमा जे भने, त्यो वास्तविक थियो ।

**प्रेरित २६ः४-५ः** प्रेरित पावलको युवा-अवस्थाको विषयमा भन्नु हो भने, तिनको चाल उदाहरणीय थियो । यहूदीहरूले यो कुरा मान्नुपरेको थियो; तर यो कुरा स्वीकार गर्न तिनीहरूमध्ये कोही तयार भएन । उहिले पावल एक फरिसी थिए, जो यहूदीधर्मको सबैभन्दा कठोर शास्त्रसम्मत पन्थको शिक्षाअनुसार चल्थे ।

**प्रेरित २६ः६ः** पुरानो नियममा परमेश्वरले तिनका पितापुर्खाहरूलाई दिनुभएको प्रतिज्ञाअनुसार तिनले परमेश्वरमाथि आशा राखेको तिनको अपराध रहेछ, जसको विषयमा तिनले हालैमा न्यायजाँचमा जवाफ दिनुपरेको थियो । पावलको तर्कको तरङ्ग यस प्रकारले बगेको देख्छौंः पुरानो नियमको समयमा परमेश्वरले अब्राहाम, इसहाक, याकूब, अनि दाऊद र सुलेमानजस्तै इस्राएलका मूलपुरुषहरूसित विभिन्न वाचाहरू बाँध्नुभएको थियो । यी वाचाहरूको चरमबिन्दु तिनीहरूलाई ख्रीष्ट दिइने प्रतिज्ञा थियो । यस प्रतिज्ञाअनुसार उहाँले आफ्नो आगमनमा इस्राएली जातिलाई छुटकारा दिनुहुनेछ र संसारमाथि राज्य गर्नुहुनेछ। तर पुरानो नियमको समयमा जिउने पितापुर्खाहरूले यो प्रतिज्ञा पूरा भएका देखेनन्, तर नदेखीकन तिनीहरू सबै मरे । तब के परमेश्वरले आफ्ना वाचाहरूमा प्रस्तुत गरिएका सर्तहरू पूरा गर्नुहुन्न – के यस भनाइको अर्थ यो हो र ? होइन नि ! उहाँले आफ्ना सर्तहरू अवश्य पूरा गर्नुहुने नै छ। तर यी

पितापुर्खाहरू मरिसके; यस अवस्थामा परमेश्वरले तिनीहरूप्रति आफ्नो प्रतिज्ञा कसरी पूरा गर्नुहुनेछ त ? यस प्रश्नको उत्तर यस प्रकारको छः उहाँले तिनीहरूलाई मरेकाहरूबाट बौराएर उठाउनुहुनेछ। यसरी नै प्रेरित पावलले पुरानो नियमको समयमा जिएका पवित्र जनहरूसित गरिएका प्रतिज्ञाहरू र मरेकाहरूको पुनरुत्थानको बीचमा सीधा सम्बन्ध जोड़े।

**प्रेरित २६ः७ः** अनि इस्राएलका बाह्रवटा कुलहरूको विषयमा कसो ? उनीहरूले दिनरात निरन्तर परमेश्वरको यत्नशील सेवा गर्दै यो प्रतिज्ञा कहिले पूरा हुने हो, यसको बाटो हेर्दै जिइरहेका थिए। बेबिलोनमा कैदी भएर लगिएको समयदेखि यता इस्राएलका दस कुलहरू हराए भनिपठाउने शिक्षाको सन्दर्भमा, जुन शिक्षा वर्तमान समयमा फैलिएको छ, यो कुरा महत्त्व हो। यी बाह्रवटा कुलहरू अन्यजातिहरूको बीचमा तितरबितर भए पनि, प्रेरित पावलको दृष्टिमा, उनीहरू अझ एउटा जाति नै रहेका थिए, जुन जातिले परमेश्वरको सेवा गर्दथियो र उहाँको प्रतिज्ञाअनुसार उनीहरूलाई छुटकारा दिनुहुने उद्धारकको बाटो हेर्दैथियो।

**प्रेरित २६ः८ः** पावलको अपराध यस्तो थियोः तिनले परमेश्वरमाथि विश्वास गरे, जसले पितापुर्खाहरूसित गर्नुभएको आफ्नो प्रतिज्ञा, तिनीहरूलाई मरेकाहरूबाट बौराएर उठाईकन आफ्नो समयमा पूरा गर्नुहुनेछ। यसमा विश्वास गर्न नसकिने कुरा के थियो त ? यो प्रश्न पावलले राजा अग्रिप्पालाई, साथै उपस्थित श्रोतागण सबैलाई सोधे।

**प्रेरित २६ः९-११ः** पावल आफ्नो जीवनको गवाहीतिर फर्के; ख्रीष्टीय विश्वास अपनाउनेहरू जोसुकै होऊन्, उनीहरू सबैप्रति तिनको बेहोसी व्यवहार र उनीहरूको विरोधमा निरन्तर चालु भएको अथक अभियान कस्तो थियो, आफूले कल्पना गर्नुहोस् ! नासरी येशूको नाम तिनले सहन सक्दैनथिए, तर जहाँतहीं पनि यस नामको सकभर विरोध गर्थे। मुख्य पूजाहारीहरूबाट अधिकार-प्राप्त पावलले यरूशलेममा सकेसम्म धेरै इसाईहरूलाई जेलमा हाल्थे। महासभाको सामु उनीहरूको न्यायजाँच हुँदा तिनले सधैं उनीहरूको विरोधमा आफ्नो भोट दिन्थे। हरेक सभाघरमा भेट्टाइएका ख्रीष्टका सबै चेलाचेलीहरूलाई तिनले दण्ड नदिई छोड्दैनथिए। उनीहरूप्रति तिनको चाल निरन्तर यस प्रकारको थियो।

उनीहरूले आफ्नो प्रभुलाई तिरस्कार गर्ने हेतुले तिनले भ्याएसम्म उनीहरूलाई करकापमा पार्ने गर्थे। तिनले उनीहरूलाई प्रभुको नामको निन्दा गर्न कर लाउँथे[78)] भन्ने अर्थ हामीले यसरी बुझ्नुपर्छः तिनले उनीहरूलाई प्रभुको नामको निन्दा गर्न कोशिश गर्थे, तर त्यसमा सफल भएन। अनि येशूका चेलाहरूलाई सताउने र हेला गर्ने तिनको यो अभियान यरूशलेममा र यहूदियामा सीमित रहँदैनथियो, तर बाहिरका शहरहरूतिर पनि पुगेको थियो।

**प्रेरित २६ः१२-१४ः** अनि तिनलाई विदेशमा ल्याइपुऱ्याउने तिनका सतावटका धावाहरूमध्ये एउटामा तिनले आफ्नो जीवनमा एउटा ठूलो अनुभव गरेका थिए, जुन अनुभवले तिनलाई पूरा परिवर्तन गरेको छ। तिनी दमस्कसतिर गइरहेका थिए। अनि तिनको हातमा इसाईहरूलाई गिरफ्तार गरेर दण्डका निम्ति यरूशलेममा फर्केर ल्याउने अधिकार-पत्रहरू थिए। मध्यदिनको कुरा होः तिनले बाटोमा महिमाको दर्शन देखेः घामको तेजभन्दा पनि चम्किलो ज्योति स्वर्गबाट तिनको वरिपरि चम्केको थियो। तिनी भुइँमा लड़े; त्यसपछि तिनले एउटा वाणी सुने, जसले तिनलाई तिनको जाँच गर्ने प्रश्न सोध्योः 'शाउल, हे शाउल, तिमी मलाई किन सताउँदैछौ ?' त्यसमा यी प्रकाशयुक्त शब्दहरू थपिएः 'सुइराहरूमा लात हान्नु तिम्रा निम्ति कठिन छ।' सुइराहरूचाहिँ हिँड्न नटेर्ने हठी पशुहरूलाई घोचेर हिँड्ने तुल्याउने जबरजस्ती काममा ती तीखा, चुच्चा हतियारहरू प्रयोग गरिन्थे। यसर्थ पावलले आफ्नो विवेकरूपी सुइराको विरोधमा लात हानेका थिए। तर यसभन्दा बढ़ता तिनले पवित्र आत्माको कायल पार्ने आवाजमा लात हानेरै त्यसलाई चुप पार्न चाहेका थिए। झन् महत्त्वपूर्ण कुरा यो थियो। स्टिफनसको मृत्यु तिनले कहिल्यै भुल्न सक्दैनथिए। उनको मृत्यु कति गौरवशाली र अनुग्रहले पूर्ण थियो। तिनले सुइराहरूको विरोधमा लात हान्दा परमेश्वरको विरुद्ध गरेका थिए।

**प्रेरित २६ः१५ः** पावलले सोधेः 'तपाईं को हुनुहुन्छ, प्रभु ?' अनि जवाफमा यस्तो वाणी आयोः 'म येशू हुँ, जसलाई तिमीले सताइरहेका छौ।' अरे, येशू ? यो हुनै सक्दैन। येशू त क्रूसमा मर्नुभएको र चिहानमा गाड़िनुभएको थियो। तिनले सुनेअनुसार उहाँका चेलाहरूले राति उहाँको

लास चोरेका थिए र उहाँलाई अन्त कहीं राखेका थिए अरे। यही येशू अहिले तिनीसँग कसरी बोल्न सक्नुहुन्थ्यो ? पावलको मनको पर्दा हट्यो र सत्यताको प्रकाशको उदय भयोः चिहानमा गाड़िनुभएको येशू मरेकाहरूबाट बौरिउठ्नुभएको हुनुपर्छ। उहाँ स्वर्गमा चढ़ी जानुभएको रहेछ। अनि त्यहाँबाट उहाँ अहिले पावलसँग कुरा गर्दै हुनुहुन्थ्यो। ख्रीष्ट-विश्वासीहरूलाई सताउँदै गरेका पावलले उनीहरूको स्वामीलाई सताएका रहेछन्! अनि उहाँलाई सताउँदै गर्दा तिनले इस्राएलका ख्रीष्टको रूपमा परमेश्वरको पुत्रलाई धरि सताएका थिए।

**प्रेरित २६ः१६ः** अबचाहिँ पावलले बौरिउठ्नुभएको प्रभु येशू ख्रीष्टबाट पाएको तिनको सेवकाइको अभिभाराको सङ्क्षेप्त सार दिन्छन्ः प्रभु येशूले तिनलाई 'उठ, आफ्ना पाउहरूमा खड़ा होऊ' भनेर भन्नुभयो। तिनी प्रभुको सेवक र उहाँको साक्षी हुनु थियो। महिमाको प्रभु ख्रीष्टको विशेष प्रकाश तिनलाई यस हेतुले दिइन्छ, कि तिनी प्रभु येशूको सेवक भएका होऊन्। तिनी तिनलाई त्यस दिनमा देखाएका सबै कुराहरूको गवाही हुनुपरेको थियो, साथै अरू सबै महान् इसाई सत्यताहरूको साक्षी हुनुपरेको थियो, जुन सत्यताहरू पछि तिनीकहाँ प्रकट हुनेथिए।

**प्रेरित २६ः१७ः** 'म तिमीलाई तिम्रो जातिबाट र अन्यजातिहरूबाट छुटकारा दिनेछु' भन्ने प्रतिज्ञा हामीले यस प्रकारले बुझ्नुपर्छः जबसम्म पावलको सेवाको काम सिद्धिएको थिएन, तबसम्म तिनले ईश्वरीय छुटकारा पाउनेथिए।

**प्रेरित २६ः१८ः** पावललाई प्रेरितको रूपमा विशेष गरी अन्य-जातिहरूकहाँ पठाइन्थ्यो, कि तिनले तिनीहरूका आँखाहरू खोलिऊन्, तिनीहरू अन्धकारबाट ज्योतिमा फर्कून् र शैतानको शक्तिदेखि छुटकारा पाएर जीवित परमेश्वरकहाँ फर्कन सकून्। प्रभु येशूमाथि राखिएको विश्वासद्वारा तिनीहरूले आफ्ना पापहरूको क्षमा र पवित्र जनहरूको बीचमा आफ्नो पैतृक-सम्पत्ति पाउनेथिए। ख्रीष्टको सुसमाचारको फल के-के हुने हो, सो कुरा स्पष्ट पार्दै श्री एच. के. डोउनीले यस पदको उच्च सार यस प्रकारले दिएका छन्ः

**क)** सुसमाचारको सन्देशले अन्धकारबाट छुटकारा दिन्छ।

**ख)** त्यसले शैतानको शक्तिदेखि छुटकारा दिलाउँछ।

**ग)** त्यसले पापहरूको क्षमा प्रदान गर्छ।

**घ)** त्यसले मुक्ति पाएकाहरूलाई त्यो पैतृक-सम्पत्ति फिर्ता दिन्छ, जुन पैतृक-सम्पत्ति उनीहरूले हराइपठाएका थिए।

**प्रेरित २६ः१९-२३ः** यसरी नै प्रभु येशूको सेवकाइको अभिभारा सुम्पिएको प्रेरितले राजा अग्रिप्पालाई के बुझाउँछन् भने, तिनी कुनै हालतमा पनि यस स्वर्गीय दर्शनको विरोधमा जान सक्दैनथिए। तर चाहे दमस्कसमा होस्, चाहे यरूशलेममा होस्, तिनले सारा यहूदियाभरि र अन्यजातिका मानिसहरूलाई लगायत एउटै कुरा प्रचार गर्थेः मानिसहरूले पश्चात्ताप गरेर एकमात्र सत्य परमेश्वरकहाँ फर्कनुपर्छ, र तिनीहरूले आफ्नो पश्चात्तापको वास्तविकता प्रमाणित गर्ने कामहरू आफ्नो जीवनबाट देखाउनुपर्छ। अनि आफ्नो यस प्रेरितिक सेवकाइमा व्यस्त रहेका पावललाई यहूदीहरूले मन्दिरमा पक्रेका थिए र तिनलाई मार्न खोजेका थिए। तर परमेश्वरले तिनलाई सुरक्षा दिनुभयो र आजको दिनसम्म सहायता गर्नुभयो। यसकारण तिनले आफ्नो सम्पर्कमा आएका सबै मानिसहरूलाई साक्षी दिइरहन्थे। राजा अग्रिप्पा आफूले भनून्ः पुरानो नियममा मोशा र भविष्यवक्ताहरूले भनेकै कुराहरू छोड़ेर तिनले कुनचाहिँ फाल्टो कुरा प्रचार गर्थे? ख्रीष्ट येशूले दुःख भोग्नुपर्छ, अनि उहाँ मरेकाहरूबाट बौरिउठ्नुमा प्रथम हुनुपर्छ। अनि उहाँले यहूदी जातिलाई र अन्यजातिका मानिसहरूलाई ज्योति देखाउनुहुनेछ। पावलको प्रचार यस प्रकारको थियो।

**प्रेरित २६ः२४-२६ः** फेस्टस अन्यजातिको मानिस थिए; यसकारण शायद उनले प्रेरित पावलले प्रस्तुत गरेको तर्क पूरा पछ्याउन र पछ्न सकेनन् होलान्। पवित्र आत्माले भरपूर भएको मानिसलाई सहन उनलाई गाह्रो भयो। 'पावल, धेरै अध्ययनले गर्दा तिमी पागल भएछौ' भनेर विचार नगरीकन उनी बम्के। तर यसबाट पावललाई रिस अलिकति पनि

उठेन। तर तिनले शान्त भावले पागलपनको दोष इन्कार गरेर भने, कि तिनका यी शब्दहरूमा सत्यता थियो र समझ पनि थियो। त्यसपछि राजाकहाँ फर्केर तिनले उनीप्रति आफ्नो विश्वास व्यक्त गरेः तिनले भनेका कुराहरू सत्य छन् भन्ने कुरा राजाले अवश्य जानेका छन्। पावलको बितेको जीवन र तिनको जीवनको परिवर्तन कुनै कुनामा भएको थिएन। यहूदीहरूलाई यसको विषयमा सबै कुराहरू पूरा थाहा थियो। अनि राजा अग्रिप्पाको कानमा पनि यी खबरहरू पुगेका हुनुपर्छ।

**प्रेरित २६ः२७ः** अब पावलले राजाको नाम लिएर सीधा उनलाई सोधेः 'हे राजा अग्रिप्पा, के हजुरले भविष्यवक्ताहरूलाई विश्वास गर्नुहुन्छ?' अनि पावलले आफ्नो प्रश्नको उत्तर आफै दिँदै भनेः 'हो, म जान्दछु, हजुरले विश्वास गर्नुहुन्छ।' पावलको तर्कको जोड़ केमा थियो, सो बुझ्न सरल छ। यसमा कुनै गल्ती गर्न सकिँदैन। वास्तवमा तिनले भनेको अर्थ यस प्रकारको छः 'म पुरानो नियममा भविष्यवक्ताहरूले भनेका सबै कुराहरू विश्वास गर्छु। अनि हे अग्रिप्पा, हजुरले पनि उनीहरूले दिएको गवाहीमा विश्वास गर्नुहुन्छ, होइन र? यसकारण हजुर आफूले भन्नुहोस्ः यी यहूदीहरूले यसमा मलाई मृत्युदण्डको योग्य अपराधी कसरी ठहराउन सक्छन् त? अनि हजुरले पनि कसरी मलाई दोषी ठहराउनुहुन्छ, जब हजुरले त्यही कुरा विश्वास गर्दै हुनुहुन्छ, जुन कुरा म विश्वास गर्दछु?'

**प्रेरित २६ः२८ः** पावलको तर्कको प्रबल जोड़ राजा अग्रिप्पालाई पूरा लागेछ। 'यति थोरैमा तिमी मलाई ख्रीष्ट्यान बनाउने जोड़ गर्छौ?' भन्ने शब्दहरू यसको साक्षी हुन्। तर यी शब्दहरूद्वारा अग्रिप्पाले के भन्न खोजे, यस विषयमा एकमत छैन। के.जे.वी.-बाइबललाई प्रिय मान्नेहरूले प्रायः के बुझ्छन् भने, राजा अग्रिप्पा यहाँ ख्रीष्ट येशूलाई ग्रहण गर्ने मोड़मा आइपुगेका थिए। अनि प्रेरित २६ः२९ पदले यो कुरा पुष्टि गरेको छ, जहाँ पावलले उनलाई दिएको उत्तर यस धारणासँग मिल्छ। तर यस विषयमा अर्को धारणा पनि छ, जसले भन्छः राजा अग्रिप्पाले व्यङ्ग्य प्रयोग गरेर पावललाई छेड़ हाने अरे। उनले पावललाई यस प्रकारको प्रश्न सोधे रेः 'अरे, यति चाँड़ै तिमीले मलाई जोड़ गरेर मलाई

क्रिस्तान तुल्याउन खोज्छौ ?' अर्को शब्दमा भन्नु हो भने, उनले ठट्टा गरेरै प्रेरित पावलका शब्दहरूमा भएको प्रबलताबाट उम्कन खोजे।

**प्रेरित २६ः२९ः** राजा अग्रिप्पाका शब्दहरूमा सच्चाइ होस् कि व्यङ्ग्य होस्, पावलले उनलाई पूरा गम्भीरतासाथ उत्तर दिए। यो सवाल धेरथोर करको कुरा होइन; तर पावलको शुभेच्छा र प्रार्थना के थियो भने, राजा अग्रिप्पा र उपस्थित श्रोतागणले इसाई जीवनका आशिषहरू र आनन्दमा प्रवेश गरून्। पावलले उपभोग गरेका सबै सौभाग्यहरूमा उनीहरू सहभागी होऊन्। तिनका बन्धनहरू छोड़ेर उनीहरू तिनीजस्तै होऊन्। श्री जे. क्याम्पबेल मोर्गनले यसो लेखेका छन्ः

> 'राजा अग्रिप्पालाई बचाउन पावल मर्न तयार थिए; तर आफ्ना बन्धनहरू तिनले उनीमाथि सार्न चाहँदैनथिए। साँचो इसाईपन यही हो। यस प्रकारको विश्वासको बधाई होस्! यसको वृद्धि भएको होस्! यसलाई व्यवहारमा ल्याउनुपरेको छ। अरूलाई सताउने कुरा सत्यनिष्ठा इसाईपन होइन, तर अरू मानिसहरूमाथि कुनै बन्धन नलगाउने, तर तिनीहरूको मुक्ति दिलाउन बरु मर्न तयार हुने इमानदारी साँचो इसाईपन हो।' **79)**

**प्रेरित २६ः३०-३२ः** राजा अग्रिप्पा, राज्यपाल फेस्टस र बेर्निके अनि अरू सबै अधिकारीहरू उठे; तिनीबाट अलगै अर्को ठाउँमा गएर उनीहरूले आपसमा छलफल गरे। पावलले मृत्युदण्ड वा बन्धनको योग्य कुनै अपराध गरेकै थिएनन् – उनीहरूलाई यो कुरा मानिलिन करै लाग्यो। अनि केही अफसोच मानेका राजा अग्रिप्पाले राज्यपाल फेस्टसलाई यसो भनेः 'यदि पावलले सम्राटलाई उजुर नचढ़ाएको भए उसले छुटकारा पाउन सक्नेथियो।'

सम्राटसँग गरेको अपिल किन खारिज हुँदैनथियो – यसमा हामीलाई उदेक लाग्छ। यो स्वभाविक कुरा हो। अनि यस प्रकारको उजुर फिर्ता लिन सकिन्थ्यो कि सकिँदैनथियो, सो हामी जान्दैनौं, तर यसमा परमेश्वरको हात थियो भन्ने कुरा हामीलाई थाहा हुन्छ। प्रेरित २३ः११ पदअनुसार अन्यजातिहरूको प्रेरित रोममा पुग्नु थियो; तिनले सम्राटको सामु न्यायजाँचमा उभिनुपरेको थियो। आफ्नो प्रभुको मृत्युसित एकसमान हुने तिनको चाहना रोममा पूरा हुनुपरेको थियो।

## ╬Ю) ЯцфЯЦЇЯц░ЯЦЄЯц░Яц┐Яцц ЯЦеЯЦГЯцЃЯЦД-ЯЦеЯЦ«ЯцЃЯЦДЯЦгЯцЃ ЯцфЯЦЇЯц░ЯЦЄЯц░Яц┐Яцц ЯцфЯцЙЯцхЯц▓ЯцЋЯЦІ Яц░ЯЦІЯц«ЯццЯц░ЯЦЇЯцФЯЦЄЯцЋЯЦІ Яц»ЯцЙЯццЯЦЇЯц░ЯцЙ Яц░ ЯцЅЯцеЯц▓ЯЦЄ ЯцџЯцбЯц╝ЯЦЄЯцЋЯЦІ ЯцфЯцЙЯцеЯЦђЯцюЯц╣ЯцЙЯцюЯцЋЯЦІ ЯцфЯЦІЯццЯцГЯцЎЯЦЇЯцЌ ЯЦц

Яц»ЯцИ ЯцЁЯцДЯЦЇЯц»ЯцЙЯц»Яц«ЯцЙ ЯцИЯц┐ЯцюЯц░Яц┐Яц»ЯцЙЯцгЯцЙЯцЪ ЯцфЯЦЇЯц░ЯЦЄЯц░Яц┐Яцц ЯцфЯцЙЯцхЯц▓ЯцЋЯЦІ Яц░ЯЦІЯц«ЯццЯц░ЯЦЇЯцФЯЦЄЯцЋЯЦІ Яц»ЯцЙЯццЯЦЇЯц░ЯцЙЯцЋЯЦІ Яц░ЯЦІЯц«ЯцЙЯцъЯЦЇЯцџЯц┐Яцц ЯцЋЯц╣ЯцЙЯцеЯЦђ ЯцХЯЦЂЯц░ЯЦЂ Яц╣ЯЦЂЯцеЯЦЇЯцЏЯЦц ЯццЯц┐ЯцеЯцЋЯЦІ ЯцЄЯцЪЯцЙЯц▓ЯЦђЯццЯц░ЯЦЇЯцФЯЦЄЯцЋЯЦІ ЯцИЯц«ЯЦЂЯцдЯЦЇЯц░-Яц»ЯцЙЯццЯЦЇЯц░ЯцЙЯц▓ЯЦЄ ЯццЯц┐ЯцеЯц▓ЯцЙЯцѕ ЯцгЯЦђЯцџЯЦѕЯц«ЯцЙ Яц«ЯцЙЯц▓ЯЦЇЯцЪЯцЙЯц«ЯцЙ ЯцфЯЦЂЯц░ЯЦЇЯц»ЯцЙЯцЅЯцЂЯцЏЯЦц ЯцфЯцЙЯцхЯц▓ Яц»ЯцИ ЯцфЯцЙЯцеЯЦђЯцюЯц╣ЯцЙЯцюЯц«ЯцЙ ЯцИЯцФЯц░ ЯцЌЯц░ЯЦЇЯцеЯЦЄ ЯцИЯцхЯцЙЯц░ЯЦђ ЯцеЯц╣ЯЦЂЯцЂЯцдЯцЙ Яц╣ЯЦЂЯцеЯЦЇ Яцц Яц╣ЯцЙЯц«ЯЦђЯц▓ЯЦЄ Яц»ЯцИ Яц»ЯцЙЯццЯЦЇЯц░ЯцЙЯцЋЯЦІ ЯцхЯц┐ЯцхЯц░ЯцБ Яц░ Яц»ЯцИ ЯцфЯцЙЯцеЯЦђЯцюЯц╣ЯцЙЯцюЯцЋЯЦІ ЯцфЯЦІЯццЯцГЯцЎЯЦЇЯцЌЯцЋЯЦІ ЯцхЯц┐ЯциЯц»Яц«ЯцЙ ЯцЋЯц╣Яц┐Яц▓ЯЦЇЯц»ЯЦѕ ЯцИЯЦЂЯцеЯЦЇЯце ЯцфЯцЙЯцЅЯцеЯЦЄЯцЦЯц┐ЯцЈЯцеЯЦїЯцѓЯЦц Яц»ЯцИ ЯцќЯцБЯЦЇЯцАЯц«ЯцЙ ЯцЦЯЦЂЯцфЯЦЇЯц░ЯЦѕ ЯцеЯцЙЯцхЯц┐ЯцЋ ЯцХЯцгЯЦЇЯцдЯц╣Яц░ЯЦѓ ЯцџЯц▓ЯцЙЯцЄЯцЈЯцЋЯцЙ Яц╣ЯЦЂЯцеЯцЙЯц▓ЯЦЄ ЯцЋЯццЯц┐ЯцфЯц» ЯцЋЯЦЂЯц░ЯцЙ ЯцгЯЦЂЯцЮЯЦЇЯце ЯцЌЯцЙЯц╣ЯЦЇЯц░ЯЦІ ЯцфЯц░ЯЦЇЯц▓ЯцЙ ЯЦц

**ЯцфЯЦЇЯц░ЯЦЄЯц░Яц┐Яцц ЯЦеЯЦГЯцЃЯЦДЯцЃ** ЯцИЯц┐ЯцюЯц░Яц┐Яц»ЯцЙЯцгЯцЙЯцЪ Яц»ЯцЙЯццЯЦЇЯц░ЯцЙ ЯцХЯЦЂЯц░ЯЦЂ ЯцГЯц»ЯЦІ ЯЦц ЯцфЯцЙЯцхЯц▓Яц▓ЯцЙЯцѕ Яц»ЯЦЂЯц▓Яц┐Яц»ЯцИ ЯцеЯцЙЯц« ЯцГЯцЈЯцЋЯцЙ ЯцИЯЦЂЯцгЯЦЄЯцдЯцЙЯц░ЯцЋЯЦІ Яц╣ЯцЙЯццЯц«ЯцЙ ЯцюЯц┐Яц«ЯЦЇЯц«ЯцЙ Яц▓ЯцЌЯцЙЯцЄЯц»ЯЦІ, ЯцюЯЦЂЯце ЯцИЯЦЂЯцгЯЦЄЯцдЯцЙЯц░ ЯцЁЯцЌЯцИЯЦЇЯцЪЯцИЯцЋЯЦІ ЯцфЯц▓ЯЦЇЯцЪЯцеЯц«ЯцЙЯцЦЯц┐ ЯцИЯЦЄЯцеЯцЙ-ЯцЁЯцДЯц┐ЯцЋЯцЙЯц░ЯЦђ ЯцЦЯц┐ЯцЈЯЦц ЯццЯЦЇЯц»ЯЦІ ЯцфЯц▓ЯЦЇЯцЪЯцеЯцџЯцЙЯц╣Яц┐ЯцЂ Яц░ЯЦІЯц«ЯЦђ ЯцИЯЦЄЯцеЯцЙЯцЋЯЦІ ЯцфЯЦЇЯц░ЯцќЯЦЇЯц»ЯцЙЯцц ЯцфЯц▓ЯЦЇЯцЪЯце ЯцЦЯц┐Яц»ЯЦІ ЯЦц ЯцеЯц»ЯцЙЯцЂ ЯцеЯц┐Яц»Яц«Яц«ЯцЙ ЯцюЯццЯц┐ ЯцИЯЦЂЯцгЯЦЄЯцдЯцЙЯц░Яц╣Яц░ЯЦѓЯцЋЯЦІ ЯцгЯц»ЯцЙЯце ЯцЌЯц░Яц┐ЯцеЯЦЇЯцЏ, ЯццЯЦђ ЯцИЯцгЯЦѕ ЯцИЯЦЂЯцгЯЦЄЯцдЯцЙЯц░Яц╣Яц░ЯЦѓЯцЋЯЦІ ЯцџЯц░Яц┐ЯццЯЦЇЯц░ ЯцфЯЦЇЯц░ЯцХЯцѓЯцИЯцеЯЦђЯц» ЯцЏЯЦц Яц»ЯЦЂЯц▓Яц┐Яц»ЯцИЯцЋЯЦІ ЯцџЯц░Яц┐ЯццЯЦЇЯц░ ЯцфЯцеЯц┐ ЯцдЯц»ЯцЙ ЯцдЯЦЄЯцќЯцЙЯцЅЯцеЯЦЂЯц«ЯцЙ, ЯцеЯЦЇЯц»ЯцЙЯц»ЯцфЯц░ЯцЙЯц»ЯцБЯццЯцЙЯц«ЯцЙ Яц░ ЯцЁЯц░ЯЦѓЯцЋЯЦІ ЯцИЯц«ЯЦЇЯц«ЯцЙЯце ЯцЌЯц░ЯЦЇЯцеЯЦЂЯц«ЯцЙ ЯцХЯЦЇЯц░ЯЦЄЯциЯЦЇЯca ЯцЦЯц┐Яц»ЯЦІ ЯЦц

**ЯцфЯЦЇЯц░ЯЦЄЯц░Яц┐Яцц ЯЦеЯЦГЯцЃЯЦеЯцЃ** Яц»ЯцИ ЯцфЯцЙЯцеЯЦђЯцюЯц╣ЯцЙЯцюЯц«ЯцЙ ЯцфЯцЙЯцхЯц▓ЯцгЯцЙЯц╣ЯЦЄЯцЋ ЯцЁЯц░ЯЦѓ ЯцЋЯЦѕЯцдЯЦђЯц╣Яц░ЯЦѓ ЯцфЯцеЯц┐ ЯцЦЯц┐ЯцЈЯЦц ЯццЯц┐ЯцеЯЦђЯц╣Яц░ЯЦѓ ЯцИЯцгЯЦѕЯц▓ЯцЙЯцѕ ЯцеЯЦЇЯц»ЯцЙЯц»ЯцюЯцЙЯцЂЯцџЯцЋЯцЙ ЯцеЯц┐Яц«ЯЦЇЯццЯц┐ Яц░ЯЦІЯц«Яц«ЯцЙ Яц▓ЯцЌЯц┐Яц»ЯЦІ ЯЦц ЯцЁЯцеЯц┐ Яц»ЯцИ Яц»ЯцЙЯццЯЦЇЯц░ЯцЙЯц«ЯцЙ ЯцЁЯц░Яц┐ЯцИЯЦЇЯцЪЯцЙЯц░ЯЦЇЯцќЯцИ Яц░ Яц▓ЯЦѓЯцЋЯцЙ ЯцфЯЦЇЯц░ЯЦЄЯц░Яц┐Яцц ЯцфЯцЙЯцхЯц▓ЯцЋЯцЙ ЯцИЯцЎЯЦЇЯцЌЯЦђ-Яц»ЯцЙЯццЯЦЇЯц░ЯЦђЯц╣Яц░ЯЦѓ ЯцЦЯц┐ЯцЈЯЦц ЯцЅЯцеЯЦђЯц╣Яц░ЯЦѓЯцЋЯцЙ ЯцеЯцЙЯц«Яц╣Яц░ЯЦѓ Яц╣ЯцЙЯц«ЯЦђЯц▓ЯЦЄ ЯцЁЯцўЯц┐ ЯцфЯцеЯц┐ ЯцфЯцЙЯцхЯц▓ЯцЋЯцЙ ЯцИЯЦЂЯцИЯц«ЯцЙЯцџЯцЙЯц░-ЯцДЯцЙЯцхЯцЙЯц░ЯЦѓЯцфЯЦђ Яц»ЯцЙЯццЯЦЇЯц░ЯцЙЯц╣Яц░ЯЦѓЯц«ЯцЙ ЯцГЯЦЄЯцЪЯЦЇЯцЪЯцЙЯцЈЯцЋЯцЙ ЯцЦЯц┐Яц»ЯЦїЯцѓЯЦц ЯцфЯцЙЯцеЯЦђЯцюЯц╣ЯцЙЯцю ЯцЁЯцАЯЦЇЯц░ЯцЙЯц«Яц┐ЯцЪЯЦЇЯц░ЯЦЄЯц»Яц«ЯцЋЯЦІ Яц░Яц╣ЯЦЄЯцЏ, ЯцюЯЦЂЯце ЯцгЯцеЯЦЇЯцдЯц░ЯцЌЯцЙЯц╣-ЯцХЯц╣Яц░ЯцџЯцЙЯц╣Яц┐ЯцЂ Яц«ЯЦЂЯцИЯц┐Яц»ЯцЙ ЯцюЯц┐Яц▓ЯЦЇЯц▓ЯцЙЯцЋЯЦІ ЯцЈЯцЅЯцЪЯцЙ ЯцХЯц╣Яц░ ЯцЦЯц┐Яц»ЯЦІ, ЯцюЯЦЂЯцеЯцџЯцЙЯц╣Яц┐ЯцЂ ЯцЈЯцХЯц┐Яц»ЯцЙ Яц«ЯцЙЯцЄЯцеЯц░ЯцЋЯЦІ ЯцЅЯццЯЦЇЯццЯц░-ЯцфЯцХЯЦЇЯцџЯц┐Яц«ЯцЋЯЦІ ЯцЋЯЦЂЯцеЯцЙЯц«ЯцЙ ЯцЁЯцхЯцИЯЦЇЯцЦЯц┐Яцц ЯцЦЯц┐Яц»ЯЦІЯЦц Яц»ЯЦІЯцюЯцеЯцЙ-ЯцЁЯцеЯЦЂЯцИЯцЙЯц░ ЯцИЯц┐ЯцюЯц░Яц┐Яц»ЯцЙЯцгЯцЙЯцЪЯцЋЯЦІ Яц»ЯцИ Яц»ЯцЙЯццЯЦЇЯц░ЯцЙЯц▓ЯЦЄ ЯцЅЯцеЯЦђЯц╣Яц░ЯЦѓЯц▓ЯцЙЯцѕ ЯцфЯц╣Яц┐Яц▓ЯЦЄ ЯцЅЯццЯЦЇЯццЯц░ ЯцдЯц┐ЯцХЯцЙЯц«ЯцЙ, ЯццЯЦЇЯц»ЯцИЯцфЯцЏЯц┐ ЯцфЯцХЯЦЇЯцџЯц┐Яц« ЯцдЯц┐ЯцХЯцЙЯц«ЯцЙ Яц▓ЯцЙЯцеЯЦЂ ЯцЦЯц┐Яц»ЯЦІЯЦц ЯцЈЯцХЯц┐Яц»ЯцЙ ЯцфЯЦЇЯц░ЯцЙЯцеЯЦЇЯццЯцЋЯцЙ ЯцЋЯццЯц┐ЯцхЯцЪЯцЙ ЯцгЯцеЯЦЇЯцдЯц░ЯцЌЯцЙЯц╣-ЯцХЯц╣Яц░Яц╣Яц░ЯЦѓЯц«ЯцЙ ЯцЅЯцеЯЦђЯц╣Яц░ЯЦѓ Яц░ЯЦІЯцЋЯц┐ЯцЂЯцдЯЦѕ ЯцюЯцЙЯцеЯЦЂ ЯцЦЯц┐Яц»ЯЦІ ЯЦц

**ЯцфЯЦЇЯц░ЯЦЄЯц░Яц┐Яцц ЯЦеЯЦГЯцЃЯЦЕЯцЃ** ЯцфЯЦЇЯц»ЯцЙЯц▓ЯЦЄЯцИЯЦЇЯцЪЯцЙЯцЄЯцеЯцЋЯЦІ ЯцЋЯц┐ЯцеЯцЙЯц░ЯЦѕ-ЯцЋЯц┐ЯцеЯцЙЯц░ ЯцюЯц╣ЯцЙЯцю ЯцЅЯццЯЦЇЯццЯц░ЯццЯц┐Яц░ Яц▓ЯцЙЯцЌЯЦЇЯц»ЯЦІ, ЯцЁЯцеЯц┐ ЯцИЯццЯЦЇЯццЯц░ЯЦђ Яц«ЯцЙЯцЄЯц▓ ЯцЌЯцЈЯцфЯцЏЯц┐ ЯццЯЦЇЯц»ЯцИЯц▓ЯЦЄ ЯцИЯц┐ЯцАЯЦІЯцеЯц«ЯцЙ Яц░ЯЦІЯцЋЯЦЇЯц»ЯЦІЯЦц ЯцИЯЦЂЯцгЯЦЄЯцдЯцЙЯц░

युलियसले पावललाई दया देखाए र तिनलाई सिडोनमा उत्रेर आफ्ना साथीहरूलाई भेट्ने र आराम लिने अनुमति दिए।

**प्रेरित २७ः४-५ः** सिडोनबाट जहाज अघि बढ्यो, र भूमध्यसागरको उत्तरपूर्वको कुनाबाट पार भयो। साइप्रस टापुलाई देब्रेपट्टि पार्दै यसको आड़मा यात्रा बिस्तारै अघि बढ्यो; किनभने बहेको हावा उनीहरूको विपरीत आइरहेको थियो। भूमध्यसागर पार भएर यो जहाज एशिया माइनरको दक्षिण किनारमा पुग्यो र सिलिसिया र पाम्फिलिया हुँदै पश्चिम दिशामा अघि बढ्यो। यात्रीहरू मुरामा आइपुगे; मुराचाहिँ लुसिया जिल्लाको एउटा बन्दरगाह-शहर थियो।

**प्रेरित २७ः६ः** मुरामा ती सुबेदारले आफ्ना कैदीहरूलाई अर्को पानीजहाजमा चढ़ाए; किनभने पहिले जहाजचाहिँ इटालीमा नपुग्ने रहेछ। त्यो त एशिया माइनरको पश्चिमी तटबाट भएर आफ्नो ठाउँतिर लागेको थियो।

दोस्रो पानीजहाजचाहिँ अलेक्जान्ड्रियाको थियो, जुन मिस्र देशको बन्दरगाह शहर उत्तर अफ्रिकाको तटमा अवस्थित थियो। त्यसका कर्मी र यात्रीहरू सबै गरेर जम्मा दुई सय छयहत्तरजना मानिसहरू थिए; अनि त्यसको माल गहुँ थियो। त्यो जहाज अलेक्जान्ड्रियाबाट उत्तर लागेर र भूमध्यसागर पार गरेर मुरामा आएको थियो र अबचाहिँ पश्चिम दिशामा त्यो इटालीतर्फ जान लागेको थियो।

**प्रेरित २७ः७-८ः** बहेको हावा विपरीत दिशाबाट आइरहेको हुनाले धेरै दिनसम्म यात्रा बिस्तारै मात्र अघि बढ्यो। मुस्किलले मल्लाहहरूले त्यो पानीजहाज क्निदुस नामक बन्दरगाहको सामु ल्याइपुऱ्याए। क्निदुसचाहिँ एशिया माइनरको दक्षिण-पश्चिम कुनामा अवस्थित थियो। बहेको हावा अझै पनि उनीहरूको विपरीत आइरहेको हुनाले उनीहरू दक्षिण लागे र क्रेटको पूर्वीय भागमा आड़ लिएर अघि बढ़े। साल्मोने अन्तरीपमा आइपुगेपछि उनीहरू पश्चिम लागे। झड्किँदै-झड्किँदा उनीहरू बल्ल-बल्ल सुन्दर बन्दरगाहमा आइपुगे। यो बन्दरगाह लास्या शहरको नजिकै थियो, जुन शहर क्रेटको दक्षिण किनारको ठीक बीचमा परेको थियो।

**प्रेरित २७ः९-१०ः** समुद्र-यात्राका निम्ति यस प्रकारका प्रतिकूल परिस्थितिहरू सामना गर्दा-गर्दै उनीहरूले यहाँ आइपुग्न धेरै समय लिए। अनि हिउँद आउन लागेको थियो, र त्यसको मौसम समुद्र-यात्रा गर्न खतरनाक थियो। प्रायश्चितको दिनको उपवास बितिसकेको थियो, अर्थात् अक्टोबर महिनाको पहिलो हप्ता भइसकेको थियो। तब पावलले नाविक दललाई चेताउनी दिएः 'अबदेखि समुद्र-यात्रा गर्न असुरक्षित छ। यसकारण हजुरहरूले यो यात्रा अघि नबढ़ाउनुहोला, नत्र ता जहाज र त्यसको मालको क्षति हुनेछ; अनि हाम्रो जीवन पनि विपत्तिमा पर्नेछ।'

**प्रेरित २७ः११-१२ः** तर चालक र जहाजको मालिक अघि बढ्न चाहे। अनि ती सुबेदारले तिनीहरूको प्रस्ताव ग्रहण गरे; अरूले पनि, प्रायः सबैजनाले यस योजनामा आफ्नो सहमति दिए। जाड़ो काट्न यो बन्दरगाह त्यति उपयोगी थिएन। फोनिक्सचाहिँ योभन्दा कति सुविधापूर्ण बन्दरगाह थियो। फोनिक्स सुन्दर बन्दरगाहबाट पश्चिम, क्रेटको दक्षिण-पश्चिमको कुनामा अवस्थित थियो; त्यहाँ पुग्न चालीस माइल मात्र थियो। त्यो बन्दरगाह दक्षिण-पश्चिम र उत्तर-पश्चिमपट्टि खुला थियो।

**प्रेरित २७ः१३-१७ः** जब दक्षिणको हावा मन्द गतिले बहन थाल्यो, तब मल्लाहहरूले फोनिक्समा पुग्न सक्छौं भन्ठाने। तिनीहरूले लङ्गर उठाए र किनारै-किनार पश्चिमतिर यात्रा गर्न लागे। तब अचानक क्रेटका खड़ा चट्टानहरूबाट उत्तर-पूर्वीय ओइरोक्लूडोन[80)] चल्न थाल्यो, अनि त्यो पानीजहाज यस आँधीबेहरीमा फस्यो। तिनीहरूले चाहेको दिशामा आफ्नो जहाज चलाउन सकेनन्। यसकारण नाविक दलले जहाजलाई आँधीमा बहन छोड़िदियो। यसरी दक्षिण-पश्चिम बहँदै तिनीहरू क्लाउडा[81)] भन्ने सानो टापुनिर आइपुगे। त्यो टापु क्रेटदेखि झन्डै तीस माइल टाढ़ा छ। त्यस टापुको आड़मा तिनीहरूले मुस्किलले जहाजको पछाड़ि तान्दै गरेको सानो रक्षा-नौका बचाए र अन्तमा त्यसलाई जहाजमा उठाउन सके। त्यसपछि तिनीहरूले जहाजको पेटाको वरिपरि लठाराहरू बाँधे; यसरी तिनीहरूले आफ्नो पानीजहाजलाई त्यसलाई हानिरहेका प्रचण्ड छालहरूबाट बचाउन कोशिश गरे। दक्षिणतिर बहँदै गरिँदा कतै सिरटिसको बलौटे धापमा पो भासिन्छौं कि तिनीहरूको ठूलो डर थियो।

त्यो धाप अफ्रिकाको समुद्र-तटमा पर्छ, र गहिरो पानी नभएकोले बलुवा-बलुवैले भरेको थियो। त्यसमा फस्नुहुँदैन भन्ने हेतुले तिनीहरूले पाल उतारे र यसरी त्यो जहाज बहँदै गयो।

**प्रेरित २७ः१८-१९ः** एक दिन तिनीहरू यसरी आँधीबेहरीमा बहँदै गए। त्यसपछि तिनीहरूले जहाजको माल समुद्रमा फ्याँक्न थाले। तेस्रो दिनमा तिनीहरूले त्यस जहाजमा चलाइएका सरसामानहरू पनि समुद्रमा फ्याँकिदिए। निश्चय नै यस जहाजभित्र धेरै पानी पसेको थियो। यसकारण त्यसलाई हलुङ्गो पार्नुपरेको थियो, नत्र त्यसको डुब्ने डर थियो।

**प्रेरित २७ः२०ः** धेरै दिनसम्म आँधीबेहरीले तिनीहरूलाई यता-उता हुत्त्याइरह्यो। तिनीहरू सहाराहीन थिए। यस समयभरि तिनीहरूले न घाम, न ताराहरू देख्न सके। यसैले कहाँ पुग्यौं, कहाँ छौं भन्ने तिनी-हरूलाई पत्तै परेन; तिनीहरूलाई बाँच्ने आशा थिएन।

**प्रेरित २७ः२१-२६ः** त्यस निराशामाथि अझ तिनीहरूको भोक थपियो। ती मानिसहरू धेरै दिनसम्म केही पनि खाएका थिएनन्। तिनीहरू आफ्नो पानीजहाज बचाउन र त्यसबाट पानी फ्याँक्न व्यस्त रहे; यसमा शङ्का छैन। अनि हुन सक्छ, यस अप्ठ्यारो परिस्थितिमा तिनीहरूलाई पकाइ-तुल्याइ गर्ने बन्दोबस्त मिलेको थिएन। बिमारीले, डरले र निराशाले तिनीहरूको भोक कता गयो कता! जहाजमा खानेकुरा त थियो; तर तिनीहरूमध्ये कसैलाई खाने मन थिएन।

त्यसपछि पावल तिनीहरूको बीचमा उठे; तिनीसँग आशा दिलाउने सन्देश थियो। 'हजुरहरूहो, तपाईंहरूले मेरो कुरा सुन्नुपर्नेथियो र क्रेटबाट जहाज नखोल्नुपर्नेथियो' भन्ने हल्का हप्की दिएपछि तिनले तिनीहरूलाई यस प्रकारको आश्वासन दिएः 'जहाजको क्षति हुनेछ; तर कसैले आफ्नो ज्यान गुमाउनेछैन।' तिनले यो कुरा कसरी जान्दथिए? बितेको रातमा प्रभुका दूत तिनीकहाँ देखा परेका थिए, जसले तिनलाई यसो भनेर यसको निश्चयता दिएः 'तिमी सम्राटको सामु खड़ा हुनुपर्छ', अर्थात् तिनी रोममा पुग्नुपर्छ। 'अनि परमेश्वरले तिमीलाई यस जहाजमा यात्रा गर्ने सबै मानिसहरू दिनुभएको छ', अर्थात् तिनीहरू सबै उम्केर जीवित रहनेछन्।

यसकारण तिनीहरू आनन्दित हुन सक्नेथिए; कुनै टापुमा तिनीहरूको पानीजहाज पोतभङ्ग हुनेछ, तर कसैको हानि हुनेछैन भन्ने कुरामा पावललाई पूरा निश्चयता भएको थियो ।

यस विषयमा विशेष अन्तर्दृष्टि पाएका श्री ए. डब्ल्यू. टोजरले यसो लेखेका छन्ः

> 'दक्षिण हावाको मन्द गतिमा पावलले यात्रा गरेको पानीजहाज सुचारु रूपले अघि बढ़िरहेको थियो, र त्यस जहाजमा भएका यात्रीहरूमध्ये कसैले पनि पावललाई चिनेन; किनभने तिनको बाहिरी रूप साधारण थियो, र त्यसले तिनको चरित्रको ठूलो शक्ति लुकाएको थियो । तर जब ओइरोक्लूडोनको प्रचण्ड आँधीले तिनीहरूलाई छोप्यो, तब पावलको महानता त्यस जहाजमा भएको हरेक मानिसको चर्चाको विषय बनेको थियो । प्रेरित पावल आफू एक कैदी थिए; तर त्यस बेलामा तिनले यस जहाजमाथि अधिकार चलाउन थाले; तिनले निर्णयहरू लिए र मानिसहरूको भलाइका निम्ति आदेशहरू दिए। जीवन र मृत्यु ती आदेशहरूरूपी तराजुमा राखिएको थियो । अनि मलाई के लाग्छ भने, यस आपतकालले पावल स्वयम्लाई स्पष्ट नभएको केही कुरा तिनमा फक्रायो; किनकि आँधीबेह्री चलेको बेलामा तिनको सुन्दर परिकल्पनाले ठोस तथ्यको रूप लियो ।' **82)**

**प्रेरित २७ः२७-२९ः** तिनीहरूले सुन्दर बन्दरगाहलाई छोड़ेको चौध दिन भइसक्यो । अनि ग्रीस, इटाली र अफ्रिकाको बीचमा तिनीहरू लाचारी अवस्थामा भूमध्यसागरको आड्रियामा बहेका थिए । मध्यरातमा मल्लाहहरूले 'हामी कुनै जमिनको नजिकै आइपुगेछौं' भन्ने अनुमान लगाए । शायद तिनीहरूले छालहरू किनारमा बज्रिँदै गरेको आवाज सुन्न सके होलान् । तिनीहरूले पानीको गहिराइ नापे; पहिले तिनीहरूले त्यसको गहिराइ एक सय बीस फीट पाए; केही समयपछि त्यसको गहिराइ नब्बे फीट थियो । पानीजहाज भूग्रस्त नहोस् भन्ने हेतुले तिनीहरूले जहाजको पछाड़िको भागबाट चारवटा लङ्गर खसाले, र दिनको उज्यालोको बाटो हेरे ।

**प्रेरित २७ः३०-३२ः** कतिजना मल्लाहहरूले आफ्नो ज्यान बचाउने डरले प्रेरित भई सानो रक्षा-नौकामा चढ़ेर किनारतिर भाग्न खोजे। यिनीहरूले जहाजको अघिको भागबाट पनि लङ्गरहरू खसाल्ने निहुँले त्यो सानो रक्षा-नौका पानीमा ओरालिरहेका थिए। तर पावलले यिनी-हरूको स्वार्थपूर्ण युक्ति ती सुबेदारलाई प्रकट गरे र चेताउनी दिएर भनेः यी मल्लाहरू जहाजमा रहनुपर्छ; नत्र बाँकी मानिसहरू उम्कन सक्नेछैनन्। तब सिपाहीहरूले त्यस सानो रक्षा-नौकाका डोरीहरू काटिदिए, अनि त्यो पानीमा खस्यो। यी मल्लाहहरूले अब आफ्नो ज्यान बचाउनु हो भने यिनीहरूले जहाजमा बसेर यसो गर्नुपरेको थियो र यसरी अरू मानिसहरूको ज्यान पनि बाँच्नेथियो।

**प्रेरित २७ः३३-३४ः** फिलिप्स नामक अनुवादमा यस खण्डको शीर्षक यस प्रकारको छः 'पावलको सामान्य बुद्धिको प्रबलता।' यस क्षणमा के भइरहेको थियो, यस आकस्मिक दृश्य पक्रन सक्नलाई हामीले समुद्रको प्रचण्ड आँधीमा परेर त्यसको डरत्रासको अनुभव गरेको हुनुपर्छ। अनि अर्को कुरा हामीले यहाँ याद गर्नुपर्छः पावल यस जहाजको चालक-कप्तान थिएनन्, तर केवल त्यसको कैदी-यात्री थिए।

मिरमिरे उज्यालो खस्नै लागेको बेलामा पावलले मानिसहरूलाई केही खानेकुरा लिने अनुरोध गरे; किनकि तिनीहरूले दुई हप्तासम्म केही खाएका थिएनन्। अबचाहिँ तिनीहरूका निम्ति खाना खाने समय आएको थियो। तिनीहरूको छुटकारा यसमा निर्भर गर्थ्यो। त्यसपछि प्रेरित पावलले तिनीहरूलाई 'तपाईंहरू कसैको शिरको एउटै केशधरि नष्ट हुनेछैन' भन्ने आश्वासन दिए।

**प्रेरित २७ः३५ः** त्यसपछि तिनी खानेकुरा लिएकोमा तिनीहरूको उदाहरण बने। तिनले रोटी लिए, र सबैको सामु परमेश्वरलाई धन्यवाद चढ़ाएर तिनले खाए। अनि हामीचाहिँ – के हामी अरू मानिसहरूको सामु प्रार्थना गर्न लजाउँछौं? के हाम्रो बानी यस्तै हो? तब तपाईंले याद गर्नुपर्छ, कि धेरजसो हाम्रो प्रचारको भन्दा हाम्रो प्रार्थनाको प्रभाव ठूलो हुनेछ।

**प्रेरित २७ः३६-३७ः** पावलबाट साहस पाएर तिनीहरूले पनि केही खाना लिए। त्यस पानीजहाजमा दुई सय छयहत्तरजना मानिसहरू थिए।

**प्रेरित २७ः३८-४१ः** खाइसकेपछि मानिसहरूले बाँकी गहुँ समुद्रमा फ्याँकेर जहाजलाई हलुङ्गो पारिदिए। तिनीहरू कुनै जमिनको नजिकै थिए, तर तिनीहरूले त्यसलाई चिन्न सकेनन्। अब त्यो जहाज सकेसम्म किनारतिर लैजाने निर्णय लिइयो। तिनीहरूले लङ्गरहरू काटेर समुद्रमा छोड़िदिए। त्यसपछि तिनीहरूले बाँधिएका कर्णहरू खोले र फेरि काममा लगाए। तब मुख्य पाल उठाएर तिनीहरू तीव्र गतिमा किनारपट्टि लागे। जहाजलाई दुईवटा समुद्रको भेट हुने दोभानमा हाल्न खोजेको तिनीहरूको प्रयासले फेल खायो, र तिनीहरूले आफ्नो जहाज भूग्रस्त पारे। जहाजको अघिको भाग बलुवाको धापमा ग्वाम्मै भासियो, तर पछिको भागचाहिँ प्रचण्ड छालहरूका धक्काले भत्कियो।

**प्रेरित २७ः४२-४४ः** कसैले पनि उम्कन नपाओस् भन्ने हेतुले सिपाहीहरूले सबै कैदीहरूलाई मार्ने मतो गरे; तर ती सुबेदारले पावललाई बचाउन चाहेर त्यसो गर्न दिएनन्। यसकारण उनले पौडन सक्नेहरू सबैलाई पौडेर किनारमा लाग्ने आदेश दिए। अरू बाँकी हुनेहरू फल्याकहरूमाथि र जहाजका अरू टुक्राहरूको सहायता लिएर तैरँदै किनारमा पुगून्। यस प्रकारले कर्मीदल र यात्रीगणको हरेक सदस्य समुद्रबाट उम्केर सुरक्षासाथ जमिनमा उत्रे।

**प्रेरित २८ः१-२ः** मल्लाहहरू र यात्रीहरू किनारमा पुगेको केही समयभित्र आफू पुगेको टापुचाहिँ माल्टा रहेछ भनेर चाल पाए। त्यस टापुमा बस्ने कति आदिवासीहरूले पानीजहाज पोतभङ्ग भएको देखे; हाँपभाँप गर्दै र आफ्नो ज्यान बचाउन दुर्घटनाग्रस्त मानिसहरू समुद्रको जलप्रवाहसित सङ्घर्ष गर्दै किनारतिर गइरहेका तिनीहरूले थाहा गरे। समुद्रको पानीले भिजेका र जाड़ोले ठकठकी कामेका यी नयाँ आगन्तुकहरूलाई आकाशको पानीले पनि चुटेको देखेर तिनीहरू उनीहरूप्रति दयाले भरिए, र उनीहरूका निम्ति आगो बालिदिए।

**प्रेरित २८ः३ः** पावल पनि आगो बाल्ने काममा सघाउँदैथिए। त्यस बेलामा एउटा विषालु सर्पले तिनलाई डस्यो। त्यो सर्प समुद्रले ल्याएर किनारमा फ्याँकेको दाउराको थाकभित्र सुतिरहेको हुनुपर्छ। अनि जब त्यो

दाउरा आगोमाथि राखियो, तब त्यो सर्प तुरुन्तै आगोको रापबाट निस्केर प्रेरित पावलको हाततिर हान्न पुग्यो अनि त्यसमा टाँसियो र झुण्डियो। त्यो सर्प तिनको हातमा बेह्रिएन, तर त्यसले तिनलाई डस्यो।

**प्रेरित २८ः४-६ः** यो देखेर यी स्थानीय बासिन्दाहरूले पहिले प्रेरित पावललाई हत्यारा ठाने। तिनी पानीजहाजको पोतभङ्गबाट उम्के तापनि न्यायले तिनलाई फेला पार्‍यो; तिनीहरूको विचारमा, अब तिनी एकाएक सुनिएर अचानक मरेर ढल्नेछन्। तर लामो समयसम्म पावलमा सर्प डसेको कुनै प्रकारका नराम्रा लक्षणहरू देखा परेनन्। तब तिनीहरूको मन बदलेर 'तिनी देवता हुनुपर्छ' भन्न पुग्यो। के तपाईंले देख्नुभयो? मानिसको हृदय र मन कति चञ्चल रहेछ! यति चाँड़ै तिनीहरूको विचार अदलबदल हुँदो रहेछ!!

**प्रेरित २८ः७ः** माल्टाको त्यस भेकका मुखियाको नाम पोप्लियस थियो। पानीजहाज पोतभङ्ग भएको जग्गानिर उनका निक्कै जग्गा-जमिनहरू रहेछन्। ती जग्गाधनी रोमी अधिकारी थिए। उनले पावल र तिनका साथीहरूलाई न्यानो स्वागत गरे र तीन दिनसम्म उनीहरूको सत्कार गरे। त्यस समयभित्र उनीहरूले हिउँद काट्न कुनै स्थायी प्रबन्ध गर्न सके।

**प्रेरित २८ः८ः** यी अन्यजातिका सज्जनको दयाको इनाम के भयो भने, उनको बुबालाई ज्वरो र रगतमासीले बिरामी परे; पावल उनीकहाँ गए, र उनका निम्ति प्रार्थना गरे; त्यसपछि तिनले उनीमाथि आफ्ना हातहरू राखे र उनलाई निको पारे।

**प्रेरित २८ः९-१०ः** यस अचम्मको काम, यस चङ्गाइको खबर तुरुन्तै यस टापुको चारैतिर फैलियो। त्यसपछि तीन महिनासम्म बिमारीहरू पावलकहाँ ल्याइन्थे, जो सबै निको भए। माल्टाका मानिसहरूले प्रेरित पावलको अनि लूकाको[83)] पनि गुण गरे र जब उनीहरू अर्को जहाजमा त्यहाँबाट हिँड़े, त्यस बेलामा तिनीहरूले उनीहरूलाई ठूलो सम्मान दिए र रोमतर्फको यात्राका निम्ति चाहिने सबै थोकहरूको प्रबन्ध गरे।

**प्रेरित २८:११:** हिउँदका तीन महिना बिते, अनि वसन्त ऋतु शुरु भयो। अब डरविना समुद्र-यात्रा फेरि गर्न सकिन्थ्यो। ती सुबेदार र उनका कैदीहरू अलेक्जान्ड्रियाबाट आएको पानीजहाजमा चढ़े। त्यो जहाज यस टापुमा हिउँदको समय काटेको थियो। त्यस जहाजको चिन्ह जुम्ल्याहा भाइ कास्टर र पोल्लुक्स थियो। ती मल्लाहहरूले अन्यजातिका मानिसहरू भएका हुनाले यी जुम्ल्याहा भाइहरूमा, यी जेऊस देवताका छोराहरूमा नाविकहरूको रक्षा-देवता देख्थे।

**प्रेरित २८:१२-१४:** माल्टाबाट सिराकुससम्म अस्सी माइल लामो समुद्र-यात्रा थियो। सुराकुसचाहिँ सिसिलीको राजधानी थियो। त्यहाँ त्यो पानीजहाज तीन दिन रोकियो, त्यसपछि त्यो रेगियमतिर अघि बढ़्यो। रेगियम शहरचाहिँ इटालीको दक्षिणी पुच्छरमा परेको थियो। एक दिनपछि दक्षिणी हावा चल्न थाल्यो र उनीहरू एकै दिनमा पोटियोलीमा आइपुगिहाले। रेगियमदेखि पोटियोलीमा पुग्न एक सय अस्सी माइल थियो। पोटियोली रेगियमदेखि उत्तरमा, इटालीको पश्चिमी तटमा, नाप्लस्को खाड़ीमा अवस्थित थियो। पोटियोलीदेखि उत्तरपूर्व दिशामा गएर रोममा पुगिन्थ्यो, जुन शहर त्यहाँदेखि एक सय पचास माइल टाढ़ा थियो। पोटियोलीमा प्रेरित पावलले इसाई दाजुभाइहरूलाई भेट्टाए, जसको मीठो सङ्गतिमा तिनले सात दिन रहने अनुमति पाए।

**प्रेरित २८:१५:** पावल पोटियोलीमा आइपुगेको खबर कसरी रोममा पुग्यो, सो हामीलाई बताइएको छैन। तर रोमका भाइहरूका दुईवटा झुण्डहरू तिनलाई भेट्न निस्के। एउटा झुण्डले तिनलाई अप्पिफोरूममा भेटे, जुन ठाउँ रोमदेखि त्रिचालीस माइल टाढ़ा थियो। अनि अर्को झुण्डले तिनलाई ट्रेस टाबेर्नाइमा भेटे, जुन जग्गा रोमदेखि तेत्तीस माइल टाढ़ा थियो। रोमका पवित्र जनहरूले तिनलाई देखाएको प्रेमबाट पावलले ठूलो उत्साह र साहस पाए।

**प्रेरित २८:१६:** रोममा आइपुगेपछि पावललाई आफ्नो निजी घरमा बस्ने अनुमति दिइयो, जहाँ एकजना सिपाहीले तिनको रखवाली गर्दथियो।

## ञ) प्रेरित २८:१७-३१: रोममा पावलको नजरबन्दी र यहूदीहरूको बीचमा उनको गवाही।

**प्रेरित २८:१७-१९:** पहिले यहूदीहरूलाई सुसमाचारको साक्षी दिने आफ्नो नीतिअनुसार पावलले तिनीहरूका धर्मनेताहरूलाई बोलाए। एक दिन तिनीहरू तिनले भाड़ामा लिएको घरमा भेला भए। तिनले तिनीहरूलाई आफ्नो अवस्थाको विषयमा जानकारी दिए। यहूदीहरूको विरोधमा वा तिनीहरूको रीतिविधिहरूको विरोधमा तिनले कुनै अपराध गरेका थिएनन्; तैपनि यरूशलेममा बस्ने यहूदीहरूले तिनीमाथि मुद्दा हालेर तिनलाई न्यायजाँचका निम्ति रोमी सरकारको हातमा सुम्पेका थिए। ती अन्यजातिहरूका अधिकारीहरूले तिनमा कुनै कसुर नभेट्टाएकाले तिनलाई छोड़िदिने इच्छा गरेका थिए। तर यहूदीहरूले त्यसको विरोधमा आवाज उठाएपछि प्रेरित पावललाई सम्राटसँग अपिल गर्नु करै लाग्यो। त्यो उजुर आफ्नो यहूदी जातिको विरोधमा अभियोग लगाउने माध्यम थिएन, तर आफ्नो सफाइ गर्ने त्यसको उद्देश्य थियो।

**प्रेरित २८:२०:** आफूले यहूदीहरूको विरोधमा कुनै अपराध नगरेको, तर आफू बिलकुल निर्दोष भएको हुनाले पावलले रोमका यहूदी नेताहरूलाई बोलाइपठाए। किनभने तिनको बन्धनको खास कारणचाहिँ इस्राएली जातिको आशा थियो। इस्राएली जातिको आशा भन्नाले परमेश्वरले यहूदीहरूका पितापुर्खाहरूसित गर्नुभएका प्रतिज्ञाहरू, विशेष गरी ख्रीष्टको विषयमा गर्नुभएको प्रतिज्ञा पूरा हुने कुरा बुझ्नुपर्छ। यसको अर्थ हामीले अघि नै विस्तृत रूपले खोलिसक्यौं (तपाईंले प्रेरित २६:६ पदको टिप्पणी हेर्नुहोला)। यी प्रतिज्ञाहरू पूरा हुने सिलसिलाअन्तर्गत मरेकाहरूको पुनरुत्थान अनिवार्य मुख्य बुँदा थियो।

**प्रेरित २८:२१-२२:** त्यस दिनसम्म यी यहूदी नेताहरूले प्रेरित पावलको विषयमा केही पनि सुनेका थिएनन्। तिनीहरूले तिनको सम्बन्धमा यहूदियाबाट कुनै चिट्ठी पाएका पनि थिएनन्। अनि त्यहाँबाट आएका जातिभाइहरूले तिनको विरोधमा कुनै कुरा गरेका थिएनन्। तर

तिनीहरू पावलको कुरा सुन्न इच्छुक थिए; किनभने जहाँतहीं इसाई विश्वासको विरोधमा कुरा गरिन्थ्यो; यस सम्बन्धमा तिनीहरूलाई यति थाहा थियो।

**प्रेरित २८:२३:** केही दिनपछि निर्धारित समयमा धेरै यहूदीहरू पावलको घरमा भेला भए। तिनीहरूले तिनको कुरा सुन्न चाहे। त्यस सुअवसरमा पावलले दिनभरि तिनीहरूलाई परमेश्वरको राज्यको अर्थ खोले र तिनीहरूलाई गवाही दिए। तिनले येशूको विषयमा तिनीहरूलाई विश्वास दिलाए। यसो गर्न तिनले मोशाको व्यवस्था र भविष्य-वक्ताहरूबाट खण्डहरू उद्धृत गरे।

**प्रेरित २८:२४:** कतिजनाले तिनले प्रचार गरेको सन्देश विश्वास गरे, कतिजनाले विश्वासै गरेनन्। विश्वास नगर्नु भनेको सन्देश ग्रहण नगर्नु मात्र नभएर प्रचार गरिएको वचन बिलकुल रद्द गर्नु हो।

**प्रेरित २८:२५-२८:** यहूदी जाति सबै मिलेर तिनीहरूले फेरि एकपल्ट सुसमाचारको वचन इन्कार गरेको कुरा जब पावललाई थाहा भयो, तब तिनले यशैया ६:९-१० पदको खण्ड उद्धृत गरे। त्यस खण्डमा भविष्यवक्ता यशैयाले हृदय मोटा भएको, कानहरू बोधा भएको र आँखाहरू अन्धा भएको जातिकहाँ गएर प्रचार गर्ने आज्ञा पाएका थिए। सुसमाचार सुन्न नचाहने मानिसहरूलाई सुसमाचार प्रचार गर्दा पावल प्रेरितको मनमा हृदयविदारक पीड़ा भयो। यहूदीहरूले सुसमाचार तिरस्कार गरेको फलस्वरूप पावलले सुसमाचार अन्यजातिहरूकहाँ लानेथिए। अनि अन्यजातिका मानिसहरूले सुसमाचारको वचन ग्रहण गर्नेछन् भन्ने विषयमा तिनलाई पूरा निश्चयता थियो।

**प्रेरित २८:२९:** आपसमा तर्कवितर्क गर्दै गरेका, तर सुसमाचारमा विश्वास नगर्ने यहूदीहरू आफ्नो बाटो लागे। यस विषयमा श्री जोह्न कल्विनले यसो भनेका छन्:

> 'जब पावलले तिनीहरूको विरोधमा यशैयाबाट यो भविष्यवाणी उद्धृत गरे, तब त्यसले तिनीहरूभित्र ख्रीष्टलाई तिरस्कार गर्ने भक्तिहीन तत्त्व उत्तेजित पार्‍यो।'

त्यसले तिनीहरूलाई यहाँसम्म क्रोधित तुल्यायो, कि तिनीहरू आफ्ना जातिका यी भाइहरूप्रति नाराज भए, जुन भाइहरूले ख्रीष्ट येशूलाई ग्रहण गरे। धर्मसुधारक श्री कल्विनले यसबाट व्यवहारिक बुँदा निकालेर यसो भन्छन्ः

> 'अन्तमा, यो खण्ड लिएर कसैले आफ्नो आपत्ति जनाएर ख्रीष्टको सुसमाचारले झगड़ाहरू पैदा गर्छ भन्ने कुरा प्रमाणित गर्न व्यर्थ हो; किनभने यस विषयमा कुरा स्पष्ट हुन्छः यी झैझगड़ाहरू मानिसहरूको हठी हृदयबाट पैदा हुन्छन्। अनि निश्चय परमेश्वरसित शान्ति उपभोग गर्न हामीले तिनीहरूसँग सङ्घर्ष गर्नुपर्छ, जसले उहाँको अवहेलना गर्छन्।' **84)**

**प्रेरित २८ः३०ः** त्यसपछि पावल अझ दुई वर्ष रोममा भाड़ा लिएको आफ्नो घरमा बसिरहे, जसमा तिनीसित भेटघाट गर्न आउने लहर-लहरै मानिसहरूलाई तिनले सेवा गरिरहे। अनि हुन सक्छ, तिनले यस समयभित्र एफेसीहरूलाई, फिलिप्पीहरूलाई, कलस्सीहरूलाई र फिलेमोनलाई चिट्ठीहरू लेखे।

**प्रेरित २८ः३१ः** यस समयभरि तिनी बड़ो स्वतन्त्रताको साथ रहे। तिनले परमेश्वरको राज्यको प्रचार गर्थे। कसैको रोकटोकविना तिनले साहससित प्रभु येशू ख्रीष्टसित सम्बन्धित कुराहरू सिकाउने गर्थे।

प्रेरितहरूको पुस्तक समाप्त भयो। यसरी यो पुस्तकको अचानक अन्त भएकोले कतिजनालाई अनौठो लाग्छ। तर शुरुमा दिइएको रूपरेखाअनुसार सबै कुरा पूरा भयो; किनकि त्यस रूपरेखाअनुसार ख्रीष्टको सुसमाचार पहिले यरूशलेममा, त्यसपछि यहूदिया र समारियामा, अनि अन्तमा अन्यजातिहरूको जग्गामा पुग्नुपरेको थियो।

प्रेरितहरूको पुस्तक समाप्त भएपछि पावलको जीवनमा अरू के-के घटनाहरू घटे, सो कुरा हामीले तिनका पत्रहरूबाट केही झलकहरूबाट अन्दाज मात्र लाउन सक्छौं।

सर्वमान्य धारणाअनुसार पावल रोममा बसेको दुई वर्षपछि सम्राट नेरोको सामु तिनको न्यायजाँच भयो। अनि त्यसमा तिनी निर्दोष ठहरिए।

त्यसपछि तिनले सुसमाचार-धावारूपी चौथो यात्रा गरे। अनि यस यात्रामा तिनले क्रमैसँग निम्न ठाउँहरूमा पुगेः

क) कलोसेअ र एफेसस (फिलेमोन १ः२२)

ख) म्यासिडोनिया (१ तिमोथी १ः३; फिलिप्पी १ः२५ र २ः२४)

ग) एफेसस (१ तिमोथी ३ः१४)

घ) स्पेन (रोमी १५ः२४)

ङ) क्रेट (तीतस १ः५)

च) कोरिन्थ (२ तिमोथी ४ः२०)

छ) मिलेटस (२ तिमोथी ४ः२०)

ज) निकोपोलिस (तीतस ३ः१२);

त्यस ठाउँमा तिनले त्यस वर्षको हिउँदको समय काटे

झ) त्रोआस (२ तिमोथी ४ः१३)

त्यसपछि तिनी कहाँ, कहिले र किन प्रकाउ पऱ्यो, यसको विषयमा कुनै जानकारी मिलेको छैन; तर तिनी दोस्रो पल्ट कैदीको रूपमा रोममा पुगे भन्ने कुरा हामी जान्दछौं। अनि तिनको यो दोस्रो कैद पहिलो कैदको भन्दा निक्कै कड़ा थियो (२ तिमोथी २ः९)। तिनका प्रायः सबै साथीहरूले तिनलाई त्यागे (२ तिमोथी ४ः९-११), अनि आफ्नो मृत्युको घड़ी आइपुगेको तिनलाई थाहै थियो (२ तिमोथी ४ः६-८)।

परम्पराअनुसार इस्वी संवत् ६७ वा ६८ सालमा रोम शहरबाहिर तिनको शिर काटियो। अनि प्रेरित पावलको जीवन र सेवकाइको सङ्क्षिप्त सारको रूपमा तपाईंलाई २ कोरिन्थी ४ः८-१०, ६ः४-१० र ११ः२३-२८ पदका खण्डहरू पढ्नुहुन अनुरोध गर्छौं, साथै यी खण्डका टिप्पणीहरू पनि हेर्नुहोला। धन्यवाद।

# प्रेरितहरूको पुस्तकबाट हामीले सिक्नुपर्ने पाठहरू

शुरुका ख्रीष्ट-विश्वासीहरूले कस्ता-कस्ता सिद्धान्तहरू आफ्नो व्यवहारमा अपनाएका थिए, यसको सर्वेक्षण गर्नु उचित छ। विश्वासहरूको चरित्रका सद्‌गुणहरू के-के थिए? अनि तिनीहरूका स्थानीय मण्डलीहरूको विशेषता केमा थियो?

प्रथम, पहिलो शताब्दीका इसाईहरू सबै कुराहरूमा प्रभु येशूलाई खुशी पार्दै उहाँको इच्छाअनुसार जिउँथे। उनीहरूको जीवनको उद्देश्य र लक्ष्य केवल त्यही हुन्थ्यो। उनीहरूको जीवन सधैं ख्रीष्ट-केन्द्रित रहन्थ्यो। अनि मुक्तिदाता प्रभुको गवाही दिनुमा उनीहरूले आफ्नो अस्तित्वको मूलकारण देखे, अनि यही काममा उनीहरूले आफूलाई पूरा रूपले अर्थात् तन, मन र धनले दिइरहन्थे। आफ्नो उत्तरजीविकाका निम्ति घोर सङ्घर्ष गरिने संसारमा त्यसको सुदृढ़ मुटुचाहिँ यी जोशिला खीष्टका चेलाहरू थिए, जसले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्थे। अरू सबै कुराहरू उनीहरूको यस महिमित बोलावटको अधीनतामा राखिन्थ्यो।

श्री जे. एच, जोवेटले आफ्नो टिप्पणीमा यसरी उनीहरूको प्रशंसा गरेका छन्ः

> 'यी जोशिला उत्तेजित चेलाहरूको 'बप्तिस्मा' परमेश्वरको वेदीको पवित्र आगाले भएको हुनुपर्छ। यो ईश्वरीय 'आगो' उनीहरूको मुटु थियो, जसको शक्तिद्वारा उनीहरूको जीवनको हरेक क्षेत्र र उनीहरूको हरेक उद्देश्य सल्किन्थ्यो। प्रेरितहरूको मनमा बलिरहेको यो आगो ठूलो स्टीमर-जहाजको बाफ-इन्जन चलाउने भट्टीजस्तै थियो, जसको दिव्य बलले उनीहरूको जीवनरूपी जहाजलाई सबै आँधीबेह्री र तुफानहरूबाट,

उनीहरूलाई छोप्न खोजेको हरेक उर्लिरहेको छाल र उनीहरूलाई निल्न खोजेका सबै गहिराइहरूबाट भएर लान्थ्यो। कुनै कुराले पनि यी मानिसहरूलाई रोक्न सक्दैनथियो। कुनै कुराले पनि उनीहरूको चाल जेल्न सक्दैनथियो। उनीहरूका सबै कामहरू र उनीहरूको प्रत्येक वचन महान् आज्ञारूपी प्रेरणाले युक्त हुन्थ्यो। उनीहरूको ताप हुन्थ्यो, उनीहरूसँग ज्योति हुन्थ्यो; किनभने शक्तिको साथ पवित्र आत्माद्वारा उनीहरूको बप्तिस्मा भएको थियो।' **85)**

दोस्रो कुरा, शुरुका ख्रीष्ट-विश्वासीहरूको प्रचार प्रभु येशू ख्रीष्टमा, उहाँको बौरिउठाइ र महिमामा केन्द्रित रहन्थ्यो। उनीहरूले बौरि-उठ्नुभएको मुक्तिदाता प्रभुको गवाही दिन्थे। मानिसहरूले ख्रीष्ट येशूलाई मारे, तर परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो र उहाँलाई स्वर्गमा सर्वोच्च आदरको स्थान प्रदान गर्नुभयो। हरेकले परमेश्वरको दाहिने हातपट्टि विराजमान हुनुहुने मानिसका पुत्रको सामु घुड़ा टेक्नुपर्छ, नत्र उसले मुक्ति पाउँदैन। मुक्तिको एकमात्र उपाय यही हो।

तेस्रो कुरा, ख्रीष्टका चेलाहरू जिएको वातावरण घृणा, कटुता र लोभले पूर्ण थियो। यस अवस्थामा उनीहरूले सबै मानिसहरूलाई प्रेम देखाउँथे। उनीहरूले खेदो गर्नेहरूलाई खेदोको सट्टामा भलाइ गर्थे र सताउनेहरूका निम्ति प्रार्थना गर्थे। इसाई-इसाईको बीचमा भएको प्रगाढ़ प्रेमले उनीहरूका शत्रुहरूलाई यसो भन्न लगायोः 'हेर, यी ख्रीष्टयानहरूले एक-अर्कालाई कत्रो प्रेम गर्दा रहेछन्!'

हामीलाई के लाग्छ भने, ख्रीष्टको सुसमाचार प्रचारप्रसार गर्नका निम्ति यी ख्रीष्ट-विश्वासीहरू त्यागपूर्ण जीवन जिउँथे। भौतिक सम्पत्तिहरू उनीहरूले आफ्नै ठान्दैनथिए। यस सम्बन्धमा उनीहरू केवल परमेश्वरका भण्डारीहरू थिए। जसको साँचो आवश्यकता हुन्थ्यो, त्यसको खाँचो पूर्ति गर्न उनीहरूको सहायता पुगिहाल्थ्यो।

उनीहरूका लड़ाइँका हातहतियारहरू शारीरिक थिएनन्, तर किल्लाहरू भत्काउनलाई परमेश्वरद्वारा सामर्थी थिए। उनीहरूलाई थाहै थियो, उनीहरूको लड़ाइँ न धर्मका नेताहरू, न राजनीतिका नेताहरूसँग छ। उनीहरूले आकाशी स्थानहरूमा दुष्ट शक्तिहरूको विरोधमा लड़ाइँ

गर्थे। उनीहरूले विश्वास, प्रार्थना र परमेश्वरको वचनरूपी हतियारहरू भिरे, र यसरी नै रणभूमिमा उत्रन्थे। मुसलमानी धर्मको विस्तार लड़ाइँका हातहतियारहरूद्वारा भएको थियो भने ख्रीष्टको शिक्षाको विस्तार कुनै हालतमा पनि यस प्रकारले फैलिएर गएन।

अर्को कुरा, शुरुका यी ख्रीष्ट-विश्वासीहरू संसारबाट अलग रहन्थे। उनीहरू संसारमा त थिए, तर संसारका थिएनन्। गवाही दिने सिलसिलामा उनीहरूले विश्वास नगर्ने मानिसहरूसित सक्रिया सम्पर्क राख्ने गर्थे, तर ख्रीष्टप्रतिको निष्ठा र भक्ति कायम राख्न उनीहरूले संसारका पापले पूर्ण सुखहरूसित कहिल्यै सम्झौता गर्दैनथिए। उनीहरू संसारमा प्रवासी र परदेशी थिए; उनीहरू तीर्थ-यात्री थिए, जसले एउटा पराई देशमा स्वर्गतिर यात्रा गरिरहेका थिए। संसारको अशुद्धताबाट हर प्रकारले निष्कलङ्क रहेर उनीहरूले सबैका निम्ति आशिषको कारण बन्न खोज्थे।

के उनीहरूले राजनीति गर्थे र? अथवा के उनीहरूले आफ्नो समाजबाट त्यसका किसिम-किसिमको खराबी हटाउने प्रयास गर्थे र? संसारमा भएका सबै दुष्टता र दुर्व्यवहारहरू मानिसको पापी स्वभावको फल हुन् भन्ने धारणा उनीहरूको थियो। राजनैतिक र सामाजिक सुधार-अभियानहरूले रोगको जड़लाई उखेल्दैनन्, तर त्यस रोगका लक्षणहरूमा मलहमपट्टी गर्दा रहेछन्। सुसमाचारको वचनले मात्र पापको जड़सित सठीक व्यवहार गर्छ। त्यसले मात्र मानिसको दुष्ट स्वभाव परिवर्तन गर्न सक्छ। यसकारण उनीहरूले सुसमाचार छोड़ेर अन्य कम उपयोगी साधानहरू औषधीको रूपमा प्रयोग गर्दैनथिए। समयमा र बेसमयमा उनीहरूले सुसमाचार प्रचार गर्थे। जहाँतहीं उनीहरूले सुसमाचर प्रचार गर्थे, र यसरी नै मानिसहरूको बीचमा भएका पीपले भरिएका 'पाकेका घाउहरू' निको हुन्थे, हराउँथे र कम हुन्थे।

सतावटमा परेमा उनीहरूले अचम्म मान्दैनथिए; किनभने प्रभु येशूले उनीहरूलाई सतावटको विषयमा शिक्षा दिनुभएको थियो। उनीहरूले खराबीको बदलामा खराबी गर्दैनथिए; उनीहरूले आफूलाई निर्दोष ठहराउने कोशिश समेत गर्दैनथिए, तर आफ्नो मामिला परमेश्वरको हातमा सुम्पन्थे; किनभने उहाँ सठीक न्याय गर्नुहुन्छ। न्यायजाँचहरूबाट उम्कन

नखोजेर यस अवसरमा आफ्नो सम्पर्कमा आउने ठूलासाना सबैलाई साहससित ख्रीष्टको प्रचार गर्न पाऔं भनेर उनीहरूले प्रार्थना गर्थे ।

सारा संसारमा सुसमाचार पुग्नुपर्छ; यही यी चेलाहरूको लक्ष्य थियो । उनीहरूले आफ्नो सुसमाचार-धावामा देश र विदेशको बीचमा छुट्ट्याउँदैनथिए। किनभने उनीहरूको काम गर्ने मिशन-क्षेत्र संसारै थियो । सुसमाचार प्रचार गरे भइगयो भन्ने उनीहरूको सिद्धान्त थिएन; उनीहरूद्वारा जति आत्माहरू बाँच्थे, उनीहरूले तिनीहरूलाई त्यत्तिकै छोड्दैनथिए। मुक्ति पाएकाहरूलाई स्थानीय मण्डलीहरूमा गाभीकन उनीहरूले तिनीहरूलाई मण्डलीहरूको जिम्मामा छोड्थे। ती स्थानीय मण्डलीहरूमा नयाँ विश्वासीहरूले शिक्षा पाउँथे, प्रार्थना गर्न सिक्थे र विभिन्न सेवाहरूद्वारा विश्वासमा बलियो पारिन्थे, त्यसपछि तिनीहरूलाई सुसमाचारको सन्देश लिएर अरू मानिसहरूकहाँ जाने प्रोत्साहन दिइन्थ्यो ।

स्थापना गरिएका स्थानीय मण्डलीहरूले परमेश्वरको काममा निरन्तरता दिन्थे, र ती मण्डलीहरू आफ्नो वरिपरिका इलाकाहरूमा सुसमाचार पुर्‍याउने केन्द्र हुन्थे। ती मण्डलीहरू स्वतन्त्र मण्डलीहरू थिए अर्थात् ती मण्डलीहरू स्वशासित, स्वपालित, स्वप्रसारित मण्डलीहरू थिए। कुनै मण्डली अरू मण्डलीहरूको अधीनतामा हुँदैनथियो; तर मण्डली-मण्डलीको बीचमा आत्माको सङ्गति कायम राखिन्थ्यो। हरेक मण्डलीले आफ्नो इलाकामा नयाँ सङ्गति र मण्डलीहरू खोल्ने प्रयास गर्थ्यो। हरेक मण्डलीले आफ्नो अर्थ-व्यवस्था आफूले चलाउँथ्यो र आफ्नो खर्च आफूले जुटाउँथ्यो। आमा-मण्डली वा केन्द्रबाट हुने अर्थ-व्यवस्था भन्ने कुरा कहीं पनि थिएन।

सर्वप्रथम ती मण्डलीहरू ख्रीष्ट-विश्वासीहरूका आत्मिक केन्द्र हुन्थे, मुक्ति नपाएका मानिसहरूलाई सुसमाचार सुनाउने ठाउँहरू होइनन्। मण्डली-सभाहरूमा प्रभु-भोज, आराधना, प्रार्थना, बाइबल-अध्ययन र सङ्गति विश्वासीहरूका मुख्य गतिविधिहरू हुन्थे। सुसमाचारका सभाहरू मण्डली-घरमा सम्पन्न गरिँदैनथिए। तर सुसमाचार सुनाउन अन्य ठाउँहरू, जस्तै यहूदीहरूका सभाघरहरू, बजारहरू, सड़कहरू, जेलहरू, वा कसै-

कसैको घर आदि जग्गाहरू मुक्ति नपाएका मानिसहरूसित प्रभुको कुरा गर्ने उपयोगी ठाउँहरू ठहरिन्थे।

अनि यी मण्डलीहरूका विश्वासीहरू कुनै विशेष भवनमा भेला हुँदैनथिए, तर उनीहरू कुनै न कुनै विश्वासीको घरमा भेला हुन्थे। यस प्रकारले मण्डली परिस्थितिअनुसार बदली हुन सक्दो रहेछ, विशेष गरी सतावटमा परेका समयहरूमा, अनि खाँचो परेमा छिटो र सजिलोसँग लुक्न सक्छ।

शुरुमा ख्रीष्टको मण्डलीमा विभिन्न नामअनुसार संयुक्त मण्डलीका सङ्घहरू थिएनन्। सबै विश्वासीहरू ख्रीष्टको एकै शरीरमा विभिन्न अङ्गहरू हुन्थे, अनि हरेक स्थानीय मण्डलीले सर्वसार्विक मण्डलीलाई आफ्नो ठाउँमा प्रतिबिम्ब गर्थ्यो।

अनि ख्रीष्टको मण्डलीमा अधिकारी-वर्ग र सर्वसाधरण विश्वासीहरूको बीचमा छुट्ट्याइँदैनथियो। शिक्षा दिनु, प्रचार गर्नु, बप्तिस्मा दिनु वा प्रभु-भोज सम्पन्न गर्नु एकजना धर्माधिकारीको मात्र पेवा र अधिकार हुँदैनथियो। हरेक विश्वासीसँग आत्मिक वरदान छ र हरेकले आफ्नो वरदान अरूको सेवामा चलाउन पाउनुपर्छ भन्ने सार्वजनिक बोध उनीहरूको बीचमा हुन्थ्यो।

मण्डलीमा प्रेरितहरू, भविष्यवक्ताहरू, सुसमाचार-प्रचारकहरू, पास्टरहरू र शिक्षकहरू थिए, तर उनीहरूले आफूलाई मण्डलीका नभई नहुने अधिकारीहरूको रूपमा स्थापित गर्दैनथिए। उनीहरूले पवित्र जनहरूको विश्वासको उन्नतिका निम्ति काम गर्थे, यस उद्देश्यले कि यी पवित्र जनहरू पनि दिन प्रतिदिन प्रभुको सेवा गर्न सक्षम होऊन्। नयाँ नियमको समयमा पवित्र आत्माको विशेष अभिषेक यी वरदानप्राप्त मानिसहरूको सक्षमता थियो। यही अभिषेक पाएको कारणले अनपढ़ र सीधासादा मानिसहरू आफ्नो युगका मानिसहरूलाई यत्रो प्रभावमा पार्न सक्षम भए। उनीहरूको सेवकाइ पेसागत हुँदैनथियो; जसरी आजभोलि प्रभुको सेवाचाहिँ हाम्रो बीचमा सर्वमान्य जागिर मानिएको छ, त्यस्तै उनीहरूको सेवकाइ कदापि हुँदैनथियो। तर उनीहरू साधारण प्रचारक थिए, जसले माथिबाट अभिषेक पाएका थिए।

प्रेरितहरूको पुस्तकमा सुसमाचारको प्रचारको कामको साथमा अचम्मका कामहरू भइरहन्थे – चिन्हहरू र आश्चर्यकर्महरू र पवित्र आत्माका शक्तिका कामहरू हुने गर्थे। यस पुस्तकमा शुरुका अध्यायहरूको विवरणमा यी आश्चर्यकर्महरू बढ़ी उल्लेख गरिएका पाइन्छ, तर पुस्तकको अन्तसम्म कता-कता मात्र भइरहन्थे।

जहाँ स्थानीय मण्डलीहरू स्थापित भइसक्थे, त्यहाँ प्रेरितहरूले मण्डलीका एल्डरहरूलाई नियुक्त गर्थे। यी एल्डरहरूले मण्डलीको आत्मिक रेखदेख गर्थे। यी मानिसहरू बगालका गोठालाहरू थिए। अनि हरेक स्थानीय मण्डली एकजना एल्डर होइन, तर सधैं एल्डरहरू हुन्थे।

प्रेरितहरूको पुस्तकमा 'डिकन' भन्ने शब्द कुनै पदाधिकारीका निम्ति प्रयोग गरिँदैनथियो। तर डिकनहरूले आत्मिक क्षेत्रमा, समाजिक क्षेत्रमा वा आर्थिक क्षेत्रमा प्रभुको सेवा गर्थे।

शुरुका ख्रीष्ट-विश्वासीहरूको बीचमा डुब्कीको बप्तिस्मा दिने चलन प्रचलित थियो। अनि प्रभुकहाँ फर्केका व्यक्तिहरूले चाँड़ै बप्तिस्मा लिएका देखिन्छ। हप्ताको पहिलो दिनमा चेलाहरूले प्रभु-भोज लिएर प्रभुको मृत्युको सम्झना गर्ने गर्थे। अनि प्रभु-भोजको सेवा आजजस्तै त्यत्ति विधिपूर्वक थिएन; तर प्रभु-भोजको सेवाचाहिँ प्रायः भोजन वा प्रीतिभोजको एक भाग हुन्थ्यो।

शुरुको मण्डली प्रार्थनामा लागिरहन्थ्यो। प्रार्थनाचाहिँ परमेश्वरसित अटुट सम्बन्ध जोड्ने उनीहरूको सञ्चाररूपी नसो थियो। ती प्रार्थनाहरू गम्भीर, विश्वास र जोशले पूर्ण हुन्थे। उनीहरूको ध्यान भङ्ग नहोस्, शरीर भारी नहोस् र त्यसले उँग्न नखोजोस् भन्ने हेतुले चेलाहरू उपवास बस्थे र यसरी आफ्ना सबै शक्तिहरू आत्मिक कुराहरूमा केन्द्रित गर्थे।

प्रार्थना गरेर र उपवास बसेर एन्टिओकका भविष्यवक्ताहरू र शिक्षकहरूले बर्नबास र शावललाई विशेष सुसमाचार-धावाका निम्ति सुम्पे। यस धावामा पठाइनुभन्दा अघि यी दुईजनाले केही समयदेखि प्रभुको सेवा गर्दै आइरहेका थिए। अनि यो समर्पण-कार्य उनीहरूलाई विधिवत् रूपले अभिषेक गर्ने विधि थिएन। तर एन्टिओकको मण्डलीका अगुवाजनहरूले यस समर्पण-कार्यद्वारा 'निश्चय पवित्र आत्माले यी

दुईजनालाई यस कामका निम्ति बोलाउनुभएको हो' भन्ने समर्थन दिए। अनि यो समर्पण-कार्यचाहिँ बर्नबास र शावलले गर्न लागेको सुसमाचार-प्रचारको काममा उनीहरूले सारा हृदयले साथ दिने सहभागिताको सङ्केत पनि थियो।

अनि सुसमाचारको प्रचारप्रसारमा निस्केका व्यक्तिहरूमाथि कुनै आमा-मण्डलीले अधिकार जमाएर उनीहरूको सेवकाइमा हस्तक्षेप गर्दैनथियो। पवित्र आत्माको अगुवाइअनुसार सेवा गर्न उनीहरू स्वतन्त्र थिए। तर आफ्नो काम पूरा गरेपछि उनीहरू आए, र आफ्नो मण्डलीलाई आफ्नो सेवाको काममा परमेश्वरले कुन ठाउँमा कस्तो आशिष दिनुभयो भन्ने प्रतिवेदन दिन्थे।

यस सिलसिलामा हामीले बुझ्नुपर्छः मण्डली बढ़ी व्यवस्थित सङ्घबद्ध समूह-रचना थिएन, तर जीवित आत्मिक देहको रचना थियो, जुन देह निरन्तर प्रभुको अगुवाइअनुसार चल्थ्यो र अघि बढ्थ्यो। मण्डलीको शिर ख्रीष्ट येशू हुनुहुन्थ्यो, जसले स्वर्गबाट शरीरका अङ्गहरूको अगुवाइ गर्नुहुन्थ्यो। अनि ख्रीष्टको शरीरका ती अङ्गहरू शिक्षा लिन तयार हुन्थे, परिस्थितिअनुसार बदल्न सक्षम हुन्थे र प्रतिक्रियाशील र आज्ञाकारी हुन्थे। परिस्थितिअनुसार सेवा गर्ने तरिका बदली गर्न नसक्ने कुरा प्रेरितहरूको पुस्तकबाट परै छ। तर हामीलाई आनन्द लाग्छः त्यहाँ सेवा-प्रणालीमा स्वतन्त्रतापूर्वक धारा बगेको र कसैको कड़ाकड़ी नगरेको पाउँछौं। उदाहरणको निम्ति, प्रेरित पावलको कुरा गरौंः तिनलाई एकै ठाउँमा कति समय बस्नुपर्ने हो, सो सम्बन्धमा हामी कुनै नियम देख्दैनौं। थेस्सलोनिकीमा पावल तीन महिना बसे, तर एफेससमा तिनी तीन वर्ष बसे। तिनले कुनै विशेष ठाउँमा कति समय लिने कुरा एकै कुरामा निर्भर गर्थ्योः स्थानीय पवित्र जनहरूको आत्मिक उन्नति कहाँसम्म पुगेको थियो, र उनीहरू आफ्नो सेवाभार आफूले उठाउन तयार भए कि भएन।

प्रेरितहरूले मण्डलीहरू स्थापित गर्ने आफ्नो सेवकाइ ठूला-ठूला शहरहरूमा केन्द्रित गर्थे भन्ने कतिजनाको विचार छ; ती नयाँ मण्डलीहरूले आफ्नो वरिपरिका इलाकाहरूमा सुसमाचार आफूले फैलाउने जिम्मेवारी

उठाउँथे। तर के त्यो कुरा सत्य हो ? के प्रेरितहरूसँग यस प्रकारको पूर्वतयार भएको परिपक्व रणनीति थियो ? होइन नि ! उनीहरूले दिनदिनै प्रभुबाट ठूला शहरहरूमा जाने वा ससाना बस्तीहरूतिर जाने आदेशहरू पाउने गर्थे।

प्रेरितहरूको पुस्तकबाट एउटा कुरा स्पष्ट देखा परेको छः शुरुका ख्रीष्ट-विश्वासीहरूले प्रभुको अगुवाइ पाउने अपेक्षा गर्थे, र सबै कुरामा प्रभुको अगुवाइमाथि निर्भर रहन्थे। उनीहरूले ख्रीष्ट येशूका निम्ति सबै कुराहरू त्यागे। आफ्ना प्रभु येशूबाहेक उनीहरूसँग अरू के पो थियो, अरू को पो थियो त ? यसकारण उनीहरूले प्रभुतिर आफ्ना आँखा उठाउँथे, र उहाँको अगुवाइको बाटो हेर्थे, जुन प्रभुले उनीहरूलाई कहिल्यै निराशामा पार्नुहुन्नथियो र कहिल्यै उनीहरूलाई लज्जित तुल्याउनुहुन्नथियो।

ठाउँ-ठाउँमा प्रचार गर्न जाने ख्रीष्टीय सेवकहरू प्रायः दुई-दुईजना हुने गरी यात्रा गर्थे। यी यात्राहरूमा एकजना परिपक्व प्रभुको दाससित एकजना जवान भाइ साथमा जाने गर्थे, त्यो उसको शिशु-तालिम हुन्थ्यो। प्रेरितहरूले निरन्तर विश्वासयोग्य जवान भाइहरूको खोजीमा रहन्थे, जसलाई उनीहरूले यसरी नै चेला-तालिम दिन सके।

कति समयमा प्रभुका सेवकहरू स्वपालित हुन्थे; पावल यसको निम्ति उदाहरण हुन्। तिनले बेला-बेलामा आफ्नो तम्बू बनाउने पेशा अपनाउँथे। अरू बेलामा तिनले मण्डलीहरूबाट वा व्यक्तिहरूबाट आर्थिक सहायता पाउँथे।

अर्को घतलाग्यो कुरा के हो भने, अगुवाहरूसँग काम गर्ने पवित्र जनहरूले आफ्ना आत्मिक अगुवाहरूलाई चिन्ने गर्थे; किनभने पवित्र आत्माको शक्तिमा ती अगुवाहरूले अधिकारसित बोल्न सक्थे। अनि त्यही पवित्र आत्माद्वारा साधारण विश्वासीहरूले साँचो आत्मिक सहजबोध पाएको हुनाले आफूलाई खुशीसाथ ती अगुवाहरूको अधीनतामा सुम्पन्थे।

ख्रीष्टका चेलाहरूलाई जबसम्म सुसमाचार प्रचार गर्ने अनुमति दिइन्थ्यो, तबसम्म आज्ञाकारी भई उनीहरूले आफूलाई सरकारको अधीनतामा सुम्पन्थे। तर जहाँ उनीहरूलाई सुसमाचार प्रचार गर्न मनाही गरिन्थ्यो, त्यहाँ उनीहरूले मानिसको भन्दा परमेश्वरको आज्ञा शिरोपर

गर्थे। यसका निम्ति सरकारी अधिकारीहरूबाट सजाय, दण्ड पाउँदा उनीहरूले यसको कुनै विरोध गर्दैनथिए; कुनै देशका सरकारको विद्रोह मच्चाउने कुरा परै जाओस् !

पहिले यहूदीहरूलाई सुसमाचार प्रचार गरिन्थ्यो; तर जब यहूदी जातिले सुसमाचारको वचन तिरस्कार गर्‍यो, तब सुसमाचार अन्यजातिहरूकहाँ फैलिएर गयो। पहिले यहूदीहरूलाई प्रचार गर भन्ने आज्ञा प्रेरितहरूको पुस्तकको अवधिभित्र पूरा भयो, र इतिहास बन्न गयो। अबचाहिँ परमेश्वरको दृष्टिमा यहूदीहरू अन्यजातिका मानिस ठहरिएका छन्। त्यहाँ कुनै भिन्नता छैन, किनकि सबैले पाप गरेका छन्; सबै मानिसहरू परमेश्वरको महिमारहित हुन गएका छन्।

सेवकाइको सम्बन्धमा शुरुको मण्डलीसँग अद्‌भुत शक्ति थियो। अनि परमेश्वरको क्रोध निम्त्याउने डरले मानिसहरूलाई छोपेको थियो; यसकारण तिनीहरूले हल्का प्रकारले इसाई हुने निर्णय गर्दैनथिए। अनि मण्डलीभित्र भएको पाप पनि लुक्न सक्दैनथियो, तर छिटो प्रकट हुन्थ्यो; अनि हननिया र सफिराको जीवनमाथि परेजस्तै दोषीहरूमाथि परमेश्वरको तत्कालिक न्याय आइपर्थ्यो।

अनि प्रेरितहरूको पुस्तकको अध्ययनबाट अन्तिम र दीर्घकालीन प्रभाव र प्रेरणा यो होः शुरुको मण्डलीको उदाहरण अपनाएर उनीहरूको विश्वास, त्याग, समर्पण, भक्ति र अथक परिश्रमको देखासिकी गर्नु हो भने, हामी एकै पुस्तामा, अँ, हाम्रै पुस्तामा सारा संसारभरि सुसमाचार प्रचार गर्न सक्ने रहेछौं।

# ENDNOTES:

[1] (Intro) J. B. Phillips, *The Young Church in Action*, p. vii.

[2] (1:5) Between Christ's resurrection and ascension were forty days. Ten additional days elapsed before Pentecost. But the Lord did not say exactly how many days, perhaps to keep the disciples in a state of expectation.

[3] (1:20) This is not an exact quotation from the Psalm as we have it in our Bible. There are two possible reasons for this. (1) The writers of the NT often quoted OT Scriptures from the Septuagint Version (LXX) while our translations were made from the original Hebrew text; this would make for some variation in the words. (2) As is often the case, the Holy Spirit, who inspired the OT, exercises the liberty of adapting it somewhat when quoting it in a NT context.

[4] (2:1) The same words are used for "dwell together" in the Greek Version of Psalm 133:1 (132:1 in the LXX) as are used here in Acts for "in one place" (epito auto).

[5] (2:4) Other ministries of the Holy Spirit which become ours at conversion are: the anointing (1 John 2:27), the sealing (Eph. 1:13), and the guarantee (Eph. 1:14). Other ministries of the Spirit which are conditional upon our obedience and surrender are: guidance (Acts 8:29), joy (1 Thess. 1:6), and power (Rom. 15:13).

[6] (2:22–24) The word translated pains usually refers to labor pangs. The resurrection of Christ is likened to a birth from death to life. The sufferings connected with the entire process were intense but temporary. In Psalm 18:5 the same expression is rendered "the sorrows of Sheol."

[7] (2:25–27) Paradise is the same as the third heaven (2 Cor. 12:2, 4).} — Luke 23:43—and His body was placed in the tomb.

[8] (2:38) Charles C. Ryrie, The Acts of the Apostles, p. 24.

[9] (2:39) Charles H. Spurgeon, The Treasury of the New Testament, I:530.

[10] (2:41) The critical (NU) text omits "gladly."

[11] (2:44, 45) F. W. Grant, "Acts," The Numerical Bible: Acts to 2 Corinthians, VI:25, 26.

[12] (2:46) Whenever we read of Paul and others going into the temple, it means into the temple courts, not into the sanctuary. Only the

priests could enter there. Gentiles were permitted to go only into the outer court; to venture further was punishable by death.

[13] (Excursus) In the critical text “church” doesn’t occur till 5:11.

[14] (Excursus) Merrill F. Unger, Unger’s Bible Handbook, p. 586.

[15] (Excursus) E. Stanley Jones, Christ’s Alternative to Communism, p. 78.

[16] (Excursus) G. H. Lang, The Churches of God, p. 11.

[17] (4:1–4) Charles Haddon Spurgeon, further documentation unavailable.

[18] (4:13) James A. Stewart, Evangelism, p. 95.

[19] (4:14–18) J. H. Jowett, The Redeemed Family of God, p. 137.

[20] (4:27, 28) Here “servant” is the preferred translation of ‘pais’, rather than “child,” as in 3:13, 26; 4:30.

[21] (4:27, 28) George Matheson, Rest By the River, pp. 75-77.

[22] (4:32–35) Grant, “Acts,” p. 34.

[23] (4:32–35) F. E. Marsh, Fully Furnished, p. 74.

[24] (4:32–35) Ryrie, Acts, p. 36.

[25] (5:40) Ryrie suggests that the beating might have been for their disobedience to the previous command of the Sanhedrin (cf. Deut. 25:2,3).

[26] (5:41) There are three intriguing variations in the manuscript traditions here: TR: “His name”; NU: “the name”; M: “the name of Jesus”.

[27] (6:8) Stephen (Gk., CF2) means “garland” or “victory wreath.”

[28] (6:10–14) The word order may indicate that they were more jealous of Moses’ honor than of God’s!

[29] (7:9–19) “The original and the Greek version might both be true; the latter reckoning in five sons of Manasseh and Ephraim born in Egypt (1 Chron. 7:14–27), according to a latitude of various forms, by no means uncommon in such lists.” Kelly, Acts, p. 84.

[30] (7:9–19) For further reverent treatment of this and the previous problem, see Kelly, Acts, pp. 84, 85.

[31] (7:20–43) Daily Notes of the Scripture Union, May 31, 1969.

[32] (8:4–8) It is down from Jerusalem in altitude.

[33] (8:4–8) Homer L. Payne, “What Is A Missionary Church?” The Sunday School Times, February 22, 1964, p. 129.

[34] (8:12, 13) Since the text says Simon "believed" and he asks Peter to pray for him (v. 24), an argument has been made that he was saved but very carnal.

[35] (8:26) An ancient Philistine city on the Mediterranean coast southwest of Jerusalem, en route from Palestine to Egypt.

[36] (8:27–29) Candace (or Kandake) is probably a title, like Pharaoh, rather than a personal name.

[37] (8:27–29) Male servants of female dignitaries were sometimes castrated. Eunuchs were barred from first class citizenship in Judaism (Deut. 23:1). They were limited to the status of "proselytes of the gate." But here a eunuch becomes a full-fledged member of the Christian church.

[38] (8:37) Both the oldest (NU) and the majority (M) of manuscripts lack this verse. It is thought to be a baptismal formula used in Rome in the early second century, being found in Western manuscripts, including the Latin translation. Those who teach baptismal regeneration obviously do not want to lose this verse.

[39] (8:38) That the ancient mode of baptism was immersion is admitted by most Roman Catholic scholars, also Calvin and many who practice pouring or sprinkling. In all fairness, however, it should be mentioned that "into" and "out of" can also be translated "to" and "from," though the NKJV is quite literal and accurate.

[40] (8:40) Ethiopia is the only country in Africa with a continuous Christian tradition from earliest times to today. Philip's faithfulness was perhaps the key that unlocked the door for the church there.

[41] (9:1, 2) See also 19:9, 23; 22:4; 24:14, 22.

[42] (Excursus) Harnack, Quoted by Leighton Ford, The Christian Persuader, p. 46.

[43] (Excursus) Dean Inge, Quoted by E. Stanley Jones, Conversion, p. 219.

[44] (Excursus) Dean Inge, Quoted by E. Stanley Jones, Conversion, p. 219.

[45] (Excursus) Bryan Green, Ibid.

[46] (Excursus) James A. Stewart, Pastures of Tender Grass, p. 70.

[47] (9:36–38) Tabitha is Aramaic and Dorcas is Greek for gazelle.

[48] (10:1, 2) Ryrie, Acts, p. 61.

[49] (10:3–8) It was expedient for a tanner to operate outside the city limits. To be close to the sea was ideal for sanitary disposal of animal carcasses.

[50] (11:20, 21) In the NT, “Hellenists” usually means Grecian Jews, but here it can only mean Greeks, i.e., Gentiles. Note the context: Verse 19, “preaching the word to no one but the Jews only.” Verse 20, “to Greeks also” (in contrast to Jews).

[51] (11:25, 26) James A. Stewart, Evangelism, pp. 100, 101.

[52] (12:25) Both Alexandrian (NU) and Majority (M) texts read “to Jerusalem.” Since Barnabas and Saul are again at Antioch in 13:1, it is possible that copyists “corrected” the reading to “from.”

[53] (13:3) Donald Grey Barnhouse, The Measure of Your Faith, Book 69, p. 21.

[54] (13:7, 8) In the KJV of verse 7, Sergius Paulus is called a “deputy,” but more accurately his title was “proconsul” (NKJV). Luke showed exact knowledge of the names of offices which were then common in the Roman Empire. Thus, in Greek he called the magistrates at Philippi strateµgoi, Latin, praetors (16:20), and identified the officers as rhabdouchoi, Latin, lictors (16:35). He correctly named the rulers of Thessalonica as politarchs (17:6), whereas in Ephesus he correctly distinguished them as asiarchs (19:31).

“All these were the local authorities in the different cities, the Roman governor, or proconsul, being over them as ruling in each province. Luke then, by giving each his correct title in these different cities, shows that he knew well what he was about and this mark of accuracy should increase confidence in him as a faithful historian”—C. E. Stuart, Tracings from the Acts of the Apostles, p. 272.

[55] (13:19–22) See Kelly, Acts, pages 185-186 for a discussion of the chronological and textual problem.

[56] (13:48) Charles R. Erdman, The Epistle of Paul to the Romans p. 109.

[57] (14:4–7) Here the word practically equals “missionaries.”

[58] (14:10–12) These Greek names are used in the original text. The 1611 text uses Jupiter and Mercury, the more common Latin names of these gods.

[59] (14:19, 20) Kelly, Acts, p. 202.

[60] (14:21) Erdman, Acts, p. 109.

[61] (Excursus) C. A. Coates, An Outline of Luke's Gospel, p. 254.

[62] (15:20) Some think that the four forbidden practices refer back to Leviticus 17 and 18, as follows: things polluted by idols (17:8, 9); sexual immorality—not only adultery and polygamy (18:20), homosexuality (18:22), and bestiality (18:23), but also marrying blood relatives (18:6–14) and even relatives by marriage, that is, in-law relatives (18:15, 16); eating things strangled or improperly butchered (17:15); eating blood (Lev. 17:10–12). Jewish believers would be offended if they saw Gentile believers violating these codes (Acts 15:21).

[63] (16:6–8) Ryrie, Acts, pp. 88, 89.

[64] (16:9) James Stalker, Life of St. Paul, p. 78.

[65] (16:19–24) A. J. Pollock, The Apostle Paul and His Missionary Labors, p. 56.

[66] (16:25) G. Campbell Morgan, The Acts of the Apostles, pp. 389,390.

[67] (17:2, 3) Some believe Paul spent about three months in Thessalonica, though he taught in the synagogue for only three Sabbaths.

[68] (17:16) William Arnot, The Church in the House: A Series of Lessons on the Acts of the Apostles, pp. 379ff.

[69] (Excursus) Some scholars believe the preaching took place in the temple courts.

[70] (Excursus) A. B. Simpson, further documentation unavailable.

[71] (18:2, 3) Dinsdale T. Young, Neglected People of the Bible, pp. 232, 233.

[72] (18:18) The participle for cutting of the hair is right after "Aquila," and far removed from "Paul" in the original (verse 18 is all one sentence in Greek).

[73] (19:8) Stuart, Tracings, p. 285.

[74] (19:15, 16) F. B. Meyer, further documentation unavailable.

[75] (19:23–37) Diana is the Latin for the Greek Artemis, a many-breasted fertility goddess.

[76] (21:23, 24) Grant, "Acts," p. 147.

[77] (22:14–16) The supplied "by" is commonly understood in such a construction (participle of means). Paraphrased: "Get up (anastas) and get baptized (baptisai); get your sins washed away (apolousai) by means of calling on (epikalesamenos) the name of the Lord."

[78] (26:9–11) The Greek tense here is no doubt a conative imperfect: “I tried to compel them & elipsis;”

(26:29) Morgan, Acts, p. 528.

[80] (27:13–17) The NU text reads Euraquilon.

[81] (27:13–17) The NU text reads Cauda.

[82] (27:21–26) A. W. Tozer, *That Incredible Christian*, p. 134.

[83] (28:9, 10) It is at least possible that Luke used his medical skills alongside Paul’s gift of healing. If God disapproved of the medical profession, He would hardly have chosen a physician to write 28% of the New Testament (Luke-Acts)!

[84] (28:29) John Calvin, *The Acts of the Apostles*, II:314. The NU text omits verse 29.

[85] (Excursus) J. H. Jowett, *Things that Matter Most*, p. 248.

# BIBLIOGRAPHY


Arnot, William. The Church in the House: A Series of Lessons on the Acts of the Apostles. New York: Robert Carter & Brothers, 1873.

Blaiklock, E. M. *The Acts of the Apostles, TBC*. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1959.

Calvin, John. *The Acts of the Apostles*, 2 vols. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1977.

Erdman, Charles R. *The Acts*. Philadelphia: The Westminster Press, 1919.

Kelly, William. *An Exposition of the Acts of the Apostles*. London: C. A. Hammond, 1952.

Martin, Ralph. *Understanding the New Testament: Acts*. Philadelphia: A. J. Holman Company, 1978.

Morgan, G. Campbell. *The Acts of the Apostles*. New York: Fleming H. Revell Co., 1924.

Rackham, R. B. *The Acts of the Apostles*. London: Methuen, 1901.

Ryrie, Charles Caldwell. *Acts of the Apostles*. Chicago: Moody Press, 1961.

Stuart, C. E. *Tracings from the Acts of the Apostles*. London: E. Marlborough and Company, n.d.


एन.बी.सी.आई द्वारा उत्पादित
आशाको नयाँ किरण
आत्मिक रेडियो कार्यक्रम
भरतपुरको रेडियो त्रिवेणी १००.६
मेगाहर्जमा हरेक बिहीबार बेलुकी
७:१५ मा प्रसारण भइरहेको छ ।
अवश्य सुन्नुहोला ।
Gospel through the radio
आशाको
नयाँ किरण
NEW RAY OF HOPE

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**

**२) मामुली जीवनभन्दा उच्च जीवन**

**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**

**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**

**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**

**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**

**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**

**८) मत्तीको सुसमाचारको टिप्पणी**

**९) मर्कूसको सुसमाचारको टिप्पणी**

**१०) यूहन्नाको सुसमाचारको टिप्पणी**

**११) रोमीको पुस्तकको टिप्पणी**

**१२) गलातीको पुस्तकको टिप्पणी**

**१३) हिब्रूहरूको पुस्तकको टिप्पणी**

**१४) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Great Joy Book Shop
Maa Supermarket, 1st Floor
Thana Dara
P.O. Kalimpong - 734 301
W.B., India

Phone No.: +91/9933459069 or +91/9547248389

or:

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738